दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई पराजित गरौं !
जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरों !!

# राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्
# प्रथम बैठक

८–९ बैशाख, २०८१, गोदावरी, ललितपुर

**प्रतिवेदनहरू**


राजनीतिक प्रतिवेदन / ३
संगठनात्मक कामको प्रतिवेदन / ३९
सल्लाहकार परिषद्को प्रतिवेदन / १३५
अनुशासन आयोगको प्रतिवेदन / १४५
लेखा आयोगको प्रतिवेदन / १६९
निर्वाचन आयोगको प्रतिवेदन / १८३


नेपाल कम्युनिष्ट पार्टी (एमाले)

# राजनीतिक प्रतिवेदन

# निर्णायक राष्ट्रिय शक्तिका रुपमा पार्टीको विकास– हाम्रो सङ्कल्प सुशासन, समृद्धि, स्वाभिमान र समाजवाद – हाम्रो गन्तव्य ।

**प्रिय कमरेडहरू,**

राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को यस प्रथम बैठकमा म देश र प्रवासबाट लामो यात्रा तय गरेर आउनु भएका कमरेडहरुलाई हार्दिक स्वागत गर्दछु । पार्टी विधानको धारा २३ ले 'महाधिवेशनका प्रतिनिधिहरु अर्को महाधिवेशनका लागि प्रतिनिधिहरु निर्वाचित नभएसम्म राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्य रहने' र विधान महाधिवेशनको हैसियतमा बाहेक परिषद्को बैठक 'दुई महाधिवेशनका बीचमा आवश्यकता अनुसार आयोजना गरिने' व्यवस्था गरेको छ । हाम्रो सन्दर्भमा यो नयाँ व्यवस्था हो । पार्टीको सर्वोच्च निकाय– महाधिवेशन प्रतिनिधिका रुपमा नीति र नेतृत्व निर्माणमा निर्णायक योगदान गर्नु हुने कमरेडहरुलाई अर्को महाधिवेशनसम्म क्रियाशील बनाइराख्न र पार्टी कामको आवधिक समीक्षा र दिशा निर्देशनको भूमिकामा स्थापित गर्न सकियोस् भनेर यस्तो व्यवस्था गरिएको हो । राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का तीनवटा कार्यादेश छन्– केन्द्रीय कमिटी र केन्द्रीय निकायका तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने, केन्द्रीय कमिटी र केन्द्रीय निकायका समग्र कामको समीक्षा गर्ने र आवश्यक निर्देशन दिने तथा यस विधानमा उल्लेख भए बमोजिम विधान महाधिवेशनको हैसियतमा काम गर्ने । सोही बमोजिम हामी यस बैठकमा केन्द्रीय कमिटी र केन्द्रीय निकायका कामको समीक्षा गर्ने र आवश्यक निर्देशन दिने दायित्व बोकेर उपस्थित भएका छौं ।

*बैठकको आरम्भमै म राष्ट्र, जनता र आन्दोलनको हितमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । पार्टीका संस्थापक महासचिव पुष्पलाल, जननेता मदन भण्डारी र जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारी लगायत आन्दोलनका सबै अग्रजहरुप्रति हार्दिक श्रद्धासुमन टक्र्याउन चाहन्छु ।*

बैठकको आरम्भमै म राष्ट्र, जनता र आन्दोलनको हितमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । पार्टीका संस्थापक महासचिव पुष्पलाल, जननेता मदन भण्डारी र जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारी लगायत आन्दोलनका सबै अग्रजहरुप्रति हार्दिक श्रद्धासुमन टक्र्याउन चाहन्छु । जेल र यन्त्रणा, निर्वासन र भूमिगत जीवन, आश्रयदाता र आन्दोलनकारी एवं घाइते र बेपत्ता आदि अनेकौं भूमिकामा रहेर आन्दोलनलाई यस उचाइमा ल्याउन योगदान गर्नुहुने सबैप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । हामी सङ्कल्प गर्छौं– शहीदहरु, अग्रज तथा जनताको आदर्श, विश्वास र भरोसालाई हामीले कहिल्यै कमजोर हुन दिनेछैनौं, अविचलित र अथक रुपमा पछ्याइरहने छौं ।

दसौं राष्ट्रिय महाधिवेशन यता हामीले पार्टी उपाध्यक्ष, संविधानसभा अध्यक्ष एवं पूर्व सभामुख कमरेड सुवासचन्द्र नेम्बाङलाई गुमाएका छौं । उहाँको निधन हाम्रो पार्टीका लागि मात्रै नभएर मुलुककै लागि अपूरणीय क्षतिको विषय हो । म कमरेड सुवाससहित यस बीचमा निधन हुनुभएका पोलिटब्युरो सदस्य बालकृष्ण ढुङ्गेल, लेखा आयोगका सदस्य खम्ब खत्री, केन्द्रीय सल्लाहकार परिषद् सदस्यहरु इन्दिरा चापागाईं, भोजराज ढुंगेल, रामबहादुर दानी, रामचन्द्र चापागाईं, धर्मनाथ यादव, महेश चौधरी र डा. ऋतुराज गड्तौला र कालिकोटबाट निर्वाचित पूर्व सांसद यज्ञप्रसाद न्यौपाने, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्य ऐना गिरी र रामचन्द्र थपलिया लगायत सबै प्रियजनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

हाम्रो पार्टी जीवन र मुलुकको राष्ट्रिय राजनीतिमा दसौं राष्ट्रिय महाधिवेशन यताका २९ महिना अत्यन्त चुनौतीपूर्ण र कष्टकर रहे । पार्टी विभाजन, सरकारबाट षडयन्त्रपूर्वक विस्थापन, घेराबन्दी,

भ्रमप्रचार र आक्रमणका माध्यमबाट नेकपा (एमाले) लाई समाप्त पार्ने षडयन्त्रलाई चिर्दै हामी आज तुलनात्मक रुपमा अनुकूल परिस्थितिमा आइपुगेका छौं। यद्यपि, आज पनि सामुन्नेका चुनौतीहरु गंभीर नै छन्। निर्णायक राष्ट्रिय शक्तिका रुपमा पार्टीलाई स्थापित गर्ने र त्यही राष्ट्रिय शक्तिको अगुवाइमा राजनीतिक स्थायित्व, सुशासन, राष्ट्रिय हित र स्वाभिमानको प्रत्याभूति गर्दै समृद्धि र समाजवादको आधार निर्माण गर्ने दुई मुख्य अभिभारा हाम्रा सामु छन्। यस बैठकले महाधिवेशन यताका करिब साढे दुई वर्षको वस्तुनिष्ठ समीक्षा गर्दै उपर्युक्त अभिभारा पूरा गर्न आगामी दिनमा गर्नु पर्ने कामबारे आवश्यक निर्देशन दिनेछ।

## १. महाधिवेशनः अवसरवाद र अराजकतामाथिको सङ्गठनात्मक विजय

पार्टी विभाजनका दुष्प्रयास, संविधानको अपव्याख्याका आधारमा सरकारबाट विस्थापन, चौतर्फी घेराबन्दी र आक्रमणका बीचमा २०७८ असोज १५–१७ मा विधान महाधिवेशन तथा मङ्सिर १०–१४ मा दसौं राष्ट्रिय महाधिवेशन सम्पन्न गरिएको थियो। आज फर्केर हेर्दा हामी स्पष्ट भन्न सक्छौं– ती महाधिवेशनहरु दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतामाथि सङ्गठनात्मक विजयका महाधिवेशनका रुपमा रहे। विभाजनको मनोविज्ञानलाई चिर्न, क्रान्तिका सिद्धान्त, कार्यक्रम र कार्यदिशालाई अद्यावधिक गर्न एवं पार्टीलाई नयाँ ढङ्गले पुनर्गठन र अग्रगति दिन ती महाधिवेशनहरु अत्यन्त सफल रहे।

*महाधिवेशनले नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रुपमा जनताको बहुदलीय जनवादको औचित्य, सान्दर्भिकता र महत्वलाई पुनर्पुष्टि गऱ्यो। २०६२/६३ को परिवर्तन र नेपालको संविधानको घोषणापछिको नयाँ परिवेशमा नेपाली क्रान्तिको चरण, चरित्र र विशेषताको वस्तुनिष्ठ विश्लेषण गऱ्यो।*

नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा पहिलो पटक नीति र विधिमा मात्रै बहस गर्ने गरी विधान महाधिवेशन आयोजना गरिएको थियो। ६ हजार ३ सयभन्दा बढी प्रतिनिधि सहभागी विधान महाधिवेशनले नेकपा (एमाले) को सङ्गठनात्मक आधारस्तम्भ अक्षुण्ण रहेको र विभाजनको असर नगण्य रहेको तथ्य पुष्टि गर्दै पार्टी पङ्क्तिको मनोबल उच्च पाऱ्यो।

विगतमा नीति र नेतृत्वको प्रश्न एकै ठाउँ छ्यासमिस हुँदा नीतिमाथिको छलफल ओझेलमा परेको, बहस वस्तुनिष्ठ, स्वस्थ र नीति केन्द्रित हुन नसकेको तथा कहिलेकाँही त नेतृत्वको आकाङ्क्षा पूर्तिका लागि मात्रै कृत्रिम ढङ्गले नीतिको विवाद सिर्जना गरिएका नमिठा अनुभव समेत भोग्दै आयौं। त्यसबाट पाठ सिक्दै आयोजना गरिएको विधान महाधिवेशनले प्रतिनिधिहरुलाई नीतिका प्रश्नमा खुलस्त, जीवन्त र स्वस्थ ढङ्गले सहभागी हुन प्रोत्साहित गऱ्यो।

'दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई परास्त गरौं, जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं' भन्ने मूल नाराका साथ आयोजित विधान महाधिवेशनले आजका वैचारिक, सङ्गठनात्मक र राजनीतिक विषयहरुमा स्पष्ट मार्गदर्शन गरेको छ। महाधिवेशनले नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रुपमा जनताको बहुदलीय जनवादको औचित्य, सान्दर्भिकता र महत्वलाई पुनर्पुष्टि गऱ्यो। २०६२/६३ को परिवर्तन र नेपालको संविधानको घोषणापछिको नयाँ परिवेशमा नेपाली क्रान्तिको चरण, चरित्र र विशेषताको वस्तुनिष्ठ विश्लेषण गऱ्यो। राजनीतिक प्रणालीमा ठूलो परिवर्तन भएको भए पनि नेपाली समाजको सामाजिक–आर्थिक रुपान्तरणको काम भने बाँकी नै रहेको र नयाँ उत्पादक शक्ति अनुकूलको उत्पादन सम्बन्ध विकास हुन नसकेको निष्कर्ष निकाल्यो। यसै निष्कर्षका आधारमा जनताको बहुदलीय जनवादी कार्यक्रमका अभिभारा पूरा भइनसकेको, अब कार्यक्रमको मुख्य जोड समाजवादको आधार निर्माण गर्नु रहेको र यसलाई सन्दर्भवश समृद्ध नेपाल, सुखी नेपालीको कार्यक्रम पनि भन्न सकिने निचोड निकाल्यो। शान्तिपूर्ण

बाटो, लोकतान्त्रिक विधि र संवैधानिक माध्यमबाट प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्दै राष्ट्रिय पुँजी निर्माण गर्ने र समाजवादको आधार निर्माण गर्ने कार्यदिशा महाधिवेशनले तय गऱ्यो ।

महाधिवेशनले पार्टी निर्माणका विविध आयामका बारेमा पनि महत्वपूर्ण निष्कर्ष निकाल्यो ।

महाधिवेशनका राजनीतिक निष्कर्षहरुको दूरगामी महत्व छ। यिनैले हामीलाई आगामी महाधिवेशनसम्मका लागि मार्गदर्शन गर्नेछन् । महाधिवेशनका निष्कर्षहरुबाट सिङ्गो पार्टी पङ्क्तिलाई प्रशिक्षित र दीक्षित गर्नु एवं अनुशासित, सुदृढ, गतिशील, जनआधारित र समृद्धिको संवाहकका रुपमा पार्टी निर्माण गर्नु हाम्रो मुख्य सङ्गठनात्मक दायित्व हो ।

दसौं राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोह नेकपा (एमाले) प्रति नेपाली जनताको विश्वास, भरोसा र समर्थनको अभूतपूर्व परिघटना थियो । 'एमाले विभाजित भएको छ', 'अब यो सरकारमा फर्किन सक्दैन' र 'यो किनारामा धकेलिँदै गएको छ' भन्ने भ्रमको आँधीहुरी चलाइएको बेला नारायणी नदी किनारमा उर्लिएको विशाल जनसागर आफैले धेरै प्रश्नहरुको जवाफ दियो ।

विधान महाधिवेशनमा कार्यकर्ता पङ्क्तिबाट र राष्ट्रिय महाधिवेशनमा जनस्तरबाट अभिव्यक्त भावनाको सार थियो– पार्टी एकताबद्ध रुपमा अगाडि बढोस् । तर नेतृत्व निर्माणका बेला सो भावना पूर्ण रुपमा प्रतिबिम्बित हुन सकेन ।

आफैमा उच्च लोकतान्त्रिक चरित्र भएको पार्टीले मात्रै समाजमा पनि लोकतन्त्रको स्थापना र विकास गर्न सक्छ भन्ने विषयमा नेकपा (एमाले) स्पष्ट छ। नेकपा (एमाले) नेपाली समाजमा लोकतन्त्र स्थापनाका लागि बलिदानी सङ्घर्ष र सही नेतृत्व गर्ने पार्टी हो। नेकपा (एमाले) आन्तरिक पार्टी जीवनमा लोकतान्त्रिकीकरणको मानक निर्माण गर्ने पार्टी पनि हो । पार्टीको लोकतान्त्रिक आचरण र समाजमा लोकतन्त्रको अगुवाइ अन्तरसम्बन्धित छन्, तसर्थ यिनका बीचमा सङ्गति आवश्यक छ भन्ने विषयमा हामी स्पष्ट छौं ।

तर लोकतन्त्र भनेकै जस्तो भए पनि प्रतिष्पर्धा, अल्पमत– बहुमतमा विभाजन र पार्टीभित्र अन्त्यहीन बहस हो भन्ने बुझाइ भने सही होइन । सर्वसम्मति उच्चतम लोकतन्त्र हो र संभव भएसम्म त्यसका निम्ति प्रयास गर्नु स्वाभाविक मात्रै होइन, नेतृत्वको दायित्व समेत हो । हामीले तत्कालीन सन्दर्भलाई समेत हेरेर महाधिवेशनबाट सर्वसम्मत नेतृत्व निर्माणको अधिकतम प्रयास गऱ्यौं। तर परिणाम जेसुकै भए पनि प्रतिष्पर्धा गर्नै पर्ने एवं नेकपा (एमाले) भित्र अझै पनि समस्या छन् र नेतृत्वका बारेमा सर्वसम्मति छैन भन्ने सन्देश दिनै पर्ने प्रवृत्तिका कारण महाधिवेशनमा कार्यकर्ता र जनताको त्यो भावना पूरा हुन पाएन ।

*लोकतन्त्र भनेकै जस्तो भए पनि प्रतिष्पर्धा, अल्पमत– बहुमतमा विभाजन र पार्टीभित्र अन्त्यहीन बहस हो भन्ने बुझाइ भने सही होइन । सर्वसम्मति उच्चतम लोकतन्त्र हो र संभव भएसम्म त्यसका निम्ति प्रयास गर्नु स्वाभाविक मात्रै होइन, नेतृत्वको दायित्व समेत हो ।*

तैपनि, स्वस्थ लोकतान्त्रिक अभ्यासका आधारमा केन्द्रीय कमिटी र केन्द्रीय निकाय निर्वाचित भए ।

## २. पार्टीको रक्षा, विकास र सुदृढीकरणका साढे दुई वर्ष

दसौं राष्ट्रिय महाधिवेशन सम्पन्न भएको करिब साढे दुई वर्षको अवधिमा हाम्रो सम्पूर्ण शक्ति पार्टीको रक्षा, विकास र सुदृढीकरणमा केन्द्रित भयो । यस बिन्दुमा उभिएर हामी भन्न सक्छौं– पार्टीले आफ्नो इतिहासकै सबैभन्दा अप्ठ्यारो मध्येको कालखण्ड कुशलतापूर्वक पार गरेको छ । आज पार्टी घेराबन्दी, धक्का र षडयन्त्रको चक्रब्यूहलाई चिर्दै धुलो टक्टक्याएर माथि उठेको छ ।

यस अवधिका केही 'माइलस्टोन' हरुलाई म सङ्क्षिप्त चर्चा गर्न चाहन्छु ।

**क. सङ्गठनात्मक सुदृढीकरण**

२०७७ पुसपछि पार्टी विरुद्धको घेराबन्दीलाई तोड्ने र पार्टीको रक्षा गर्ने प्रयोजनका लागि धेरै भन्दा धेरै साथीहरुलाई समेट्ने गरी हामीले तुलनात्मक रुपमा ठूला आकारका कमिटी बनाएर पार्टी पुनर्गठनको अभियान थालेका थियौं । 'पार्टी बचाउने' उद्देश्यले बनाइएका कमिटीहरुलाई 'पार्टी बनाउने' दिशामा रुपान्तरित गर्न नियमित अधिवेशन, कमिटी निर्माण, संस्थागत सञ्चालन एवं सदस्यता नवीकरण, विस्तार र अभिलेख व्यवस्थापन अनिवार्य हुन जान्थ्यो । यसै उद्देश्यले २०७८ कार्तिक ६ गते एकै दिन देशका सबै वडामा वडा अधिवेशन र कार्तिक ९ गते सबै पालिकामा पालिका अधिवेशन सम्पन्न गरिएको थियो । महाधिवेशन अगाडि सुरु भएको सङ्गठनात्मक सुदृढीकरणको त्यस शृङ्खलालाई निरन्तरता दिँदै २०७८ पुस २३ गते एकैदिन जिल्ला अधिवेशनहरु सम्पन्न गरिए । २०८० भदौ र असोजमा प्रदेश अधिवेशनहरु सम्पन्न भएर पार्टीलाई संस्थागत गर्ने काम एक हदसम्म सम्पन्न भएको छ । सङ्गठनलाई थप व्यवस्थित र चलायमान गर्न जिल्ला, पालिका र वडाहरुमा समय अगावै अधिवेशनहरु (अर्लि अधिवेशन) गर्ने काम यतिबेला अभियानकै रुपमा अगाडि बढेको छ । पार्टी सदस्यहरुको नवीकरण, विस्तार, गुणस्तर र अभिलेख व्यवस्थापनलाई चुस्त बनाइएको छ । जनसङ्गठनहरुका राष्ट्रिय अधिवेशन/सम्मेलनहरु सम्पन्न भएका छन् र तिनीहरु नयाँ गतिका साथ अगाडि बढ्ने प्रयास गरिरहेका छन् । केन्द्रीय विभागहरुको कामले गति लिएको छ । पार्टीमा स्कुलिङको काम सङ्गठित, व्यवस्थित र संस्थागत हुँदै गएको छ । सारमा, पार्टीको रक्षा, विकास र सुदृढीकरणको यस अभियानमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन् । यद्यपि, गर्नु पर्ने काम धेरै बाँकी छन् ।

पार्टी निर्माण आफैमा साध्य होइन । यो सामाजिक–आर्थिक रुपान्तरण र समाजवादको आधार निर्माण गर्ने लक्ष्य प्राप्तिको साधन हो । तसर्थ हामीले पार्टी निर्माणको अभिभारालाई समाजवाद निर्माणको राष्ट्रिय अभिभारासँग अविभाज्य ढङ्गले जोड्न सक्नुपर्छ । समाजवाद प्राप्तिका लागि हामीले अवलम्बन गरेको कार्यदिशाको सार हो– शान्तिपूर्ण, लोकतान्त्रिक र संवैधानिक माध्यमबाट प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्नु र राष्ट्रिय पुँजीको निर्माण गर्दै समाजवादका आधार निर्माण गर्नु । यसका लागि अपरिहार्य दुईवटा पक्ष हुन्– एक, पार्टीले समाजका बहुसङ्ख्यक जनताको स्वेच्छिक समर्थन हासिल गर्नु र दुई, पार्टी कमिटीहरु राज्यसञ्चालन (गभर्न्यान्स) को क्षेत्रमा अब्बल बन्नु । बहुसङ्ख्यक जनताको समर्थन हासिल गर्ने पार्टीको उद्देश्य पूरा गर्न प्रदेश र स्थानीय कमिटीहरुले आफू क्रियाशील भूगोलका बहुसङ्ख्यक जनताको मन जित्न सक्नुपर्छ । जनसङ्गठनहरुले आफ्नो वर्ग, समुदाय या पेशागत क्षेत्रका बहुसङ्ख्यक जनताको प्रतिनिधित्व सुनिश्चित गर्नैपर्छ । विभागहरुले आफू सम्बद्ध क्षेत्रको नीति निर्माणमा प्रभावकारी भूमिका खेल्नु पर्छ ।

*बहुसङ्ख्यक जनताको समर्थन हासिल गर्ने पार्टीको उद्देश्य पूरा गर्न प्रदेश र स्थानीय कमिटीहरुले आफू क्रियाशील भूगोलका बहुसङ्ख्यक जनताको मन जित्न सक्नुपर्छ । जनसङ्गठनहरुले आफ्नो वर्ग, समुदाय या पेशागत क्षेत्रका बहुसङ्ख्यक जनताको प्रतिनिधित्व सुनिश्चित गर्नैपर्छ ।*

तसर्थ आगामी दिनमा सबै कमिटी, विभाग र जनसङ्गठनहरुले पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रुपमा विकास गर्ने सङ्कल्प अनुरुप आफ्नो भूमिकालाई थप प्रभावकारी बनाउनु पर्छ । पार्टी सदस्यता वृद्धि र जनसङ्गठनहरुका सदस्यताको व्यापक विस्तार मार्फत् पार्टीको जनआधार विस्तार गर्नु पर्छ । विशेष गरेर श्रमजीवी वर्ग, युवा, महिला, दलित, मधेसी र सीमान्तकृत समुदायमा सदस्यता विस्तार प्राथमिकतामा रहनुपर्छ । समाजका असल, अग्रणी, प्रतिष्ठित र आत्मनिर्भर व्यक्तिहरुको आगमनले पार्टीलाई जनतामाझ स्थापित गर्न सहयोग पुर्‍याउने छ ।

सदस्यहरुको वैचारिक स्तर माथि उठाउन योजनाबद्ध स्कुलिङको काम अगाडि बढाउनु पर्छ । आगामी एक वर्षभित्रमा पार्टीका सबै सदस्यहरुलाई पार्टीको आधारभूत पाठ्यक्रममा प्रशिक्षित गर्ने र अब उप्रान्त आधारभूत कोर्स उत्तीर्ण नगरेको व्यक्ति पार्टी कमिटी या सार्वजनिक ओहदामा उम्मेदवार बन्न नसक्ने प्रावधानलाई कार्यान्वयन गरिनु पर्छ । दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकता विरुद्धको वैचारिक सङ्घर्षलाई रत्तिभर कमजोर हुन दिनु हुन्न ।

सङ्गठनहरु केबल औपचारिकताका, मानार्थ या वोधार्थ हैसियतमा रहनुहुन्न । तिनीहरु सम्बन्धित भूगोल, वर्ग या समुदायका वास्तविक नेताका रुपमा स्थापित हुनुपर्छ । सङ्गठनको क्षमता र स्तरवृद्धिमा विशेष ध्यान दिनु पर्छ । सङ्गठनभित्रका स्वार्थप्रेरित अन्तरविरोध, गुटबन्दी र अस्वस्थताको समाधानका लागि वैचारिक र सङ्गठनात्मक दुबै विधि अवलम्बन गर्नुपर्छ ।

जनताको दुखसुखमा साथ दिने, जनतालाई समस्या पर्दा अग्रपङ्क्तिमा उभिएर स्वयंसेवा गर्ने र जनसरोकारका विषयलाई लिएर आवश्यक दबाब सिर्जना गर्ने, जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन गर्ने हाम्रो असल परम्परामा पछिल्लो समय कमी आएको छ । यसले जनतासँगको सम्बन्धलाई कमजोर बनाउन सक्छ । यसलाई सच्याउनु पर्छ ।

*बहुसङ्ख्यक जनताको समर्थन हासिल गर्ने पार्टीको उद्देश्य पूरा गर्न प्रदेश र स्थानीय कमिटीहरुले आफू क्रियाशील भूगोलका बहुसङ्ख्यक जनताको मन जित्न सक्नुपर्छ । जनसङ्गठनहरुले आफ्नो वर्ग, समुदाय या पेशागत क्षेत्रका बहुसङ्ख्यक जनताको प्रतिनिधित्व सुनिश्चित गर्नेपर्छ ।८*

लोकतान्त्रिक तथा अनुशासित पार्टीको निर्माण आजको मुख्य अभिभारा हो । लोकतन्त्र र अनुशासन दुई विपरित अन्तरवस्तु होइनन्, अन्तरसम्बन्धित, अविभाज्य र परिपूरक विषयहरु हुन् । पार्टी निर्माणमा यस विषयप्रतिको हाम्रो बुझाइ सही हुनुपर्छ । विभाजन, घेराबन्दी र चौतर्फी आक्रमणका बाबजुद नेकपा (एमाले) राष्ट्रिय राजनीतिको मियोको रुपमा अक्षुण्ण रहिरहेको तथ्यले जनविरोधी शक्तिहरुलाई पोलिरहेको छ । यतिबेला उनीहरु पार्टी विरुद्ध दुईवटा अस्त्र चलाइरहेका छन्– मिथ्या र भ्रामक सूचनाको आक्रमण र पार्टी एकतामा भाँजो हाल्न सकिन्छ कि भनेर भित्ताको चर खोज्ने प्रयास । यतिबेला पार्टीमा नीति र नेतृत्वका बारेमा कुनै विवाद छैन । तर पनि अनुचित महत्वाकाङ्क्षाहरु झाँगिदै गएर तिनले गुटबन्दीको रुप लिन नपाऊन् र लोकतन्त्रको अभ्यास गर्दा त्यसले अराजकताको रुप लिन नपाओस् भनेर सजग हुनुपर्छ । वैचारिक, सङ्गठनात्मक र भावनात्मक रुपमा एकताबद्ध पार्टी आजको आवश्यकता हो ।

प्रतिष्पर्धाबाट श्रेष्ठता हासिल गर्दै समाजवादको आधार निर्माण गर्ने कार्यदिशा कार्यान्वयनमा जनप्रतिनिधिहरुको भूमिका अग्रपङ्क्तिका योद्धाको रुपमा रहन्छ । तसर्थ, जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्न र उहाँहरुलाई सफल बनाउन पार्टीले विशेष ध्यान दिनुपर्छ ।

विचार, सङ्गठन र प्रचार कार्य पार्टी निर्माणका महत्वपूर्ण आधारहरु हुन् । मिथ्या सूचना र दुष्प्रचारलाई विपक्षीहरुले हाम्रा विरुद्ध हतियार बनाइरहेको सन्दर्भमा हामीले नयाँ प्रविधि, संयन्त्र र माध्यमहरु मार्फत् पार्टीको प्रचार कार्यलाई प्रभावकारी बनाउनु पर्छ । पार्टीका हरेक नेता आफैमा सङ्गठक, प्रशिक्षक र प्रचारक हुन् भन्ने तथ्यलाई हमेशा हेक्का राख्नुपर्छ ।

यस विषयमा महासचिवको सङ्गठनात्मक प्रतिवेदनमा सविस्तार चर्चा हुने हुनाले यहाँ विस्तृत रुपमा व्याख्या गरिरहनु आवश्यक परेन ।

### ख. स्थानीय तथा आम निर्वाचन २०७९

२०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचन र त्यसै वर्ष मङ्सिरमा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन हाम्रो पार्टीका लागि सामान्य र नियमित लोकतान्त्रिक प्रक्रिया मात्रै थिएनन्। प्रतिपक्षमा रहेको हाम्रो पार्टी विरुद्ध सत्ताधारी ६ दलहरुको गठबन्धनको घेराबन्दी थियो। प्रतिपक्षका विरुद्ध सत्तापक्षको त्यस्तो गठबन्धन अलोकतान्त्रिक मात्रै थिएन, अराजनीतिक र अनैतिक पनि थियो। सत्तापक्षले हाम्रा विरुद्ध साधन र स्रोतको दुरुपयोग गऱ्यो। ठाउँठाउँमा भएका हाम्रो कार्यकर्ताको हत्या, बुथ कब्जा, मतदान र मतगणनामा प्रयुक्त दोहोरो मापदण्ड, निर्वाचन आयोगलाई समेत प्रभावित गर्ने र राज्यसत्ताको चरम दुरुपयोग गर्ने जस्ता दुष्कर्महरुका कारण ती निर्वाचनहरु स्वस्थ लोकतान्त्रिक अभ्यासका रुपमा रहन सकेनन्। निर्वाचन होइन, पार्टीले एक किसिमले 'युद्ध' नै लड्नु पऱ्यो।

यावत् घेराबन्दी, षडयन्त्र र भ्रमप्रचारका बाबजुद आम निर्वाचनमा सर्वाधिक समानुपातिक मत (२८ लाख ४५ हजार ६४१) प्राप्त गर्दै जनताको रोजाइको एक नम्बर पार्टी बन्नु सामान्य उपलब्धि थिएन। साधनस्रोतको चरम दुरुपयोगका बाबजुद ६ दलको गठबन्धनले सामान्य बहुमत पनि हासिल गर्न सकेन। गठबन्धनको बलमा पहिलो पार्टी बने पनि नेपाली काङ्ग्रेसको जनाधार विगतमा भन्दा झनै खस्कियो। काङ्ग्रेससँग हाम्रो पार्टीको मतान्तर २०७४ को तुलनामा दोब्बरभन्दा बढेर १ लाख ३० हजार पुग्यो। समानुपातिक तर्फ हामी ७७ जिल्लामध्ये ४४ जिल्लामा र ७ वटा प्रदेशमध्ये ६ वटा प्रदेशमा पहिलो पार्टीका रुपमा स्थापित हुन सफल भयौं। स्थानीय तह निर्वाचनमा २०६ पालिका प्रमुख र २४६ उपप्रमुखलाई विजयी बनाउन सफल भयौं।  कम्युनिष्ट आन्दोलनलाई विभाजित गर्ने, वामपन्थी सरकार ढाल्ने र पुँजीपति वर्गको नेतृत्वमा सरकार बनाउन निर्णायक भूमिका खेल्ने दक्षिणपन्थी अवसरवाद निकै कमजोर भयो र जनमतबाट एक किसिमले अस्वीकृत नै भयो। हाम्रो पार्टी विरुद्ध स्थापित गर्न खोजिएको कथित प्रतिगमनको भाष्य खण्डित भयो।

चरम प्रतिकूलताका बीचमा हासिल भएका यी उपलब्धिलाई कम आँक्न मिल्दैन।

तर हाम्रो यो परिणाम अपेक्षा भन्दा धेरै न्यून हो र मुलुकको आवश्यकताका दृष्टिले पनि अपर्याप्त हो। यसो हुनुका पछाडि सत्तापक्षको घेराबन्दी मुख्य कारण त हुँदै हो । तर निर्वाचनको बेलामा हाम्रो पार्टी पङ्क्तिभित्र प्रकट भएको व्यक्तिवाद, अस्वस्थता, असमझदारी, असहयोग र अन्तरघात जस्ता अराजक प्रवृत्ति पनि यस परिणामका लागि जिम्मेवार छन्। हामीले निर्वाचनमा प्रत्येक पार्टी सदस्यसँग एउटै अपेक्षा, 'दुई मतको बृद्धि गर्नुस् पाँच मतको रक्षा' भन्ने आह्वान गरेका थियौं। तर यो लक्ष्य पूरा हुन सकेन। प्रतिनिधिसभाका २५ जना उम्मेदवारहरु ३ हजारभन्दा कम मतान्तरले पराजित हुनुभयो। हिजोसम्म पार्टीको माथिल्लो ओहदामै रहेका कतिपय नेता समेत पार्टी विरुद्धको षड्यन्त्रमा सङ्लग्न भए। अग्रजहरुको त्याग, बलिदान र उत्सर्गको जगमा विकसित हुँदै आएको, 'सुख खोज्न सबभन्दा पछाडि र दुःख भोग्न परे सबभन्दा अगाडि' को आदर्शले अनुप्राणित र व्यक्तिगत हितलाई सामूहिक हितको अधिनस्थ राख्ने स्कुलिङबाट हुर्किएको पार्टीमा यस खालका प्रवृत्तिहरु अनपेक्षित थिए। आफूले भने जस्तो नहुँदा पार्टी हितमाथि गंभीर आघात पुऱ्याउन पनि पछि नपर्ने यस्ता प्रवृत्तिहरु आलोच्य, त्याज्य र दण्डनीय छन्।

*हामीले निर्वाचनमा प्रत्येक पार्टी सदस्यसँग एउटै अपेक्षा, 'दुई मतको बृद्धि गर्नुस् पाँच मतको रक्षा' भन्ने आह्वान गरेका थियौं। तर यो लक्ष्य पूरा हुन सकेन। प्रतिनिधिसभाका २५ जना उम्मेदवारहरु ३ हजारभन्दा कम मतान्तरले पराजित हुनुभयो।*

कतिपय कमिटी क्रियाशीलै नभएको र जन–सम्बन्धबाट टाढिएको देखियो। पार्टीका स्थापित विचार र सिद्धान्त, पार्टीले सरकारमा हुँदा हासिल गरेका महत्वपूर्ण उपलब्धि एवं पार्टीका सङ्कल्प र प्रतिबद्धताहरु जनताबीच प्रचार गर्ने र समाजमा स्थापित गर्ने काम प्रभावकारी भएन। प्रायोजित,

मिथ्या र भ्रामक सूचनाको बाढीलाई परास्त गर्न सकिएन। युवा मतदाताहरु, सहरी जनमत र प्रवासी नेपालीहरुका बीचमा पार्टीप्रतिका आकर्षण र जनाधार सङ्कुचनमा परेको देखियो।

निर्वाचन परिणामले सिर्जना गरेको प्रतिकूलताको मूल्य आज राष्ट्रले नै चुकाउनु परिरहेको छ।

निर्वाचनपछि निर्माण भएको शक्ति सन्तुलन राष्ट्र र जनताको हितमा अनुकूल बन्न सकेन। मुलुकलाई राजनीतिक स्थिरता आवश्यक थियो, तर प्रतिनिधिसभामा एक दर्जन दलको उपस्थिति र संविधानका मुख्य विषयमै अस्पष्ट र असहमत रहनेहरुको उल्लेख्य सङ्ख्याले राजनीतिक अस्थिरताको संभावना झनै बढायो। बलियो राष्ट्रिय शक्ति निर्माणको जनचाहनामा प्रतिकूल प्रभाव पर्‍यो। राजनीतिक स्थायित्व, सुशासन, राष्ट्रिय स्वाधीनता एवं समाजवाद उन्मुख राज्य निर्माणको अभियानमा चुनौती थपिए। निर्वाचनमा प्रियतावादी 'पपुलिष्ट' शक्तिको उदय र परम्परावादी दक्षिणपन्थी दलको शक्ति विस्तार नयाँ र विवेचनीय घटनाका रुपमा रहेका छन्। यस बीचमा बढेको चरम राजनीतिक विकृति, आर्थिक र व्यावसायिक क्षेत्र सङ्कट, उत्पादन र रोजगारीका क्षेत्र साँघुरिँदै गरेको अवस्था एवं सुशासन तथा सेवा प्रवाहमा उत्पन्न समस्याका कारण समाजमा निराशा बढेको छ। यसै स्थितिले सिर्जना गरेको असन्तुष्टिलाई एकातिर 'पपुलिज्म' र अर्कातिर दक्षिणपन्थी शक्तिले प्रयोग गर्न एक हदसम्म सफल भएको देखिन्छ। उनीहरुले यस्ता समस्यालाई उजागर र उपयोग त गर्न सक्छन् तर उनीहरुसँग यसको समाधान छैन। सही दर्शन र विचारधारा नभएको, अर्थ–राजनीतिक कार्यदिशा स्पष्ट नभएको र आफ्ना स्वार्थका लागि अस्थिर र डोलायमान रहने शक्तिहरु विकल्प हुन सक्दैनन्। आजको लोकतान्त्रिक युगमा पनि जन्मजात श्रेष्ठताको सामन्ती मान्यतालाई बोक्ने र आफ्नै अयोग्यता, असफलता र कर्मका कारण जनताबाट विस्थापित राजतन्त्रलाई फर्काउन खोज्ने प्रयास सफल हुने कुनै संभावना छैन। लोकतान्त्रिक गणतन्त्रको प्रणाली सञ्चालनमा समस्या देखिएका हुन सक्छन्। संविधानले परिकल्पना गरेको न्यायपूर्ण, समतामूलक, लोकतान्त्रिक र समृद्ध समाजको निर्माणमा विलम्ब भइरहेको हुन सक्छ। तर यो समस्याको विकल्प निरङ्कुश सामन्ती व्यवस्थाको पुनर्स्थापना हुनै सक्दैन।

*लोकतान्त्रिक गणतन्त्रको प्रणाली सञ्चालनमा समस्या देखिएका हुन सक्छन्। संविधानले परिकल्पना गरेको न्यायपूर्ण, समतामूलक, लोकतान्त्रिक र समृद्ध समाजको निर्माणमा विलम्ब भइरहेको हुन सक्छ। तर यो समस्याको विकल्प निरङ्कुश सामन्ती व्यवस्थाको पुनरुस्थापना हुनै सक्दैन।*

सामाजिक असन्तुष्टीहरुको लाभ यस्ता पक्षले उठाउन नपाउन् भन्ने कुरामा सजग रहँदै त्यसलाई सम्बोधन गर्न हामी विशेष संवेदनशील हुनुपर्छ।

प्रतिकूल राजनीतिक शक्ति सन्तुलनका बीचमा पनि सकारात्मक शक्तिहरुलाई गोलबन्द गर्दै स्थायित्वका लागि प्रयास गर्नु, राष्ट्रियतामा आघात पुग्ने संभावनाप्रति चनाखो रहनु तथा 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षालाई अगाडि बढाउन पार्टीले प्रभावकारी भूमिका खेल्नु पर्छ।

### ग. मिसन ग्रासरुट

निर्वाचनमा अपेक्षित परिणाम आउन नसक्नुका पछाडि पार्टीको सङ्गठनात्मक क्षेत्रका कमीहरु समेत जिम्मेवार रहेको निष्कर्षका साथ हामीले २०७९ फागुन र चैत्रमा दुई महिना लामो 'मिसन ग्रास रुट' अभियान सञ्चालन गर्‍यौं। २०८० वैशाखसम्म विस्तारित भएको उक्त अभियानका लागि ७ वटा उद्देश्य तय गरिएका थिए र सबै पालिकाहरुका लागि स्पष्ट कार्यदिशसहित केन्द्रीय प्रतिनिधिहरु खटाइएको थियो।

अभियानले पार्टी जीवनमा नयाँ रक्तसञ्चार गऱ्यो। यस क्रममा केन्द्रीय प्रतिनिधिहरुको उपस्थितिमा प्रदेश, जिल्ला, पालिका, वडा र टोलसमेत गरी २४,१३२ वटा बैठक सम्पन्न भए। ६,९९५ वटा प्रशिक्षण कार्यक्रम र भेलाहरु आयोजना गरिए। १३,४५९ वटा कमिटीहरु गठन/पुनर्गठन भए। जनसङ्गठनका कामहरु अपेक्षित रुपमा अगाडि बढ्न नसके पनि २,२३० वटा बैठक र भेलाहरु सम्पन्न भए।

यो अभियान पार्टीका समस्या र संभावनाहरुको पहिचान गर्न पनि उत्तिकै प्रभावकारी रह्यो। अभियान मार्फत् पार्टीमा विचारधारात्मक काममा कमी रहेको, नेता कार्यकर्ताहरुमा पार्टीका विचार र सिद्धान्तबारे चासो न्यून रहेको, पार्टी प्रशिक्षण नियमित हुन नसकेको, पठन संस्कृति कमजोर रहेको र पार्टी पङ्क्तिमा सिद्धान्तहीनता र अराजकता बढ्दै गएको जस्ता समस्या पहिचान भए। त्यस्तै सदस्यता वितरण, नवीकरण, लेबी सङ्कलन जस्ता काम अपेक्षित मात्रामा अगाडि नबढेको, दोहोरो जिम्मेवारीका कारण कार्यसम्पादनमा समस्या देखापरेको, कमिटीभित्र भावनात्मक एकता, समझदारी र समन्वयको अभाव रहेको, गुटबन्दी देखापरेको, युवा प्रतिभा पहिचान र राजनीतिमा युवा सहभागिता बढाउन नसकिएको जस्ता कमजोरी पनि चिह्नित भए। आम रुपमा स्थानीय तहमा जनसङ्गठनका कमिटीहरु गठन हुन नसकेका, उनीहरु पार्टी सदस्य र समर्थककै बीचमा सीमित रहेका र आफ्ना समुदायका नेताको रुपमा स्थापित हुन नसकेको यथार्थ स्थिति प्रकट भयो। जनप्रतिनिधि र पार्टी कमिटी बीच समन्वयमा कमी रहेको र जनप्रतिनिधिका कामलाई समाजवादको आधार निर्माणको कार्यदिशासँग राम्ररी जोड्न नसकिएका गुनासो पनि प्राप्त भए। पार्टीलाई गरिबीको मारमा परेको वर्ग, युवा, महिला, मधेसी र दलित लगायत समुदायमा अझ बढी विस्तार गर्नु पर्ने, कमिटीभित्रका अन्तरविरोधहरुको समयमै पहिचान र समाधान गर्नु पर्ने, उम्मेदवारी दिने प्रक्रियामा अझ स्पष्ट मापदण्ड र मूल्याङ्कन पद्धति स्थापित गर्नु पर्ने, कतिपय नेताहरुको कार्यशैली र आचरणमा देखा परेका कमजोरी सुधार गर्नु पर्ने एवं जनतासँग अझ घनिष्ठ सम्बन्ध विस्तार र जनताको सुखदुखमा पार्टीलाई स्थापित गर्नु पर्ने लगायत महत्वपूर्ण सुझाव प्राप्त भए। अभियानका क्रममा हामीले जनसरोकारका सयौं विषयहरु सङ्कलन गऱ्यौं।

*मिसन ग्रासरुटले पार्टी पङ्क्तिलाई चलायमान पार्न सक्यो, कमिटीहरुलाई गतिशील बनाउन सक्यो एवं पार्टी र जनताबीचको सम्बन्धलाई सुदृढ गर्न तथा पार्टीमा विद्यमान समस्याहरु पहिचान गर्न निकै प्रभावकारी रह्यो।*

सारमा, मिसन ग्रासरुटले पार्टी पङ्क्तिलाई चलायमान पार्न सक्यो, कमिटीहरुलाई गतिशील बनाउन सक्यो एवं पार्टी र जनताबीचको सम्बन्धलाई सुदृढ गर्न तथा पार्टीमा विद्यमान समस्याहरु पहिचान गर्न निकै प्रभावकारी रह्यो।

पहिचान भएका समस्याहरुमाथि आधारित रहेर पार्टीले वार्षिक कार्ययोजना निर्माण गऱ्यो। अहिले हामी त्यही कार्ययोजना कार्यान्वयनको प्रक्रियामा छौं।

### घ. झुलाघाट– चिवाभञ्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा

पार्टीले २०८० मङ्सिर १४ गतेदेखि पुस १ गतेसम्म 'झुलाघाट–चिवाभञ्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा' सञ्चालन गऱ्यो।

अभियानका लागि पहाडी क्षेत्रमा देखापरेको तीव्र बसाइँसराइँका कारणहरु पहिल्याउने, अतिवादलाई निस्तेज पार्दै सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउने, समाजमा बढिरहेको निराशा र नकारात्मक मनोविज्ञानलाई चिर्दै 'देशलाई समृद्ध बनाउन सकिन्छ' भन्ने आत्मविश्वास बढाउने, यस वर्ष कम्युनिष्ट पार्टी स्थापनाको ७५ औं वर्ष समेत भएकाले कम्युनिष्ट पार्टीले नेपाली समाजमा गरेका

सकारात्मक योगदानहरुलाई जनतामाझ स्थापित गर्ने र जनतासँगको सम्बन्धलाई थप घनिष्ट बनाउने लगायत उद्देश्य तय गरिएको थियो। 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय' भन्ने मर्मका साथ सञ्चालित अभियान निकै प्रभावकारी, सफल र दूरगामी महत्वको रह्यो।

यस यात्रामा हामीले ३० जिल्लामा एक दर्जनभन्दा बढी ठूला जनसभा र सयौं जनभेलाहरु मार्फत् लाखौं जनतासँग प्रत्यक्ष संवाद गऱ्यौं। झण्डै दस लाख जनता सहभागी रहेको यो कार्यक्रममा पार्टीप्रति प्रकट भएको जनसमर्थन, जनसहभागिता, माया तथा सद्भाव अविस्मरणीय रहेको छ। रातिको चिसो, सिरेटो र झरी बादल केही नभनी यात्रा टोलीको स्वागतका लागि सडकछेउमा पङ्क्तिबद्ध जेष्ठ नागरिकहरु, महिला तथा बालबालिकाहरुका अनुहारमा अभिव्यक्त पार्टी र पार्टी नेतृत्वप्रतिको माया, विश्वास र भरोसा गौरव गर्न लायक रहेको छ। राष्ट्रिय हितको रक्षा र स्वाभिमानको सम्बर्द्धन गर्न, लोकतन्त्रको रक्षा र विकास गर्न, सामाजिक सद्भाव र राष्ट्रिय एकता दर्बिलो बनाउन तथा विकास निर्माण, समृद्धि र सुशासन कायम गर्न नेकपा (एमाले) को नेतृत्व अपरिहार्य छ भन्ने जनभावना यस क्रममा स्पष्ट रुपमा प्रकट भएको छ।

*झण्डै दस लाख जनता सहभागी रहेको यो कार्यक्रममा पार्टीप्रति प्रकट भएको जनसमर्थन, जनसहभागिता, माया तथा सद्भाव अविस्मरणीय रहेको छ। रातिको चिसो, सिरेटो र झरी बादल केही नभनी यात्रा टोलीको स्वागतका लागि सडकछेउमा पङ्क्तिबद्ध जेष्ठ नागरिकहरु, महिला तथा बालबालिकाहरुका अनुहारमा अभिव्यक्त पार्टी र पार्टी नेतृत्वप्रतिको माया, विश्वास र भरोसा गौरव गर्न लायक रहेको छ।*

अभियानमा नेपाली काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत विभिन्न पार्टीका केन्द्रीय पदाधिकारी, सांसद, पूर्व मन्त्री र पूर्व सांसदहरु, स्थानीय तहका प्रमुख, उपप्रमुख र स्थानीय नेताहरुबाट प्राप्त स्वागत, शुभकामना र आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित माग र ज्ञापनपत्र हस्तान्तरण आफैमा विशिष्ट विषय थियो। यसरी पार्टीले सुरु गरेको यो अभियान राष्ट्रिय अभियानमा रुपान्तरित भयो।

यस अभियानमा देखा परेको विशाल जनसहभागिताले केही समययता पूर्व राजावादी, पश्चगामी र अतिवादीहरुले गरेको जनविरोधी चर्चा, 'पार्टीहरुको लोकप्रियता खस्किएको छ', 'नेतृत्वको प्रतिष्ठामा ह्रास आएको छ' र 'मान्छेहरु लोकतान्त्रिक गणतन्त्र र वर्तमान संविधानकै विकल्प खोजिरहेका छन्' भनेर फैलाउन खोजिएको भ्रमात्मक प्रचार स्वतः खण्डित भएको छ। नेकपा (एमाले) को सङ्कल्प यात्राले लोकतान्त्रिक गणतन्त्रप्रतिको जनसमर्थनलाई थप सुदृढ र मजबुत बनायो।

यस अभियानले सिङ्गो पार्टी पङ्क्तिलाई अभूतपूर्व रुपमा चलायमान, गतिशील र एउटै लयमा परिचालित गऱ्यो। नेतृत्व पङ्क्तिलाई आत्मीय रुपमा अझ एकताबद्ध बनायो। नेतृत्व र कार्यकर्ता बीचको तथा पार्टी र जनता बीचको भावनात्मक सम्बन्धलाई सुदृढ बनायो। जनताकै साथ–सहयोगमा खानपिन र आवासको व्यवस्थापन, सामूहिक मेस, सामूहिक बास र स्थानीय परम्परा, संस्कृति र भेषभुषालाई सम्मान गर्ने विषयले जनतासँगको हाम्रो सम्बन्धलाई थप घनिष्ट बनाउन सहयोग पुग्यो।

यात्राका क्रममा प्रदर्शित मध्यपहाडी क्षेत्रका विविध जातजाति, भाषाभाषी, संस्कृति र धर्मावलम्बीहरु बीचको एकता र बैतडीदेखि पाँचथरसम्म पुग्दा देखिएको नेपाली समाजको सांस्कृतिक मौलिकता, विविधता र अद्भूत वैभव विशिष्ट परिघटनाका रुपमा प्रकट भयो। यस यात्राले केही सीमित तत्वहरुद्वारा सङ्कीर्ण स्वार्थका लागि चर्काउन खोजिएको जातीय तथा साम्प्रदायिक अतिवाद, अराजकता र हिंसालाई निस्फल तुल्याइदियो। लाखौंको सङ्ख्यामा सडकमा उत्रिएर नेपाली जनताले आफूहरु बीचको सामाजिक सद्भाव कसैले चुँडाउन नसक्ने सन्देश दिए, त्यसको जगमा निर्मित बलियो राष्ट्रिय एकताको पक्षमा आफूलाई उभ्याए। जनताको यस समर्थनलाई हामीले सिङ्गै राष्ट्रको एकता र पुँजीको रुपमा ग्रहण गरेका छौं।

पूर्वाधारका दृष्टिले मध्यपहाडका गाउँ र बस्तीहरुमा यस बीचमा ठूलो परिवर्तन आएको प्रत्यक्ष देख्न सकिन्छ। हिजो पाँच, छ दिनसम्म लगाएर मात्रै पुगिने गाउँवस्तीहरु आज सडक पूर्वाधारका कारणले केही घण्टाकै पहुँचभित्र आएका छन्। आम रुपमा सबै ठाउँमा खानेपानी, बिजुली र टेलिफोन सुविधा पुगेको छ। शिक्षा र स्वास्थ्यका क्षेत्रमा पनि हिजोका तुलनामा धैरै राम्रा काम भएका छन्। सडक, बिजुली र फोनको पहुँचले आम जनताको चेतनास्तर बृद्धि गरेको छ। मध्यपहाड कृषि, फलफूल र पशुपालनका दृष्टिले असाध्यै उर्बर र संभावनायुक्त क्षेत्रका रुपमा रहेको छ। यस क्षेत्रलाई दुग्ध व्यवसायको केन्द्र बनाउन सकिन्छ। जलस्रोतको त यो क्षेत्र भण्डार नै हो, जहाँ पञ्चेश्वर, पश्चिमसेती, माथिल्लो कर्णाली, कालीगण्डकी, मध्यमस्र्याङ्दी, बुढीगण्डकी, सुनकोशी, दुधकोशी, अरुण, तमोर र काबेली जस्ता परियोजनाहरु सञ्चालनमा छन् या सञ्चालनको पर्खाइमा छन्। सुरम्य हावापानी, सुन्दर दृष्यावलोकन, परम्परागत खाना र सांस्कृतिक विविधताका दृष्टिले धनी यो भूभाग पर्यटनका लागि असाध्यै उर्बर रहेको छ। पछिल्लो समय नयाँ पर्यटकीय स्थलहरु खुल्दै र ती स्थानहरुमा पूर्वाधार निर्माण हुँदै गरेको, आन्तरिक र वाह्य पर्यटकहरुको आगमन बढ्दै गएको देख्न सकिन्छ। यो क्षेत्र खानी र खनिजजन्य पदार्थका दृष्टिले पनि संभावनायुक्त रहेको छ।

*हामीले यात्रा गरेका ३० जिल्लामध्ये अधिकांशको जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको छ। कतिपय गाउँवस्ती रित्तिँदै गएका छन्। विद्यार्थीको अभावमा कतिपय विद्यालय बन्द हुने अवस्थामा पुगेका छन्। खेतीयोग्य जमिन बाँझो बन्दैछ। गाउँमा श्रमका लागि युवाहरुको अभाव छ।*

तर पहाडी गाउँवस्तीहरुमा बसाईँसराईँ ठूलो चुनौतीको रुपमा देखापरेको छ। हामीले यात्रा गरेका ३० जिल्लामध्ये अधिकांशको जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको छ। कतिपय गाउँवस्ती रित्तिँदै गएका छन्। विद्यार्थीको अभावमा कतिपय विद्यालय बन्द हुने अवस्थामा पुगेका छन्। खेतीयोग्य जमिन बाँझो बन्दैछ। गाउँमा श्रमका लागि युवाहरुको अभाव छ। कतिपय ठाउँमा त बृद्धबृद्धाहरुको हेरचाह गर्ने या मलामी जाने व्यक्ति पाउन समेत मुस्किल छ। बसाइँसराइँका पछाडि केही वाध्यात्मक कारणहरु पनि छन्। तर पछिल्लो समय ‘नेपालमा अवसर नै छैन‘, ‘नेपाल बन्दै बन्दैन’, ‘विदेशमा अवसर नै अवसर छ‘ र ‘जसरी पनि त्यहाँ पुग्न पाइयो भने जिन्दगी सप्रिहाल्छ’ भन्ने भ्रामक प्रचार, प्रायोजित भाष्य, त्रुटिपूर्ण शैक्षिक प्रणाली र मनोविज्ञानले पनि युवाहरुको प्रवासनलाई बढावा दिइरहेको छ।

स्थानीय उत्पादनले बजार, उचित मूल्य र संरक्षण नपाउनु पनि बसाइँसराइँ बढाउने कारण बनेको छ। एकातिर सस्तो मूल्यमा भित्रिने विदेशी उत्पादनसँगको प्रतिष्पर्धा, अर्कातिर बीचौलियाका कारण आफ्नो उत्पादनको उचित मूल्य पाउनबाट बञ्चित हुने जस्ता समस्या किसानले भोगिरहेका छन्। खाद्य र पेय वस्तुको आयातलाई निरुत्साहित गर्दै स्वदेशी उत्पादनलाई संरक्षण गर्ने, ठूलो मात्राको उत्पादनलाई प्रोत्साहन गर्ने, भूमि ब्याङ्कका माध्यमबाट बाँझो जमिनको सदुपयोग गर्ने तथा मल, बिउ र सिचाइमा किसानहरुलाई अनुदान दिने र बजार मूल्य सुनिश्चित गर्ने लगायत कदम चाल्नु अनिवार्य देखियो। भूमिहीनहरु र दशकौंदेखि पर्ती जमिन, गुठी जग्गा आदि आवाद गरेर बसेका तर जग्गाधनी प्रमाणपूर्जा नपाएका हजारौं परिवारको समस्या समाधान गर्नु अपरिहार्य देखियो। बाँदर, बँदेल, दुम्सी, घोरल लगायत वन्यजन्तुका कारण बालीनालीमा भइरहेका नोक्सानी र पीडा पनि गंभीर देखियो।

जलवायु सङ्कटको मुख्य मारमा परेका महिला, किसान र भिरालो पाखा या नदी किनारमा बस्न बाध्य विपन्न परिवारमा अनुकूलन र प्रतिरोधी क्षमता अभिवृद्धि गर्न ढिलो भइसकेको छ।

उद्यमी व्यवसायीहरुको मनोबल उँचो बनाउन तत्काल कदम चाल्नुपर्ने देखिएको छ। ठप्प प्रायः देखिएका विकासका कामलाई गति दिने, अलपत्र पारिएका आधारभूत अस्पताल र रणनीतिक

सडकको काम अगाडि बढाउने, विकासका काममा राजनीतिक पक्षपात अन्त्य गर्ने, निर्माण व्यवसायीहरुलाई सही ढङ्गले परिचालन गर्ने र आर्थिक मन्दी एवं शिथिलता हटाउन विशेष ध्यान दिनु पर्ने देखियो।

भ्रष्टाचार, कुशासन र राजनीतिक बेथितिका विरुद्ध समाजमा सार्वजनिक असन्तुष्टि देखापरेको छ। जनताको असन्तुष्टि लोकतान्त्रिक प्रणाली, गणतन्त्र या संवैधानिक व्यवस्थाका विरुद्ध होइन। तर पात्रहरुप्रतिको असन्तुष्टिलाई प्रणालीकै विरुद्ध प्रयोग गर्न सकिन्छ कि भनेर कतिपय तत्वहरु प्रयत्नशील छन्। सुशासन, विकास र समृद्धिको यात्रालाई तीव्र पारेर र जनताको विश्वास जितेर मात्र यस्ता प्रयासलाई निस्तेज पार्न सकिन्छ।

हामीले पहिचान गरेका विभिन्न समस्या र जनताबाट प्राप्त ७५३ वटा मागहरुलाई नेपाल सरकार समक्ष प्रस्तुत गरेका छौं। यिनको कार्यान्वयनमा पार्टीले चनाखो भएर अनुगमन गरिरहने छ।

*भ्रष्टाचार, कुशासन र राजनीतिक बेथितिका विरुद्ध समाजमा सार्वजनिक असन्तुष्टि देखापरेको छ। जनताको असन्तुष्टि लोकतान्त्रिक प्रणाली, गणतन्त्र या संवैधानिक व्यवस्थाका विरुद्ध होइन। तर पात्रहरुप्रतिको असन्तुष्टिलाई प्रणालीकै विरुद्ध प्रयोग गर्न सकिन्छ कि भनेर कतिपय तत्वहरु प्रयत्नशील छन्।*

### ङ. नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७५ औं (हीरक) वर्ष समारोह

वि. सं. २०८० वैशाख ९ गते (तदनुसार २२ अप्रिल २०२३) बाट नेपाल कम्युनिष्ट पार्टी ७५ औं वर्षमा प्रवेश गरेको छ। सार्वजनिक संस्थाहरुका लागि स्थापनाका २५, ५०, ७५ र १०० वर्ष आफैमा महत्वपूर्ण 'माइलस्टोन' हुन्। इतिहासको वस्तुनिष्ठ समिक्षा गर्दै गौरवगाथा स्थापित गर्ने, वर्तमान स्थितिको यथार्थ विश्लेषण गर्दै सम्भावना र चुनौतीको लेखाजोखा गर्ने तथा भविष्यको पूर्वानुमान गर्दै लक्ष्य भेदनका लागि मार्गचित्र निर्धारण गर्ने कामका लागि यस्ता माइलस्टोनहरु महत्वपूर्ण अवसर पनि हुन्। पार्टी स्थापनाको ७५ वर्षलाई हाम्रो पार्टीले वर्षैभरि (२०८० वैशाख ९ देखि २०८१ वैशाख ९ सम्म) विशेष कार्यक्रमका साथ मनाइरहेका छौं। यस सन्दर्भमा देहाय बमोजिमका कार्यक्रमहरु अगाडि बढेका छन्।

क. नेपाली कम्युनिष्ट आन्दोलनको आधिकारिक इतिहास लेखन

नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७५ औं (हीरक) वर्ष समारोह

कमरेड इश्वर पोखरेलको संयोजकत्वमा इतिहास लेखन समिति गठन गरेर नेपाली कम्युनिष्ट आन्दोलनको आधिकारिक इतिहास लेखनसम्बन्धी कामको थालनी गरिएको छ। यस प्रयोजनका लागि विश्वविद्यालय, आधिकारिक थिङ्क ट्याङ्क र अनुसन्धान संस्थासँग सहकार्य गरिने छ।

ख. लोकतन्त्र र रुपान्तरणका लागि भएका संघर्ष

नेपाली कम्युनिष्ट आन्दोलनले साढे सात दशकको इतिहासका प्रत्येक दशकमा भएका संघर्ष, सङ्गठन, विचार निर्माण, उपलब्धि र कठिनाइको 'कथा' समेटी पार्टीको नेतृत्वमा सञ्चालित मुख्य–मुख्य सङ्घर्षहरुको सङ्क्षिप्त र आधिकारिक अभिलेख तयार गर्ने काम आरम्भ भएको छ।

ग. ७५ वर्षे यात्राको वृत्तचित्र निर्माण

नेपाली कम्युनिष्ट आन्दोलनका गौरवपूर्ण ७५ वर्षका मुख्य–मुख्य चरण, परिघटना एवं उपलब्धि दर्शाउने वृत्तचित्र निर्माण गरिएको छ।

घ. “शेल्टर” पुस्तक प्रकाशन

पार्टीले तय गरेको कष्टकर भूमिगत जीवनका आदर्श बारे नयाँ पुस्तालाई जानकारी गराउन ‘शेल्टर’ शीर्षकको अनुभूति सङ्ग्रह प्रकाशनको तयारी गरिएको छ। यसका लागि कष्टपूर्ण भूमिगत जीवन व्यतित गर्नुभएका कमरेडहरुलाई आफूले भोगेका अविस्मरणीय घटना सहित संस्मरण लेखिरहनु भएको छ।

ङ. ऐतिहासिक स्थलहरूको संरक्षण र सम्बर्द्धन

नेपाली कम्युनिष्ट आन्दोलनका सन्दर्भमा ऐतिहासिक महत्व राख्ने शहीद भूमि लगायतका स्थलको संरक्षण र सम्बर्द्धन गर्ने क्रममा पार्टीको चौथो महाधिवेशन आयोजना भएको सिराहाको सर्रे अम्बासमा पार्टीको ७५ वर्षे इतिहास प्रतिविम्बित गर्ने स्मारक निर्माण गर्ने गरी काम अगाडि बढेको छ।

च. अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना

पार्टी स्थापनाको ७५ औं वर्षको सन्दर्भ पारेर मार्क्सवादको सिर्जनात्मक प्रयोग र सम्बन्धित मुलुकका अनुभवहरुमा केन्द्रित रहेर भाइचारा कम्युनिष्ट पार्टी, श्रमिक पार्टी र वामपन्थीहरुको अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरिने छ। (यसै महिना आयोजना गर्ने भनेर प्रस्ताव गरिएको उक्त सम्मेलन विविध कारणले केही समय पछाडिका लागि सारिएको छ।)

छ. जनताको बहुदलीय जनवादको विकासक्रम सम्बन्धमा जननेता मदन भण्डारीका मुख्य रचनाहरुको अङ्ग्रेजी अनुवाद तयार गरिएको छ। यसको विमोचन पर्सि १० गतेको विशेष समारोहमा गरिनेछ।

*जनताको बहुदलीय जनवादको विकासक्रम सम्बन्धमा जननेता मदन भण्डारीका मुख्य रचनाहरुको अङ्ग्रेजी अनुवाद तयार गरिएको छ। यसको विमोचन पर्सि १० गतेको विशेष समारोहमा गरिनेछ।*

ज. ७५ औं वर्ष समारोहको मुख्य कार्यक्रम

क. ७५ औं वर्ष समारोहका सन्दर्भमा आगामी २०८१ वैशाख १० गते (तदनुरुप २२ अप्रिल २०८१ का दिन सनराइज हल, गोदावरीमा विशेष कार्यक्रम आयोजना गरिनेछ। उक्त कार्यक्रममा देहायका कमरेडहरु सहभागी हुनुहुनेछ–

- पार्टीका केन्द्रीय पदाधिकारी र सदस्यहरु,
- पार्टी केन्द्रीय सल्लाहकार परिषद्का सदस्यहरु
- पार्टीको केन्द्रीय आयोगका सदस्यहरु,
- पार्टीका तर्फबाट निर्वाचित प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सांसदहरु,
- पार्टीका तर्फबाट निर्वाचित सबै प्रदेशसभाका सदस्यहरु,
- पार्टीका तर्फबाट निर्वाचित जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख एवं पालिका प्रमुख, उपप्रमुखहरु/अध्यक्ष, उपाध्यक्षहरु
- पार्टी सम्बद्ध जनसङ्गठनका केन्द्रीय पदाधिकारी र सदस्यहरु
- उपत्यकाभित्रका पार्टी जिल्ला कमिटी र पालिका कमिटीका पदाधिकारी एवं सदस्यहरु,
- उपत्यकाभित्रका निर्वाचित जनप्रतिनिधिहरु,
- तोकिएका अन्य आमन्त्रितहरु।

- विशेष सम्मान– यस कार्यक्रममा नेपाली कम्युनिष्ट आन्दोलनमा असाधारण योगदान गर्ने एक जना व्यक्तित्वलाई विशेष सम्मान गरिने छ।

अबको २५ बर्षपछि हाम्रो कम्यूनिष्ट आन्दोलन १०० वर्षको हुनेछ।

पार्टी स्थापनाको सय वर्ष पुग्दा मुलुकलाई न्यायपूर्ण, विकसित र समुन्नत बनाउने हाम्रो सपना छ। हाम्रो सङ्कल्प छ। हामी विश्वस्त छौं, हामी यसमा सफल हुनेछौं।

### च. घेराबन्दी तोड्ने प्रयास र गठबन्धनका जनविरोधी कामको प्रतिवाद

पार्टी विरुद्ध गठबन्धनले खडा गरेको घेरा तोड्न हामीले निरन्तर प्रयास गर्दै आयौं। कतिपय पार्टी र नेताहरु वाह्य दबाबका सामु टिक्न नसक्दा गत वर्ष हामीले सुरु गरेको नयाँ 'कोर्स' अल्पकालमा बिथोलिए पनि हामीले विभिन्न मोर्चाहरुमा आंशिक सफलता हासिल गर्दै आयौं। कोशी प्रदेशमा सरकार गठन र २०७८ तथा २०८० को राष्ट्रियसभा निर्वाचनमा प्राप्त आंशिक सफलता हाम्रा यिनै प्रयासका परिणाम थिए।

गठबन्धनबाट शृङ्खलाबद्ध अगाडि बढाइएका जनविरोधी कामहरुको हामीले सदन र सडकबाट निरन्तर विरोध गरिरह्यौं। नागरिकता विधेयक प्रमाणीकरणमा गरिएको जालझेलपूर्ण काम, महङ्गी र भ्रष्टाचार, तस्करी र सङ्गठित अपराध तथा सरकारी सम्पत्तिको हिनामिना लगायत प्रश्नमा पार्टी निरन्तर विरोधमा उत्रिरह्यो। हाम्रै दबाबका कारण कतिपय सत्ताधारी नेताहरुकै सङ्लग्नतामा भइरहेको सुन तस्करीको छानबिन गर्न आयोग बनाउन सरकार वाध्य भयो। पुरातात्विक क्षेत्र रामग्रामको जमिन गैरकानुनी तरिकाले व्यावसायिक घरानालाई लिजमा दिने प्रयास असफल भयो।

विभिन्न जनसङ्गठनहरुले आफ्ना क्षेत्रसँग सम्बन्धित मुद्दाहरुमा प्रदर्शन, जनदबाब र आन्दोलन उठाउने काम गरे। आज पनि हामी जनसरोकारका यी विषयमा सरकार, सदन र सडक तीनै ठाउँबाट पहल अगाडि बढाइरहेका छौं।

## ३. अधोगति, बेथिति र तज्जनित निराशाका तीन वर्ष

२०७८ साल असारमा सर्वोच्च अदालतबाट जारी परमादेशसँगै सुरु भएको गलत राजनीतिक 'कोर्स' का कारण मुलुक चौतर्फी समस्यामा धकेलिँदै गएको तथ्यबारे हामीले राष्ट्रिय महाधिवेशनमै पर्याप्त विवेचना गरेका छौं। जनादेशबाट होइन अदालतको आदेशबाट राज्य सञ्चालन हुने जस्तो बेथिति सुरु भएपछि यसको असर जताततै पर्नु स्वाभाविकै थियो। संवैधानिक मूल्यहरुको उल्लङ्घन, संस्थाहरुको अवमूल्यन, अर्थतन्त्रमा बीचौलियाहरुको बिगबिगी, राजनीतिमा अवसरवादीहरुको हालीमुहाली र गठबन्धनका नाममा सिद्धान्तविहीन, नीतिहीन र आदर्शच्यूत संस्कारले गर्दा गएका करिब तीन वर्ष मुलुकले चौतर्फी समस्याको सामना गर्नु पर्‍यो।

*नेपालको संविधान जारी भएदेखि नै मुलुकमा दुई गन्तव्य, दुई विचारधारा, दुई धार, दुई कार्यभार, दुई खाले बाटोका बारेमा दुई थरि शक्तिका बीचमा तीब्र प्रतिद्वन्द्विता सुरु भएको थियो– समाजवादी बाटो लिने कि पुँजीवादी बाटो ? राष्ट्रिय हित र स्वाभिमानमा अडिने कि राष्ट्रिय आत्मसमर्पणको नीति लिने ? राष्ट्रिय शक्तिलाई बलियो बनाउने कि त्यस्तो शक्तिलाई कमजोर पार्ने ?*

यद्यपि, यो कुनै अनपेक्षित या अस्वाभाविक परिदृश्य थिएन। नेपालको संविधान जारी भएदेखि नै मुलुकमा दुई गन्तव्य, दुई विचारधारा, दुई धार, दुई कार्यभार, दुई खाले बाटोका बारेमा दुई थरि शक्तिका बीचमा तीब्र प्रतिद्वन्द्विता सुरु भएको थियो– समाजवादी बाटो लिने कि पुँजीवादी बाटो ? राष्ट्रिय हित र स्वाभिमानमा अडिने कि राष्ट्रिय आत्मसमर्पणको नीति लिने ? राष्ट्रिय शक्तिलाई बलियो बनाउने कि त्यस्तो शक्तिलाई कमजोर पार्ने ? मुलुकको सार्वभौमसत्तालाई बलियो बनाउने कि त्यसलाई बेवास्ता गर्ने ? आत्मनिर्भर र स्वाधीन अर्थतन्त्रको निर्माण गर्ने कि मुलुकलाई सधैंभरि

पराश्रित र परामुखापेक्षी बनाइराख्ने ? समृद्ध नेपाल, सुखी नेपालीको गन्तव्यतिर अगाडि बढ्ने कि मुट्ठीभर व्यक्तिहरुको सम्पन्नताको गन्तव्य रोज्ने ?

विगत वर्षहरुमा मुलुकको राजनीति यिनै विचारधारा, धार, कार्यभार, बाटो र गन्तव्य बीचको तीव्र राजनीतिक प्रतिष्पर्धा, प्रतिद्वन्द्विता र अन्तरविरोधका वरिपरि घुमिरहेको छ। समाजमा जारी वर्ग सङ्घर्षको विशिष्ट अभिव्यक्तिका रुपमा यी प्रश्नमा बहस अगाडि बढिरहेको छ।

यस्तै पृष्ठभूमि माझ हामीले २०७४ सालको आम निर्वाचनमा वाम तालमेलसहित भारी बहुमत ल्याएर सरकार सञ्चालन गरेका थियौं। सरकारको नेतृत्वमा मौलिक अधिकार र सङ्घीयतासँग सम्बन्धित अत्यावश्यक कानुनहरु निर्धारित समयसीमाभित्रै निर्माण गरिए। यससँगै संविधान कार्यान्वयनले गति लियो। पृथकतावादी बाटो लिइरहेका, मुलुकलाई पुनः हिंसातिर धकेल्न खोजिरहेका र संविधानसँग असन्तुष्ट समूहहरुलाई वार्ताका माध्यमबाट संवैधानिक र शान्तिपूर्ण मूलप्रवाहमा ल्याएसँगै राजनीतिक द्वन्द्वको अवस्था पनि साम्य हुँदै गयो। सार्वभौम समानता, पारस्परिक हित र सम्मान तथा न्यायमाथि आधारित वाह्य सम्बन्धलाई अगाडि बढाउँदै लगेपछि मुलुकको छवि, आत्मविश्वास र निर्णय क्षमतामा पनि उल्लेख्य अभिवृद्धि भयो। समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा वरिपरि सम्पूर्ण विकास प्रयासलाई केन्द्रित गर्दै सामाजिक न्याय, सामाजिक सुरक्षा र पूर्वाधार निर्माणमा मुलुकले फड्को मार्न थालेपछि जनताको आत्मविश्वास र भरोसा पनि उल्लेख्य रुपमा बढेर गयो। यसरी नेपाल समुन्नति, आत्मनिर्भरता र समृद्धिको गन्तव्यतिर अगाडि बढ्न सुरु गर्‍यो।

मुलुकलाई सधैंभरि अस्थिर, पराश्रित र पछौटे अवस्थामा राख्न चाहनेहरुका लागि मुलुकले हासिल गरेका यी उपलब्धि स्वीकार्य र पाच्य नहुनु स्वाभाविकै थियो। यसै पृष्ठभूमिमा, राजनीतिलाई गलत दिशामा धकेल्न अदालतलाई समेत प्रभावित पार्दै नेकपा (एमाले) को सरकारलाई विस्थापन गरिएको थियो।

परमादेशबाट रोपिएको गलत बिऊले सकारात्मक प्रतिफल दिन संभवै थिएन। यस अवधिमा मुलुकलाई हरेक दृष्टिले अधोगतितिर धकेल्ने काम भयो।

यस अवधिमा मुलुकको स्वतन्त्र, असङ्लग्न र सन्तुलित बाह्य सम्बन्धमा गंभीर विचलन देखा परे। मुलुकको गुमेको भूभाग फिर्ता गर्ने, इतिहासले बिरासतमा छाडेका असमान सन्धी र सम्बन्धहरुलाई सार्वभौम समानताको मूल मर्म अनुरुप पुनरावलोकन गर्ने र मुलुकको अर्थतन्त्रलाई स्वाधीन र आत्मनिर्भर बनाउन छिमेकी मित्र राष्ट्रहरुसँग सार्थक, गंभीर र राष्ट्रिय हितमाथि आधारित छलफल हुनै सकेन। बरु, सम्बन्ध बिग्रन्छ कि, छिमेकी रिसाउँछ कि भनेर संवेदनशील राष्ट्रिय हितका प्रश्नमा मौनता साँध्ने, शक्ति राष्ट्रहरुको दबाबमा छिमेकी मुलुकसँग भएका सहमतिलाई बेवास्ता गर्ने र कतिपय गलत निष्कर्ष र सम्झौतामा पुग्ने प्रवृत्ति बढ्दै गयो।

संवेदनशील भूराजनीतिक परिस्थितिमा रहेको कुनै पनि मुलुकले यदि विदेश नीतिमा सन्तुलन गुमायो, शक्ति राष्ट्रहरुका रणनीतिक स्वार्थमा सङ्लग्न हुन थाल्यो र राष्ट्रिय हितको रक्षाका मुख्य प्रश्नबाट बरालिन थाल्यो भने गंभीर राष्ट्रिय सङ्कट पैदा हुन्छ भन्ने कुरा हामीले देखिरहेकै छौं। आफ्ना सत्ता स्वार्थका लागि शासकहरुबाट चालिने यस्ता गैरजिम्मेवार कदमको मूल्य राष्ट्रले नै चुकाउनु पर्छ र यसले मुलुकलाई भूराजनीतिक प्रतिष्पर्धाको थलो बनाउने जोखिमतिर धकेल्छ।

*संवेदनशील भूराजनीतिक परिस्थितिमा रहेको कुनै पनि मुलुकले यदि विदेश नीतिमा सन्तुलन गुमायो, शक्ति राष्ट्रहरुका रणनीतिक स्वार्थमा सङ्लग्न हुन थाल्यो र राष्ट्रिय हितको रक्षाका मुख्य प्रश्नबाट बरालिन थाल्यो भने गंभीर राष्ट्रिय सङ्कट पैदा हुन्छ भन्ने कुरा हामीले देखिरहेकै छौं।*

नेपाल त्यही दिशातिर  धकेलिँदै थियो।

मुलुकको अर्थतन्त्र गहिरो मन्दीमा धकेलिँदै गयो। तत्कालीन सरकारले लिएका गलत आर्थिक नीति, निहित स्वार्थका लागि व्यवसायीहरुसँग गरिएका विभेदपूर्ण व्यवहार र विकास निर्माणका काममा पूर्ण बेवास्ता आदिले गर्दा अर्थतन्त्र सङ्कटमा फँस्दै गयो। विदेशी मुद्रा सञ्चिति र विप्रेषण बाहेक अर्थतन्त्रका प्रायः सबै सूचक नकारात्मक बन्न पुगे। व्यापार घाटा बढ्दै गयो। राष्ट्रिय उत्पादनमा निरन्तर ह्रास आउन थाल्यो। पुँजीगत खर्च हुन नसक्दा पुँजी र बजारको गतिशीलतामा अवरोध उत्पन्न भयो। आर्थिक वृद्धि न्यून भयो। निर्माण सम्पन्न भएका आयोजनाहरुको पनि समयमा भुक्तानी दिइएन। राजस्व सङ्कलन न्यून भयो र यसले चालु खर्च पनि धान्न नसक्ने स्थिति उत्पन्न भयो, जसले गर्दा आर्थिक वर्षको सुरुदेखि नै आन्तरिक ऋण उठाउने स्थिति बन्यो। सामाजिक सुरक्षा र स्वास्थ्य बिमाको रकम समेत समयमा निकासा भएनन् र स्थानीय तहमा जाने अनुदान कटौती भए। सशस्त्र द्वन्द्व, भूकम्प र कोभिड महामारीका बेलामा समेत व्यवसाय धानेर बसेका व्यवसायीहरु अत्यन्त निराश र हतोत्साहित स्थितिमा पुगे। व्यवसाय बन्द हुने र व्यवसायी पलायन हुने क्रम ह्वात्तै बढ्यो। मुख्य बजार क्षेत्रका ३५ देखि ४० प्रतिशतसम्म सटर बन्द हुने र उद्योगहरुले ३० प्रतिशतभन्दा बढी कर्मचारी कटौती गर्न बाध्य हुने अवस्था आयो।

दैनिक उपभोग्य वस्तुमा भएको असीमित मूल्यवृद्धि र चर्को मुद्रास्फीतिका कारण सर्वसाधारण नागरिक र उपभोक्ताहरुको जीवन अत्यन्त कष्टकर बन्न पुग्यो। मिटरब्याज पीडितहरु सडकमा आउन बाध्य भए। लघुवित्त संस्थाहरुको अनियन्त्रित व्याजले कैयौं सर्वसाधारणका घरदैलो बन्द गरायो। बीचौलिया, कालाबजारिया, मुनाफाखोरहरु र दलाल पुँजीपतिहरुको बिगबिगी बढेर गयो। राजनीतिक गठबन्धनको आवरणमा खतरनाक वित्तीय गठबन्धन निर्माण गरेर राज्यस्रोतको दोहन गर्ने, निश्चित व्यापारिक घरानाको स्वार्थमा करका दर हेरफेर गर्ने, निश्चित स्वार्थ समूहलाई ठूला वित्तीय कारोबार हस्तान्तरण गर्ने जस्ता गंभीर विकृतिहरु बढ्दै गए। वित्तीय सुशासन र सङ्गठित अपराधसँग सम्बन्धित प्रतिबद्धता पूरा नगरिएका कारण नेपाल अन्तर्राष्ट्रिय वित्तीय क्षेत्रमा कालो सूचीमा पर्ने जोखिम बढेर गयो, जुन जोखिम अझै पनि कायमै छ।

*वित्तीय सुशासन र सङ्गठित अपराधसँग सम्बन्धित प्रतिबद्धता पूरा नगरिएका कारण नेपाल अन्तर्राष्ट्रिय वित्तीय क्षेत्रमा कालो सूचीमा पर्ने जोखिम बढेर गयो, जुन जोखिम अझै पनि कायमै छ।*

सत्ता संरक्षित तस्करी, सङ्गठित अपराध र भ्रष्टाचार भयावह बन्दै गयो। त्यस्ता आपराधिक काममा सरकारकै कतिपय मान्छे सङ्लग्न हुने मात्रै होइन, सिङ्गो राज्यसंयन्त्रलाई नै त्यस्ता काममा प्रयोग गर्ने प्रयास भयो। नागरिकता संशोधन विधेयक प्रमाणीकरणका क्रममा गरिएको जालझेल र गंभीर अपराधमा सङ्लग्नहरुलाई आममाफी दिन राष्ट्रपति संस्थाको दुरुपयोग, आफू अनुकूल काम नगरेपछि तत्कालीन प्रधानन्यायाधीशसँग प्रतिशोध साँध्न प्रयोग गरिएको महाअभियोग प्रस्ताव, निहित स्वार्थ पूर्तिका लागि 'सेटिङ मिलाउन' अदालत माथि दिइएका दबाब, रेडक्रस, गैरआवासीय नेपाली सङ्घ, स्काउट जस्ता गैरराजनीतिक संस्थामाथि गरिएका प्रतिशोध र हस्तक्षेप आदिले राज्यका अङ्ग र संस्थाहरुको संवैधानिक मर्यादा तथा गरिमालाई ध्वस्त बनाउँदै लगे।

यो निकै चिन्ताजनक विषय थियो।

केही वर्ष अगाडिसम्म वैदेशिक रोजगारीमा जानेको सङ्ख्या १९ प्रतिशतसम्मले कम हुने, विदेश गएकाहरु समेत नेपाल फर्कने क्रम सुरु भएको थियो। अब नेपालमै केही गर्नुपर्छ भन्ने सकारात्मक भावनाको विकास हुँदै थियो। गठबन्धनका गलत नीति र व्यवहारका कारण बढेको निराशाले गर्दा त्यस विपरीत युवाहरुको विदेश प्रवासनको क्रम दोब्बर बन्न थाल्यो। गत वर्ष मात्रै जनसङ्ख्याको झण्डै अढाइ प्रतिशत (७ लाखभन्दा बढी) युवा बाहिरिए। युवाहरु नै रित्तिने गरी भइरहेको यस प्रवासन

र यसमार्फत् फैलिएको नैराश्य र हताशालाई संवोधन गर्नु अनिवार्य थियो । तर अघिल्लो गठबन्धनले नेकपा (एमाले) को विरोध बाहेक अर्थोक केही गरेन । बरु, कतिपय नेताहरुले 'आफूले काँक्रा चोरेर बियाँ अरुको गालामा टाँस्ने' जस्ता धूत्र्याइँ गरे । भ्रष्टाचारको विरोधको नारा पनि सत्ताधारीहरुलाई जोगाउने काममै सीमित भयो ।

यस्तो परिवेशमा, लोकतान्त्रिक गणतन्त्र र संविधानका आधारभूत प्रस्थापनाकै विरुद्ध चलखेलहरु सुरु भए । पात्रहरुका गलत कामले लोकतान्त्रिक प्रणालीलाई नै जोखिममा धकेल्न थाल्यो ।

सङ्क्षेपमा नेकपा (एमाले) लाई सरकारबाट विस्थापन गरेपछिको अवधि आमरुपमा बेथिति, मुलुकको अधोगति र निराशाको अवधि रह्यो । मुलुकमा चौतर्फी सङ्कट गहिरिंदै गयो ।

## ४. नयाँ राजनीतिक समीकरण र सत्ता सहकार्य

*नयाँ सत्ता सहकार्यबाट जनतामा अलिकति भए पनि  आशा र भरोसा पुनर्जागृत भएको छ । सत्ता सहकार्य निर्माण गरिरहँदा हाम्रो पार्टीले आफ्नो कुनै स्वार्थलाई केन्द्रमा राखेको छैन । देशको स्वार्थ नै हाम्रो पार्टीको पनि स्वार्थ हो । यससँग हाम्रा निश्चित अपेक्षा र प्राथमिकता जोडिएका छन् ।*

यस्तो गंभीर परिस्थितिलाई जिम्मेवार पार्टीको हैसियतले हामीले मूकदर्शक भएर हेर्न सक्दैनथ्यौं । यद्यपि हामी पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रुपमा विकास गर्ने र निर्वाचनका माध्यमबाटै गठबन्धनलाई परास्त गरेर राजनीतिको गलत कोर्स सच्याउने कामलाई प्राथमिकतामा राखेर क्रियाशील थियौं । तर, निर्वाचनको मात्रै प्रतिक्षा गरिरहँदा मुलुक झनै गहिरो सङ्कटमा फँस्ने र आन्तरिक र वाह्य शक्तिकेन्द्रहरुले आफ्ना सङ्कीर्ण स्वार्थका लागि त्यसको फाइदा उठाउने जोखिम बढ्दै गयो । आन्दोलनको आँधीबेहरी उठाएर सरकारका गलत कामलाई रोक्न र गठबन्धनलाई पराजित गर्ने विकल्प पनि थियो । तर हामीले संभव भएसम्म राजनीतिक शक्तिहरुलाई गोलबन्द गर्दै त्यस जनविरोधी गठबन्धनलाई भत्काउने र तुलनात्मक रुपमा देशका लागि अनुकूल राजनीतिक समीकरण निर्माण गर्ने विकल्प रोज्यौं । यसका लागि हामीले विभिन्न राजनीतिक शक्तिसँग संवाद गर्‍यौं र अन्त्यमा रणनैतिक कौशलका साथ यो नयाँ राजनीतिक समीकरण निर्माण गर्‍यौं । २०८० फागुन २१ गते नेकपा (एमाले), माओवादी केन्द्र, रास्वपा, जसपा र नेकपा (एस) सम्मिलित नयाँ सरकार बनेर नयाँ सत्ता सहकार्य सुरु भएको छ ।

यससँगै मुलुकको राजनीति केही हदसम्म अनुकूल बनेको छ । नेकपा (एमाले) का विरुद्ध खडा गरिएको गठबन्धन र बनाइएको घेराबन्दी तोडिएको छ । राष्ट्रिय राजनीतिमा एमालेको नेतृत्वदायी भूमिका फेरि एकपटक स्थापित भएको छ । नयाँ सत्ता सहकार्यबाट जनतामा अलिकति भए पनि आशा र भरोसा पुनर्जागृत भएको छ ।

सत्ता सहकार्य निर्माण गरिरहँदा हाम्रो पार्टीले आफ्नो कुनै स्वार्थलाई केन्द्रमा राखेको छैन । देशको स्वार्थ नै हाम्रो पार्टीको पनि स्वार्थ हो । यससँग हाम्रा निश्चित अपेक्षा र प्राथमिकता जोडिएका छन् ।

हामी चाहन्छौं– सन्तुलित, असङ्लग्न, विश्वसनीय, दिगो र पारस्परिक विश्वास र लाभमाथि आधारित परराष्ट्र नीतिका आधारमा मुलुकको वाह्य सम्बन्ध परिचालन होस् । कुनै पनि स्वतन्त्र राष्ट्रले अरुको आदेश, निर्देश या हितका लागि काम गर्नुपर्ने बाध्यता स्वीकार्न सक्दैन । हामी स्वाधीनताको साँचो प्रयोगमा जोड दिन चाहन्छौं । राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर छिमेकी लगायत सबै मित्र राष्ट्रहरुसँग विश्वसनीय सम्बन्ध र आर्थिक साझेदारी विकास गर्न चाहन्छौं । हामी छिमेकी लगायत मित्र राष्ट्रका जायज चासो र सरोकारप्रति संवेदनशील छौं । त्यसैगरी उहाँहरु पनि नेपालको राष्ट्रिय हित, यसको स्वतन्त्र विदेश नीति, वाह्य सम्बन्ध सञ्चालन र संवेदनशीलताप्रति संवेदनशील, सहयोगी

र सकारात्मक बन्नुहोस् भन्ने चाहन्छौं। 'सबैसँग मित्रता, कसैसँग छैन शत्रुता' सदा झैं हाम्रो वाह्य सम्बन्धको मूल आधार रहनेछ।

हामी अर्थतन्त्रलाई मन्दीबाट बाहिर निकालेर चलायमान बनाउन चाहन्छौं। विकासको अवरुद्ध प्रक्रियालाई बदल्न चाहन्छौं। विकास निर्माणको चक्का पुनः तीव्र रुपमा घुमाउन चाहन्छौं, विकास निर्माणको 'गेयर' बदल्न चाहन्छौं। यसका लागि लगानी बढाउन चाहन्छौं। महङ्गी नियन्त्रण र अन्य उपायहरु मार्फत् जनतालाई राहत दिन चाहन्छौं। हाम्रो जोड उत्पादन वृद्धि र उद्यमशीलता प्रबर्द्धनमा हुनेछ। यसले मात्रै जनताको चीरप्रतिक्षित समृद्धिको आकाङ्क्षालाई पूरा गर्न सक्नेछ र बेरोजगारी र युवा प्रवासनको चुनौतीलाई समाधान गर्न सक्नेछ। एकाध औपनिवेशिक देशको अपवादलाई छाड्ने हो भने कुनै पनि देश आफै बनेको या अरुले आएर बनाइदिएको होइन। आज विकसित अवस्थामा पुगेका मुलुक पनि हाम्रो जस्तो उतार–चढाव, सफलता–विफलता र अविकास–अल्पविकासको प्रक्रिया पार गरेरै त्यस बिन्दुमा पुगेका हुन्। हरेक नागरिकले आफ्नो मुलुक आफैले बनाउने हो। यसै मर्म अनुरुप हामीले 'आफ्नो गाउँ आफै बनाऊँ' को नारा अगाडि सारेका थियौं। भूकम्पले देश थिलोथिलो भएको बेला अगाडि सारिएको 'मै बनाउँछु मेरो धरहरा' भन्ने नाराले पनि यही मर्म बोकेको थियो। हामी चाहन्छौं– सरकारले 'म बनाउँछु मेरो देश' भन्ने सङ्कल्पलाई समाजमा स्थापित गर्न कदम चालोस्। निश्चय नै, देशमा समस्या छन्। विकृति छन्। अप्ठ्यारा छन्। तर पलायन समस्याको समाधान होइन। हामीले यी समस्यालाई नसच्याउने हो भने अरु कसले सच्याइदिन्छ त ?

*ठूलो जनसङ्ख्यालाई गरिबीको रेखामुनि अलपत्र छाडेर सानो समूह मात्रै सम्पन्न हुने कुरालाई साँचो समृद्धि मान्न सकिँदैन। भोकमरी, गरिबी र अभावको बीचमा समृद्धि प्राप्त हुन सक्दैन। सक्नेले लुट्ने होइन, सबै माथि उठ्ने समाजको हामीले परिकल्पना गरेका हौं।*

हामी समाजवादका पक्षधर शक्ति हौं। हाम्रा निम्ति समाजवाद केबल राजनीतिक प्रणाली मात्रै होइन। यो मानवतावादी, मानवकेन्द्रित अर्थ–सामाजिक व्यवस्था समेत हो। यसले एउटा जिम्मेवार सरकारको परिकल्पना गर्छ। त्यसैले हामी यस्तो जिम्मेवार सरकारको अपेक्षा गर्छौं– जसले कोही पनि पछाडि नपरुन्, विकासको यात्रामा कोही पनि नछुटुन् भनेर योजनाबद्ध ढङ्गले काम गर्छ। लोककल्याणकारी राज्यको जिम्मेवारी वहन गर्छ। जसको अभिभावक छैन, त्यसको अभिभावकत्व सरकारले लिन्छ। जो बेसहारा छ, त्यसको सहारा सरकार बन्छ। सामाजिक न्याय र सुरक्षा तथा प्रत्येक नागरिकको मौलिक हकको रक्षा गर्छ। ठूलो जनसङ्ख्यालाई गरिबीको रेखामुनि अलपत्र छाडेर सानो समूह मात्रै सम्पन्न हुने कुरालाई साँचो समृद्धि मान्न सकिँदैन। भोकमरी, गरिबी र अभावको बीचमा समृद्धि प्राप्त हुन सक्दैन। सक्नेले लुट्ने होइन, सबै माथि उठ्ने समाजको हामीले परिकल्पना गरेका हौं। हामीले पन्ध्रौं पञ्चवर्षीय योजना र २५ वर्षे दीर्घकालीन सोच बनाइरहँदा यिनै विषयलाई केन्द्रबिन्दुमा राखेका छौं। सोही अनुरुप समृद्धिका चार आयाम र सुखका छ आयामको परिभाषा गरेका छौं।

हाम्रो ध्यान सुशासनमा केन्द्रित छ। भ्रष्टाचारको विषाक्त असर राज्यका विभिन्न संस्था, राजनीतिक व्यक्ति, प्रशासन संयन्त्र र सिङ्गो समाजलाई नै सङ्क्रमित गर्ने गरी बढ्नु र यसका विरुद्धको लडाइँ प्रभावकारी हुन नसक्नु लोकतन्त्रका लागि राम्रो लक्षण होइन। भ्रष्टाचारमा सङ्लग्न समूह सानो छ। तर सुशासन सम्बन्धी संयन्त्र सक्षम हुन नसक्दा, दूधको दूध पानीको पानी गरेर दोषी निक्र्यौल हुन नसक्दा र उनीहरुलाई दण्डित गर्न नसक्दा सबै उस्तै हुन् भन्ने भ्रम प्रचार गर्नेहरुलाई सजिलो भएको छ। यस भ्रमलाई व्यवहारबाटै खण्डित गर्नुपर्छ। सुशासनका मामलामा पार्टीको स्पष्ट, सुसङ्गत र सम्झौतारहित मान्यता छ– दोषी कोही नउम्कियून्, निर्दोष कोही नफँसाइयून्। भ्रष्टाचारविरोधको एजेण्डालाई मौसमी रुपमा उठाउने, बिसाउने, यसलाई आफ्ना राजनीतिक अभीष्ट पूरा गर्ने र प्रतिशोध साध्ने तरिकाले भ्रष्टाचार कहिल्यै नियन्त्रण हुँदैन। हाम्रा विरुद्ध कुप्रचारको बाढी चलिरहेको बेलामा पनि हामीले शान्त ढङ्गले चुनौती दिइरह्यौं– तिमीलाई जुन जुन फाइल खोल्न मन छ, खोलेर

अनुसन्धान गरे हुन्छ । सदाचारप्रतिको आफ्नो अटल निष्ठाको नैतिक बलमा हामीले यसो भन्न सकेका हौं । हाम्रा विरुद्ध भनेर हल्लाखल्ला गरिएका केसहरुमा भइरहेका अनुसन्धान र अभियोजनले यस सम्बन्धी वास्तविकता स्पष्ट पार्छ । हामी चाहन्छौं– सरकार भ्रष्टाचारका विरुद्ध निर्ममतापूर्वक प्रस्तुत होस् र सुशासनको प्रत्याभूति गरोस् । सुशासन स्थापनाको अभियानमा पार्टी सधैभरि सकारात्मक, सक्रिय र सहयोगी भूमिकामा रहनेछ ।

हामी सङ्क्रमणकालीन न्यायको बाँकी काम अबिलम्ब टुङ्ग्याउन चाहन्छौं । पीडितहरु हिजो पनि पीडित– आजपनि पीडित हुने स्थिति नहोस्, सङ्क्रमणकालीन न्यायका नाममा सङ्क्रमणकालीन अन्याय नहोस् भन्ने हाम्रो भनाइ हो । पीडित केन्द्रित, पीडित–मैत्री तरिकाबाट यसलाई टुङ्ग्याउनु पर्छ । सशस्त्र द्वन्द्वमा हामी तटस्थ थियौं । हामीले हिंसाको आलोचना गरेका थियौं । हिंसा त बाध्यता पो हुनु पर्ने हो, तर कतिपयले यसलाई शोखको विषय, छनोटको विषय बनाउनु भएको थियो, त्यसप्रति हामीले असहमति जाहेर गरेका थियौं । हामी सरकारमा रहँदा पनि भनेका थियौं, हामी यस विषयलाई छिटोभन्दा छिटो टुङ्ग्याउन चाहन्छौं । तर विभिन्न पार्टीहरुको स्वार्थकेन्द्रित दाउपेचमा परेर यो विषय अझै टुङ्गिन सकेको छैन । हामी पीडित–केन्द्रित विधि र संरचना निर्माण गर्दै यस विषयलाई समाधान गर्न चाहन्छौं ।

*गर्नु पर्ने कामहरु धेरै छन्, तर विभिन्न सीमाहरुका कारण हामी अहिले यिनै प्राथमिकताका आधारमा सरकारलाई अगाडि बढाउन चाहन्छौं । पार्टीको नीतिगत अगुवाइ र पहलकदमीमा पाँच राजनीतिक दलको न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्प तयार भई सार्वजनिक भइसकेको छ ।*

विविधता र बहुलता हाम्रा पहिचान हुन् । यिनीहरु हाम्रो राष्ट्रिय एकताका आधार हुन् । हामी सामाजिक न्यायको प्रक्रियाबाट विविधता र बहुलतालाई पहिचान र सम्मान गर्न चाहन्छौं । यिनलाई सामाजिक सद्भाव कायम गर्ने तथा राष्ट्रिय एकतालाई बलियो बनाउने माध्यमका रुपमा विकास गर्न चाहन्छौं । जनताको बहुदलीय जनवादले समाजमा दलहरु बीच स्वस्थ प्रतिष्पर्धा र लोकतान्त्रिक अभ्यासको परिकल्पना गर्छ । त्यसरी नै जबजले बहुलवादी खुल्ला समाजको मान्यतालाई अङ्गिकार गर्छ । यसै मान्यताका आधारमा सबै खाले विविधता र बहुलताको सम्मानका साथै तिनीहरु बीच सहअस्तित्व, सहिष्णुता र सहकार्यको परिकल्पना गर्छ । हामी सबै संस्कृतिलाई समान भावका साथ सम्मान गर्छौं । धार्मिक आस्था व्यक्तिगत अधिकारको विषय हो, त्यसलाई संरक्षण गर्छौं । समाजमा विद्वेष र सन्देह फैलाउने र राष्ट्रिय एकतामा आघात पुऱ्याउने प्रवृत्ति राष्ट्रिय हुन सक्दैनन् । हामी कुनै पनि अतिवादको विरोध गर्छौं । हामी चाहन्छौं– सरकार सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने विषयमा प्रभावकारी भूमिकामा स्थापित होस् ।

गर्नु पर्ने कामहरु धेरै छन्, तर विभिन्न सीमाहरुका कारण हामी अहिले यिनै प्राथमिकताका आधारमा सरकारलाई अगाडि बढाउन चाहन्छौं ।

पार्टीको नीतिगत अगुवाइ र पहलकदमीमा पाँच राजनीतिक दलको न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्प तयार भई सार्वजनिक भइसकेको छ । दस्ताबेजमा 'संविधानको मर्म र भावना विपरीत राज्यसञ्चालनमा प्रकट विचलन रोकी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न विद्यमान आर्थिक शिथिलता, दण्डहीनता एवम् व्यावसायिक निराशालाई चिर्दै जनतामा राज्यप्रति आशा र भरोसा पैदा गर्न, विशेषतः युवाहरुमा प्रकट नैराश्यता, आक्रोश र नकारात्मक सोंचमा परिवर्तन गरी सबै सङ्घर्ष र आन्दोलनले ल्याएको दूरगामी महत्वका उपलब्धिको रक्षा गर्न, राष्ट्रिय स्वाधिनता, सार्वभौमसत्ता तथा भौगोलिक अखण्डता र नेपाल राष्ट्र तथा नेपाली जनताको सर्वोपरी हितलाई केन्द्रमा राखी सुदृढ र सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध विकास गर्न, प्रत्येक नेपालीलाई आफ्नो इतिहास र स्वाभिमान, सङ्घर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरवबोध गराउन तथा राष्ट्रिय आवश्यकता तथा

जनचाहनाअनुरुप समाजवादउन्मुख आर्थिक–सामाजिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहित 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने सङ्कल्प गरिएको छ। यसका लागि देहायका १३ नीतिगत प्राथमिकता निर्धारण गरिएको छ–

१. अर्थतन्त्रमा उत्पादनदेखि उपभोगसम्म र लगानीदेखि व्यापारसम्म देखिएको शिथिलता हटाउन नीतिगत सुधार गर्दै आर्थिक क्रियाकलापलाई तीव्रता दिने।

२. वित्तीय संस्थाहरुमा उत्पन्न समस्या समाधान गर्न विभिन्न समयमा गठित आयोगहरूका सुझावलाई क्रमशः कार्यान्वयन गर्दै सहकारी, लघुवित्त संस्था एवं अनुचित लेनदेनसम्बन्धी समस्या समाधान गर्ने।

३. सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न, सुशासन प्रवर्द्धन गर्न, व्यावसायिक वातावरण निर्माणमा असहज र असान्दर्भिक नीति तथा कानुनमा परिमार्जन गर्ने। सङ्गठन संरचनामा कायम रहेको दोहोरोपना हटाई चुस्त र मितव्ययी संरचना निर्माण गर्ने। सङ्घीयता कार्यान्वयनका समस्या समाधान गर्दै राज्यका निकाय बीच अन्तर–समन्वय कायम गरी प्रविधि–आधारित, सुधार–निर्देशित अनुगमन प्रणाली स्थापना गर्ने।

४. 'सार्वजनिक पदमा रहेका सबै भ्रष्ट, सबै निकम्मा'को रुपमा व्याप्त भावनालाई बदल्न 'बेइमानी गर्नेले कानुनी रुपमा सजायँ पाउँछ' भन्ने उदाहरण प्रस्तुत हुने गरी सार्वजनिक प्रशासन, न्यायालय र सम्बद्ध नियामक निकायहरुमा जवाफदेहिता सुनिश्चित गर्ने। 'लाइनमा रहेका सबैको पालो आउँछ' भन्ने मान्यतालाई बल पुऱ्याउने दिगो प्रणाली विकास गरी जनतामा राज्यप्रतिको भरोसा जगाउने।

*'सार्वजनिक पदमा रहेका सबै भ्रष्ट, सबै निकम्मा'को रुपमा व्याप्त भावनालाई बदल्न 'बेइमानी गर्नेले कानुनी रुपमा सजायँ पाउँछ' भन्ने उदाहरण प्रस्तुत हुने गरी सार्वजनिक प्रशासन, न्यायालय र सम्बद्ध नियामक निकायहरुमा जवाफदेहिता सुनिश्चित गर्ने।*

५. स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहन गर्दै राष्ट्रिय पुँजीको विकास गर्ने। कृषिलाई आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण, औद्योगिकरण, निर्यात व्यापार र आपूर्ति व्यवस्था अभिवृद्धिको प्रमुख क्षेत्रका रूपमा विकास गर्ने। भन्सार नियमनका माध्यमबाट समेत स्वदेशी उद्योग र उत्पादनलाई संरक्षण गर्ने। ज्याला रोजगारी र स्वरोजगार दुवै क्षेत्रमा कामको अवसर सिर्जना गर्ने गरी 'मेक इन नेपाल' अभियान सञ्चालन गर्ने। स्वदेशको रोजगारीलाई आकर्षक र मर्यादित बनाउने। वैदेशिक रोजगारीलाई सुरक्षित र सीप सिक्ने (स्कील गेन) माध्यम बनाउने।

६. सबैको समान पहुँच भएको, राष्ट्र, समाज तथा जीवनसँग जोडिएको र समय अनुरुप अनुमोदित हुने गुणस्तरीय शिक्षा नीति अवलम्बन गर्दै 'उद्यमशील शिक्षित युवा'को नीति कार्यान्वयन गर्ने। मौलिक हकको रुपमा रहेको स्वास्थ्य, खाद्य, आवास र खानेपानीको अधिकार सुनिश्चित गर्ने। श्रमको सम्मान, मर्यादित काम, न्यायोचित ज्याला, सामाजिक सुरक्षा एवं असल औद्योगिक श्रम सम्बन्धलाई श्रम नीतिका आधारभूत मान्यताका रुपमा स्थापित गर्ने। मजदुर, किसान, श्रमजीवी र विपन्न वर्गलाई समृद्धिको केन्द्रमा राख्ने।

७. राष्ट्रिय पूर्वाधारमा अन्तर–निकाय समन्वय सुनिश्चित गर्ने। यातायात र सडकलाई आर्थिक विकासका पूर्वाधार, आपूर्ति व्यवस्थाको मेरुदण्ड, नागरिकले पाउने सुविधा एवं समुदाय–समुदाय बीचको अन्तरसम्बन्धको माध्यमका रुपमा विकास गर्ने। पूर्वाधार विकासमा रहेको दोहोरोपन र भौगोलिक तथा प्रादेशिक असन्तुलन हटाउने। पूर्वाधार

विकाससम्बन्धी आयोजनाहरु नीति, कार्यक्रम तथा बजेटमा पर्ने तर बर्षौंसम्म कार्यान्वयन नहुने अवस्थाको अन्त्य गर्ने ।

८. विद्युत् उत्पादन विस्तारमार्फत आर्थिक वृद्धिदर बढाउने, विद्युतीकरणमार्फत आमनागरिकको जीवन सहज तुल्याउने, इन्धनमाथिको परनिर्भरता न्यून गर्ने, मुलुकको औद्योगीकरणमा टेवा पुऱ्याउने र नवीकरणीय ऊर्जाको प्रयोगमार्फत वातावरणमा सुधार ल्याउने । आधुनिक सञ्चारमार्फत जनताको सुसूचित हुने अधिकारको प्रत्याभूति गर्ने, प्रविधिमार्फत शिक्षा, स्वास्थ्य, उत्पादनलगायत जीवनका सबै क्षेत्रलाई सहज तुल्याउने र रोजगारीका अवसर सिर्जना गर्ने ।

९. भूमिमा किसानहरूको सहज पहुँच उपलब्ध गराउन, भूमिको वैज्ञानिक व्यवस्थापनमार्फत यसको सही सदुपयोग गर्न र आवाससम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने । जलवायु परिवर्तनले उत्पन्न गरेको जोखिम न्यूनीकरण गर्ने, वातावरणको सुरक्षा गर्ने र हरित अर्थतन्त्रको विकास गर्ने ।

१०. युवाहरुलाई सामाजिक जीवनका सबै क्षेत्रमा महत्वपूर्ण साझेदार र संवाहकका रुपमा अगाडि बढाउँदै उनीहरुको सर्वतोमुखी विकासका लागि वातावरण निर्माण गर्ने । बहुलता, विविधता र बहुसांस्कृतिक सामाजिक विशेषतालाई नेपालको पहिचान, गौरव र सम्पदाको रूपमा स्थापित गर्ने । पर्यटनको समग्र विकासमार्फत आर्थिक विकासमा टेवा पुऱ्याउने ।

*नयाँ सरकार बनेसँगै केही सकारात्मक काम थालनी भएका छन् । सहकारी पीडितहरुको समस्या समाधानका लागि सम्बद्ध मन्त्रालयले सहमति गरेको छ । मिटरब्याजीहरुसँग सम्झौता भएर सडक आन्दोलन स्थगित भएको छ ।*

११. लैङ्गिक समानता, सामाजिक समावेशिता र समानता प्रत्याभूत गर्ने एवम् महिला सहभागिता र लैङ्गिक समानता सम्बन्धमा आजसम्म हासिल उपलव्धिहरुलाई अझ दिगो, परिणाममुखी र सार्थक तुल्याउने ।

१२. शान्ति प्रक्रियाका बाँकी कामलाई टुङ्ग्याउन तत्काल कानुनी प्रबन्ध गर्ने । पीडितलाई केन्द्रमा राखी तथ्यको आधारमा सत्य स्थापित गर्ने । सत्यको आधारमा न्याय, क्षतिपूर्ति, परिपुरण, माफी र मेलमिलापका माध्यमबाट द्वन्द्व–सिर्जित पीडाको सम्बोधन गर्ने ।

१३. नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र राष्ट्रिय हितको रक्षालाई केन्द्रबिन्दुमा राख्ने । संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलको सिद्धान्त, विश्व शान्तिका मान्यता, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा न्यायमा आधारित स्वतन्त्र, तटस्थ र असङ्लग्न परराष्ट्र नीति अवलम्बन गर्ने ।

यी नीतिहरु आम रुपमा सही छन् । यिनको कार्यान्वयनले मुलुकको राजनीति, अर्थतन्त्र र वाह्य सम्बन्ध लगायत धेरै विषयमा सकारात्मक उपलव्धि हासिल हुनेछन् ।

नयाँ सरकार बनेसँगै केही सकारात्मक काम थालनी भएका छन् । सहकारी पीडितहरुको समस्या समाधानका लागि सम्बद्ध मन्त्रालयले सहमति गरेको छ । मिटरब्याजीहरुसँग सम्झौता भएर सडक आन्दोलन स्थगित भएको छ । किसानहरुसँग दूधको बक्यौता रकम तत्काल भुक्तानी गर्ने सहमति भएको छ । बाँसबारीको १० रोपनी जग्गा सरकारको नाममा फिर्ता ल्याइएको छ । सरकारले भूमि आयोग गठन गरेर भूमिहीन र अव्यवस्थित बसोबासीहरुका समस्या दिगो रुपमा समाधान गर्ने तयारी गरेको छ । किसानलाई मलको अभाव हुन नदिने प्रत्याभूति गरेको छ । हिजो सत्ताको आडमा उन्मुक्ति पाएका या अनुसन्धान र अभियोजन हुन नसकेका कतिपय मुद्दाहरुमा नयाँ ढङ्गबाट स्वतन्त्र अनुसन्धान, अभियोजन र कार्बाही सुरु भएको छ ।

यी विषयहरु सकारात्मक छन् । तर अझै धेरै गर्नुपर्ने छ । सरकारले जनतामा व्याप्त निराशा चिर्ने र देश अगाडि बढ्छ भन्ने विश्वास जगाउने गरी तीव्र रफ्तारमा काम गर्नुपर्ने छ ।

विगतका कतिपय घटना, सन्दर्भ र अनुभवका आधारमा जनताको मनमा यस सहकार्यको दिगोपनमाथि आशङ्का छन् । यसको खण्डन कुनै औपचारिक मन्तव्य या वक्तव्यबाट होइन, व्यवहारबाटै गरिनेछ । यसलाई विफल पार्न आरम्भदेखि नै विभिन्न तत्वहरु क्रियाशील रहेको पनि देखिएकै छ ।

तर राजनीतिलाई सधैभरि प्रयोगको थलो बनाइराख्न सकिँदैन । त्यसो गर्न थालियो भने कुनै दिन आफैद्वारा निर्मित व्यूहमा फँस्न सकिन्छ भन्ने तथ्यलाई सबैले हेक्का राख्नुपर्छ ।

हाम्रो पार्टी यस सहकार्यलाई दिगो, परिणाममुखी र सफल बनाउन आफ्नो सम्पूर्ण सामथ्र्य केन्द्रित गर्ने छ ।

*यति नै बेला निश्चित दल, विचार या शक्तिलाई निषेध गर्ने गरी अगाडि बढाइने वामपन्थी एकता या समाजवादी धुरव या अन्य कुनै नाममा गरिने ध्रुवीकरण उचित, व्यवहारिक र लाभदायी हुँदैन । सहकार्य गहिरो हुँदै जाँदा र विश्वासको वातावरण निर्माण हुँदै जाँदा भोलि विचार मिल्नेहरु क्रमशः एकै ठाउँ हुँदै जानेछन् । तर आजका दिनमा भने सबै सकारात्मक शक्तिहरुलाई साथ लिएर अगाडि बढ्नु बढी महत्वपूर्ण छ ।*

## ५. राजनीतिक शक्ति सन्तुलन र पार्टीहरु बीचको सम्बन्ध

माथि नै चर्चा भइसकेको छ, यो सत्ता सहकार्य मुलुकका समस्या समाधानका लागि हो– सत्ता परिवर्तन या प्राप्तिका लागि मात्रै होइन । यो राष्ट्रियतालाई बलियो बनाउने र राष्ट्रिय हित र स्वाभिमानको रक्षा गर्ने, सुशासनलाई प्रत्याभूत गर्ने, लोकतन्त्रको रक्षा र विकास गर्ने, विकास र समृद्धिको यात्रालाई गति दिने तथा जनतामा आशा र भरोसा जगाउने साझा सङ्कल्पका साथ स्थापना भएको समीकरण हो । यसलाई निश्चित राजनीतिक विचारधाराले भन्दा पनि यिनै विषयहरुले दिशानिर्देश गरिरहेका छन् ।

मुलुकमा जस्ता गंभीर समस्याहरु छन्, तिनको समाधानका लागि सबै राजनीतिक पार्टीहरु माझ निरन्तर संवाद आवश्यक छ । मुख्य प्रश्नहरुमा न्यूनतम समझदारीको खाँचो छ । अनि, विचार मिल्नेहरु माझ  सहकार्य आवश्यक छ । त्यसैले यति नै बेला निश्चित दल, विचार या शक्तिलाई निषेध गर्ने गरी अगाडि बढाइने वामपन्थी एकता या समाजवादी धुरव या अन्य कुनै नाममा गरिने ध्रुवीकरण उचित, व्यवहारिक र लाभदायी हुँदैन । सहकार्य गहिरो हुँदै जाँदा र विश्वासको वातावरण निर्माण हुँदै जाँदा भोलि विचार मिल्नेहरु क्रमशः एकै ठाउँ हुँदै जानेछन् । त्यसो हुनु पनि पर्छ । तर आजका दिनमा भने सबै सकारात्मक शक्तिहरुलाई साथ लिएर अगाडि बढ्नु बढी महत्वपूर्ण छ ।

हिजोको सत्ता गठबन्धनले नेकपा (एमाले) प्रति प्रतिशोध, मुठभेड र निषेधको नीति लियो । महत्वपूर्ण राष्ट्रिय प्रश्नहरुमा प्रतिपक्षलाई साथमा नलिने मात्र होइन, जानकारी दिने न्यूनतम औपचारिकतासम्म पूरा गरेन । राष्ट्रिय हितमा आघात पुऱ्याउने कतिपय प्रश्नमा गोप्य सहमतिहरु गरिए । त्यो अलोकतान्त्रिक र अराजनीतिक तरिका थियो । हामी त्यसो गर्ने छैनौं । मुलुकको परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा, विकास र पूर्वाधारका राष्ट्रिय एजेण्डा, सङ्क्रमणकालीन न्याय र संवैधानिक प्रश्नमा प्रतिपक्ष लगायत सबैसँग सार्थक संवाद गर्ने हाम्रो नीति हुनेछ ।

हामी चाहन्छौं– मुलुकमा सिद्धान्त, विचार र नीतिका आधारमा स्वस्थ प्रतिष्पर्धा होस् । यस्तो प्रतिष्पर्धाले लोकतन्त्रलाई बलियो बनाउँछ । दलहरु बीच सङ्गठनको बलमा र राम्रा काममा स्वस्थ प्रतिस्पर्धा हुने कुराले समाजमा लोकतान्त्रिक संस्कृतिलाई प्रवर्द्धन गर्छ  ।

अचानक सत्ताबाट बाहिरिनु पर्दा यतिबेला नेपाली कांग्रेस आक्रोशित, क्षुब्ध र हतास देखिन्छ । यही हतासाले उसलाई प्रतिशोधको राजनीतिमा पुऱ्याएको छ । फागुन २१ गतेबाट सुरु भएको नयाँ

समीकरणलाई सफल हुन नदिन र भत्काउन उसले हरसंभव प्रयास गऱ्यो। त्यसका लागि उसले रास्वपा र अन्य कतिपय दलका नेताहरुलाई प्रधानमन्त्री पदको समेत प्रस्ताव गऱ्यो। तर कांग्रेसको प्रस्ताव अस्वीकार गर्दै ती दलहरु नयाँ राजनीतिक समीकरणमा सङ्लग्न हुनासाथ ऊ यतिबेला हतास मनस्थितिका साथ विरोध र सदनमा अवरोध गरिरहेको छ। यसका पछाडि प्रतिशोध बाहेक कुनै तर्कसङ्गत आधार छैनन्।

सहकारी क्षेत्रमा गंभीर समस्या देखा परेका छन्, वचतकर्ताहरुको अर्बौं रकम हिनामिना भएको छ र यसको गंभीर छानबिन गरी दोषीहरुलाई कानुनी कार्बाही गरिनु पर्छ। यस विषयमा पार्टी स्पष्ट छ। तर निश्चित व्यक्तिलाई निशाना बनाएर राजनीतिक प्रतिशोधको भावनाले अगाडि सारिएका र पुष्टि नभएका विषयमा प्रवेश गर्न सकिंदैन। हिजोसम्म सरकारमा रहँदा अख्तियारले बयानमा बोलाएका, अदालतले पुर्पक्षका लागि थुनामा राखेका र गंभीर अनियमिततामा सङ्लग्न भएका मन्त्री र नेताहरुलाई राजिनामा गराउन तयार नहुने कांग्रेसले यतिबेला अरुमाथि प्रश्न उठाउने नैतिक आधार समेत राख्दैन।

*सहकारी क्षेत्रमा गंभीर समस्या देखा परेका छन्, वचतकर्ताहरुको अर्बौं रकम हिनामिना भएको छ र यसको गंभीर छानबिन गरी दोषीहरुलाई कानुनी कार्बाही गरिनु पर्छ। यस विषयमा पार्टी स्पष्ट छ। तर निश्चित व्यक्तिलाई निशाना बनाएर राजनीतिक प्रतिशोधको भावनाले अगाडि सारिएका र पुष्टि नभएका विषयमा प्रवेश गर्न सकिँदैन।*

## ६. बदलिंदो विश्व परिवेश, भूराजनीति र हाम्रो विदेश नीति

यस बीचमा नेपालमा समेत प्रत्यक्ष– परोक्ष प्रभाव पर्ने गरी विश्व परिस्थिति, विश्व वित्तीय व्यवस्था र भूराजनीतिमा परिवर्तन भइरहेका छन्, जसलाई हामीले सूक्ष्म अध्ययन र निगरानी गर्नु आवश्यक छ।

तेस्रो वर्षमा प्रवेश गरिसक्दा पनि रुस–युक्रेन युद्ध अन्त्यको कुनै संभावना देखापरेको छैन। यसले सिर्जना गरेको मानवीय सङ्कट र खाद्यान्न तथा इन्धनको आपूर्ति शृङ्खलामा पारेको असरले विश्वलाई नै प्रभावित गरेको छ। कोभिड महामारीपछि तङ्ग्रिन थालेको विश्व अर्थतन्त्रमा यसले नकारात्मक असर गरेको छ। नेकपा (एमाले) रुस–युक्रेन युद्ध यथाशीघ्र अन्त्य होस्, दुबै देश आफ्ना सार्वभौम सीमाभित्र शान्तिपूर्ण रुपमा रहन सकून् र त्यो भूभाग विश्व शक्ति राष्ट्रहरुको शक्ति प्रदर्शनको थलो र क्षेत्रीय द्वन्द्वको केन्द्रभाग नबनोस् भन्ने मान्यता राख्दछ।

७ अक्टोबर २०२३ मा हमास लडाकूहरुले इजरायलमाथि गरेको साङ्घातिक आक्रमण र त्यसको बदला स्वरुप इजरायलले गाजा क्षेत्रमा सुरु गरेको प्रत्याक्रमणले ठूलो मानवीय सङ्कट निम्त्याएको छ। हमास आक्रमणमा परी झण्डै १२ सय इजरायली नागरिक मारिएका थिए भने सयौं बन्धक बनाइएका थिए। कैयौं बन्धक अझै रिहा भएका छैनन्। इजरायलको नृशंस आक्रमणमा परी गाजा क्षेत्रमा १४ हजारभन्दा बढी बालबालिका र १० हजार हाराहारीमा महिलासहित ३२ हजारभन्दा बढी प्यालेस्टिनी नागरिकहरु मारिएका छन्। ८ हजारभन्दा बढी मानिस भग्नावशेषभित्र पुरिएको अनुमान छ। संयुक्त राष्ट्र सङ्घका सहायताकर्मीहरु समेत मारिने, अस्पतालमाथि बमबारी गर्ने एवं खाद्यान्न र पानीसमेत वितरण अवरुद्ध गर्ने कामले यतिबेला गाजा क्षेत्र भोकमरी, अभाव र मानवीय सङ्कटले आक्रान्त भएको छ।

युद्धका बाछिटा अन्यत्र पनि फैलिन थालेका छन्। प्यालेस्टाइनी जनताको समर्थनको नाममा यमनका हुथी विद्रोहीहरुले लालसागरमाथि गरिरहेको लगातारको आक्रमणले त्यस क्षेत्रको जलमार्ग समेत प्रभावित भएको छ। यसले विश्वकै आपूर्ति शृङ्खलालाई असर पारेको छ। क्षेत्रीय युद्धको आशङ्का बढेको छ।

नेकपा (एमाले) जुनसुकै स्वरुप, आवरण र नाममा गरिने आतङ्कवादी क्रियाकलापको दृढ विरोध गर्दछ। प्यालेस्टाइनी जनताको स्वतन्त्र र सार्वभौम राज्यको मागप्रति हाम्रो निरन्तर समर्थन रहँदै

आएको छ। स्वीकृत अन्तर्राष्ट्रिय सीमाभित्र इजरायल र प्यालेस्टाइन शान्तिपूर्वक रहन पाउनु पर्छ भन्ने संयुक्त राष्ट्र सङ्घको 'दुई राज्य समाधान' को विकल्पलाई हामी समर्थन गर्छौं र त्यो विकल्पको कार्यान्वयनबाट मात्रै त्यस क्षेत्रमा दिगो शान्ति कायम हुन सक्छ भन्ने विश्वास गर्दछौं। हामी त्यस क्षेत्रमा तत्काल युद्धविराम गर्न, नेपाली युवा विपिन जोशी सहित सबै बन्धकहरु रिहा गर्न, मानवीय सहायताको आपूर्तिलाई निर्वाध सञ्चालन गर्न र हत्याहिंसाको अमानवीय शृङ्खला तत्काल अन्त्य गर्न माग गर्दछौं।

विगतमा आफैले स्वीकारेको एक चीन नीतिको मान्यताविपरीत ताइवानका विषयमा अमेरिकाको दोहोरो र उत्तेजनात्मक भूमिकाले त्यस क्षेत्रमा तनाव बढाइरहेको छ। एसिया प्रशान्त क्षेत्रमा तनाव बढाउने, सैन्य शक्ति केन्द्रीकृत गर्ने र धुरवीकरण गर्ने कुनै पनि कदम विश्व शान्ति र क्षेत्रीय स्थायित्वका लागि हानीकारक हुन्। त्यस्ता क्रियाकलापहरु तत्काल बन्द गरिनुपर्छ भन्ने हाम्रो स्पष्ट दृष्टिकोण छ।

हामी म्यान्मारमा लोकतन्त्रको तत्काल पुनस्थापनाको पक्षमा छौं। जननिर्वाचित संसदलाई भङ्ग गर्ने, जननिर्वाचित प्रतिनिधिहरुलाई बन्दी बनाउने र शान्तिपूर्ण विरोध प्रदर्शनमाथि हिंसात्मक दमन गर्ने काम कुनै पनि अर्थमा स्वीकार्य हुन सक्दैन।

दक्षिण एसियामा बढिरहेको दक्षिणपन्थी अतिवाद र विभिन्न मुलुकमा लोकतन्त्रमाथि भइरहेका सैन्य हस्तक्षेपप्रति हामी चिन्तित छौं। हामी कुनै पनि भू–भागमा भइरहेका युद्ध र वाह्य हस्तक्षेपको विरुद्ध छौं। लोकतन्त्र  र शान्तिको पक्षमा छौं।

भारत र पाकिस्तानबीचको तनावका कारण दक्षिण एसियामा क्षेत्रीय सहकार्यका प्रयास अवरुद्ध भएका छन्। सार्क निस्प्रभावी र निष्क्रिय अवस्थामा पुगेको छ। बिम्स्टेक कामकाजी बन्नसकेको छैन। गरिबी निवारण, जलवायु परिवर्तन र अन्तर– राज्य अपराध रोक्न आवश्यक पर्ने क्षेत्रीय सहकार्यको अभावप्रति हामी चिन्तित छौं। छिमेकी देशहरुको सार्वभौमसत्ता, संवेदनशीलता र सरोकारलाई भारतले आवश्यक ध्यान दिन नसक्दा उसँग यस क्षेत्रका देशहरुको द्विपक्षीय र बहुपक्षीय साझेदारी अपेक्षित मात्रामा अगाडि बढ्न सकेको छैन। नेपालको भारतसँग रहेका सीमा, १९५० को सन्धी, व्यापार घाटा लगायतका विषयहरु अझै थाती रहेका छन्।

बदलिँदो भूराजनीति, भूअर्थनीति र शक्ति राष्ट्रहरुका प्रतिस्पर्धाका बीचमा नेपालको राष्ट्रिय स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितको रक्षा गर्ने अभिभारा थप जटिल बन्दै गएको छ।  हामीले भूराजनीतिमा आएका यी बदलावहरुलाई संवेदनशील दृष्टिले हेर्दै राष्ट्रिय हितको रक्षाका लागि सजग भएर अगाडि बढ्नु पर्दछ।

*दक्षिण एसियामा बढिरहेको दक्षिणपन्थी अतिवाद र विभिन्न मुलुकमा लोकतन्त्रमाथि भइरहेका सैन्य हस्तक्षेपप्रति हामी चिन्तित छौं। हामी कुनै पनि भू–भागमा भइरहेका युद्ध र वाह्य हस्तक्षेपको विरुद्ध छौं। लोकतन्त्र  र शान्तिको पक्षमा छौं।*

## ७. निर्णायक राष्ट्रिय शक्तिको निर्माणको पूर्वशर्तः बलियो पार्टी निर्माण

बलियो शक्तिको निर्माणले मात्रै मुलुकमा राजनीतिक स्थायित्वको ग्यारेन्टी गर्न सक्छ। राष्ट्रिय हित र स्वाभिमानको रक्षा गर्न सक्छ। समृद्धि र सुशासनको यात्रालाई निर्वाध अगाडि बढाउन सक्छ। यतिबेला हामी त्यस्तै निर्णायक राष्ट्रिय शक्ति निर्माणको अभियानमा छौं।

राष्ट्रिय शक्ति हुनुको तात्पर्य आफ्नो राष्ट्रको हित, स्वाधीनता, सार्वभौमसत्ता र स्वाभिमानप्रति प्रतिबद्ध रहनु हो। आफ्ना आन्तरिक विषयहरुको फैसला आफ्नै स्वतन्त्र निर्णयका आधारमा गर्न सकिन्छ भन्ने आत्मविश्वास र निर्णय क्षमता हासिल गर्नु हो। राष्ट्रिय शक्ति हुनुको तात्पर्य सबै जातजाति, भाषाभाषी,

संस्कृति, धर्म र भूगोलका जनताको प्रतिनिधि शक्तिका रुपमा स्थापित हुनु हो, सबैका भावनाको प्रतिनिधित्व गर्ने सामथ्र्य हासिल गर्नु हो । देशभित्रको कुनै खास भूगोल, भाषा, संस्कृति या जातिको मात्रै प्रतिनिधित्व या पैरवी गर्ने समूह राष्ट्रिय शक्तिको भूमिकामा स्थापित हुन सक्दैन । राष्ट्र भनेकै त्यहाँ बसोबास गर्ने, एउटा साझा भावना र साझा सङ्कल्पमा आवद्ध जनताको समष्टि हो, राष्ट्रिय शक्ति तिनै जनताको सामूहिक शक्तिबाट आर्जन हुने उर्जा हो । राष्ट्रिय शक्ति हुनुको तात्पर्य मुलुकलाई स्वाधीन र आत्मनिर्भर अर्थतन्त्रबारे सुस्पष्ट सोच र त्यसलाई हासिल गर्न्े क्षमता विकसित गर्नु हो । अर्थतन्त्रमा स्वाधीनता र सबलता बिना कुनै पनि राष्ट्रले आफ्नो सार्वभौमसत्ता र स्वतन्त्र निर्णय क्षमता विकास गर्न सक्दैन । त्यसै गरी, बलियो राष्ट्रिय शक्ति निर्माणको पूर्वशर्त भनेको लोकतन्त्र, सामाजिक न्याय र मानव अधिकारको पूर्ण प्रत्याभूति हो । यी विषयहरुको विद्यमानताले मात्रै सबै जनताको भावना, क्षमता र सामूहिक शक्तिलाई उद्घाटित गर्न सक्छ । राष्ट्रप्रतिको अपनत्व, माया र देशभक्तिलाई प्रस्फुटित गर्न सक्छ र राष्ट्र निर्माणको साझा सङ्कल्प विकास गर्न सक्छ । अधिकार खोसिएका, निरङ्कुश बन्धनमा बाँधिएका, न्याय र समानताबाट बञ्चित एवं विभेदमा परेका, पारिएका जनतामा राष्ट्र निर्माणको हुटहुटी जगाउन र त्यस अनुकूलको वातावरण निर्माण हुन सक्दैन । देशभक्ति, स्वाभिमान, सबै जनताको प्रतिनिधित्व, आर्थिक आत्मनिर्भरता र लोकतन्त्र राष्ट्रिय शक्ति निर्माणका अविभाज्य अङ्गहरु हुन् ।

*वि.सं. १९९० को दशकदेखि नेपालमा सङ्गठित राजनीतिको सुरुवात भएसँगै एकातिर बलियो राष्ट्रिय शक्ति निर्माण र त्यसकै नेतृत्वमा समृद्ध एवं सबल राष्ट्र निर्माण गर्ने धार र अर्कातिर पराश्रय, परामुखापेक्षा र राष्ट्रिय आत्मसमर्पणवादी गरी मूलतः दुई धारको प्रतिष्पर्धाका बीचबाट अगाडि बढिरहेको छ ।*

वि.सं. १९९० को दशकदेखि नेपालमा सङ्गठित राजनीतिको सुरुवात भएसँगै एकातिर बलियो राष्ट्रिय शक्ति निर्माण र त्यसकै नेतृत्वमा समृद्ध एवं सबल राष्ट्र निर्माण गर्ने धार र अर्कातिर पराश्रय, परामुखापेक्षा र राष्ट्रिय आत्मसमर्पणवादी गरी मूलतः दुई धारको प्रतिष्पर्धाका बीचबाट अगाडि बढिरहेको छ । नेपाल कम्युनिष्ट पार्टीको जन्म नै जनतालाई अधिकारसम्पन्न बनाएर बलियो राष्ट्रिय शक्ति निर्माण गर्ने, आफ्नै बलबुतामा प्रजातन्त्र स्थापना गर्ने, आफ्ना मुद्दाहरुको फैसला आफै गर्ने, स्वतन्त्र विदेश नीति र स्वाधीन अर्थतन्त्र निर्माण गर्न्े तथा समाजवाद स्थापना गर्दै न्याय, समानता र समृद्धिको जनचाहना पूरा गर्ने लक्ष्यका साथ भएको हो । ७५ वर्षको गौरवशाली यात्रामा पार्टीले यिनै उद्देश्यका साथ आफूलाई समर्पित गरेको छ । लोकतन्त्र र जनताका अधिकार स्थापनाका निम्ति पार्टीले गरेको निरन्तरको बलिदानी सङ्घर्ष यसको दृष्टान्त हो । सरकारमा रहँदा होस् या प्रतिपक्षमा, सबै खाले जातजाति, भाषाभाषी, संस्कृति र भूगोलका जनताको एकतालाई प्रवर्द्धन गर्न, सामाजिक सद्भाव र राष्ट्रिय एकता सुदृढ गर्न तथा सबै खाले अतिवादको विरोधमा पार्टीको सम्झौताहीन सङ्घर्ष यसको उदाहरण हो । सामाजिक न्याय, लैङ्गिक समानता र समावेशिताका माध्यमबाट जनताको सामथ्र्य विकास गर्न पार्टीले अगुवाइ गरेका तथ्यहरु आफैमा यसका प्रमाण हुन् । त्रुटिपूर्ण दिल्ली सम्झौताको आलोचना, भीमदत्त पन्त, रामप्रसाद राई, एकदेव आले र केआई सिंह लगायत देशभक्तहरुमाथि भएको दमनको प्रतिवाद, असमान सन्धी खारेजीको औपचारिक माग, नेपाली जनताले आफ्नो संविधान आफै बनाउन पाउने नेपाली जनताको सार्वभौम अधिकारको व्यावहारिक कार्यान्वयन र नाकाबन्दीको सामना यसका ताजा उदाहरणहरु हुन् । वाह्य सम्बन्ध सञ्चालनमा सार्वभौम समानता, पारस्परिक सम्मान र हित तथा न्यायको मान्यता निरुपण यसै सन्दर्भमा महत्वपूर्ण कोसेढुङ्गा हुन् । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षाको रेखाङ्कन र त्यसको कार्यान्वयनका लागि हामीले चालेका रुपान्तरणकारी कदमहरुले यिनै तथ्यलाई पुष्टि गर्छन् । २००७ सालको क्रान्तिपछि पार्टीमाथि प्रतिबन्ध लगाइनु, २०५२ सालमा पार्टीलाई अल्पकालमै सरकारबाट विस्थापन गरिनु, २०७३ सालमा पार्टी नेतृत्वको सरकारलाई अपदस्थ गरिनु र झण्डै दुईतिहाइको हाराहारीमा रहेर राजनीतिक स्थायित्व, मुलुकको समृद्धि, सामाजिक न्याय र अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको छवि सबल

बनाउँदै गरेको पार्टीलाई तीन वर्षमै विभाजन गरिनुको अन्तर्यमा नेपालका सबल राष्ट्रिय शक्तिको निर्माण र त्यसलाई निर्णायक बिन्दुमा पुग्न नदिने दुराशय निहित थियो ।

यस्ता यावत् दुराशय र षडयन्त्रको सामना गर्दै पार्टीले आफूलाई निरन्तर सुदृढ बनाउँदै ल्याएको छ । तर अझै पनि निर्णायक तहमा विकास हुन सकेको छैन । २०५१ सालमा तत्कालीन प्रतिनिधिसभाका २०५ मध्ये ८८ (झण्डै ४३ प्रतिशत) स्थानमा विजय हासिल गरेर पार्टीले एउटा उचाइ हासिल गरेको थियो । २०७४ को आम निर्वाचनमा प्रतिनिधिसभाका २७५ स्थानमध्ये १२१ (४४ प्रतिशत) स्थान र लोकप्रिय मतमा ३४ प्रतिशत हासिल गरेर इतिहासमा सर्वाधिक उचाइ हासिल गरेको थियो । पछि नेकपा (माओवादी केन्द्र) सँग पार्टी एकीकरण गर्दै वामपन्थीहरुको प्रबल बहुमत निर्माण गरिएको थियो । फेरि पनि बलियो राष्ट्रिय शक्ति निर्माण हुन नदिने प्रपञ्चमा उचाइमा पुगेको त्यस आन्दोलनलाई विभाजित गर्ने काम भयो । आज आन्दोलन तुलनात्मक रुपमा कमजोर भएको छ ।

आज यस अभियानलाई हामी नयाँ शिराबाट सुरु गर्दैछौं ।

निर्णायक राष्ट्रिय शक्ति निर्माणको अनिवार्य पूर्वशर्त बलियो नेकपा (एमाले) को निर्माण हो । हाम्रो पार्टी बाहिर पनि राष्ट्रिय शक्तिका पक्षधरहरु छन् । तर तिनीहरु बलिया, प्रभावकारी या अगुवाइ गर्न सक्ने भूमिकामा छैनन् । बलियो नेकपा (एमाले) को नेतृत्वमा मात्रै तिनीहरुलाई राष्ट्र निर्माणका काममा गोलबन्द गर्न सकिन्छ ।

यसै उद्देश्यले हामी यस वर्षलाई सङ्गठन सुदृढीकरण तथा शुद्धीकरणको वर्षका रुपमा अगाडि बढाउँदै छौं ।

शुद्धीकरण अभियानका लागि विशेष प्रस्ताव देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

## पार्टी निर्माणको अवधारणा

सामाजिक व्यवस्थापनका लागि मानव जातिले विकास गरेका सर्वाधिक महत्वपूर्ण कुरा हुन्– राजनीति र राजनीतिक पार्टीहरु । राजनीति नै मूल विषय हो, जसले समाजलाई निश्चित गन्तव्य निर्धारण गरेर, त्यहाँ पुग्ने बाटो तय गरेर त्यसको उद्देश्यका लागि जनतालाई गोलबन्द गर्छ । राजनीतिले राज्य जन्माउँछ र त्यसले पार्टीहरु जन्माउँछ । राजनीतिक पार्टीहरुले नै राष्ट्रिय एकताको आधारभूमि निर्माण गर्छन् ।

*सामाजिक व्यवस्थापनका लागि मानव जातिले विकास गरेका सर्वाधिक महत्वपूर्ण कुरा हुन्– राजनीति र राजनीतिक पार्टीहरु । राजनीति नै मूल विषय हो, जसले समाजलाई निश्चित गन्तव्य निर्धारण गरेर, त्यहाँ पुग्ने बाटो तय गरेर त्यसको उद्देश्यका लागि जनतालाई गोलबन्द गर्छ । राजनीतिले राज्य जन्माउँछ र त्यसले पार्टीहरु जन्माउँछ ।*

पार्टी निर्माणका दुई अवधारणा प्रचलनमा छन् । मास पार्टी र कार्यकर्ता (क्याडर) पार्टी । मास पार्टीमा तहगत कमिटी प्रणाली हुँदैन र नीति तथा नेतृत्व निर्माणमा कमिटीको निर्णायक भूमिका पनि हुँदैन । एक किसिमले भन्ने हो भने त्यहाँ भीडले तत्कालका लागि नीति र नेतृत्व तय गर्छ । कार्यकर्ता पार्टीमा सचेत र क्रियाशील सदस्यले नीति र नेतृत्व निर्माण गर्छन् । तहगत कमिटी प्रणाली, संस्थागत निर्णय, सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारीका आधारमा पार्टी निर्माण र परिचालन गरिन्छ ।

मास पार्टीको अवधारणा यथास्थिति र तत्कालिक चासोमा मात्र सीमित रहने पार्टीहरुले अपनाएका छन् । जे छ त्यसैमा वा त्यसमाथि सामान्य सुधारमा सन्तुष्ट हुने हुनाले यथास्थितिमा रहने पार्टीका लागि सचेत, सङ्गठित र सक्रिय कार्यकर्ताको आवश्यकता पर्दैन । तर कम्युनिष्ट पार्टी संस्थागत निर्णयमा आधारित नीति र सचेत नेतृत्वका आधारमा निर्माण हुन्छ । प्रगति र क्रान्तिकारी रूपान्तरणप्रति प्रतिबद्ध, सचेत, सङ्गठित र सक्रिय नेता/कार्यकर्ताको बलमा सञ्चालित हुने भएकोले कम्युनिष्ट

पार्टीलाई कार्यकर्ता (क्याडर) पार्टी भन्ने गरिएको हो । त्यसो त, क्याडर पनि जनताकै एउटा हिस्सा हो, जनताको राजनीतिक रुपमा सचेत, सङ्गठित र क्रियाशील हिस्सा हो ।

प्रतिबन्धित अवस्थामा काम गरेका, क्रान्तिका लागि गैर–संवैधानिक (हिंसात्मकसहित) बाटो अवलम्बन गरेका र क्रान्ति सम्पन्न भएपछि बनेको संविधानमै 'कम्युनिष्ट पार्टीको नेतृत्व अनिवार्य' हुने प्रावधान राखी आमरूपमा एकदलीय या बहुदलीय सहयोगात्मक प्रणाली अपनाइरहेका कम्युनिष्ट पार्टीका अनुभव एकखालका छन् । आमरूपमा प्रतिपक्षीय भूमिकामा रहेर आन्दोलन गरिरहेका कतिपय पार्टीका अनुभव फरक खालका छन् । हामी क्रान्ति र समाजवाद निर्माणको मात्रै होइन, पार्टी निर्माणको पनि मौलिक ढाँचा र मान्यता विकास गर्दै अघि बढिरहेका छौं । बहुदलीय प्रतिस्पर्धा, शान्तिपूर्ण बाटो र संवैधानिक माध्यमबाट समाजवादको आधार निर्माण गर्ने मौलिक कार्यदिशासहित पार्टी निर्माणको अभियानमा हामी छौं । यसैले पार्टी निर्माणका कतिपय अन्तर्राष्ट्रिय अनुभव हाम्रो सन्दर्भमा सान्दर्भिक देखिँदैनन् ।

पाचौँ राष्ट्रिय महाधिवेशनपूर्व हामीले पनि आफ्नो पार्टीलाई कार्यकर्ता पार्टी भन्दै आएका थियौं । पाचौँ राष्ट्रिय महाधिवेशनपछि जननेता मदन भण्डारीको नेतृत्वमा हामीले 'कार्यकर्ता पार्टी'को अवधारणालाई 'जनआधारित कार्यकर्ता पार्टी'मा विकसित गरेका छौं । यसको मूल मर्म हो– कार्यकर्ता पार्टी पनि जनतामा आधारित हुनुपर्छ । पार्टीका नेता–कार्यकर्ता जनताका सुख–दुःखमा सहभागी हुनुपर्छ, जनतासँग एकाकार हुनुपर्छ, जनताको हित र प्रगतिको पक्षमा सक्रिय हुनुपर्छ र जनताबाट आवधिक रूपमा अनुमोदित हुनुपर्छ । पार्टी जनताका सुझाव, समर्थन र चाहनाअनुरूप सञ्चालन हुनुपर्छ । तर, पार्टीको नीति र नेतृत्व निर्माणमा भने सचेत कार्यकर्ताहरूको निर्णायक भूमिका हुनुपर्छ र शृङ्खलाबद्ध कमिटी प्रणाली अक्षुण्ण रहनुपर्छ । पार्टी निर्माणको यो अवधारणा जनताको बहुदलीय जनवादको बाटोबाट क्रान्ति सम्पन्न गर्ने हाम्रो कार्यदिशासँग अविभाज्य ढङ्गले जोडिएको छ । सातौं महाधिवेशनमा प्रस्तुत र आठौं महाधिवेशनबाट पारित पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतासहित जनआधारित कार्यकर्ता पार्टीको अवधारणालाई हामीले यस बीचमा अझ समृद्ध तुल्याएका छौं ।

*पार्टी जनताका सुझाव, समर्थन र चाहनाअनुरूप सञ्चालन हुनुपर्छ । तर, पार्टीको नीति र नेतृत्व निर्माणमा भने सचेत कार्यकर्ताहरूको निर्णायक भूमिका हुनुपर्छ र शृङ्खलाबद्ध कमिटी प्रणाली अक्षुण्ण रहनुपर्छ ।*

हाम्रो पार्टीको सङ्गठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता हो । जनवादले पार्टीको सार्वभौम अधिकार पार्टी सदस्यमा निहीत रहने सुनिश्चितता गर्छ । पार्टी सदस्यलाई सिद्धान्त, कार्यक्रम र नीति निर्धारण, नेतृत्व चयनलगायत पार्टी निर्माण र परिचालनका समग्र विषयमा अन्तिम अधिकारी मान्दछ । केन्द्रीयताले पार्टीका सिद्धान्त, कार्यक्रम, नीति र निर्णय कार्यान्वयन हुने आधार तयार गर्दछ । पार्टीलाई संस्थागत निर्णयका आधारमा अनुशासित तबरले परिचालित हुन निर्देशित गर्दछ ।

हामी जनवादी केन्द्रीयताको सङ्गठनात्मक सिद्धान्तको मार्गदर्शनमा अन्तरपार्टी लोकतन्त्रको उत्कृष्ट अभ्यास गर्दै अनुशासित एवम् गतिशील पार्टी निर्माण गर्न चाहन्छौं । निरन्तर जनताको निगरानीमा रहने र प्रतिस्पर्धाद्वारा श्रेष्ठता हासिल गरेका नेता, कार्यकर्ता र सदस्यहरूको पार्टी बनाउन चाहन्छौं । सामाजिक–आर्थिक रूपान्तरणको नेतृत्व गर्ने, समाजवादको आधार तयार गर्ने र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा साकार तुल्याउने जनआधारित कार्यकर्ता पार्टी निर्माण गर्न चाहन्छौं ।

यसो गरिरहँदा हामीले केही समस्याहरुको सामना गरिरहेका छौं, जसलाई यस बैठकमा वृहद् छलफल गरेर निष्कर्षमा पुग्नुपर्ने छ । यहाँ मैले छलफलका लागि मुख्यतया ६ वटा विषय प्रस्तुत गर्न चाहन्छु, जसमा कमरेडहरुको सघन छलफल र गहन निष्कर्षको अपेक्षा गरिएको छ ।

## जनआधारित कार्यकर्ता पार्टी निर्माणका समस्या

१. पार्टी सदस्यता वितरण, नवीकरण र परिक्षणको सम्बन्धमा
२. प्रतिनिधि छनौट, अधिवेशन र नेतृत्व चयनका सम्बन्धमा
३. कमिटी सञ्चालन, चेन–अफ–कमाण्ड र कार्यकर्ताको मूल्यांकन सम्बन्धमा
४. कार्यशैली, जीवनशैली र कार्यकर्ताको आचरण सम्बन्धमा
५. आर्थिक–सामाजिक रुपान्तरण र जनचासोका विषय सम्बोधन गर्ने सबालमा
६. निर्वाचनमार्फत् निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्ने सम्बन्धमा

**प्रिय कमरेडहरु,**

दसौं राष्ट्रिय महाधिवेशनपछिको साढे दुई वर्षको हाम्रो यात्रा सफल र प्रभावकारी रहेको छ। इतिहासकै प्रतिकूल परिस्थितिलाई हामीले सम्हालिएर सामना गरेका छौं। यसले हाम्रो प्रतिरोधी क्षमता (रिजिल्यान्स) लाई थप सुदृढ बनाएको छ। पार्टीलाई प्रतिकूलताका बीचबाट यस बिन्दुसम्म ल्याउन निर्णायक भूमिका खेल्नु हुने, पार्टी रक्षाको यस अग्रपङ्क्तिलाई म हार्दिक अभिनन्दन गर्न चाहन्छु।

हामी यतिबेला तुलनात्मक रुपमा सहज अवस्थामा आइपुगेका छौं।

तर समाजवादी र पुँजीवादी शक्ति बीचको, अग्रगमन र पश्चगमन बीचको, राष्ट्रिय स्वाभिमान र राष्ट्रिय आत्मसमर्पणका पक्षधर बीचको एवं समृद्धि एवं बर्बादीका शक्ति बीचको यो वर्ग सङ्घर्ष जारी नै छ। हाम्रो आगामी यात्रा पनि जोखिममुक्त, चुनौतीरहित र बिघ्नवाधाविहीन छैन।

तर मार्क्सवाद–लेनिनवाद र जनताको बहुदलीय जनवादको मार्गदर्शन, जनताको लोकप्रिय समर्थन र आन्दोलनको आरनमा खारिएको नेता कार्यकर्ताहरुको यो पङ्क्ति यस्तो शक्ति हो, जसका बलमा हामी जस्तासुकै अवरोधहरु पनि छिचोल्न सक्छौं।

उच्च मनोबलका साथ अगाडि बढौं, हाम्रो विजय अवश्यंभावी र हाम्रो भविष्य समुज्ज्वल छ।

धन्यवाद।

**केपी शर्मा ओली**
अध्यक्ष
नेकपा (एमाले)

# नेकपा (एमाले) लयमा फर्किएको यात्रा

बलियो र एकीकृत कम्युनिस्ट पार्टी बनाउने उद्देश्यले गठबन्धन गरी २०७४ को निर्वाचन सँगै लडेका नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच २०७५ जेठ ३ गते पार्टी एकता भई बनेको नेकपा जम्मा २ बर्ष ९ महिना २० दिन अर्थात् १ हजार २० दिन टिक्यो। अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा भएको एकताले सकारात्मक परिणाम दिएर उहाँको नेतृत्वमा ०७४ फागुन ३ गते गठित करिब दुई तिहाई बहुमतप्राप्त सरकारले देशलाई समृद्धिको नयाँ युगतिर प्रवेश गराउने महत्वपूर्ण कामहरु अघि सारिरहेको बेला नेकपामा विवाद उत्पन्न भयो। नेपालमा बलियो कम्युनिस्ट पार्टी र बलियो सरकार नचाहने भित्री तथा बाहिरी प्रयासहरुका कारण उत्पन्न अनेक समस्यालाई अधिकतम लचकता, धैर्य र सुझबुझका साथ समाधान गर्ने हरसम्भव कोसिस गर्दा पनि सम्भव भएन। एकता महाधिवेशनसम्म सहमतिका साथ पार्टी चलाउने समझदारीलाई साविकको नेकपा (एमाले) भित्र खेलेर कथित बहुमतको दावी गर्ने, समूहबन्दीका आधारमा भागवण्डा खोज्ने, अलग बैठक/भेला गर्ने, आफ्नै सरकारका विरुद्धमा खडा हुने, पार्टीभित्र निरन्तर विग्रह खडा गरिरहने जस्ता क्रियाकलापले एकतालाई अघि बढ्न दिएन। अध्यक्ष केपी शर्मा ओलीद्वारा कार्यकारी अधिकार प्रत्यायोजन, शीघ्र महाधिवेशनको सुनिश्चितता, महाधिवेशनबाट आफू नेतृत्वमा नदोहोरिने घोषणा जस्ता निर्णय हुँदा पनि उल्टै उहाँलाई नै पार्टीबाट निष्काशन गर्ने जस्ता एकताविरोधी र हास्यास्पद निर्णयका कारण नेकपाको एकता जोगिएन। नेकपाको विभाजनको निर्णायक विन्दुका रुपमा अध्यक्ष केपी शर्मा ओलीका विरुद्ध अभियोगपत्र दर्ता भएपछिका घटनाक्रमहरु केलाउँदा नेकपा (एमाले) ले कसरी कठिन यात्रा पार गरेर आफूलाई आजको अवस्थामा ल्याइपुर्याएको छ भन्ने स्पष्ट हुन्छ।

## २०७७

कात्तिक २८ः नेकपा सचिवालयमा अध्यक्ष केपी ओलीविरुद्ध अर्का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड‘सहितका ५ नेताबाट १९ बुँदे अभियोगपत्र दर्ता, नेकपा विभाजनको औपचारिक सुरुआत।

मंसिर १३ः अध्यक्ष केपी शर्मा ओलीद्धारा १९ बुँदे अभियोगपत्रको ३८ बुँदे जवाफ, पार्टी एकता जोगाउन कथित पत्र फिर्ता लिन आग्रह।

पुस १ः आफ्नै पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध ८३ सांसदको हस्ताक्षरसहित राष्ट्रपति भवनमा विशेष अधिवेशन माग गर्दै धर्ना।

पुस १ः अध्यक्ष केपी शर्मा ओलीद्वारा पुष्पकमल दाहालसँग छलफलपछि अध्यादेश फिर्ता, राष्ट्रपति निवासबाट निवेदन दर्ता गर्न गएकाहरु फिर्ता।

पुस ५ः प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध नेकपाका ९० सांसदहरुद्वारा प्रतिनिधिसभामा अविश्वास प्रस्ताव दर्ता।

पुस ५ः प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा बहुमतप्राप्त दलले नै सरकार चलाउन नसक्ने अवस्था उत्पन्न भएका कारण प्रतिनिधिसभा विघटनको सिफारिश, राष्ट्रपतिद्वारा प्रतिनिधिसभा विघटन।

पुस ६ः अध्यक्ष केपी शर्मा ओलीलाई कारवाही गरिएको पत्र प्रचण्ड–माधव पक्षद्वारा निर्वाचन आयोगमा सूचना दर्ता।

पुस ७ः अवैध रुपमा नेकपाको बैठक आयोजना गरी केपी शर्मा ओलीलाई अध्यक्ष पदबाट हटाएर माधवकुमार नेपाललाई अध्यक्ष बनाएको घोषणा।

पुस ७ः अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा नेकपाको केन्द्रीय कमिटीको विस्तारित बैठक आयोजना, अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को कार्यकारी अधिकार खारेज, प्रवक्तामा प्रदीप ज्ञवालीलाई जिम्मेवारी प्रदान, २०७८ मंसिरमा महाधिवेशन गर्ने घोषणा, ११ सय ९९ आयोजक कमिटी गठन।

प्रतिनिधिसभा पुनर्स्थापनाका लागि सर्बोच्चमा रिट दर्ता।

पुस ८ः सूर्य चुनाव चिह्न दावी गर्दै प्रचण्ड–माधव समूहद्वारा निर्वाचन आयोगमा निवेदन।

पुस १०ः अध्यक्ष केपी शर्मा ओलीविरुद्ध प्रचण्ड–माधव समूहद्वारा आन्दोलन घोषणा।

माघ १२ः निर्वाचन आयोगद्वारा माधवकुमार नेपाललाई अध्यक्ष बनाउने कथित निर्णय अस्वीकार, केपी ओली प्रथम अध्यक्ष रहेको नेकपालाई नै आधिकारिकता प्रदान।

प्रचण्ड–माधव पक्षको स्थायी कमिटी बैठकबाट अध्यक्ष केपी ओली शर्मा ओलीलाई साधारण सदस्यबाट निष्काशन गरेको घोषणा।

माघ २२ः प्रचण्ड–माधव पक्षद्वारा आमहड्ताल आयोजना।

फागुन ११ः सर्वोच्च अदालतद्वारा प्रतिनिधिसभा पुनर्स्थापनाको फैसला।

फागुन १९ः नेकपाको संसदीय दलको नेताबाट केपी शर्मा ओली र उपनेताबाट सुवासचन्द्र नेम्वाङलाई हटाउने प्रचण्ड–माधव पक्षको निर्णय।

सुवास नेम्वाङसहित १० नेतालाई पार्टीबाट निष्काशनको निर्णय।

फागुन २३ः प्रचण्ड–माधव पक्षबाट नेकपाको संसदीय दल विभाजन, पुष्पकमल दाहाल 'प्रचण्ड' लाई दलको नेता चयन गरी संसद् सचिवालयमा सूचना दर्ताको दबाव।

फागुन २३ः सर्वोच्च अदालतद्वारा यसअघि नै नाम जुधेका कारण नेकपा खारेज, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) पूर्ववत् अवस्थामा पुनर्स्थापित। पुनर्स्थापित प्रतिनिधिसभाको बैठकमा प्रचण्ड–माधव पक्ष अनुपस्थित।

फागुन २५ः सर्वोच्च अदालतको फैसलाबमोजिम निर्वाचन आयोगद्वारा नेकपाको दर्ता खारेज, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) दर्ता कायम, पुनः एकता गर्ने भए १५ दिनको म्याद रहेको दुबै पक्षलाई जानकारी।

फागुन २८ः पुनःस्थापित नेकपा (एमाले) केन्द्रीय कमिटीको पहिलो बैठक सम्पन्न, नेताहरुको नयाँ कार्य विभाजन।

चैत २ः अध्यक्ष केपी शर्मा ओलीद्वारा पार्टी एकताका लागि धुम्बराहीमा छलफल, समानान्तर गतिविधि नगर्न र पार्टीमा सक्रिय हुन आग्रह।

चैत ४ः पार्टीको निर्णयविपरीत नेकपा (एमाले) कै नाममा समानान्तर राष्ट्रिय भेला, संसदीय दलको बैठक बहिस्कार, पार्टीद्वारा  गुटगत र फुटपरस्त गतिविधिमा नलाग्न आग्रह।

चैत ७ः नेकपा (एमाले) केन्द्रीय कमिटी महाधिवेशन आयोजक कमिटीमा रुपान्तरण, पार्टीविरोधी गतिविधिमा लाग्ने नेताहरुलाई स्पष्टीकरण सोध्ने निर्णय।

चैत १६ः पार्टीविरोधी गतिविधिलाई निरन्तरता दिएका कारण माधवकुमार नेपाल र भीमबहादुर रावललाई ६ महिना निलम्बन गर्ने निर्णय।

**२०७८**

वैशाख ३ः कर्णाली प्रदेशसभाको बैठकमा नेकपा (एमाले) का ४ सांसदद्वारा 'फ्लोर क्रस' गरी पार्टी अनुशासन र संसदीय व्यवस्थाविरोधी कदम।

वैशाख ७ः अध्यक्ष केपी शर्मा ओलीद्वारा माधवकुमार नेपाललाई ५ बुँदे पत्र पठाउँदै नेकपा (एमाले) का काममा फर्किन अन्तिम मौका प्रदान।

वैशाख ८ः अध्यक्ष केपी शर्मा ओलीद्वारा पार्टी एकतालाई बचाउन माधवकुमार नेपालसँग मेरियट होटलमा छलफल, पार्टी विभाजन नगर्न आग्रह।

वैशाख २७ः प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभामा राख्नुभएको विश्वासको मतको प्रस्तावमा आफ्नै पार्टीका २८ सांसदले मत नदिएपछि प्रधानमन्त्री पदमुक्त।

वैशाख ३०ः माधवकुमार नेपालसहितका नेताहरुमाथि भएको कारवाही पार्टी एकता जोगाउनका लागि फुकुवा।

वैशाख ३०ः अध्यक्ष केपी शर्मा ओली प्रतिनिधिसभामा ठूलो दलको नेताको हैसियतमा पुनः प्रधानमन्त्री नियुक्त, पार्टीभित्रको विवाद समाधान गर्न कार्यदल गठन।

जेठ ७ः प्रतिनिधिसभाबाट बैकल्पिक सरकार बन्ने अवस्था नरहेपछि प्रतिनिधिसभा फेरि विघटन, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाद्वारा नेकपा (एमाले)का २७ सांसदसहितको हस्ताक्षर लिएर राष्ट्रपति कार्यालयमा दावी पेश।

जेठ १०ः नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको पक्षमा परमादेश माग्न नेकपा (एमाले) का १९ सांसदसहित सर्वोच्च अदालतमा रिट दायर।

असार १६ः नेकपा (एमाले) महाधिवेशन आयोजक कमिटी भंग, साविक केन्द्रीय कमिटी पुनर्वहाली, माधवकुमार नेपाललगायतमाथिको कारवाही निष्क्रिय बनाउने निर्णय।

असार २७ः पार्टी एकता जोगाउन कार्यदलमा १० बुँदे सहमति, आफ्नै नेताहरुले गरेको सहमतिमा माधवकुमार नेपाल असहमत।

असार २८ः दिउँसो प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दाको फैसला आउने भएकाले विहानै बक्तव्य जारी गरेर नेकपा (एमाले)का २३ सांसदद्वारा कांग्रेस सभापति शेरबहादुर देउवाको पक्षमा दिएको समर्थन यथावत रहेको सर्बोच्च अदालतलाई जानकारी।

असार २८ः सर्वोच्च अदालतबाट प्रतिनिधिसभा पुनःस्थापनाको फैसला, प्रधानमन्त्री चयन गर्ने प्रतिनिधिसभाको अधिकारको साटो सर्वोच्च अदालतद्वारा सीधै शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश।

साउन ३ः नेकपा (एमाले) का २२ सांसदद्वारा शेरबहादुर देउवाका पक्षमा मतदान।

पार्टी एकता जोगाउन १० बुँदे सहमतिको केन्द्रीय कमिटीबाट स्वामित्व ग्रहण।

भदौ ९ः नेकपा (एमाले) विभाजन गर्नका लागि संसदीय दल वा केन्द्रीय कमिटीका २० प्रतिशत सदस्य भए पुग्ने गरी अध्यादेश जारी, पार्टी नेतृत्वबाट हदैसम्मको लचकता अपनाउँदा अपनाउँदै नेकपा (एमाले) विभाजन गरी नेकपा (एकीकृत समाजवादी) दर्ता।

भदौ १६ः पार्टीबाट निष्काशन गरिएका सांसदहरुलाई कारवाही नगरी दल दर्ता गरिएकोमा नेकपा (एमाले) द्वारा निर्वाचन आयोगका विरुद्धमा सर्वोच्च अदालतमा मुद्दा दायर।

सभामुख अग्निप्रसाद सापकोटाको असंवैधानिक तथा पार्टी विभाजनकारी कदमका विरुद्धमा नेकपा (एमाले) द्वारा सदनमा जोडदार विरोध।

असोज ११ः नेकपा (एमाले) विभाजन गर्नका लागि जारी गरिएको दल दर्तासम्बन्धी अध्यादेश खारेज।

असोज १५–१७ः नेकपा (एमाले) को प्रथम विधान अधिवेशन सम्पन्न। पार्टी विभाजित गरिएको र अन्योल सिर्जना गरिएको अवस्थामा देशभरका छ हजार नेता–कार्यकर्ता सहभागी, एकीकृत र बलियो पार्टी बनाउने प्रतिबद्धता व्यक्त।

कात्तिक ६ः देशभरका ६ हजार ७ सय ४३ वटा वडामा नेकपा (एमाले) का वडा अधिवेशन एकसाथ सुरु, अध्यक्ष केपी शर्मा ओलीद्वारा पार्टी केन्द्रीय कार्यालयबाट भर्चुअल माध्यमबाट उद्घाटन तथा सम्बोधन।

कात्तिक ९ः ७ सय ५३ वटै पालिकामा नेकपा (एमाले) का अधिवेशनहरु सुरु, अध्यक्ष ओलीद्वारा केन्द्रीय कार्यालयबाट भर्चुअल माध्यमबाट उद्घाटन तथा सम्बोधन।

मंसिर १०–१४ः नेकपा (एमाले) को दशौँ राष्ट्रिय महाधिवेशन चितवनमा भव्यताका साथ सम्पनन्न, केपी शर्मा ओलीलाई पुनः अध्यक्ष निर्वाचित गर्दै ३ सय १ सदस्यीय केन्द्रीय कमिटी चयन।

मंसिर २५–२६ः केन्द्रीय कमिटीको दोस्रो बैठकद्वारा स्थायी कमिटी र पोलिट्ब्युरो गठन, केन्द्रीय कमिटी सदस्यहरुको कार्यविभाजन, केन्द्रीय कमिटीमा मनोनयन, बरियता निर्धारणलगायतका निर्णय।

पुस २३ः देशभरका जिल्ला अधिवेशनहरु एकै दिन आयोजना, अध्यक्ष केपी शर्मा ओलीद्वारा भर्चुअल माध्यमबाट उद्घाटन र सम्बोधन।

फागनु १ः स्थानीय तह निर्वाचन केन्द्रित प्रदेशस्तरीय प्रशिक्षण आरम्भ, सात प्रदेशका करिब तीन हजार अगुवालाई अनुशिक्षण।

## २०७९

वैशाख ९ः स्थानीय तह निर्वाचन घोषणपत्र जारी।

वैशाख ३०ः स्थानीय तह निर्वाचनमा सत्तारुढ गठबन्धनको धाँधली र सत्ताको दुरुपयोगका बावजुद महत्वपूर्ण हैसियत कायम गर्न सफल।

असार २–३ः स्थानीय तहका जनप्रतिनिधिहरुको अनुशिक्षण सम्पन्न, काठमाडौँ संकल्प जारी।

असोज १ः संविधान दिवसका अवसरमा अध्यक्ष केपी शर्मा ओलीको सहभागितामा राजधानीमा 'मर्निङ वाक', नयाँ प्रकारको कार्यक्रमले संविधानप्रतिको अपनत्व प्रदर्शन।

कात्तिक १५ः नेकपा (एमाले) द्वारा आसन्न निर्वाचनका लागि घोषणापत्र सार्वजनिक।

कात्तिक १८ः अध्यक्ष केपी शर्मा ओलीद्वारा सुदूरपश्चिमको दार्चुलाबाट चुनावी अभियान प्रारम्भ।

मंसिर ४ः चौतर्फी घेराबन्दी र गठबन्धनका बाबजुद दललाई रोज्ने मत अर्थात् समानुपातिकतर्फ नेकपा (एमाले) सर्वाधिक मतसहित जनताको रोजाइको पहिलो पार्टीका रुपमा स्थापित।

पुस १०ः तत्कालीन सत्तारुढ गठबन्धनबीच नयाँ सरकार गठनका लागि सहमति कायम हुन नसकेपछि नेकपा (एमाले) को समर्थनमा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'प्रधानमन्त्री नियुक्त, नेकपा (एमाले) सरकारमा सामेल।

पुस २६ः सत्तारुढ गठबन्धनसँग पर्याप्त मत हुँदाहुँदै र नेकपा (एमाले) सँग सरकार सञ्चालनका विषयमा मतभेद नहुँदानहुँदै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'द्वारा नेपाली कांग्रेसबाट प्रतिनिधिसभामा विश्वासको मत माग र प्राप्त, गठबन्धनमा दरार।

फागुन ५ः नेकपा (एमाले) द्वारा मिसन ग्रासरुट अभियान आरम्भ, केन्द्रीय कमिटी सदस्यहरुलाई पालिका तहको जिम्मेवारी तोकेर अभियानको जिम्मेवारी प्रदान।

फागुन १५ः नेकपा (एमाले) द्वारा सरकारलाई दिएको समर्थन फिर्ता, मन्त्रीहरुद्वारा राजीनामा।

## २०८०

वैशाख २८–३०ः केन्द्रीय कमिटीको पाँचौँ बैठकद्वारा पार्टीको बार्षिक कार्ययोजना पारित, प्रदेशदेखि वडा कमिटीसम्मका अधिवेशनहरु गर्ने निर्णय, केन्द्रीय कमिटी सदस्यहरुको नयाँ कार्यविभाजन, बर्षभर विविध कार्यक्रम गरी पार्टी स्थापनाको हिरक महोत्सव मनाउने निर्णय।

जेठ १२ः स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुलाई दुई दिने अनुशिक्षण, जनताको मत जित्ने र पार्टीको शीर ठाडो हुने गरी काम गर्न निर्देशन।

जेठ १६ः भारत भ्रमणमा जान लाग्नुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई देशको अहित हुने गरी कुनै पनि सहमति, समझदारी र निर्णय नगर्न पार्टीद्वारा सुझाव।

जेठ २०ः राष्ट्रपति रामचन्द्र पौडेलले यसअघि राष्ट्रपतिद्वारा फिर्ता पठाइएको नागरिकता विधेकय प्रमाणीकरण गरेकोमा पार्टीद्वारा विरोध, राष्ट्रियतामाथि खेलबाड नगर्न खबरदारी।

जेठ २२ः महंगी र भ्रष्टाचारका विरुद्धमा जनसंगठन समन्वय संयन्त्रको संयोजनमा जनसंगठनहरुद्वारा राजधानी काठमाडौँमा विशाल प्रदर्शन ।

भदौ १३ः नेकपा (माले) को चौथो महाधिवेशन भएको स्थल सिराहाको सर्रे अम्बासमा नेकपा (एमाले) केन्द्रीय सचिवालयको बैठक सम्पन्न, अध्यक्ष केपी शर्मा ओलीद्वारा स्मारक शिलान्यास ।

भदौ २५ः चीन भ्रमणमा रहनुभएका महासचिव शंकर पोखरेलद्वारा नेपालको नयाँ नक्साप्रति समर्थन जनाउन छिमेकी मित्र राष्ट्र चीनलाई आग्रह ।

असोज ३ः संविधान दिवसका अवसरमा राष्ट्रिय झण्डोत्तोलन, बेलुकी दीपावली ।

मंसिर १४ः मध्यपहाडी राजमार्गलाई आधार बनाएर 'झुलाघाट–चिवाभञ्ज्याङः समृद्धिका लागि संकल्प यात्रा' प्रारम्भ, यात्राका क्रममा अपूर्व जनसहभागिता र जागरण, अध्यक्ष ओली बैतडीको झुलाघाटदेखि पाँचथरको चिवाभञ्ज्याङसम्मका सबै कार्यक्रममा सहभागी ।

फागुन २१ः नेकपा (एमाले) सँग फेरि नेकपा (माओवादी केन्द्र) को समीकरण, नेकपा (एमाले)द्वारा प्रधानमन्त्री पुष्पकमल दाहाललाई समर्थन, पाँच दलीय समीकरण निर्माण, मुलुकलाई सही दिशामा फर्काउन पार्टीद्वारा निर्णायक पहल ।

# संगठनात्मक कामको प्रतिवेदन

जनताको रोजाइको पहिलो पार्टी !!
युवाको रोजाइको मुख्य पार्टी!!
**निर्णायक राष्ट्रिय शक्ति – नेकपा (एमाले)!!!**

**प्रिय कमरेडहरु,**

पार्टीको दशौँ राष्ट्रिय महाधिवेशन (मङ्सिर १०–१४, २०७८) को सफल आयोजनापश्चात् हामीहरू पहिलोपटक राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकमा सहभागी भएका छौँ। म यस ऐतिहासिक घडीमा परिषद्को बैठकमा उपस्थित हुनुभएका सम्पूर्ण कमरेडहरूलाई हार्दिक स्वागत गर्दछु।

हामीहरू प्रथम विधान महाधिवेशनको सफल आयोजना गरिएको गोदावरीको सनराइज हलमा वैशाख १० गतेसम्म रहने छौँ। वैशाख ८ र ९ गते परिषद्को बैठक र वैशाख १० गतेका दिन पार्टी स्थापनाको हीरक महोत्सवको विशेष समारोहमा सहभागी भएर नयाँ उत्साह र सङ्कल्पका साथ आआफ्नो कार्यक्षेत्रमा फर्किने छौँ।

पार्टी विधानले अर्को राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि चयन नभएसम्म राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्य कायम रहने व्यवस्था गरेको छ। राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम रहेका छन् ः

क) केन्द्रीय कमिटी र केन्द्रीय निकायका तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।
ख) केन्द्रीय कमिटी र केन्द्रीय निकायका समग्र कामको समीक्षा गर्ने र आवश्यक निर्देशन दिने।
ग) यस विधानमा उल्लेख भएबमोजिम विधान महधिवेशनको हैसियतमा काम गर्ने।

म प्रथम राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकमा पार्टी विधानको व्यवस्थाअनुरूप पार्टीको सङ्गठनात्मक कार्यहरूबारे प्रतिवेदन प्रस्तुत गर्न लागिरहेको छु। यस ऐतिहासिक क्षणमा नेपालको गौरवपूर्ण कम्युनिस्ट आन्दोलन, देशभक्तिपूर्ण आन्दोलन तथा लोकतान्त्रिक आन्दोलनका क्रममा विभिन्न कालखण्डमा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण वीर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। नेपाल कम्युनिस्ट पार्टी स्थापनाको हीरक महोत्सवको समयमा प्रथम महाधिवेशन प्रतिनिधि परिषद् बैठक बस्न लागिरहेको महत्वपूर्ण क्षणमा नेकपाका संस्थापक महासचिव कमरेड पुष्पलाल, पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा स्थापित जनताको बहुदलीय जनवादका प्रवर्तक जननेता मदन भण्डारी, प्रथम जननिर्वाचित कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारीलगायतका सम्पूर्ण अग्रज नेताहरूको उच्च सम्मानका साथ स्मरण गर्दछु।

यसै अवधिमा हामीले हाम्रो पार्टीका केन्द्रीय उपाध्यक्ष तथा ऐतिहासिक संविधानसभाका अध्यक्ष कमरेड सुवासचन्द्र नेम्वाङलाई गुमाएका छौँ। म उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस अवधिमा दिवङ्गत हुनुभएका केन्द्रीय निकायका सम्पूर्ण कमरेडहरूप्रति श्रद्धासुमन अर्पण गर्दछु।

अब म बैठक समक्ष दशौँ राष्ट्रिय महाधिवेशनयताका सङ्गठनात्मक कार्यहरूका बारेमा प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. गौरवपूर्ण आन्दोलनसँगै नीति र नेतृत्वको रक्षा

गोदावरीको यसै सनराइज हलमा आयोजित प्रथम विधान महाधिवेशन (असोज १५–१७, २०७८ मा भेला भइरहँदा धेरैका मनमा हाम्रो पार्टीको भविष्य के हुने हो भन्ने चिन्ता र द्विविधा देखिन्थ्यो। त्यतिवेला पार्टी र नेतृत्वमाथि चौतर्फी घेराबन्दी र आक्रमण भइरहेको थियो। नेकपाभित्रको अन्तरसङ्घर्षको प्रभाव पुनर्स्थापित नेकपा(एमाले) भित्र पनि परिरहेको थियो। नेकपाको निरन्तरताका रूपमा नेकपा(एमाले) लाई पुनर्स्थापित गर्ने प्रयासका विरुद्धमा एउटा पङ्क्ति क्रियाशील थियो। पुनर्स्थापित पार्टीलाई विभाजित गर्नका लागि २० प्रतिशत केन्द्रीय सदस्य वा संसदीय दलका सांसद–सदस्य भए पुग्नेगरी अध्यादेश जारी गरेर षड्यन्त्रपूर्ण तरिकाबाट पार्टीलाई विभाजन गरिएको थियो। नेकपा(एमाले) को विभाजनसँगै उक्त अध्यादेश फिर्ता लिएर षड्यन्त्रलाई उदाङ्गो बनाइएको थियो। नेकपाकालमा पार्टी नीति र नेतृत्वको रक्षाका लागि खडा भएको पार्टी पङ्क्ति र पार्टी पुनर्स्थापित भएपछि षड्यन्त्रपूर्ण पार्टी विभाजनको विपक्षमा उभिएको पङ्क्तिको सहभागितामा विधान महाधिवेशनको आयोजना गरिएको थियो। केन्द्रीय नेतृत्व र देशभरिबाट आउनुभएका करिब ६ हजार प्रतिनिधिको उपस्थितिमा आयोजित उक्त विधान महाधिवेशनमा उपस्थित अगुवा कार्यकर्ताको उत्साहपूर्ण सहभागिताले पार्टीको भविष्यका बारेमा व्याप्त चिन्तालाई निकै हदसम्म अन्त्य गरेको थियो। प्रथम ऐतिहासिक विधान महाधिवेशनबाट राजनीतिक प्रतिवेदन, सङ्गठनात्मक प्रस्ताव र विधान संशोधन प्रस्तावजस्ता राजनीतिक एवम् सङ्गठनात्मक दृष्टिले महत्वपूर्ण प्रस्तावहरूलाई सर्वसम्मतिका साथ पारित गरिएको थियो। उक्त विधान महाधिवेशनको ऐतिहासिक सफलताले पार्टीको वैचारिक, राजनीतिक र सङ्गठनात्मक जीवनलाई पुनःव्यवस्थित गर्ने काम गरेको थियो। विधान महाधिवेशन सम्पन्न भएको दुई महिना पूरा नहुँदै मङ्सिर १०–१४, २०७८ मा चितवनमा दशौँ राष्ट्रिय महाधिवेशनको आयोजना गरियो। राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोह भरतपुर महानगरपालिकास्थित नारायणी नदी किनारमा जनताको विशाल उपस्थितिमा भव्य रुपमा आयोजना भयो भने बन्दसत्र चितवनकै सौराहमा सम्पन्न भएको थियो। महाधिवेशनको भव्यता र ऐतिहासिक महत्वका साक्षी तपाईँ–हामी सबै आज यहाँ उपस्थित भएका छौँ।

*विधान महाधिवेशन पार्टी र नेतृत्वको प्रमुख हिस्सा पार्टी रक्षाका पक्षमा रहेको सन्देश दिन सफल भएको थियो भने जनताको व्यापक उपस्थितिमा सम्पन्न दशौँ राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहको सफलताले जनताको समर्थन नेकपा (एमाले) प्रति नै रहेको स्पष्ट सन्देश दिएको थियो।*

विधान महाधिवेशन पार्टी र नेतृत्वको प्रमुख हिस्सा पार्टी रक्षाका पक्षमा रहेको सन्देश दिन सफल भएको थियो भने जनताको व्यापक उपस्थितिमा सम्पन्न दशौँ राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहको सफलताले जनताको समर्थन नेकपा (एमाले) प्रति नै रहेको स्पष्ट सन्देश दिएको थियो। उक्त महाधिवेशनले लोकतान्त्रिक विधिबाट कमरेड केपी शर्मा ओलीको अध्यक्षतामा एकजना वरिष्ठ उपाध्यक्ष, छ जना उपाध्यक्ष, एकजना महासचिव, तीनजना उपमहासचिव र सातजना सचिव गरी १९ सदस्यीय पदाधिकारीसहित ३ सय १ सदस्यीय केन्द्रीय कमिटी चयन गरेको थियो। उक्त महाधिवेशनले केन्द्रीय अनुशासन आयोग र निर्वाचन आयोगसमेत चयन गरेको थियो। विधान महाधिवेशनबाटै केन्द्रीय निर्वाचन आयोग गठन गरिएको थियो। केन्द्रीय कमिटीमा ३३ प्रतिशत महिलाको सहभागितासहित समावेशिताको मर्म र भावनालाई व्यवहारतः सुनिश्चित गर्ने काम दशौँ राष्ट्रिय महाधिवेशनबाट गरिएको थियो।

हामी राष्ट्रिय महाधिवेशन सम्पन्न भएको साढे दुई वर्ष पुग्न लागिरहेको वेला राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकमा सहभागी भएका छौँ। यस अवधिमा हामीले पार्टी र आन्दोलनको रक्षा र

विकासका लागि के–के गऱ्यौँ ? के–कति कुरामा कमी–कमजोरीहरू रहे ? अब के–कस्ता कामहरूसँगै अगाडि बढ्नुपर्दछ ? भनेर छलफल गरी निष्कर्ष निकाल्ने बैठकमा भेला भएका छौँ । यस सन्दर्भमा म विषयवस्तुमा प्रवेश गर्ने अनुमति चाहन्छु ।

## २. महाधिवेशनको दिशानिर्देश : भविष्य उज्यालो छ, समर्पण र सक्रियता आवश्यक छ

महाधिवेशनवाट पारित राजनीतिक प्रतिवेदनले त्यतिवेलाको राजनीतिक परिस्थिति र शक्तिसन्तुलनको अवस्थाको वस्तुनिष्ठ मूल्याङ्कन गर्दै पार्टीको सिद्धान्त, कार्यक्रम, कार्यदिशा र नीतिमा प्रस्टता प्रदान गरेको थियो । यसले २०६२/६३ को राजनीतिक क्रान्तिपछिको कार्यदिशा र कार्यभारका प्रश्नमा रहेको अस्पष्टता र अलमललाई अन्त्य गर्ने काम गरेको थियो । राजनीतिक प्रतिवेदनमा भनिएको छ "संवैधानिक, शान्तिपूर्ण र लोकतान्त्रिक प्रतिस्पर्धाको बाटोबाट जनताको बहुदलीय जनवादको कार्यक्रम लागु गर्दै राष्ट्रिय पुँजीको विकास गर्नु र समाजवादको आधार निर्माण गर्नु हामीले अवलम्बन गरेको राजनीतिक कार्यदिशाको सार हो । आवधिक निर्वाचन, सङ्घीय संसदसहित सबै तहका जनप्रतिनिधि निकाय र सरकार कामको मुख्य क्षेत्रका रूपमा रहन्छन् । तर हामी यतिमा सीमित रहँदैनौ । जनसरोकार र राष्ट्रिय हितका प्रश्नमा आवश्यकताअनुसार जनपरिचालन गर्नुपर्छ, शान्तिपूर्ण र वैधानिक आन्दोलनका माध्यमबाट जनदबाब सृष्टि गर्दै अघि बढ्ने हाम्रो क्रान्तिको बाटो हो ।"

यही दृष्टिकोणका आधारमा महाधिवेशनले ८ बुँदे कार्यभार तय गरेको छ । जसमा, (१) पार्टीलाई एकताबद्ध, सुदृढ र व्यापक जनआधारित बनाउने, (२) पार्टीमा सुदृढीकरण र शुद्धीकरण अभियान सञ्चालन गर्ने, (३) आगामी निर्वाचनमा बहुमत प्राप्त पहिलो शक्तिका रूपमा पार्टीलाई स्थापित गर्ने, (४) दक्षिणपन्थी अवसरवादी गठबन्धन र त्यसले सञ्चालन गरेको सरकारका गलत काम र क्रियाकलापको विरोध गर्ने, (५) राष्ट्रियताको सुदृढीकरण, राष्ट्रियहितको रक्षा र राष्ट्रिय स्वाभिमानको अभिवृद्धि गर्ने, (६) लोकतन्त्रको सुदृढीकरण, संविधानको रक्षा र विकास एवम् राजनीतिक स्थायित्वको सम्बर्द्धन गर्ने, (७) मौलिक सांस्कृतिक मूल्यहरूको सम्बर्द्धन र सांस्कृतिक रूपान्तरण गर्ने र (८) आर्थिक विकास र समृद्धिको यात्रालाई निरन्तर अघि बढाउने ।

*पार्टी यतिवेला महाधिवेशनले निर्धारण गरेका यिनै कार्यभारहरू पूरा गर्ने दिशामा क्रियाशील छ । केन्द्रीय तहमा नीति र नेतृत्वका प्रश्नमा पार्टी एकताबद्ध छ । राजनीतिक सन्दर्भमा पार्टीले सर्वसम्मत रूपमा आफ्ना नीति र दृष्टिकोणहरू प्रस्तुत गर्दैआएको छ ।*

पार्टी यतिवेला महाधिवेशनले निर्धारण गरेका यिनै कार्यभारहरू पूरा गर्ने दिशामा क्रियाशील छ । केन्द्रीय तहमा नीति र नेतृत्वका प्रश्नमा पार्टी एकताबद्ध छ । राजनीतिक सन्दर्भमा पार्टीले सर्वसम्मत रूपमा आफ्ना नीति र दृष्टिकोणहरू प्रस्तुत गर्दैआएको छ । विधान महाधिवेशनयता सङ्गठनात्मक कामलाई व्यवस्थित गर्ने प्रयास जारी छ । अस्तव्यस्त बनेको सङ्गठनात्मक ढाँचालाई एकैपटक वडा अधिवेशन, एकैपटक पालिका अधिवेशन र एकैपटक जिल्ला अधिवेशनको आयोजना गरी व्यवस्थित बनाउने काम भएको छ । महाधिवेशनपछि भौतिक उपस्थितिमा सदस्यता नवीकरण गर्दै सदस्यताको अभिलेख व्यवस्थित गर्ने काम सम्पन्न भएको छ । नवीकृत सदस्यताका आधारमा प्रदेश अधिवेशन हुँदै स्थानीय तहका अधिवेशनहरू सम्पन्न गर्ने प्रक्रिया सुरु भएको छ । केन्द्रदेखि आधारभूत तहसम्म झन्डै ३ लाखको हाराहारीमा पार्टी सदस्यहरू पार्टीको सङ्गठन प्रणालीमा आबद्ध भएका छन् । विभाग र पार्टीसम्बद्ध जनसङ्गठनहरूमा सङ्गठित हुने सङ्ख्या यसभन्दा धेरै छ । तर, स्थानीय स्तरमा प्रकट हुने नेतृत्वको आकाङ्क्षा र अवसरको प्रयोगका सन्दर्भमा उत्पन्न हुने अस्वस्थ प्रतिस्पर्धाका कारणले पार्टीको आन्तरिक जीवनलाई असहज बनाउने हो कि भन्ने चिन्ता बढेको छ । त्यसैले, स्थानीय तहमा उत्पन्न भएका र हुन खोजिरहेका अन्तरविरोधहरूलाई समयमै समाधान गरी केन्द्रीय नीति र नेतृत्वको मार्गदर्शनमा एकताबद्ध रूपमा अघि बढ्नुको विकल्प छैन । विकास र

समृद्धिको उद्देश्यलाई सफल बनाउन दूरदर्शी नेतृत्व, बलियो राजनीतिक दल र राजनीतिक स्थायित्व अपरिहार्य मान्ने गरिन्छ। नेपाली राजनीतिमा नेकपा (एमाले) त्यो आधार प्रदान गर्नसक्ने एकमात्र सक्षम राजनीतिक दलका रूपमा उपस्थित छ। मुलुकको सही नेतृत्व नेकपा (एमाले) ले मात्र गर्नसक्छ भन्ने स्पष्ट भैसकेको छ। त्यही तथ्यलाई भावी लक्ष्यको रूपमा आत्मसात गरी आगामी निर्वाचनमा एकल बहुमत हासिल गर्नेगरी पार्टी काम केन्द्रित गर्नुपर्दछ।

## ३. सङ्गठनात्मक शून्यता अन्त्य भएको छ, व्यवस्थित हुने प्रक्रिया जारी छ

नेकपाकालमा नेकपा(एमाले) को व्यवस्थित सङ्गठन प्रणाली भत्किन पुग्यो। पार्टी एकतासँगै ठूलो आकारको केन्द्रीय कमिटी गठन भयो। पार्टीका आधारभूत तहका सङ्गठनहरू, पार्टी सम्बद्ध जनसङ्गठनहरू, विभागहरू र केन्द्रीय निकायहरू सबै विघटित गरिए। तीन महिनाभित्र एकता प्रक्रियालाई पूर्णता दिने भनिए पनि तीन वर्षसम्म पार्टी एकताले पूर्णता पाउन सकेन। पार्टी एकताले पूर्णता नपाउँदै पार्टी नेतृत्व अन्तरसङ्घर्षको दलदलमा फस्न पुग्यो।

*नेकपाकालमा नेकपा(एमाले) को व्यवस्थित सङ्गठन प्रणाली भत्किन पुग्यो। पार्टी एकतासँगै ठूलो आकारको केन्द्रीय कमिटी गठन भयो। पार्टीका आधारभूत तहका सङ्गठनहरू, पार्टी सम्बद्ध जनसङ्गठनहरू, विभागहरू र केन्द्रीय निकायहरू सबै विघटित गरिए।*

उक्त दलदलबाट पार्टीलाई बाहिर निकाल्ने क्रममा पार्टी पुनर्गठनको नयाँ प्रक्रिया सुरु भयो। यतिवेला पार्टी सङ्गठनात्मक शून्यताको सुरुङबाट बाहिर निक्लिएको छ। विगतको व्यवस्थित, वैज्ञानिक र गौरवपूर्ण सङ्गठन प्रणाली र पार्टी शैलीलाई स्थापित गर्ने प्रक्रिया सुरु भएको छ। विधान महाधिवेशनबाट पारित सङ्गठनात्मक प्रस्तावले पार्टी निर्माणमा देखिएका समस्याहरूलाई सूत्रबद्ध गर्दै त्यसको समाधानका लागि दिशानिर्देश गरेको छ। पार्टी निर्माणका क्षेत्रमा देखिएका समस्याहरूलाई निम्नानुसार सूत्रबद्ध गरिएको छ :

१) अध्ययन र प्रशिक्षणको कमी,
२) पार्टी सदस्यताको मापदण्डको पालनामा समस्या,
३) ठुला आकारका कमिटीहरूको सञ्चालनमा समस्या,
४) वैधानिक व्यवस्थाअनुसार अधिवेशनको आयोजना र व्यवस्थापनको समस्या,
५) दक्षिणपन्थी अवसरवाद, सङ्गठनात्मक अराजकता र गुटबन्दीको समस्या,
६) गैर–भौगोलिक क्षेत्रका कामको संयोजनको समस्या,
७) पार्टी काम र कार्यकर्ताको मूल्याङ्कनको समस्या,
८) पहिचानका मुद्दामा केन्द्रित हुने समस्या,
९) पार्टी कामको दोहोरोपनाको समस्या,
१०) काठमाडौँ उपत्यकामा पार्टी कामको व्यवस्थापनको समस्या,
११) परिभाषित काम र परिणाममुखी कार्यविभाजनको समस्या,
१२) जनसङ्गठनको प्रभावकारी परिचालनको समस्या,
१३) आदर्श र व्यवहारबीचको समस्या।

उपरोक्त समस्याहरूबाट गुज्रिरहेको पार्टीको सङ्गठनात्मक कामलाई व्यवस्थित गर्न तथा पार्टीको राजनीतिक कार्यदिशा र कार्यभारअनुरुपको पार्टी निर्माणका लागि महाधिवेशनले २० बुँदे कार्ययोजना अघि सारेको छ। जसमा, १) वैचारिक स्पष्टता, बुझाइ र गराइमा एकरुपता, २) राज्यसंरचना सापेक्ष पार्टी सङ्गठनको निर्माण, ३) नीति र विधिनिर्माणमा केन्द्रित महाधिवेशनको आयोजना, ४) सकारात्मक सोच र रचनात्मक व्यवहारको विकास, ५) विधिसम्मत पार्टी सञ्चालन, ६) पार्टी सदस्यता विस्तार र गुणस्तरमा वृद्धि, ७) दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकताका विरुद्धको वैचारिक

सङ्घर्ष, ८) आर्थिक–सामाजिक विकासमा अगुवाई गर्ने पार्टी पङ्क्तिको निर्माण, ९) पार्टी सम्बद्ध जनसङ्गठनहरूबीच घनिष्ट सम्बन्ध र समन्वय, १०) पार्टी जीवनको लोकतान्त्रीकरणको सिर्जनात्मक प्रयोग, ११) पारदर्शिता, असल आचरण र जीवनशैलीको विकास,१२) नेतृत्व विकास र हस्तान्तरणको विधिसम्मत प्रणाली, १३) जनसम्बन्धको विकास र विस्तार, १४) सामाजिक र सामुदायिक सङ्गठनमा पार्टी नेतृत्व स्थापित गर्ने, १५) समग्र प्रवासको कामको व्यवस्थापन, १६) संसदीय क्षेत्र, सरकार र पार्टी कामको संयोजन, १७) विभिन्न तहका निर्वाचनको तयारी, १८) जनसरोकारका कामका क्षेत्रमा पार्टीको नेतृत्व स्थापित गर्ने, १९) सामाजिक सेवा र लोककल्याणकारी कार्य गर्ने र २०) पार्टी केन्द्रीय कार्यालयको भवन निर्माण गर्ने कामहरू रहेका छन् ।

यतिवेला पार्टीको सङ्गठनात्मक कार्यहरू उपरोक्त कार्ययोजनाअनुरुप अघि बढिरहेका छन् । 'मिसन ग्रासरुट' का माध्यमबाट पार्टीको सङ्गठनात्मक जीवनको एक्स–रे गर्ने काम भएको छ । त्यसको जगमा व्यवस्थित कार्ययोजना बनाएर पार्टीलाई बलियो राष्ट्रिय शक्तिका रूपमा सुदृढ गर्ने उद्देश्यका साथ पार्टीको सङ्गठनात्मक जीवनलाई सुव्यवस्थित बनाउने प्रयत्नहरू भइरहेका छन् ।

## ४. घेराबन्दी तोडिएको छ, तर लक्ष्य भेदन गर्न बाँकी छ

महाधिवेशनले 'दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई पराजित गरौँ, जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गरौँ' भन्ने मूल नारा तय गरेको छ । पार्टी निर्माणका सन्दर्भमा महाधिवेशन चुनौती र कार्यभारलाई मूल नाराका माध्यमबाट जीवन्त रूपमा सूत्रबद्ध गर्न सफल भएको छ । पार्टीको पाँचौँ राष्ट्रिय महाधिवेशनले जननेता मदन भण्डारीको नेतृत्वमा जबजका माध्यमबाट विचारधारात्मक क्षेत्रमा अघि बढाएको युगान्तकारी कदमलाई पार्टीको आठौँ महाधिवेशका माध्यमबाट वैचारिक र सङ्गठनात्मक रूपमा संस्थागत गर्ने काम भएको थियो । नेपाली क्रान्तिलाई जबजको मौलिक बाटोबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म विस्तार गर्ने कुरामा हाम्रो पार्टीको नेतृत्वकारी भूमिका रह्यो । सशस्त्र विद्रोहलाई शान्तिप्रक्रियामार्फत मूलधारको राजनीतिमा स्थापित गर्ने कुरामा समेत पाँचौँ राष्ट्रिय महाधिवेशनको मूल नारा 'जडसूत्रवाद र विसर्जनवादको विरोध गरौँ, मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौँ' ले महत्वपूर्ण भूमिका निर्वाह गर्न पुगेको थियो । यद्यपि, उक्त राजनीतिक सच्चाइलाई आत्मसात गर्ने कुरामा नेपालको बौद्धिक वर्ग अझै अलमलमा परेको देखिन्छ । पाँचौँ राष्ट्रिय महाधिवेशनपश्चात् पार्टीको दशौँ राष्ट्रिय महाधिवेशनको मूल नारा 'दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई पराजित गरौँ, जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गरौँ' अत्यन्त जीवन्त र सामयिक रहेको छ ।

*यतिवेला दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकताका विरुद्ध पार्टीको वैचारिक र सङ्गठनात्मक सङ्घर्ष अघि बढिरहेको छ । तर अहिले पनि दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकता कुनै न कुनै ढङ्गले हाम्रो आन्दोलनको चुनौतीका रूपमा रहिरहेकै छ ।*

यतिवेला दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकताका विरुद्ध पार्टीको वैचारिक र सङ्गठनात्मक सङ्घर्ष अघि बढिरहेको छ । विगतको तुलनामा यस दिशामा महत्वपूर्ण उपलब्धि हासिल भएको छ । तर अहिले पनि दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकता कुनै न कुनै ढङ्गले हाम्रो आन्दोलनको चुनौतीका रूपमा रहिरहेकै छ । पछिल्लो समयमा पार्टीले व्यवस्थित प्रशिक्षण र विधिसम्मत सङ्गठन प्रणालीका माध्यमबाट त्यसमाथि विजय हासिल गर्ने प्रयास गरिरहेको छ ।

अहिले वैचारिक–राजनीतिक प्रश्नमा पार्टी एकताबद्ध छ । पार्टीको सङ्गठनात्मक जीवनमा उल्लेख्य सुधार भएको छ । यस वर्षलाई पार्टी शुद्धीकरण र सुदृढीकरणको वर्षका रूपमा अघि बढाउने गरी योजनावद्ध पहल अघि बढाइँदैछ । नेकपाकालको सङ्गठनात्मक शून्यताले उत्पन्न गरेका चुनौती

र विभाजनको असरबाट पार्टी पूर्णतः मुक्त नभइसकेको अवस्थामा यस अवधिमा सम्पन्न स्थानीय र आमनिर्वाचनमा पार्टीले अपेक्षाअनुरूपको सफलता पाउन नसके पनि चौतर्फी घेराबन्दी र आक्रमणका बीचमा हाम्रो पार्टी जनताको रोजाइको पहिलो पार्टी बन्न पुग्यो। नेपाली काङ्ग्रेससँगको मतान्तरमा हाम्रो पार्टीको मत २०७४ सालको निर्वाचनको तुलनामा बढेर गएको छ। तर, परिणामको दृष्टिकोणबाट हेर्दा चुनावी गठबन्धनको लाभ नेपाली काङ्ग्रेसले पाउन सफल भएको देखिन्छ। तथापि, दक्षिणपन्थी गठबन्धनका विरुद्धको हाम्रो राजनीतिक सङ्घर्ष यतिवेला सफल भएको छ। दक्षिणपन्थी गठबन्धन योजनाबद्ध पहलबाट भत्किएको छ। प्रमुख वामपन्थी दलहरूको सहभागितामा ५ राजनीतिक दलको नयाँ सत्ता–समीकरण निर्माण भएको छ। यसबाट दक्षिणपन्थी गठबन्धनका कारणले सुरु भएको मुलुकको ओरालो यात्रा रोकिएर सकारात्मक दिशा प्राप्त हुने सम्भावना बढेको छ।

हाम्रो पार्टी वर्तमान सत्ता–समीकरणलाई निरन्तरता दिँदै आमनिर्वाचनसम्म लैजान चाहन्छ। सोहीअनुसारको सकारात्मक भूमिका पार्टीले खेलिरहेको छ। असन्तुलित बनेको पराराष्ट्र नीतिलाई नयाँ सत्ता–समीकरणबाट सही बाटोमा अघि बढाउने आधार तयार भएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र र नेपालको मौलिक सांस्कृतिक आधारलाई कमजोर बनाउने प्रतिगामी, जातिवादी र धार्मिक अतिवादी प्रवृत्तिका विरुद्धमा पार्टीले निरन्तर खबरदारी गर्दै आएको छ। ‘समृद्ध नेपाल, सुखी नेपाली’ को राष्ट्रिय आकाङ्क्षाअनुरूप विकास र समृद्धिको यात्रा हाम्रो पार्टी सरकारको नेतृत्वबाट बाहिरिएसँगै अवरुद्ध बन्न पुगेको थियो। यतिवेला सरकारमा सहभागी ५ राजनीतिक दलका तर्फबाट न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्प तयार गरी सरकारलाई सकारात्मक दिशामा अघि बढाउने प्रयास भइरहेको छ। यद्यपि, त्रिशङ्कु संसदका कारण राजनीतिक अस्थिरता र अन्योल कायम रहेको अवस्थामा आमजनतामा आशा जागृत गरी राष्ट्रनिर्माणको दिशामा डोऱ्याउने कुरा भने चुनौतीपूर्ण छँदैछ। त्यसका लागि हाम्रो पार्टीलाई बलियो र निर्णायक राष्ट्रिय शक्तिका रूपमा सुदृढ गर्दै आगामी निर्वाचनमा निर्णायक सफलता हासिल गर्ने योजनाका साथ अघि पार्टीको संगठनात्मक कामलाई व्यवस्थित रुपमा अघि बढाउनु पर्दछ।

*दक्षिणपन्थी गठबन्धन योजनाबद्ध पहलबाट भत्किएको छ। प्रमुख वामपन्थी दलहरूको सहभागितामा ५ राजनीतिक दलको नयाँ सत्ता–समीकरण निर्माण भएको छ। यसबाट दक्षिणपन्थी गठबन्धनका कारणले सुरु भएको मुलुकको ओरालो यात्रा रोकिएर सकारात्मक दिशा प्राप्त हुने सम्भावना बढेको छ।*

## ५. केन्द्रीय कमिटी बैठक नियमित, छरितो र व्यवस्थित

कुनै समय यस्तो अवस्था थियो, एउटै बैठक विनाकुनै एजेन्डा महिनौँ चल्थ्यो र कुनै ठोस निर्णयविना समाप्त हुन्थ्यो। बैठक सञ्चालनको कार्यविधि तयार गरेर अघि बढ्न खोज्दा पनि बैठक समयमा सम्पन्न हुँदैनथ्यो। तर, अहिले त्यस्तो अवस्थाको अन्त्य भएको छ। बैठक आयोजना गर्नुपूर्व पर्याप्त तयारी गर्ने र तोकिएको समयमा सम्पन्न हुने अवस्था सिर्जना भएको छ। दशौँ राष्ट्रिय महाधिवेशनयता केन्द्रीय कमिटीका ७ वटा बैठक सम्पन्न भएका छन्। केन्द्रीय कमिटीको पहिलो बैठक महाधिवेशनस्थलमा नै आयोजना गरिएको थियो। उक्त बैठकमा केन्द्रीय सदस्यहरूको सपथ ग्रहण कार्यक्रमको आयोजना गर्नुका साथै दोस्रो बैठकको मिति तोक्ने काम गरिएको थियो। मङ्सिर २५–२६ मा बसेको दोस्रो बैठकबाट महाधिवेशनको सामान्य समीक्षा गर्नुका साथै केन्द्रीय कमिटीमा विधानअनुरुप मनोनयन गर्न पाउने १० प्रतिशत र एकता तथा एकीकरण प्रक्रियाबाट १० प्रतिशत गरी जम्मा ४४ जना सदस्य मनोनयन गरिएको थियो, जसमा एकतिहाई महिला सदस्य रहनुभएको छ। उक्त बैठकले विधानको नयाँ व्यवस्थाअनुरुप सातवटै प्रदेश सङ्गठन कमिटी, उपत्यका विशेष कमिटी र सम्पर्क समन्वय कमिटीका पदाधिकारी मनोनयन गऱ्यो। सोही बैठकले पदाधिकारी र पदेन सदस्यबाहेक ८० जना पोलिट्ब्युरो सदस्य र २६ जना स्थायी कमिटी सदस्य चयन गऱ्यो। पदाधिकारी, स्थायी कमिटी र पोलिटव्युरो सदस्यको वरियताक्रम तोक्ने कामसमेत सोही बैठकले गऱ्यो। सोही बैठकले कमरेड नेता अमृत बोहरालाई सल्लाहकार परिषद्को अध्यक्षमा मनोनयन गऱ्यो र पूर्व केन्द्रीय सदस्यहरू

सल्लाहकार परिषद्को सदस्य हुने नीतिगत निर्णयसमेत गर्‍यो। बैठकले उपाध्यक्षहरूका लागि नीति अनुसन्धान प्रतिष्ठान, संसदीय मामिला, राजकीय मामिला, प्रदेश र स्थानीय तह, राजनीतिक समन्वय, पार्टीको साङ्गठनिक कामको अनुगमन तथा कूटनीतिक सम्बन्ध एवम् राष्ट्रिय सुरक्षा गरी सातवटा विशिष्ट काम/जिम्मेवारी निर्धारण गरेको थियो। उक्त बैठकले पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गरेको थियो। महाधिवेशन सम्पन्न भएको दुई हप्ता नबित्दै केन्द्रीय कमिटीको बैठकबाट यति धेरै निर्णय हुनु आफैँमा ठुलो उपलब्धि हो।

केन्द्रीय कमिटीको तेस्रो बैठक चैत ९–१०,२०७८ मा सम्पन्न भएको थियो। केन्द्रीय कमिटीको बैठकको पूर्वसन्ध्यामा पोलिटव्युरोको बैठक आयोजना गरिएको थियो। केन्द्रीय कमिटीको बैठकपश्चात् चैत १३ मा स्थायी कमिटीको बैठक बसेको थियो। उक्त बैठक स्थानीय तहको निर्वाचनमा केन्द्रित रह्यो। बैठकले उम्मेदवार छनोटको विधि र मापदण्ड तय गर्नुका साथै समग्र पार्टी कामलाई निर्वाचनको तयारीमा केन्द्रित गर्न निर्देश गरेको थियो। तेस्रो बैठकबाट पार्टीको आफ्नै मोवाइल एप प्रयोगमा ल्याउने निर्णय गरेको थियो।

केन्द्रीय कमिटीको चौथो बैठक भदौ १०–११, २०७८ मा सम्पन्न भएको थियो। आमनिर्वाचनको तयारीमा केन्द्रित उक्त बैठकले उम्मेदवार सिफारिस प्रक्रिया र मापदण्ड निर्धारण गर्नुका साथै चुनावी घोषणापत्र तयारीको योजना बनाएको थियो। निर्वाचन परिचालनका सन्दर्भमा विस्तृत कार्ययोजना तयार गरी लागु गरिएको थियो। उक्त बैठकले समानुपातिकबाट प्रतिनिधिसभा र प्रदेशसभामा सदस्य भएकालाई सोही पदमा नदोहर्‍याउने नीति अवलम्बन गरेको थियो। बैठकले स्थानीय तहको निर्वाचनमा प्राप्त मतमा ६ प्रतिशत मत वृद्धि गर्नसक्दा बहुमत प्राप्त हुने निष्कर्षसहितको मतवृद्धिको योजना अघि सारेको थियो। उक्त योजनाअन्तर्गत प्रत्येक पार्टी सदस्यले दुई मत थप गर्नुपर्ने प्रस्ताव गरिएको थियो। पार्टी सदस्यता नम्बरमा दोहोरोपनाको समस्या देखिएकोले त्यसलाई समाधान गर्नका लागि नयाँ नम्बर प्रदान गर्ने अनुमति बैठकले केन्द्रीय सङ्गठन विभागलाई दिएको थियो। सोही बैठकले पार्टी प्रवेशको प्रक्रियाबाट आउनुभएका ४ जना कमरेडहरूलाई केन्द्रीय सदस्यमा मनोनयन गरेको थियो।

*स्थानीय तहको निर्वाचनमा प्राप्त मतमा ६ प्रतिशत मत वृद्धि गर्नसक्दा बहुमत प्राप्त हुने निष्कर्षसहितको मतवृद्धिको योजना अघि सारेको थियो। उक्त योजनाअन्तर्गत प्रत्येक पार्टी सदस्यले दुई मत थप गर्नुपर्ने प्रस्ताव गरिएको थियो।*

केन्द्रीय कमिटीको पाँचौँ बैठक आमनिर्वाचन र आमनिर्वाचनपश्चात् सञ्चालन गरिएको 'मिसन ग्रासरुट' को समाप्तिपछि वैशाख २८–३०, २०८० मा पार्टी केन्द्रीय कार्यालय च्यासलमा सम्पन्न भएको थियो। उक्त बैठकमा 'मिसन ग्रासरुट' को समीक्षा गर्नुका साथै त्यसको जगमा वार्षिक कार्ययोजना तर्जुमा गर्ने र सोहीअनुरुप हरेक सदस्यलाई परिभाषित कामको जिम्मा प्राप्त हुनेगरी नयाँ कार्यविभाजन गरिएको थियो। केन्द्रीय नेतृत्वको एउटा हिस्सालाई विभाग र फाँटको जिम्मा दिएर ठूलो हिस्सालाई भूगोलको काममा परिचालन गरिएको छ। यसअन्तर्गत प्रदेश र जिल्ला इन्चार्जमा फरक भूगोलका कमरेडहरूलाई जिम्मेवारी दिइएको छ। अन्य सदस्यहरूलाई सम्बन्धित जिल्लाका पालिकाको इन्चार्जका रूपमा जिम्मेवारी प्रदान गरिएको छ। विभागीय कामलाई ७ भागमा विभाजन गरी पार्टीका उपाध्यक्षहरूलाई विभागीय कामको संयोजन गर्ने थप जिम्मेवारी प्रदान गरिएको छ। एकवर्षका लागि भनेर निर्धारण गरिएको कार्यविभाजन राष्ट्रिय प्रतिनिधि परिषद्को बैठकपछि आवश्यक समीक्षा गरी पुनः हेरफेर गरिनेछ। केन्द्रीय कमिटीको पाँचौँ बैठकले एकता र एकीकरणको प्रक्रियाबाट आउनुभएका १२ जना कमरेडहरूसहित १३ जनालाई केन्द्रीय कमिटीको सदस्यमा मनोनयन गरेको छ। केन्द्रीय सचिव टोपबहादुर रायमाझीलाई अदालतमा चलिरहेको मुद्दा किनारा नलाग्दासम्म निलम्बन गर्ने र केन्द्रीय सदस्य हरिनारायण महतोले आफ्नो कमजोरी स्वीकार

गर्दै लिखित आत्मालोचना पत्र बुझाउनु भएकोले निलम्बन फुकुवा गर्ने निर्णय गरिएको छ। बैठकले पार्टी विधानमा रहेको ७० वर्ष उमेरको हद निलम्बन गर्ने निर्णय गरेको छ। पार्टी सदस्य शुल्क मासिक १५ रुपियाँको बाँडफाँटको अनुपात हेरफेर गरिएको छ। अब उक्त शुल्कबाट केन्द्रले ३५, प्रदेश र जिल्लाले २०, पालिकाले १५, र वडाले १० प्रतिशत हिस्सा प्राप्त गर्नेछन् । वडालाई पार्टी कामको महत्वपूर्ण क्षेत्रका रूपमा विकास गर्नुपर्ने भएकोले वडालाई समेत समावेश गरी नयाँ व्यवस्था लागु गरिएको हो। यस वर्षको सदस्यता नवीकरण र विस्तारसँगै नयाँ व्यवस्था लागु गरिनेछ। प्रदेश अध्यक्ष पोलिटव्युरो सदस्यसरह हुने र केन्द्रीय कार्यालयको सचिव पदेन केन्द्रीय सदस्य हुने व्यवस्था पनि यसै बैठकबाट गरिएको हो। बैठकले १२ बुँदे वार्षिक कार्ययोजना पारित गरी कार्यान्वयनमा ल्याएको छ।

पार्टी केन्द्रीय कमिटीको छैटौँ बैठक 'झुलाघाट–चिवाभञ्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा' को तयारीका लागि ९ मङ्सिर, २०८० मा काठमाडौँमा बसेको थियो। मङ्सिर १४ गतेबाट सुरु भएको उक्त यात्रा पुस १ गते चिवाभञ्ज्याङमा गएर सम्पन्न भएको थियो। उक्त बैठकबाट यात्रा रुट, कार्यक्रमस्थल र आवासस्थल निर्धारण गरिएको थियो। अध्यक्षको नेतृत्वमा केन्द्रीय टोली सहभागी रहने कुराका साथै अन्य तयारीका कामसमेत सम्पन्न गर्ने निर्णय उक्त बैठकले गरेको थियो।

*पार्टी विधानमा रहेको ७० वर्ष उमेरको हद निलम्बन गर्ने निर्णय गरेको छ। पार्टी सदस्य शुल्क मासिक १५ रुपियाँको बाँडफाँटको अनुपात हेरफेर गरिएको छ। अब उक्त शुल्कबाट केन्द्रले ३५, प्रदेश र जिल्लाले २०, पालिकाले १५, र वडाले १० प्रतिशत हिस्सा प्राप्त गर्नेछन् ।*

पार्टी केन्द्रीय कमिटीको सातौँ बैठक फागुन ८–१० मा पार्टी केन्द्रीय कार्यालय च्यासलमा बसेको थियो। बैठकमा पार्टी अध्यक्षले राजनीतिक परिस्थितिका बारेमा दिनुभएको मन्तव्यलाई समेत छलफलको विषय बनाइएको थियो। बैठकमा सङ्गठन शुद्धीकरण र सुदृढीकरणको आवश्यकताका सन्दर्भमा अवधारणा, जनआधारित कार्यकर्ता पार्टी निर्माणमा उत्पन्न समस्याको समाधानका सन्दर्भमा अवधारणा, सङ्गठनात्मक कामको समीक्षा र राष्ट्रिय हित तथा जनसरोकारका मुद्दाहरू पहिचान गरी त्यसका आधारमा जनपरिचालन गर्नु आवश्यक रहेको विषयमा अवधारणा प्रस्तुत गरिएको थियो। प्रत्येक सदस्यले लिखित रुपमै निजी रायसमेत दिने गरी शुद्धीकरण–सुदृढीकरण, जनआधारित कार्यकर्ता पार्टी निर्माण र जनपरिचालनका लागि मुद्दाहरूको पहिचानमा केन्द्रित समूहगत छलफलमा एउटा समूह स्थायी कमिटीको थियो। एजेन्डा आधारित समूह छलफल निकै प्रभावकारी भएको थियो।

उक्त छलफलका निष्कर्षहरूलाई परिषद्को बैठकका माध्यमबाट कार्यान्वयनमा लगिनेछ। उक्त बैठकले वार्षिक कार्ययोजनाको समीक्षा गरी त्यसलाई आगामी दिनमा कसरी अघि बढाउने भन्ने निष्कर्षसमेत निकालेको छ।

## ६. नेतृत्वकारी भूमिकामा एकताबद्ध र क्रियाशील केन्द्रीय सचिवालय

दशौँ राष्ट्रिय महाधिवेशनले पार्टी अध्यक्षसहित १९ जना पदाधिकारी रहेको केन्द्रीय सचिवालयको व्यवस्था गरेको सन्दर्भमा केन्द्रीय कमिटीको बैठक नबसेको बेलामा केन्द्रीय सचिवालयले नै पार्टी कामको समग्र नेतृत्व गर्दै आएको छ। सचिवायलको बैठक आवश्यकताअनुसार बस्ने गरेको छ। परिवर्तित राजनीतिक परिस्थिति र महत्वपूर्ण घटनाक्रमका सन्दर्भमा आकस्मिक रूपमा सचिवालयको बैठक बस्ने, छलफल गर्ने र आवश्यक निर्णय लिने गरिएको छ। दशौँ राष्ट्रिय महाधिवेशनयता केन्द्रीय सचिवालयका ३० वटा बैठक बसेका छन्। उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको असामयिक निधनको समयमा श्रद्धाञ्जली अर्पण गर्नका लागि सचिवालयको विशेष बैठक बसेको थियो। पार्टी स्थापनाको ७५ औँ वर्ष हीरक महोत्सवका रूपमा मनाउने गरी पार्टीको चौथो महाधिवेशन सम्पन्न भएको स्थल सिराहाको सर्रे अम्बासमा केन्द्रीय सचिवालयको विशेष बैठक बसेको थियो। उक्त विशेष बैठकमा

केन्द्रीय सचिवालयका सदस्यहरूका अतिरिक्त निकायका प्रमुखहरूलाई समेत आमन्त्रित गरिएको थियो। दुवै विशेष बैठकलाई जोड्दा सचिवालयको बैठक सङ्ख्या ३२ पुगेको छ।

सचिवालयको बैठकबाट पार्टी कामका सन्दर्भमा आवश्यक निर्णय लिने गरिएको छ। केन्द्रीय कमिटी, स्थायी कमिटी र पोलिटब्युरोका बैठकको तयारीको काम पनि सचिवालयको बैठक बसेर गर्ने गरिएको छ। राष्ट्रियसभा, प्रतिनिधिसभा, प्रदेशसभा निर्वाचनका लागि पार्टीका तर्फबाट उम्मेदवार चयन गर्ने काम सचिवालयका तर्फबाट गर्ने गरिएको छ। स्थानीय तहको निर्वाचनका सन्दर्भमा महानगरपालिका र उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखको उम्मेदवारी तय गर्ने काम केन्द्रीय सचिवालयको बैठकबाट गर्ने गरिएको छ। केन्द्रीय विभागका सचिव र सदस्यको मनोनयन सचिवालय बैठकबाट हुने गरेको छ। विभिन्न समयमा आवश्यक ठानिने अनुशासनात्मक कार्बाहीको निर्णय पनि सचिवालयको बैठकबाट गर्ने गरिएको छ। माघ २६, २०७९ मा बसेको सचिवालयय बैठकले फागुन र चैत महिनासम्मका लागि मिसन ग्रासरुट (पार्टी सुदृढीकरण र विस्तार अभियान) सञ्चालन गर्ने निर्णय गरेको थियो। एकता प्रक्रियाबाट आएका र केन्द्रीय निकायमा व्यवस्थापन गर्नुपर्ने काम पनि सचिवालय बैठकले गर्ने गरेको छ। प्रदेश कमिटीबाट बिदा हुनु भएका निवर्तमान अध्यक्षसहित ६ जनालाई केन्द्रीय कमिटीमा मनोयन गर्ने काम सचिवालयबाट गरिएको छ। सचिवालययको ३० औँ बैठकले इलामको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ मा सुहाङ नेम्वाङ र बाजुराको प्रदेशसभा निर्वाचन क्षेत्र नं. १ मा दमनबहादुर भण्डारीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

केन्द्रीय कमिटी र सचिवालय बैठकको तयारी तथा निर्णयको कार्यान्वयनका सन्दर्भमा समय– समयमा केन्द्रीय कार्यालयको बैठक बस्ने गरेको छ। महासचिवको नेतृत्वमा रहेको केन्द्रीय कार्यालयमा उपमहासचिव, सचिव र कार्यालय सचिव रहने व्यवस्था छ।

*केन्द्रीय कमिटी र सचिवालय बैठकको तयारी तथा निर्णयको कार्यान्वयनका सन्दर्भमा समय–समयमा केन्द्रीय कार्यालयको बैठक बस्ने गरेको छ। महासचिवको नेतृत्वमा रहेको केन्द्रीय कार्यालयमा उपमहासचिव, सचिव र कार्यालय सचिव रहने व्यवस्था छ।*

केन्द्रीय कमिटी र केन्द्रीय सचिवालयले गरेका निर्णयहरूलाई संप्रेषित गर्न ८ वटा अन्तरपार्टी निर्देशन (अपानि) जारी भएका छन्। केन्द्रीय निकाय, केन्द्रीय विभाग र पार्टीले आयोजना गरेका विशेष भेला र कार्यशालाका निष्कर्षहरूलाई आवश्यकताअनुसार परिपत्रका रूपमा केन्द्रीय कार्यालयबाट जारी गर्ने गरिएको छ। केन्द्रीय कमिटीको दोस्रो बैठकले गठन गरेको कार्यदलले तयार गरेको पार्टी निमावली–२०५७ को चौथो संशोधन–२०७८ केन्द्रीय सचिवालयको बैठकबाट अनुमोदन भई कार्यान्वयनमा आइसकेको छ। जनसङ्गठन समन्वयसम्बन्धी निर्देशिका जारी भएको छ। प्रवासी नेपाली मञ्च र प्रवासी नेपाली सङ्घ, भारतको विधानलाई स्वीकृत गरिएको छ। प्रतिष्ठानहरूको कामलाई समन्वय गर्नका लागि आवश्यक निर्देशिका तयार भएको छ। केन्द्रीय निकायहरूले तयार गरेका नियमावली र निर्देशिकाहरू केन्द्रीय कार्यालयबाट परिपत्रका रूपमा जारी गरिएका छन्।

## ७. विधिसम्मत बन्दैछन् कमिटीहरू, जनतामा आशा र भरोसा पैदा गर्नु छ

पार्टीको विधान महाधिवेशनबाट पार्टी विधानमा समानुकूल परिमार्जन गरिएपछि नेकपाकालको अन्तरविग्रह र पार्टी विभाजनका कारणले अस्तव्यस्त बन्न पुगेको सङ्गठन संरचनालाई व्यवस्थित गर्ने काम त्यतिवेलादेखि नै सुरुभएको थियो। राष्ट्रिय महाधिवेशनपूर्व नै एकैदिन वडा अधिवेशन र एकैदिन पालिका अधिवेशनको आयोजना गरिएको थियो। भुर्चअल माध्यमबाट पार्टी अध्यक्षले एकैचोटि उद्घाटन गर्नुभएको वडा र पालिका अधिवेशनबाट झन्डै तीन लाखको हाराहारीमा पार्टी पङ्क्तिलाई सङ्गठित गर्ने काम भएको थियो। राष्ट्रिय महाधिवेशन लगत्तै एकैदिन जिल्ला अधिवेशनको आयोजना गरिएको थियो। जिल्ला अधिवेशनको उद्घाटन पनि भर्चुअल माध्यमबाट

पार्टी अध्यक्षले एकैसाथ गर्नुभएको थियो । उक्त समयमा महोत्तरी, बझाङ, मुस्ताङ र मनाङ बाहेकका सबै जिल्लामा जिल्ला अधिवेशनहरू सम्पन्न भई नयाँ नेतृत्व चुनिएको थियो । जिल्ला अधिवेशनको लगत्तै पार्टी स्थानीय तहको निर्वाचनमा सहभागी हुनुपर्‍यो। स्थानीय तहको निर्वाचनपछि प्रदेश अधिवेशनको योजना बनाइएको थियो । तर, आमनिर्वाचनलाई ध्यानमा राखेर प्रदेश अधिवेशनको तयारीलाई स्थागित गरी पार्टी कामलाई निर्वाचनमा केन्द्रित गरियो । आमनिर्वाचन सम्पन्न भएपछि पार्टीले 'मिसन ग्रासरुट' सञ्चालन गर्ने निर्णय गर्‍यो । पार्टीको सिङ्गो पङ्क्ति 'मिसन ग्रासरुट' मा परिचालित भयो । 'मिसन ग्रासरुट' को सफलतापश्चात् पार्टीलाई नियमित काममा फर्काउने काम भयो । 'मिसन ग्रासरुट' को क्रममा तयार भएका ८ सय ५० प्रतिवेदनलाई संश्लेषण गरेर त्यसका आधारमा पार्टीको वार्षिक कार्ययोजना तयार गर्ने र तदनुरुपको कार्यविभाजन गर्ने काम भएको छ । दशौँ राष्ट्रिय महाधिवेशनपश्चात् गरिएको यो दोस्रो कार्यविभाजन थियो, जहाँ हरेक सदस्यलाई परिभाषित र ठोस जिम्मेवारी प्रदान गरिएको छ । प्रदेश र जिल्ला इन्चार्जको हकमा स्थानीय अन्तरविरोधलाई समाधान गर्ने गरी बाहिरी कार्यक्षेत्रबाट जिम्मेवार नेतृत्वलाई खटाउने काम भएको छ। 'मिसन ग्रासरुट' का माध्यमबाट पार्टी सदस्यता शुद्धीकरण गर्ने काम सम्पन्न भएपछि प्रदेश अधिवेशनको आयोजना गरिएको थियो ।

*आमनिर्वाचन सम्पन्न भएपछि पार्टीले 'मिसन ग्रासरुट' सञ्चालन गर्ने निर्णय गर्‍यो । पार्टीको सिङ्गो पङ्क्ति 'मिसन ग्रासरुट' मा परिचालित भयो । मिसन ग्रासरुट' को क्रममा तयार भएका ८ सय ५० प्रतिवेदनलाई संश्लेषण गरेर त्यसका आधारमा पार्टीको वार्षिक कार्ययोजना तयार गर्ने र तदनुरुपको कार्यविभाजन गर्ने काम भएको छ ।*

यतिवेला प्रदेश तहका सबै कमिटीका अधिवेशन सम्पन्न भएका छन्। प्रदेश तहका अधिवेशनमा मधेश प्रदेश, सुदूरपश्चिम र उपत्यका विशेष प्रदेशमा सहमतिका आधारमा नेतृत्व चयन भएको छ भने अन्य प्रदेशमा निर्वाचनका माध्यमबाट नेतृत्व चयन गरिएको छ । यतिवेला सङ्गठन विभागले प्रदेश अधिवेशनका समयमा प्रमाणीकरण गरेको सदस्यताका आधारमा जिल्ला अधिवेशनहरू आयोजना भइरहेका छन्। अहिलेसम्म सुदूरपश्चिममा दार्चुला, बैतडी, कैलाली, डोटी र कञ्चनपुरमा जिल्ला अधिवेशन सम्पन्न भएका छन्। कैलालीबाहेकका सुदूरपश्चिमका जिल्लामा सहमतिका आधारमा नेतृत्व चयन भएको छ । कर्णालीमा मुगु, दैलेख, सुर्खेत, रुकुम (पश्चिम), सल्यान, कालीकोट, जाजरकोट र हुम्ला जिल्ला अधिवेशन सम्पन्न भएका छन् । मुगु, दैलेख र रुकुम (पश्चिम)मा सहमतिका आधारमा नेतृत्व चयन भएको छ। लुम्बिनी प्रदेशमा रोल्पा र रुकुम(पूर्व)मा मात्र जिल्ला अधिवेशन सम्पन्न भएको छ । रोल्पामा निर्वाचनका माध्यमबाट नेतृत्व चयन भएको छ । गण्डकी प्रदेशमा म्याग्दी, गोरखा, कास्की, लमजुङ, पर्वत, स्याङ्जा, नवलपुर र बागलुङमा अधिवेशन सम्पन्न भएका छन्। म्याग्दी, स्याङ्जा, नवलपुर र वागलुङमा सहमतिका आधारमा नेतृत्व चयन भएको छ। वागमती प्रदेशमा दोलखा, धादिङ, ललितपुर, सिन्धुपाल्चोक र सिन्धुलीमा जिल्ला अधिवेशन सम्पन्न भएका छन् । यी सबै जिल्लामा निर्वाचनका माध्यमबाट नेतृत्व चयन गरिएको छ । मधेश प्रदेशमा महोत्तरी, रौतहट र बारामा जिल्ला अधिवेशन सम्पन्न भएका छन् । मधेश प्रदेशका सबै जिल्लामा चुनावका माध्यमबाट नेतृत्व चयन भएको छ । कोशी प्रदेशमा संखुवासभा, उदयपुर, झापा, पाँचथर, ओखलढुङ्गा, खोटाङ र सोलुखुम्बुमा जिल्ला अधिवेशन सम्पन्न भएका छन्। झापा र पाँचथरमा सहमतिमा नेतृत्व चयन भएको छ । उपत्यका विशेषअन्तर्गत पेसागत र मजदुर विशेष जिल्ला कमिटीका अधिवेशन सम्पन्न भएका छन् । सम्पर्क समन्वय अन्तर्गतका सबै प्रदेश सम्पर्क कमिटीका अधिवेशनहरू सम्पन्न भएका छन् । प्रदेश सम्पर्क कमिटीहरू जिल्ला कमिटीसरह हुने व्यवस्था छ । अब अधिवेशन हुन बाँकी सबै जिल्लाहरूमा यथाशीघ्र जिल्ला अधिवेशन सम्पन्न गर्ने योजना बनेको छ । पालिका र वडा तहका अधिवेशनहरू समयमै सम्पन्न गर्ने गरी तयारीको कामलाई अघि बढाउन निर्देशन गरिएको छ ।

जिल्ला अधिवेशनहरूलाई व्यवस्थित, मर्यादित र सफल बनाउनका लागि केन्द्रीय कार्यालयको आयोजनामा १९ पुस २०८० मा प्रदेशका पदाधिकारीहरूको संयुक्त बैठक आयोजना गरिएको

## अङ्कमा
## कमिटीमा संगठित सदस्य

**२,७७,४००**

केन्द्रीयदेखि वडासम्म संगठित सदस्य

**८०६**

केन्द्रीय कमिटी, केन्द्रीय आयोग र सल्लाहकार परिषद्

**२,२७०**

प्रदेश कमिटी

**८,८५०**

जिल्ला कमिटी

**५६,७४१**

पालिका कमिटी

**२,०९,०३३**

वडा कमिटी

थियो। उक्त बैठकमा पार्टी अध्यक्षका तर्फबाट आवश्यक निर्देशन दिइएको थियो। बैठकमा केन्द्रीय कार्यालयका तर्फबाट सङ्गठन विभागको संयोजनमा अधिवेशन व्यवस्थित र मर्यादित बनाउने सन्दर्भमा तयार गरिएको प्रस्ताव प्रस्तुत भई त्यसमाथि छलफल गरिएको थियो। उक्त छलफलपश्चात् प्राप्त सुझावका आधारमा प्रस्तावलाई परिमार्जन गरी विशेष परिपत्र जारी गरिएको छ।

केन्द्रीय सङ्गठन विभागले पार्टी सदस्यता नवीकरण र विस्तार तथा आधारभूत तहका अधिवेशनलाई व्यवस्थित बनाउने सन्दर्भमा दुई दिने कार्यशाला आयोजना गरेको थियो। उक्त कार्यशालाका निष्कर्षहरूलाई समेत परिपत्रका रूपमा जारी गरिएको छ। माथिबाट सुरु गरेर तलसम्म पुऱ्याउने योजनाअनुरुप सुरु भएका अधिवेशनहरूको चक्र पूरा भएसँगै पार्टीको सङ्गठनात्मक जीवन विधिसम्मत र एकहदसम्म व्यवस्थित हुनेछ। यसरी अधिवेशनबाट बनेका कमिटीहरूले आफूलाई सुरुदेखि नै व्यवस्थित रूपमा सञ्चालन गर्ने कुरामा सम्बन्धित सबैको ध्यान जानु आवश्यक छ।

## ८. केन्द्रीय विभागहरू उद्देश्यअनुरुप अघि बढ्दै

*केन्द्रीय सङ्गठन विभागले पार्टी सदस्यता नवीकरण र विस्तार तथा आधारभूत तहका अधिवेशनलाई व्यवस्थित बनाउने सन्दर्भमा दुई दिने कार्यशाला आयोजना गरेको थियो। उक्त कार्यशालाका निष्कर्षहरूलाई समेत परिपत्रका रूपमा जारी गरिएको छ।*

पार्टी विधानको धारा १७(२), धारा ९० बमोजिमा ३३ वटा विभागको व्यवस्था गरिएको छ। केन्द्रीय कमिटीको दोस्रो बैठकबाट विभागका प्रमुख र उपप्रमुखको जिम्मेवारी तोक्ने काम भएको थियो। विभागका प्रमुखहरूको सिफारिसका आधारमा सुरुमा सानो सङ्ख्याका केन्द्रीय विभागहरू गठन गरिएका थिए। अहिले केन्द्रीय विभागको अधिकतम सङ्ख्या ३५ हुने व्यवस्था गरिएको छ। प्रदेशले ८ र जिल्लाले ७ वटा विभाग गठन गर्नसक्ने व्यवस्था नियमावलीले गरेको छ। थप विभाग गठन गर्नका लागि केन्द्रको अनुमति लिने व्यवस्था गरिएको छ। तर कामको आवश्यकताका आधारमा र कार्यकर्ताको व्यवस्थापनका लागि समेत प्रदेश र जिल्लामा थप विभाग गठन गर्नु आवश्यक देखिन्छ। प्रदेश र जिल्लाले मागसमेत गरिरहेको अवस्था छ। केन्द्रमा मात्रै रहने विभागहरू; जस्तै – परराष्ट्र मामिला र राष्ट्रिय हित तथा सुरक्षा विभागबाहेक अरू बाँकी विभागहरू आवश्यकताअनुसार प्रदेशले गठन गर्नसक्ने र जिल्लाले परराष्ट्र मामिला, राष्ट्रिय हित र सुरक्षा विभाग तथा संसदीय विभागबाहेकका अन्य विभाग गठन गर्नसक्ने व्यवस्था गरिनुपर्दछ।

केन्द्रीय विभागको कामलाई प्रभावकारी बनाउनका लागि ३३ वटा विभागलाई ७ समूहमा विभक्त गरी उपाध्यक्षहरूलाई संयोजनको जिम्मा दिइएको छ : पहिलो, नीति तथा योजना समूहमा अर्थ तथा योजना विभाग, परराष्ट्र मामिला विभाग र राष्ट्रिय हित तथा सुरक्षा विभागलाई राखिएको छ। दोस्रो, पूर्वाधार निर्माण र विकास समूहअन्तर्गत भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग, सहरी विकास विभाग, ऊर्जा जलस्रोत तथा सिँचाइ विभाग, पर्यटन तथा नागरिक उड्डयन विभाग, खानेपानी तथा सरसफाइ विभागलाई राखिएको छ। तेस्रो, कृषि तथा उद्यमशीलता समूहमा कृषि तथा पशुपन्छी विकास विभाग, उद्योग वाणिज्य तथा आपूर्ति विभाग, भूमिव्यवस्था विभाग, वन तथा वातावरण विभाग, सहकारी तथा गरिबी निवारण विभाग राखिएका छन्। चौथो, सामाजिक विकास समूहमा सामाजिक सेवा विभाग, सामाजिक सुरक्षा र समाजकल्याण विभाग, उपभोक्ता हित संरक्षण तथा सुशासन विभाग, विपद् व्यवस्थापन तथा स्वयम्सेवा विभाग र स्वास्थ्य तथा जनसङ्ख्या विभाग रहेका छन्। पाँचौं, मानव स्रोत समूहमा शिक्षा तथा मानवस्रोत विभाग, विज्ञान तथा प्रविधि विभाग, श्रम तथा रोजगार विभाग, साहित्य, कला तथा संस्कृति विभाग र युवा तथा खेलकुद विभाग राखिएका छन्। छैटौं, सुशासन र सेवाप्रवाह समूहमा सङ्घीय मामिला तथा सामान्य प्रशासन विभाग, संसदीय विभाग, स्थानीय विकास विभाग, कानुन विभाग र निर्वाचन विभाग राखिएका छन्। सातौं, पार्टी सम्बद्ध समूहमा सङ्गठन विभाग, पार्टी स्कुल विभाग, केन्द्रीय पुस्तकालय तथा अभिलेखालय विभाग, प्रचार

तथा प्रकाशन विभाग र वित्त तथा कोष व्यवस्थापन विभाग रहेका छन् । विभागको काममा एकरुपता ल्याउन तथा पार्टीको योजना र उद्देश्यअनुरुप परिचालन गर्नका लागि पार्टी अध्यक्षको उपस्थितिमा विभागका प्रमुख र सचिवहरूको संयुक्त भेला गर्ने गरिएको छ । पार्टी नियमावलीले तोकेको अधिकार क्षेत्रभित्र रहेर विभागहरूले वार्षिक कार्ययोजना बनाएर काम गर्ने गरेका छन् । राज्यको कामसँग सम्बन्धित विभागहरूलाई राज्यको नीति र निर्णयको विश्लेषण गर्ने र त्यसका आधारमा पार्टी केन्द्रीय कार्यालयको अनुमतिमा पार्टी दृष्टिकोण र धारणा सार्वजनिक गर्ने अधिकारसमेत प्रदान गरिएको छ । विभागहरूले विज्ञहरूको समूह बनाएर नीतिनिर्माणमा समेत भूमिका निर्वाह गरिरहेका छन् । राष्ट्रिय महत्वका विषयको छलफलमा पार्टी अध्यक्षका साथै पार्टीका पदाधिकारीहरूको समेत उपस्थिति हुने गरेको छ । अधिकांश विभागहरू पार्टीको योजना र उद्देश्यअनुरुप क्रियाशील छन् ।

विभागका अतिरिक्त नीति अध्ययन प्रतिष्ठान र आइटी समूह निर्माण गरिएको छ । नीति अध्ययन प्रतिष्ठानले समसामयिक विषयमा अध्ययनको काम अघि बढाउँदै आएको छ । आइटी समूहले पार्टीको कामलाई डिजिटलाइज गर्ने काममा संयोजन गरिरहेको छ । स्वयम्सेवी सङ्गठन बनाएर स्वयम्सेवाको काम अघि बढाउन सकिने व्यवस्थासमेत नियमावलीमा गरिएको छ । विभागहरूबाट भएका कार्यसम्पादनको विवरण परिशिष्ट–१ मा समावेश गरिएको छ ।

## ९. पार्टी सम्बद्ध जनसङ्गठनहरू व्यवस्थित हुँदै, गति बढाउँदै

पार्टी सम्बद्ध २३ वटा जनसङ्गठनहरू छन् । पार्टी सम्बद्ध जनसङ्गठनहरू पार्टीको नीतिगत मार्गदर्शनमा र सामान्यतया सङ्गठनात्मक स्वायत्तताका आधारमा सञ्चालन हुने गर्दछन् । पार्टी सम्बद्ध जनसङ्गठनहरू आ–आफ्ना विधानबाट निर्देशित र परिचालित हुन्छन् । पार्टी प्रतिबन्धित समयमा होस् या पार्टी खुला र प्रतिस्पर्धात्मक राजनीतिमा सहभागी भएको समयमा होस्, पार्टी र आन्दोलनलाई सफल बनाउनका लागि जनसङ्गठनहरूको महत्वपूर्ण भूमिका रहँदै आएको छ । आगामी निर्वाचनमा पार्टीलाई बलियो र निर्णायक शक्तिका रूपमा स्थापित गर्ने उद्देश्यका साथ पार्टी अघि बढिरहेको अवस्थामा जनसङ्गठनको भूमिका प्रभावकारी हुनु अपरिहार्य छ । पार्टी, सिद्धान्त र कार्यक्रमप्रति प्रतिबद्ध कार्यकर्ताका आधारमा सङ्गठित र परिचालित हुने गर्दछ । पार्टीलाई आमजनताका बीचमा स्थापित गर्न तथा जनआधारित–कार्यकर्ता पार्टी निर्माणमा जनसङ्गठनहरूको भूमिका महत्वपूर्ण हुन्छ । पार्टी नीतिअनुरूप जनसङ्गठनको समन्वय गर्न विधानको धारा ३ को उपधारा (१३) तथा धारा ९१ को कार्यान्वयनका लागि जनसङ्गठन समन्वय संयन्त्र गठन गरिएको छ । जनसङ्गठन समन्वय संयन्त्रमा पार्टी सम्बद्ध जनसङ्गठनका पार्टीले तोकेका इन्चार्ज र सह–इन्चार्ज तथा जनसङ्गठनका अध्यक्ष तथा संयोजक रहने व्यवस्था छ । जनसङ्गठन समन्वयका लागि पार्टी केन्द्रीय कमिटीले निर्देशिका बनाई लागू गरेको छ ।

*पार्टी सम्बद्ध जनसङ्गठनहरू पार्टीको नीतिगत मार्गदर्शनमा र सामान्यतया सङ्गठनात्मक स्वायत्तताका आधारमा सञ्चालन हुने गर्दछन् । पार्टी सम्बद्ध जनसङ्गठनहरू आ–आफ्ना विधानबाट निर्देशित र परिचालित हुन्छन् ।*

नेकपाकालमा पार्टी सम्बद्ध जनसङ्गठनको काम पनि गम्भीर रूपमा प्रभावित भयो । नेकपा (एमाले) पुनस्थापित भएसँगै पार्टी सम्बद्ध जनसङ्गठनको कामलाई संस्थागत ढङ्गले अघि बढाउने प्रयास भयो । पार्टी विभाजनले पनि कतिपय जनसङ्गठनको काम प्रभावित बन्न पुगेको थियो । पार्टी सम्बद्ध २३ वटै जनसङ्गठनमध्ये अधिकांशले स्थानीय निर्वाचनअघि नै आफ्नो राष्ट्रिय महाधिवेशन, सम्मेलन/अधिवेशन सम्पन्न गरेका थिए । अहिले पार्टी सम्बद्ध २३ वटै जनसङ्गठनका अधिवेशनहरू सम्पन्न भइसकेका छन् । प्रदेश तहका अधिवेशनहरू अधिकांशले सम्पन्न गरिसकेका छन् । अधिकांश जनसङ्गठनले जिल्ला तहका कमिटी निर्माण गरेका छन्, जिल्ला अधिवेशनको आयोजना गरिरहेका छन् । पालिका तहमा आधारभूत तहका सङ्गठनहरूलाई विस्तार गर्ने गरी काम अघि बढेको छ ।

जनसङ्गठनहरूले पार्टीको निर्देशन र योजनामा विभिन्न समयमा संयुक्त जनप्रदर्शन र दबाबमुलक कार्यक्रम गर्ने गरेका छन्। स्वतन्त्र विद्यार्थी युनियन र आधिकारिक युनियनको निर्वाचनमा एक–अर्कालाई सहयोग गर्ने परम्परा स्थापित गरिएको छ। एक–अर्को जनसङ्गठनले सञ्चालन गर्ने महत्वपूर्ण गतिविधि र कार्यक्रमहरूमा जनसङ्गठन समन्वय संयन्त्रका तर्फबाट सहजीकरण र समन्वय गर्ने गरिएको छ। जनसङ्गठन समन्वय निर्देशिकाअनुरुप कामलाई प्रभावकारी बनाउनका लागि पार्टी सम्बद्ध जनसङ्गठनहरूलाई दुई भागमा विभक्त गरी तिनको केन्द्रीय नेतृत्वको अधिकतम सङ्ख्या निर्धारण गरिएको छ। जनसङ्गठनहरूमा देखिने गरेको तदर्थवाद र स्वच्छन्दता पछिल्ला दिनहरूमा निकै हदसम्म नियन्त्रणमा आएको छ। आधारभूत वर्ग र समुदायका बीचमा सदस्यता विस्तार गरी पार्टी कामको प्रभाव विस्तार गर्ने ढङ्गले जनसङ्गठनको कामलाई अझै व्यापक बनाउनु आवश्यक छ। महासङ्घअन्तर्गतको सङ्गठनात्मक कामका सन्दर्भमा देखिएको अन्योललाई समाधान गरी एकरूपता कायम गर्नु आवश्यक देखिन्छ। राज्यका निकायमा दर्ता भई सञ्चालन भइरहेका र राजनीतिक रूपमा क्रियाशील सङ्गठनहरूको सञ्चालनका सन्दर्भमा रहेको भिन्नतालाई समेत ध्यानमा राखेर अघि बढ्नुपर्ने आवश्यकता छ। दशौँ राष्ट्रिय महाधिवेशनयता जनसङ्गठनहरूको काम संस्थागत र व्यवस्थित बन्दै गएको छ। जनसङ्गठन समन्वयको काम केन्द्रीय तहमा निकै प्रभावकारी देखिन्छ। प्रदेश र जिल्ला तहमा पनि जनसङ्गठन समन्वयको कामलाई व्यवस्थित बनाउन आवश्यक छ। पार्टी सम्बद्ध जनसङ्गठनका सङ्गठनात्त्मक कामको रिपोर्ट अलग–अलग रूपमा परिशिष्ट–२ मा समावेश गरिएको छ।

*'म जिताउँछु मेरो वडा, हामी जिताउँछौ हाम्रो पालिका' भन्ने नीतिअनुरूप सम्पूर्ण नेता र कार्यकर्तालाई स्थानीय तहको निर्वाचनमा परिचालन गरिएको थियो। केन्द्रका तर्फबाट घोषणापत्र तयार गरी जारी गरिएको थियो।*

## १०. निर्वाचनको जनादेश : नेकपा (एमाले) जनताको रोजाइको पहिलो पार्टी

स्थानीय तहको निर्वाचन २०७९ वैशाख ३० मा भयो भने आमनिर्वाचन २०७९ मङ्सिर ४ मा सम्पन्न भयो। पार्टी र नेतृत्वमाथि चौतर्फी घेराबन्दी र आक्रमण भइरहेको र षड्यन्त्रपूर्ण तरिकाबाट पार्टी विभाजन गरिएको अवस्थामा भएको निर्वाचन हाम्रो पार्टीका लागि निकै महत्वपूर्ण बन्न पुगेको थियो। मङ्सिरमा राष्ट्रिय महाधिवेशन सम्पन्न गरी महाधिवेशनले निर्धारण गरेको वैधानिक व्यवस्थाअनुरुप सङ्गठन संरचनालाई पूर्णतः व्यवस्थित गर्न नपाइरहेको अवस्थामा नियमित सङ्गठनात्मक कामलाई रोकेर पार्टी स्थानीय तहको निर्वाचनमा केन्द्रित हुन पुगेको थियो। स्थानीय तहको निर्वाचनका लागि महानगरपालिका र उपमहानगरपालिकाको प्रमुख र उपप्रमुखको निर्णय पार्टी केन्द्रका तर्फबाट सम्बन्धित तहको कमिटीको सिफारिसका आधारमा गरिएको थियो। नगरपालिका र गाउँपालिका प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्षका उम्मेदवारको टुङ्गो लगाउने काम प्रदेश कमिटीका तर्फबाट गरिएको थियो। महानगरपालिका र उपमहानगरपालिकाका वडाध्यक्षका उम्मेदवार टुङ्गो लगाउने काम प्रदेश कमिटीका तर्फबाट र बाँकी उम्मेदवार टुङ्गो लगाउने काम जिल्ला कमिटीका तर्फबाट गरिएको थियो। 'म जिताउँछु मेरो वडा, हामी जिताउँछौ हाम्रो पालिका' भन्ने नीतिअनुरूप सम्पूर्ण नेता र कार्यकर्तालाई स्थानीय तहको निर्वाचनमा परिचालन गरिएको थियो। केन्द्रका तर्फबाट घोषणापत्र तयार गरी जारी गरिएको थियो। पालिकाहरूलाई आफ्नो विशेषताका आधारमा प्रतिबद्धतापत्र तयार गर्नका लागि केन्द्रका तर्फबाट सहजीकरण गरिएको थियो। सत्ता–गठबन्धनका कारणले हामीले स्थानीय तहको निर्वाचनमा आशातीत सफलता हासिल गर्न नसके पनि जनादेशका माध्यमबाट पार्टी र आन्दोलनको रक्षा गर्ने काममा सफलता प्राप्त गरेका थियौँ। निर्वाचनबाट हाम्रो पार्टीले ७ सय ५३ पालिकामध्ये २ सय ६ पालिकाका प्रमुख/अध्यक्षमा जित हासिल गर्‍यो भने २ सय ४१ पालिकामा उपप्रमुख/उपाध्यक्षमा विजयी हुन सफल भयो। स्थानीय तहका ६ हजार ७ सय ४३ वडामध्ये हाम्रो पार्टीले २ हजार १ सय ३० वडामा विजय हासिल गर्‍यो। गठबन्धनका कारण

नेपाली काङ्ग्रेस परिणाममा हामीभन्दा माथि रह्यो । हाम्रो पार्टीबाट विभाजित भएर बनेको एकीकृत समाजवादी गठबन्धनका बाबजुद २० स्थानमा मात्र प्रमुख/अध्यक्ष पदमा विजयी भयो । हाम्रो पार्टीका प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्षले पाएको मतका आधारमा भने हाम्रो पार्टी प्रमुख पार्टी बन्न पुग्यो । २०७४ को स्थानीय निर्वाचनमा ३३ प्रतिशत मत हासिल गरेकोमा यस पटकको निर्वाचनमा हाम्रो पार्टीका प्रमुख उम्मेदवारले ३४ प्रतिशत मत हासिल गर्न सफल भए । कुल मतका हिसाबले यसपटकको स्थानीय तहको निर्वाचनमा २०७४ सालको निर्वाचनको तुलनामा ६ लाख १९ हजार मत वृद्धि भयो ।

स्थानीय निर्वाचन सम्पन्न भएको ६ महिनापछि मङ्सिर ४ मा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन भयो । स्थानीय तहको निर्वाचनको अनुभवलाई समेत ध्यानमा राखेर सत्ता–गठबन्धनलाई चुनावका समयमा भत्काउने प्रयास गरियो । सत्तामा रहेको जनता समाजवादी पार्टीसँग मात्र तराई मधेशका ३० निर्वाचन क्षेत्रमा चुनावी तालमेल सम्भव भयो । मधेश प्रदेशका २६ र कोसी प्रदेशका ४ निर्वाचन क्षेत्रमा त्यस पार्टीसँग तालमेल गरिएको थियो । राष्ट्रिय प्रजातन्त्र पार्टीसँग झापा, रुपन्देही र बाँके जिल्लामा तालमेल गरिएको थियो । चितवन, मकवानपुर, नवलपरासी पश्चिम र डडेल्धुरा गरी ४ वटा निर्वाचन क्षेत्रमा स्वतन्त्र तथा अन्य उम्मेदवारलाई पार्टीका तर्फबाट समर्थन गरिएको थियो । बाँकी सबै निर्वाचन क्षेत्रमा नेकपा (एमाले) एक्लै चुनावमा होमिएको थियो ।

*२०७४ को स्थानीय निर्वाचनमा ३३ प्रतिशत मत हासिल गरेकोमा यस पटकको निर्वाचनमा हाम्रो पार्टीका प्रमुख उम्मेदवारले ३४ प्रतिशत मत हासिल गर्न सफल भए । कुल मतका हिसाबले यसपटकको स्थानीय तहको निर्वाचनमा २०७४ सालको निर्वाचनको तुलनामा ६ लाख १९ हजार मत वृद्धि भयो ।*

स्थानीय तहको निर्वाचनमा प्रकट भएको जनमतबाट सशङ्कित बन्नपुगेको सत्ता–गठबन्धनले आपसी गठबन्धनलाई थप कसिलो बनाउने र राज्यसत्ताको चरम दुरुपयोग गर्ने नीति अवलम्बन गरेको थियो । आमनिर्वाचनमा हाम्रो पार्टीले बहुमतका लागि ६ प्रतिशत मत वृद्धि गर्ने योजना अघि बढाएको थियो । त्यसका लागि प्रत्येक पार्टी सदस्यले ५ मत संरक्षण गर्ने र २ मत वृद्धि गर्नुपर्ने प्रस्ताव अघि बढाइएको थियो । सत्ता–गठबन्धन दिन–प्रतिदिन अलोकप्रिय बन्दै गइरहेको र उनीहरूभित्र आन्तरिक असन्तुष्टिसमेत चुलिँदै गएको अवस्थामा हामीले निर्धारण गरेको योजना सही थियो । तर, निर्वाचनको तयारी अघि बढ्दै जाँदा सत्ताविरोधी जनमतलाई नेकपा (एमाले) तिर आउन नदिने गरी नयाँ विकल्प खडा गर्ने नियोजित प्रयास अघि बढाइयो । जातीय र धार्मिक अतिवादलाई भड्काएर जनमतलाई बिथोल्ने र प्रभावित गर्ने कोसिस गरियो । स्थानीय तहको निर्वाचनमा केही पालिकामा स्वतन्त्र उम्मेदवारका पक्षमा जनमत आकर्षित देखिएको र केही स्थानमा उनीहरू जित्न समेत सफल भएको सन्दर्भलाई आधार बनाएर स्वतन्त्रका नाममा अलग पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी गठन गरियो । तराई मधेशमा क्षेत्रीय पार्टीबाट जनता विमुख हुँदै गरेको अवस्थालाई ध्यानमा राखेर नयाँ क्षेत्रीय पार्टीलाई प्रोत्साहित गर्ने काम भयो । यसरी अनेक ढङ्गले नेकपा (एमाले) तर्फ आकर्षित भइरहेको र हुनसक्ने जनमतलाई अलग गर्ने षड्यन्त्र गरियो । यसका बाबजुद नेकपा (एमाले) प्रतिनिधिसभामा प्रत्यक्षतर्फ ४४ स्थानमा विजयी बन्यो । आमनिर्वाचनमा सर्वाधिक मत पार्टी अध्यक्षले प्राप्त गर्नुभयो । चौतर्फी घेराबन्दीका बाबजुद प्रत्यक्ष उम्मेदवारहरूले २०७४ सालको निर्वाचनमा प्राप्त गरेको मतसरहको मत प्राप्त गर्न सफल भए । नेपाली काङ्ग्रेस प्रत्यक्षतर्फ पहिलो दल बनेपनि ऊसँगको हाम्रो पार्टीको अन्तर ११ सिटमात्र हो । प्रदेशतर्फ हाम्रो पार्टी कोशी ४० सिटसहित पहिलो स्थानमा, मधेश प्रदेशमा २३ सिटसहित पहिलो स्थानमा, वागमती प्रदेशमा २७ सिटसहित दोस्रो स्थानमा, गण्डकीमा २२ सिटसहित दोस्रो स्थानमा, लुम्बिनीमा २९ सिटसहित पहिलो स्थानमा, कर्णालीमा १० सिटसहित तेस्रो स्थानमा र सुदूरपश्चिममा १० सिटसहित तेस्रो स्थानमा रहेको छ । तर, समानुपातिकतर्फको लोकप्रिय मतका हिसाबले हामी ७७ जिल्लामध्ये ४४ जिल्लामा पहिलो स्थानमा र ७ प्रदेशमध्ये ६ प्रदेशमा पहिलो स्थानमा रहेका छौँ । गठबन्धनका कारणले प्रतिनिधिसभामा दोस्रो दल बने पनि तीन

# अङ्कमा एमाले
# निर्वाचित जनप्रतिनिधि

## २६.९५%

नेकपा (एमाले)को लोकप्रिय मत

## ७८/२७५

प्रतिनिधिसभा एमाले

## १०/५९

राष्ट्रिय सभा एमाले

## १६१/५५०

प्रदेशसभामा एमाले

## २०६/७५३

एमाले पालिका प्रमुख/अध्यक्ष

## ११,८९०/३५,०११

एमाले वडा सदस्य

प्रदेशका प्रदेशसभामा पहिलो दलका रूपमा नेकपा (एमाले) रहेको छ । प्रतिनिधिसभामा पहिलो बन्न सफल नेपाली काङ्ग्रेससँगको हाम्रो लोकप्रिय मतको अन्तर २०७४ को निर्वाचनमा ४५ हजारको हाराहारीमा रहेकोमा अहिले त्यो बढेर १ लाख ३० हजारको हाराहारीमा पुगेको छ। यस अर्थमा नेकपा (एमाले) अहिले पनि जनताको रोजाइको पहिलो पार्टी हो । तर, हामीले प्राप्त गरेको यो जनमत राष्ट्रिय आवश्यकताको दृष्टिकोणबाट निकै कम हो। त्यसमाथि विगतको समानुपातिक मतको तुलनामा ६ प्रतिशत कम आउनु अझ गम्भीर विषय हो । अब हामीले आउने निर्वाचनमा एकल बहुमत हासिल गर्नेगरी तयारीको काममा जुट्नु पर्दछ । अनेकन् प्रतिकूलताका बाबजुद हामीले प्राप्त गरेको यस जनमतले पनि सङ्केत गर्दछ – मुलुकलाई विकास र समृद्धिको दिशामा डोऱ्याउनका लागि आवश्यक बलियो राष्ट्रिय शक्ति निर्माण गर्ने सामथ्र्य नेकपा (एमाले) मा मात्र छ ।

## ११. मिसन ग्रासरुट (पार्टी सुदृढीकरण तथा विस्तार अभियान) : होल बडी चेकअप

आमनिर्वाचन सम्पन्न भएको केही समयपश्चात् नै केन्द्रीय सचिवालयको बैठकबाट मिसन ग्रासरुट (सङ्गठन सुदृढीकरण र विस्तार अभियान) योजना बनेको थियो । फागुन र चैत महिनासम्म सञ्चालन गर्ने भनिएको अभियान स्थानीय आवश्यकताअनुसार समय थप गरिएको थियो । अभियानमा केन्द्रीय कमिटीका तर्फबाट केन्द्रीय प्रतिनिधि, प्रदेशका तर्फबाट प्रदेश प्रतिनिधि र जिल्लाका तर्फबाट जिल्ला प्रतिनिधिहरू खटाइएका थिए। केन्द्रबाट खटिने प्रतिनिधिहरूमध्ये करिब ५ प्रतिशत प्रतिनिधिहरू अभियानमा सहभागी भएनन्। थप ५ प्रतिशत प्रतिनिधिहरूको नाममात्रको सहभागिता रह्यो। सहभागी भएकामध्ये करिब ५० प्रतिशतले पूर्णअवधि अभियानमा बिताउनु भयो । केही प्रतिनिधिहरू स्ववियु निर्वाचन र जनसङ्गठनको अधिवेशनको तयारीका लागि अनुमति लिएर अभियानबाट केही समय बाहिरिनुभयो । एक तिहाइ प्रतिनिधिहरूको अभियानका मुख्य गतिविधिहरूमा मात्र सहभागिता देखियो । पालिका तहको योजना निर्माणमा भने अधिकांश प्रतिनिधिहरूको सहभाागिता रह्यो ।

*केन्द्रबाट खटिने प्रतिनिधिहरूमध्ये करिब ५ प्रतिशत प्रतिनिधिहरू अभियानमा सहभागी भएनन् । थप ५ प्रतिशत प्रतिनिधिहरूको नाममात्रको सहभागिता रह्यो । सहभागी भएकामध्ये करिब ५० प्रतिशतले पूर्णअवधि अभियानमा बिताउनु भयो ।*

प्रदेश, जिल्ला र पालिका तहमा समेत अभियानका बारेमा अभिमुखीकरण कार्यक्रमहरूको आयोजना भयो। कतिपय वडातहमा समेत अभिमुखीकरण प्रकृतिका कार्यक्रमहरू भए। जब कि पालिका तहमा बैठक बसेर कार्ययोजना बनाउन भनिएकोमा कार्ययोजना बैठकसरह अभिमुखीकरण प्रकृतिका भेलाहरू बढी भए। जहाँ बैठक र योजनामा जोड दिइयो, त्यहाँ अभियान बढी प्रभावकारी रह्यो। सङ्गठनात्मक कामको अनुभव भएका कमरेडहरूको भूमिका बढी प्रभावकारी देखियो । हिमपातका कारणले हिमाली जिल्लाका केही पालिकामा अभियान अघि बढ्न सकेन। योजना बनाइएका अधिकांश जिल्लामा वडा तहमा अभियान पुग्न सफल भयो ।

यस अभियानका क्रममा भौतिक उपस्थितिमा सदस्यता नवीकरण गरेर सदस्यता अभिलेखलाई व्यवस्थित गर्ने योजना अघि बढाइएको थियो । अभियानका क्रममा कतिपय पालिकाले वास्तविक सदस्यहरू पहिचान गरी नवीकरणको काम अघि बढाए। कतिपयले नवीकरण गर्न आउनेको अभिलेखसमेत तयार गरेको देखिन्छ । यस अभियानमा अनुपस्थित सदस्यहरू (परिचय नखुलेका), दोहोरिएका, पार्टी छोडेकाहरू र मृत्यु भएकाहरूको पहिचान गरी तिनीहरूलाई अभिलेखबाट हटाउने काम भएको छ । जिल्लाको अभिलेख र केन्द्रको अभिलेखमा फरक परेको गुनासो आउने गरेको छ । सदस्यता अभिलेख शुद्धीकरण गर्ने योजना भएका कारणले सदस्यता सङ्ख्या घट्नु स्वाभाविक नै हो । यस वर्ष नयाँ सदस्यको अनुपातमा उल्लेख्य रूपमा वृद्धि भएको छ । नवप्रवेशीहरूलाई सदस्यता प्रदान गर्ने काम पनि यस अभियानका क्रममा भएको छ । गैर–कम्युनिस्ट पार्टीका हकमा के गर्ने भन्ने

अन्योलका कारणले कतिपय जिल्लामा अभिलेख व्यवस्थित हुन नसकेको अवस्था छ । जिल्लाबाहिर रहेकाहरूको नवीकरणको काम भने आमरूपमा हुनसकेको छैन । केही सीमित व्यक्तिको हकमा फोन तथा भर्चुअल माध्यमबाट सम्पर्क गरी नवीकरण गरिएको छ ।

अभियानको मुख्य काममध्ये धेरैभन्दा धेरै टोल कमिटी गठन गर्ने रहेको थियो । टोल कमिटी गठन भएका ठाउँमा अभियानका क्रममा बैठक तथा पुनर्गठन गर्ने काम भयो । केही पालिकामा अभियानका क्रममा नयाँ टोल कमिटी गठनमा महत्वपूर्ण सफलता प्राप्त भएको छ । केहीमा भने आंशिक र केही वडा तहमा अभियान सीमित बन्न पुगेको छ। अभियानले टोल कमिटी गठनको आवश्यकतालाई भने स्थापित गरेको छ। आमरूपमा टोल कमिटी गठनका सन्दर्भमा विगतका गाउँ विकास समितिका वडालाई आधार बनाइएको छ। त्यसलाई अझै गाउँ र वस्तीमा केन्द्रित गर्नु उपयुक्त हुन्छ। पालिकाहरूले निर्माण गरेका टोल विकास संस्थाका आधारमा टोल कमिटी निर्माण गर्नु आवश्यक देखिन्छ।

पालिकाहरूमा पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिहरूका बीचमा सभादल गठन गरी कामलाई व्यवस्थित गर्नुपर्ने वैधानिक व्यवस्था रहेको भए पनि अधिकांश ठाउँमा सभादल गठन नभएको पाइयो । अभियानका क्रममा धेरैजसो पालिकामा सभादल गठन भएका छन् । कतिपय वडामा समेत सभादल गठन गरिएका छन् । पार्टी र जनप्रतिनिधिका बीचमा संयन्त्र गठन गरी कामलाई व्यवस्थित गर्ने काम भने केही ठाउँमा भयो र अधिकांश ठाउँमा हुन सकेन । पार्टी संयन्त्र बनाएर कामलाई अघि बढाउन सक्दा अन्तरविरोध कम हुने र काम प्रभावकारी हुने कुराप्रति विशेष ध्यान दिनु आवश्यक छ ।

*अभियानका क्रममा धेरैजसो पालिकामा सभादल गठन भएका छन् । कतिपय वडामा समेत सभादल गठन गरिएका छन् । पार्टी र जनप्रतिनिधिका बीचमा संयन्त्र गठन गरी कामलाई व्यवस्थित गर्ने काम भने केही ठाउँमा भयो र अधिकांश ठाउँमा हुन सकेन ।*

विषयगत रूपमा तोकिएअनुसारका प्रशिक्षणहरू केही ठाउँमा सम्पन्न भए। अधिकांश ठाउँमा परम्परागत ढाँचामा समसामयिक विषयमा आधारित प्रशिक्षण कार्यक्रमहरू आयोजना गरिए। जहाँ प्रशिक्षण कार्यक्रम आयोजना गरियो, त्यसको प्रभाव सकारात्मक रहेको पाइन्छ। वैचारिक र राजनीतिक प्रशिक्षणको महत्वलाई अभियानका माध्यमबाट स्थापित गर्ने काम भएको छ। पार्टी स्कुलको योजनामा हुने प्रशिक्षणका लागि अभियानले अनुकूल आधार तयार गरिदिएको छ ।

अभियानका क्रममा अग्रज तथा विशिष्ट प्रतिभाहरूलाई सम्मान गर्ने कार्यक्रम धेरैजसो ठाउँमा भए। केही ठाउँमा विषयगत अन्तरक्रिया कार्यक्रमहरू आयोजना गरिए। केही ठाउँमा पार्टी कार्यकर्ताको परिचालन गरी रचनात्मक कामहरू गरिए। रचनात्मक गतिविधि सञ्चालन गर्ने काममा भने अभियानकर्ताको सिर्जनात्मकताले बढी भूमिका खेलेको छ।

यस अभियानका क्रममा पार्टीसम्बद्ध जनसङ्गठनहरूको आधारभूत तहको कामलाई व्यवस्थित गर्ने योजना बनाइएको थियो। त्यसका लागि जनसङ्गठनको सम्बन्धित तहको नेतृत्वलाई जोड्न भनिएको थियो। प्रमुख जनसङ्गठनहरू अधिवेशनको तयारीमा रहेका कारणले पनि अभियानका क्रममा यसलाई प्रभावकारी रूपमा जोड्न सकेको देखिएन । तर पनि, जनसङ्गठनको भेला आयोजना गर्ने र उनीहरूको अवस्थाका बारेमा जानकारी लिने काम अधिकांश ठाउँमा भयो। कतिपय ठाउँमा गठन, पुनर्गठन र सम्मेलन/अधिवेशनहरूको आयोजनासमेत गरियो।

अभियानका क्रममा नेतृत्व विकासको सम्भावना भएका युवाहरूको पहिचान गर्ने विषयलाई पनि प्राथमिकतामा राखिएको थियो। जुन रूपमा यस विषयलाई अघि बढाउन खोजिएको थियो, त्यो रूपमा काम अघि बढ्न सकेन।

अभियानका क्रममा जनता के चाहन्छन् भनेर बुझ्ने प्रयास गरिएको थियो । विभिन्न विषयमा आधारित जनसरोकारका मुद्दाहरूको प्राथमिकीकरण गर्न लगाइएको थियो । यो काम एकहदसम्म भएको छ । उपलब्ध सबै प्रतिवेदनहरूमा यस विषयलाई महत्वका साथ समावेश गरिएको छ । यसको विश्लेषणको काम विज्ञहरूको सहयोगमा प्रदेशस्तरमा र केन्द्रस्तरमा समेत गरिएको छ । जनसरोकारका मुद्दाहरू पहिचान गरी त्यसका आधारमा पार्टी तथा सम्बद्ध सङ्गठन र जनप्रतिनिधिहरूलाई परिचालन गरिनुपर्दछ ।

अभियानका क्रममा स्थानीय अन्तरविरोधको पहिचान भएको छ । समाधानका प्रयासहरू अघि बढेका छन् । अभियानले अन्तरविरोधको अवस्थाबाट सहकार्यको अवस्थामा बदल्न सहयोग पुऱ्याएको पनि छ । तर जिल्ला तहका प्रमुख नेताहरूबीचको अन्तरविरोधका कारणले काममा समस्या भएको भनी पहिचान गरिएका विषयहरूको समाधानमा विशेष ध्यान दिनु आवश्यक छ । अनुशासन उलङ्घनका कारणले उत्पन्न भएका मतभेदहरूका सन्दर्भमा भने आवश्यक कार्बाहीको विषय बनाउनुपर्ने देखिन्छ । अभियानबाट पहिचान भएका समस्यालाई नियमित सङ्गठनात्मक कामका माध्यमबाट समाधान गर्ने प्रयास अघि बढाइएको छ ।

*विभिन्न विषयमा आधारित जनसरोकारका मुद्दाहरूको प्राथमिकीकरण गर्न लगाइएको थियो । यो काम एकहदसम्म भएको छ । उपलब्ध सबै प्रतिवेदनहरूमा यस विषयलाई महत्वका साथ समावेश गरिएको छ । यसको विश्लेषणको काम विज्ञहरूको सहयोगमा प्रदेशस्तरमा र केन्द्रस्तरमा समेत गरिएको छ ।*

अभियानबाट पार्टीको सङ्गठनात्मक जीवन व्यवस्थित हुने प्रक्रिया सुरु भएको छ । आमरूपमा पार्टी पङ्क्तिमा देखिएको शिथिलता एकहदसम्म तोडिएको छ । पार्टीमा सक्रिय र निष्क्रियको पहिचान भएको छ । कमिटी प्रणालीमा देखिएका समस्याहरू उजागर भएका छन् । आमरूपमा कमिटी छरितो हुनुपर्दछ भन्ने मान्यता प्रबल बनेको छ । कमिटीमा गणपुरक सङ्ख्या समस्या देखिएको, कमिटीमा निष्क्रिय पदाधिकारी तथा सदस्यका कारणले काममा समस्या भएको जस्ता पक्ष उजागर भएका छन् । कमिटीको पुनर्गठन र नयाँ अधिवेशनका माध्यमबाट समाधानको प्रयास अघि बढाइएको छ । कमिटीको बैठकलाई एजेन्डा आधारित बनाउने, मिनट (माइन्युट) लेखनको सीप सिकाउने र कमिटीका सदस्यहरूलाई निर्णय प्रक्रियामा सहभागी बनाउने कुराको खाँचो अभियानले देखाएको छ ।

अभियानको क्रममा पालिका, जिल्ला र प्रदेश तहमा अभियानको समीक्षाको योजना बनाइएको थियो । अभियान घोषित उद्देश्यप्रति अल्मलिएको देखेपछि मध्यावधि समीक्षाको योजना बनाइयो । प्रदेशस्तरमा आयोजना गरिएको मध्यावधि समीक्षाबाट अभियानलाई उद्देश्यकेन्द्रित बनाउन सहयोग पुगेको थियो । समीक्षाका लागि समीक्षाको ढाँचा उपलब्ध गराइएपछि अभियान अझ बढी विषयकेन्द्रित हुनपुग्यो । यस अभियानले केन्द्रीय सदस्य र प्रतिनिधिहरूलाई प्रतिवेदन लेखन गर्न प्रेरित गऱ्यो । अभियानका क्रममा तयार भएका आधाआधी प्रतिवेदनहरू भविष्यको पार्टी कामको आधार दस्तावेजका रूपमा तयार भएका छन् । यस अभियानका क्रममा ७ सय ५३ पालिकास्तरका, ८८ वटा जिल्लास्तरका र ९ वटा प्रदेशस्तरका गरी ८ सय ५० प्रतिवेदन तयार भएका छन् । केन्द्रीय प्रतिनिधिहरूले तयार गरेको प्रतिवेदनलाई केन्द्रीय पुस्तकालयमा सुरक्षित राखिएको छ । (परिशिष्ट–३, मिसन ग्रासरुटको अबधारणा)

## १२. 'झुलाघाट–चिवाभञ्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा': आशा जगाउँदै–भरोसा बढाउँदै

२०८० साल मङ्सिर १४ देखि पुस १ गतेसम्म सुदूरपश्चिमको झुलाघाटदेखि सुदूर पूर्वको चिवाभञ्ज्याङसम्म 'समृद्धिका लागि सङ्कल्प यात्रा' सम्पन्न गरियो । पहाडका विकासका सम्भावनाहरूको खोजी गर्ने, तीव्र रूपमा भइरहेको बसाईंसँराइलाई न्यून गर्ने उपायहरूका बारेमा

विमर्श गर्ने, लोकतन्त्र, सामाजिक सद्भाव एवम् राष्ट्रिय एकतालाई सम्बर्द्धन गर्ने र समाजमा व्याप्त निराशा र 'देश समृद्ध हुन सक्दैन, सुशासन पनि कायम हुँदैन' भन्ने नकारात्मक भाष्यलाई चिर्दै जनतामा आशा, आत्मविश्वास र भरोसा जागृत गर्ने उद्देश्यसहित यो अभियान सञ्चालन गरिएको थियो । प्रतिकूल मौसम र जटिल भौगोलिक अवस्थितिका बाबजुद सङ्कल्प यात्रामा प्रकट भएको स्वतःस्फूर्त जनसहभागिता, अभूतपूर्व जनसमर्थन, उच्च राजनीतिक संस्कार र सांस्कृतिक विविधताको प्रदर्शनबाट पार्टीको अभियान सिङ्गो राष्ट्रको अभियान बन्न सफल रह्यो । यस अभियानका क्रममा हाम्रो पार्टीका अध्यक्षप्रति समाजका सबै तप्काका समुदायले देखाएको हार्दिकता र सम्मानलाई हाम्रो पार्टी र आन्दोलनप्रतिको सम्मानका रूपमा हामीले बुझ्नुपर्दछ, नेपाली जनताको आशा र विश्वासका रूपमा लिनुपर्दछ । अभियानमा जनताको समर्थन र अभूतपूर्व सहभागितालाई लोकतान्त्रिक गणतन्त्र, संवैधानिक व्यवस्था र मुलुकको भविष्यप्रतिको जनताको भरोसाका रूपमा लिनुपर्दछ । 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय' भन्ने योजनाका साथ सुरु गरिएको सङ्कल्प यात्रा अपेक्षा गरिएभन्दा बढी स्थानमा जनताको बाक्लो उपस्थिति भएका कारणले समय व्यवस्थापनमा निकै ठूलो समस्या उत्पन्न भयो । सकेसम्म साँझ ५/७ बजेसम्म कार्यक्रम सम्पन्न गरिसक्ने योजना अछामदेखि नै खल्बलिन पुग्यो । कतिपय जिल्लामा लस्कर कार्यक्रम स्थलमा आइपुग्दा रातको १०/११ बज्दथ्यो । चिसो मौसममा, रातको समयमा लामो प्रतीक्षा गरेर बसेको जनसमुदायलाई सम्बोधन गरेर विश्राम लिनपुग्दा रातको १२/१ बज्न पुग्दथ्यो । 'समृद्धिका लागि सङ्कल्प यात्रा'को क्रममा प्रकट भएको त्यो भावना र सद्भाव हाम्रो पार्टीका लागि प्रेरणा र मार्गदर्शक विषय रहेका छन्, जसले यात्राको थकानलाई बिर्साएर अर्को दिनको यात्राका लागि ऊर्जा प्रदान गर्ने काम गरे ।

*चिसो मौसममा, रातको समयमा लामो प्रतीक्षा गरेर बसेको जनसमुदायलाई सम्बोधन गरेर विश्राम लिनपुग्दा रातको १२/१ बज्न पुग्दथ्यो । 'समृद्धिका लागि सङ्कल्प यात्रा'को क्रममा प्रकट भएको त्यो भावना र सद्भाव हाम्रो पार्टीका लागि प्रेरणा र मार्गदर्शक विषय रहेका छन्, जसले यात्राको थकानलाई बिर्साएर अर्को दिनको यात्राका लागि ऊर्जा प्रदान गर्ने काम गरे ।*

सङ्कल्प यात्रा कोशी प्रदेशमा प्रवेश गर्न नदिने भनेर पहिचानवादीका नाममा अनेकन् प्रकारका दुश्प्रचारहरू गरिए । लाठी र घरेलु हातहतियारसहितको युवादस्ता प्रदर्शन, कोशी प्रदेश बन्द आह्वान र कार्यक्रममा सहभागी नहुनका लागि दबाब सिर्जना गर्ने सम्मका कामहरू भए । अभियानका क्रममा कुनै प्रकारको मुठभेड वा क्षति नहोस् भनेर हदैसम्मको संयमता अपनाउने काम गरियो । अतिवादलाई जनताले रुचाउँदैनन् भन्ने कुरा यात्राका क्रममा कोशी प्रदेशका जनताले प्रमाणित गरे । कोशी प्रदेशका सभाहरूमा जनताको ऐतिहासिक र अभूतपूर्व सहभागिता देखियो । कोशी प्रदेशको नामकरणमा आफैँ संलग्न भएर पुनः भडकाउन खोज्ने सत्ताधारी गठबन्धनलाई पनि कोशीका जनताले व्यापक सहभागितामार्फत जवाफ दिने काम गरे । यसबाट 'हाम्रा भगवान् भनेका जिउँदा नेपाली जनता हुन्' भन्ने जननेता मदन भण्डारीको भनाइलाई कोसी प्रदेशका जनताले सार्थक बनाए ।

हाम्रो पार्टीलाई विभिन्न राजनीतिक दल, सङ्घ–संस्था, स्थानीय तहहरू, व्यावसायिक क्षेत्र र व्यक्तिगत रूपमा समेत सयौँ ज्ञापनपत्र, ध्यानाकर्षण, माग र सुझावहरू प्राप्त भएका छन् । सर्वदलीय बैठकबाट पारित भएरसमेत प्राप्त भएका यी मागहरूलाई हामीले जनताको नासो ठानेका छौँ । यिनलाई सम्बोधन गर्नु वा गर्न लगाउनु पार्टीको दायित्व हो । यसै प्रयोजनका लागि सङ्कल्प यात्राका क्रममा मागहरूको सारसङ्क्षेप र तिनलाई कार्यान्वयन गर्ने निकायसमेत किटान गरेर सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालमार्फत नेपाल सरकारलाई हस्तान्तरण गरेका छौँ । नेपाली जनताले ठूलो आशा र भरोसाका साथ हस्तान्तरण गरेका यी मागहरूको शीघ्र एवम् योजनाबद्ध कार्यान्वयनका लागि पार्टीका तर्फबाट अनुगमनको योजना पनि बनाइएको छ । पार्टी सरकारमा संलग्न भएको र सोह्रौँ पञ्चवर्षीय योजना तर्जुमाको चरणमा रहेको अवस्थामा हाम्रो ध्यान यात्राको क्रममा प्रकट भएको जनभावनालाई सम्बोधन गर्ने कुरामा केन्द्रित गर्नुपर्दछ ।

'समृद्धिका लागि सङ्कल्प यात्रा'को सफलताले पार्टीको प्रतिष्ठामा उल्लेख्य बृद्धि भएको छ। समाजमा फैलिँदै गरेको निराशा र कुण्ठालाई चिरेर भविष्यप्रतिको आशाको दियो बाल्ने काम भएको छ। अब सिङ्गो पार्टी पङ्क्तिले अभियानको उपलब्धि र सन्देशलाई जनस्तरसम्म पुऱ्याउने काम गर्नुपर्दछ र त्यसलाई बलियो राष्ट्रिय शक्ति निर्माण गर्ने पार्टीको योजनासँग जोड्ने काम गर्नुपर्दछ। (परिशिष्ट–४, समृद्धिको लागि सङ्कल्प यात्रा अवधारणा)

## १३. जाजरकोट भूकम्पमा स्वयम्सेवा : पार्टी सँधै एककदम अगाडि

जाजरकोट केन्द्रबिन्दु भएर २०८० कार्तिक १७ को मध्यरातको समयमा गएको विनाशकारी भूकम्पमा परी १ सय ५७ जनाको मृत्यु भयो। २ सय ७५ जनाभन्दा बढी घाइते हुन पुगे। उक्त भूकम्पमा परी जाजरकोट र रुकुम पश्चिममा सबैभन्दा धेरै मानवीय र भौतिक क्षति हुन पुग्यो। सरकारले तयार पारेको तथ्याङ्क अनुसार ९ हजार ७ सय ९४ निजी घर पूर्ण रूपमा क्षति भए। जाजरकोटमा २४ हजार ७ सय ७ घर आंशिक क्षति भए। रुकुम पश्चिममा १६ हजार ५ सय ७० निजी घर पूर्ण रूपमा क्षति भए। ९ हजार ९ सय ६१ घर आंशिक रूपमा क्षति भए। तर पछिल्लो समय उक्त तथ्याङ्कमा वृद्धि भएको देखिन्छ। जाजरकोट भूकम्पपश्चात् राष्ट्रपतिदेखि राज्यका विभिन्न ओहोदाका व्यक्तिहरू हेलिकप्टरमा जाने र राहत तथा उद्धारमा लाग्ने कुराले प्रहरी प्रशासन स्वागत सत्कारमा लाग्नुपर्ने अवस्था सिर्जना भयो। त्यस प्रकारको भ्रमण 'विपद् पर्यटन' को नाममा आलोचित बन्न पुग्यो। तर, हाम्रो पार्टी सुरुदेखि नै त्यहाँको वस्तुगत अवस्था बुझ्ने, तथ्याङ्क सङ्कलन गर्ने र पीडामा परेका जनसमुदायलाई तत्काल राहत उपलब्ध गराउने कुरामा केन्द्रित रह्यो। राज्यले समयमा राहत र पुनस्थापनाको काम अघि बढाउन नसक्दा चिसोबाट सुत्केरी महिला, बालबालिका र ज्येष्ठ नागरिकहरूको मृत्यु हुन थालेपछि हतोत्साहित भएका जनतालाई आफैँ केही गर्नुपर्दछ भन्ने भावना जागृत गर्नका लागि बाहिरी जिल्लाबाट स्वयम्सेवक परिचालित गर्ने योजना अघि बढाइयो। जाजरकोट र रुकुम पश्चिममा पार्टीले पहिचान गरेका स्थानमा स्थानीय जनतालाई कुनै प्रकारको बोझ नहुने गरी सबै प्रकारका लजिस्टिक सामानसहित १ हजार स्वयम्सेवक परिचालन गर्ने योजना केन्द्रीय कार्यालयका तर्फबाट तयार गरियो। विपद् व्यवस्थापन विभागको व्यवस्थापकीय संयोजनमा प्रदेश तहका पार्टी कमिटी र जनसङ्गठनका तर्फबाट तोकिएअनुसारका स्वयम्सेवक पठाउन निर्देशन गरियो। सोहीअनुसार कात्तिक ३० गतेदेखि मङ्सिर १८ गतेसम्म २५ जनाका दरले ४० समूह बनाएर जाजरकोटमा २५ र रुकुम पश्चिममा १५ समूह परिचालन गरिएको थियो। सबैभन्दा जोखिमपूर्ण र कठिन भौगोलिक स्थानमा पुगेर हाम्रा स्वयम्सेवकहरूले ५ सय ३ वटा भग्नावशेषको सुरक्षित रूपमा व्यवस्थापन गर्ने र दबिएका सामग्रीहरू निकालेर घरधनीलाई बुझाउने काम गरे। स्वयम्सेवक टोलीले ८ सय १३ अस्थायी आवास बनाउने काम गरे। १६ वटा विद्यालयको असुरक्षित भग्नावशेष हटाउनुका साथै अस्थायी विद्यालय बनाएर हस्तान्तरण गर्ने काम गरिएको थियो। ती विद्यालयहरूमा समयमै पठनपाठन सञ्चालन गर्न सम्भव भयो।

*सबैभन्दा जोखिमपूर्ण र कठिन भौगोलिक स्थानमा पुगेर हाम्रा स्वयम्सेवकहरूले ५ सय ३ वटा भग्नावशेषको सुरक्षित रूपमा व्यवस्थापन गर्ने र दबिएका सामग्रीहरू निकालेर घरधनीलाई बुझाउने काम गरे। स्वयम्सेवक टोलीले ८ सय १३ अस्थायी आवास बनाउने काम गरे।*

केन्द्रीय स्वयम्सेवकहरू फर्किने बेला उनीहरूबाट आफ्नो लजिस्टिक स्थानीय स्वयम्सेवकलाई उपलब्ध गराएर पुनस्थापनाको कामलाई निरन्तरता दिन प्रेरित गरिएको थियो। हाम्रा स्वयम्सेवकहरूले गरेको कामबाट स्थानीय जनता, प्रहरी र प्रशासनसमेत प्रभावित बन्न पुगे। विना कुनै राजनीतिक विभेद प्राथमिकता निर्धारण गरेर गरिएको कामबाट अन्य राजनीतिक दलका नेता र कार्यकर्ताले समेत हाम्रा स्वयम्सेवकहरूको खुलेर प्रशंसा गरेका थिए। स्वयम्सेवकका रूपमा सुदूरपश्चिमबाट ५०, कर्णाली प्रदेशबाट १५०, लुम्बिनी प्रदेशबाट २००, गण्डकी प्रदेशबाट ५०, वागमती प्रदेशबाट ५०,

मधेश प्रदेशबाट २५, कोशी प्रदेशबाट २५, उपत्यका विशेषबाट २५, सम्पर्क समन्वयबाट १०० जना स्वयम्सेवक परिचालन गरिएका थिए।

जनसङ्गठनहरूमा अनेरास्ववियुबाट १००, युवा सङ्घबाट १५०, जिफन्टबाट १००, भूपू सैनिकबाट ५० र खेलकुद महासङ्घबाट ५० जना परिचालन गरिएका थिए। अभियानका क्रममा किसान महासङ्घले थप २०० स्वयम्सेवक परिचालन गरेको थियो। यसरी कुल १ हजार ३ सय २५ केन्द्रीय स्वयम्सेवकहरू १५ दिनभन्दा बढी भूकम्प प्रभावित क्षेत्रमा खटेका थिए। स्थानीय पार्टी कमिटीका तर्फबाट त्यसलाई सहजीकरण गर्नका लागि थप स्थानीय स्वयम्सेवक परिचालन गरिएका थिए। उक्त अवधिमा स्वास्थकर्मीहरूको टिमसमेत परिचालित थियो। राहत नपुगेका ठाउँमा केन्द्र र जनसङ्गठन तथा स्थानीय कमिटीको सहयोगमा विशेष योजना बनाएर राहतसमेत वितरण गरिएको थियो। यसरी परिचालित भएका स्वयम्सेवकहरूलाई समृद्धिका लागि सङ्कल्प यात्राका क्रममा भव्य समारोहका बीचमा पार्टी अध्यक्षले सम्बोधन गर्दै धन्यवाद दिनुभएको थियो। जाजरकोट भूकम्पका क्रममा जाजरकोट र रुकुम पश्चिममा परिचालित भएका स्वयम्सेवकहरूको कामबाट 'नेकपा (एमाले) सदैव एक कदम अगाडि' भन्ने मान्यता पुनः पुष्टि भएको छ।

*अधिकांश कमिटीहरूले वार्षिक कार्ययोजना तयार नै नगरी पदाधिकारी बैठकका नाममा पटके निर्णय गरी पार्टी कामलाई अघि बढाएको देखिन्छ। सीमित व्यक्तिको सहभागितामा पटके निर्णयका आधारमा गरिने पार्टी काम योजनाबद्ध र व्यवस्थित हुन सक्दैन भन्ने कुरा स्पष्ट छ। योजना बनाउने र योजनाअनुरुप कामलाई अघि नबढाउने हो भने बनेका राम्रा योजनाको पनि खासै अर्थ रहँदैन।*

## १४. वार्षिक कार्ययोजनाको अवस्था : थिति र गति बढाउनुपर्छ, सुर र ताल मिलाउनुपर्छ

केन्द्रीय कमिटीको पाँचौँ पूर्ण बैठकले १२ बुँदे वार्षिक कार्ययोजना तयार गरेको थियो। मिसन ग्रासरुट (सङ्गठन सुदृढीकरण र विस्तार अभियायन) को प्रतिवेदनमा आधारित उक्त कार्ययोजना पार्टीलाई बलियो राष्ट्रिय शक्तिका रूपमा सुदृढ गर्ने उद्देश्यअनुरुप तयार गरिएको छ। केन्द्रीय कमिटीले तयार गरेको उक्त वार्षिक कार्ययोजनालाई मातहत कमिटीहरूलाई आफ्नो वार्षिक कार्ययोजनामा ढालेर कार्यान्वयन गर्न निर्देशन दिइएको थियो। प्रदेश कमिटीहरू अधिवेशनको तयारीमा जुट्नुपरेका कारणले उनीहरूले वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयनमा खासै ध्यान दिन सकेनन्। प्रदेश कमिटी अधिवेशनको तयारीमा जुटेका कारणले हुनुपर्दछ– प्रभावकारी निर्देशन र अनुगमनको अभावमा जिल्ला र मातहतका कमिटीहरूले पनि केन्द्रीय कार्ययोजनाअनुरूप आफ्नो कामलाई अघि बढाएको देखिएन। अधिकांश कमिटीहरूले वार्षिक कार्ययोजना तयार नै नगरी पदाधिकारी बैठकका नाममा पटके निर्णय गरी पार्टी कामलाई अघि बढाएको देखिन्छ। सीमित व्यक्तिको सहभागितामा पटके निर्णयका आधारमा गरिने पार्टी काम योजनाबद्ध र व्यवस्थित हुन सक्दैन भन्ने कुरा स्पष्ट छ। योजना बनाउने र योजनाअनुरुप कामलाई अघि नबढाउने हो भने बनेका राम्रा योजनाको पनि खासै अर्थ रहँदैन। केन्द्रीय कमिटीको पाँचौं बैठकबाट अघि बढाएको वार्षिक कार्ययोजनाका १२ बुँदामध्ये एउटा बुँदा हीरक महोत्सवसँग सम्बन्धित छ, जुन यही वैशाख १० गते विशेष कार्यक्रम आयोजना गरी सम्पन्न गरिने छ। अन्य बुँदाहरू अहिले पनि उत्तिकै सान्दर्भिक रहेका छन्।

वार्षिक कार्ययोजनाको मुख्य काम सदस्यता अभिलेख शुद्धीकरण गर्ने योजना रहेको थियो। नेकपा गठन, पार्टी विभाजन र पार्टी विस्तारका नाममा सदस्यताको अभिलेख त्रुटिपूर्ण बन्नपुगेको थियो। त्यसलाई व्यवस्थित गर्ने काम सन्पन्न भएको छ। यतिवेला नवीकृत र नयाँ गरी पार्टी सदस्य सङ्ख्या ५ लाख ४६ हजार ६ सय ९५ कायम भएको छ। २०८१ का लागि नवीकरणको प्रक्रिया सुरु भएकोले सदस्यता नवीकरण र विस्तार योजनालाई प्रभावकारी बनाउनका लागि विशेष परिपत्र जारी गरिएको छ। सोहीअनुसार अघि बढ्नसक्दा पार्टी सदस्यता व्यवस्थित हुने अपेक्षा गर्न सकिन्छ।

## अङ्कमा
## मतदाता र मतदाताको अनुपातमा एमाले सदस्य

### कोशी प्रदेश

**२३,८९३**
महिला सदस्य

**७१,५९६**
पुरुष सदस्य

**९५,४८९**
जम्मा सदस्य

**३३,९६,८६५**
मतदाता संख्या

**२.८१**
मतदाताको %

**२,०३,८११**
मतदाताको ६%

### मधेस प्रदेश

**१९,९०२**
महिला सदस्य

**५०,१६८**
पुरुष सदस्य

**७०,०७०**
जम्मा सदस्य

**३३,८७,८०८**
मतदाता संख्या

**२.०७**
मत’दाताको %

**२,०३,२६८**
मतदाताको ६%

# अङ्कमा
# मतदाता र मतदाताको अनुपातमा एमाले सदस्य

## बागमती प्रदेश

**२१,११५**
महिला सदस्य

**८३,३८०**
पुरुष सदस्य

**१,०९,४९५**
जम्मा सदस्य

**३४,७१,४९२**
मतदाता संख्या

**३.१५**
मतदाताको %

**२,०८,२८९**
मतदाताको ६%

## गण्डकी प्रदेश

**१७,९८६**
महिला सदस्य

**४५,५८७**
पुरुष सदस्य

**६३,५७३**
जम्मा सदस्य

**१८,०६,५८५**
मतदाता संख्या

**३.५२**
मत’दाताको %

**१,०८,३९५**
मतदाताको ६%

## अङ्कमा
## मतदाता र मतदाताको अनुपातमा एमाले सदस्य

### लुम्बिनी प्रदेश

**२३,३६७**
महिला सदस्य

**५९,५३०**
पुरुष सदस्य

**८२,८९७**
जम्मा सदस्य

**३२,४९,६३५**
मतदाता संख्या

**२.५५**
मतदाताको %

**१,९४,९७८**
मतदाताको ६%

### कर्णाली प्रदेश

**१५,०२६**
महिला सदस्य

**३६,९७४**
पुरुष सदस्य

**५२,000**
जम्मा सदस्य

**१०,०८,४03**
मतदाता संख्या

**५.१६**
मत’दाताको %

**६०,५०४**
मतदाताको ६%

## अङ्कमा
## मतदाता र मतदाताको अनुपातमा एमाले सदस्य

### सुदूरपश्चिम प्रदेश

**१३,९५४**
महिला सदस्य

**३९,५९०**
पुरुष सदस्य

**५३,५४४**
जम्मा सदस्य

**१६,५८,००४**
मतदाता संख्या

**३.२३**
मतदाताको %

**९९,४८०**
मतदाताको ६%

कार्ययोजनाको दोस्रो विषय काम गर्नेलाई प्रोत्साहन र नगर्नेलाई अहिलेसम्म पुऱ्याएको योगदानको सम्मान गर्दै बिदा दिने नीतिअनुरुप सबै तहका कमिटीहरूलाई क्रियाशील बनाउनु रहेको छ। 'मिसन ग्रासरुट' र 'समृद्धिका लागि सङ्कल्प यात्रा' तथा नियमित पार्टी काममा कमिटीका पदाधिकारी र सदस्यहरूको सक्रियतालाई आधार बनाएर कमिटीलाई व्यवस्थित गर्न र कमिटीमा नयाँ सदस्यहरूको प्रवेश सहज होस् भनेर जिल्ला र आधारभूत तहका कमिटीको अवधि पूरा नहुँदै अधिवेशन आयोजना गर्ने नीति अवलम्बन गरिएको छ। यतिवेला जिल्ला र मातहतका कमिटीहरूको अधिवेशन सुरु भएको छ। यसलाई सकेसम्म छिटो सम्पादन गर्न जोड दिनुपर्दछ।

तेस्रो योजना नियमित पार्टी स्कुल सञ्चालन रहेको छ। यतिवेला प्रशिक्षणको कामले तीव्रता पाएको छ। तर, कार्ययोजनाअनुरुप तीन तहको स्कुलको ढाँचा अझै तयार हुनसकेको छैन। एक्सन रुमबाट डिजिटल सामग्री उत्पादन गर्ने गरी प्रशिक्षणको काम अघि बढाउन आवश्यक छ। एक वर्षमा सबै पार्टी सदस्यलाई अनिवार्य रूपमा पार्टी स्कुलले सञ्चालन गरेको प्रशिक्षणमा सहभागी बनाउने योजना कार्यान्वयनमा लैजान जोड दिनुपर्दछ। नेतृत्व विकासका लागि स्कुलिङको काममा जोड दिनु आवश्यक छ।

'व्यापक बनौँ र बनाऔँ' भन्ने नीतिअनुरुप पार्टी सम्बद्ध जनसङ्गठहरूलाई आफ्नो वर्ग र समुदायमा विस्तार गर्ने योजना अघि बढाइएको छ। जनसङ्गठनको साङ्गठनिक गतिविधिमा विस्तार भएको छ। तर वर्ग र समुदायकेन्द्रित गर्ने र सदस्यतामा व्यापक विस्तार गर्ने काम भने अझै अघि बढ्न सकेको छैन।

बलियो राष्ट्रिय शक्तिका रूपमा पार्टीलाई सुदृढ गर्ने उद्देश्यअनुरुप पार्टी प्रवेश र राजनीतिक धु्रवीकरणलाई तीव्रता दिने योजना अघि बढाइएको छ। प्रवेशको काम नियमित रूपमा अघि बढिरहेको भए पनि प्रवेशीको व्यवस्थापनमा खासै ध्यान पुग्नसकेको छैन। साथै, पार्टीका अगुवा कार्यकर्ताहरूसमेत जिम्मेवारीविहीन बन्न पुगेको गुनासोसमेत सुनिन थालेको छ। यस प्रकारको अवस्थाको शीघ्र समाधान आवश्यक छ।

सुशासनसँगै विकास र समृद्धिको योजनाअनुरूप जनप्रतिनिधिहरूको कामलाई व्यवस्थित गर्ने योजना बनाइएको छ। सङ्घीय संसद, प्रदेशसभा र स्थानीय निकायका जनप्रतिधिहरूको काम नै हाम्रो पार्टीलाई जनताले हेर्ने ऐना हो। यतिवेला पार्टी सरकारमा सहभागीसमेत भएको अवस्थामा यस योजनाको प्रभावकारी कार्यान्वन अपरिहार्य भएको छ। वार्षिक कार्ययोजनामा राष्ट्रिय हित र जनसरोकारका विषयमा प्रभावकारी जनपरिचालन गर्ने र पार्टीको प्रभाव विस्तार गर्ने उद्देश्य राखिएको छ। उक्त योजनाअनुरुप आर्थिक–सामाजिक विकास र रूपान्तरणका कामलाई जोडदिनु आवश्यक छ। सातौँ केन्द्रीय कमिटीको बैठकमा यस विषयलाई अलग एजेन्डा बनाएर छलफल गरिएको छ। अब त्यसको निष्कर्षका आधारमा अघि बढ्नुपर्दछ।

*'व्यापक बनौँ र बनाऔँ' भन्ने नीतिअनुरुप पार्टी सम्बद्ध जनसङ्गठहरूलाई आफ्नो वर्ग र समुदायमा विस्तार गर्ने योजना अघि बढाइएको छ। जनसङ्गठनको साङ्गठनिक गतिविधिमा विस्तार भएको छ। तर वर्ग र समुदायकेन्द्रित गर्ने र सदस्यतामा व्यापक विस्तार गर्ने काम भने अझै अघि बढ्न सकेको छैन।*

वडा–वडामा भावी युवानेता तयार गर्नेगरी प्रत्येक वडामा १० युवा पहिचान गरी प्रशिक्षित गर्ने योजना अघि बढाइएको थियो। तर उक्त काम खासै अघि बढ्न सकेको छैन। प्रत्येक तहका कमिटीमा ४० वर्षका युवाको सहभागिता सुनिश्चित हुने गरी निर्देशन जारी भएको छ। यस अन्तर्गत प्रदेशमा १०, जिल्लामा १५, पालिकामा २० र वडा तथा टोलतहमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

पार्टी कार्यालयमार्फत पार्टी कामलाई समन्वय गर्ने नीतिअनुरूप पार्टी कार्यालयको कामलाई व्यवस्थित गर्ने योजना अघि बढाइएको छ। कार्यालयमा पदाधिकारीको उपस्थितिको तालिका मिलाउने, कार्यालय सचिवको अनिवार्य व्यवस्था मिलाउने, स्वयम्सेवककै रूपमा भए पनि लेखा अधिकृत र आइटी अफिसरको अनिवार्य रूपमा व्यवस्था गर्ने कुरामा जोड दिइएको छ। पहिलेको तुलनामा कार्यालयको गतिविधिमा विस्तार भएको छ। तर, यो अझै आवश्यकताअनुसार बन्न सकेको छैन।

यतिवेला प्रचारको काम राजनीतिक कामको मुख्य विषय बन्न पुगेको छ। 'सोसल मिडिया' को बढ्दो प्रभावसँगै पार्टीको ध्यान आमसञ्चारका माध्यमका साथै 'सोसल मिडिया' मा जानु आवश्यक छ। 'झुलाघाट–चिवाभञ्ज्याङ : समृद्धिका लागि सङ्कल्प यात्रा' र जाजरकोट भूकम्पमा गरिएको स्वयम्सेवक परिचालनमा भएका कामको प्रचार 'सोसल मिडिया' मा प्रभावकारी बन्न पुगेको थियो। तर, पार्टीको नियमित काममा भने त्यसको प्रभाव खासै बढ्न सकेको छैन। प्रचारको कामलाई व्यवस्थित गर्ने कुरामा आगामी दिनमा थप जोड दिनु आवश्यक छ।

कार्ययोजनाको अन्तिम विषय प्रवासी नेपालीहरूबीचको पार्टी कामलाई प्रभावकारी बनाउनु रहेको छ। प्रवासी नेपाली मञ्च र नेपाली प्रवासी सङ्घ भारतका माध्यमबाट प्रवासी नेपालीबीचको काम विस्तार भइरहेको छ। तर प्रवासमा नेपालीहरूको बढ्दो सङ्ख्याका हिसाबले हाम्रो काम

अझै कमजोर रहेको छ। पार्टीको केन्द्रीय कमिटीको पाँचौं बैठकले अघि बढाएको र हालसम्म कार्यान्वयनमा रहेको वार्षिक कार्ययोजना कार्यान्वयनको अवस्थाका बारेमा पार्टी केन्द्रीय कमिटीको सातौँ बैठकले आवश्यक समीक्षा गरेको छ। अब उक्त समीक्षाको निष्कर्षका आधारमा आगामी वर्षको ठोस कार्ययोजना अघि बढाइने छ।

## १५. आगामी कार्ययोजना : बलियो र निर्णायक राष्ट्रिय शक्तिको निर्माण

केन्द्रीय कमिटीको पाँचौं बैठकले वार्षिक कार्ययोजना तर्जुमा गरेको थियो। उक्त कार्ययोजनाको कार्यान्वयनको अवधि पूरा हुँदैछ। कार्ययोजनाले निर्दिष्ट गरेका काम अघि बढेका छन्। तर कार्ययोजनाअन्तर्गतका कतिपय काम भने अझै पूरा हुनसकेका छैनन्। कतिपय काम भने पार्टीको नियमित जीवनसँग जोडिएका छन्। तिनलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने हुन्छ।

*पार्टीलाई बलियो र निर्णायक शक्तिका रूपमा विकास गर्ने उद्देश्यअनुरुप पार्टी केन्द्रीय कमिटीको सातौँ बैठकले पार्टी निर्माणका सन्दर्भमा तीन विशेष एजेन्डामा छलफल अघि बढाएको छ। पहिलो, शुद्धीकरण र सुदृढीकरणका बारेमा; दोस्रो, जनआधारित कार्यकर्ता पार्टी निर्माणका सन्दर्भमा र तेस्रो राष्ट्रिय हित र जनसरोकारका विषयमा जनपरिचालन गर्ने।*

पार्टीलाई बलियो र निर्णायक शक्तिका रूपमा विकास गर्ने उद्देश्यअनुरुप पार्टी केन्द्रीय कमिटीको सातौँ बैठकले पार्टी निर्माणका सन्दर्भमा तीन विशेष एजेन्डामा छलफल अघि बढाएको छ। पहिलो, शुद्धीकरण र सुदृढीकरणका बारेमा; दोस्रो, जनआधारित कार्यकर्ता पार्टी निर्माणका सन्दर्भमा र तेस्रो राष्ट्रिय हित र जनसरोकारका विषयमा जनपरिचालन गर्ने सन्दर्भमा। आगामी कार्ययोजनाले उपरोक्त विषयलाई गहिरो गरी आत्मसात गर्नुपर्दछ। 'मिसन ग्रासरुट' र 'समृद्धिका लागि सङ्कल्प यात्रा' को सफलताले पार्टी पङ्क्ति योजनाबद्ध रूपमा परिचालित हुने हो भने सफलता सुनिश्चित छ भन्ने देखाएको छ। तर हाम्रो काम गराइ भने अभियानमुखी जस्तो बन्नपुगेको छ। जबसम्म हामीले पार्टीको नियमित कामलाई नै प्रभावकारी बनाउन सक्दैनौँ, तबसम्म बलियो र निर्णायक शक्तिका रूपमा पार्टीलाई सुदृढ गर्ने उद्देश्य पूरा हुँदैन। तसर्थ अब हाम्रो ध्यान नियमित सङ्गठनात्मक ढाँचाबाट कार्ययोजना प्रभावकारी कार्यान्वयन गर्ने कुरामा केन्द्रित गर्नुपर्दछ। भविष्यमा हुने आमनिर्वाचनबाट निर्णायक भूमिकामा पार्टीलाई स्थापित गर्ने गरी अहिलेदेखि नै तयारीको काममा जुट्नुपर्दछ। हुलाकी राजमार्ग, पूर्व–पश्चिम राजमार्ग र ठूला सहरकेन्द्रित जनपरिचालनको विशेष अभियान पनि यस बीचमा कार्यान्वयनमा लैजानुपर्दछ। आगामी वर्षका लागि निम्नानुसारको कार्ययोजना प्रस्तुत गरिएको छ :

क. **पार्टीको सङ्गठनात्मक ढाँचालाई चुस्त र दुरुस्त बनाउने :** प्रदेश अधिवेशनहरू सम्पन्न भइसकेका छन्। जिल्ला अधिवेशनहरू सम्पन्न हुने क्रममा छन्। पालिका, वडा र आधारभूत तहका अधिवेशन र भेलाहरू योजना बनाएर यथाशीघ्र सम्पन्न गरिनु पर्दछ। नयाँ आर्थिक वर्ष सुरु हुनुअगावै नयाँ र नवीकृत सदस्यहरूलाई समेत समेटेर टोल तहको कमिटी निर्माणको कामलाई अभियानका रूपमा अघि बढाउनुपर्दछ। प्रत्येक मतदातालाई केन्द्रबिन्दुमा राखेर टोल तहको पार्टी कामलाई व्यवस्थित गरिनुपर्दछ। जिल्ला तथा आधारभूत तहका अधिवेशनहरू सम्पन्न भएसँगै पदाधिकारी र सदस्यको कार्यविभाजन गर्नुपर्छ, सचिवालय गठन गर्नुपर्छ र वार्षिक कार्ययोजना बनाएर योजनाबद्ध रूपमा पार्टी कामलाई अघि बढाउनुपर्छ। पार्टी विधानले व्यवस्था गरेअनुरुप नियमित रूपमा पार्टी बैठकको आयोजना गर्ने र आवधिक रूपमा सम्बन्धित तहको प्रतिनिधि परिषद्को बैठक आयोजना गरी समीक्षाको काम अघि बढाउनुपर्दछ। केही जिल्लाबाहेक अधिकांशले प्रतिनिधि परिषद्को बैठक आयोजना नगरी अधिवेशन गरेको देखिन्छ। अबदेखि त्यस्तो नहोस् भन्ने कुरामा जोड दिनुपर्दछ। सम्बन्धित तहको प्रतिनिधि परिषद् काम र कमिटीको समीक्षाको हिसाबले मात्र होइन, कार्यकर्ता व्यवस्थापनको दृष्टिमा पनि महत्वपूर्ण छ भन्ने आत्मसात गर्नुपर्छ। बैठकको उपस्थितिको अभिलेख तयार गर्ने र मिनट (माइन्युट) लेख्ने कामलाई व्यवस्थित बनाइनुपर्दछ। कमिटीका सदस्यको लेबी तोक्ने र

सङ्कलन गर्ने परिपाटी बसाल्नुपर्दछ । आफ्नो मातहतका सबै कमिटीका पदाधिकारी र सदस्य तथा पार्टी सदस्यको अभिलेख कार्यालयमा सुरक्षित राख्नुपर्दछ । अवधि पुगेका कमिटीहरूको अधिवेशन समयमै गर्ने परिपाटी स्थापित गर्नुपर्दछ। कामको जिम्मेवारी पूरा गर्ने र नगर्नेको अभिलेख राख्नुपर्दछ । कामको मूल्याङ्कनका आधारमा थप जिम्मेवारी दिने परिपाटी विकास गर्नुपर्दछ ।

ख. **सदस्यता नवीकरण तथा सदस्यता विस्तारः विधानतः** फागुन र चैत महिना सदस्यता नवीकरणका महिना हुन् । जिल्ला अधिवेशनका कारणले अधिकांश जिल्लामा यस अवधिमा नवीकरणको काम खासै अघि बढेको देखिँदैन । नवीकरणको काम जेठ मसान्तसम्म पूरागरी केन्द्रीय सङ्गठन विभागमा अभिलेख प्रमाणित गर्नुपर्दछ। पार्टीलाई बलियो राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्नका लागि जिल्ला र पालिका तहमा कुल मतदाताको ६ प्रतिशत र प्रत्येक वडामा न्यूनतम ३ प्रतिशत पार्टी सदस्यता पुग्नेगरी सदस्यता विस्तारको योजना बनाउनुपर्दछ । विगतमा सदस्यता नवीकरण र विस्तारमा कतिपय जिल्लामा समस्या देखिएका छन् । पुराना पार्टी सदस्यहरूले नवीकरण शुल्क बुझाइसकेको अवस्थामा पनि नवीकरणको विवरणमा नाम समावेश नभएका जस्ता कमजोरीहरू देखिएका छन् । कतिपय जिल्ला/पालिकाले नयाँ सदस्यता प्रदान गर्ने कुरामा ध्यान नदिएको पाइएको छ । मापदण्ड पुगेकाहरूलाई सदस्यता प्रदान गर्ने काममा एकरूपता कायम भएको देखिएको छैन । अनलाइन फारम भर्नेहरूलाई सम्पर्कमा ल्याएर छानबिन गर्ने कुरामा समेत उदासीनता देखिएको छ। पार्टी प्रवेश गरेकाहरूको हकमा पनि सदस्यता प्रदान गर्ने/अद्यावधिक गर्ने काम समयमा भएको देखिँदैन । आगामी दिनमा त्यस्ता कमजोरी नदोहोरियुन् भनेर विशेष ध्यान दिनुपर्दछ। नयाँ सदस्यता प्रदान गर्दा नियमावलीको व्यवस्थाअनुरुपको फर्म अनिवार्य रूपमा भर्न लगाउनुपर्दछ र त्यस्तो विवरण जिल्ला पार्टी कार्यालयमा सुरक्षित राख्नुपर्दछ । सङ्गठन विभागमा प्रमाणीकरणका लागि पठाउँदा तोकिएको ढाँचामा विवरण खुल्नेगरी पठाउनुपर्दछ । नयाँ सदस्यता विस्तार गर्दा विधानले निर्धारण गरेको मापदण्डको पालना गर्ने कुरामा विशेष ध्यान दिनुपर्दछ। नवीकरण र सदस्यता विस्तारको कामलाई नियमित कामका रूपमा कमी–कमजोरी नहुनेगरी सम्पादन गर्नुपर्दछ। यस सन्दर्भमा केन्द्रीय सङ्गठन विभागका तर्फबाट जारी गरिएको परिपत्रको पालनामा ध्यान दिनुपर्दछ ।

ग. **पार्टी स्कुलको कामलाई वार्षिक कार्ययोजना बनाई व्यवस्थित गर्नेः** लामो सयमपछि पार्टी स्कुलको कामले गति लिएको छ। तर त्यो वार्षिक योजना अझै संस्थागत भइसकेको छैन । अब केन्द्रसँगै प्रदेश र जिल्लाले वार्षिक कार्ययोजना बनाई पार्टी स्कुल र प्रशिक्षणको काम अघि बढाउनुपर्दछ । हरेक वर्ष सम्पूर्ण पार्टी सदस्य अनिवार्य रूपमा पार्टी प्रशिक्षणमा सहभागी हुने व्यवस्था गर्नुपर्दछ। अभियानका रूपमा सञ्चालन गरिने प्रशिक्षणबाट मात्रै विशिष्टीकृत क्षमताको विकास गर्न सकिँदैन । त्यसका लागि स्थायी स्कुलको ढाँचामा जानुपर्ने हुन्छ । उच्च, मध्यम र आधारभूत तह गरी केन्द्र, प्रदेश र जिल्लामा नियमित स्कुल सञ्चालनको योजना बनाउनुपर्दछ । नयाँ पार्टी सदस्य र पार्टी प्रवेशबाट आएकाको हकमा अनिवार्य रूपमा विशेष प्रशिक्षणको व्यवस्था मिलाउनुपर्दछ। आजको सन्दर्भमा अडियो/भिडियो सामग्री तयार गरेर डिजिटल प्लेटफर्मका माध्यमबाट पनि वैचारिक र राजनीतिक प्रशिक्षणको कामलाई अघि बढाउनु पर्दछ। प्रशिक्षणका लागि तोकिएका विषयका प्रशिक्षकहरूको रोस्टर तयार गरी सम्बन्धित कमिटीलाई उपलब्ध गराउनुपर्दछ। राजनीतिमा रुचि भएका नवयुवाहरू पहिचान

*आजको सन्दर्भमा अडियो/भिडियो सामग्री तयार गरेर डिजिटल प्लेटफर्मका माध्यमबाट पनि वैचारिक र राजनीतिक प्रशिक्षणको कामलाई अघि बढाउनु पर्दछ । प्रशिक्षणका लागि तोकिएका विषयका प्रशिक्षकहरूको रोस्टर तयार गरी सम्बन्धित कमिटीलाई उपलब्ध गराउनुपर्दछ । राजनीतिमा रुचि भएका नवयुवाहरू पहिचान गरी नेतृत्व विकासको तालिम दिनुपर्दछ ।*

गरी नेतृत्व विकासको तालिम दिनुपर्दछ। उनीहरूलाई पार्टी कमिटीमार्फत सङ्गठित हुन प्रेरित गर्नुपर्दछ।

**घ. प्रचारको कामलाई थप प्रभावकारी बनाउनेः** पार्टीको केन्द्रीय प्रचार तथा प्रकाशन विभागले आवधिक रूपमा पार्टीको प्रचार योजना तयार गरी पार्टी केन्द्रलाई उपलब्ध गराउनुपर्दछ। केन्द्रीय प्रचार कार्यको संयोजन गर्नुका साथै प्रदेश र मातहतका कमिटीका लागि पनि प्रचार योजनामा सहजीकरणको काम गर्नुपर्दछ। पछिल्लो कार्यविभाजनमा प्रत्येक प्रदेशमा प्रचारको कामको संयोजन गर्नेगरी एकजना केन्द्रीय प्रतिनिधिको व्यवस्था गरिए पनि सोचेअनुसारको काम अघि बढ्न सकेको छैन। प्रदेश अधिवेशन सम्पन्न भइसकेको र जिल्ला अधिवेशन सम्पन्न हुने क्रममा रहेको अवस्थामा प्रदेश र जिल्लाका प्रचार विभागलाई आधार बनाएर प्रचारको कामलाई व्यवस्थित गरिनुपर्दछ। हरेक जिल्ला कार्यालयमा आम पार्टी सदस्यसँग डिजिटल सम्पर्क कायम हुनेगरी आवश्यक प्रबन्ध मिलाउनुपर्दछ। पार्टीका सूचना र समाचारहरू पार्टी सदस्यका बीचमा सहजै पुग्ने डिजिटल प्लेटफर्म तयार गर्ने कुरामा सम्बन्धित कमिटीले ध्यान दिनुपर्दछ। यस प्रयोजनका लागि पार्टीले आफ्नै मोवाइल एप विकास गरेको छ। यसलाई समेत माध्यम बनाई आमसञ्चार माध्यम र सामाजिक संजालमा पार्टीको पक्षका सही सूचनाहरू सम्प्रेषण गर्ने र भ्रम चिर्ने गरी कार्ययोजना कार्यान्वयन गरिनुपर्दछ। उपरोक्त कामको अनुगमन प्रचार तथा प्रकाशन विभाागका तर्फबाट गरिनुपर्दछ।

*पार्टीका सूचना र समाचारहरू पार्टी सदस्यका बीचमा सहजै पुग्ने डिजिटल प्लेटफर्म तयार गर्ने कुरामा सम्बन्धित कमिटीले ध्यान दिनुपर्दछ। यस प्रयोजनका लागि पार्टीले आफ्नै मोवाइल एप विकास गरेको छ। यसलाई समेत माध्यम बनाई आमसञ्चार माध्यम र सामाजिक संजालमा पार्टीको पक्षका सही सूचनाहरू सम्प्रेषण गर्ने र भ्रम चिर्ने गरी कार्ययोजना कार्यान्वयन गरिनुपर्दछ।*

**ङ. जनप्रतिनिधिको कामलाई प्रभावकारी बनाउनेः** यतिवेला हाम्रो पार्टी सङ्घीय संसद र प्रदेशसभामा समेत सत्तापक्षको भूमिकामा छ। स्थानीय तहमा हामी २ सय ५ पालिकामा प्रमुखसहित नेतृत्व गर्ने ठाउँमा छौँ। जनप्रतितिधिको कामका माध्यमबाट हामीले हाम्रो शासकीय भूमिकालाई जनतासमक्ष प्रस्तुत गर्न सक्नुपर्दछ। विकास र सुशासनका प्रश्नमा अन्य पार्टीको तुलनामा हाम्रा जनप्रतिनिधि फरक र विशिष्ट देखिनुपर्दछ। स्थानीय तह जनतासँग प्रत्यक्ष सम्बद्ध र सरोकार राख्ने क्षेत्र भएका कारणले जनसम्पर्कका माध्यमबाट राजनीतिक प्रभाव विस्तारको भूमिका खेल्न सक्नुपर्दछ। समस्या आधारित र दक्षता अभिवृद्ध गर्ने हिसाबले जनप्रतिनिधिका लागि प्रशिक्षणको व्यवस्था गर्नुपर्दछ। नीति, कार्यक्रम र बजेट तर्जुमाका सन्दर्भमा हामीले जारी गरेको घोषणापत्रका आधारमा कुन–कुन काममा ठोस ढङ्गले अघि बढ्न सकिन्छ, त्यसमा जोड दिनुपर्दछ। प्रदेशसभाको काम धेरैजसो प्रदेशमा निकै कमजोर बन्नपुगेको छ। हाम्रो पार्टीका प्रदेशसभाका सदस्य र प्रदेशसभा दललाई कसरी प्रभावकारी बनाउने भन्ने सन्दर्भमा पनि यथोचित ध्यान दिनु आवश्यक छ। प्रतिनिधिसभा र राष्ट्रियसभा तथा विषयगत समितिमा हाम्रो पार्टीको भूमिकालाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ। सभा र समितिका बैठकमा हाम्रो प्रस्तुतिलाई विषयकेन्द्रित र प्रभावकारी बनाउनुपर्दछ। प्रतिनिधिसभामा रहेको पार्टीको नेतृत्व पङ्क्तिले विषयगत समितिको कामको संयोजन गर्नुपर्दछ। जनप्रतिनिधिको कामलाई प्रभावकारी बनाउन संसदीय दल, सभा दलहरूले पार्टी कमिटी र पार्टीका विभागहरूबाट सहयोग लिने पारिपाटीको विकास गर्नुपर्दछ।

**च. पार्टी कार्यालय व्यवस्थापनः** वार्षिक कार्ययोजनामा पालिका/वडा तहसम्म क्रमशः पार्टी कार्यालय सञ्चालन गर्नुपर्ने कुरामा जोड दिइएको थियो। प्रदेश र जिल्लाका पार्टी कार्यालयलाई प्रविधिमैत्री बनाउन भनिएको थियो। पार्टी कार्यालय व्यवस्थित भएको ठाउँको तुलनामा पार्टी कार्यालय व्यवस्थित नभएका कमिटीका कामको प्रभावकारितामा समस्या

देखिने गरेको छ। त्यस्ता जिल्लाहरूमा सदस्यताको अभिलेखनमा समेत गम्भीर त्रुटि देखिने गरेको छ। कार्यालय व्यवस्थित नहुँदा कमिटी परिचालन र जनसम्पर्क विस्तारमा समस्या हुने कुरा स्पष्ट छ। त्यस्ता जिल्लाहरूमा आर्थिक लेखा व्यवस्थापन पनि भद्रगोल देखिन्छ। तसर्थ पार्टी कार्यालयलाई व्यवस्थित बनाउने कुरामा नवनिर्वाचित कमिटीले विशेष ध्यान दिनुपर्दछ। पार्टी कार्यालयमा कमिटीका पदाधिकारीहरू कार्यतालिका बनाएर नियमित रूपमा उपस्थित हुने व्यवस्था मिलाउनुपर्दछ। प्रदेश/जिल्ला कमिटीहरूले पार्टी कार्यालयको कामलाई व्यवस्थित बनाउनका लागि कार्यालय सचिवका साथै स्वयम्सेवीकै रूपमा भए पनि लेखा र आइटी (सूचना प्रविधि) सम्बन्धी काम गर्नसक्ने जनशक्तिको अनिवार्य व्यवस्था गर्नुपर्दछ। पार्टी कार्यालयलाई प्रविधिमैत्री बनाउनुपर्दछ। सम्बन्धित तहको कमिटीको पार्टी काम र जनकार्यको केन्द्रका रूपमा पार्टी कार्यालयलाई स्थापित गर्नुपर्दछ। आवश्यकता अनुसार केन्द्रबाट कार्यालय सचिवहरूको कार्यशाला प्रशिक्षण आयोजना गर्न सकिन्छ।

**छ. अनैतिक तथा भ्रष्ट आचरण र अनुशासनहीन क्रियाकलापमाथि नियन्त्रणः** समाजको परिवर्तन र रूपान्तरणको धेय र उद्देश्य बोकेको पार्टीका नेता र कार्यकर्ता नैतिकवान् र अनुशासित हुनु अनिवार्य छ। नेकपा (एमाले) को विशेषता भनेको यसका नेता र कार्यकर्ताहरू सरल, नैतिकवान्, चरित्रवान् र जनपक्षीय हुनु हो। यस प्रकारको विशेषताले हाम्रो पार्टीलाई अरू पार्टीभन्दा फरक र विशिष्ट बनाउने काम गरेको छ। पछिल्लो समयमा हाम्रो पार्टीका नेता र कार्यकर्ताका बारेमा सार्वजनिक रूपमा टीकाटिप्पणीहरू सुनिने तर त्यसका बारेमा कुनै प्रकारको सुनुवाइ नभइरहेको अवस्था देखिन्छ। यस्ता घटनामा पार्टीको तर्फबाट अनुसन्धानको प्रक्रिया अघि नबढाइँदा इमानदारहरू पीडित हुने र कमजोरी गर्नेहरूले छुट पाउने स्थिति सिर्जना हुनजान्छ। अब त्यस्तो स्थितिको अन्त्य गरिनुपर्दछ। कसैका बारेमा पनि नैतिक प्रश्नमा गम्भीर आशङ्का पैदा भएमा सम्बन्धित तहको पार्टीले आवश्यक छानबिन गरी कार्बाहीको प्रक्रिया अघि बढाउनुपर्दछ। नियोजित ढङ्गले गरिएका दुष्प्रचारहरूको संस्थागत प्रतिवादसमेत गरिनुपर्दछ। पार्टी नेता तथा कार्यकर्ताको जीवनशैली, आचरण र व्यवहार जनपक्षीय, पारदर्शी र नैतिक हुनुपर्दछ।

*पार्टी कार्यालयलाई प्रविधिमैत्री बनाउनुपर्दछ। सम्बन्धित तहको कमिटीको पार्टी काम र जनकार्यको केन्द्रका रूपमा पार्टी कार्यालयलाई स्थापित गर्नुपर्दछ। आवश्यकता अनुसार केन्द्रबाट कार्यालय सचिवहरूको कार्यशाला प्रशिक्षण आयोजना गर्न सकिन्छ।*

**ज. राष्ट्रिय हित र जनसरोकारका मुद्दा आधारित जनपरिचालनः** वार्षिक कार्ययोजनामा 'मिसन ग्रासरुट' का क्रममा प्राप्त सुझावसमेतका आधारमा राष्ट्रिय महत्व र जनसरोकारका मुद्दाहरू पहिचान गरी जनपरिचालनको कामलाई महत्वकासाथ अघि बढाउन निर्देशन दिइएको थियो। तर व्यवहारमा ती काम अघि बढ्न सकेका छैनन्। काठमाडौँ उपत्यकामा केन्द्रको आयोजनामा र निर्देशनमा केही कार्यक्रमहरू सम्पन्न गरिए पनि आफ्नो आयोजना र व्यवस्थापनमा केही जनसङ्गठनबाहेक अरूले त्यस्ता गतिविधि सञ्चालन गरेको देखिएन। निकै प्रभावकारी रहेको 'समृद्धिका लागि सङ्कल्प यात्रा'बाट शिक्षा लिएर केन्द्रीय निर्देशन तथा स्थानीय विशेषता/आवश्यकता अनुसारका राष्ट्रिय हित र जनसरोकारका मुद्दाहरू पहिचान गरी जनदबाब/जनपरिचालनको योजना बनाउनु आवश्यक छ। वर्गीय र सामुदायिक सङ्गठनहरूले पनि आफ्नो समुदायको राष्ट्रिय हित र सरोकारका साथै आफ्नो समुदायको हित र सरोकारका मुद्दाहरू पहिचानगरी जनपरिचालन गर्नु पर्दछ। सरकारमा रहँदा वा नरहँदाको अवस्थामा मुद्दाका पक्षमा जनपरिचालनको तरिकामा केही भिन्नता हुन्छ। तर मुद्दाबाट अलगथलग बसेर पार्टी जनतामा स्थापित हुनसक्दैन भन्ने सत्यलाई मनन् गरेर योजनाबद्ध रूपमा अघि बढ्नुपर्दछ।

**झ. नयाँ पुस्ताका बीचमा पार्टी कामलाई प्रभावकारी बनाउने:** वार्षिक कार्ययोजनामा हरेक वडामा १० युवा पहिचान गरी नेतृत्व विकासको योजनाअनुरूप अघि बढाउने विषय प्रस्तुत गरिएको थियो। तर उक्त विषयमा पार्टी नेतृत्व र कमिटीको खासै ध्यान पुग्न सकेको छैन। युवापुस्तामा नेतृत्व विकासका लागि पछिल्लो समय अधिवेशनका समयमा ४० वर्ष मुनिका युवाहरूलाई आरक्षित गर्ने नीति अवलम्बन गरिएको छ, जसअनुसार प्रदेशमा १०, जिल्लामा १५ र पालिका कमिटीमा २० प्रतिशत सहभागिता अनिवार्य गरिएको छ। वडा तथा टोल कमिटीको हकमा ३३ प्रतिशत सहभागिता पुऱ्याउने उद्देश्य राखिएको छ। युवाहरूलाई राजनीतिमा आकर्षित नगर्ने हो र नेतृत्व विकासका योजना नबनाउने हो भने आधारभूत तहमा भने अनुसारको नेतृत्व पाउन असम्भव हुनेछ। त्यसका लागि अहिलेदेखि नै योजनाबद्ध रूपमा कामलाई अघि बढाउनुपर्दछ। जिल्लातहमा सञ्चालन गरिने नियमित पार्टी स्कुललाई नवयुवाहरूका लागि नेतृत्व विकासको प्रशिक्षण प्रदान गर्ने काममा लगाउनु उचित हुन्छ। आगामी वर्षका लागि प्रत्येक गाउँपालिकाले ५० जना, नगरपालिकाले १ सय जना, उपमहानगरपालिकाले १ सय ५० जना र महानगरपालिकाले २ सयजना युवा पहिचान गर्दै नेतृत्व विकासको प्रशिक्षण प्रदान गरी पार्टी काममा जोड्नुपर्दछ।

*अब पार्टीमा प्रवेश गरेका तर जिम्मेवारी नपाएका वा पार्टीमा काम गर्ने हैसियतका तर जिम्मेवारीमा नरहेका कार्यकर्ताहरूको विवरण पालिका, जिल्ला र प्रदेशले तयारगरी आफ्नो तहमा व्यवस्थापन गर्नुपर्नेलाई तत्काल व्यवस्थापन गर्ने, माथिल्लो कमिटीमा सिफारिस गर्नुपर्नेलाई माथिल्लो कमिटीमा सिफारिस गर्नुपर्दछ।*

**ञ. कार्यकर्ता व्यवस्थापन:** पार्टीमा प्रवेश गरेकाहरूको व्यवस्थापन समयमै गर्न नसक्दा समस्या बढेर गएको अवस्था छ। अर्कोतिर पार्टीका पुराना कार्यकर्ताहरू लामो समयदेखि जिम्मेवारीविहीन रहेको अवस्था छ। जिम्मेवारी प्रदान गर्ने कुरामा पनि निश्चित विधि र मापदण्डको पालना नहुँदा असन्तुष्टि बढ्ने अवस्था छ। कतिपय जिल्ला/प्रदेशले आफैँले व्यवस्थापन गर्नुपर्ने प्रकृतिका नामलाई केन्द्रमा व्यवस्थापनका लागि सिफारिस गर्ने प्रवृत्ति देखिन्छ। हरेक तहका कमिटीको सङ्ख्या विधानले निश्चित गरेका कारणले कार्यकर्ता व्यवस्थापनमा समस्या उत्पन्न भएको छ। अब पार्टीमा प्रवेश गरेका तर जिम्मेवारी नपाएका वा पार्टीमा काम गर्ने हैसियतका तर जिम्मेवारीमा नरहेका कार्यकर्ताहरूको विवरण पालिका, जिल्ला र प्रदेशले तयारगरी आफ्नो तहमा व्यवस्थापन गर्नुपर्नेलाई तत्काल व्यवस्थापन गर्ने, माथिल्लो कमिटीमा सिफारिस गर्नुपर्नेलाई माथिल्लो कमिटीमा सिफारिस गर्नुपर्दछ। प्रदेश कमिटीले आफ्नो प्रदेशभित्र त्यस प्रकारका समस्यालाई एकीकृत गरी समाधानको योजना बनाउनुपर्दछ। केन्द्रबाट सम्बोधन गर्नुपर्ने विषयका हकमा स्पष्ट कारण खोलेर सिफारिस गर्नुपर्दछ। कार्यकर्ता व्यवस्थापनका लागि प्रतिनिधिसभा समन्वय कमिटी र प्रदेशसभा समन्वय कमिटीमा पदेन सदस्य बराबरको सङ्ख्यामा सदस्य मनोनीत गर्ने व्यवस्था लागु गर्नुपर्दछ। ती कमिटीहरूमा पनि सानो आकारको सचिवालय गठनगरी ती क्षेत्रको आर्थिक–सामाजिक विकासका काममा केन्द्रित गर्नुपर्दछ। ज्येष्ठ कम्युनिस्टको व्यवस्थालाई पालिका तहसम्म लैजानुपर्दछ। त्यस क्रममा ७० वर्ष उमेर पुगेका पुराना कमरेडहरूलाई मात्र आफ्नो तहको ज्येष्ठ कम्युनिस्टको सम्मान प्रदान गर्नुपर्दछ। केन्द्रमा मात्र रहन उपयुक्त हुने बाहेकका सबै विभागहरू प्रदेश र जिल्लामा समेत गठन गरेर कार्यकर्ता व्यवस्थापन गरिनुपर्दछ। तल्लो तहका कमिटीमा सङ्गठित भएका कार्यकर्तालाई माथिल्लो कमिटीको विभागबाट बिदा दिने नीति अवलम्बन गर्नुपर्दछ। दोहोरो पदीय जिम्मेवारीमा रहेकालाई एउटामात्र जम्मेवारीमा रहने व्यवस्था लागु गर्नुपर्दछ।

**ट. प्रवासको पार्टी काम विस्तार:** हाम्रो पार्टीले भारत बाहेकका अन्य देशहरुमा प्रवासी नेपाली मञ्च मार्फत र भारतमा प्रवासी नेपाली संघ भारतका माध्यमवाट वैचारिक, राजनीतिक र संगठनात्मक काम गर्दै आइरहेको छ। विदेशमा प्रत्यक्ष रुपमा पार्टी कमिटी नवनाउने नीति

अनुरुप मञ्च/संघ मार्फत आफ्नो राजनीतिक र संगठनात्मक काम गर्ने गरेको छ। पार्टी सदस्यको अभिलेख केन्द्रीय कार्यालयमा राख्ने व्यवस्था गरिएको छ। विगतको तुलनामा मंच/संघका गतिविधिहरुमा तिव्रता आएको भए पनि विदेशमा नेपालीहरुको वढ्दो संख्याको अनुपातमा संगठनात्मक काममा अझै वृद्धि हुन सकेको छैन। अब मञ्च/संघ मार्फत भइरहेका कामलाई विस्तार गर्नका लागि राष्ट्रिय कमिटी अन्तरगत हुनेगरी श्रमिक, युवा, विद्यार्थी, महिला, उद्योगी व्यावसायी जस्ता मंच र संगठनहरु निर्माण गरी तिनका माध्यमवाट प्रवासी नेपाली समुदायमा बीचमा पुग्नु पर्दछ। प्रवासी नेपालीहरुको हित र सरोकारका विषयहरुलाई सम्वोधन गर्दै अघि वढ्ने नीति अवलम्न गर्नु पर्दछ। प्रवासको कामलाई विस्तार गर्नका लागि आवश्यकता अनुसार थप जनशक्ति विस्तार गर्नु पर्दछ।

ठ. **केन्द्रीय कार्यालय भवन निर्माणः** पार्टी महाधिवेशनले पार्टी कार्यालय भवन निर्माण गर्ने योजना अघिसारेको थियो। यतिवेला प्रतिष्ठानको भवनमा पार्टी कामको अनुकूलता हुनेगरी पुनर्संरचना गरी कार्यालय सञ्चालन गरिएको छ। अब आफ्नै जमिनमा सुविधा सम्पन्न कार्यालय भवन निर्माण गर्नुपर्दछ। त्यसका लागि सदस्यता नवीकरण र विस्तारका क्रममा प्रत्येक सदस्यबाट न्यूनतम १ सय रुपियाँ सङ्कलन गर्ने व्यवस्था मिलाउनुपर्दछ। थप सहयोग गर्न सक्ने/चाहनेहरूको रोस्टर तयार गरी कार्यालय भवन निर्माण सम्बन्धी बैङ्क खातामा जम्मा गर्न लगाउनुपर्दछ। हरेक तहका कमिटीहरूले यस कामलाई आगामी कार्ययोजनाको विषय बनाएर अभियानका रूपमा अघि बढाउनुपर्दछ।

**शंकर पोखरेल**
महासचिव
नेकपा (एमाले)

**परिशिष्टहरू**

परिशिष्ट–१, पार्टी सदस्यता र मतदाता विवरण

परिशिष्ट–२, विभागहरूबाट भएका कार्यसम्पादनको विवरण

परिशिष्ट–३, मिसन ग्रासरुट अवधारणा

परिशिष्ट–४, समृद्धिको लागि सङ्कल्प यात्रा अवधारणा

परिशिष्ट–५, पार्टी सम्बद्ध जनसङ्गठनका सङ्गठनात्मक कामको रिपोर्ट

परिशिष्ट–६, आम निर्वाचन समीक्षा

परिशिष्ट–७, दशौं राष्ट्रिय महाधिवेशन सङ्क्षिप्त जानकारी

## परिशिष्ट–१, पार्टी सदस्यता र मतदाता विवरण

### पार्टी सदस्यको प्रदेशगत विवरण मतदाता संख्या अनुपात

| क्रसं | जिल्ला | पार्टी सदस्यता विवरण, ०७९–०८० | | | निर्वाचन २०७९ मतदाता | मतदाताको ६ % | थप्नुपर्ने पार्टी सदस्य |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | |
| १ | कोशी प्रदेश | २३८९३ | ७१५९६ | ९५४८९ | ३३९६८६५ | २०३८१२ | १०८३२३ |
| २ | मधेश प्रदेश | १९९०२ | ५०१६८ | ९५४८९ | ३३८७८०८ | २०३२६८ | १०७७७९ |
| ३ | वागमती प्रदेश | २६११५ | ८३३८० | १०९४९५ | ३४७१४९२ | २०८२९० | ९८७९५ |
| ४ | गण्डकी प्रदेश | १७९८६ | ४५५८७ | ६३५७३ | १८०६५८५ | १०८३९५ | ४४८२२ |
| ५ | लुम्वीनी प्रदेश | २३३६७ | ५९५३० | ८२८९७ | ३२४९६३५ | १९४९७८ | ११२०८१ |
| ६ | कर्णाली प्रदेश | १५०२६ | ३६९७४ | ५२००० | १००८४०३ | ६०५०४ | ८५०४ |
| ७ | सुदुरपश्चिम प्रदेश | १३९५४ | ३९५९० | ५३५४४ | १६५८००४ | ९९४८० | ४५९३६ |
| ८ | अन्य प्रदेशहरु | ६०४६ | १७५२७ | २३५७३ | ० | ० | ० |
| | जम्मा | १४६२८९ | ४०४३५२ | ५७६०६० | १७९७८७९२ | १०७८७२८ | ५०२६६८ |

### कोशी प्रदेश

| क्रसं | जिल्ला | पार्टी सदस्यता विवरण, ०७९–०८० | | | निर्वाचन २०७९ मतदाता | मतदाताको ६ % | थप्नुपर्ने पार्टी सदस्य |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | |
| १ | ताप्लेजुङ | ८१२ | ३९०२ | ४७१४ | ८८२८५ | ५२९७ | ५८३ |
| २ | पाँचथर | ४१९ | २२९१ | २७१० | १३८९३२ | ८३३६ | ५६२६ |
| ३ | ईलाम | १६१९ | ६४२५ | ८०४४ | २२४८७७ | १३४९३ | ५४४९ |
| ४ | झापा | ५६२७ | १४०३१ | १९६५८ | ६६३३११ | ३९७९९ | २०१४१ |
| ५ | संखुवासभा | ८२२ | २६८८ | ३५१० | ११७५५४ | ७०५३ | ३५४३ |
| ६ | तेह्रथुम | ९७७ | ३०७४ | ४०५१ | ७१९३३ | ४३१६ | २६५ |
| ७ | भोजपुर | ५२७ | २१४० | २६६७ | १२३३७९ | ७४०३ | ४७३६ |
| ८ | धनकुटा | १९८९ | ५०७८ | ७०६७ | ११६९९१ | ७०१९ | -४८ |
| ९ | मोरङ | ५११५ | १३५९१ | १८७०६ | ७३५५२५ | ४४१३२ | २५४२६ |
| १० | सुनसरी | ३०३१ | ७५२२ | १०५५३ | ५४४९४१ | ३२६९६ | २२१४३ |
| ११ | सोलुखुम्बु | २७५ | १०६४ | १३३९ | ८१५०२ | ४८९० | ३५५१ |
| १२ | खोटाङ | ८०२ | ४३२१ | ५१२३ | १४२७९२ | ८५६८ | ३४४५ |
| १३ | ओखलढुंगा | १०२८ | ३०९५ | ४१२३ | ११७८९७ | ७०७४ | २९५१ |
| १४ | उदयपुर | ८५० | २३७४ | ३२२४ | २२८९४६ | १३७३७ | १०५१३ |
| | जम्मा | २३८९३ | ७१५९६ | ९५४८९ | ३३९६८६५ | २०३८१२ | १०८३२३ |

### मधेश प्रदेश

| क्रसं | जिल्ला | पार्टी सदस्यता विवरण, ०७९–०८० | | | निर्वाचन २०७९ मतदाता | मतदाताको ६ % | थप्नुपर्ने पार्टी सदस्य |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | |
| १ | सप्तरी | ९७४ | ३१३४ | ४१०८ | ४१८४७४ | २५१०८ | २१००० |
| २ | सिरहा | १९९२ | ६२०२ | ८१९४ | ४२२७९२ | २५३६८ | १७१७४ |
| ३ | धनुषा | ५३३७ | १२३९० | १७७२७ | ४७४५८७ | २८४७५ | १०७४८ |
| ४ | महोत्तरी | २६०४ | ६२३७ | ८८४१ | ३९७०३० | २३८२२ | १४९८१ |
| ५ | सर्लाही | १६६५ | ४८४८ | ६५१३ | ४७९०३८ | २८७४२ | २२२२९ |
| ६ | रौतहट | ७२६ | ३३७० | ४०९६ | ४१५४५५ | २४९२७ | २०८३१ |
| ७ | बारा | १४९८ | ४९५६ | ६४५४ | ४३३५०४ | २६०१० | १९५५६ |
| ८ | पर्सा | २१०६ | ९०३१ | ११९३७ | ३४५९२८ | २०७५६ | ९६१९ |
| | जम्मा | १६९०२ | ५०१६८ | ६७०७० | ३३८६८०८ | २०३२०८ | १३६१३८ |

### वागमती प्रदेश

| क्रसं | जिल्ला | पार्टी सदस्यता विवरण, ०७९–०८० | | | निर्वाचन २०७९ मतदाता | मतदाताको ६ % | थप्नुपर्ने पार्टी सदस्य |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | |
| १ | सिन्धुली | १९३० | ५४८७ | ७४१७ | २०८३६९ | १२५०२ | ५०८५ |
| २ | रामेछाप | २०३० | ७१४८ | ९१७८ | १८०१०६ | १०८०६ | १६२८ |
| ३ | दोलखा | १६३५ | ५५०३ | ७१३८ | १६१४५० | ९६८७ | २५४९ |
| ४ | रसुवा | ६७८ | २४३१ | ३१०९ | ३९४५९ | २३६८ | -७४१ |
| ५ | नुवाकोट | १२७७ | ५२७९ | ६५५६ | २३९७२६ | १४३८४ | ७८२८ |
| ६ | सिन्धुपाल्चोक | ९८४ | ५४५८ | ६४४२ | २६०२७३ | १५६१६ | ९१७४ |
| ७ | काभ्रे | २७७१ | १०५३१ | १३३०२ | ३१००६३ | १८६०४ | ५३०२ |
| ८ | ललितपुर | ११८३ | ३९३२ | ५११५ | २५०४१० | १५०२५ | ९९१० |
| ९ | भक्तपुर | २१८१ | ५३९५ | ७५७६ | १९४४३९ | ११६६६ | ४०९० |
| १० | काठमाण्डौं | ३९५३ | ८७१७ | १२६७० | ६५२१२६ | ३९१२८ | २६४५८ |
| ११ | मकवानपुर | २६८४ | ८७५५ | ११४३९ | ३००७३३ | १८०४४ | ६६०५ |
| १२ | चितवन | २७४१ | ६९८४ | ९७२५ | ४०८३४२ | २४५०१ | १४७७६ |
| १३ | धादिङ | २०६८ | ७७६० | ९८२८ | २६५९९६ | १५९६० | ६१३२ |
| | जम्मा | २६११५ | ८३३८० | १०९४९५ | ३४७१४९२ | २०८२९० | ९८७९५ |

## गण्डकी प्रदेश

| क्रसं | जिल्ला | पार्टी सदस्यता विवरण, ०७९–०८० | | | निर्वाचन २०७९ मतदाता | मतदाताको ६ % | थप्नुपर्ने पार्टी सदस्य |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | |
| १ | नवलपुर | २९९० | ६४४३ | ९४३३ | २६०४६१ | १५६२८ | ६१९५ |
| २ | गोरखा | ७८५ | २३९५ | ३१८० | २२०६३७ | १३२३८ | १००५८ |
| ३ | लमजुङ | १२७६ | ३७०८ | ४९८४ | १३३५५९ | ८०१४ | ३०३० |
| ४ | मनाङ | २९ | ९१ | १२० | ६७७९ | ४०७ | २८७ |
| ५ | तनहुँ | १७०१ | ४८३८ | ६५३९ | २४८४९६ | १४९१० | ८३७१ |
| ६ | कास्की | ३६५३ | ८९०१ | १२५५४ | २९१५६८ | १७४९४ | ४९४० |
| ७ | स्याङजा | २५६६ | ६६०५ | ९१७१ | २४४०८९ | १४६४५ | ५४७४ |
| ८ | पर्वत | २६३९ | ६३११ | ८९५० | १२२६४९ | ७३५९ | -१५९१ |
| ९ | बागलुङ | १४३१ | ३७०४ | ५१३५ | १९२२२७ | ११५३४ | ६३९९ |
| १० | म्याग्दी | ७५९ | २२२६ | २९८५ | ८६१२० | ५१६७ | २१८२ |
| | जम्मा | १७८२९ | ४५२२२ | ६३०५१ | १८०६५८५ | १०८३९५ | ४५३४४ |

## लुम्वीनी प्रदेश

| क्रसं | जिल्ला | पार्टी सदस्यता विवरण, ०७९–०८० | | | निर्वाचन २०७९ मतदाता | मतदाताको ६ % | थप्नुपर्ने पार्टी सदस्य |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | |
| १ | नवलपरासी पश्चिम | १५१५ | ३१५४ | ४६६९ | २४०९३० | १४४५६ | ९७८७ |
| २ | रुपन्देही | ४५०२ | १०१७० | १४६७२ | ६३८९५२ | ३८३३७ | २३६६५ |
| ३ | कपिलवस्तु | १८६८ | ४४९८ | ६३६६ | ३७८२३२ | २२६९४ | १६३२८ |
| ४ | बाँके | ८३१ | ३८७८ | ४७०९ | ३३२२२९ | १९९३४ | १५२२५ |
| ५ | बर्दिया | १९९७ | ४५७५ | ६५७२ | ३१५२८४ | १८९१७ | १२३४५ |
| ६ | दाङ | ३६२५ | ८६३३ | १२२५८ | ४१४९५६ | २४८९७ | १२६३९ |
| ७ | अर्घाखाँची | २१९५ | ५२३५ | ७४३० | १६४७६८ | ९८८६ | २४५६ |
| ८ | रुकुम पूर्व | १९१ | ७८९ | ९८० | ३४११२ | २०४७ | १०६७ |
| ९ | रोल्पा | ४१० | १५५८ | १९६८ | १४५४७१ | ८७२८ | ६७६० |
| १० | पाल्पा | २०५५ | ५६९७ | ७७५२ | २०१३२६ | १२०८० | ४३२८ |
| ११ | प्यूठान | १३२९ | ३९२३ | ५२५२ | १५९७६० | ९५८६ | ४३३४ |
| १२ | गुल्मी | २८४९ | ७४२० | १०२६९ | २२३६१५ | १३४१७ | ३१४८ |
| | जम्मा | २३३६७ | ५९५३० | ८२८९७ | ३२४९६३५ | १९४९७८ | ११२०८१ |

## कर्णाली प्रदेश

| क्रसं | जिल्ला | पार्टी सदस्यता विवरण, ०७९–०८० | | | निर्वाचन २०७९ मतदाता | मतदाताको ६ % | थप्नुपर्ने पार्टी सदस्य |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | |
| १ | पश्चिम रुकुम | ६९५ | १४७५ | २१७० | १०४२८० | ६२५७ | ४०८७ |
| २ | सल्यान | ७९६ | २७९२ | ३५८८ | १५७७०१ | ९४६२ | ५८७४ |
| ३ | डोल्पा | १४०६ | २४३० | ३८३६ | २२७७४ | १३६६ | -२४७० |
| ४ | मुगु | ८१६ | २२१५ | ३०३१ | ३५४८५ | २१२९ | -९०२ |
| ५ | जुम्ला | १२१८ | ३३७४ | ४५९२ | ६८६३८ | ४११८ | -४७४ |
| ६ | हुम्ला | १५३७ | ३१२८ | ४६६५ | ३२८५७ | १९७१ | -२६९४ |
| ७ | कालीकोट | १८९१ | ४२१२ | ६१०३ | ८०७३३ | ४८४४ | -१२५९ |
| ८ | सुर्खेत | ३४५५ | ७१०३ | १०५५८ | २४३६१४ | १४६१७ | ४०५९ |
| ९ | दैलेख | १३०५ | ५३५० | ६६५५ | १५८९५८ | ९५३७ | २८८२ |
| १० | जाजरकोट | १९०७ | ४८९५ | ६८०२ | १०३३६३ | ६२०२ | -६०० |
| | जम्मा | १५०२६ | ३६९७४ | ५२००० | १००८४०३ | ६०५०४ | ८५०४ |

## सुदुरपश्चिम प्रदेश

| क्रसं | जिल्ला | पार्टी सदस्यता विवरण, ०७९–०८० | | | निर्वाचन २०७९ मतदाता | मतदाताको ६ % | थप्नुपर्ने पार्टी सदस्य |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | |
| १ | बझाङ | १०२७ | ३३०६ | ४३३३ | १२२३७६ | ७३४३ | ३०१० |
| २ | बाजुरा | ३३०७ | ८३५९ | ११६६६ | ८३५६७ | ५०१४ | -६६५२ |
| ३ | अछाम | ११२१ | ३७५६ | ४८७७ | १५८६५७ | ९५१९ | ४६४२ |
| ४ | डोटी | ८४५ | २८१६ | ३६६१ | १२४८७० | ७४९२ | ३८३१ |
| ५ | कैलाली | ३२०५ | ७३८८ | १०५९३ | ५३५५१४ | ३२१३१ | २१५३८ |
| ६ | दार्चुला | १११७ | ३९८४ | ५१०१ | ८९१५४ | ५३४९ | २४८ |
| ७ | बैतडी | १३८३ | ४८७३ | ६२५६ | १५०१५६ | ९००९ | २७५३ |
| ८ | डडेलधुरा | २५७ | १०५० | १३०७ | ९१२०१ | ५४७२ | ४१६५ |
| ९ | कञ्चनपुर | १६९२ | ४०५८ | ५७५० | ३०२५०९ | १८१५१ | १२४०१ |
| | जम्मा | १३९५४ | ३९५९० | ५३५४४ | १६५८००४ | ९९४८० | ४५९३६ |

## परिशिष्ट–२, प्रतिष्ठान, विभाग र विशेष कामको क्षेत्र

### १. नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठान

नेकपा (एमाले) नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानले २०८० असार १ गते पहिलो बैठकबाट बार्षिक कार्ययोजना बनाई कामलाई व्यवस्थित रुपमा अगाडि बढाइएको छ। बैठकले ‘समाज अध्ययन, बाह्य सम्बन्ध र राष्ट्रिय सुरक्षा’, ‘जबज र यसको विकास, सङ्घीयता र सुशासन, सामाजिक, आर्थिक रूपान्तरण’, ‘समाजवादको आधार निर्माण र समृद्ध नेपाल सुखी नेपाली’, ‘इतिहास तथा जलवायु परिवर्तन र मानव सुरक्षा’ लगायत विषयमा प्रतिष्ठानका निर्देशक समिति सदस्यहरूको संयोजकत्वमा विभिन्न निर्देशक समिति (डेस्क) निर्माण गर्यो।

प्रतिष्ठानले विभिन्न समसामयिक विषयमा छलफल र अन्तरक्रिया चलाउने सन्दर्भमा विश्वको अर्थ राजनीति, शक्ति सन्तुलन र नेपालको समाजवाद मार्ग विषयमा छलफल कार्यक्रम आयोजना गर्यो। के विश्व बहुध्रुवीय हुँदैछ ? यस बिषयका साथै जनसङ्ख्या विकास र सामरिक क्षमता, विश्व अर्थ राजनीतिमा लुप्त सामरिक स्वार्थ र नेपाल, नेपालमा समाजवादको आधार निर्माणमा पर्नसक्ने असर र हाम्रो कार्यभार जस्ता विषयमा छलफल केन्द्रीय थियो।  प्रतिष्ठानका हालसम्म औपचारिक र अनौपचारिक गरी आठवटा बैठक भएका छन्। ती बैठकमा विभिन्न विषयका विज्ञहरूको सहभागितामा गहन छलफल गरिएको थियो।

पार्टी नीति र विभिन्न विषयहरूमा ‘जनताको बहुदलीय जनवादको कार्यान्वयन र समाजवादको आधार निर्माण’, ‘नेपाली समाजको वर्ग विश्लेषण आर्थिक सामाजिक परिवर्तन र विकासको चरण विश्लेषण’, ‘विश्व अर्थ राजनीति, शक्ति सन्तुलन र समाजवादका सामु उपस्थित चुनौतीहरू’, ‘नेपाली समाजमा आएको सामाजिक, आर्थिक परिवर्तन र समाजवादको आधार निर्माणमा पार्न सक्ने प्रभाव विश्लेषण’, ‘जनसाङ्ख्यिक संरचना र यसले नेपाली समाजवाद निर्माणमा पार्नसक्ने प्रभाव’ ‘बसाइँसराईले नेपाली समाजमा ल्याएको संरचनागत परिवर्तन र यसले नेपालमा समाजवाद निर्माणमा पार्ने प्रभाव विश्लेषण’ विषयमा विज्ञहरूद्वारा तयार गरिएका कार्यपत्रहरूमा आधारित भएर छलफल चलाइएको थियो। प्रतिष्ठानको आन्तरिक छलफल र निष्कर्षका आधारमा कार्यपत्रहरू परिमार्जन भएपश्चात पार्टीसमक्ष छलफल तथा प्रस्तुति गर्ने निर्णय भयो। सोही बमोजिम ‘विश्वको अर्थराजनीति, शक्ति सन्तुलन र नेपालको समाजवाद मार्ग’ विषयमा निष्कर्ष र त्इस प्रभावकारे बारेमा प्रस्तुति सम्पन्न भएको छ। प्रतिष्ठानले आउँदा दिनमा ‘पोलिसी’ डायलग’ अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ।

### २. अर्थ तथा योजना विभाग

वार्षिक कार्ययोजना अनुरुप अर्थ र योजनाका क्षेत्रमा पार्टीले खेल्नुपर्ने भूमिकाका विषयमा विभागले आफ्नो नीतिगत धारणा तयार पारेको छ। अधिकम् विकसित देशबाट विकासशील देशमा स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयनको अवस्था र सुधार गर्नुपर्ने प्रस्तावहरूका बारेमा छलफल भइरहेको छ। साथै पन्ध्रौं योजनाको समीक्षा र सोह्रौं योजना निर्माण गर्नका लागि प्रस्तावमाथि विज्ञहरूसँग छलफल गरिरहेको छ। साथै स्थानीय तहहरुमा योजना तर्जुमा गर्नका लागि पाठ्यक्रम निर्माण बारेमा विज्ञहरूसँग प्रारम्भिक छलफल गरिएको छ।

### ३. उद्योग, वाणिज्य तथा आपूर्ति विभाग

यस विभागले बार्षिक कार्ययोजना पारित गरी उद्योग, वाणिज्य आपूर्ति क्षेत्र लगायत अर्थतन्त्रका विषयमा विज्ञहरूसँग अन्तरक्रिया सम्पन्न गरेको छ। निजी क्षेत्रका उद्योगी, व्यापारी र मझौला तथा साना उद्योगीले भोग्नुपरेका समस्या समाधान तथा अर्थतन्त्रलाई सुधार गर्न पार्टीको तर्फबाट पूर्वअर्थमन्त्री तथा विज्ञहरूसँग छलफल गरी सरकारलाई ध्यानाकर्षण गराईएको छ। साथै जाजरकोट र रुकुम जिल्लामा गएको भूकम्पबाट भएको मानवीय र भौतिक क्षतिको स्थलगत अवलोकन गरी पार्टीका तर्फबाट एक करोड बरावरको राहत सामाग्री उपलब्ध गराईएको छ। विभागले स्वाधीन अर्थतन्त्र निर्माण सम्बन्धमा भेला, बैठक, नियमित गतिविधि गरिरहेको छ।

### ४. उपभोक्ता हित संरक्षण तथा सुशासन विभाग

वार्षिक कार्ययोजना अनुरुप विभागले गर्नुपर्ने कामलाई व्यवस्थित रुपमा अघि बढाएको छ। महङ्गी, अनियमितता, कालाबजारी र भ्रष्टाचारले नेपाली जनता आक्रान्त बनिरहेका

छन्। यस्तो अवस्थामा उपभोक्ताहरूको हितमा काम गर्न र सर्वसाधारण नागरिकको अधिकारको पक्षमा यो विभागले सरकारको ध्यानाकृष्ट गराउँदै आएको छ। विभागको योजना अनुरुप स्रोत पुस्तिका विषयगत कार्यविधिको मस्यौदा तयार हुने क्रममा छ। साथै यस विभागले उपभोत्ता हित र सुशासनका विषयमा खेल्नुपर्ने भूमिकाबारे सांसदहरूसँग नीतिगत छलफल गर्दै आएको छ।

### ५. ऊर्जा जलश्रोत तथा सिंचाइ विभाग

बार्षिक कार्ययोजना अनुसार विभागले गर्नुपर्ने कामको सन्दर्भमा अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना बनाइएको छ। जलस्रोतको क्षेत्रमा पार्टीले खेल्नु पर्ने भूमिकाका विषयमा विभागले विज्ञहरूसँग छलफल र अन्तक्रिया गर्दै आएको छ। नेपाल र भारत सरकारकाबीच हस्ताक्षर भएको दीर्घकालिन विद्युत व्यापार सम्झौताका विविध पक्षहरूका सम्बन्धमा पार्टीको तर्फबाट विभागले आफ्नो धारणा तयार पारेको थियो। त्यसमा विद्युतको अन्तरदेशीय आयत र निर्यातका बारेमा दुवै देशका विद्यमान कानून, प्रक्रिया र निर्देशिका लागू हुने भनिए पनि सम्झौताका बुँदाले भारतीय पक्ष बढी हावी हुने अवस्था छ। त्यस विषयमा विभागले दीर्घकालिन असर बारेमा नियमित छलफल र अन्तरक्रिया गरिरहेको छ।

### ६. कृषि तथा पशुपन्छी विकास विभाग

यस विभागबाट बार्षिक कार्ययोजना पारित गरी कृषि क्षेत्रका समस्या समाधान गर्न पहल गरिएको छ। कृषि र भूमिका अन्तर सम्बन्ध, कृषिको व्यवसायीकरण, रैथाने वालीको संरक्षण, कृषिउपजको मूल्य निर्धारण र बजारीकरण, कृषिमा उद्यमशीलता र वित्त व्यवस्थापन एवं कृषि शिक्षाको अनुसन्धानका विषयमा काम भईरहेका छन्। कृषिको विकासका लागि विज्ञहरूको रोष्टर तयार पार्ने काम भएको छ। साथै कृषि तथा पशुपन्छीको क्षेत्रमा सुधार गर्नका लागि नीति निर्माण गर्ने तयारी भइरहेको छ। कृषिसम्बन्धी नीति निर्माण र कृषि क्षेत्रको व्यावसायिकरणका लागि पार्टीले निर्वाह गर्नुपर्ने भूमिकाका विषयमा कृषि क्षेत्रका वैज्ञानिक तथा विज्ञहरूसँग अन्तरक्रिया तथा छलफल गरिएको छ।

कृषि तथा पशुपालन क्षेत्रमा नेपाल सरकारले अवलम्बन गरेका नीतिका सम्बन्धमा पार्टीको तर्फबाट समयानुकूल परिमार्जनका लागि सुझाव दिने तयारी भइरहेको छ। त्यसका लागि विज्ञ समूहको परामर्श अनुसार विभागले मस्यौदा तयार गरेको छ।

### ७. कानून विभाग

यस विभागले बार्षिक कार्ययोजना अनुरुप पार्टी विरुद्धमा परेका मुद्दाको प्रतिरक्षा तथा मुद्दाका सम्बन्धमा पार्टीको तर्फबाट निरन्तर प्रतिनिधित्व गर्ने काम गरिरहेको छ। संसदमा विचाराधीन रहेका विषयहरूमा राय, परामर्श र संशोधन विधेयक तयार पार्ने काम भईरहेको छ। पार्टीलाई आवश्यक परेको बेलामा कानूनी राय, निर्वाचनको बेलामा कानूनी परामर्श र आवश्यक कागजात तयार गर्ने कार्य निरन्तर जारी रहेको छ।

न्यायपालिकाको न्याय सम्पादन तथा अभियोजन प्रतिरक्षाका विषयमा सरकारी वकिलबाट हुनुपर्ने काम तथा अदालतको फैसला आदेश उपर विश्लेषण गरी पार्टीका तर्फबाट आवश्यक दृष्टिकोण बनाउने काम भइरहेको छ। अन्तर्राष्ट्रिय, बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय साझेदारी परियोजना र सन्धि सम्झौताको अध्ययन गरी पार्टीको दृष्टिकोण बनाउने काम हुँदै आएको छ। कोशी प्रदेशको संसदीय दलका नेता हिक्मत कुमार कार्कीले प्रदेशमा भएको संसदीय कदमको विरुद्धमा दिएको रिट दायर गर्नेदेखि फैसलासम्मको अवधिमा कानून विभागको नेतृत्वमा कार्य सम्पादन गरिएको थियो।

### ८. पुस्तकालय तथा अभिलेख विभाग

बार्षिक कार्ययोजना अनुसार अभिलेखलाई व्यवस्थित गर्न दश चरणमा कार्यक्रम बनाइएको छ। त्यसमध्ये चार चरणका काम सम्पन्न भई सकेका छन्। गत वर्ष कार्यालयमा बाढी प्रवेश गरेका कारणले पुस्तकालयमा ठूलो क्षति हुन पुगेको थियो। पुस्तकालयको लेजरमा दर्ता भएका ८ हजार ८ सय ७८ पुस्तकमध्ये ४ हजार ३ सय ४१ वटा पुस्तक नष्ट भएका छन्।

पुस्तकालयलाई व्यवस्थित गर्न र पुराना दस्तावेज एवं ऐतिहासिक सामाग्री अभिलेखलाई सुरक्षित रूपमा राख्नका लागि नयाँ प्रविधि प्रयोगको व्यवस्था गर्नु पर्ने आवश्यता रहेको छ।

### ९. खानेपानी तथा सरसफाई विभाग

बार्षिक कार्ययोजना अनुरूप विभागका कामलाई अगाडि बढाएको छ। विभागको कार्ययोजना कार्यान्वयनका सन्दर्भमा विज्ञहरूको रोष्टर तयार गरी तीन समूहमा विभाजन गरिएको छ। खानेपानी तथा सरसफाईका क्षेत्रमा पार्टी र उपभोक्ताकाबीच

सम्बन्ध विस्तार गर्न र उपभोक्ताको हितमा काम गर्न यो विभागले नियमित गतिविधि गरिरहेको छ। यसैक्रममा मेलम्ची खानेपानी आयोजनाको स्थलगत अवलोकन गरेको छ। साथै खानेपानी र सरसफाईका विषयमा विभागले अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

## १०. निर्वाचन विभाग

वार्षिक कार्ययोजना कार्यान्वयनको अन्तिम चरणमा पुगेको छ। वर्षभरि गरिने कार्ययोजना मध्ये १२ वटा कार्ययोजना कार्यान्वयन भइसकेका छन्। चालु कार्ययोजना आगामी निर्वाचन सम्बन्धी तयारीका लागि रणनीतिक रुपमा गर्नुपर्ने विषयहरूमा केन्द्रित छ। त्यसका लागि विभागले प्रस्ताव उपर छलफल गरी रणनीति बनाउने चरणमा रहेको छ। निर्वाचन आयोगका ३ वटा कार्यविधिमा विदेशमा रहेका नेपालीका मतदाता नामावली संकलन, स्थानीय तहमार्फत मतदाता नामावली संकलन र निर्वाचन शिक्षा, मतदाता शिक्षाको सम्बन्धमा पार्टीको तर्फबाट आयोगलाई विभागले लिखित सुझाव पेश गरेको छ। साथै प्रदेशहरूको निर्वाचनका लागि प्रस्तावित निर्वाचन कानूनका विषयमा समेत विभागले छलफल चलाइरहेको छ। निर्वाचन कानूनको लागि एकीकृत कानूनको मस्यौदामाथि छलफल गरी विभागले सुझाव पेस गरेको छ।

विभागले निर्वाचनका सन्दर्भमा निर्वाचन आयोगमा दल दर्ता, उम्मेदवारको मापदण्ड लगायतका बारेमा सुझाव दिने काम गरेको छ। संङ्घीय संरचनाका तीनै तहमा हुने निर्वाचनका बारेमा कानुनी र व्यवहारिक विषयमा अनुशिक्षणका लागि पाठ्य सामग्री तयार गरी स्कुल विभागलाई उपलब्ध गराउने काम गरेको छ। विभागले निर्वाचन आचार संहिता र निर्वाचन सम्बन्धी विशेष सर्कुलरको मस्यौदा, शक्ति संरचनाको आँकलन र धाँधली रोक्न ध्यान दिनुपर्ने विषयका बारेमा पनि निर्देशिका तयार गर्ने काम सम्पन्न गरेको छ। साथै, निर्वाचनमा पार्टीले अवलम्बन गर्नुपर्ने रणनीतिका सम्बन्धमा जानकारी गराउने काम गरेको छ। निर्वाचनमा पार्टीपङ्तीले गर्नुपर्ने कामका सम्बन्धमा समन्वय र सहजीकरण गर्ने भूमिका निर्वाह भएको छ। पार्टीले निर्वाचन एकेडेमी बनाउनुपर्ने बारेमा प्रस्ताव तयार गरी पार्टीको केन्द्रीय सचिवालयमा प्रस्तुत गरिएको छ।

## ११. पर्यटन तथा नागरिक उड्डयन विभाग

यस विभागले आफ्नो वार्षिक कार्ययोजना अनुरुप पर्यटन क्षेत्रलाई चलायमान र प्रभावकारी रूपमा अघि बनाउनको लागि अन्तर्किया कार्यक्रमको आयोजना गरेको छ। पर्यटन क्षेत्रले भोगिरहेका समस्याहरूको समाधान गर्न विज्ञहरूसँग छलफल गरी नीति तर्जुमा गर्ने चरणमा रहेको छ। साथै पर्यटन उद्योगको संरक्षण एवं विकासको लागि पार्टीको तर्फबाट विभागले सरोकार निकायसँग निरन्तर छलफल र संवाद समेत गरिरहेको छ।

पर्यटन क्षेत्रका होटल, रिसोर्ट, उद्योग, रोजगारी, आयात, निर्यात, हिमाल आरोहण लगायत क्षेत्रका समस्या समाधान गर्नका लागि कार्यदलहरु गठन भएका छन्। ति कार्यदलहरुले दिने राय अनुसार पर्यटन क्षेत्रका समस्या समाधान गर्न ठोस कदम चालिने छ।

## १२. परराष्ट्र मामिला विभाग

बार्षिक कार्ययोजना अनुरुप विभिन्न मुलुकहरूसँगको विदेश नीति अध्ययन र प्राप्त सूचनाको विश्लेषण गर्न १६ वटा डेक्स निर्माण गरिएको छ। अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा द्विपक्षीय राजनीतिक शक्ति सन्तुलनको अवस्था विश्लेषण गरी पार्टीको आधिकारिक धारणा बनाउने काम निरन्तर रूपमा भइरहेका छन्। विभिन्न देशका राजनीतिक शक्ति सन्तुलनको विश्लेषण गर्न नियमित अन्तरक्रिया, छलफल मार्फत प्राप्त सूचनालाई पार्टी नेतृत्व समक्ष सुझाव दिने काम गरिएको छ।

पार्टीको विदेश सम्बन्धलाई प्रभावकारी बनाउन विभागले नियमित काम गरिरहेको छ। साथै नेपालको परराष्ट्र नीतिका बारेमा सुझाव सङ्कलन गरी विज्ञहरूसँग नियमित छलफल हुँदै आएको छ। पार्टीका जनसंगठनहरूले पनि परराष्ट्र सम्बन्ध कायम गर्ने हुँदा विदेश नीतिका विषयमा एकरुपता ल्याउन ती जनसंगठनका परराष्ट्र सम्बन्ध हेर्ने प्रमुखहरूसँग छलफल आयोजना गर्ने गरिएको छ। पार्टीको वेबसाइटमा अपलोड हुने समाचारहरूको अङ्ग्रेजी अनुवाद गरी वेबसाइटमा अपलोड गर्ने गरिएको छ। विभिन्न मुलुकका राष्ट्रिय दिवस, स्वतन्त्रता दिवस, संविधान दिवस, राष्ट्र प्रमुख तथा सरकार प्रमुख निर्वाचित हुँदा पार्टीका तर्फबाट बधाई तथा शुभकामना सन्देश पठाउने काम निरन्तर भइरहेको छ। विभिन्न मुलुकबाट नेपाल भ्रमणमा आउनुहुने विशिष्ट पाहुनाहरूले पार्टी अध्यक्ष तथा उच्च

नेतृत्वसँग गर्ने शिष्टाचार भेटमा विभागका तर्फबाट समन्वय गर्ने तथा भेटका सम्बन्धमा नोट तयार गर्ने गरिएको छ।

### १३. प्रचार तथा प्रकाशन विभाग

केन्द्रीय प्रचार तथा प्रकाशन विभागले बार्षिक प्रचार कार्ययोजना बनाई त्यसको कार्यतालिका समेत निर्धारण गरी कार्यान्वयन गरिरहेको छ। सो अनुसार, सबै प्रदेश तहमा प्रचार योजना तर्जुमा विस्तारित बैठक तथा प्रचार कार्यशालाहरू सम्पन्न भएका छन्। जनसंगठनका प्रचार विभागसँग प्रचार कामका सम्बन्धमा बैठक सम्पन्न भएको छ। बार्षिक कार्ययोजना कार्यान्वयनका लागि विभाग सदस्यहरूलाई कार्यविभाजन गरिएको छ। नेपालको सञ्चार क्षेत्रलाई व्यवस्थित रूपमा विकास गर्न पार्टीले अङ्गिकार गर्ने सञ्चार नीतिको मस्यौदा तयार गरिएको छ। यसबाट भविष्यमा पार्टीले सञ्चार क्षेत्रको विकास तथा सम्बर्द्धनमा योगदान पुग्ने छ।

पार्टीले पुष्पलाल (मध्यपहाडी) लोकमार्गमा आयोजना गरेको समृद्धिका लागि सङ्कल्प यात्रामा पार्टीको प्रचार विभागले यात्रा अवधिभर स्थलगत समाचार सङ्कलन तथा सम्प्रेषण प्रभावकारी ढङ्गले गरेको छ। समृद्धिका लागि सङ्कल्प यात्राको प्रभाव, मध्यपहाडको विकास, रोजगारी, उत्पादन लगायतका सम्भावना र स्थानीयका समस्याहरूका बारेमा नेताहरूका अनुभव र विज्ञका सुझावहरू समेत समेटेर विशेष अङ्का रुपमा नवयुग प्रकाशन भएको छ। यसैगरी सङ्कल्प यात्राका तस्वीरहरू समावेश गरी तस्वीर–पुस्तक प्रकाशित भएको छ। सूर्य खवर डिजिटल पत्रिका (भिडिओ समाचार) लाई नियमित गरिएको छ। पार्टीको वेबसाइट अउलगm।यिचन दैनिक अपडेट गर्ने काम भइरहेको छ।

सकारात्मक सन्देश जनतामा पुर्याउने महत्वपूर्ण भूमिकामा रहेका आम सञ्चारमाध्यमहरूको अहिले पनि प्रभावकारी भूमिका रहेको छ। ती माध्यमहरूलाई पार्टीका सकारात्मक सन्देश प्रवाह गर्न अझ बढी समन्वयको जरुरी रहेको छ। सामाजिक सञ्जाल यतिवेला सूचना प्रवाहका बलियो माध्यम बनेको छ। यसको सही सदुपयोग गरी विकास र समृद्धिका पक्षमा गरिएका कामहरूलाई आम नागरिकसम्म पुर्याउन पार्टीले विशेष ध्यान दिँदै आएको छ। न्यू मिडियाका रूपमा रहेका माध्यमलाई प्रभावकारीरूपमा उपयोग गर्नु अहिलेको आवश्यकता हो। यसर्थ पार्टी आवश्यकता अनुसार सामाजिक सञ्जालको प्रभावकारी उपयोग गर्न थप ध्यान दिनुपर्ने जरूरी छ।

### १४. पार्टी स्कुल विभाग

केन्द्रीय पार्टी स्कुल विभागले यस अवधिमा पार्टीमा प्रशिक्षण, अनुशिक्षण र सहजीकरणका महत्वपूर्ण क्रियाकलापहरू सञ्चालन गरेको छ। पार्टीको दशौं महाधिवेशनपछि विभाग गठन भई स्कुल सञ्चालनमा ल्याइएको थियो। यहाँ पार्टी केन्द्रीय कमिटीको पाँचौं बैठकयताका कामहरूमध्येका मुख्य कामलाई सङ्क्षेपमा उल्लेख गरिएको छ।

२०८० जेठ ११ र १२ गते स्थानीय तहका प्रमुख–उपप्रमुखहरूलाई दुई दिने अनुशिक्षण कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरूका तर्फबाट एक वर्षका कामको अनुभव, उपलव्धि र चुनौती प्रस्तुत गरिनुका साथै विभिन्न विज्ञहरूबाट कार्यक्रम छनोट, वित्त व्यवस्थापन, सुशासनको सुदृढीकरण, क्षमता अभिवृद्धि लगायत विषयमा प्रशिक्षण दिइएको थियो। कार्यक्रममा हाम्रो तर्फबाट विजयी ४४६ जनप्रतिनिधिमध्ये २७६ जना सहभागी हुनुहुन्थ्यो।

२०८० जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखहरूलाई लक्षित गरी एक दिने अनुशिक्षण कार्यक्रम आयोजना गरियो। उक्त कार्यक्रममा पनि विभिन्न विज्ञहरूका तर्फबाट प्रशिक्षण दिने काम भएको थियो। यसमा पार्टीका तर्फबाट निर्वाचित करिब ३६ जना प्रमुख, उपप्रमुखहरूको सहभागिता थियो। यी सबै कार्यक्रममा सहआयोजकका रुपमा स्थानीय विकास विभागको सक्रिय योगदान रहेको थियो।

प्रदेशस्तरीय प्रशिक्षणको सङ्क्षिप्त विवरण देहाय बमोजिम रहेको छ। कर्णाली प्रदेशमा सुर्खेतको बीरेन्द्रनगर, मधेश प्रदेशमा बारा, गण्डकी प्रदेशमा कास्कीको लुम्ले, लुम्बिनी प्रदेशको देउखुरी, दाङ, सुदूरपश्चिमको धनगढी, कैलालीमा प्रशिक्षण सम्पन्न भए। यसरी प्रदेश स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रमबाट ४०८ जना प्रशिक्षकहरू तयार गरिएको छ। यसैगरी जनसङ्गठनहरूका प्रशिक्षक प्रशिक्षण कार्यक्रमबाट हालसम्म ५७७ प्रशिक्षकहरू तयार हुनुभएको छ। केन्द्रीय पार्टी स्कुल विभागले तयार गरी केन्द्रीय कमिटीमा प्रस्तुत गरेको पाठ्यक्रम पारित भएर प्रकाशित भइसकेको छ। यतिबेला स्कुल विभाग आधारभूत तहको पाठ्यपुस्तक, प्रशिक्षकहरूका लागि म्यानुअल तथा माध्यमिक तहका लागि प्रशिक्षणका विस्तृत बुँदाहरू (कन्टेन्ट अफ कोर्स) प्रकाशनको अन्तिम तयारीमा छ।

केन्द्रीय पार्टी स्कुल विभागका तर्फबाट विशेष प्रदेश कमिटीहरू, विभिन्न जिल्ला, सम्पर्क कमिटी र जनसङ्गठनहरूले सञ्चालन गर्ने प्रशिक्षणका लागि प्रशिक्षक उपलब्ध गराउने, कोर्स तयार गर्ने र कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने गरिएको छ।

### १५. भूमि व्यवस्था विभाग

यस विभागले वार्षिक कार्य योजना निर्माण गरी भूमि सम्वन्धि सुक्ष्म अध्ययन,भूस्वामित्वको अधिकारका विषयमा छलफल गर्दै आएको छ। भूमिहीन,दलित, सुकुम्वासी,अब्यवस्थित बसोबासीका समस्या समाधानका लागि पार्टीले लिनुपर्ने दीर्घकालिन नीति तर्जुमा गर्न विज्ञहरुसँग परामर्श लिने कार्य भइहरहेको छ।

भूमि र सीमा सम्वन्धि नीति बनाउन तथा भूउपयोग र भूवर्गिकरण गर्न अति जरुरी रहेको छ। त्यसका लागि विज्ञहरुसंगको अन्तरक्रिया गरिएको छ। उखडा जग्गा सम्वन्धि समस्या समाधान गर्दै जोतभोग गरिरहेका किसानमा नाममा जग्गा दर्ता गर्न तथा भूमि सुधार र कृषि सुधारका लागि आवश्यक योजना तर्जुमा गर्नका लागि पनि विभिन्न छलफल,अन्तरक्रिया हुँदै आएका छन्।

### १६. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग

यस विभागले वार्षिक कार्ययोजना अनुरुप मुलुकको समग्र निर्माणको क्षेत्रमा नीति तर्जुमा गर्न विज्ञहरूसँग छलफल र अन्त्तक्रिया गरेको छ। सडक, रेल र जल यातायात, निर्माण व्यवसाय, इन्जिनियरिङ र यातायात व्यवस्थाका क्षेत्रमा काम गर्न विभागले पार्टी नीतिको मस्यौदा गरेको छ। भौतिक पूर्वाधारका क्षेत्रमा पार्टीको स्पष्ट दृष्टिकोण बनाउन नीतिगत मायौदालाई विज्ञहरूसँगको छलफलपछि अन्तिम रूप दिइनेछ। त्यसका लागि विज्ञ समूहको गठन गरिएको छ। त्यसका लागि विज्ञहरूसँग नियमित रुपमा छलफल,अन्तरक्रिया भइरहेका छन्।

### १७. युवा तथा खेलकूद विभाग

यस विभागले बार्षिक कार्ययोजना तयार गरी खेलकूद क्षेत्रलाई व्यवहारिक रूपमा अगाडि बढाउन र युवा परिचालन गर्न छलफल तथा अन्तरक्रिया गर्दै आएको छ। खेलप्रति युवाहरुलाई आकर्षण गर्न,उनीहरुमा खेल क्षमता बृद्धि गर्न तथा खेलाडीलाई आत्मनिर्भर बनाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी बनाउने आवश्यक नीति निर्माणमा विभाग जुटिरहेको छ।

त्यस्तै खेल पूर्वाधार तथा संरचनाको निर्माण,भएका संरचनाको स्तरउन्नती तथा पुनर्निर्माण लगायतका कामहरु प्रभावकारी ढंगले अघि बढाउने संवन्धमा संवन्धित निकायलाई सुझाव दिइदै आएको छ।

### १८. राष्ट्रिय हित तथा सुरक्षा विभाग

बार्षिक कार्ययोजना निर्माण गरी यस विभागका नियमित कामलाई अगाडि बढाइएको छ। राष्ट्रको हित हुने गरी राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डताको रक्षा तथा सामजिक सद्भाव र मानवीय सुरक्षा सुनिश्चित हुने गरी राष्ट्रिय सुरक्षा नीतिको विकास गर्न आवश्यक छ। त्यसका लागि विभागले सुरक्षा नीति र समसामयिक विषयमा छलफल गर्दै आएको छ। पार्टीका विभिन्न बैठक तथा कार्यक्रमहरूमा सुरक्षासँग सम्बन्धित कामको जिम्मेवारी निरन्तर निर्वाह हुँदै आएको छ।

### १९. वन तथा वातावरण विभाग

यस विभागले बार्षिक कार्ययोजना निर्माण गरी जननेता मदन भण्डारीको जन्मजयन्तीको अवसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ। वन र वातावरण क्षेत्रको जगेर्नाका लागि विभागले नीतिगत सुझाव संकलन गरी पार्टी नेतृत्वसमक्ष राय पेश गर्ने काम गरेको छ। जलवायु परिवर्तन, न्याय र 'क्याप २१' मा नेपालले लिनु पर्ने अडानका सन्दर्भमा परराष्ट्र मामिला विभागसँगको सहकार्यमा विज्ञहरूसँग छलफल भएको छ। जलवायु परिवर्तनबाट नेपालले हिमालमा हिउँ पग्लिने समस्याको जोखिम भोग्दै आएको छ। त्यसको बारेमा पार्टीको धारणा बनाउने काम विभागले गरेको छ।

### २०. वित्त तथा कोष व्यवस्थापन विभाग

बार्षिक कार्ययोजना अनुसार पार्टीको चालु आर्थिक वर्षको अनुमानित बजेट आय–व्ययको योजना निर्माण गरिएको छ। 'पाँच हजार बाई पाँच हजार' योजना कार्यान्वयनका लागि ध्यान दिनुपर्ने देखिन्छ। विगत लामो समयदेखि कमिटी र व्यक्तिका नामका सन्दर्भविहीन बेरुजुलाई राइट–अप गरी मिलान गर्न सिफारिस गरिएको छ। हरेक दिन वेलुका ५ बजेपछि आम्दानी र खर्चको सम्बन्धित व्यक्तिहरूलाई इमेलमार्फत जानकारी दिने

व्यवस्था मिलाइएको छ भने भुक्तानी गर्न बाँकी रहेका ठाउँमा तकेता गर्ने कार्य गरिएको छ। सदस्य शुल्क वापत रु १५ मध्ये ३५ प्रतिशत केन्द्र, २० प्रतिशत प्रदेश, २० प्रतिशत जिल्ला, १५ प्रतिशत पालिका र १० प्रतिशत वडा तहमा राख्ने व्यवस्था गरिएको छ।

तुल्सीलाल स्मृति प्रतिष्ठानको भवन निर्माण र मर्मतको सम्पूर्ण रकम भुक्तानी दिइएको छ भने पार्टीको 'लकेट' बिक्री वापत प्रतिगोटा १ सय रुपैयाँ आम्दानीमा बाँधिएको छ। साथै जाजरकोट र रुकुमको भूकम्प प्रभावित क्षेत्रमा राहतका लागि विभिन्न कमिटीबाट प्राप्त भएको रकमको अभिलेख राखिएको छ भने स्वयंसेवक परिचालनमा भएको खर्च तथा बाँकी रकम बैक मौज्दात रहेको छ।

केन्द्रीय लेखा सफ्टवेयरलाई व्यवस्थित गरी प्रदेश र जिल्लालाई पनि हुने सफ्टवेयर निर्माणको प्रारम्भिक कार्य थालनी गरिएको छ। हरेक आर्थिक बर्षको आय–व्यय विवरण तयार गर्नुका साथै लेखा परीक्षण गराई निर्वाचन आयोगमा पेश गर्ने गरिएको छ। २०७९/८० को लेखा परीक्षण गराई आर्थिक पारदर्शिताका लागि पार्टीको वेबसाइटमा समेत राखिएको छ। विभागको काम बार्षिक बजेट प्रणालीमा हुने गरेको छ। पार्टीको चलअचल सम्पत्तिको खोजविन र सुरक्षा/संरक्षणमा विभाग केन्द्रित छ। लेखा प्रणाली दुरुस्त गर्ने मामिलामा विभाग सतर्क छ। लेखा आयोगले दिएको सुझाव पालना गराउनमा विभाग क्रियाशील छ। विभागको कामलाई सदस्यहरूमा बाँडफाँट गरी सम्पादन गर्ने गरिएको छ।

## २१. विपद् व्यवस्थापन तथा स्वयम्सेवा विभाग

यस विभागले आफ्नो वार्षिक कार्ययोजना निर्माण गरी विपद् व्यवस्थापन र स्वयम्सेवा क्षेत्रमा क्रियाशील रही प्रभावकारी काम गरेको छ। रुकुम र जाजरकोटमा भूकम्पबाट क्षति भोगेका सर्वसाधारणको राहतका लागि १ हजार १ सय २५ जना पार्टी कार्यकर्ताले राहत र उद्धारको क्षेत्र काम गर्नु भएको छ। भूकम्पले क्षति पुऱ्याएका संरचनाहरुको भग्नावशेष हटाउने र राहतका लागि अस्थायी टहरा निर्माण गर्ने कार्य गरिएको थियो। जस अनुसार ५ सय ३ वटा भग्नावशेषको व्यवस्थापन, ९ सय २३ व्यक्तिगत अस्थायी आवास निर्माण र १६ विद्यालय अस्थायी टहरा निर्माण गरिएको थियो। साथै पार्टीका विभिन्न कार्यक्रमहरुमा विभागले स्वयंसेवकको भूमिका निर्वाह गर्दै आएको छ।

### २२. विज्ञान तथा प्रविधि विभाग

यस विभागले बार्षिक कार्ययोजना पारित गरी विज्ञान र प्रविधिको क्षेत्रमा प्रभावकारी भूमिका खेल्न पार्टी नेतृत्वसमक्ष नीतिगत सुझाव दिने काम गरेको छ। प्रविधि प्रयोगको क्षेत्रमा देखिएका समस्या र चुनौतिको अध्ययन गरी सुझाव पेश गर्नुका साथै प्रविधिको विकासको माध्यमबाट उत्पादकत्वको वृद्धि, श्रमको सहजता र सीपमा आधुनिकीकरण गर्ने कार्यमा नीति निर्माण गर्न विभाग लागि परेको छ। त्यसका लागि विज्ञहरूसँग नियमित छलफल हुँदै आएको छ। विभागले समय समयमा विज्ञान तथा प्रविधिका क्षेत्रमा भइरहेका नयाँ प्रयोग लगायतका विषयमा छलफल, अन्तरक्रिया गर्दै आएको छ।

### २३. शिक्षा तथा मानवस्रोत विभाग

यस विभागका तर्फबाट वार्षिक कार्ययोजना अनुरूप शिक्षा क्षेत्रको सुधारका लागि नीतिगत सुझाव संकलन गरी पार्टीको स्पष्ट दृष्टिकोण बनाउने काम भएको छ। माध्यमिक तह, कक्षा ११ र १२ को अध्यापन भइरहेका विषयहरूको विश्लेषण, प्रादेशिक जनशक्तिको प्रक्षेपण र शिक्षा तथा जनशक्तिको प्रक्षेपण गर्न अनुसन्धानमूलक कार्यको थालनी गरिएको छ। उच्च शिक्षाका समस्या, चुनौती र सम्भावनाका विषयमा समेत विभागले विज्ञहरूसँग छलफल गरेको छ। साथै शिक्षा क्षेत्रमा प्रभावकारी सुधार र मानवस्रोतको व्यवस्थापनका लागि शिक्षा नीति सम्बन्धमा छलफल हुँदै आएको छ।

### २४ श्रम तथा रोजगार विभाग

श्रम तथा रोजगार विभागले आफ्नो बार्षिक कार्ययोजना निर्माण गरेको छ। पहिलो चरणमा श्रम तथा रोजगार क्षेत्रका विषयसँग सम्बन्धित विषय विज्ञहरू नामावली संकलन गर्ने काम सम्पन्न भएको छ। विभागले पार्टीको नीति अनुसन्धान प्रतिष्ठान र पार्टीको पर्यटन तथा नागरिक उड्डयन विभागद्वारा आयोजना गरिएका दुईवटा छलफल कार्यक्रममा सहभागिता जनाएको छ।

### २५. संगठन विभाग

यस विभागले बार्षिक कार्ययोजना बनाई सोही कार्ययोजना कार्यान्वयनलाई केन्द्रमा राखेर कामलाई अगाडि बढाएको छ। पार्टी सदस्यहरूको २०८० सम्मको सदस्यता नवीकरण, अद्यावधीकरण र अभिलेखीकरण कार्य सम्पन्न भएको छ। पार्टीका प्रदेश अधिवेशनहरू सबै सम्पन्न भएका छन्। विभागले संगठन विभागका पूर्व प्रमुखहरूसँग अन्तरक्रिया गरेको छ।

संगठनात्मक काममा चुस्तता ल्याउनका लागि अनलाइन प्रणालीबाट अभिलेख व्यवस्थापन तथा सञ्चालनका विषयमा विज्ञ प्राविधिकहरूसँग छलफल गरिएको छ। पार्टी नेतृत्वपङ्तीको राजनीतिक, सांगठानिक विवरण लिने र वेबसाइट निर्माण गर्ने कार्य भइरहेको छ।

पार्टी सदस्यता नवीकरण र विस्तारको कामलाई तत्कालका सन्दर्भमा पार्टी कामको मुख्य विषयका रूपमा संगठन विभागले उच्च महत्वका साथ कामलाई अगाडि बढायो। भूगोल र गैरभूगोल गरी ८८ वटै जिल्ला र ९ वटै प्रदेशस्तरका कमिटीहरूले आ–आफ्ना मातहतका पार्टी सदस्यहरूको सदस्यता २०८० सम्मको भौतिक उपस्थितिमा नवीकरण गराएका छन्। सो अनुसार पार्टीका नवीकृत र नयाँ सदस्यहरू गरी कुल पाँच लाख ४६ हजार ६९५ सदस्य कायम भएका छन्।

सो अनुसार २०८० सम्मका लागि नवीकरण र नयाँ सदस्यहरूको कुल सङ्ख्या पाँच लाख ४६ हजार ६९५ कायम भएको छ। यसलाई प्रदेश स्तरमा विभाजन गर्दा कोशी प्रदेशमा ९५ हजार ४४९ सदस्य सङ्ख्या कायम भएको छ। त्यस्तै, मधेश प्रदेशमा ६६ हजार २००, बाग्मती प्रदेशमा एक लाख ९ हजार ४९५, गण्डकीमा ६३ हजार ५७३, लुम्बिनीमा ८२ हजार ८९७, कर्णालीमा ५२ हजार, सुदूरपश्चिममा ५३ हजार ५४४, उपत्यका विशेष प्रदेशमा ९ हजार ७८७, सम्पर्क समन्वय कमिटीमा ८ हजार ५८३, भारत प्रवासमा १ हजार ८८१ र प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीमा ३३२२ जनाको पनि नवीकरण भएको छ। २०८१ सालको सदस्यता नवीकरणको काम विगतमा देखिएका कमीहरू सच्याएर यही बैशाख १५ गतेसम्म प्रमाणीकरणका लागि पठाउन निर्देशन गरिएको छ।

भूगोलका सात र गैर भूगोलको उपत्यका विशेष प्रदेश कमिटी गरी आठ प्रदेशका अधिवेशनहरू सम्पन्न भएका छन्। लुम्बीनी प्रदेशको अधिवेशन २०८० भदौ १५–२० गतेसम्म सम्पन्न भएको छ भने बाग्मती प्रदेशको असोज ८–९, कर्णाली प्रदेशको असोज १०–११, गण्डकी प्रदेशको असोज १५–१६, उपत्यका विशेषको असोज १९–२०, सुदूरपश्चिम प्रदेशको २१–२२, मधेश प्रदेशको असोज २४–२५ गते र कोशी प्रदेशको अधिवेशन असोज १२–१३ मा सम्पन्न भएका छन्।

पार्टीको संगठन विभागले प्रदेश अधिवेशनहरूलाई सहजीकरण गरेको थियो। अधिवेशनलाई ध्यानमा राखेर प्रमाणीकरण गरिएका सदस्यहरूको नामावलीको प्रतिलिपी समयमै प्रदेश र जिल्लामा पठाउने काम भयो। प्रतिनिधि छनौटमा अलमल नआओस् भनी प्रतिनिधि छनौट कार्यविधि बनाएर पठाउने काम भयो। त्यसैगरी अधिवेशनमा निर्वाचित हुने नेतृत्वका सम्बन्धमा पनि विभागले आधार र समावेशितासहितको समानुपातिक प्रतिनिधित्वको कोटा निर्धारण गरी पठाउने काम गर्‍यो। जिल्ला अधिवेशन सञ्चालनका लागि नमूना कार्यविधि पठाउने काम भयो।

हालसम्म सुदूरपश्चिम प्रदेशमा दार्चुला, बैतडी, डडेल्धुरा, कैलाली, कञ्चनपुर र कर्णाली प्रदेशका  मुगु, दैलेख, सुर्खेत, रुकुम पश्चिम र सल्यानमा जिल्ला अधिवेशन सम्पन्न भएका छन्। त्यसैगरी गण्डकीमा म्याग्दी, गोरखा, कास्की, लमजुङ, स्याङ्जा, पर्वत, बाग्लुङ तथा लुम्बिनी प्रदेशका रोल्पा, रुकुम पूर्वमा जिल्ला अधिवेशन सम्पन्न भएका छन्। बाग्मतीमा धादिङ, दोलखा र सिन्धुपाल्चोक, मधेश प्रदेशमा महोत्तरी, रौतहट र बारा र कोशी प्रदेशमा सङ्खुवासभा, पाँचथर, झापा र उदयपुरमा अधिवेशनहरू सम्पन्न भएका छन्। उपत्यका विशेष प्रदेश अन्तर्गत पेशागत विशेष जिल्ला कमिटीको अधिवेशन सम्पन्न भएको छ।

विभागले पार्टीका प्रदेश र जिल्ला कमिटीको संगठनको कामलाई व्यवस्थित गर्न सदस्यता नवीकरण तथा विस्तार एवं स्थानीय अधिवेशनहरूको सुव्यवस्थापनका सम्बन्धमा दुईदिने कार्यशाला सम्पन्न गरेको छ। त्यसैगरी संगठन विभागका पूर्व प्रमुखहरूसँग अन्तरक्रिया सम्पन्न गरिएको छ। साथै, पार्टी सदस्यहरूको प्रोफाइल लिङ्क तथा वेबसाइट निर्माणको काम आरम्भ गरिएको छ।

## २६. संसदीय विभाग

यस विभागबाट बार्षिक कार्ययोजना अनुरुप संसदमा पार्टीको तर्फबाट प्रभावकारी भूमिका निर्वाह गर्न छलफल र अन्तक्रिया हुँदै आएका छन्। साथै संसदीय भूमिकालाई प्रभावकारी बनाउनका निम्ति योजना बनाउने र त्यसको कार्यान्वयन भइरहेका छन्। संसदमा पेश हुने कानुनको प्रस्तावित मस्यौदा लगायत विषयमा पार्टीको तर्फबाट निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा विभागले कार्यसम्पादन गर्दै आएको छ।

सांसदहरूको क्षमता अभिबृद्धिका लागि दुई दिने प्रशिक्षण सम्पन्न भएको छ। प्रशिक्षणमा विषयविज्ञहरूले सांसदहरूलाई

अभिमुखीकरण गर्नुभएको थियो। संघीय शासन प्रणाली र न्यायपालिकाबीचको अन्तरसम्बन्धलाई समन्वय गर्ने तथा अन्तद्र्वन्द्वलाई न्यूनीकरण गर्न विभागले सहजीकरणको भूमिका निर्वाह गर्दै आएको छ।

विभागले संघीय संसदमा पेश हुने मस्यौदा विधेयक र यसका अन्तरवस्तुका विषयमा छलफल गरी पार्टीको तर्फबाट आवश्यक सुझाव र सल्लाह दिँदै आएको छ। मस्यौदा विधेयकमाथि संशोधन प्रस्ताव पार्टीको तर्फबाट तयारी गरी विषयगत समितिमा पेश गर्ने काम हुँदै आएको छ। साथै, संघीय सांसदहरू विभिन्न विदेश भ्रमणमा जाँदा संसदीय दलका नेता, उपनेता, प्रमुख सचेतकलाई जानकारी गराउन आवश्यक छ।

### २७. संघीय मामिला तथा सामान्य प्रशासन विभाग

यस विभागले बार्षिक कार्ययोजना बनाई काम अघि बढाएको छ। संघीय प्रशासनका विषयमा विज्ञहरूसँग छलफल गरी पार्टीको धारणा बनाउने काम भएको छ।

विभागले नेपालको सङ्घीय राज्य व्यवस्था तथा प्रशासनिक सुधारका लागि विज्ञहरूसँग छलफल गर्नुका साथै स्रोत व्यवस्थापन गरी प्रदेश तहमा अन्तरक्रिया आयोजना गर्ने तयारी गरिरहेको छ।

### २८. सामाजिक सेवा विभाग

यस विभागले वार्षिक कार्ययोजना पारित गरी नेपालमा क्रियाशील राष्ट्रिय, अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको कामको मूल्याङ्कन गर्न र नीति तर्जुमा गर्नका लागि सुझाव पेश गर्ने काम गरेको छ। दिगो विकास लक्ष्य र सामाजिक क्षेत्रको वास्तविक यथार्थको विश्लेषण गरी राय पेश गर्ने काम भएको छ। जसबाट समाज सेवामा पार्टीको भूमिका प्रभावकारी बनाउन नीति तर्जुमा गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

### २९. सामाजिक सुरक्षा र समाज कल्याण विभाग

यस विभागले आफ्नो बार्षिक कार्ययोजना पारित गरी जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित र असहायहरूको सामाजिक जीवनको सुरक्षा प्रदान गर्न आवश्यक नीति बनाउने काम गरिरहेको छ। समाजको अति संवेदनशील यस क्षेत्र र पार्टी सम्बन्धलाई प्रभावकारी बनाउन ठोस कदम चाल्नु पर्ने आवश्यक छ। त्यसका लागि विभागले अध्ययन अनुसन्धान गरिरहेको छ।

### ३०. सहकारी तथा गरीवी निवारण विभाग

विभागले बार्षिक कार्ययोजना पारित गरेको छ। कार्ययोजना अनुरुप सातै प्रदेशमा भेलाहरू सम्पन्न भएका छन्। सहकारी क्षेत्रमा भएका समस्या समाधान गर्न पार्टीले विशेष चासो दिदै आएको छ। सहकारी क्षेत्रका समस्या समाधान गर्न र पीडितहरुलाई न्याय दिने गरी प्रभावकारी कदम चाल्न सरकारलाई ध्यानाकर्षण गराएको छ। राष्ट्रिय सहकारी महासंघ र नेपाल केन्द्रीय बचत तथा ऋण सहकारी संघ लि. (नेफ्स्कून) का निर्वाचन सम्पन्न भएका छन्। नेफ्स्कून निर्वाचनमा आधिकारीक उम्मेद्वार विरुद्धमा लाग्ने व्यक्तिहरूलाई पार्टीको तर्फबाट कारवाहीको प्रक्रिया अगाडि बढाइएको छ। साथै विभागका नियमित बैठक, भेला भईरहेका छन्।

### ३१. शहरी विकास विभाग

यस विभागले बार्षिक कार्ययोजना अनुसार शहरी विकासका लागि नीति नियमका बारेमा छलफल गर्दै आएको छ। त्यसका लागि विज्ञहरूको रोष्टर तयार पार्ने काम भएको छ। काठमाडौं उपत्यकाको शहरी विकास अवधारणा बारेमा विभागले विज्ञहरूसँग अन्तरक्रिया कार्यक्रम समेत गरेको छ।

विभागले नेपालका शहरहरूको बर्गीकरणका लागि तीन सदस्यीय कार्यदल गठन गरेको छ। कार्यदलले प्रतिवेदन लेखनको कामलाई अन्तिम चरणमा पुर्याएको छ।

### ३२. साहित्य, कला तथा संस्कृति विभाग

यस विभागले बार्षिक कार्ययोजना पारित गरी कला, साहित्य, संगीत, चित्रकला ललितकला, नाट्यशास्त्र भाषा तथा लोक साहित्यको क्षेत्रमा रचनात्मक काम गरिरहेको छ। कार्ययोजना अनुरुप विभागका बैठक र गतिविधि नियमित भइरहेका छन्।

संविधान दिवसको अवसरमा गत असोज ३ गते पार्टीले गरेको कार्यक्रममा मौलिक नेपाली बाजाहरू र धुन प्रस्तुत गरिएको थियो। कला संस्कृतिको जगेर्नाका लागि राष्ट्रिय जनसांस्कृतिक महासंघको सहयोगमा पार्टीका जनसभा लगायतका कार्यक्रममा जनपक्षीय साँस्कृतिक प्रस्तुति हुँदै आएको छ। साथै कला क्षेत्रको सम्बर्द्धन एवं विकासको लागि देशभरि कलाकारलाई जनपक्षीय अभियान सञ्चालनमा सामेल गर्न नीतिगत नेतृत्व गर्ने काम समेत गरिएको छ।

नेपाली संस्कृतिको जगेर्नाका रुपमा श्रष्टा भेटघाट, साहित्यिक अन्तरक्रिया तथा छलफल, साहित्यिक गोष्ठी आयोजना गरिएको छ। साथै, साहित्यिक पत्रिका 'युगदूत' पाँचौ अङ्क प्रकाशन गरिएको छ। ऐतिहासिक जनआन्दोलन २०४६ चैत ३ गतेको सम्झनामा चैत ९ गते कवि गोष्ठी सम्पन्न गरिएको छ। अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा गत फागुन २५ गते नेपाली साहित्यमा महिला लेखनको वर्तमान अवस्थाः चुनौती र सम्भावना विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

### ३३. स्थानीय विकास विभाग

यस विभागले वार्षिक कार्ययोजना अनुरुप जनप्रतिनिधिहरूलाई दक्ष बनाउन पालिकाका प्रमुख र उपप्रमुख, अध्यक्ष र उपाध्यक्षहरूका लागि स्थानीय विकास तथा आगामी बजेट निर्माण विषयमा अनुशिक्षण कार्यक्रम सम्पन गरेको छ। नेतृत्व विकासका लागि जिल्ला समन्वयका प्रमुख र उपप्रमुखको राष्ट्रिय भेला सम्पन्न भएको छ। स्थानीय तहलाई बलियो र प्रभावकारी बनाउन सातै प्रदेश स्तरीय भेला सम्पन भएका छन्। स्थानीय सुशासन कायम गर्न र सेवालाई जनमुखी एवं प्रभावकारी बनाउन नीतिगत सुधारका लागि पहल गर्ने काम भइरहेको छ।

स्थानीय तहका जनप्रतिनिधिहरूको कार्य सम्पादन स्तर अभिबृद्धि गर्नका लागि तीनदिने बन्द प्रशिक्षण शिविर सञ्चालन सम्पन्न गरिएको छ। पार्टीबाट निर्वाचित स्थानीय तहका जनप्रतिनिधिहरूको प्रदेश, जिल्ला तथा पालिकागत डेटाबेस तयार गरिएको छ। विज्ञहरूको रोष्टर तयार गरिएको छ। स्थानीय तह सञ्चालन निर्देशिका २०७९ को तयारी गरी केन्द्रीय कमिटीबाट जारी समेत भइसकेको छ। जनप्रतिनिधिहरूको मूल्याङ्कनका लागि सूचकहरूको मस्यौदा तयार गरिएको छ। जनप्रतिनिधिहरूको प्रादेशिक तथा राष्ट्रिय स्तरको प्रशिक्षणमूलक कार्यक्रमको संयोजन गरिएको छ।

### ३४. स्वास्थ्य तथा जनसङ्ख्या विभाग

वार्षिक कार्ययोजना अनुरुप विभागका कामलाई योजनावद्ध रुपमा अघि बढाउँदै आइएको छ। स्वास्थ्य क्षेत्रका समस्या समाधान गर्न नीतिगत तहमा विभागले भूमिका खेलिरहेको छ। स्वास्थ्य क्षेत्रका विकृति र विसंगति विरुद्धमा विभागले सरकारको ध्यान आकर्षण गराउँदै आएको छ।

पार्टीका जेष्ठ नेताहरूको स्वास्थ्य अवस्था बुझ्न र आवश्यक सहयोगका लागि समेत विभागले नियमित रूपमा काम गर्दै आएको छ। साथै यो विभागले विभिन्न समारोह, भेला तथा कार्यक्रमहरूमा स्वास्थ्य सेवा प्रदान गर्ने काम निरन्तर रूपमा गरिरहेको छ। पार्टीको केन्द्रीय कमाण्डमा गरिएको समृद्धिका लागि सङ्कल्प यात्रामा चिकित्सक, स्वास्थ्यकर्मीसहितको टोली पठाई स्वास्थ्य सेवा प्रदान गर्न विभागले नियमित रूपमा कार्यसम्पादन सम्पन्न गरेको थियो। पछिल्लो पटक नागरिकको आधारभूत स्वास्थ्य अधिकार सुनिश्चितका लागि अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारका पालामा शिलान्यास गरिएका ३९६ अस्पताल भवन निर्माणको कामलाई सम्पन्न गर्न, नागरिकको स्वास्थ्य बिमा कार्यक्रमलाई सुचारू गर्न लगायत स्वास्थ्यसँग सम्बन्धित विभिन्न विषयमा विभागले सरकारको ध्यानाकर्षण गराएको छ।

## परिशिष्ट–३, मिसन ग्रासरुट अवधारणा

### उद्देश्य, कार्यादेश र कार्ययोजना

नेकपा (एमाले) केन्द्रीय सचिवालयको मिति २०७९ माघ २६ गतेको बैठकले २०७९ फागुन– चैतमा दुई महिने मिसन ग्रासरुट ९पार्टी सुदृढीकरण तथा विस्तार अभियान० सञ्चालन गर्ने निर्णय गरेको छ। उक्त अभियानको उद्देश्य, कार्यादेश र कार्ययोजना देहाय बमोजिम रहेको छ।

### औचित्यरसन्दर्भ

'पार्टीमा वैचारिक काम अपेक्षाकृत बलियो बन्न नसकेको, पार्टी पङ्क्तिको चेतना स्तर अपेक्षित मात्रामा सुदृढ हुन नसकेको र नयाँ परिस्थितिका नयाँ चुनौतीको सामना गर्न पार्टी पङक्ति पर्याप्त मात्रामा सक्षम बन्न नसकेको आम अनुभूति छ।' भन्ने निष्कर्षका साथ दसौं राष्ट्रिय महाधिवेशनले पार्टीमा नियमित, व्यवस्थित र अनिवार्य प्रशिक्षणको व्यवस्था गर्नु पर्ने आवश्यकता औंल्याएको थियो। त्यसरी नै, विभिन्न पार्टी परित्याग गरी पार्टीमा प्रवेश गर्ने विषय पार्टी विस्तारका लागि सकारात्मक र आवश्यक रहेको निष्कर्षका साथ पार्टी प्रवेशलाई व्यवस्थित गर्ने, नवप्रवेशीलाई उचित प्रशिक्षणको व्यवस्था गर्ने र उचित जिम्मेवारी दिने कुरामा जोड दिएको थियो। विभिन्न समुदायमा पार्टीलाई स्थापित गर्न, पार्टी कार्यकर्ता तयार गर्ने नर्सरीका रुपमा विकास गर्न र विभिन्न समुदायका मागलाई पार्टीको आम आन्दोलनसँग आवद्ध गर्न जनवर्गीय सङ्गठनको भूमिका विशेष रहेको औंल्याउँदै महाधिवेशनले परिवर्तित सन्दर्भ, पार्टीले वैधानिक रुपमै आन्दोलनको अगुवाइ गरिरहेको र सत्ताको नेतृत्व समेत गरिरहेको पृष्ठभूमिमा जनवर्गीय सङ्गठनको भूमिकालाई पुनर्परिभाषित गर्दै जनसङ्गठनलाई आफ्नो समुदायको सरोकारका विषयमा बढी केन्द्रित गर्नुपर्छ भन्ने दिशानिर्देश गरेको थियो। पार्टी नेता कार्यकर्ताहरुको जीवनशैलीको निरन्तर अनुगमन गर्ने, सार्वजनिक रुपमा उठेका प्रश्नमा सार्वजनिक जवाफदेहिता कायम गर्ने र पार्टी नेतारकार्यकर्ताहरूलाई पार्टी विधान र राज्यको कानुन दुबैतिर उत्तरदायी बनाउने र वैचारिक–सांस्कृतिक अभियानलाई पार्टी निर्माणको अभिन्न अङ्ग बनाउने कुरामा विशेष जोड दिएको थियो। पार्टीका सिद्धान्त, कार्यक्रम, नीति, दृष्टिकोण र गतिविधिहरुका बारेमा जनतालाई निरन्तर सुसूचित गराउने आवश्यकता बारेमा पनि महाधिवेशनले स्पष्ट पारेको थियो।

यिनै निष्कर्षका आधारमा महाधिवेशनले 'पार्टीलाई एकताबद्ध, सुदृढ र व्यापक जनाधारित बनाउने' 'पार्टीमा सुदृढीकरण र शुद्धीकरण अभियान सञ्चालन गर्ने' विषयलाई पार्टीका सर्वाधिक महत्वपूर्ण कार्यभार निर्धारण गरेको थियो।

गत वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचन र मङ्सिरमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा हाम्रो पार्टी आफू विरुद्ध सिर्जित चौतर्फी घेराबन्दी, षडयन्त्र र आक्रमणलाई चिर्दै जनताको रोजाइको पहिलो पार्टी बन्न सफल भयो। तर पार्टीको सङ्गठनात्मक जीवनमा देखा परेका अस्तव्यस्तता र अराजकताका कारण कमिटीगत परिचालनमा समस्याहरु देखा परे। निर्वाचनका सिलसिलामा प्रकट भएका विभिन्न गलत प्रवृत्तिहरुको कारण हामीले निर्धारित लक्ष्य हासिल गर्न सकेनौं, कैयौं महत्वपूर्ण स्थानहरु गुमाउन पुग्यौं।

उपरोक्त समस्या समाधान गर्दै पार्टीलाई वैचारिक र सङ्गठनात्मक रुपमा सुदृढ गर्न र मुलुकमा राजनीतिक स्थायित्वको प्रत्याभूत गर्ने बलियो शक्तिका रुपमा पार्टीलाई स्थापित गर्न विशेष अभियानको आवश्यकता बोध भएको छ।

यस बीचमा, केन्द्रीय पार्टी स्कुल विभाग, केन्द्रीय सङ्गठन विभाग र जनसङ्गठन समन्वय संयन्त्रहरुद्वारा आयोजना गरिएका विभिन्न कार्यशालाहरुले पनि पार्टीमा सुदृढीकरण र शुद्धीकरण अभियान सञ्चालन गर्नु पर्ने आवश्यकता औंल्याएका छन्।

यिनै पृष्ठभूमिमा पार्टीले यो विशेष अभियान सञ्चालन गर्ने निर्णय गरेको हो।

### १. अभियानको नाम

यस अभियानको नाम मिसन ग्रासरुट ९पार्टी सुदृढीकरण तथा विस्तार अभियान० २०७९ रहनेछ।

### २. उद्देश्य

यस अभियानबाट देहायका उद्देश्यहरु हासिल हुनेछन्–

क) पार्टी सदस्यता नवीकरण र विस्तार मार्फत् आधारभूत तहमा पार्टी सदस्यहरुको वास्तविक तथ्याङ्क, उनीहरुको अवस्था, पालिका, वडा र टोल कमिटीको क्रियाशीलता र समग्रमा आधारभूत तहमा पार्टीको अवस्थाबारे यथार्थ र वस्तुनिष्ठ जानकारी प्राप्त हुनेछ।

ख) पार्टीको आधारभूत पङ्क्ति पार्टीका आधारभूत सैद्धान्तिक राजनीतिक विषयमा प्रशिक्षित हुनेछ।

ग) स्थानीय तहमा उत्पन्न हुन सक्ने या भएका अन्तरविरोधको पहिचान र तिनको समाधानका ठोस विकल्पबारे सिफारिस प्राप्त हुनेछ।

घ) पार्टी कमिटी र जनप्रतिनिधिहरुबीचको सम्बन्धबारे वैचारिक, राजनीतिक र संरचनागत स्पष्टता हासिल हुनेछ। स्थानीय तहका जनप्रतिनिधिहरुको भूमिका थप प्रभावकारी हुनेछ।

ङ) पार्टी संभावनायुक्त नयाँ पुस्ताको पहिचान हुनेछ।

च) पार्टीलाई जनसरोकारका विषय लगायत समाजका विभिन्न क्षेत्रका रचनात्मक सुझावहरु हासिल हुनेछन्।

छ) नेता र कार्यकर्ताबीच एवं पार्टी र जनताबीचको सम्बन्ध थप घनिष्ट हुनेछ।

ज) अभियान पश्चात् पार्टीको प्रभाव विस्तार हुनेछ। पार्टी अनुशासित र एकताबद्ध हुनेछ। पार्टीको सङ्गठनात्मक अवस्था सुदृढ हुनेछ।

## ३, अभियानको स्वरुप

यो अभियान पालिका तहमा केन्द्रित हुनेछ। आवश्यकता अनुसार वडा तहसम्म पनि विभिन्न क्रियाकलाप सञ्चालन गरिनेछ।

## ४. केन्द्रीय प्रतिनिधिको व्यवस्था

क) यस अभियानका लागि पार्टीका भूगोल, विभाग र फाँटहरुमा जिम्मेवारी तोकिएका सबै पोलिटब्युरो र केन्द्रीय सदस्यहरुलाई केन्द्रीय प्रतिनिधि तोकिनेछ।

ख) स्थायी कमिटीका सदस्यहरुलाई अनुगमनको जिम्मेवारीमा खटाइनेछ।

ग) केन्द्रीय प्रतिनिधि तोक्दा सबै केन्द्रीय सदस्यहरुलाई आफूले अहिले जिम्मा लिइरहेको जिल्लाभन्दा फरक जिल्लामा खटाइनेछ। प्रदेश कमिटीका सदस्य, जिल्ला सदस्य र अन्य प्रतिनिधिहरुलाई पनि स्वार्थ नबाझिने गरी नयाँ कार्यक्षेत्रमा जिम्मेवारी तोकिनेछ।

घ) तोकिएका निश्चित पालिकाहरुमा केन्द्रीय सदस्य र केन्द्रीय प्रतिनिधिको नेतृत्वमा अन्य केन्द्रीय प्रतिनिधि, प्रदेश कमिटी सदस्य, जिल्ला कमिटी सदस्य र तोकिएका व्यक्तिहरुको टोली निर्माण गरिनेछ।

ङ) उक्त टोलीले केन्द्रीय योजनाका अधिनस्थ रही अनिवार्य रुपमा निर्धारित समयसम्म निर्धारित कार्यक्षेत्रमा निर्धारित कामहरु सम्पन्न गर्नु पर्नेछ।

## ५. केन्द्रीय प्रतिनिधिहरुका लागि कार्यादेश

केन्द्रीय प्रतिनिधिहरुले निर्धारित कार्यक्षेत्रमा देहायका कामहरु सम्पन्न गर्नेछन्–

क) प्रदेश र जिल्लाका प्रतिनिधिहरुको उपस्थितिमा पालिका कमिटीका बैठकहरु आयोजना गर्ने।

ख) पालिका कमिटीको योजनामा राम्रो सम्भावना भएका युवाहरु र संभावनायुक्त अन्य व्यक्तिहरुलाई पार्टीमा सामेल हुन प्रेरित गर्ने।

ग) पार्टी सदस्यको भौतिक उपस्थितिमा सदस्यता नवीरण गर्ने। भौतिक रुपमा उपस्थित हुन नसक्ने विदेशमा रहेका पार्टी सदस्यहरुसँग भर्चुअल माध्यमबाट सम्पर्क गरेर तथा काबुबाहिरको परिस्थितिका कारण सम्बन्धित स्थलमा आउन नसक्ने पार्टी सदस्यको हकमा टेलिफोन सम्पर्क गरेर तथा निजको फारम बुझेर नवीकरण गर्ने। दुबै अवस्थाका सदस्यहरुका बारेमा स्पष्ट कैफियत खुलाउने।

घ) धेरैभन्दा धेरै टोल कमिटीहरु गठन तथा पुनर्गठन गर्ने।

ङ) देहायका विषयमा वैचारिक तथा राजनीतिक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने।

– दसौं महाधिवेशनको कार्यदिशा,
– दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकता विरुद्धको वैचारिक सङ्घर्ष,
– विभिन्न राजनीतिक दलहरुसँग हाम्रो पार्टीका राजनीतिक–वैचारिक भिन्नता,

– पार्टी निर्माण सम्बन्धी मार्क्सवादी दृष्टिकोण र पार्टी सदस्यहरुका अधिकार, कर्तव्य र कार्यशैली
– समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र समाजवादका आधार निर्माण सम्बन्धी पार्टी अवधारणा
– समसामयिक राजनीतिक परिस्थिति र पार्टी दृष्टिकोण ।

च) पालिका सभा दल गठन भएकोरनभएको, त्यसको नियमित बैठक बसेकोरनबसेको, पार्टीबाट स्थानीय तहका जनप्रतिनिधिहरुलाई नीतिगत निर्देशन प्राप्त भएकोरनभएको र त्यसको प्रभावकारी कार्यान्वयन भएकोरनभएको जानकारी लिने । स्थानीय तहको कामका सन्दर्भमा आवश्यक संयोजन गर्ने ।

छ) स्थानीय तहमा उत्पन्न अन्तरविरोध समाधानमा सहजीकरण गर्ने । स्थानीय तहमा समाधान हुन नसक्ने अन्तरविरोधका विषयमा आवश्यक सुझावसहित केन्द्र, प्रदेश र जिल्लामा सिफारिस गर्ने ।

ज) पालिका र वडा स्तरमा सम्भव सबै जनसङ्गठनहरुका भेला तथा सम्मेलनहरु आयोजना गर्ने ।

झ) पालिकाभित्र रहेका सहिद परिवार, आन्दोलनमा घाइते तथा अपाङ्गता भएका व्यक्ति, शेल्टरदाता लगायत पार्टीमा विशेष योगदान दिनुभएका र सामाजिक क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्ति र जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने,

ञ) पालिकामा रहेका विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, प्रवुद्ध व्यक्तिहरु, व्यवसायी र सञ्चारकर्मीहरु, अगुवा नागरिक लगायतसँग अन्तरक्रिया आयोजना गर्ने र उहाँहरुबाट पार्टीका लागि रचनात्मक सुझाव ग्रहण गर्ने ।

ट) सदस्यता दिन बाँकी सबै नवप्रवेशीहरुलाई सदस्यता वितरण गर्ने र जिल्ला तहभन्दा माथिका साथीहरुको सूचि केन्द्रमा पठाउने । वामपन्थी पृष्ठभूमिका साथीहरुको सदस्यता निरन्तरता र संगठनात्मक व्यवस्थापन गर्ने ।

ठ) उक्त पालिकामा अभियान अन्तरगत सम्पन्न काम र राजनीतिक शक्ति सन्तुलनमा आधारित प्रतिवेदन तयार गर्ने । यसो गर्दा केन्द्रीय प्रतिनिधिले केन्द्रका लागि, प्रदेश प्रतिनिधिले प्रदेशका लागि र जिल्ला प्रतिनिधिले जिल्लाका लागि छुट्टाछुट्टै प्रतिवेदन तयार गर्ने ।

**६. अनुगमनमा खटिनु हुने नेताहरुका लागि कार्यादेश**

केन्द्रीय सचिव कमरेडहरुको नेतृत्वमा प्रत्येक प्रदेशमा अनुगमन टोली खटाइनेछ । अनुगमनमा खटिनुहुने टोलीका लागि देहाय बमोजिमको कार्यादेश निर्धारण गरिएको छ–

क) सम्बन्धित पालिकामा केन्द्रीय प्रतिनिधि खटिएको कुरा सुनिश्चित गर्ने ।

ख) विशेष कारणले केन्द्रीय प्रतिनिधि तोकिएको जिल्लामा खटिन नसकेको अवस्थामा उक्त स्थानका लागि सम्बन्धित प्रदेशको रोष्टरबाट केन्द्रीय प्रतिनिधिको वैकल्पिक व्यवस्था गर्ने ।

ग) आवश्यकता अनुसार प्रशिक्षकका रुपमा प्रशिक्षण कार्यक्रममा सहभागी हुने ।

घ) पालिकामा आयोजना हुने विभिन्न सङ्घसंस्थासँगको अन्तरक्रियामा संभव भएसम्म सहभागी हुने र पार्टीलाई सुझाव प्राप्त गर्ने ।

ङ) पार्टीमा र समाजका लागि योगदान गरेका व्यक्तिहरुको सम्मान कार्यक्रममा संभव भएसम्म सहभागी हुने ।

च) प्रदेशका तर्फबाट प्रदेशको एकीकृत प्रतिवेदन तयार गर्ने ।

**७. उपाध्यक्ष, महासचिव र उपमहासचिवहरुको जिम्मेवारी**

क) केन्द्रीय उपाध्यक्ष कमरेडहरु सम्बन्धित प्रदेशबाट अनुरोध भई आए अनुसार प्रशिक्षण र अभियानका अन्य क्रियाकलापमा सहभागी हुनुहुनेछ ।

ख) महासचिव र उपमहासचिव कमरेडहरुले अभियानको समग्र संयोजन गर्दै यसका लागि आवश्यक वैचारिक–राजनीतिक सामग्री व्यवस्थापन, अभियानको प्रचार संयोजन, आर्थिक र भौतिक व्यवस्थापन लगायतका कामहरु सम्पन्न गर्नु हुनेछ ।

### ८. व्यवस्थापनको जिम्मेवारी

क) केन्द्रीय कार्यालयले समग्र अभियानको संयोजन गर्नेछ।

ख) प्रदेश कमिटीले केन्द्र र प्रदेशबाट खटाइने प्रतिनिधिहरुलाई तोकिएको कार्यक्षेत्रसम्म पठाउने व्यवस्था गर्नेछ।

ग) जिल्ला कमिटीले जिल्लाबाट पालिकामा पठाइने जिल्ला प्रतिनिधिहरु निर्धारण गरी सम्बन्धित अभियानका खटिएका केन्द्रीय, प्रदेश र जिल्ला प्रतिनिधिहरुलाई संभव भएसम्म जनताकै घरमा खाने बस्ने व्यवस्था मिलाइनेछ।

### ९. विविध

क) प्रत्येक केन्द्रीय सदस्यहरुलाई उपरोक्त कार्यादेश सहितको डायरी उपलब्ध गराइनेछ। हरेक प्रतिनिधिले उक्त डायरीमा तोकिएको व्यहोरा अनुसार हरेक दिनको मुख्य क्रियाकलाप, स्थान, कैफियत र आफ्नो हाजिरी जनाउनु पर्नेछ। उक्त डायरी अभियानको समापनका क्रममा केन्द्रीय कार्यालयमा हस्तान्तरण गर्नु पर्नेछ।

ख) प्रतिकूल स्वास्थ्य लगायत काबु बाहिरको परिस्थितिका कारण अभियानमा पूर्ण या आंशिक रुपमा सहभागी हुन नसक्ने अवस्था उत्पन्न भएमा स्पष्ट कारण खुलाई केन्द्रीय प्रतिनिधि र सम्बन्धित पालिका पार्टी कमिटी अध्यक्षको सिफारिस सहित केन्द्रमा विदा माग्नु पर्नेछ।

### १०. अभियानको आरम्भ र समापन

क) अभियानको आरम्भ आगामी २०७९ फागुन ५ गते अध्यक्ष कमरेडको भर्चुअल संवोधनबाट हुनेछ। प्रत्येक प्रदेशमा आयोजना गरिने केन्द्रीय प्रतिनिधिहरुका लागि आयोजित अभिमुखीकरण कार्यक्रम उपाध्यक्ष कमरेडहरुको उपस्थितिमा सम्पन्न गरिनेछ।

ख) अभियानको समापन आगामी २०८० साल वैशाख ९ गते ९तदनुसार २२ अप्रिल २०२३० का दिन पार्टीको स्थापना दिवसमा विशेष समारोहसहित सम्पन्न गरिनेछ।

### ११. दैनिक डायरी

नाम:________________________ ठेगाना:________________________

| पालिका | मिति | क्रियाकलाप | कैफियत | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**जनसरोकारका विषयहरुको पहिचान**

(कम्तिमा ३ वटाका दरले विषयहरुको पहिचान गर्ने)

१. भौतिक पूर्वाधारका क्षेत्र (सडक, पुललगायत) मा रहेका प्राथमिकताका मुख्य सरोकारका बिषयहरु

- ____________________
- ____________________
- ____________________

२. शिक्षा, स्वास्थ्य र खानेपानीका क्षेत्रमा रहेका प्राथमिकताका मुख्य सरोकारका बिषयहरु

- ____________________
- ____________________
- ____________________

३. किसानहरुले भोगिरहेका मुख्य तीन समस्याहरु

- ____________________
- ____________________
- ____________________

४. सुशासन, सहज सेवाप्रवाह र राज्यका सुविधा प्राप्त गर्न मुख्य बाधाहरु

- ____________________
- ____________________
- ____________________

५. अन्तरक्रियामा अभिव्यक्त भएको मुख्य जनसरोकार मुख्य सरोकारका बिषयहरु

- ____________________
- ____________________
- ____________________

## परिशिष्ट–४, झुलाघाट– चिवाभञ्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा, २०८०

नेकपा (एमाले) केन्द्रीय कमिटीको पाँचौँ बैठक (वैशाख २०८०) ले आफ्नो वार्षिक कार्ययोजनामा आर्थिक–सामाजिक विकास र रुपान्तरणका पक्षमा मङ्सिर महिनामा मध्यपहाडी लोकमार्गकेन्द्रित अभियान चलाउने उद्घोष गरेबमोजिम आगामी मङ्सिर १४ देखि तीन हप्तासम्म पुष्पलाल मध्यपहाडी लोकमार्ग केन्द्रित विशेष अभियान सञ्चालन गरिने छ।

अभियानको सन्देश, ढाँचा, तालिका र व्यवस्थापन सम्बन्धी विषय देहाय बमोजिम रहने छ।

### १. अभियानको सान्दर्भिकता र सन्देश

क. हिमाल, पहाड र तराई गरी तीन तह मिलेर बनेको नेपालको भौगोलिक संरचनामा पहाडको विशेष महत्व रहेको छ। पहाडी क्षेत्रले नेपालको सर्वाधिक ठूलो भूभाग समेट्छ। यहाँ जनसङ्ख्याको उल्लेख्य बसोबास रहेको छ। पहाड जैविक विविधताका दृष्टिले समृद्ध छ र जलश्रोतको विकासको सर्वाधिक संभावना बोकेको छ। पहाड फलफूल, तरकारी र जडिबुटीजन्य कृषिको भण्डार नै हो। सामाजिक–सांस्कृतिक विविधता र जातीय सद्भाव यस भूभागको विशेषता हो। राजनीतिक परिवर्तन र सामाजिक जागरणका क्षेत्रमा यस भेगले ऐतिहासिक भूमिका खेल्दै आएको छ। यद्यपि, जटिल भौगोलिक संरचना, छरिएका बस्तीहरु, प्राकृतिक विपत्तिको उच्च जोखिम, वन्य जन्तुहरुका कारण कृषि उत्पादनमा ह्रास तथा जलवायु सङ्कट पहाडको विकासका मुख्य चुनौती रहँदै आएका छन्।

यिनै चुनौती र संभावनाहरुलाई ध्यानमा राखेर हाम्रो पार्टीले पहाडी क्षेत्रको विकासका लागि रणनीतिक महत्वका पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य र खानेपानी संरचना एवं विद्युतीकरण लगायत महत्वपूर्ण योजना अगाडि बढाउँदै आएको छ। पुष्पलाल मध्यपहाडी लोकमार्ग र यसमा निर्माणाधीन दसवटा सहरहरु यसका दृष्टान्तहरु हुन्। आज पहाड पूर्वाधार, विद्युतीकरण, खानेपानी र स्वास्थ्य तथा शिक्षामा पहुँचका दृष्टिले उल्लेख्य ढङ्गले रुपान्तरित हुँदै आएको छ।

तर पनि तीव्र बसाइँसराइँ आज पहाडको मुख्य समस्या बन्न थालेको छ। एकातिर विकासका योजनाहरु पहाड चढ्दै जाने, अर्कातिर पहाडबाट जनसङ्ख्याको ठूलो हिस्सा तराई, सहर हुँदै विदेशिँदै जाने चुनौती आजको हाम्रो अर्थ–राजनीतिको सर्वाधिक जटिल प्रश्न हो। समस्या कहाँ छन् ? किन पूर्वाधार र उत्पादनको विषय जोडिन सकेको छैन ? हाम्रो विकास र पूर्वाधार निर्माणको ढाँचामा नै पो कुनै समस्या छन् कि ? छन् भने समाधान कसरी गर्न सकिन्छ ? र पहाडलाई विकास र समृद्धिको नमूना कसरी बनाउन सकिन्छ ?

यस अभियान मार्फत् हामी जवाफ खोज्ने कोशिस गर्नेछौं।

ख. बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषता हाम्रो समाजको पहिचान हो। यो हाम्रो राष्ट्रिय सामथ्र्य पनि हो। विविधताभित्रको एकता नेपाल राष्ट्रको बलियो आधारशीला हो। अहिले विभिन्न नाममा यस एकतालाई खल्बलाउने, सामाजिक सद्भावलाई कमजोर पार्ने र जनताका बीचमा फाटो ल्याउने प्रयाश छिटफुट रुपमा हुन

थालेका छन् । यस्ता अतिवादी र सङ्कीर्ण सोचहरु गलत, हानीकारक र तसर्थ अस्वीकार्य छन् । यस अभियानले सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउन योगदान गर्नेछ ।

ग. लोकतन्त्र स्थापनापछिका हाम्रा योजनाबद्ध प्रयासका कारण मुलुकमा विभिन्न क्षेत्रमा महत्वपूर्ण प्रगति हासिल भएका छन् । पूर्वाधार निर्माण, सामाजिक न्याय र रुपान्तरणकारी योजनाका दृष्टिले नेपालले महत्वपूर्ण प्रगति गरेको छ । यस प्रगतिमा आफ्नो गाउँ आफै बनाउँ जस्ता विकासका नयाँ र जनमुखी अवधारणा, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र छोटो समयमै नेपाललाई मध्यम आय भएको मुलुकमा स्तरोन्नत गर्दै यस शताव्दीको अन्त्यसम्म समुन्नत नेपाल निर्माण गर्ने नेकपा (एमाले)का दीर्घकालीन सोचको निर्णायक भूमिका छ भन्ने कुरामा हामी गर्व गर्छौं ।

तर यतिबेला समाजमा निराशा फैलाउने, नकारात्मक मनोविज्ञान निर्माण गर्ने र नेपाल समृद्ध बन्दैन, बन्नै सक्दैन भन्ने सङ्कथन निर्माण गर्ने प्रयाश निकै व्यापक रुपमा भइरहेको छ । केही पात्रहरु यस निराशालाई लोकतान्त्रिक गणतन्त्रकै विरुद्धमा प्रयोग गर्ने प्रयाश गरिरहेका छन् भने केही चाहिँ यसलाई "पुराना पार्टीहरुको असफलता' भन्ने भाष्य निर्माण गर्दै आफूसँग सबै समस्याको समाधान रहेको भ्रम सिर्जना गर्न खोजिरहेका छन् । लोकतान्त्रिक गणतन्त्र, नेपालको संविधान र हाम्रा यावत् उपलव्धिलाई अवमूल्यन गर्दै समाजमा निर्माण गर्न खोजिएको नकारात्मक मनोविज्ञान र नैराश्यको अवस्थालाई अन्त्य गरेर मुलुक बन्छ, बन्दैछ भन्ने दह्रो आत्मविश्वास निर्माण गर्नु, प्राप्त उपलव्धिहरुको रक्षा एवं सम्बर्द्धन गर्नु तथा समाजमा आशावाद र सकारात्मक मनोविज्ञान निर्माण गर्नु अभियानको उद्देश्य हुनेछ ।

घ. यो वर्ष नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७५औं वर्ष हो । ७५ वर्ष अगाडि पुष्पलाल लगायत अग्रजहरुले निर्माण गर्नुभएको यस पार्टीको हीरक वर्ष जस्तो महत्वपूर्ण 'माइलस्टोन' उहाँकै नाममा निर्माणाधीन लोकमार्गमा केन्द्रित गरेर अगाडि बढाउनु आफैमा महत्वपूर्ण छ । यस क्रममा नेपाल कम्युनिष्ट पार्टीले गएको ७५ वर्षमा गरेको बलिदानी सङ्घर्ष, खेलेको गौरवशाली भूमिका र यसका नीतिहरुका बारेमा जनस्तरमा स्पष्ट पार्ने तथा राष्ट्रका सामु उत्पन्न बहुआयामिक चुनौतीलाई सामना गर्न बलियो राष्ट्रिय शक्तिको निर्माण गर्न सहयोग पुऱ्याउनु अभियानको उद्देश्य हुनेछ।

ङ. हाम्रो पार्टी जनआधारित पार्टी हो । जनता नै हाम्रा मार्गदर्शक हुन् । जनसमर्थन नै हाम्रो सामथ्र्य हो । जनसेवा नै हाम्रो धर्म, हाम्रो सङ्कल्प र उद्देश्य हो । अभियानमा हुने जनसंवाद मार्फत् हामी जनताका अनुभूति सुन्नेछौं, सुझावहरु ग्रहण गर्नेछौं र जनताकै साथमा अगाडिका योजनाहरु बारेमा परामर्श गर्नेछौं। यो अभियान जनतालाई सुन्ने र जनताबाट सिक्ने महत्वपूर्ण अभियान पनि हुनेछ।

च. 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय' को मर्म एवं भावना अनुरुप यात्रा सञ्चालन हुनेछ ।

## २. अभियानको नाम

अभियानको नाम 'झुलाघाट–चिवाभञ्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा' रहनेछ ।

## ३. अभियानको समयावधि र तालिका

यो सङ्कल्प यात्रा २०८० मङ्सिर १४ गते विहान ८.३० बजे अध्यक्ष केपी शर्मा ओलीबाट झुलाघाटमा राष्ट्रिय झण्डाको झण्डोत्तोलनसँगै आरम्भ हुनेछ। चिवाभञ्ज्याङमा झण्डोत्तोलन र अभियानको सन्दर्भ झल्काउने निश्चित स्मृतिचिह्न स्थापनासँगै अभियानको समापन हुनेछ।

यसको विस्तृत विवरण देहाय बमोजिम रहेको छ।

| मिति | प्रस्थान बिन्दु | खाना खाने स्थान | मुख्य कार्यक्रम | ओर्लिने, भेटघाट गर्ने स्थान | दूरी (मोटामोटी) | बासस्थान |
|---|---|---|---|---|---|---|
| मङ्सिर १४ (पहिलो दिन) | झुलाघाट | गोठालापानी | झुलाघाटमा कार्यक्रम शुभारम्भ र झण्डोत्तोलन, दशरथ चन्दको शालिकमा माल्यार्पण र सभा | त्रिपुरासुन्दरी, सतबाँझ, पाटन, खोड्पे, अनारखोली | १३०– किमी | अमरगढी |
| मङ्सिर १५ (दोस्रो दिन) | अमरगढी | अमरगढी | अमरगढी अवलोकन, सिलगढीमा सभा) | | ७० किमी | दिपायल, सिलगढी |
| मङ्सिर १६ (तेस्रो दिन) | सिलगढी– | साँफेबगर | मङ्गलसेनमा सभा | चौखुट्टे, बयलपाटा (अस्पताल) | १०५ किमी | मङ्गलसेन |
| मङ्सिर १७ (चौथो दिन) | मङ्गलसेन | राकम | दैलेखमा सभा | पेट्रोलियम उत्खनन र नाभीस्थान/ शीरस्थानको अवलोकन | १५४ किमी | दैलेख |
| मङ्सिर १८ (पाँचौं दिन) | दैलेख | सुर्खेत | भेरी–बबइ डाइभर्सन छलफल | पेट्रोलियम उत्खनन र नाभीस्थान/ शीरस्थानको अवलोकन (मङ्सिर १७ मा नभ्याइएमा) | ७१ किमी | सुर्खेत |
| मङ्सिर १९ (छैटौं दिन) | सुर्खेत | सिम्ता | चौरजहारी, पुनर्निर्माणसम्बन्धी सर्वदलीय/सर्वपक्षीय छलफल र स्वयंसेवकहरुसँग भेटघाट | सल्लीबजार, छेडेगाड, मुसिकोट | १९२ किमी | रुकुमकोट |
| मङ्सिर २० (सातौं दिन) | रुकुमकोट | बुर्तिबाङ | रुकुमकोटमा खाम मगर संस्कृति, बसाइँसराइँ, द्वन्द्वका प्रभाव र ढोरपाटन आरक्ष सम्बन्धी छलफल, गल्कोटमा सभा | लुकुम, खर्बाङ | १३० किमी | गल्कोट |
| मङ्सिर २१ (आठौँ दिन) | गल्कोट | बाग्लुङ | बाग्लुङमा कोरला नाकासम्बन्धी छलफल, कुश्मामा सभा | | ७० किमी | कुश्मा |
| मङ्सिर २२ (नवौं दिन) | कुश्मा | पोखरा | पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल र पर्यटनसम्बन्धी छलफल, सुन्दरबजारमा सभा | नयाँ पुल, काँडे, भोर्लेटार | १२० किमी | सुन्दरबजार |

| मिति | प्रस्थान बिन्दु | खाना खाने स्थान | मुख्य कार्यक्रम | ओर्लिने, भेटघाट गर्ने स्थान | दूरी (मोटामोटी) | बासस्थान |
|---|---|---|---|---|---|---|
| मङ्सिर २३ (दसौं दिन) | सुन्दरबजार | गोरखाबजार | पृथ्वीनारायण शाह र बिसे नगर्चीको शालिक अवलोकन | पालुङटार, आरुघाट, सल्यानटार | १३२ किमी (थोरै कम हुने) | धादिङबेसी |
| मङ्सिर २४ (एघारौं दिन) | धादिङबेसी | बट्टार | धादिङबेसीमा बुढीगण्डकी परियोजनासम्बन्धी छलफल, बिदुरमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस | भ्याङभुरुङ र सामरी भञ्ज्याङ | ५० किमी | बिदुर |
| मङ्सिर २५ (१२औं दिन) | बट्टार | पाटीभञ्ज्याङ– चिसापानी | चिसापानी या बाहुनेपाटीमा मेलम्ची पुनर्निर्माणको बारेमा जानकारी, काभ्रेमा कार्यक्रम | छहरे, पाटीभञ्ज्याङ, बाहुनेपाटी (मेलम्ची समेत सहभागी) | ८२ किमी (जिरो किलो सम्म) | धुलिखेल |
| मङ्सिर २६ (तेह्रौं दिन) | धुलिखेल | खुर्कोट | खुर्कोटमा भेला, जुनार खेती र जानकारी, सुनकोशी– मरिन डाइभर्सनबारे जानकारी (घुर्मी) हर्कपुरमा सभा | नेपालथोक, फिक्कल | १४१ किमी | घुर्मी, हर्कपुर |
| मङ्सिर २७ (चौधौँ दिन) | हर्कपुर | हलेसी | दिक्तेलमा पहाडको बसाइसराइ सम्बन्धी छलफल | हलेसी अवलोकन | ६६ किमी | दिक्तेल |
| मङ्सिर २८ (पन्ध्रौँ दिन) | दिक्तेल | भोजपुर | भोजपुरमा सभा र परम्परागत पेशा खुकुरी, करुवाको संरक्षण सम्बन्धी छलफल | चखेवा, अन्नपूर्णा | ८४ किमी | भोजपुर |
| मङ्सिर २९ (सोह्रौं दिन) | भोजपुर | पाख्रिबास | पाख्रिबासमा कृषि वैज्ञानिक, विद्यार्थी र किसानहरुसँग छलफल, वसन्तपुरमा जनसभा | लेगुवा | ९४ किमी | वसन्तपुर |
| मङ्सिर ३० (सत्रौं दिन) | वसन्तपुर | म्याङलुङ | ढाका उद्योगमा सङ्लग्न महिला उद्यमीहरुसँग छलफल, आठराईमा किसानहरुसँग छलफल | | ९४ किमी | आठराई |
| पुस १ (१८औं दिन) | आठराई | फिदिम | फिदिममा सभा | | ७६ किमी | फिदिम |
| पुस २ (१९सौं दिन) | फिदिम | च्याङ्थापुमा खाना र भेटघाट | चिवाभञ्ज्याङमा झण्डोत्तोलन र यात्रा समाप्ति | | १०१ किमी | फिदिम |
| पुस ५ | | | काठमाडौंमा पत्रकार सम्मेलन गरी औपचारिक रुपमा समापन | | | |

## ४. केन्द्रीय टोली

सङ्कल्प यात्रामा अध्यक्ष कमरेडको नेतृत्वमा देहायको केन्द्रीय टोली रहनेछ–

- अध्यक्ष
- उपाध्यक्ष, महासचिव सहित पदाधिकारीहरु
- केन्द्रीय निकायका अध्यक्ष/प्रमुखहरु
- भूगोल कार्यक्षेत्र नभएका स्थायी कमिटीका सदस्यहरु
- तोकिएका व्यक्तिहरु

## ५. प्रादेशिक टोली

भूगोल कार्यक्षेत्र भएका स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रीय सदस्यहरु आफ्नो प्रदेशभित्रको अभियानमा स्वव्यवस्थापन सहित सहभागी हुनुहुनेछ। भूगोल कार्यक्षेत्र नभएका पोलिटब्युरो र केन्द्रीय सदस्यहरु, निर्वाचित जनप्रतिनिधिहरु, प्रदेश र जिल्ला कमिटी सदस्यहरु, संविधानसभा सदस्यहरु र जनसङ्गठनका अगुवा लगायत सबै आ–आफ्नो कार्यक्षेत्र या ठेगाना भएको प्रदेशमा अभियानमा जोडिनु पर्नेछ।

## ६. मध्यपहाडी लोकमार्गले नछोएका मधेस प्रदेश र अन्य जिल्लाहरुको भूमिका

मधेस प्रदेशका अगुवा कमरेडहरु संभव भएसम्म बढी जनसहभागितासहित कोशी र वागमती प्रदेशका रुटमा सहभागी हुनु पर्नेछ। अन्य प्रदेशका पुष्पलाल मध्यपहाडी लोकमार्गले नछोएका सबै जिल्लाहरुले आफूलाई पायक पर्ने स्थान तथा रुटमा अभियानमा सहभागी हुनु पर्नेछ।

## ७. सवारी साधन

नेताहरुको सवारी साधनका अतिरिक्त देहायका सवारी साधनहरु केन्द्रीय टोलीमा रहनेछन्–

- एम्बुलेन्स सहितको मेडिकल टिम
- टायर पञ्चर लगायत सवारी साधनहरुमा आउने मेकानिकल समस्या समाधान गर्ने प्राविधिक टिम
- प्रचारको टिम
- न्यूनतम २० जना दक्ष स्वयंसेवकहरुका का लागि ४ वटा गाडीहरु

## ८. निजी सुरक्षा

अध्यक्ष कमरेड बाहेक अन्य नेताहरुले पिएसओ नलिने व्यवस्था गरिएको छ।

## ९. स्वव्यवस्थापन

केन्द्रीय टोलीमा सङ्लग्न नेताहरुले आफ्ना निम्ति गाडी, चालक, इन्धन लगायतको प्रबन्ध स्वयं आफैले गर्नु पर्नेछ। यसबाहेक अभियानमा सहभागी हुने कमरेडहरुले देहायका सामग्रीको स्वव्यवस्था गर्नु पर्नेछ–

- आफूले नियमित सेवन गर्ने औषधि
- न्याना कपडाहरु
- स्लिपिङ ब्याग
- ड्राइ फुड

- मोबाइल चार्जर लगायत लजिस्टिक
- इन्धन र अन्य भैपरी आउने कामका लागि केही रकम

## १०. कार्यक्रमको व्यवस्थापन र ध्यान दिनु पर्ने विषय

कार्यक्रमलाई छरितो बनाउन, समयको बचत गर्न र बढीभन्दा बढी जनतासँग प्रत्यक्ष कुराकानी गर्ने अनुकूल वातावरण निर्माण गर्न सहभागी कमरेडहरुले देहायका विषयको पालना गर्नुपर्नेछ ः–

- जनसभामा बाहेक ओर्लिएर छोटो भेटघाट, कुराकानी या गुनासो सुनुवाइ गर्ने ठाउँमा अध्यक्ष, सुरक्षाकर्मी र निश्चित स्वयंसेवक बाहेक अरु गाडीबाट नओर्लिने।
- नेतृत्वले जनतासँग गर्ने संवादमा अवरोध नपुर्‍याउने।
- औपचारिक कार्यक्रममा पनि तोकिएका नेताबाहेक अरुले मञ्चमा भीडभाड नगर्ने।
- खानपीन, बोलिचाली र आचरणमा मर्यादा कायम गर्ने।
- स्थानीय भाषा, संस्कृति, परम्परा र चालचलनको सम्मान गर्ने।
- जनताको दुःखसुखमा सहभागी हुने। स्थानीय कमिटीले गरेको व्यवस्थापन अनुरुप चल्ने।,
- समग्र यात्राको टिपोट राख्ने।
- फोटो लगायत सन्दर्भमा उछिनापाछिन नगर्ने। प्रोटोकलको पालना गर्ने।

## ११. अभियानका मुख्य क्रियाकलापहरुः

अभियानका क्रममा स्थान हेरी देहाय बमोजिमका गतिविधिहरु सञ्चालन हुनेछन् –

- जनसभा,
- जनभेला तथा भेटघाटहरु,
- किसानहरुसँग अन्तरक्रिया,
- कलेज तथा विद्यालयका विद्यार्थीहरुसँग छलफल,
- कृषि वैज्ञानिकहरुसँग संवाद,
- विकास कार्यहरुको अवलोकन,
- नमूना काम गरिरहेका उद्यमीहरुसँग भेटघाट,
- उत्कृष्ट विद्यार्थी, कलाकार र समाजसेवीहरुको सम्मान,
- ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थलहरुको अवलोकन,
- शहीद परिवार, लोकतन्त्रका योद्धा तथा कम्युनिष्ट योद्धाहरुको अभिनन्दन,
- जनताका अनुभूति, गुनासा र सुझावहरुको सङ्कलन आदि।

## १२. बासस्थान र खानपिनको व्यवस्था

यस यात्रामा सङ्लग्न सहभागीहरुलाई संभव भएसम्म जनताको घरघरमा आवासको व्यवस्थापन गरिनेछ। खानपिनको व्यवस्था पनि संभव भएसम्म स्थानीय कमिटीले नै गर्नेछ।

## परिशिष्ट–५, पार्टी सम्बद्ध जनसङ्गठनका सङ्गठनात्मक कामको रिपोर्ट

पार्टी नीतिअनुरूप जनसंगठनहरूको कामलाई व्यवस्थित गर्नका लागि जनसंगठन समन्वय संयन्त्रको व्यवस्था गरिएको छ। जनसंगठन समन्वय संयन्त्रको पहिलो बैठक २०७८ पुस ७ गते सम्पन्न भएको थियो। तत्कालिन समयमा जनसंगठनहरूको अवस्था सांगठानिक, वैचारिक, राजनीतिक र व्यवस्थापकीय रूपमा असाध्यै अस्तव्यस्त रहेको थियो। अधिकांश संगठनका राष्ट्रिय महाधिवेशनहरूको अवधि गुज्रिएको अवस्था थियो। धेरै संगठनहरूको त राष्ट्रिय महाधिवेशन नभएको एक दशकभन्दा बढी भइसकेको थियो। कमिटीमा पदाधिकारी र केन्द्रीय सदस्यको संख्यासमेत कति हो भन्ने विषय नेतृत्व आफैले पनि एकिन रूपमा भन्न सक्ने अवस्था थिएन। केन्द्रभन्दा तल प्रदेश र जिल्ला तहमा त एकाधबाहेक अरु जनसंगठनहरूको अवस्था दयनीय नै थियो। एउटै व्यक्ति एकभन्दा बढी जनसंगठनको जिम्मेवारीमा रहनेको संख्या निकै ठूलो थियो। तसर्थ, उक्त बैठकले जनसंगठन सञ्चालन र व्यवस्थापनमा एकरूपता कायम गर्न, संगठनात्मक प्रणाली, कमिटीको संख्या र संरचनालाई व्यवस्थित गर्नका लागि जनसंगठन समन्वय निर्देशिकाको आवश्यकता महसुस गरी मस्यौदा तयार पार्नका निम्ति कार्यदल गठन गरेको थियो।

उक्त कार्यदलले जनसंगठनहरूमा कमिटीको संख्या, पदाधिकारीहरूको संख्या, कार्यक्रमको स्वरूप, अतिथि व्यवस्थापन, पार्टी र जनसंगठन बीचको सम्बन्ध र पार्टी हैसियत, आर्थिक व्यवस्थापन र पारदर्शिता, दोहोरो जिम्मेवारीलाई निरुत्साहित गर्ने लगायतका विषयमा आधारित मस्यौदा तयार पारेको थियो। उक्त मस्यौदालाई २०७८ माघ १९ गतेको पार्टी केन्द्रीय सचिवालयको बैठकले आवश्यक संशोधनसहित जनसंगठन समन्वय निर्देशिका जारी गरेको छ। यो निर्देशिका जारी भएपश्चात् जनसंगठनहरूको कामलाई अगाडि बढाउन निकै सहजता भएको छ।

पार्टी केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकले जनसंगठनहरूका राष्ट्रिय महाधिवेशन सम्पन्न गर्ने कामलाई प्राथमिकतामा राखेको हुनाले जनसंगठन समन्वय संयन्त्रले आफ्नो बैठकबाट महाधिवेशनहरूलाई नै केन्द्रमा राखेर योजना बनाई काम गरेको थियो। कोभिडको तेस्रो लहर, स्थानीय, प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनका बाबजुद २०७९ वैशाखमा स्थानीय तहको निर्वाचनअगावै १४ वटा र २०७९ मङ्सिरमा सम्पन्न प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनपछि चैत मसान्तसम्ममा पुग्दा २३ मध्ये ९ वटा संगठनहरूको राष्ट्रिय महाधिवेशन सम्पन्न भएका थिए।

राष्ट्रिय खेलकूद महासंघको राष्ट्रिय महाधिवेशन आयोजक कमिटी निर्माण गरी प्रदेश र जिल्ला तहको संगठन निर्माणको प्रक्रियामा थियो भने चन्द्रबहादुर रोकायाको नेतृत्वमा गठन भएको रिटर्नी फेडेरेशन नेपाल भर्खरै निर्माण भएको हुनाले संगठन निर्माणको प्रारम्भिक चरणमा नै थियो। पेशागत महासंघ र आदिवासी जनजाति महासंघले तोकेको समयमा सम्मेलन सम्पन्न गर्नसकेका थिएनन्। जनजाति महासंघ प्रदेश र जिल्लास्तरीय कमिटी निर्माणको काममा लागिरहेको थियो।

सम्पन्न निर्वाचनहरूमा जनसंगठनहरूको भूमिका र परिचालन अपेक्षितरूपमा हुन नसकेको, राष्ट्रिय महाधिवेशन सम्पन्न भएका संगठनहरूको पनि जिल्ला र प्रदेश तहको संगठन परिचालन हुन नसकेको, संगठनहरूलाई आफ्नो समुदायका माग मुद्दामा केन्द्रित गर्न, नयाँ मान्छे र नयाँ पुस्तामा संगठन पुऱ्याउन नसकिएको र जनसंगठन समन्वय निर्देशिकाका प्रावधानहरूलाई एकैरूपमा कार्यान्वयन गर्न नसकिएको अवस्थालाई मध्यनजर गरेर यी विषयहरूमा बृहद् र गहन छलफल आवश्यक देखिएकोले २०७९ पुस २४ र २५ गते काभ्रे जिल्लाको धुलखेलमा सबै जनसंगठनहरूको सहभागितामा 'जनसंगठन सुदृढीकरण कार्यशाला'को आयोजना गरिएको थियो।

श्रद्धेय अध्यक्ष कमरेड केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यशालामा २३ वटै संगठनको तर्फबाट रिपोर्टिङ गरिएको थियो। जनसंगठन समन्वयका संयोजकका तर्फबाट प्रस्तुत कार्यपत्रमाथि आधारित भएर पाँचवटा समूहमा भएका गहन छलफलपश्चात् टोली नेताहरूले समूहको तर्फबाट सुझावहरू प्रस्तुत गरिएको थियो। कार्यशालामा व्यक्त विचार, धारणा, समूहका निष्कर्ष र नेताहरूका सुझाव र निर्देशनका आधारमा जनसंगठनहरूको सुदृढीकरणका लागि कार्यशालापश्चात्

२०७९ माघ ६ गते बसेको संयन्त्रको बैठकको छलफलपछि निम्न सुझावहरूलाई प्रस्तावको रूपमा तयार गरिएको थियो। यसको आधारमा नेकपा (एमाले) सम्बद्ध जनसंगठनहरूलाई एकरूपताका साथ परिचालित हुने व्यवस्था कायम गर्न पार्टीको तर्फबाट यी प्रस्तावहरूलाई मातहतसम्म लागू गर्ने व्यवस्था मिलाउन आवश्यक निर्णय एवं निर्देशनका लागि गरिएको अनुरोध अनुसार पार्टीको छैटौ अपानीमार्फत् निर्णयार्थ १५ बुँदे प्रस्तावहरू जारी गरिएको थियो। यसले जनसंगठनहरूको क्षेत्रको कामलाई थप सहज बनाएको छ। जनसंगठनहरूलाई प्रभावकारी, व्यवस्थित र समुदायमा आधारित बनाउन प्रेरित गर्ने सन्दर्भमा कार्यशाला कोशेढुंगा सावित भएको छ। त्यसका निष्कर्षहरूलाई आगामी दिनमा प्रभावकारी ढंगले लागु गरिनु पर्दछ।

पार्टीको १०औं महाधिवेशनदेखि हालसम्म जनसंगठन समन्वय संयन्त्र र जनसंगठनहरूको कामलाई यसरी उल्लेख गरिएको छ :

**१. महाधिवेशन/अधिवेशन/सम्मेलन**

**राष्ट्रिय महाधिवेशनः**

पार्टीको दशौं महाधिवेशनदेखि हालसम्म २ बर्ष पाँच महिनाको अवधिमा नेकपा (एमाले) सम्बद्ध २३ वटै संगठनहरूका राष्ट्रिय महाधिवेशन/सम्मेलनहरू सम्पन्न भएका छन्। २०७८ फागुन १४ गते प्रगतिशील तथा पेशागत कानुन व्यवसायी संगठनको काठमाडौंबाट सुरु भएको महाधिवेशन २०७९ साल चैत ३० देखि २०८० वैशाख २ गतेसम्म झापामा सम्पन्न भएको अखिल नेपाल किसान महासंघको सातौं राष्ट्रिय महासम्मेलनसँगै समाप्त भएको छ। २३ वटै संगठनहरूको महाधिवेशन पार्टीका श्रद्धेय अध्यक्ष कमरेड केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।

हाल जनसंगठनमा केन्द्रीय तहमा २३ अध्यक्ष, १०३ उपाध्यक्ष, २३ महासचिव, ४० उपमहासचिव १५७ सचिव र २३ कोषाध्यक्ष गरी जम्मा ३६९ पदाधिकारीसहित ४,१८४ केन्द्रीय सदस्य रहेका छन् भने २३ वटै जनसंगठनमा अनुशासन, लेखा र निर्वाचन आयोग र आयोगमा अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरू रहेका छन्। यो सबै संख्या जोड्दा जनसंगठनका केन्द्रीय तहमा करिब ५ हजार नेताहरू संगठित रहेको अवस्था छ।

**प्रदेशका अधिवेशनः**

जनसंगठन समन्वय संयन्त्रको कार्यक्षेत्र केन्द्रीय तहका जनसंगठनहरूको समन्वय र परिचालन नै हो। संगठनहरूका राष्ट्रिय महाधिवेशन सम्पन्न भए पनि प्रदेश र जिल्ला तहका कमिटीहरू चलायमान हुनसकेका थिएनन्। केन्द्रीय कमिटीहरू आफै व्यवस्थित नभई प्रदेश र जिल्ला तहमा संगठन चल्नसक्ने अवस्था थिएन। तसर्थः प्रदेश, जिल्ला र स्थानीय तहका अधिवेशनहरू सम्पन्न नगरी राष्ट्रिय अधिवेशन गर्नुपर्ने बाध्यता थियो। संगठनहरूले स्वतःस्फूर्त यो काम गर्नसक्ने अवस्था नदेखिएको हुनाले पार्टीको केन्द्रीय कमिटीको पाँचौ बैठकले केन्द्रीय कमिटीकै तर्फबाट प्रदेशका जनसंगठन, केन्द्रीय जनसंगठन समन्वय संयन्त्र र पार्टीको प्रदेश कमिटीबीच सहजीकरण गर्दै प्रदेश अधिवेशनको सहजीकरणको काम गर्नका लागि प्रदेश जनसंगठन समन्वय संयोजक तोकेपछि जनसंगठनका प्रदेश तहका अधिवेशनहरू सम्पन्न गर्न सहज भएको छ। २३ वटै जनसंगठनको १६१ मध्ये १५२ वटा प्रदेश अधिवेशनहरू सम्पन्न भएका छन्।

सम्पन्न गर्न बाँकी रहेका ८ वटा प्रदेश अधिवेशनहरू निम्नानुसार रहेका छन्।

१. युवा संघ : गण्डकी प्रदेश
२. नेपाल उद्योगी तथा व्यवसायी महासंघ : कोशी, लुम्बिनी र सुदुरपश्चिम
३. भूमि अधिकार तथा श्रमिक संगठन : बागमती
४. राष्ट्रिय अपाङ्गता संगठन : गण्डकी र सुदुरपश्चिम
५. पीन : सुदुरपश्चिम
६. पिछडावर्ग : बागमती

**जिल्ला अधिवेशनहरूः**

आधारभूत तहका कमिटीहरूको गठन र सदस्यता वितरण गर्ने कार्यलाई प्राथमिकतामा राख्न जरुरी देखिएको छ। सबै जनसंगठनमा संगठित सदस्यहरू र कमिटीमा संगठितहरूको व्यवस्थित अभिलेख राख्ने काम गर्नुपर्दछ। यसले संगठनमा नयाँपन र रक्त सञ्चार गर्नेछ। सबै जनसंगठनहरूका जिल्ला तहका सम्मेलनहरू उल्लेख्यरूपमा सम्पन्न भइरहेका छन्। जिल्ला तहका अधिवेशनहरू संगठनहरूमा नयाँ सदस्यहरू जोडिने र नेतृत्व विकास प्रक्रियाको महत्वपूर्ण माध्यम पनि हो। जनसंगठनहरूले धैरै अधिवेशनहरू पार्टीको १०औं

महाधिवेशन पछाडि सम्पन्न गरेको भए तापनि २०७८ मा भएका अधिवेशनहरूको संख्या ठूलो रहेको छ। जिल्ला अधिवेशनको समयावधि दुई बर्षभन्दा बढी भइसकेको कारण पनि जनसंगठनहरूका जिल्ला र पालिका तहका कामहरू उत्साहपूर्ण देखिएको छैन।

- सबै संगठनका जिल्ला तहमा सम्पन्न गर्नुपर्ने जिल्ला अधिवेशन वा सम्मेलनहरूको जम्मा संख्या १५९७ रहेको छ।
- पार्टीको १०औं राष्ट्रिय महाधिवेशनपश्चाात् अहिलेसम्म १३०० जिल्ला अधिवेशनहरू सम्पन्न भएका छन् भने २९९ वटा जिल्ला तहका अधिवेशनहरू सम्पन्न हुन बाँकी रहेको छ।
- यसमा संगठनहरूका भुगोलका कमिटीहरूको विवरणमात्र समावेश गरिएको छ, विशेष जिल्ला कमिटीहरूको संख्या उल्लेख छैन।
- हालसम्म जिफण्टको जिल्ला कमिटी निर्माणको अभ्यास छैन। पछिल्लो समयमा जिफण्ट जिल्लामा समन्वय कमिटी निर्माण गर्ने निर्णय गरेको छ।
- मुश्लिम इत्तेहादको ४३ जिल्ला, पिछडावर्ग महासंघको २२ वटा जिल्लामा मात्र संगठन बन्नसक्ने अवस्था रहेको छ। अन्य कतिपय संगठनहरूको पनि केही जिल्लामा संगठन निर्माण हुनसक्ने अवस्था छैन।
- अधिवेशन भएको संख्या ठूलो देखिए तापनि धैरै अधिवेशनहरू २०७८ मा सम्पन भएका छन्। तसर्थ २०८१ साललाई जनसंगठनहरूको घनिभूत जिल्ला अधिवेशनको वर्ष बनाइनुपर्दछ।

**पालिका/वडा तहमा जनसंगठनको अवस्था :**

हाम्रा २३ वटा जनसंगठनहरूमा प्रोग्रेसिभ इन्जिनियरिङ्ग एशोसियशन र प्रगतिशील तथा पेशागत कानुन व्यवसायी संगठनबाहेक अन्य सबै संगठनहरूको विधानमा संगठनलाई पालिका तहसम्म विस्तार गर्ने व्यवस्था रहेको छ। धैरे संगठनहरूले वडा तहमा र केहिले टोल तहसम्म पनि संगठन विस्तारको वैधानिक व्यवस्था गरेका छन्। तर पालिका, वडा र टोल तहमा जनसंगठनहरूको काम प्रभावकारी देखिएको छैन। युवा संघ, अनेरास्ववियु, अखिल नेपाल महिला संघ, खेलकुद महासंघलगायतका संगठनहरूले १० हजार कमिटी बनाउने, :ष्ककष्यल ऋबिककचययm कार्यक्रम चलाउने, :ष्ककष्यल ल्भहत भ्बिअतष्यल : भ्हउयिचभ ल्भध न्भलभचबतष्यल, ६० हजार नयाँ सदस्यहरू बनाउनेजस्ता राम्रा योजनाहरू बनाएका छन्। तर कार्यान्वयनको अवस्था प्रभावकारी देखिएको छैन। पालिका र वडा तह नै संगठन र पार्टीमा नयाँ मान्छेहरूलाई ल्याउने र जनताको तहमा पार्टी संगठन पुऱ्याउने माध्यम हो। अझै पनि जनसंगठन र पार्टीमा उत्साहजनकरूपमा नयाँ मान्छे नदेखिनुको कारण पनि यही नै हो। पालिकाभन्दा माथिका गतिविधिहरू मूलतः नेता तह र पार्टी सदस्यहरूको परिचालनमात्रै जस्तो देखिन्छ। तसर्थ जनसंगठनहरूको पालिका र वडा तहको सम्मेलन र कामहरूलाई प्राथमिकतामा राख्नुपर्दछ।

**२. आन्दोलनमा जनसंगठन**

जनसंगठनहरू आफ्नो सामुदायिक, पेशागत र जनजीविकासँग सम्बन्धित माग मुद्दा, एजेण्डाहरूमा जनताको प्रतिनिधित्व गर्ने भूमिकामा भन्दा पनि पार्टीका निर्णयहरूका विषयमा मात्र बोल्ने र चर्चा गर्ने भूमिकामा सीमित हुँदै जाँदा आफ्नो समुदायबाट टाढिने र जनआधार कमजोर हुने अवस्था छ। यसले जनसंगठनहरूलाई मात्र होइन पार्टीलाई पनि जनआधारित बनाउन कठिनाई आउन सक्दछ। तसर्थ जनसंगठनहरूलाई जनजीविकाका सवाल, भ्रष्टाचार, अराजकता, बेथिति, कालोबजारी, मूल्यबृद्धि, अपराधपूर्ण क्रियापलापका विरुद्ध आन्दोलित गरिनुपर्दछ। यस अवधिमा जनसंगठनहरूको तर्फबाट केही अर्थपूर्ण प्रदर्शनहरू भएका छन्। युवा विद्यार्थीको प्रदर्शन, मजदुरहरूको प्रदर्शन, महिलाहरूको प्रदर्शन, किसानहरूको प्रदर्शन, सरकारले स्थानीय निर्वाचनको घोषणामा गरेको ढिलासुस्तीका विरुद्धमा संयुक्त प्रदर्शन यस अवधिका महत्वपूर्ण पक्ष रहे। तर पनि जनसंगठनहरूलाई राष्ट्रिय हित र जनसरोकारका विषयमा प्रभावकारी रूपमा परिचालन गर्न जोड दिनु पर्दछ।

**३. जनसंगठनका राष्ट्रिय कार्यक्रमहरूमा एक/अर्काको साथ सहयोग**

जनसंगठन समन्वय निर्देशिकामा भएको व्यवस्थानुसार विभिन्न जनसंगठनको स्थापना दिवस, अन्य राष्ट्रिय कार्यक्रमहरूमा सहभागी हुने र सघाउने अभ्यास विकसित हुँदैछ। अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस, मजदुर दिवस, आदिवासी जनजाति दिवस, विद्यार्थी दिवस, युवा दिवस, किसान दिवस, जातीय विभेदविरुद्धको दिवस आदिमा सम्बन्धित संगठनले आयोजना गर्ने कार्यक्रममा सबै सहभागी हुने सघाउने प्रचलन बढ्दो छ।

### ४. वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयनमा जनसंगठन

जनसंगठन समन्वय संयन्त्रको धुलिखेल कार्यशालापश्चात् सबै संगठनहरूले आफ्नो संगठनको कार्यशाला गरी वार्षिक कार्ययोजना निर्माण गर्ने निर्णयलाई सबैजसो संगठनहरूले कार्यान्वयन गरेका छन् । सबैको राष्ट्रिय महाधिवेशनहरू सम्पन्न भइसकेकाले संगठनहरूको वार्षिक कार्ययोजना कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छ ।

### ५. स्ववियु निर्वाचन/अनेरास्ववियुको विजय

त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वद्यिालयअन्तर्गतका क्याम्पसहरूमा लामो समयपश्चात् विद्यार्थीहरूको साझा मञ्च स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन सम्पन्न भएको छ। मुलुकभर ३४३ वटा क्याम्पसमा स्ववियु निर्वाचन भएकोमा १३३ वटामा अनेरास्ववियु सभापतिसहित विजयी भएको छ। यसले विद्यार्थी आन्दोलनको मूल प्रवाहको रूपमा अनेरास्ववियु नै रहँदै आएको विरासतलाई कायम गर्न सफल भएको छ ।

### ६. रचनात्मक कार्यक्रम र जनसंगठन

यो अवधिमा विभिन्न जनसंगठनहरूले महत्वपूर्ण रचनात्मक कार्यक्रमहरूको सफलतापूर्वक आयोजना गरेका छन् । विभिन्न सांस्कृतिक साँझहरू, साहित्यिक सम्मिलन, केपी ओली फुटबल कप, उपत्यकाव्यापी फुटसल प्रतियोगिता, गण्डकी खेलकुद महोत्सव, महिला मोटरसाइकल र्‍याली, शिल्पी जस्तो उत्कृष्ट नाटकघरमा संगठनको तर्फबाट नाटक 'राता अक्षर काला अक्षर' को सफल प्रदर्शन, मानवअधिकार रक्षकहरूको भेला, चित्रकला, हाइकिङ्ग, अन्तराष्ट्रिय सेमिनारलगायतका कार्यक्रमहरूको सफल आयोजना गरेका छन्। जनसंगठन समन्वय संयन्त्रको बैठकले सबै संगठनहरूले 'मदन भण्डारी रचनात्मक सप्ताह'को आयोजना गर्ने निर्णयअनुसार २३ वटै संगठनहरूले कुनै न कुनै कार्यक्रमको आयोजना गरी 'मदन भण्डारी रचनात्मक सप्ताह' मनाएका छन्। पार्टीले आयोजना गरेको धबपिबतजययल, संविधान दिवसजस्ता विशेष कार्यक्रमहरूमा जनसंगठनहरूको उत्साहपूर्ण सहभागिता रहेको थियो ।

### ७. जाजरकोट भूकम्पपश्चात उद्धार, राहत र पुर्नस्थापनामा जनसंगठन

२०८० कार्तिक १६ गते पश्चिम नेपालको जाजरकोट र पूर्वी रुकुममा गएको विनाशकारी भूकम्पपश्चात उद्धार, राहत र पुनःस्थापनामा जनसंगठनहरूले महत्वपूर्ण भूमिका खेलेका थिए। भूकम्पको लगत्तै अनेरास्ववियु, राष्ट्रिय स्वास्थ्यकर्मी महासंघले आफ्नो संगठनमा भएका स्वास्थ्यकर्मी साथीहरूलाई परिचालन गरी उद्धारकै चरणमा जाजरकोट पुगेर काम गरेका थिए। युवा संघ, अनेमसंघ, अनेरास्ववियुलगायतका संगठनहरूले राहत वितरणको काम गरेका थिए। पार्टी महासचिव कमरेडको उपस्थितिमा जनसंगठन समन्वय संयन्त्रको बैठक बसी राहत र पुनःस्थापनामा जनसंगठनहरूलाई प्रभावकारी रूपमा परिचालन गर्ने र पार्टीले बनाएको योजनामा जनसंगठनहरूको भूमिकालाई प्रभावकारी बनाउने गरी योजना निर्माण गरेको थियो। यही योजनाअनुसार पेशागत महासंघ र उद्योगी व्यवसायी महासंघले पुनःस्थापनाका लागि आवश्यक सामग्रीसहित स्वयम्सेवक परिचालनका लागि रु १०/१० लाख पार्टीको केन्द्रीय कोषमा सहयोग गरेका थिए। भूतपुर्व सैनिक तथा प्रहरी संगठनको नेतृत्व र टीम, जिफन्टको नेतृत्व र टीम, युवा, विद्यार्थी, किसान महासंघलगायतका संगठनहरूले भूकम्प पीडित जनताहरूको साथैमा बसेर पुनःस्थापनाको काममा प्रशंसनीय र उदाहरणीय काम गरेका थिए। यो कामले प्रभावित क्षेत्र र अन्यत्र पनि पार्टीका पक्षमा सकारात्मक सन्देश प्रवाह भएको थियो ।

### ८. झुलाघाट–चिवा भञ्ज्याङ : समृद्धिका लागि संकल्प यात्रामा जनसंगठन

पार्टीको केन्द्रीय कमिटीको तर्फबाट २०८० मङ्सिर १४ देखि पुस १ गतेसम्म आयोजित झुलाघाट–चिवा भञ्ज्याङ : समृद्धिका लागि संकल्प अभियानमा जनसंगठनहरूको क्रियाशीलता महत्वपूर्ण रहेको थियो। अभियानमा सुरक्षा, जनपरिचालन, स्वयम्सेवक परिचालन, कार्यक्रम व्यवस्थापन, स्वागतद्धारहरू निर्माण, जनसभाहरूमा सास्कृतिक कार्यक्रमका लागि कलाकारहरूको व्यवस्थापनलगायतका काममा जनसंगठनहरूको प्रमुख भूमिका रहेको थियो। भूतपुर्व सैनिक तथा प्रहरी संगठन, जिफन्ट, नेतृत्वसहित अभियान अवधिभर सुरक्षा र स्वयम्सेवकको जिम्मेवारी पूरा गरेको थियो। मुक्ति समाज, पेशागत महासंघ, किसान महासंघ, जनसाँस्कृतिक महासंघको नेतृत्व अभियान अवधिभर सहभागी भएको थियो। धैरै संगठनका केन्द्रीय तहका साथीहरू अभियानमा सुरुदेखि अन्तिमसम्म सहभागी भएका थिए। जनजाति महासंघले स्वागतद्धारहरू निर्माण गर्ने, विभिन्न सास्कृतिक झाँकीहरूलाई आकर्षक रूपमा प्रस्तुत गर्ने काममा जिम्मेवारपूर्ण काम गरेको

थियो। देशैभरी केन्द्रीय टोलीलाई स्वागतका लागि फुलमाला, खादा व्यवस्थापनको नेतृत्व सम्बधित ठाउँको अनेमसंघले गरेको थियो। अभियान अवधिभर एम्बुलेन्ससहित स्वास्थ्य टीमको व्यवस्थापनको नेतृत्व राष्ट्रिय स्वास्थ्यकर्मी महासंघले गरेको थियो। टोलीलाई यात्रा अवधिमा स्वागतका लागि युवा, विद्यार्थी, महिला, ज्येष्ठ नागरिकहरूको सहभागितामा सम्बन्धित संगठनहरूको सक्रियतापूर्ण भूमिका रहेको थियो। ठूला सभाहरूमा जनसाँस्कृतिक महासंघका कलाकारहरूले साँस्कृतिक कार्यक्रमहरू सञ्चालन गरेका थिए। कथित पहिचानवादीका नाममा अभियानलाई असफल बनाउनका लागि अनेक ठाउँबाट भएका प्रयत्नहरूलाई असफल बनाउने काममा लोकतान्त्रिक आदिवासी जनजाति महासंघ, युवा संघ, खेलकुद महासंघ, अनेरास्ववियु, भूपु सैनिक तथा प्रहरी संगठनहरूले महत्वपूर्ण योगदान गरेका छन्।

## ९. भेला, बैठक, प्रशिक्षण र कार्यशालाहरू

हालसम्म जनसंगठन समन्वय संयन्त्रको १७ वटा पूर्ण बैठकहरू सम्पन्न भएका छन्। महत्वपूर्ण सन्दर्भहरूमा पार्टीका श्रद्धेय अध्यक्ष कमरेड केपी शर्मा ओलीले प्रमुख अतिथिको रूपमा बैठकहरूलाई सम्बोधन गर्नुभएको छ। कमरेड महासचिवले जनसंगठनहरूलाई दिनुभएको प्राथमिकताले कामलाई धेरै सहज बनाएको छ। जनसंगठन सुदृढीकरण राष्ट्रिय कार्यशाला सम्पन्न भएपश्चात् सबै संगठनहरूले आ–आफ्नो संगठनको एकदिने कार्यशाला आयोजना गरी संगठनभित्रका समस्याहरूको पहिचान र समाधानका लागि विशेष योजनाहरू र आगामी कार्ययोजना निर्माण गर्ने काम गरेका थिए। केन्द्रीय पार्टी स्कुल विभाग र जनसंगठन समन्वय संयन्त्रको बैठक बसी सबै संगठनहरूमा प्रशिक्षण कार्यक्रमको आयोजना र जनसंगठनहरूको प्रशिक्षणको पाठ्यक्रम निर्माणका लागि आवश्यक छलफल गरेको थियो। २३ वटै संगठनहरूको राष्ट्रिय महाधिवेशन सम्पन्न भएपछि २०८० जेठ ९ गते सबै संगठनहरूको केन्द्रीय पदाधिकारीहरूको भेला आयोजना गरिएको थियो। जनसंगठन समन्वय संयन्त्रले प्रदेश तहका जनसंगठन समन्वय संयन्त्रको बैठकको सहजीकरण गरी प्रदेश र जिल्ला तहका अधिवेशनहरू सम्पन्न गर्ने योजना निर्माण गरिएको थियो। प्रदेश र जिल्ला तहमा पनि भेला, बैठक र प्रशिक्षणहरू सम्पन्न भएका छन्।

पार्टीको दशौं राष्ट्रिय महाधिवेशन पछाडी हामीले प्राप्त गरेको जिम्मेवारीको १५ महिनाका बीचमा सम्पन्न भएका यी सबै गतिविधि र घटनाहरूबाट महत्वपूर्ण शिक्षा र अनुभवहरू प्राप्त गरेका छौं। नेकपा (एमाले) र हाम्रा जनसंगठनहरूका लागि यो अवधिमा हामीले प्राप्त गरेका अनुभवहरूले असाध्यै महत्वपूर्ण रूपले दिशानिर्देश गर्नेछन्। केही महत्वपूर्ण विषयहरूलाई यहाँ उल्लेख गरिएको छ ः

**सकारात्मक पक्षहरू**

१. छोटो अवधिमा २३ वटै जनसंगठनहरूका राष्ट्रिय महाधिवेशन/अधिवेशन/सम्मेलनहरू सम्पन्न भएका छन्।
२. जनसंगठनका सबै केन्द्रीय महाधिवेशन/राष्ट्रिय सम्मेलनहरूमा पार्टी अध्यक्ष नै प्रमुख अतिथिको रूपमा उपस्थित भई उदघाटन गर्नुभएको छ। अध्यक्षको सम्बोधनले सम्मेलनहरूलाई दिशानिर्देश गर्न र सहभागीहरूमा नयाँ ऊर्जा थप्ने काम भएको छ।
३. भूमि अधिकार तथा श्रमिक संगठन, खेलकुद महासंघ, युवासंघ र किसान महासंघको उदघाटन सत्र जनपरिचालनसहित खुल्ला रूपमा सम्पन्न भएका छन्।
३. पार्टीले जनसंगठनहरूलाई व्यवस्थित गर्ने सम्बन्धमा जनसंगठन समन्वय संयन्त्र र सम्बन्धित क्षेत्रका परिभाषित जिम्मेवारीमा रहनुभएका कमरेडहरूले बनाएका योजना र सिफारिसमा नै आधारित रहेर निर्णय गर्ने गरेको छ।
४. जनसंगठनहरूको नेतृत्व निर्माणसम्बन्धी वा अन्य निर्णयहरू गर्दा जनसंगठन समन्वय संयन्त्रको समन्वय, पार्टीको मूल नेतृत्वको परामर्श, सम्बन्धित क्षेत्रका इन्चार्ज, सहइन्चार्ज र संगठनको अध्यक्षको सुझाव वा सिफारिसलाई नै आधार मानिएकाले निर्णय गर्न र कार्यान्वयन गर्न सहज हुने गरेको छ।
५. भूमिअधिकार तथा श्रमिक संगठन, पेशागत तथा प्रगतिशील कानुन व्यवसायी संगठन र भूतपूर्व सैनिक तथा प्रहरी संगठनबाहेक २० वटैको राष्ट्रिय सम्मेलन/अधिवेशन, महाधिवेशनहरूमा पार्टीको केन्द्रीय लेखा आयोगले जनसंगठनहरूको लेखापरीक्षण गरी लेखा आयोगले तोकेको प्रतिनिधि आफै राष्ट्रिय महाधिवेशनहरूमा उपस्थित भएर लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुभएको छ।

६. भूमि अधिकार तथा श्रमिक संगठन, भूतपूर्व सैनिक तथा प्रहरी संगठनबाहेक सबै राष्ट्रिय महाधिवेशनको नेतृत्व निर्वाचन प्रक्रिया पार्टीको केन्द्रीय निर्वाचन आयोगबाट पठाएको निर्वाचन कमिटीमार्फत् सम्पन्न गरिएका छन् ,

७. जनसंगठनहरूमा रहेको कमिटीहरूको भद्दा संख्या र संरचना, अस्तव्यस्त कमिटी प्रणालीबाट क्रमशः व्यवस्थित र सुढृढ हुने चरणमा छन् ।

८. २३ वटै महाधिवेशनमार्फत प्रतिनिधिकै रूपमा भए पनि नयाँ व्यक्तिहरू संगठन र पार्टीमा जोडिएका छन् ।

९. एकजना व्यक्ति एकभन्दा बढी जनसंगठनहरूमा बस्ने अवस्थाको लगभग अन्त्य भएको छ ।

१०. एकाधबाहेक सबै संगठनहरूका केन्द्रीय कमिटीहरूमा एक तिहाई महिला सहभागिताको सुनिश्चितता गरिएको छ। समावेशीतालाई ध्यान दिइएको छ। यद्यपि जनसंगठनहरूले मनोनित गर्ने संख्यामा यसलाई ध्यान दिएको देखिदैन ।

११. जनसंगठनहरूलाई आफ्नो समुदायका माग र मुद्दामा आधारित बनाउनका लागि आवश्यक नीति, निर्देशन र प्रशिक्षणलाई प्राथमिकतामा राखिएको छ। यसका लागि एक संगठन एक कार्यशाला गर्ने नीतिलाई कार्यान्वयनमा ल्याइएको छ।

१२. जनसंगठनहरूलाई पार्टीको निर्णय र योजनामा मात्रै काम गर्ने होइन संगठनको आफ्नै जीवनलाई, नियमित, गतिशील र योजनाकेन्द्रित कामको लयमा हिँडाउने कोशिस गरिएको छ।

१३. पार्टी सदस्यहरूको बीचमा मात्र काम गर्ने र संगठन निर्माण गर्ने होइन गैरपार्टी सदस्य र नयाँ पुस्ताको बीचमा संगठन पुऱ्याउन र काम गर्नका लागि संगठनहरूको पर्याप्त ध्यानाकर्षण गराइएको छ।

१७. २०७९ को सुरुवातदेखि सबै संगठनहरू स्थानीय निर्वाचनमा केन्द्रित हुने योजनाअनुसार नै परिचालित र क्रियाशील भएका थिए। संस्थागत रूपमा निर्वाचनकेन्द्रित कार्यक्रमहरू तय गरी कार्यान्वयनको प्रयत्न गरेका थिए।

१८. २०७९ मङ्सिर ४ गते सम्पन्न प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनमा स्थानीय निर्वाचनमा प्राप्त अनुभव, सुझाव र आलोचनालाई ध्यानमा राखेर जनसंगठनहरूलाई परिचालन गर्ने प्रयत्न गरिएको छ।

१९. संगठनहरूमा वैचारिक कामलाई महत्वका साथ अगाडि बढाउने योजनाअनुसार संगठनहरूमा प्रशिक्षण कार्यक्रमहरू आयोजना भइरहेका छन्।

२०. जाजरकोट र रुकुममा गएको भूकम्पपश्चात्को उद्धार, राहत र पुनःनिर्माणमा जनसंगठनहरूको उल्लेखनीय भूमिका रहेको छ। यसमा संयन्त्रको बैठकले बनाएको योजनाअनुसार नै जनसंगठनहरू परिचालित भएका थिए।

२१. तत्कालिन सरकारको अकर्मण्यता, भ्रष्टाचार, बेथिति, अराजकताका विरुद्ध संयुक्त प्रदर्शनहरूको आयोजना भएका छन्।

२२. यो अवधिमा किसान महासंघले गरेको आन्दोलनबाट केही महत्वपूर्ण सफलता प्राप्त भएको छ। यसलाई जनताको बीचमा पुऱ्याउनुपर्दछ।

- ऊखु किसानहरूको करिब १ अर्ब वक्यौक्ता भुक्तानी गराउन र समर्थन मूल्य निर्धारण गर्न पहल र सफलता,
- दुध किसानको करिब ७ अर्ब वक्यौक्ता भुक्तानी गराउन सफल,
- मल बीउ, विजन समयमा उपलब्ध गराउन दबाब र उपलब्ध गराउन सफल,
- धानको समर्थन मूल्य निर्धारण गराउन र कार्यान्वयन गराउन सफल,
- रासायनिक मलमा दिँदै आएको अनुदान कटौतीको निर्णय फिर्ता गराउन सफल हुनुका साथै चालू आ.व.का लागि मलमा अनुदान बढाउन सफल।

### कमजोरी र सुधार गर्नुपर्ने पक्षहरू

१. एकाधबाहेक जनसंगठनहरूले राष्ट्रिय महाधिवेशनमा भाग लिने प्रतिनिधिहरूको अन्तिम नामावली समयमा उपलब्ध गराउन नसक्दा विधिवत् रूपमा अधिवेशनका प्रक्रियाहरूलाई अगाडी बढाउन कठिनाई उत्पन्न हुने गरेको छ। कतिपय संगठनमा त महाधिवेशन सकिदासम्म पनि प्रतिनिधिको अन्तिम नामावली प्राप्त गर्न समस्या

रह्यो। आगामी दिनमा यस्ता विषयलाई अत्यन्तै गम्भिरतापूर्वक लिनु पर्दछ।

२. पार्टीको केन्द्रीय लेखा आयोगले लेखापरीक्षण गरिसकेपछि मात्रै राष्ट्रिय महाधिवेशनमा आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुपर्ने वैधानिक व्यवस्था छ। तर अधिकांश जनसंगठनहरूमा उक्त व्यवस्थाको कार्यान्वयनमा उदासिनता देखिन्छ। लेखापरीक्षणका लागि पार्टीको आयोग आफैले खोजेपछि मात्रै भेटिनेजस्ता गुनासाहरू छन्। कतिपय संगठनहरूले त आर्थिक प्रतिवेदन प्रस्तुत नै गरेनन् भन्दा हुन्छ। आगामी दिनमा महाधिवेशन/राष्ट्रिय सम्मेलन गर्दा लेखापरीक्षणसहितको आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने अनिवार्य व्यवस्था लागू गरिनु पर्दछ।

३. लेखापरीक्षणका सन्दर्भमा पार्टीको लेखा आयोगले दिएका सुझावहरूलाई आगामी दिनमा कार्यान्वयनमा लैजानुपर्दछ। नेपाल भूमि अधिकार तथा श्रमिक संगठनले पार्टीको केन्द्रीय लेखा आयोग र निर्वाचन आयोगसँग समन्वय र सम्पर्क नै गरेको पाइएन।

४. कतिपय संगठनहरूको अधिवेशन व्यवस्थापन निकै फितलो र कमजोर रहेको पाइयो।

५. समय व्यस्थापनका मामिलामा जनसंगठनमा गम्भीर समस्या देखिन्छ। कतिपय सन्दर्भमा त मुख्य आयोजकलाई अध्यक्ष मण्डल र अतिथिहरूले कुर्नुपरेका उदाहरणहरू पनि रहे।

६. नेतृत्वबाट बिदा लिने तय भएका कमरेडहरूले उदघाटन सत्र सकिएपछि नै जिम्मेवारीमुक्त भएको जस्तो व्यवहार गर्ने र बाँकी काम अध्यक्ष मण्डलको हो जस्तो बुझ्ने अवस्था रहयो।

७. पार्टीको केन्द्रीय निर्वाचन आयोगको तर्फबाट उपस्थित निर्वाचन टीमको भूमिकालाई थप स्पष्ट गर्नुपर्ने देखिएको छ। अध्यक्ष मण्डलले सम्बन्धित संगठनको परिभाषित जिम्मेवारीमा रहने नेताहरू, संगठनको तत्कालिन नेतृत्व र आकांक्षीहरूसँगको छलफलबाट सर्वसम्मत रूपमा नेतृत्व निर्माण गर्न सकिने निष्कर्ष पछि सर्वसम्मत रूपमा नेतृत्व निर्वाचित गर्ने प्रक्रियालाई सहजीकरण गर्ने भूमिकामा निर्वाचन टीम अपेक्षित सहयोगी बनेको देखिएन।

८. कतिपय संगठनहरूको राष्ट्रिय महाधिवेशनको नेतृत्वका सन्दर्भमा परिभाषित जिम्मेवारीभन्दा बाहिरबाट अनावश्यक र अस्वस्थ भूमिका खेलेको पाइएको छ। सम्बन्धित संगठनमा ठूलो समस्या नहुँदा पनि बाहिरबाट गरिने यस्ता अभ्यासहरूले संगठनको एकता र हार्दिकतामा समस्या सिर्जना गर्ने अवस्थाप्रति ध्यान पुर्‍याउनुपर्ने देखिन्छ।

९. अनेरास्ववियुबाहेक अरु सबै संगठनको नेतृत्व सर्वसम्मतरूपमा निर्वाचित भएको छ।

१०. स्थानीय निर्वाचनमा जनसंगठनहरूले जुनखालको प्रभावकारी भूमिका खेल्नुपर्दथ्यो, त्यसमा कमी भएको, संस्थागत परिचालन हुन नसकेको, गरेका निर्णयहरू कार्यान्वयन हुन नसकेको अनुभूति भएको छ। प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनमा स्थानीय निर्वाचनको तुलनामा जनसंगठनहरूको भूमिका केही राम्रो देखिए तापनि सन्तोषजनक भने रहन सकेन।

११. जनसंगठनहरूका केन्द्रीय कमिटीहरूले बनाएका योजनाहरू तल्ला कमिटीहरूले कार्यान्वयन गर्न सकेको देखिएन। अधिकांश जनसंगठनहरूको क्रियाशीलता केन्द्रमा नै केन्द्रित देखियो।

१२. राष्ट्रिय महाधिवेशन सम्पन्न भएका संगठनहरूले पनि तल्ला कमिटीहरूलाई चलायमान बनाउन सकेका छैनन्। प्रदेश, जिल्ला र स्थानीय तहका अधिवेशनहरू सम्पन्न नगरी राष्ट्रिय अधिवेशन गर्नुपर्ने बाध्यताका कारण सबै तहका अधिवेशनहरू सम्पन्न गर्ने कामलाई संगठनहरूले पहिलो प्राथमिकतामा राख्नुपर्ने अवस्था छ।

१३. नयाँ पुस्तामा बीचमा काम गर्नुपर्ने युवा विद्यार्थी संगठनहरू सम्बन्धित ठाउँमा पुग्नसकेको देखिएन। जनसंगठनहरूमा राजनीतिक तथा वैचारिक काम प्राथमिकतामा पर्न नसक्दा निर्माण भएका संगठन र संगठित भएका व्यक्तिहरूले पनि कतिपय सन्दर्भहरूमा निष्ठापूर्वक भूमिका निर्वाह गर्ने कुरामा समेत समस्या रह्यो।

- २३ वटै जनसंगठनहरूका राष्ट्रिय महाधिवेशन सम्पन्न हुँदा जनसंगठनहरूका केन्द्रीय कमिटीबाट ठूलो संख्यामा साथीहरू बिदा हुनुभएको छ। जनसंगठनबाट बिदा हुने र

पार्टीमा कुनै जिम्मेवारी नभएका कमरेडहरूलाई समयमै उचित जिम्मेवारी दिनु आवश्यक छ ।

- जनसंगठनको नेतृत्वमा पार्टी सदस्यहरू रहनसक्ने भए पनि आमरूपमा जनसंगठनहरूलाई पार्टी सदस्य नभएका व्यक्तिहरूलाई संगठित गर्ने संगठनहरूका रूपमा विकास गर्नुपर्नेछ ।

### प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटी

प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीको प्रथम अन्तर्राष्ट्रिय अधिवेशन पश्चात संसारभरि छरिएका नेपालीहरूलाई संगठित गर्न बार्षिक कार्ययोजना अनुरुप संगठनको कामलाई अघि बढाइरहेको छ । अन्तर्राष्ट्रिय कमिटीको मातहतमा अहिलेसम्म पाँचवटा महादेशस्तरीय कमिटी अमेरिका, युरोप, मध्यपूर्व, पूर्वी एसिया र ओसिनिया गठन गरिएको छ । ती महादेश अन्तर्गत ३५ वटा राष्ट्रहरूमा राष्ट्रिय कमिटी निर्माण गरिएका छन् । मञ्चको विधान बमोजिम ३३ सदस्यीय अन्तर्राष्ट्रिय कमिटीको एकतिहाइ सङ्ख्या रहने गरी सचिवालय गठन गरिएको छ ।

भारत प्रवास बाहेक नेपाल बाहिर रहेका नेपालीहरूको बीचमा संगठन विस्तार गर्नु र पार्टीको विचार, सिद्धान्त र नीतिलाई उनीहरूबीचमा पुऱ्याउनु यस कमिटीको मुख्य उद्देश्य हो । सोही अनुरुप संगठन विस्तारमा अन्तर्राष्ट्रिय कमिटी क्रियाशील रहँदै आएको छ । संगठन विस्तारको साथसाथै विदेशमा बस्ने नेपालीहरूका श्रमसम्बन्धी विभिन्न समस्या समाधान, विपद अवस्थामा राहत र उद्धार लगायत कामलाई पनि प्राथमिकतासाथ यस कमिटीले गर्दै आएको छ ।

### प्रवासी नेपाली संघ, भारत

प्रवासी नेपाली संघ, भारतको अधिवेशन पश्चात बार्षिक कार्ययोजना निर्माण गरी संगठनात्मक कामलाई व्यवस्थित रुपमा अगाडि बढाइएको छ । जसअन्तर्गत भारतका महाराष्ट्र, पञ्जाव– हिमाञ्चल, हरियाणा, राजस्थान, दिल्ली, गुजरात, मध्यप्रदेश, कर्णाटक, तामिलनाडु–पुदुचेरी, पश्चिम वङ्गाल–झारखण्ड, उत्तरप्रदेश र आन्द्र–तिलङ्गना १२ वटा राज्य समिति क्रियाशील छन् । उत्तर प्रदेश र उत्तराखण्ड राज्य समितिका अधिवेशनको तयारी भइरहेको छ । संघ विस्तार गर्ने क्रममा सदस्यहरू थप भएका छन् । २०८० चैत मसान्तसम्म संघको सदस्य सङ्ख्या ९ हजार २४० पुगेको छ । पार्टीको नीति, विचार र सिद्धान्तबाट संघको नेतृत्वलाई पुनर्ताजगीका लागि यसबीचमा संघको केन्द्रीय समितिका साथै राज्य समितिबाट समेत प्रतिनिधित्व गराई काठमाडौंमा तीनदिने पार्टी स्कुलमा सहभागी हुने महत्वपूर्ण काम सम्पन्न भएको छ । संगठन विस्तार सँगसँगै भारत प्रवासमा रहेका नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई प्रशिक्षित गर्ने कामसमेत भइरहेको छ । भारत प्रवासमा विपद् र समस्यामा परेका नेपालीहरुको राहत र उद्धार कार्यमा संघले आवश्यक सहयोग गर्दै आएको छ ।

# परिशिष्ट–६, आम निर्वाचन समीक्षा

## संक्षिप्त जानकारी

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको परिणाम आइसकेको छ। चौतर्फी घेराबन्दीका बीच सम्पन्न यस निर्वाचनमा नेकपा (एमाले) प्रतिनिधिसभामा सिटको आधारमा पहिलो दल बनेको नेपाली कांग्रेसभन्दा मात्र ११ सिट पछाडि छ। एमालेबिरुद्ध घेराबन्दी गर्ने पाँच दलीय गठबन्धनलाई सामान्य बहुमत पनि प्राप्त भएको छैन।

यसपालीको प्रतिनिधिसभाको निर्वाचनमा ११२ देखि ४३० मतको अन्तरमा नेकपा (एमाले) का ८ जना उम्मेदवार पराजित हुनुभएको छ। १ हजार ७९ मत भन्दा कम मतान्तरमा पराजित हुने नेकपा (एमाले) का उम्मेदवारको सङ्ख्या १४ छ। यसरी ११२ देखि ३ हजार ८३ मतान्तरमा पराजित हुने नेकपा (एमाले) का उम्मेदवारको संख्या २५ छ।

प्रतिनिधिसभामा ५ सयभन्दा कम मतान्तरमा जित्ने १७ जना हुनुहुन्छ। जसमध्ये नेपाली कांग्रेसका ७, नेकपा (एमाले) का ५, माओवादी केन्द्रका २ र अन्य पार्टीका ३ जना हुनुहुन्छ। एक हजारभन्दा कम मतान्तरमा जित्ने २२ जनामध्ये नेपाली कांग्रेसका ९, नेकपा (एमाले) का ७, माओवादी केन्द्रका २ र अन्य पार्टीका ४ जना हुनुहुन्छ।

प्रतिनिधिसभाका १६५ क्षेत्रका उम्मेदवारमध्ये नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सर्बाधिक ५२ हजार ३१९ मत प्राप्त गर्नुभएको छ। नेकपा (एमाले) का बिजयी उम्मेदवारमध्ये सबैभन्दा कम ११ हजार ९५ मत स्थायी कमिटी सदस्य कृष्णगोपाल श्रेष्ठको रहेको छ। प्रदेशसभाका बिजयी एमाले उम्मेदवारमध्ये होमबहादुर थापाको सबैभन्दा बढी २४ हजार १२९ र शेरबहादुर बुढाको सबैभन्दा कम ४ हजार ७४३ मत  छ।

यसपटक प्रत्यक्षतर्फ प्रतिनिधिसभा र प्रदेशसभामा नेपाली कांग्रेसको उपस्थिति १२ जिल्लाबाट शून्य छ। नेकपा (एमाले) को उपस्थिति २४ जिल्लामा रहेन भने नेकपा (माओवादी केन्द्र)को २८ जिल्लाबाट प्रतिनिधिसभा र प्रदेशसभामा उपस्थिति छैन।

यसपटकको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा नेकपा (एमाले) ले धनकुटा, पर्वत र अर्घाखाँची गरी ३ जिल्लामा क्लिन स्वीप (प्रतिनिधिसभा र प्रदेशसभाका सबै सिटमा विजय) गरेको छ। नेपाली कांग्रेस र माओवादी केन्द्रले १/१ जिल्लामा (क्रमशः मुस्ताङ र रुकुम पश्चिम) मात्र प्रतिनिधिसभा र प्रदेशसभाका सबै सिट जितेका छन्।

## २०७४ को निर्वाचनमा जितेका स्थानमा आएको परिवर्तन

नेकपा (एमाले) ले २०७४ सालमा प्रतिनिधिसभामा जित हासिल गरेका ८० मध्ये यसपालि ४६ स्थानमा जित कायम राख्न सकेन। तीमध्ये ३२ निर्वाचन क्षेत्र गठबन्धनको बलमा कांग्रेसले खोसेको छ भने माओवादी केन्द्रले २, नेकपा एसले ४, राष्ट्रिय स्वतन्त्र पार्टीले ३, राप्रपा, राजमो र नागरिक

उन्मुक्ति पार्टीले १/१ निर्वाचन क्षेत्र खोसेका छन्। नेकपा (एमाले) ले आफूले पहिले जितेकामध्ये १/१ क्षेत्र चुनावी तालमेलको क्रममा क्रमशः राप्रपा र जसपालाई छोडेको छ।

**तालिका –१, २०७४ को तुलनामा सिटमा आएको भिन्नता**

| पार्टी | २०७९ मा जम्मा सिट | २०७४ मा जम्मा सिट | सिटमा आएको भिन्नता | कैफियत |
|---|---|---|---|---|
| नेकपा (एमाले) | ७८ | ९८ | -२० | एसले २३ सिट लगेको |
| नेपाली कांग्रेस | ८९ | ६३ | २६ | |
| नेकपा माके | ३२ | ५३ | -२१ | |
| रास्वपा | २० | ० | २० | नयाँ पार्टी |
| राप्रपा | १४ | १ | १३ | |
| जसपा | १२ | १६ | -४ | |
| जनमत | ६ | ० | ६ | नयाँ पार्टी |
| एस | १० | २३ | -१३ | एमालेबाट टुक्रिएर बनेको |
| नागरिक उन्मुक्ति | ४ | १ | ३ | |
| लोसपा | ४ | १७ | -१३ | |
| अन्य | ६ | ३ | ३ | |
| जम्मा | २७५ | २७५ | | |

*नोटः सर्वोच्च अदालतको (२०७८ असार २८ गते) परमादेशबाट कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बनेपछि नेकपा (एमाले) का २३ जना प्रतिनिधिसभा सदस्यलाई टुक्र्याई नेकपा ९एस० गठन गरिएको थियो।*

नेकपा (एमाले) ले यस निर्वाचनमा २० नयाँ निर्वाचन क्षेत्रमा जित हासिल गरेको छ। तीमध्ये २०७४ मा माओवादी केन्द्रले जितेका ९, नेपाली कांग्रेसका ७, जसपाका २, राजमो र लोसपाका १/१ निर्वाचन क्षेत्र नेकपा (एमाले) ले खोसेको छ। पार्टी विभाजनसँगै नेकपा (एस)ले लगेका ४ निर्वाचन क्षेत्र नेकपा (एमाले) ले फिर्ता ल्याएको छ। २०४८ सालपछि पहिलो पटक नेकपा (एमाले) ले प्रतिनिधिसभामा सोलुखुम्बु जिल्लामा जित हासिल गरेको छ।

स्मरणीय छ, २०७४ को प्रत्यक्षतर्फको निर्वाचनमा नेकपा (एमाले) र माओवादी केन्द्र दुई पार्टीको तालमेलका बिरुद्ध एक्लै लड्दा नेपाली कांग्रेसले २३ सिट मात्र जितेको थियो। २०७९ को निर्वाचनमा नेकपा (एमाले) का बिरुद्ध ५ पार्टीसहितको घेराबन्दी र कतिपय स्थानमा भएको बुथ कब्जाका बाबजुद नेकपा (एमाले) एक्लैले कांग्रेसले ०७४ मा जितेको सिटभन्दा झण्डै दोब्बर (४४) सिट जितेको छ। यसले नेकपा (एमाले) को सामर्थ्यलाई सङ्केत गर्दछ।

**तालिका –२, लोकप्रिय मतको आधारमा आम निर्वाचन २०७९ र २०७४ को तुलना**

| पार्टी | २०७९ को मत | मत प्रतिशत | २०७४ को मत | मत प्रतिशत | मत भिन्नता | % मा भिन्नता |
|---|---|---|---|---|---|---|
| एमाले | २८,४५,६४१ | २६ .९५ | ३१,७३,४९४ | ३३ .२५ | ३,२७,८५३ | -६ .३० |
| कांग्रेस | २७,१५,२२५ | २५ .७१ | ३१,२८,३ ८९ | ३२ .७८ | ४,१३,१६४ | -७ .०६ |
| माके | ११,७५,६८४ | ११ .१३ | १३,०३,७२१ | १३ .६६ | १,२८,०३७ | -२ .५३ |
| रास्वपा | ११,३०३,३४ | १० .७० | ० | ० .०० | -११,३०,३३४ | १० .७० |
| राप्रपा | ५,८८,८४९ | ५ .५८ | १,९६,७८२ | २ .०६ | -३९२०६७ | ३ .५१ |
| जसपा | ४,२१,३१४ | ३ .९९ | ४,७०,२०१ | ४ .९३ | ४८,८८७ | -० .९४ |
| जनमत | ३,९४,६५५ | ३ .७४ | ० | ० .०० | -३,९४,६५५ | ३ .७४ |
| एस | २,९८,३९१ | २ .८३ | ० | ० .०० | -२,९८,३९१ | २ .८३ |
| नागरिक उन्मुक्ति | २,७१,७२२ | २ .५७ | ० | ० .०० | -२,७१,७२२ | २ .५७ |
| लोसपा | १,६७,३६७ | १ .५८ | ४,७२,२५४ | ४ .९५ | ३,०४,८८७ | -३ .३६ |
| अन्य | ५,५०,९०० | ५ .२२ | ७,९९,९०३ | ८ .३८ | २,४९,००३ | -३ .१६ |
| जम्मा सदर मत | १,०५,६०,०८२ | १०० .०० | ९५,४४,७४४ | १०० .०० | -१०,१५,३३८ | ० .०० |
| एसको मत थप्दा | ३१,४४,०३२ | २९ .७७ | | | २९,४६२ | ३ .४८ |

लोकप्रिय मतको आधारमा नेकपा (एमाले) जनताको रोजाइको पहिलो पार्टी बनेको छ। यस निर्वाचनमा नेकपा (एमाले) ले २८ लाख ४५ हजार ६४१ लोकप्रिय मत पाएको छ। यो कुल सदर मतको करिब २७ प्रतिशत हो।

यस निर्वाचनमा नेकपा (एमाले) ले पाएको लोकप्रिय मत कांग्रेसले पाएको लोकप्रिय मतको तुलनामा सवा १ प्रतिशतले बढी छ। नेपाली कांग्रेससँगको लोकप्रिय मतमा अन्तर २०७४ सालको भन्दा बढी छ। अघिल्लो निर्वाचनको लोकप्रिय मतमा नेकपा (एमाले) कांग्रेस भन्दा करिब आधा प्रतिशतले मात्र अगाडि थियो। नेकपा (एमाले) को लोकप्रिय मत माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीको तुलनामा करिब १६ प्रतिशतले, राष्ट्रिय प्रजातन्त्र पार्टीको भन्दा करिब २१ र नेकपा एसको भन्दा २४ प्रतिशतले बढी छ।

२०७४ को निर्वाचनको तुलनामा यसपटक नेकपा (एमाले) को लोकप्रिय मत ३ लाख २७ हजार ८५३ ले कम छ। प्रतिशतमा यो ६.३० प्रतिशतले कम हो। यदि नेकपा (एस)ले लगेको २.८३ प्रतिशत मतलाई यसबाट कटाउने हो भने २०७४ को तुलनामा यस निर्वाचनमा नेकपा (एमाले) ले पाएको लोकप्रिय मत ३.४८ प्रतिशतले मात्र घटेको मान्न सकिन्छ।

२०७४ को तुलनामा नेपाली कांग्रेसको लोकप्रिय मत ४ लाख १३ हजार १६४ ले कम छ। गठबन्धनको साथ सहयोग पाउँदा समेत कांग्रेसको लोकप्रियतामा ७ प्रतिशत भन्दा बढीले गिरावट आएको छ। मतको हिसाबले माओवादी केन्द्रको लोकप्रियतामा अढाई प्रतिशले कमी आएको छ।

**तालिका –३, प्रदेशको लोकप्रिय मतमा आएको परिवर्तन**

| प्रदेश | मत (०७९) | मत (०७४) | भिन्नता | प्रतिशत (०७९) | प्रतिशत (०७४) | भिन्नता |
|---|---|---|---|---|---|---|
| प्रदेश १ | ६६५४६० | ६७३,७०९ | -८,२४९ | २२ .० | २२ .९ | -० .९ |
| मधेस | ३५१७६८ | २४९,७३४ | १०२,०३४ | ११ .६ | ८ .५ | ३ .१ |
| बागमती | ६०५३५१ | ६७७,३१७ | -७१,९६६ | २० .० | २३ .० | -३ .० |
| गण्डकी | ३६७९८९ | ३७३,५०१ | -५,५१२ | १२ .२ | १२ .७ | -० .५ |
| लुम्बिनी | ५७०९२१ | ५३३,६१३ | ३७,३०८ | १८ .९ | १८ .२ | ० .७ |
| कर्णाली | १८३९५० | १६९,७५५ | १४,१९५ | ६ .१ | ५ .८ | ० .३ |
| सुदूरपश्चिम | २७४६७५ | २६०,९५५ | १३,७२० | ९ .१ | ८ .९ | ० .२ |
| जम्मा | ३,०२०,११४ | २,९३८,५८४ | ८१,५३० | १०० .० | १०० .० | ० .० |

लोकप्रिय मतको हिसाबले २०७४ सालमा नेकपा (एमाले) ५ वटा प्रदेशमा मात्र पहिलो पार्टी बनेका थियो। यसपटक भने मधेस प्रदेश वाहेक सबै प्रदेशमा नेकपा (एमाले) नम्बर १ पार्टी बनेको छ।

२०७४ को तुलनामा प्रदेश– १ र वाग्मती प्रदेशमा नेकपा (एमाले) को लोकप्रिय मत कांग्रेसको भन्दा ५ प्रतिशतले बढी छ। गण्डकी र कर्णाली प्रदेशमा नेकपा (एमाले) को लोकप्रिय मत कांग्रेसको भन्दा २ प्रतिशतले बढी छ। लुम्बिनी प्रदेशमा नेकपा (एमाले) को लोकप्रिय मत कांग्रेसको भन्दा ४ प्रतिशतले बढी छ। सुदूरपश्चिम प्रदेशमा लोकप्रिय मत कांग्रेसको भन्दा १ प्रतिशतले बढी छ।

जिल्लाको हिसाबले ७७ मध्ये ४४ जिल्लामा नेकपा (एमाले) को लोकप्रिय मत सबैको भन्दा बढी छ। यसैगरी दोस्रो हुने जिल्लाहरुको संख्या २४, तेस्रो हुनेको ८ र चौथो हुने जिल्ला एउटा छ। (जिल्लाको नाम परिशिष्टमा संलग्न गरिएको छ।)

**तालिका –४, प्रत्यक्षतर्फको प्राप्त कुल मतका आधारमा २०७९ र २०७४ को निर्वाचनको तुलना**

| पार्टी | २०७४ प्रत्यक्ष तर्फको मत | मत प्रतिशत | २०७९ प्रत्यक्ष तर्फको मत | मत प्रतिशत | प्रतिशतमा भिन्नता |
|---|---|---|---|---|---|
| एमाले | ३०,८२,२७७ | ३१ | ३२,३३,५६७ | ३१ | ० |
| कांग्रेस | ३५,९०,७९३ | ३६ | २४,३१,९०७ | २३ | -१३ |
| माके | १५,१०,७६० | १५ | ९,८२,८२६ | ९ | -६ |
| रास्वपा | ० | ० | ८,१५,०२३ | ८ | ८ |
| राप्रपा | १,१८,३१८ | १ | ५,४९,३४० | ५ | ४ |
| जसपा | ५,२७,९२४ | ५ | ३,७९,३३७ | ४ | -२ |
| जपा | ० | ० | २,९२,५५४ | ३ | ३ |
| एस | ० | ० | ४,३६,०२० | ४ | ४ |
| नाउपा | ० | ० | १,७२,२०५ | २ | २ |
| लोसपा | ४,५८,४०९ | ५ | १,६९,६९२ | २ | -३ |
| अन्य | ७,५७,०७४ | ८ | १०,२५,४९० | १० | २ |
| जम्मा | १,००,४५,५५५ | | १,०४,८७,९६१ | | |

यसपटकको निर्वाचनलाई सामान्य निर्वाचन प्रक्रियाका रुपमा मात्र लिनु हुन्न। त्यसमाथि पनि राजनीतिक दलमा नेकपा (एमाले) का बिरुद्ध र नेतामा नेकपा (एमाले) अध्यक्षका बिरुद्ध निरन्तर आक्रमण गरिएको थियो। अफबाह र घृणा फैलाइएको थियो। तर नेपाली जनताले सबैभन्दा घृणा फैलाइएका नेता अध्यक्ष केपी शर्मा ओलीको पक्षमा सर्बाधिक मतदान गरे। आक्रमणको तारो बनाइएको हाम्रो पार्टी नेकपा (एमाले) को पक्षमा सबैभन्दा धेरै लोकप्रिय मत प्रदान गरे। तसर्थ, पाँच दलीय गठबन्धनसहितको दृष्यरअदृष्य शक्तिको घेराबन्दी बीच नेकपा (एमाले) ले हासिल गरेको उपलब्धि सामान्य हैन, महत्वपूर्ण छ।

### तालिका –५, केही जानकारीमूलक तथ्य र तालिका

| **नेकपा (एमाले)** | **२६.९५%** |
|---|---|
| प्रतिनिधिसभा | ७८/२७५ |
| राष्ट्रिय सभा | १०/५९ |
| प्रदेशसभा | १६१/५५० |
| पालिका प्रमुख/अध्यक्ष | २०६/७५३ |
| वडा सदस्य | ११,८९०/३५,०११ |

| **नेपाली काँग्रेस** | **२५.७१%** |
|---|---|
| प्रतिनिधिसभा | ८८/२७५ |
| राष्ट्रिय सभा | १६/५९ |
| प्रदेशसभा | १७४/५५० |
| पालिका प्रमुख/अध्यक्ष | ३३३/७५३ |
| वडा सदस्य | १३,७३०/३५,०११ |

| **नेकपा (माओवादी केन्द्र)** | **११.१३%** |
|---|---|
| प्रतिनिधिसभा | ३०+२/२७५ |
| राष्ट्रिय सभा | १५/५९ |
| प्रदेशसभा | ८२/५५० |
| पालिका प्रमुख/अध्यक्ष | १२१/७५३ |
| वडा सदस्य | ५,०४४/३५,०११ |

| **राष्ट्रिय प्रजातन्त्र पार्टी** | **५.५८%** |
|---|---|
| प्रतिनिधिसभा | १४/२७५ |
| प्रदेशसभा | २८/५५० |
| पालिका प्रमुख/अध्यक्ष | ४/७५३ |
| वडा सदस्य | ३०५/३५,०११ |

| **जनता समाजवादी पार्टी** | **३.९९%** |
|---|---|
| प्रतिनिधिसभा | १२/२७५ |
| राष्ट्रियसभा | ३/५९ |
| प्रदेशसभा | २०/५५० |
| पालिका प्रमुख/अध्यक्ष | ३०/७५३ |
| वडा सदस्य | १,५४८/३५,०११ |

| **राष्ट्रिय स्वतन्त्र पार्टी** | **१०.७०%** |
|---|---|
| प्रतिनिधिसभा | २१/२७५ |

| **जनमत पार्टी** | **३.७४%** |
|---|---|
| प्रतिनिधिसभा | ६/२७५ |
| मधेश प्रदेशसभा | १३/१०७ |
| लुम्बिनी प्रदेशसभा | ३/८७ |
| पालिका प्रमुख/अध्यक्ष | २/७५३ |

| **नेकपा (एस)** | **२.८३%** |
|---|---|
| प्रतिनिधिसभा | १०/२७५ |
| राष्ट्रियसभा | ८/५९ |
| प्रदेशसभा | २५/५५० |
| पालिका प्रमुख/अध्यक्ष | २५/७५३ |
| वडा सदस्य | ९८६/३५,०११ |

| **नागरिक उन्मुक्ति पार्टी** | **२.५७%** |
|---|---|
| प्रतिनिधिसभा | ४/२७५ |
| प्रदेशसभा | ७/५३ |
| पालिका प्रमुख/अध्यक्ष | ४/७५३ |

### तालिका –६, मतदाता, खसेको मत, सदर मत र उम्मेदवार संख्या

| पार्टीको नाम | उम्मेदवार संख्या | | पार्टीको नाम |
|---|---|---|---|
| नेकपा (एमाले) | १४१ | ५८ | राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | १४० | ५६ | राष्ट्रिय समाजमुक्ति पार्टी |
| राष्ट्रिय स्वतन्त्र पार्टी | १३१ | ५१ | लोकतान्त्रिक समाजवादी |
| नेपाली काङ्ग्रेस | ९१ | ४६ | नेकपा (माओवादी केन्द्र) |
| जनता समाजवादी पार्टी | ७९ | २१ | नेकपा (एस) |
| **जम्मा उम्मेदवार संख्या** | **१६८०** | ८६६ | अन्य |
| कूल मतदाता | १७९८८५७० | ११०४७०३४ | खसेको मत |
| सदर मत | १०४८७९५८ | ४० दल | धरौटी जफत |

### तालिका –७, प्रदेशमा दलहरूको प्रतिनिधित्वको अवस्था

### १ कोशी प्रदेश

| पार्टी | प्रत्यक्ष | समानुपातिक | जम्मा | प्रतिनिधिसभा कूल प्रतिनिधित्व |
|---|---|---|---|---|
| एमाले | २५ | १५ | ४० | १९ |
| नेका | १७ | १२ | २९ | १४ |
| माओवादी | ०९ | ०४ | १३ | ४ |
| राप्रपा | ०२ | ०४ | ०६ | १ |
| जसपा | ० | ०१ | ०१ | ४ |
| एस | ०३ | ०१ | ०४ | ० |
| अन्य | ० | ० | ० | ४ |
| जम्मा | ५६ | ३७ | ९३ | ४६ |

### २ मधेस प्रदेश

| पार्टी | प्रत्यक्ष | समानुपातिक | जम्मा | प्रतिनिधिसभा कूल प्रतिनिधित्व |
|---|---|---|---|---|
| एमाले | १५ | ०८ | २३ | १५ |
| नेका | १३ | ०९ | २२ | १३ |
| माओवादी | ०४ | ०४ | ८ | ३ |
| राप्रपा | ० | ०१ | १ | १ |
| जसपा | ०९ | ०७ | १६ | ८ |
| लोसपा | ०७ | ०२ | ०९ | ३ |
| जपा | ०६ | ०७ | १३ | ४ |
| एस | ०४ | ०३ | ७ | २ |
| नाउपा | ० | ०१ | १ | ० |
| अन्य | ०६ | ०१ | ७ | ४ |
| जम्मा | ६४ | ४३ | १०७ | ५३ |

## ३ बागमती प्रदेश

| पार्टी | प्रत्यक्ष | समानुपातिक | जम्मा | प्रतिनिधिसभा कूल प्रतिनिधित्व |
|---|---|---|---|---|
| एमाले | १३ | १४ | २७ | १० |
| नेका | २५ | ११ | ३६ | २२ |
| माओवादी | १४ | ७ | २१ | ९ |
| राप्रपा | ७ | ७ | १४ | ६ |
| एस | ५ | २ | ७ | १ |
| नेमकिपा | १ | २ | ३ | १ |
| अन्य | १ | १ | २ | १२ |
| जम्मा | ६६ | ४४ | ११० | ६१ |

## ४ गण्डकी प्रदेश

| पार्टी | प्रत्यक्ष | समानुपातिक | जम्मा | प्रतिनिधिसभा कूल प्रतिनिधित्व |
|---|---|---|---|---|
| एमाले | १२ | १० | २२ | ७ |
| नेका | १८ | ०९ | २७ | ११ |
| माओवादी | ०५ | ०३ | ८ | ४ |
| राप्रपा | ० | ०२ | २ | २ |
| अन्य | ०१ | ० | १ | १ |
| जम्मा | ३६ | २४ | ६० | २५ |

## ५ लुम्बिनी प्रदेश

| पार्टी | प्रत्यक्ष | समानुपातिक | जम्मा | प्रतिनिधिसभा कूल प्रतिनिधित्व |
|---|---|---|---|---|
| एमाले | १८ | ११ | २९ | २२ |
| नेका | १७ | १० | २७ | १२ |
| माओवादी | ०५ | ०४ | ९ | ६ |
| जसपा | ०२ | ०१ | ३ | १ |
| राप्रपा | ०२ | ०२ | ४ | ४ |
| नाउपा | ०२ | ०२ | ४ | १ |
| लोसपा | ०२ | ०१ | ३ | १ |
| जपा | ०१ | ०२ | ३ | १ |
| एस | ० | ०१ | १ | १ |
| अन्य | ०३ | ०१ | ४ | ० |
| जम्मा | ५२ | ३५ | ८७ | ४९ |

### ६ कर्णाली प्रदेश

| पार्टी | प्रत्यक्ष | समानुपातिक | जम्मा | प्रतिनिधिसभा कूल प्रतिनिधित्व |
|---|---|---|---|---|
| एमाले | ०५ | ०५ | १० | २ |
| नेका | ०९ | ०५ | १४ | ७ |
| माओवादी | ०९ | ०४ | १३ | ६ |
| एस | ० | ०१ | १ | ३ |
| राप्रपा | ० | ०१ | १ | २ |
| अन्य | ०१ | ० | १ | १ |
| जम्मा | २४ | १६ | ४० | २१ |

### ७ सुदूरपश्चिम प्रदेश

| पार्टी | प्रत्यक्ष | समानुपातिक | जम्मा | प्रतिनिधिसभा कूल प्रतिनिधित्व |
|---|---|---|---|---|
| एमाले | ०३ | ०७ | १० | ३ |
| नेका | १२ | ०६ | १८ | १० |
| माओवादी | ०८ | ०३ | ११ | १ |
| नाउपा | ०५ | ०३ | ८ | ३ |
| एस | ०३ | ०१ | ४ | ३ |
| राप्रपा | ० | ०१ | १ | ० |
| अन्य | ०१ | ० | १ | ० |
| जम्मा | ३२ | २१ | ५३ | २० |


### २०१५—२०७९ को निर्वाचनमा प्राप्त मत

## राजनीतिक दलहरुको अवस्था

| राजनीतिक दल | प्रतिशत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०४८ | २०५१ | २०५६ | २०६४ | २०७० | २०७४ | २०७९ |
| नेपाली कांग्रेस | ३७ | ४० | ३४ | ३७ | २१ | २६ | ३३ | २६ |
| नेकपा (एमाले) | ७ | २९ | ३२ | ३९ | २० | २४ | ३३ | २७ |
| संजमो/नेकपा माओवादी | | ५ | १ | ० | २९ | १५ | १४ | ११ |
| राप्रपा हरु | | १२ | १९ | १० | | १० | ३ | ६ |
| नेसपा/मधेश आधारीत दलहरु | २ | ४ | ३ | ३ | ११ | ९ | १० | १० |
| स्वतन्त्र र रास्वपा | १६ | ४ | ६ | ० | ० | ० | ० | ११ |
| अन्य साना दलहरु सबै | ४० | ६ | ५ | ११ | १९ | १६ | ७ | ९ |

*नोट : ५६ को निर्वाचनमा मा ३२ एमाले र ७ प्रतिसत माले गरी ३९ प्रतिसत उल्लेख गरिएको छ।*

## २०१५—२०७९ को निर्वाचनमा प्राप्त मत (चार्ट)




### २०१५—२०७९ को निर्वाचन

## सिट संख्यामा राजनीतिक दलहरुको अवस्था

| राजनीतिक दल | निर्वाचित सिट संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०४८ | २०५१ | २०५६ | २०६४ | २०७० | २०७४ | २०७९ |
| नेपाली कांग्रेस | ७४ | ११० | ८३ | १११ | ११० | १९६ | ४० | ८९ |
| नेकपा (एमाले) | ४ | ६९ | ८८ | ७१ | १०३ | १७५ | १२१ | ७८ |
| संजमो/नेकपा माओवादी | | ९ | ० | ० | २२० | ८० | ७६ | ३१ |
| राप्रपा हरु | | ४ | २० | ११ | ० | ४४ | १ | १४ |
| नेसपा/मधेस आधारीत दलहरु | | ६ | ३ | ५ | ८१ | ३७ | १६ | २५ |
| स्वतन्त्र र रास्वपा | ४ | ३ | ७ | ० | २ | २ | १ | २१ |
| अन्य साना दलहरु | २७ | ४ | ४ | ७ | ५९ | ४१ | १० | ७ |
| जम्मा सिट | १०९ | २०५ | २०५ | २०५ | ५७५ | ५७५ | २६५ | २६५ |

*नोट : २०६४ र ७० को संविधान सभामा २४० प्रत्यक्ष, ३३५ समानुपातिक र २६ जना मनोनित गरि ६०१ को संविधान सभा थियो ।*

## परिशिष्ट–७, दशौं राष्ट्रिय महाधिवेशन सङ्क्षिप्त जानकारी

नेकपा (एमाले) को दशौँ राष्ट्रिय महाधिवेशन २)७८ मंसिर १) देखि १४ गतेसम्म चितवनमा सम्पन्न भयो। मंसिर १) गते चितवनको नारायणगढस्थित नारायणी नदीको किनारामा सात लाखभन्दा बढी जनसमुदायको उपस्थितिमा भव्यताका साथ आयोजित कार्यक्रममा अध्यक्ष कमरेड केपी शर्मा ओलीले नेपालको राष्ट्रिय झण्डा, कम्युनिस्ट पार्टीको झण्डा र नेकपा (एमाले) को चुनाव चिह्नको झण्डा एकसाथ झण्डोत्तोलन गरी महाधिवेशन उद्घाटन गर्नुभयो।

पार्टीको महाधिवेशनको सफलताको कामना गर्न हाम्रो पार्टीको आमन्त्रण स्वीकार गरी विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू उपस्थित हुनुभयो। नेपाली कांग्रेसका सभापति तथा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का स्थायी समिति सदस्य लीलामणि पोखरेल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापा र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले महाधिवेशन सफलताको शुभकामना दिनुभयो।

उपस्थित जनसमुदाय र अतिथिहरूलाई स्थायी कमिटी सदस्य तथा महाधिवेशन मूल व्यवस्थापन कमिटी संयोजक कमरेड रामबहादुर थापाले स्वागत गर्नुभयो भने कार्यक्रम सञ्चालन केन्द्रीय कमिटीका सचिव कमरेड प्रदीपकुमार ज्ञवालीले गर्नुभयो। कार्यक्रमस्थल रहेको जिल्ला चितवनका जिल्ला कमिटी अध्यक्ष कमरेड पार्वती रावलले धन्यवाद ज्ञापन गर्नुभयो। राष्ट्रिय जनसांस्कृतिक महासंघका तर्फबाट नेपालको सांस्कृतिक विविधता झल्किने गरी गीत सांगीतिक प्रस्तुति प्रस्तुत भयो।

### बन्द–सत्र

मंसिर ११ गते अध्यक्ष कमरेड केपी शर्मा ओलीको अध्यक्षता र महासचिव कमरेड ईश्वर पोखरेलको सञ्चालनमा बन्द–सत्र आरम्भ भयो। बन्द–सत्रमा केन्द्रीय कमिटीको प्रस्ताव बमोजिम महाविधेशन सम्पन्न गर्नका लागि ११ सदस्यीय अध्यक्ष मण्डल र सात सदस्यीय माइन्युट कमिटी गठन प्रस्ताव गरियो र उक्त प्रस्ताव पारित भयो।

### अध्यक्ष मण्डल

| | | |
|---|---|---|
| १. | केपी शर्मा ओली | अध्यक्ष |
| २. | युवराज ज्ञवाली | सदस्य |
| ३. | अष्टलक्ष्मी शाक्य | सदस्य |
| ४. | भीमबहादुर रावल | सदस्य |
| ५. | ईश्वर पोखरेल | सदस्य |
| ६. | सुवासचन्द्र नेम्वाङ | सदस्य |
| ७. | रामबहादुर थापा | सदस्य |
| ८. | टोपबहादुर रायमाझी | सदस्य |
| ९. | छविलाल विश्वकर्मा | सदस्य |
| १). | लालबाबु पण्डित | सदस्य |
| ११. | गोमा देवकोटा | सदस्य |

### माइन्युट कमिटी

| | | |
|---|---|---|
| १. | पृथ्वीसुब्बा गुरुङ | संयोजक |
| २. | सूर्य थापा | सदस्य |
| ३. | विष्णु रिजाल | सदस्य |
| ४. | मनोजजंग थापा | सदस्य |
| ५. | ठाकुर गैरे | सदस्य |
| ६. | ज्वालाकुमारी साह | सदस्य |
| ७. | गोविन्दबहादुर नेपाली | सदस्य |

### बन्द–सत्रका कार्यसूची

१. विदेशी पार्टीका तर्फबाट शुभकामना मन्तव्य
२. अध्यक्षको सम्बोधन
३. विधान संशोधन प्रस्ताव
४. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगको निर्वाचन
५. समसामयिक प्रस्ताव

## १. विदेशी पार्टीका तर्फबाट शुभकामना मन्तव्य

महाधिवेशनको उद्घाटन सत्रमा स्वदेशी तथा विदेशी पार्टीका प्रतिनिधिहरूको सहभागिता रहेकोमा स्वदेशी पार्टीका प्रतिनिधिहरूलाई उद्घाटन सत्रमा र विदेशी पार्टीका प्रतिनिधिहरूलाई बन्द–सत्रमा शुभकामना मन्तव्य दिने व्यवस्था मिलाइयो। सोही अनुसार विभिन्न मुलुकका पार्टीका प्रतिनिधिहरूले बन्द–सत्रमा आफ्नो पार्टीका तर्फबाट शुभकामना दिनुभयो।

महाधिवेशनलाई शुभकामना दिनुहुने विदेशी पार्टीका टोली नेता र सहभागीहरूको विवरण यसप्रकार छः

| क्र.सं. | देश | पार्टी | टोली नेता र पद | थप सहभागी |
|---|---|---|---|---|
| १ | कम्बोडिया | कम्बोडियन पिपुल्स पार्टी | सुयश यारा,<br>प्रमुख, विदेश मामला | छेयर सोक्ती, छेङ किमलोङ,<br>पोभ योसिम |
| २ | बंगलादेश | कम्युनिष्ट पार्टी अफ बंगलादेश | हसन तारिक चौधरी,<br>प्रमुख, विदेश विभाग | अब्दुल्लाह काफी, केन्द्रीय सदस्य<br>हसन टासिन चौधरी |
| ३ | भारत | कम्युनिष्ट पार्टी अफ इन्डिया (मार्क्सवादी) | जोगेन्द्र शर्मा,<br>केन्द्रीय कमिटी सदस्य | |
| ४ | भारत | कम्युनिष्ट पार्टी अफ इन्डिया | पल्लवसेन गुप्ता,<br>सचिव, राष्ट्रिय परिषद् | |
| ५ | भारत | भारतीय जनता पार्टी | डा. हर्षबर्द्धन गोयल,<br>पूर्वमन्त्री एवं सदस्य–लोकसभा | हरिष द्विवेदी, राष्ट्रिय सचिव, सदस्य–लोकसभा |
| ६ | भारत | भारतीय राष्ट्रिय कंग्रेस | डा. अखिलेशप्रसाद सिंह<br>पूर्वमन्त्री एवं सदस्य– राज्यसभा | |
| ७ | भारत | कम्युनिष्ट पार्टी अफ इन्डिया (मार्क्सवादी–लेनिनवादी लिबरेसन) | वीरेन्द्रप्रसाद गुप्ता<br>केन्द्रीय सदस्य | सन्दीप सौरभ,<br>युवा नेता |
| ८ | श्रीलंका | जनता विमुक्ति पेरामुना | भिजिता हेरात,<br>केन्द्रीय कमिटी सदस्य | |

भारतीय जनता पार्टी, भारतीय राष्ट्रिय कांग्रेस र भारतीय कम्युनिस्ट पार्टीका नेताहरू अघिल्लै दिन फर्किनुभयो भने बाँकी नेताहरूले बन्द–सत्रलाई सम्बोधन गर्नुभयो। चीन, टर्की र फ्रान्सबाट प्राप्त भिडिओ सन्देशहरू हलसमक्ष प्रशारण गरियो। महाधिवेशनमा भौतिक रुपमा उपस्थित हुन नसकेका पार्टीहरूका तर्फबाट प्राप्त शुभकामना सन्देशहरू विदेश मामिला विभाग प्रमुख डा. राजन भट्टराईले वाचन गरेर सुनाउनुभयो। महाधिवेशनलाई प्राप्त शुभकामनाहरू यस प्रकार छन्ः

| क्र.सं. | देश | पार्टीको नाम |
|---|---|---|
| १ | आयरल्यान्ड | सिन फिएन इन्टरनेसनल |
| २ | क्युबा | कम्युनिस्ट पार्टी अफ क्युबा |
| ३ | ग्रीस | कम्युनिष्ट पार्टी अफ ग्रीस |
| ४ | चीन | कम्युनिस्ट पार्टी अफ चाइना |

| क्र.सं. | देश | पार्टीको नाम |
|---|---|---|
| ५ | जर्मनी | जर्मन सोसयल डेमोत्र्mयाट पार्टी |
| ६ | जर्मनी | लेफ्ट पार्टी अफ जर्मन (डि लिंके) |
| ७ | जर्मनी | सोसल डेमोक्र्याटिक पार्टी जर्मनी |
| ८ | जापान | जापनिज कम्युनिष्ट पार्टी |
| ९ | टर्की | भटान पार्टी टर्की |
| १) | टर्की | एके पार्टी |
| ११ | थाइल्यान्ड | फुआ थाइ पार्टी |
| १२ | फ्रान्स | फ्रेन्च कम्युनिष्ट पार्टी |
| १३ | बंगलादेश | रिभोलुसनरी वर्कर्स पार्टी अफ बंगलादेश |
| १४ | ब्राजिल | ब्राजिल कम्युनिष्ट पार्टी (पीसीडीओबी) |
| १५ | बेल्जियम | वर्कर्स पार्टी अफ बेल्जियम |
| १६ | पाकिस्तान | हकुक खलाक आन्दोलन |
| १७ | भारत | अल इन्डिया फरवार्ड ब्लक |
| १८ | भियतनाम | कम्युनिष्ट पार्टी अफ भियतनाम |
| १९ | म्यानमार | युनियन सोलिडयारिटी एन्ड डेभलोपमेन्ट पार्टी |
| २) | रुस | कम्युनिष्ट पार्टी अफ रसियन फेडेरेसन |
| २१ | रुस | कम्युनिष्ट पार्टी अफ रसिया |
| २२ | रुस | संघीय सभा (डुमा) |
| २३ | रुस | रसियन युनाइटेड पार्टी |
| २४ | लाओ गणतन्त्र | लाओ पिपुल्स रिभोलुसनरी पार्टी |
| २५ | श्रीलंका | कम्युनिष्ट पार्टी अफ श्रीलंका |
| २६ | | एसियाली राजनीतिक दलहरूको अन्तर्राष्ट्रिय सम्मेलन (आइक्याप) |

## २. अध्यक्षको सम्बोधन

बन्द–सत्रलाई नवौँ राष्ट्रिय महाधिवेशनबाट निर्वाचित अध्यक्षका हैसियतले अध्यक्ष केपी शर्मा ओलीले अन्तिम सम्बोधन गर्नुभयो। दुई घण्टा लामो आफ्नो मन्तव्यका क्रममा अध्यक्ष कमरेडले विगतको समीक्षा गर्दै आगामी दिनका कामहरूका बारेमा विस्तृतमा प्रकाश पार्नुभयो। पार्टी र आन्दोलनले भोगेका उतार–चढावहरूका बारेमा वस्तुनिष्ट ढंगले विवेचना गर्दै अध्यक्ष कमरेडले यसबीचमा हासिल भएका उपलब्धिहरूका लागि पार्टीले गर्व गर्ने र आगामी दिनमा थप उपलब्धिका लागि क्रियाशील रहने अठोटका साथ त्यस काममा सफलता प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

महासचिव कमरेड ईश्वर पोखरेलले बन्द–सत्र सञ्चालन गर्ने क्रममा पार्टी निर्माणका वर्तमान चुनौतीहरू र तिनको समाधानका लागि पार्टी पंक्तिले निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा स्पष्ट पार्नुभयो।

## ३. विधान संशोधन प्रस्ताव

विधानको धारा ४(४) ले दिएको अधिकार प्रयोग गरी केन्द्रीय कमिटीको १५ औँ वैठक (२)७८ मंसिर १) गते) ले गरेको निर्णयअनुसार नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को विधान, २)४९ (प्रथम विधान महाधिवेशन, २)७८ को संशोधन सहित) मा आवश्यक संशोधनका लागि उपमहासचिव तथा संगठन विभाग प्रमुख विष्णुप्रसाद पौडेलले वन्दसत्रमा विधान संशोधन प्रस्ताव प्रस्तुत गर्नुभयो। उक्त प्रस्तावलाई बन्द–सत्रले सर्वसम्मत रुपमा पारित गर्‍यो।

| साविक धारा | प्रस्तावित व्यवस्था |
|---|---|
| धारा– १६ (२) | राष्ट्रिय महाधिवेशनले अध्यक्ष– १, बरिष्ठ उपाध्यक्ष– १, उपाध्यक्ष– ६, महासचिव– १, उपमहासचिव– ३ र सचिव– ७ समेत ३)१ सदस्यीय केन्द्रीय कमिटीको निर्वाचन गर्नेछ। प्रदेश कमिटीका अध्यक्षहरू केन्द्रीय कमिटीका पदेन सदस्य हुनेछन्। |
| धारा– १७ (२) | **आन्तरिक निर्वाचन र मनोनयन :** केन्द्रीय कमिटीले आफ्नो कमिटीका पदाधिकारीसहित सदस्यहरूबाट बढीमा ९९ सदस्यीय पोलिट्ब्युरो र ४५ सदस्यीय स्थायी कमिटीको निर्वाचन गर्ने। |
| धारा– १८ | साविकको धारा– १८ लाई धारा १९ बनाउने र धारा– १८ मा देहाय बमोजिम पोलिट्ब्युरो उल्लेख गर्ने :<br>**धारा– १८ : पोलिट्ब्युरोका अधिकार र कर्तव्य**<br>पोलिट्ब्युरोका अधिकार कर्तव्य देहायबमोजिम हुनेछन् :<br>१. केन्द्रीय कमिटीको बैठक नबसेको अवस्थामा केन्द्रीय कमिटीका निम्ति तोकिएका अधिकार र कर्तव्य पालना गर्ने।<br>२. आफूले गरेका निर्णय तथा कार्य अनुमोदनका निम्ति केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने।<br>३. केन्द्रीय कमिटीले तोकेका अन्य कार्य गर्ने।<br>४. केन्द्रीय कमिटीप्रति उत्तरदायी रहने।<br><br>**धारा– १९ : स्थायी कमिटीका अधिकार र कर्तव्य**<br>स्थायी कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :<br>१. केन्द्रीय कमिटी र पोलिट्ब्युरोको बैठक नबसेको अवस्थामा केन्द्रीय कमिटी र पोलिट्ब्युरोका निम्ति तोकिएका अधिकार र कर्तव्य पालना गर्ने,<br>२. आफूले गरेका निर्णय तथा कार्य अनुमोदनका निम्ति पोलिट्ब्युरो वा केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने।<br>३. केन्द्रीय कमिटी र पोलिट्ब्युरोले तोकेका अन्य कार्य गर्ने।<br>४. केन्द्रीय कमिटी र पोलिट्ब्युरोप्रति उत्तरदायी रहने।<br><br>**धारा– २) : केन्द्रीय सचिवालयका अधिकर र कर्तव्य**<br>केन्द्रीय सचिवालयका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :<br>१. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठक नबसेको अवस्थामा राजनीतिक र संगठनात्मक बिषयमा निर्णय गर्ने।<br>२. समसामयिक विषयमा पार्टी दृष्टिकोण सार्वजनिक गर्ने।<br>३. आफूले गरेका निर्णय तथा कार्य अनुमोदनका लागि स्थायी कमिटी वा पोलिट्ब्युरो वा केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने।<br>४. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीका निर्णय कार्यान्वयन गर्ने, गराउने।<br>५. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीबाट गरिनुपर्ने नीतिगत तथा संगठनात्मक कामको प्रस्ताव तयार गर्ने।<br>६. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीले तोकेका अन्य कार्य गर्ने। |

| सावि‍क धारा | प्रस्तावित व्यवस्था |
|---|---|
| धारा– २४ (१) | राष्ट्रिय महाधिवेशनले अध्यक्ष– १, उपाध्यक्ष– १ र सचिव– १ समेत २५ सदस्यीय केन्द्रीय अनुशासन आयोगको निर्वाचन गर्नेछ । |
| धारा– २५ (१) | राष्ट्रिय महाधिवेशनले अध्यक्ष– १, उपाध्यक्ष– १ र सचिव– १ समेत २५ सदस्यीय केन्द्रीय लेखा आयोगको निर्वाचन गर्नेछ । |
| धारा– २६ (१) | विधान महाधिवेशनले अध्यक्ष– १, उपाध्यक्ष– १ र सचिव– १ समेत २५ सदस्यीय केन्द्रीय निर्वाचन आयोगको निर्वाचनको गर्नेछ । |
| धारा– २७ (१) | केन्द्रीय कमिटीले आवश्यकता अनुसार सल्लाह–सुझाव लिन आफ्नो कमिटीको कूल सदस्य संख्या भन्दा बढी नहुने गरी केन्द्रीय सल्लाहकार परिषद् गठन गर्नेछ । केन्द्रीय सल्लाहकार परिषद् केन्द्रीय कमिटीप्रति उत्तरदायी हुनेछ । |
| धारा– ३१ (३) | प्रदेश कमिटीको आधार संख्या ७५ हुनेछ । यो संख्यामा प्रदेश अन्तर्गतका प्रतिनिधिसभा निर्वाचन क्षेत्र बराबर पाँचका दरले कायम हुने संख्या थप्न सकिने छ । काठमाडौँ उपत्यका विशेष कमिटीको हकमा आधार संख्याको अतिरिक्त विशेष जिल्ला कमिटी बराबर पाँचका दरले कायम हुने संख्या थप्न सकिनेछ । |
| धारा– ३२ (३) | **सल्लाहकार परिषद्को गठन :** आफ्नो कमिटीको कूल सदस्य संख्याभन्दा बढी नहुने गरी सल्लाहकार परिषद गठन गर्ने । |
| धारा– ३६ (३) | जिल्ला कमिटीको आधार संख्या ७५ हुनेछ । यो संख्यामा जिल्ला अन्तर्गतका प्रतिनिधिसभा निर्वाचन क्षेत्र बराबर १५ का दरले कायम हुने संख्या थप्न सकिने छ । काठमाडौँ उपत्यका अन्तर्गतका विशेष कमिटीको अधिकतम् संख्या ७५ हुनेछ । |
| धारा– ३७ (३) | **सल्लाहकार परिषदको गठन :** आफ्नो कमिटीको कूल सदस्य संख्या भन्दा बढी नहुने गरी सल्लाहकार परिषद गठन गर्ने । |
| धारा– ६३ (२) | **धारा– ६४ (२) :** पोलिट्ब्युरो सदस्यका लागि उम्मेवार हुन केन्द्रीय कमिटीको सदस्य भई काम गरेको हुनुपर्नेछ । |
| धारा– ६४ (१) | **धारा– ६५**<br>१. साविकको धारा– ६४ (१) हटाउने । |

संशोधन प्रस्ताव पारित भएपछि उपमहासचिव तथा संगठन विभाग प्रमुख विष्णुप्रसाद पौडेलले ३)१ सदस्यीय केन्द्रीय कमिटी, २५ सदस्यीय केन्द्रीय अनुशासन आयोग र २५ सदस्यीय केन्द्रीय लेखा आयोगको निर्वाचनका लागि पदाधिकारी तथा सदस्यहरूको निर्वाचन क्षेत्रका बारेमा प्रस्ताव राख्नुभयो र उक्त प्रस्तावलाई हलले सर्वसम्मत्तिले पारित गऱ्यो, जुन यसप्रकार छः

| पद/क्षेत्र | संख्या | जम्मा |
|---|---|---|
| पदाधिकारी | १९ जना (खुला) | १९ जना |
| प्रदेश नं.१ | खुला–६, महिला–३ | ९ जना |
| प्रदेश नं.२ | खुला–६, महिला–३ | ९ जना |
| वागमती प्रदेश | खुला–६, महिला–३ | ९ जना |
| गण्डकी प्रदेश | खुला–६, महिला–३ | ९ जना |
| लुम्विनी प्रदेश | खुला–६, महिला–३ | ९ जना |
| सुदूरपश्चिम प्रदेश | खुला–६, महिला–३ | ९ जना |
| कर्णाली प्रदेश | खुला–६, महिला–३ | ९ जना |
| उपत्यका विशेष | खुला–१, महिला–१ | २ जना |

| पद/क्षेत्र | संख्या | जम्मा |
|---|---|---|
| सम्पर्क समन्वय | खुला–१, महिला–१ | २ जना |
| आदिवासी जनजाति | खुला–१७, महिला–८ | २५ जना |
| मधेसी | खुला–१३, महिला–६ | १९ जना |
| थारु | खुला–५ महिला–२ | ७ जना |
| दलित | खुला–८, महिला–४ | १२ जना |
| मुस्लिम | खुला–४, महिला–१ | ५जना |
| श्रमिक | खुला–४, महिला–२ | ६ जना |
| पिछडिएको क्षेत्र | खुला–३, महिला–१ | ४ जना |
| खुल्ला | खुल्ला–८४ महिला–५३ | १३७ जना |
| केन्द्रीय अनुशासन आयोग | अध्यक्ष–१, उपाध्यक्ष–१, सचिव–१, सदस्यः खुला–१३, महिला–९ | २५ जना |
| केन्द्रीय लेखा आयोग | अध्यक्ष–१, उपाध्यक्ष–१, सचिव–१, सदस्यः खुला–१३, महिला–९ | २५ जना |
| केन्द्रीय निर्वाचन आयोग | अध्यक्ष–१, उपाध्यक्ष–१, सचिव–१, सदस्यः खुला–१३, महिला–९ | २५ जना |

केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरूको संख्या र निर्वाचन क्षेत्रसमेत निर्धारण भएपश्चात् महासचिव कमरेड ईश्वर पोखरेलले नवौँ केन्द्रीय कमिटीको पन्ध्रौँ तथा अन्तिम बैठकमा भएको छलफलका आधारमा सर्वसम्मत रुपमा केन्द्रीय कमिटीको निर्वाचन गर्नका लागि आवश्यक प्रस्ताव पेस गर्न उपमहासचिव तथा संगठन विभाग प्रमुख कमरेड विष्णुप्रसाद पौडेललाई जिम्मेवारी दिनुभयो। सो अनुसार संगठन विभाग प्रमुख कमरेड विष्णुप्रसाद पौडेलले अहिले अवस्थामा पार्टीमा सहमति र एकताका साथ अघि बढ्नुपर्ने आवश्यकता रहेको महसुस केन्द्रीय कमिटीको बैठकमा भएको पृष्ठभूमि उल्लेख गर्दै सर्वसम्मत रुपमा केन्द्रीय कमिटी र केन्द्रीय निकायको निर्वाचन गर्नका लागि प्रस्ताव तयार गर्न अध्यक्ष कमरेड केपी शर्मा ओलीलाई जिम्मेवारी दिने प्रस्ताव हलसमक्ष राख्नुभयो। उक्त प्रस्तावलाई हलले सर्वसम्मत्तिका साथ अनुमोदन गऱ्यो। साथै, उक्त प्रस्तावमा कसैको विमति रहेका उम्मेदवार बन्न पाउने वैधानिक व्यवस्था रहेको उल्लेख गर्दै एकताका लागि आ–आफ्नो ठाउँबाट योगदान गर्न आग्रह गर्नुभयो।

**महाधिवेशनबाट पारित निर्वाचन प्रक्रिया**

१. दशौँ राष्ट्रिय महाधिवेशनको वन्दसत्रले केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगका पदाधिकारी तथा सदस्यहरूकाको निर्वाचन सर्वसम्मतिका साथ सम्पन्न गर्ने प्रयोजनका लागि पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीलाई उम्मेदवाहरूको नामावली प्रस्ताव गर्न जिम्मेवारी दिने।

२. उक्त प्रस्तावमा सहमत प्रतिनिधिहरूले अध्यक्ष कमरेडबाट प्रस्तुत भए बमोजिको पदाधिकारी वा सदस्य पदमा उम्मेवारी दिने र असहमत हुने प्रतिनिधिले आफूले इच्छाएको पदमा उम्मेवारी दिने सक्ने।

महाधिवेशनको जिम्मेवारी अनुरुप सर्वसम्मत्ति कायम गर्न अध्यक्ष कमरेडले निरन्तर छलफल गर्नुभयो। पार्टीलाई एकताबद्ध बनाउँदै महाधिवेशनबाट एउटै भावनाका साथ फर्किने वातावरण बनाउन विभिन्न चरणमा छलफल गर्नुपरेकाले बन्द–सत्र सुरु गर्न केही समय थप लाग्यो। नेतृत्व छलफल र परामर्शमा व्यस्त भइरहँदा हलमा महाधिवेशन प्रतिनिधिहरूका बीचमा केन्द्रीय प्रचार उपसमितिले तयार पारेका नेकपाका संस्थापक महासचिव कमरेड पुष्पलाल, पूर्वअध्यक्ष कमरेड मनमोहन अधिकारी र जननेता मदन भण्डारीका जीवनमाथि आधारित वृत्तिचित्रका साथै अध्यक्ष कमरेड प्रधानमन्त्री भएका बेला भएका भूमम्पपछिका पुनर्निर्माणका कामहरू र हाम्रो महाधिवेशनलाई समाजका विभिन्न क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तित्वहरूले दिएका शुभकामनाका भिडिओ क्लिपहरू प्रदर्शन गरियो। साथै, युवासंघ नेपालले तयार पारेको 'तस्वीरमा ओली सरकार' नामक पुस्तकमा आधारित वृत्तचित्र पनि देखाइयो।

महाधिवशेनको हलले अत्यन्त उत्साहका साथ ग्रहण गरेको र निर्णय भएको सर्वसम्मित्तको प्रस्तावमा असहमत भई निर्वाचनमा खडा हुने निर्णयका कारण सबै

महानिधवेशन प्रतिनिधिहरू निर्वाचन प्रक्रियामा सहभागी हुनुपर्ने भएकाले महाधिवेशन दुई दिन थप लम्बिन पुग्यो र मंसिर ११ र १२ गते सक्ने तय भएको बन्द–सत्र १४ गते मात्र सम्पन्न भयो ।

## ४. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगको निर्वाचन

२)७८ मंसिर १२ गते राती अध्यक्ष कमरेड केपी शर्मा ओलीले महाधिवेशनको बन्द–सत्रले आफूलाई दिएको जिम्मेवारी अनुरुप ३ सय १ सदस्यीय केन्द्रीय कमिटी, २५ सदस्यीय केन्द्रीय अनुशासन आयोग र २५ सदस्यीय केन्द्रीय लेखा आयोगको नाम प्रस्ताव गर्नुभयो ।

सहमति र निर्वाचनका दुबै लोकतान्त्रिक बाटोहरू खुल्ला रहेको उल्लेख गर्दै अध्यक्ष कमरेडले आफ्नो प्रस्तावप्रति सहमत नहुने कुनै पनि प्रतिनिधिलाई उम्मेदवार बन्ने विकल्प खुल्लै रहेको पनि बताउनुभयो। उक्त प्रस्ताव अत्यधिक प्रतिनिधिहरूले ताली बजाएर समर्थन जनाएपछि हलबाट पारित भयो। अध्यक्षमण्डलका सदस्य तथा केन्द्रीय कमिटीका उपाध्यक्ष भीमबहादुर रावलले त्यसमा असहमति राख्नुभयो र अध्यक्ष कमरेडको अनुमतिले हलसमक्ष त्यस कुराको जानकारी दिनुभयो ।

मंसिर १३ गते र १४ गते निर्वाचन आयोगले सञ्चालन गरेको निर्वाचनबाट नयाँ केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोग निर्वाचित भए। अधिकांश पदमा निर्विरोध र केहीमा निर्वाचनका माध्यमबाट नेतृत्व चयन भयो।

निर्वाचन आयोगका अध्यक्ष डा. विजय सुब्बाले मंसिर १४ गते साँझ आयोतिज समापन कार्यक्रममा अन्तिम निर्वाचन परिणाम घोषणा गर्नुभयो।

निर्वाचन आयोगका अध्यक्ष डा. विजय सुब्बाले नवनिर्वाचित अध्यक्ष कमरेड केपी शर्मा ओलीलाई शपथ ग्रहण गराउनुभयो थियो भने अध्यक्ष कमरेडले केन्द्रीय कमिटीका सदस्यहरूलाई शपथ गराउनुभयो।

केन्द्रीय अनुशासन आयोगका अध्यक्ष कमरेड केशव बडाल र केन्द्रीय लेखा आयोगका अध्यक्ष डा. पुष्प कँडेलले आ–आफ्ना आयोगका पदाधिकारी तथा सदस्यहरूलाई शपथ गराउनुभयो।

**केन्द्रीय कमिटी**

| क्र.सं. | पद | निर्वाचन क्षेत्र | पद संख्या | क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|---|---|---|---|
| क. | केन्द्रीय कमिटी | | ३०१ | | | | |
| १. | पदाधिकारी | | १९ | | | | |
| १.१ | अध्यक्ष | खुला | १ | १ | केपी शर्मा ओली | १८३७ | विजयी |
| | | | | २ | भीमबहादुर रावल | २२३ | |
| १.२ | वरिष्ठ उपाध्यक्ष | खुला | १ | १ | ईश्वर पोखरेल | | निर्विरोध निर्वाचित |
| १.३ | उपाध्यक्ष | खुला | ६ | १ | अष्टलक्ष्मी शाक्य | १९७६ | विजयी |
| | | | | २ | घनश्याम भुसाल | ७२५ | |
| | | | | ३ | युवराज ज्ञवाली | १८४२ | विजयी |
| | | | | ४ | रामबहादुर थापा | १७६८ | विजयी |
| | | | | ५ | विष्णुप्रसाद पौडेल | १८५६ | विजयी |
| | | | | ६ | सुरेन्द्रप्रसाद पाण्डे | १९२५ | विजयी |
| | | | | ७ | सुवासचन्द्र नेम्वाङ | १८६५ | विजयी |
| १.४ | महासचिव | खुला | १ | १ | शंकर पोखरेल | | निर्विरोध निर्वाचित |
| १.५ | उपमहासचिव | खुला | ३ | १ | पृथ्वीसुब्बा गुरुङ | | निर्विरोध निर्वाचित |
| | | | | २ | प्रदीप ज्ञवाली | | निर्विरोध निर्वाचित |
| | | | | ३ | विष्णुप्रसाद रिमाल | | निर्विरोध निर्वाचित |
| १.६ | सचिव | खुला | ७ | १ | गोकर्ण विष्ट | १९७४ | विजयी |

| क्र.सं. | पद | निर्वाचन क्षेत्र | पद संख्या | क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|---|---|---|---|
| | | | | २ | छविलाल विश्वकर्मा | १८०३ | विजयी |
| | | | | ३ | टंकप्रसाद कार्की | ५५९ | |
| | | | | ४ | टोपबहादुर रायमाझी | १८०४ | विजयी |
| | | | | ५ | पद्माकुमारी अर्याल | १७९९ | विजयी |
| | | | | ६ | भीमप्रसाद आचार्य | ७८८ | |
| | | | | ७ | योगेश भट्टराई | १९६० | विजयी |
| | | | | ८ | रघुवीर महासेठ | १५०० | विजयी |
| | | | | ९ | लेखराज भट्ट | १७०४ | विजयी |
| २. | सदस्य (भौगोलिक क्षेत्र) | | ६७ | | | | |
| २.१ | सदस्य- प्रदेश नं.१ | खुला | ६ | १ | किशोरकुमार अधिकारी | १७७३ | विजयी |
| | | | | २ | टंक आङ्बुहाङ्ग (लिम्बु) | १८१६ | विजयी |
| | | | | ३ | तिलकुमार मेन्याङ्बो लिम्बु | १८०५ | विजयी |
| | | | | ४ | परशुराम अधिकारी | १७८३ | विजयी |
| | | | | ५ | बसन्तकुमार नेम्बाङ | १९१० | विजयी |
| | | | | ६ | भाष्कर काफ्ले | ७२६ | |
| | | | | ७ | राजेन्द्रकुमार राई | १८३६ | विजयी |
| २.२ | सदस्य- प्रदेश नं.१ | महिला | ३ | १ | उषाकला राई | १८७५ | विजयी |
| | | | | २ | निरा खनाल | ६१४ | |
| | | | | ३ | मञ्जु भण्डारी | १७९० | विजयी |
| | | | | ४ | मेनुका काफ्ले | १६३४ | विजयी |
| २.३ | सदस्य- प्रदेश नं.२ | खुला | ६ | १ | अरविन्दकुमार सिंह | | निर्विरोध निर्वाचित |
| | | | | २ | उपेन्द्र साह | | निर्विरोध निर्वाचित |
| | | | | ३ | प्रभु साह | | निर्विरोध निर्वाचित |
| | | | | ४ | राजकुमार लेखी | | निर्विरोध निर्वाचित |
| | | | | ५ | लिलानाथ श्रेष्ठ | | निर्विरोध निर्वाचित |
| | | | | ६ | सुमन प्याकुरेल | | निर्विरोध निर्वाचित |
| २.४ | सदस्य- प्रदेश नं.२ | महिला | ३। | १ | कल्पनाकुमारी कटुवाल | | निर्विरोध निर्वाचित |
| | | | | २ | रञ्जना सरकार | | निर्विरोध निर्वाचित |
| | | | | ३ | रेखाकुमारी झा | | निर्विरोध निर्वाचित |
| २.५ | सदस्य-बागमती प्रदेश | खुला | ६ | १ | आनन्दप्रसाद पोखरेल | | निर्विरोध निर्वाचित |
| | | | | २ | कृष्णबहादुर राई | | निर्विरोध निर्वाचित |
| | | | | ३ | कैलाशप्रसाद ढुंगेल | | निर्विरोध निर्वाचित |
| | | | | ४ | खेमप्रसाद लोहनी | | निर्विरोध निर्वाचित |
| | | | | ५ | रामेश्वर रानामगर | | निर्विरोध निर्वाचित |
| | | | | ६ | सरेश नेपाल | | निर्विरोध निर्वाचित |
| २.६ | सदस्य- बागमती प्रदेश | महिला | ३ | १ | पार्वती रावल | | निर्विरोध निर्वाचित |
| | | | | २ | पेम्बा लामा | | निर्विरोध निर्वाचित |
| | | | | ३ | रचना खड्का | | निर्विरोध निर्वाचित |
| २.७ | सदस्य- गण्डकी प्रदेश | खुला | ६ | १ | इन्द्रलाल सापकोटा | | निर्विरोध निर्वाचित |

| क्र.सं. | पद | निर्वाचन क्षेत्र | पद संख्या | क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|---|---|---|---|
| | | | | २ | जगत विश्वकर्मा | | निर्विरोध निर्वाचित |
| | | | | ३ | टुकराज सिग्देल | | निर्विरोध निर्वाचित |
| | | | | ४ | तिलबहादुर महतक्षेत्री | | निर्विरोध निर्वाचित |
| | | | | ५ | भुपेन्द्रबहादुर थापा | | निर्विरोध निर्वाचित |
| | | | | ६ | मायानाथ अधिकारी | | निर्विरोध निर्वाचित |
| २.८ | सदस्य- गण्डकी प्रदेश | महिला | ३ | १ | नरदेवी पुनमगर | | निर्विरोध निर्वाचित |
| | | | | २ | मिनाकुमारी गुरुङ्ग | | निर्विरोध निर्वाचित |
| | | | | ३ | सिमाकुमारी क्षेत्री | | निर्विरोध निर्वाचित |
| २.९ | सदस्य-लुम्बिनी प्रदेश | खुला | ६ | १ | खेममान खड्का | | निर्विरोध निर्वाचित |
| | | | | २ | दिनेश पन्थी | | निर्विरोध निर्वाचित |
| | | | | ३ | नविन रोकामगर | | निर्विरोध निर्वाचित |
| | | | | ४ | भूमीश्वर ढकाल | | निर्विरोध निर्वाचित |
| | | | | ५ | लिला गिरी | | निर्विरोध निर्वाचित |
| | | | | ६ | हरि रिजाल | | निर्विरोध निर्वाचित |
| २.१) | सदस्य-लुम्बिनी प्रदेश | महिला | ३ | १ | मेनका पोखरेल | | निर्विरोध निर्वाचित |
| | | | | २ | सरिता खनाल (भुसाल) | | निर्विरोध निर्वाचित |
| | | | | ३ | सावित्रा अर्याल | | निर्विरोध निर्वाचित |
| २.११ | सदस्य- कर्णाली प्रदेश | खुला | ६ | १ | गुलावजंग शाह | | निर्विरोध निर्वाचित |
| | | | | २ | डम्वरबहादुर सिंह | | निर्विरोध निर्वाचित |
| | | | | ३ | धर्मराज रेग्मी | | निर्विरोध निर्वाचित |
| | | | | ४ | नगिन्द्र शाही (नेशनल) | | निर्विरोध निर्वाचित |
| | | | | ५ | निरज आचार्य | | निर्विरोध निर्वाचित |
| | | | | ६ | विष्णु रिजाल | | निर्विरोध निर्वाचित |
| २.१२ | सदस्य- कर्णाली प्रदेश | महिला | ३ | १ | तिर्था गौतम | | निर्विरोध निर्वाचित |
| | | | | २ | मिनासिंह रखाल | | निर्विरोध निर्वाचित |
| | | | | ३ | मोहनमाया ढकाल (भण्डारी) | | निर्विरोध निर्वाचित |
| २.१३ | सदस्य- सुदुरपश्चिम प्रदेश | खुला | ६ | १ | राजेन्द्रसिंह रावल | | निर्विरोध निर्वाचित |
| | | | | २ | अफिलाल ओखेडा | | निर्विरोध निर्वाचित |
| | | | | ३ | झफटबहादुर बोहरा | | निर्विरोध निर्वाचित |
| | | | | ४ | नारदमुनि राना | | निर्विरोध निर्वाचित |
| | | | | ५ | भैरवबहादुर सिंह | | निर्विरोध निर्वाचित |
| | | | | ६ | लिलाधर भट्ट | | निर्विरोध निर्वाचित |
| २.१४ | सदस्य-सुदुरपश्चिम प्रदेश | महिला | ३ | १ | कमलाकुमारी ओली | १७८६ | विजयी |
| | | | | २ | कुमारी कमला बोहरा | १७३० | विजयी |
| | | | | ३ | पशुपती कुबँर | ५२८ | |
| | | | | ४ | मन्जु मलासी | ६५७ | |
| | | | | ५ | सन्तोष शर्मा थापा | १२६९ | विजयी |
| २.१५ | सदस्य-उपत्यका विशेष | खुला | १ | १ | माधव ढुङ्गेल | | निर्विरोध निर्वाचित |
| २.१६ | सदस्य-उपत्यका विशेष | महिला | १ | १ | बिनाकुमारी श्रेष्ठ | | निर्विरोध निर्वाचित |

| क्र.सं. | पद | निर्वाचन क्षेत्र | पद संख्या | क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|---|---|---|---|
| २.१७ | सदस्य-सम्पर्क समन्वय | खुला | १ | १ | नरेन्द्रकुमार श्रेष्ठ | | निर्विरोध निर्वाचित |
| २.१८ | सदस्य-सम्पर्क समन्वय | महिला | १ | १ | कल्पना थापा | | निर्विरोध निर्वाचित |
| ३. | सदस्य (समावेशी क्षेत्र) | | ७८ | | | | |
| ३.१ | सदस्य-आदिवासी जनजाती | खुला | १७ | १ | आइन्द्रसुन्दर नेम्वाङ | | निर्विरोध निर्वाचित |
| | | | | २ | कमलजंग राई | | निर्विरोध निर्वाचित |
| | | | | ३ | केशव स्थापीत | | निर्विरोध निर्वाचित |
| | | | | ४ | खगेन्द्र राई | | निर्विरोध निर्वाचित |
| | | | | ५ | गोकुलप्रसाद घर्तीमगर | | निर्विरोध निर्वाचित |
| | | | | ६ | जमिन्द्रमान घले | | निर्विरोध निर्वाचित |
| | | | | ७ | टेकबहादुर वलम्पाकी | | निर्विरोध निर्वाचित |
| | | | | ८ | डम्बरसिं सम्बाहाम्फे | | निर्विरोध निर्वाचित |
| | | | | ९ | डा. अजय क्रान्ति शाक्य | | निर्विरोध निर्वाचित |
| | | | | १) | दलबहादुर राना | | निर्विरोध निर्वाचित |
| | | | | ११ | दावा तामाङ | | निर्विरोध निर्वाचित |
| | | | | १२ | पासाङ शेर्पा | | निर्विरोध निर्वाचित |
| | | | | १३ | लिलबहादुर थापामगर | | निर्विरोध निर्वाचित |
| | | | | १४ | विद्यासुन्दर शाक्य | | निर्विरोध निर्वाचित |
| | | | | १५ | सी।पी। घर्ती (चन्द्र प्रकाश) | | निर्विरोध निर्वाचित |
| | | | | १६ | हरिबहादुर राजवंशी | | निर्विरोध निर्वाचित |
| | | | | १७ | हरिबहादुर राई | | निर्विरोध निर्वाचित |
| ३.२ | सदस्य-आदिवासीजनजाति | महिला | ८ | १ | अमृता सुब्बा | | निर्विरोध निर्वाचित |
| | | | | २ | इश्वरी घर्ती | | निर्विरोध निर्वाचित |
| | | | | ३ | उर्मिला थेवे | | निर्विरोध निर्वाचित |
| | | | | ४ | जुनेलीमाया श्रेष्ठ | | निर्विरोध निर्वाचित |
| | | | | ५ | टसी स्याङ्बो गुरूङसेनी | | निर्विरोध निर्वाचित |
| | | | | ६ | तारादेवी राई | | निर्विरोध निर्वाचित |
| | | | | ७ | सावित्रा राना | | निर्विरोध निर्वाचित |
| | | | | ८ | सूर्यकुमारी श्रेष्ठ | | निर्विरोध निर्वाचित |
| ३.३ | सदस्य. मधेशी | खुला | १३ | १ | कुन्दनप्रसाद कुशवाहा | | निर्विरोध निर्वाचित |
| | | | | २ | गंगाप्रसाद यादव | | निर्विरोध निर्वाचित |
| | | | | ३ | मोतीलाल दुगड | | निर्विरोध निर्वाचित |
| | | | | ४ | जगदीशप्रसाद कुसियैत | | निर्विरोध निर्वाचित |
| | | | | ५ | पशुपतिदयाल मिश्र | | निर्विरोध निर्वाचित |
| | | | | ६ | प्रभु हजारा | | निर्विरोध निर्वाचित |
| | | | | ७ | प्रमोदनारायण यादव | | निर्विरोध निर्वाचित |
| | | | | ८ | राजकुमार प्रसाद गुप्ता | | निर्विरोध निर्वाचित |
| | | | | ९ | रामचन्द्र मण्डल | | निर्विरोध निर्वाचित |
| | | | | १) | रामलाल शाह | | निर्विरोध निर्वाचित |

| क्र.सं. | पद | निर्वाचन क्षेत्र | पद संख्या | क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|---|---|---|---|
| | | | | ११ | सरोज कुमार यादव | | निर्विरोध निर्वाचित |
| | | | | १२ | सुशीलकुमार श्रीवास्तव | | निर्विरोध निर्वाचित |
| | | | | १३ | हरिनारायण महतो | | निर्विरोध निर्वाचित |
| ३.४ | सदस्य- मधेशी | महिला | ६ | १ | कमलादेवी महतो | | निर्विरोध निर्वाचित |
| | | | | २ | जुलीकुमारी महतो | | निर्विरोध निर्वाचित |
| | | | | ३ | ज्वालाकुमारी साह | | निर्विरोध निर्वाचित |
| | | | | ४ | रितादेवी शाह | | निर्विरोध निर्वाचित |
| | | | | ५ | शिला यादव | | निर्विरोध निर्वाचित |
| | | | | ६ | सरीताकुमारी गिरी (यादव) | | निर्विरोध निर्वाचित |
| ३.५ | सदस्य- दलित | खुला | ८ | १ | ईश्वरबहादुर रिजाल (ईश्वरी रिजाल) | १८५६ | विजयी |
| | | | | २ | गोबिन्दबहादुर नेपाली | १८५८ | विजयी |
| | | | | ३ | जंगबहादुर नेपाली | १७५५ | विजयी |
| | | | | ४ | जितु गौतम (जितबहादुर दर्जी गौतम) | १८८५ | विजयी |
| | | | | ५ | नरबहादुर बि।क। | ७६६ | |
| | | | | ६ | पुरनसिंह दयाल | १८४६ | विजयी |
| | | | | ७ | बोमबहादुर बिश्वकर्मा | १८४३ | विजयी |
| | | | | ८ | रामदयाल मण्डल | १८२८ | विजयी |
| | | | | ९ | रामप्रित राम | १७४० | विजयी |
| ३.६ | सदस्य- दलित | महिला | ४ | १ | बिष्णुमाया बि।क। | | निर्विरोध निर्वाचित |
| | | | | २ | रामरति देवी राम | | निर्विरोध निर्वाचित |
| | | | | ३ | शिवकुमारी गोतामे (सार्की) | | निर्विरोध निर्वाचित |
| | | | | ४ | सविता रसाइली | | निर्विरोध निर्वाचित |
| ३.७ | सदस्य- थारू | खुल्ला | ५ | १ | कृपाराम राना | १८२८ | विजयी |
| | | | | २ | गौरीशंकर थारू चौधरी | १८६२ | विजयी |
| | | | | ३ | नरूलाल चौधरी | १८२९ | विजयी |
| | | | | ४ | बलबिरप्रसाद चौधरी | १७६३ | विजयी |
| | | | | ५ | वैजनाथ चौधरी | १७५३ | विजयी |
| | | | | ६ | जयप्रकाश थारू | ७१९ | |
| ३.८ | सदस्य- थारू | महिला | २ | १ | गंगा चौधरी (सतगौवा) | | निर्विरोध निर्वाचित |
| | | | | २ | मञ्जुकुमारी चौधरी | | निर्विरोध निर्वाचित |
| ३.९ | सदस्य- मुस्लिम | खुल्ला | ४ | १ | तैयवहुसेन मियाँ | | निर्विरोध निर्वाचित |
| | | | | २ | महम्मद समिर | | निर्विरोध निर्वाचित |
| | | | | ३ | महम्मद हारून हलुवाई | | निर्विरोध निर्वाचित |
| | | | | ४ | सिराज अहमद फारूकी | | निर्विरोध निर्वाचित |
| ३.१० | सदस्य- मुस्लिम | महिला | १ | १ | साजिदा खातुन सिद्दिकी | | निर्विरोध निर्वाचित |
| ३.११ | सदस्य- श्रमिक | खुला | ४ | १ | कमल गौतम | | निर्विरोध निर्वाचित |
| | | | | २ | बाबुराम थापा | | निर्विरोध निर्वाचित |

| क्र.सं. | पद | निर्वाचन क्षेत्र | पद संख्या | क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|---|---|---|---|
| | | | | ३ | रमेश वडाल | | निर्विरोध निर्वाचित |
| | | | | ४ | विनोद श्रेष्ठ | | निर्विरोध निर्वाचित |
| ३.१२ | सदस्य- श्रमिक | महिला | २ | १ | मञ्जुकुमारी थापामगर | | निर्विरोध निर्वाचित |
| | | | | २ | सीता लामा | | निर्विरोध निर्वाचित |
| ३.१३ | सदस्य- पिछडिएको क्षेत्र | खुला | ३ | १ | भरत साउद | ६२८ | |
| | | | | २ | भैरवसुन्दर श्रेष्ठ | १७७६ | विजयी |
| | | | | ३ | मोहन बानियाँ | १८१८ | विजयी |
| | | | | ४ | लालबहादुर थापा | १७०२ | विजयी |
| ३.१४ | सदस्य- पिछडिएको क्षेत्र | महिला | १ | १ | वदमी क्वारा बुढा (बोहोरा) | | निर्विरोध निर्वाचित |
| ४. | सदस्य (खुला क्षेत्र) | | १३७ | | | | |
| ४.१ | सदस्य- खुला | खुला | ८४ | १ | अग्निप्रसाद खरेल | १७८४ | विजयी |
| | | | | २ | अच्युतप्रसाद मैनाली | १७६३ | विजयी |
| | | | | ३ | अरुण नेपाल | १७८४ | विजयी |
| | | | | ४ | अष्टलक्ष्मी शाक्य | ६९० | पदाधिकारीमा विजयी भएकोले हटाइएको |
| | | | | ५ | कपिलदेव पोखरेल | १५७७ | विजयी |
| | | | | ६ | कमलप्रसाद चौलागाई | १७४० | विजयी |
| | | | | ७ | कर्णबहादुर थापा | १७०५ | विजयी |
| | | | | ८ | काशीनाथ अधिकारी | १८०६ | विजयी |
| | | | | ९ | किरण गुरुङ | १८११ | विजयी |
| | | | | १) | किरण पौडेल | १६४४ | विजयी |
| | | | | ११ | किशोरविक्रम मल्ल | १७८७ | विजयी |
| | | | | १२ | कुमार दशौंदी | १६५० | विजयी |
| | | | | १३ | कृष्णगोपाल श्रेष्ठ | १७४५ | विजयी |
| | | | | १४ | कृष्णप्रसाद दहाल | १७११ | विजयी |
| | | | | १५ | कृष्णप्रसाद पौडेल | १६७७ | विजयी |
| | | | | १६ | कृष्णबहादुर थापा | १७२६ | विजयी |
| | | | | १७ | केपी शर्मा ओली | ५६५ | पदाधिकारीमा विजयी भएकोले हटाइएको |
| | | | | १८ | खगराज अधिकारी | १७९७ | विजयी |
| | | | | १९ | खड्कबहादुर खड्का | १५८८ | विजयी |
| | | | | २) | खिमलाल भट्टराई | १७६९ | विजयी |
| | | | | २१ | गणेशकुमार पहाडी | १७८१ | विजयी |
| | | | | २२ | गणेशसिंह ठगुन्ना | १७३५ | विजयी |
| | | | | २३ | गिरीधारीलाल न्यौपाने | १६२९ | विजयी |
| | | | | २४ | गुरुप्रसाद बराल | १७३० | विजयी |

| क्र.सं. | पद | निर्वाचन क्षेत्र | पद संख्या | क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|---|---|---|---|
| | | | | २५ | गोकर्ण विष्ट | ८०० | पदाधिकारीमा विजयी भएकोले हटाइएको |
| | | | | २६ | गोकुलप्रसाद बाँस्कोटा | १७१२ | विजयी |
| | | | | २७ | गोरखबहादुर बोगटी | १७५० | विजयी |
| | | | | २८ | गोविन्द थापा | १६०८ | विजयी |
| | | | | २९ | घनश्याम पाण्डे | १७२७ | विजयी |
| | | | | ३० | घनश्याम भुसाल | १२६५ | विजयी |
| | | | | ३१ | चन्द्रबहादुर खड्का | १६६२ | विजयी |
| | | | | ३२ | चेतनारायण आचार्य | १६५० | विजयी |
| | | | | ३३ | छविलाल विश्वकर्मा | ९०६ | पदाधिकारीमा विजयी भएकोले हटाइएको |
| | | | | ३४ | जगन्नाथ थपलिया | १७१६ | विजयी |
| | | | | ३५ | जीवन घिमिरे | १७२२ | विजयी |
| | | | | ३६ | झपटबहादुर रावल | १७२५ | विजयी |
| | | | | ३७ | टंकप्रसाद कार्की | ९०५ | विजयी |
| | | | | ३८ | टोपबहादुर रायमाझी | ८४० | पदाधिकारीमा विजयी भएकोले हटाइएको |
| | | | | ३९ | ठाकुरप्रसाद गैरे | १८३२ | विजयी |
| | | | | ४० | डा। राजन भट्टराई | १७५९ | विजयी |
| | | | | ४१ | दधीराम न्यौपाने | १६४१ | विजयी |
| | | | | ४२ | दयालबहादुर शाही | १७१५ | विजयी |
| | | | | ४३ | दल रावल | १६७२ | विजयी |
| | | | | ४४ | दिवाकर देवकोटा | १६२७ | विजयी |
| | | | | ४५ | देवराज घिमिरे | १७५२ | विजयी |
| | | | | ४६ | देवीप्रसाद ज्ञवाली | १८७७ | विजयी |
| | | | | ४७ | देवेन्द्र दाहाल | १७०३ | विजयी |
| | | | | ४८ | नरबहादुर धामी | १७१८ | विजयी |
| | | | | ४९ | नवराज रावत | १७०४ | विजयी |
| | | | | ५० | नारायणबहादुर सिलवाल | १६४४ | विजयी |
| | | | | ५१ | निर्मल भट्टराई | १४८० | विजयी |
| | | | | ५२ | पठानसिंह बोहरा | १६४४ | विजयी |
| | | | | ५३ | पद्माकुमारी अर्याल | ७९९ | पदाधिकारीमा विजयी भएकाले हटाइएको |
| | | | | ५४ | परशुराम मेघी गुरुङ्ग | १७८३ | विजयी |
| | | | | ५५ | पार्वत गुरुङ्ग | १७९७ | विजयी |

| क्र.सं. | पद | निर्वाचन क्षेत्र | पद संख्या | क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|---|---|---|---|
| | | | | ५६ | पुरुषोत्तम पौडेल | १८०६ | विजयी |
| | | | | ५७ | प्रकाशबहादुर शाह | १७१४ | विजयी |
| | | | | ५८ | बलराम अधिकारी | १६९० | विजयी |
| | | | | ५९ | बालकृष्ण ढुंगेल | १६६६ | विजयी |
| | | | | ६० | भानुभक्त ढकाल | १७९९ | विजयी |
| | | | | ६१ | भीमप्रसाद आचार्य | १३९३ | विजयी |
| | | | | ६२ | भीमबहादुर कार्की | १५९२ | विजयी |
| | | | | ६३ | भीमबहादुर रावल | ९०४ | |
| | | | | ६४ | मणिचन्द्र थापा | १६९१ | विजयी |
| | | | | ६५ | मनोजजंग थापा | १५४२ | विजयी |
| | | | | ६६ | महेश बस्नेत | १७२४ | विजयी |
| | | | | ६७ | माधवप्रसाद अर्याल | १६६९ | विजयी |
| | | | | ६८ | यज्ञराज सुनुवार | १७५२ | विजयी |
| | | | | ६९ | यामलाल कँडेल | १७२० | विजयी |
| | | | | ७० | युवराज ज्ञवाली | ८५१ | पदाधिकारीमा विजयी भएकाले हटाइएको |
| | | | | ७१ | योगेश भट्टराई | ८०७ | पदाधिकारीमा विजयी भएकाले हटाइएको |
| | | | | ७२ | रघुजी पन्त | १७२५ | विजयी |
| | | | | ७३ | रघुवीर महासेठ | ८०१ | पदाधिकारीमा विजयी भएकाले हटाइएको |
| | | | | ७४ | रविन कोइराला | १६०४ | विजयी |
| | | | | ७५ | रविन्द्र अधिकारी | १६९६ | विजयी |
| | | | | ७६ | राजबहादुर बुढाक्षेत्री | १६०० | विजयी |
| | | | | ७७ | राजिव पहारी | १६३६ | विजयी |
| | | | | ७८ | राजेन्द्रप्रसाद गौतम | १६३९ | विजयी |
| | | | | ७९ | रामबहादुर थापा | ६९० | पदाधिकारीमा विजयी भएकाले हटाइएको |
| | | | | ८० | राम राना | १५४६ | विजयी |
| | | | | ८१ | रामशरण बस्नेत | १५९३ | विजयी |
| | | | | ८२ | रामेश्वर फुयाल | १६९६ | विजयी |
| | | | | ८३ | रोमनाथ ओली | १५२७ | विजयी |
| | | | | ८४ | लक्ष्मणराज ज्ञावली | १५४९ | विजयी |
| | | | | ८५ | लक्ष्मी पोखेल | १४६३ | विजयी |

| क्र.सं. | पद | निर्वाचन क्षेत्र | पद संख्या | क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|---|---|---|---|
| | | | | ८६ | लेखराज भट्ट | ७२७ | पदाधिकारीमा विजयी भएकाले हटाइएको |
| | | | | ८७ | विनोदप्रसाद ढकाल | १५६१ | विजयी |
| | | | | ८८ | विष्णुप्रसाद पौडेल | ६४३ | पदाधिकारीमा विजयी भएकाले हटाइएको |
| | | | | ८९ | शिवराज सुवेदी | १४११ | विजयी |
| | | | | ९० | शेरबहादुर तामाङ्ग | १७१० | विजयी |
| | | | | ९१ | शेरधन राई | १६५६ | विजयी |
| | | | | ९२ | श्रीप्रसाद जवेगु | १३४४ | विजयी |
| | | | | ९३ | संजीवकुमार झा "सुरज" | १२६८ | विजयी |
| | | | | ९४ | सुरेन्द्रप्रसाद पाण्डे | ६६७ | पदाधिकारीमा विजयी भएकाले हटाइएको |
| | | | | ९५ | सुवासचन्द्र नेम्वाङ | ६०० | पदाधिकारीमा विजयी भएकाले हटाइएको |
| | | | | ९६ | सूर्य ढकाल | १४२३ | विजयी |
| | | | | ९७ | सूर्य थापा | १४८५ | विजयी |
| | | | | ९८ | सोम मिश्र | १४९४ | विजयी |
| | | | | ९९ | हिक्मतकुमार कार्की | १५८९ | विजयी |
| ४.१ | सदस्य- खुला | महिला | ५३ | १ | अम्विका थापा | | निर्विरोध निर्वाचित |
| | | | | २ | इन्दु कडरिया | | निर्विरोध निर्वाचित |
| | | | | ३ | उषाकिरण तिम्सेना | | निर्विरोध निर्वाचित |
| | | | | ४ | श्रीमाया थकाली | | निर्विरोध निर्वाचित |
| | | | | ५ | कोमल ओली | | निर्विरोध निर्वाचित |
| | | | | ६ | गिता अधिकारी | | निर्विरोध निर्वाचित |
| | | | | ७ | गोमा आचार्य (गुमा) | | निर्विरोध निर्वाचित |
| | | | | ८ | गौरीकुमारी ओली | | निर्विरोध निर्वाचित |
| | | | | ९ | जानुका सिंखडा | | निर्विरोध निर्वाचित |
| | | | | १० | टुका हमाल | | निर्विरोध निर्वाचित |
| | | | | ११ | डा।शिवमाया तुम्वाहाङ्फे | | निर्विरोध निर्वाचित |
| | | | | १२ | तुलसाकुमारी दाहाल | | निर्विरोध निर्वाचित |
| | | | | १३ | थममाया थापा | | निर्विरोध निर्वाचित |
| | | | | १४ | दक्षिणा शाही | | निर्विरोध निर्वाचित |
| | | | | १५ | दिपा शर्मा | | निर्विरोध निर्वाचित |
| | | | | १६ | नविना लामा | | निर्विरोध निर्वाचित |

| क्र.सं. | पद | निर्वाचन क्षेत्र | पद संख्या | क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|---|---|---|---|
| | | | | १७ | निरकुमारी कुँवर (निरु दर्लामी) | | निर्विरोध निर्वाचित |
| | | | | १८ | निरुदेवी पाल | | निर्विरोध निर्वाचित |
| | | | | १९ | निर्मला देवकोटा | | निर्विरोध निर्वाचित |
| | | | | २० | प्रतिक्षा तिवारी | | निर्विरोध निर्वाचित |
| | | | | २१ | प्रभा बराल | | निर्विरोध निर्वाचित |
| | | | | २२ | बालिका गिरी | | निर्विरोध निर्वाचित |
| | | | | २३ | बिमला घिमिरे | | निर्विरोध निर्वाचित |
| | | | | २४ | बुधनीदेवी महतो | | निर्विरोध निर्वाचित |
| | | | | २५ | भगवती चौधरी | | निर्विरोध निर्वाचित |
| | | | | २६ | भगवती न्यौपाने | | निर्विरोध निर्वाचित |
| | | | | २७ | भारती पाठक | | निर्विरोध निर्वाचित |
| | | | | २८ | मनकुमारी जि।सि। (के।सी।) | | निर्विरोध निर्वाचित |
| | | | | २९ | ममता गिरी | | निर्विरोध निर्वाचित |
| | | | | ३० | मीना उप्रेती | | निर्विरोध निर्वाचित |
| | | | | ३१ | मैनाकुमारी भण्डारी | | निर्विरोध निर्वाचित |
| | | | | ३२ | लक्ष्मी गौतम | | निर्विरोध निर्वाचित |
| | | | | ३३ | लीलाकुमारी भण्डारी | | निर्विरोध निर्वाचित |
| | | | | ३४ | विद्या भट्टराई | | निर्विरोध निर्वाचित |
| | | | | ३५ | विना राई | | निर्विरोध निर्वाचित |
| | | | | ३६ | विन्दा ढुंगाना | | निर्विरोध निर्वाचित |
| | | | | ३७ | विन्दा पाण्डे | | निर्विरोध निर्वाचित |
| | | | | ३८ | शर्मीला कार्की | | निर्विरोध निर्वाचित |
| | | | | ३९ | शान्ता चौधरी | | निर्विरोध निर्वाचित |
| | | | | ४० | शान्तीदेवी ढकाल | | निर्विरोध निर्वाचित |
| | | | | ४१ | शोभा ज्ञावाली | | निर्विरोध निर्वाचित |
| | | | | ४२ | संझना देवकोटा | | निर्विरोध निर्वाचित |
| | | | | ४३ | सकुन्तला बस्नेत | | निर्विरोध निर्वाचित |
| | | | | ४४ | सरश्वती बस्नेत | | निर्विरोध निर्वाचित |
| | | | | ४५ | सरिता न्यौपाने | | निर्विरोध निर्वाचित |
| | | | | ४६ | सिता गिरी (ओली) | | निर्विरोध निर्वाचित |
| | | | | ४७ | सिता न्यौपाने | | निर्विरोध निर्वाचित |
| | | | | ४८ | सिता पौडेल | | निर्विरोध निर्वाचित |
| | | | | ४९ | सिर्जना काफ्ले | | निर्विरोध निर्वाचित |
| | | | | ५० | सीताकुमारी सुन्दास | | निर्विरोध निर्वाचित |
| | | | | ५१ | सुजिता शाक्य | | निर्विरोध निर्वाचित |
| | | | | ५२ | सुनीता बराल | | निर्विरोध निर्वाचित |
| | | | | ५३ | सुसिला नेपाल | | निर्विरोध निर्वाचित |
| केन्द्रीय अनुशासन आयोग | | | | | | | |
| | अध्यक्ष | १ | | १ | केशवप्रसाद बडाल | | निर्विरोध निर्वाचित |

| क्र.सं. | पद | निर्वाचन क्षेत्र | पद संख्या | क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|---|---|---|---|
| | उपाध्यक्ष | १ | | १ | नेत्रप्रसाद पन्थी | | निर्विरोध निर्वाचित |
| | सचिव | १ | | १ | प्रा।डा। भरतराज पहारी | | निर्विरोध निर्वाचित |
| | सदस्य | खुला | १३ | १ | अर्जुन राई | | निर्विरोध निर्वाचित |
| | | | | २ | कर्णबहादुर घले | | निर्विरोध निर्वाचित |
| | | | | ३ | चक्रबहादुर पराजुली | | निर्विरोध निर्वाचित |
| | | | | ४ | छविलाल ओली | | निर्विरोध निर्वाचित |
| | | | | ५ | झपेन्द्रबहादुर जि।सी। | | निर्विरोध निर्वाचित |
| | | | | ६ | डम्वर अर्याल | | निर्विरोध निर्वाचित |
| | | | | ७ | डा।कृष्ण न्यौपाने | | निर्विरोध निर्वाचित |
| | | | | ८ | तुलसीप्रसाद चौधरी | | निर्विरोध निर्वाचित |
| | | | | ९ | देवराज भार | | निर्विरोध निर्वाचित |
| | | | | १० | पोष्टकुमार नेपाल | | निर्विरोध निर्वाचित |
| | | | | ११ | शान्तिदेवी खनाल | | निर्विरोध निर्वाचित |
| | | | | १२ | सर्वतलाल राजवंशी | | निर्विरोध निर्वाचित |
| | | | | १३ | हर्कबहादुर कुँवर (गोविन्द) | | निर्विरोध निर्वाचित |
| | सदस्य | महिला | ९ | १ | दुर्गाकुमारी दाहाल | | निर्विरोध निर्वाचित |
| | | | | २ | मित्रकुमारी सुवेदी गुरुङ | | निर्विरोध निर्वाचित |
| | | | | ३ | रणकुमारी वलमपाकी मगर | | निर्विरोध निर्वाचित |
| | | | | ४ | राजकुमारी इङ्गनाम | | निर्विरोध निर्वाचित |
| | | | | ५ | लक्ष्मी शाह | | निर्विरोध निर्वाचित |
| | | | | ६ | लक्ष्मीदेवी भण्डारी | | निर्विरोध निर्वाचित |
| | | | | ७ | लिला कट्टेल कार्की | | निर्विरोध निर्वाचित |
| | | | | ८ | विणा वास्तोला | | निर्विरोध निर्वाचित |
| | | | | ९ | सरश्वती गौतम | | निर्विरोध निर्वाचित |
| केन्द्रीय लेखा आयोग | | | | | | | |
| | अध्यक्ष | १ | | १ | पुष्पराज कडेल | | निर्विरोध निर्वाचित |
| | उपाध्यक्ष | १ | | १ | विष्णु पन्थी | | निर्विरोध निर्वाचित |
| | सचिव | १ | | १ | शिव अधिकारी | | निर्विरोध निर्वाचित |
| | सदस्य | खुला | १३ | १ | इश्वरीप्रसाद खरेल | | निर्विरोध निर्वाचित |
| | | | | २ | कोमल भट्टराई | | निर्विरोध निर्वाचित |
| | | | | ३ | फटकबहादुर (पी।बी।) गोले | | निर्विरोध निर्वाचित |
| | | | | ४ | खम्वबहादुर खत्री | | निर्विरोध निर्वाचित |
| | | | | ५ | घनेन्द्रराज घिमिरे | | निर्विरोध निर्वाचित |
| | | | | ६ | धनबहादुर विश्वकर्मा | | निर्विरोध निर्वाचित |
| | | | | ७ | भिमलाल पौडेल | | निर्विरोध निर्वाचित |
| | | | | ८ | मस्तबहादुर गरंजा | | निर्विरोध निर्वाचित |
| | | | | ९ | मिनराज कडेल | | निर्विरोध निर्वाचित |
| | | | | १० | राजकिशोर यादव | | निर्विरोध निर्वाचित |

| क्र.सं. | पद | निर्वाचन क्षेत्र | पद संख्या | क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|---|---|---|---|
| | | | | ११ | रेवतीरमण शर्मा | | निर्विरोध निर्वाचित |
| | | | | १२ | शंकरबहादुर कार्की | | निर्विरोध निर्वाचित |
| | | | | १३ | उम्मेदवारी नपरेको | | |
| | सदस्य | महिला | ९ | १ | कल्पना लिम्बु | | निर्विरोध निर्वाचित |
| | | | | २ | जसमाया गजमेर | | निर्विरोध निर्वाचित |
| | | | | ३ | पद्मा जि।सि। श्रेष्ठ | | निर्विरोध निर्वाचित |
| | | | | ४ | बसुन्धरा रोकाया | | निर्विरोध निर्वाचित |
| | | | | ५ | मालतीकुमारी लिम्बू | | निर्विरोध निर्वाचित |
| | | | | ६ | विजया धिताल | | निर्विरोध निर्वाचित |
| | | | | ७ | विमला के।सी। | | निर्विरोध निर्वाचित |
| | | | | ८ | शान्ति पाख्रिन | | निर्विरोध निर्वाचित |
| | | | | ९ | सावित्री विश्वकर्मा (सावित्रा वि।का।) | | निर्विरोध निर्वाचित |

## ५. समसामयिक प्रस्ताव

दशौं राष्ट्रिय महाधिवेशनमा कमरेड प्रदीपकुमार ज्ञवालीले समसामयिक विषयमा १७ बुँदे प्रस्ताव प्रस्तुत गर्नुभयो। महाधिवेशनले ती प्रस्तावहरुलाई सर्वसम्मतिले पारित गऱ्यो।

अध्यक्ष मण्डलका अध्यक्ष तथा नवनिर्वाचित पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीले महाधिवेशनमा नेतृत्व निर्माणमा सहभागी सबै प्रतिनिधि कमरेडहरूलाई धन्यवाद दिनुका साथै यसलाई सफल पार्नका लागि सहयोग गर्नुहुने जनसमुदायप्रति आभार प्रकट गर्नुभयो। साथै, महाधिवेशन सफल पार्नका लागि खट्नुहुने स्वयम्सेवक, स्वास्थ्यकर्मी, कलाकार, सञ्चारमाध्यमलगायत सबैलाई धन्यवाद दिनुभयो। अध्यक्ष कमरेडले नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई बधाई दिँदै दशौँ राष्ट्रिय महाधिवेशन भव्य सफलताका साथ समापन भएको घोषणा गर्नुभयो।

# सल्लाहकार परिषद्को प्रतिवेदन

**अध्यक्ष तथा प्रतिनिधि परिषद्का कमरेडहरू**

हामी यतिखेर हाम्रो गौरवशाली पार्टी नेकपा (एमाले) को प्रथम राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को गोदावरी बैठकमा ऐतिहासिक दायित्वबोधका साथ उपस्थित भएका छौं। यस अवसरमा मुलुकको राष्ट्रियता, लोकतन्त्र र कम्युनिष्ट आन्दोलनको निम्ति आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरूप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं।

पार्टीको दशौं राष्ट्रिय महाधिवेशन सम्पन्न भएको अहिले करिब अढाई वर्ष पछि यो प्रथम परिषद् बैठक हुँदैछ। यसबीचमा हामीले आन्तरिक र बाह्य दुवैखाले/चुनौतीको सामना गरेका छौं। अनेकौं प्रतिकूलता, घेराबन्दी र महागठबन्धनको प्रहार खेप्दै संघ, प्रदेश र स्थानीय तहको निर्वाचनहरू सम्पन्न भएका छन्। यसमा हामीले सफलता र कमजोरीहरू दुवै हात पारेका छौं। पार्टीको आन्तरिक जीवन व्यवस्थित गर्ने सन्र्दभमा प्रदेश, जिल्ला र स्थानीय कमिटीको अधिवेशनहरू सम्पन्न गर्दै संगठनलाई एकताबद्ध, गतिशील र सुदृढ गर्ने दिशामा अघि बढिरहेका छौं। यी उपलब्धिहरू हामी सबैको लागि खुशीको कुरा हो।

वर्तमान राष्ट्रिय राजनीतिको विविध पक्षको विश्लेषणसहित पार्टीको तर्फबाट राजनीतिक प्रतिवेदन तथा संगठनात्मक क्षेत्रका समग्र समस्याहरूबारे संगठनात्मक प्रस्तावहरू बैठकमा प्रस्तुत भइसकेका छन्। तसर्थ हामीले सल्लाहकार परिषद्को गतिविधि तथा सुझावहरूलाई संक्षेपमा परिषद् बैठकलाई जानकारी गराउने प्रयास गरेका छौं। यो हाम्रो दायित्व पनि हो। प्रस्तुत प्रतिवेदनउपर आफ्नो महत्वपूर्ण सुझाव प्रदान गरी आगामी दिनमा परिषद्लाई अरु प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा हामीले राखेका छौं।

## १. पार्टीमा परिषद्को व्यवस्था

हाम्रो विधानको धारा २७ ले पार्टीमा सल्लाहकार परिषद्को व्यवस्था गरेको छ। पार्टीका पाका–पुराना अनुभवी र संघर्षमा खारिएका कमरेडहरूलाई अविभावकीय भूमिकाको निम्ति परिषद् गठनको व्यवस्था भएको हो। पार्टीले तोकेको बाहेक यसको प्रमुख काम भनेको पार्टीलाई आवश्यक सल्लाह र सुझाव गरेर सहयोग प्रदान गर्नु रहेको छ।

सल्लाहकार परिषद्मा पार्टीभित्रको भूमिका, सन्तुलन तथा एकताको पक्षलाई समेत ध्यानमा राखी सदस्यहरू चयन गरिएको छ। वर्तमान परिषद्मा पार्टीका अन्य जिम्मेवारी बहन गर्नसक्ने कतिपय प्रौढ कमरेडहरू पनि हुनुहुन्छ। उहाँहरूमध्ये कतिपयले भूगोलको जिम्मेवारी आफुलाई दिनु उचित हुन्छ भन्ने आग्रह रहेको व्यहोरा समेत जानकारी गराउँदछौं।

पार्टी विधानको धारा २७ को उपधारा २ ले सल्लाहकार सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्य सरह तोकेको हामीलाई जानकारी नै छ। तर कतिपय ठाउँमा उक्त व्यवस्थालाई ख्याल नगरी यो व्यवस्थालाई पालना नगरेको पाइन्छ। भेला, बैठक, प्रशिक्षण, अधिवेशन तथा पार्टीले आयोजना गरेको राष्ट्रिय अभियानहरूमा उहाँहरूलाई उचित रुपमा सम्बोधन र व्यवस्था नगरिएको यथार्थप्रति ध्यानाकर्षण गराउँदै आगामी दिनहरूमा विधानबमोजिम उचित व्यवस्था गर्न आग्रह गर्दछौँ। उल्लेखित भूमिकाहरूमा परिषद् सदस्यहरूको ज्ञान, क्षमता र अनुभवहरूलाई पार्टीको हितमा सम्पूर्ण रुपले सदुपयोग गरियोस् भनी जोड गर्दछौं।

## २. हाम्रो संगठनात्मक अवस्था

वर्तमान अवस्थामा आइपुग्दा हाम्रो सल्लाहकार परिषद्को संख्या ३४४ रहेको छ। यो संख्या केन्द्रीय कमिटीले विभिन्न समयमा निर्णय गरेको संख्या हो। प्रादेशिक रुपमा यसलाई वितरण गर्दा हरेक प्रदेशमा निम्नअनुसार भएको देखिन्छ। कोशी ५७, मधेश ३२, बागमती ७२, गण्डकी ३९, लुम्बिनी ७६, कर्णाली ३० तथा सुदूरपश्चिम ३१ रहेको छ। उल्लेखित संख्याभित्र भारत प्रवासको संख्या पनि निहीत छ। यो संख्यामध्ये विभिन्न मितिमा क. इन्दिरा चापागाईं (झापा), भोजराज ढुंगेल (सिन्धुली), रामबहादुर दानी (हुम्ला), रामचन्द्र चापागाईं (रुपन्देही), धर्मनाथ यादव (सिरहा), महेश चौधरी (दाङ) र प्रा.डा. ऋतु गड्तौला (काठमाडौं) समेत ७ जना परिषद्का कमरेडहरूको दुःखद निधन भएको छ। हामीले पार्टी र लोकतान्त्रिक आन्दोलनको निर्माणमा उहाँहरूले पुऱ्याउनुभएको योगदानको उच्च मूल्यांकन गर्दै तत्तत् समयमा भावपूर्ण हार्दिक श्रद्धाञ्जलि अर्पण गरिसकेका छौं।

परिषद् गतिविधिकै क्रममा क. लालबहादुर विश्वकर्मा (कञ्चनपुर), परशुराम कार्की (खोटाङ), मानबहादुर जिसी (कास्की), ढाकाराम अर्याल (स्याङ्जा), जगन्नाथ आचार्य (सिन्धुपाल्चोक) गोपाल गुरगाईं (धनकुटा) तथा भोजराज जोशी (कञ्चनपुर) समेत गरी ७ जना कमरेडहरू लामो समयदेखि

विभिन्न रोगका कारण अस्वस्थ रहनुभएकोले परिषद्का गतिविधिमा राम्ररी संलग्न हुननसकेको अवस्था समेत यस प्रतिनिधि परिषद्लाई अवगत गराउँछौं।

यसबाहेक १० जना परिषद्का कमरेडहरूमध्ये केहीले परिषद्मा रहन अनिच्छा जाहेर गर्नुभएको छ भने केही सम्पर्क बाहिर रहनुभएको व्यहोरा समेत जानकारी गराउँछौं। हामीले अझै पनि सम्पर्क बाहिर रहेका कमरेडहरूलाई सम्पर्क गर्ने र अनिच्छा जाहेर गर्नेलाई त्यसको यथार्थ कारण बुझ्ने प्रयास जारी राखेका छौं।

२०७९ साल वैशाख ८/९ गते हाम्रो परिषद्को प्रथम बैठक भएको थियो। भरपर्दा सूचना सम्पर्कको अभाव, आफ्नो शारीरिक अस्वस्थता र केही देश बाहिर रहनुपरेको कारण केही कमरेडहरू त्यस बैठकमा उपस्थित हुन सक्नुभएन। बैठकमा पार्टीका अध्यक्ष कमरेड केपी शर्मा ओली तथा महासचिव कमरेड शंकर पोखरेलले 'देशको समसामयिक राजनीतिक परिस्थिति र पार्टीको संगठनात्मक कार्यभारको सम्बन्धमा प्रकाश पार्नुभएको थियो। बैठकको दोस्रो शत्रमा हामीले सहभागी कमरेडहरूको विभिन्न समूह विभाजन गरी पार्टीका बारेमा आ–आफ्ना सुझाव, टिप्पणी र आलोचनाहरू मागेका थियौं। हार्दिक र खुलस्त वातावरणमा भएका छलफलबाट आएका सुझावहरूलाई हामीले त्यसपछि बसेको केन्द्रीय बैठकहरूमा प्रस्तुत गरिसकेका छौं।

काठमाडौंमा बसेको पूर्ण बैठकमा परिषद्को बैठक छिटोछिटो बस्दा सदस्यहरूमा गतिशीलता आउने कुरा जोडदार उठेको थियो। तर बैठकमा आउँदा जाँदा लाग्ने खर्चपर्च जस्ता अनेक कारणले त्यो सम्भव भएन। कमरेडहरूलाई विदितै छ, सबै सदस्यहरूको आर्थिक हैसियत समान छैन। निम्न आय भएका कमरेडहरूलाई बैठकमा आउन जान लाग्ने खर्च जुटाउन धेरै हम्मे परेको कुरा बैठकमा उठे। त्यसैले पहिलो पूर्ण बैठककै निर्णयअनुसार आवश्यकता हेरी प्रदेशस्तरमा परिषद्को पुरक बैठक बोलाउने सल्लाह भएको थियो। त्यसअनुसार हालसम्म सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशमा समेतमा गरी ३ वटा प्रदेश पुरक बैठक पार्टी प्रदेश कमिटीको व्यवस्थापनमा सम्पन्न भइसकेका छन्। बाँकी चारवटा प्रदेशका बैठकहरू भने संघ, प्रदेश र स्थानीय तहको निर्वाचन, अविरल वर्षा, बाढी, पहिरो, पार्टीको मिशन ग्रासरुट अभियान तथा झुलाघाट चिवाभञ्ज्याङ संकल्प यात्रा आदिका कारण सम्पन्न गर्न सकिएको छैन। प्रदेश पार्टीसँगको परामर्श र समन्वयमा बाँकी पुरक बैठकहरू हामी क्रमशः गर्दै जानेछौं।

कमरेडहरू ! अब हामी परिषद्को पूर्ण बैठक तथा पुरक बैठकलगायत परिषद्को कार्यकक्षमा भएको सचिवालय र सपथग्रहण विशेष बैठक समेतबाट प्राप्त पार्टीको निम्ति सुझाव, टिप्पणी र आलोचनालाई साररुपमा निम्न शीर्षकहरूमा यस सम्मानित परिषद्मा राख्न चाहन्छौं।

## ३. आर्थिक–सामाजिक अवस्था

नेपालको आर्थिक क्षेत्रका पछिल्ला तथ्याङ्कहरूले सकारात्मक भुक्तानी संतुलन, घट्दो व्यापार घाटा, बढ्दो विप्रेषण आय, फस्टाउँदो पर्यटन व्यवसाय, बढ्दो विदेशी विनिमय सञ्चिती, घट्दो गरिबी, न्यून मुद्रास्फिति, यथेष्ट तरलताजस्ता सकारात्मक सूचकहरू देखाए तापनि अर्थतन्त्रलाई गहिरिएर हेर्ने हो भने गम्भीर जोखिमहरू बढिरहेको देखिन्छ। ऊर्जाशील युवाहरूको बढ्दो बहिर्गमन, उजाड बन्दै गएको ग्रमीण अर्थतन्त्र, बढ्दो परनिर्भरता, पारिवारिक विखण्डन, खुम्चिंदो उत्पादनशील उद्योग, घट्दो व्यापार, लड्खडाउँदो सहकारी, दुर्लभ रोजगारी, बढ्दो आर्थिक असमानता आदि आजका नेपाली अर्थतन्त्रका गम्भीर समस्या र जोखिमहरू हुन्। उल्लेखित अवस्थाको समुचित समाधान हुन नसकेमा यस्ले विपन्न वर्गका जनसमुदायलाई झन् गरीब तुल्याउने र सीमित संख्या रहेको सम्पन्न वर्गलाई झन् धनी हुने विषम् परिस्थिति सिर्जना हुनेछ। हामीले शिक्षालाई सीपसँग, सीपलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सक्यौं भने यसले धेरै समस्याहरू समाधान गर्नेछ। त्यस्तै नियामक निकायहरूलाई सक्रिय बनाउन सकेमा यसले विद्यमान वित्तीय र सहकारी क्षेत्रका समस्याहरू मात्र हैन सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित समस्याहरू पनि धेरैहदमा न्यूनीकरण हुनेछन्। भ्रष्टाचारका मुद्दाहरूको निष्पक्ष छानवीन अघि बढाउन सकियो भने सुशासनको शुरुवात हुनेछ र प्रशासन लयमा फर्कनेछ। संसदमा कानून निर्माण हुने वातावरण बनाउन सक्यौं भने तीनैतहका सरकारहरूले विकास निर्माणका कार्यहरूलाई थप गति दिन सक्नेछन्।

## ४. राष्ट्रिय अभियानमा सहभागिता

पार्टीले यो वर्ष दुईवटा राष्ट्रिय अभियान सञ्चालन गऱ्यो। दुई महिने 'मिशन ग्रासरुट' र 'झुलाघाट चिवा भञ्ज्याङ संकल्प यात्रा' सम्पन्न भए। यी महत्वपूर्ण अभियानमा केन्द्रीय

सल्लाहकारलगायत केन्द्रीय निकायका शारीरिक रुपमा सबल सबै सदस्यहरूलाई आआफ्नो ठाउँमा सहभागी गराउन सूचना पार्टीबाट गरिनुपर्दथ्यो, त्यसो भएन। सहभागिताको प्रश्न स्वेच्छामा निर्भर जस्तो भयो। यसमा कमि रह्यो भन्ने हाम्रो अनुभूति हो। तसर्थ आगामी दिनमा सञ्चालन गरिने यस प्रकारका महत्वपूर्ण कार्यक्रमहरूमा औपचारिक रुपमा सहभागी गर्न/गराउन पार्टीले परिपत्र गर्नुपर्छ भन्ने हाम्रो परिषद्को धारणा हो।

## ५. स्थानीय वर्गसंघर्ष र शोषणको रुप

विगत केही वर्षदेखि नेपालमा ठूलठूला राजनीतिक परिवर्तनहरू भएका छन्। आन्दोलनका उपलब्धिलाई संस्थागत गर्न संविधान र कानुनहरू पनि बनेका छन्। यो राम्रो कुरा हो। तर समाजको आमूल परिवर्तनको पक्षमा उभिएको हाम्रो जस्तो पार्टीले यता धेरै वर्षदेखि स्थानीय वर्गसंरचनाको ठोस र मार्क्सवादी अध्ययन तथा विश्लेषण गरेको छैन। अप्ठ्यारो नमानी भन्दा वर्ग दृष्टिकोण, वर्ग नीति र वर्गसंघर्ष भन्ने मार्क्सवादी मान्यतालाई समेत विर्सन थाले जस्तो अनुभूति भएको छ। हामी आधारभूत रुपमा कसको पक्षमा भन्ने प्रश्न समेत गञ्जागोल हुनथालेको आभास भएको छ। हामीमा वर्गीय पे्रमको भावना खासै देखिदैन। हामीले हरहमेसा अरु पार्टीकै जस्तो 'चुनावदेखि चुनावसम्म', 'राजनीतिक सत्तादेखि राजनीतिक सत्तासम्मको यात्रामा सीमित हुन खोजेको जस्तो आभास पाइएको छ। जीविका, रोजगारी र उद्योगधन्दाका सवालमा खासै छलफल भएको देखिदैन। हाम्रा दुवै तहका संसदहरू मौन बन्न पुगेका छन्।

तसर्थ हामीले बुझ्नुपर्छ– अहिले शोषणको रुपहरू फेरिएका छन्। तर हाम्रा मजदूर किसानहरूले फेरिएका शोषणको रुपलाई बुझ्नसकेका छैनन् र आधारभूत रुपमा त्यसबाट मुक्त पनि भएका छैनन्। जबसम्म हामीले आम जनसमुदायलाई परिवर्तित शोषणको रुप वा जालोलाई बुझ्न र त्यसको विरोध–भन्डाफोर गर्ने नीति लिंदैनौं, तबसम्म नयाँ रुपको घरेलु तथा वैदेशिक शोषणबाट हाम्रा जनसमुदाय कहिल्यै मुक्त हुने छैनन्। र, सधैंभरि शोषणको जाँतोमा पिल्सिरहनेछन्। त्यसैले जनताको पीरमर्काजस्ता जनसरोकारका विषयहरूमा हाम्रो पार्टीले सधैं आवाज बुलन्द गरिरहनुपर्छ र स्थानीय वर्गसंघर्ष, संगठित गर्न महत्वका साथ ध्यान दिनुपर्दछ। अन्यथा हाम्रा जनतामा निराशा बढ्ने र विस्तारै अर्काको पकडमा पुग्नसक्ने खतरालाई पार्टीले समयमै महशुस गर्नुपर्दछ।

## ६. निर्वाचन प्रक्रियाको समीक्षा

हाम्रो पार्टी स्थानीय, प्रदेश र केन्द्रीय तहको महत्वपूर्ण निर्वाचनमा सहभागी भइसकेको छ। पाँच दलीय गठबन्धनको चौतर्फी घेराबन्दीको बाबजुद पनि जनमतको दृष्टिले हाम्रो पार्टी नेकपा (एमाले) मुलुकको पहिलो लोकप्रिय पार्टी बन्न सफल भए तापनि गणीतिय दृष्टिले दोस्रो स्थानमा खुम्चिन बाध्य भएको छ। हामीलाई लागेको छ, यही महागठबन्धन र पार्टी विभाजन बाह्य कारण देखिए तापनि त्यसको प्रमुख कारण आन्तरिक नै थियो। उमेद्वार चयनमा कमजोरी, उमेद्वारप्रति कार्यकर्ता र जनतामा देखापरेको असन्तुष्टि र टिकट पाउने र नपाउने बीचको अस्वस्थ प्रतिस्पर्धाबाट जन्मेको घात अन्तरघातका कारण समेत हामीले अपेक्षित सफलता प्राप्त गर्न नसकेको तथ्य यर्थाथ र सही हो। यो कुराको समीक्षा गर्न धेरै ढिलो भइरहेको छ। तसर्थ, ढिलै भए पनि पार्टीले तीन तहको निर्वाचनको तत्कालै वस्तुनिष्ठ समीक्षा गरी आगामी निर्वाचनको लागि गम्भीर शिक्षासहित तयारीमा जुट्नुपर्दछ। यो कुरालाई समयमा ध्यान दिइएन भने फेरि त्यही प्रवृत्ति आगामी दिनमा पनि दोहरिने खतरा रहन्छ।

## ७. सामूहिक नेतृत्व प्रणाली अवलम्बन

हाम्रो पार्टीको नेतृत्व प्रणाली सामूहिक प्रणाली हो। हाम्रो विधानले यही व्यवस्था गरेको छ। लामै समयदेखि हामी यही प्र्रणाली अवलम्बन गर्दै आएका छौं। सामूहिक नेतृत्व प्रणाली भनेको हरेक निर्णयलाई कमिटीगत छलफलद्वारा संस्थागत गर्ने पद्धति हो। यसले एकातिर निर्णयहरूमा कमिटी सदस्यहरूको अपनत्व स्थापित गर्दछ भने अर्कोतर्फ जिम्मेवारीको भावना पनि बढाउँछ।

कमरेड लेनिन भन्नुहुन्छ, 'व्यक्ति संगठनको अधिनस्थ' हुन्छ। नेकपा (एमाले) यसै मान्यताद्धारा निर्देशित पार्टी हो। तर अहिले हाम्रा संगठनात्मक व्यवहारहरूतर्फ फर्केर हेर्दा हामी कताकता यो शैलीबाट क्रमशः विमुख हुन थालेको आभास मिल्दछ। कमिटी संख्या पनि अस्वभाविक रुपमा ठूला छन्। जसले गर्दा सजिलोको लागि महत्वपूर्ण कुराहरू पनि पदाधिकारीको सानो समूहले टुंगो लगाउने प्रचलन व्यवहारमा देखिन थालेको छ। यस्ले गर्दा सामूहिक जवाफदेहिता जस्तो महत्वपूर्ण पाटो कमजोर बन्न पुगेको छ। अतः यस प्रकारका शैली र प्रवृत्तिप्रति हामी समयमै सचेत हुन जरुरी छ।

केही पहिला झापाको एकजना व्यवसायी व्यक्ति "पार्टीको केन्द्रीय कमिटीमा पदोन्नति" गरिए। केही समय पछि उनी केन्द्रीय कमिटीबाट हटे। तर उनी चुप लागेर नबसी हाम्रो पार्टी र पार्टी नेतृत्वविरुद्ध सर्वाङ्ग रुपमा छारस्ट बन्न पुगे। त्यसले नपुगेर अहिले पनि उनी हाम्रो पार्टीविरुद्ध सीमाहीन अराजनीतिक गाली गर्दै जनतामा भ्रम छर्दै हिँडेका छन्। अब यस प्रकारको कुराबाट पार्टीले आगामी दिनका लागि गम्भीर पाठ सिक्नुपर्दछ।

त्यस्तै केही दिन पहिला अर्का केन्द्रीय सदस्यको राजीनामा र पुनः मनोनयनको विषयमा प्रश्नहरू उठेका छन्। यस्ता विषयमा पार्टी गम्भिर हुनुपर्ने भएको छ।

नेपाली राजनीतिमा बढिरहेको विकृति र विसंगतिको प्रभाव हाम्रो पार्टी जीवनमा पनि विभिन्न रुपमा प्रकट भइरहेको छ। खासगरी क्रान्तिकारी नैतिकता र आचरणको सवालमा अनेकौं प्रश्नहरू सार्वजनिक भएका छन्। यो हाम्रो निम्ति गम्भीर चुनौती हो र पार्टीप्रति अनास्था बढाउने अर्को नकारात्मक पाटो पनि हो। यसमा पनि पार्टी समयमा सचेत बन्नुपर्दछ। हामी एकातिर संगठनात्मक क्षेत्रमा देखापरेका अराजकता नियन्त्रणको कुरा गरिरहेका छौं भने अर्कोतिर अनुशासनहीनता बढेको छ। अराजकता भनेको यस्तै ससाना कुराबाट झाँगिने कुरा हुन्। तसर्थ पार्टीले आफ्ना पंक्तिलाई नैतिकवान्, आचरणयुक्त, स्वच्छ एवं कम्युनिष्ट आदर्शअनुरुप अघि बढाउन अनुशासनको सवालमा कडाई गर्दै वैचारिक शिक्षाको माध्यमद्वारा पार्टी सदस्यहरूलाई जगदेखि सचेत पारिनुपर्दछ। यो हाम्रो आग्रह हो।

## ८. निर्वाचन प्रणालीमा सुधार

लोकतान्त्रिक प्रणालीमा निर्वाचन एक आवधिक प्रक्रिया हो। हामी निर्वाचन प्रक्रियाबाट टाढा बस्न सक्तैनौं। तर हाम्रो सार्वजनिक तथा पार्टीको निर्वाचन प्रक्रिया अत्यन्त भड्किलो, खर्चिलो र निरन्तर जटिल बन्दै गएको तथ्यतर्फ हाम्रो ध्यान जानुपर्दछ। यसमा सबैतिरबाट चिन्ता समेत जाहेर भएको अवस्था छ। धेरै अगाडिको कुरा नगरौं, हाम्रो पार्टीको दशौं राष्ट्रिय महाधिवेशनका प्रायः सबै समूहको छलफलले पनि राज्यको निर्वाचन प्रणालीमा समयसापेक्ष सुधार गर्ने राष्ट्रिय बहस हाम्रै पार्टीको नेतृत्व र पहलमा अगाडी बढाउनुपर्छ भन्ने आवाज शसक्त रुपमा उठेको थियो।

यसैगरी पार्टीको विभिन्न तहमा भइरहेको आन्तरिक निर्वाचन प्रणाली पनि क्रमशः खर्चिलो र भड्किलो तथा जटिल बन्दै गएको यर्थाथ पनि हाम्रो सामू छ। जसले गर्दा लामो योगदान गरेका सामान्य नेता/कार्यकर्ताहरूले पार्टीको आन्तरिक निर्वाचन प्रक्रियामा समेत सहभागी हुन गाह्रो बन्दै गएको तितो यर्थाथ पनि लुकेको छैन। परिणामस्वरुप संसद र पार्टीको हरेक फाँटमा हुनेखानेको पहुँच बढ्दै जाने र निम्न वर्गस्रोतबाट आएका नेता/कार्यकर्ताहरू क्रमशः पछि हट्नुपर्ने आशंका बढ्दैछ। यो स्थिति हाम्रो जस्तो श्रमजीवी जनसमुदाय मुख्य आधार भएको पार्टीको निम्ति एउटा विशेष चिन्ताको विषय भएको छ। हामी परिषद्को तर्फबाट यस सम्मानित महाधिवेशन प्रतिनिधि परिषद्लाई यस समसामयिक विषयमा ध्यान दिन सुझाव राख्न चाहन्छौं।

## ९. द्वन्द्वात्मक पद्धतिको अवलम्बन

नेपाली कम्युनिष्ट आन्दोलनमा विभिन्न खाले विकृति र नकारात्मक प्रवृत्ति विद्यमान रहँदै आएको छ। मनपर्दा नेताहरूलाई 'देवत्वकरण' गर्ने र मन नपर्दा 'दानवीकरण' गर्ने प्रबृति वास्तवमा अमार्क्सवादी प्रवृति हो। चाकडी र चाप्लुसीको यस्तो शैली अपनाएर आफ्नो स्वार्थसिद्ध गर्न चाहने गलत मानिसले यसलाई प्रोत्साहन गर्दै आएको कुरा कसैबाट छिपेको छैन। त्यसैले एउटा कम्युनिष्ट पार्टीका नेता/कार्यकर्ताका नाताले यस्ता कुनै पनि खाले गैहकम्युनिष्ट गलत संस्कार तथा प्रवृत्तिलाई सबै तहमा निरुत्साहित गर्दै लानु समयको माग बन्न गएको छ।

हामी मार्क्सवादीहरू स्वभावैले द्वन्द्वात्मक भौतिकवादी हुन्छौं। यस दृष्टिकोणले हरेक नेता/कार्यकर्ताका सवल र निर्वल दुवै पक्षहरू हुन्छन्। हामीले सवल पक्षको सम्मान र दुर्वल पक्षको आलोचना गर्ने परिपाटीलाई आधारभुत तहदेखि स्थापित गर्नुपर्दछ। त्यसैकारण यो मार्क्सवादी द्वन्द्वात्मक पद्धतिलाई सन्तुलित रुपमा आत्मसात गर्नु/गराउनु हाम्रो दायित्व बन्न गएको छ। नेताहरूलाई सम्मान गर्दा हामीले अनावश्यक तडकभडक नगरी कम्युनिष्ट आचरण सुहाउँदो सौम्य, सहज र सामान्य शैलीमा गर्ने लोकतान्त्रिक परम्पराको विकास गर्नुपर्दछ। यसका विपरीत नेता/नेतृत्वलाई घृणा वा अपमान गर्ने जथाभावी आलोचना गर्ने तथा खुइल्याउने अराजनीतिक प्रवृत्तिलाई पनि सबै तहमा नियन्त्रण गर्नु आवश्यक छ। हरेक कमजोरीको तथ्यगत आलोचना हुनुपर्छ। तर त्यो सम्बन्धित

ठाउँमा हुनुपर्दछ। अन्यथा अराजकताको संस्कृतिले स्थान पाउनेछ।

## १०. हाम्रा आदर्श र सामाजिक व्यवहार

हामी समाजलाई आमूल परिवर्तन गर्ने लक्ष्य बोकेको मार्क्सवादी–लेनिनवादी क्रान्तिकारी पार्टीका सदस्य हौं। त्यसैले हाम्रा सामाजिक व्यवहारहरू तदनुरुप नै सादा, सौम्य र जनपक्षीय हुनुपर्दछ। ज्यादा खर्चिलो भड्किलो रवाफी तथा पुँजीवादी शैलीले हामीलाई आम जनतासँग राम्ररी एकाकार हुन दिदैन। यतिखेर हाम्रा सामाजिक व्यवहारहरू– जस्तै जन्म दिवस, विवाह, ब्रतबन्ध, मृत्यसंस्कार या राज्य र पार्टीका कार्यक्रममा ज्यादा तडकभडक देखिनथालेका छन्। चिन्ताको विषय यो घट्ने भन्दा बढ्ने प्रवृत्तितर्फ उन्मुख देखिन्छ। सादा जीवन उच्च विचारका कुरा गर्नेहरू यतिखेर समाजलाई बुझ्न नसक्ने संकीर्ण र उपहासका पात्र बन्न पुगेका छन्। यो प्रवृतिले हामिलाई कम्युनिष्ट आचारणतर्फ अघि बढाउन सक्दैन भन्ने हाम्रो निष्कर्ष रहँदै आएको छ।

हाम्रा सबै रितरिवाज, संस्कार संस्कृतिले आफ्नो मौलिक पहिचान गुमाउँदै जानथालेको छ। यस्ता कुरामा पाश्चात्य संस्कृतिको प्रभाव निरन्तर बढिरहेको छ। यो राम्रो कुरा होइन। हामीले हाम्रा संस्कार संस्कृतिलाई क्रमशः जनवादीकरण गर्दै लानुपर्दछ। यसमा हाम्रा नेता/नेतृत्वदेखि नै सादगी अर्थात् सादा जीवनशैलीका निम्ति कठोर संघर्ष गर्न तैयार हुनुपर्दछ। हाम्रो प्रचलित उखानै छ, धाराको पानी सफा राख्न त्यसको मुहानै सफा राख्नुपर्दछ। नेताहरूले सकेसम्म उदाहरण बन्न प्रतिस्पर्धा गर्नुपर्दछ।

हामीले के बुझ्नुपर्दछ भने, हाम्रा सबै नेता/कार्यकर्ताहरूको आर्थिक हैसियत समान छैन। सबै नेता/कार्यकर्ताहरू आयआर्जनको ठाउँमा हुनुहुन्न। हुने कुरा पनि भएन। त्यसैले हुनेहरूले धेरै भड्किलो जीवनशैली अपनाउँदा नहुनेलाई अप्ठ्यारो पर्न सक्दछ। त्यसकारण सरदरमा सन्तुलन मिलाएर समग्रतामा सादगीपूर्ण व्यवहारमा जाने शैली अपनाउनु जरुरी छ। तसर्थ कस्तो संस्कार संस्कृति अपनाउने भन्ने सम्बन्धमा पार्टी कमिटीहरूमा बहस छलफल चलाउनु उपयुक्त हुन्छ भन्ने हाम्रो अपेक्षा हो।

## ११. गुटबन्दी वा अमूक केन्द्र दुवै गलत

हाम्रो पार्टी नेकपा (एमाले) यतिखेर अनेकौं चुनौतिहरूसँग लड्दै पार्टीलाई एक ढिक्को बनाउने अभियानमा जिम्मेवारीपूर्वक खटिरहेको छ। हामीले आगामी 'मिसन ८४' लाई पार्टीको उपलब्धिको वर्षको रुपमा विकास गर्ने राजनीतिक लक्ष्य बनाएका छौं। यस्तो स्थितिमा कसैले पनि स–साना कमजोरी वा असन्तुष्टीको नाममा पार्टीको आन्तरिक एकतालाई कमजोर बनाउने खेलमा लाग्नु हुँदैन। हामीले विर्सनु हुँदैन, अहिले पनि पार्टी घेराबन्दी र चुनौतीकै बीचमा छ। ०६२/६३ को बलिदानीपूर्ण आन्दोलनको बलबाट नेपाली जनताले लोकतान्त्रिक गणतन्त्र पाएका छौं। यो महत्वपूर्ण उपलब्धि हो। तर यति छोटै अवधिमा गणतन्त्रमाथि विभिन्न कोणबाट निर्मम धावा हुँदैछ। यसमा हामीले यथेष्ठ सजगता अपनाउनु आवश्यक छ। वर्तमानमा नयाँ समीकरण र मिलीजुली सरकार त बनेको छ। यो राम्रो प्रयत्न हो। तर विगतका कमिकमजोरीबाट अनुभव र शिक्षा लिँदै वर्तमान समीकरणलाई खदिँलो र दिगो बनाउने दिशामा पार्टीले ठोस कदम चाल्नेछ। हामीले विर्सनु हुँदैन, राष्ट्रिय शक्तिहरु र नेपाली वामपन्थीहरूलाई एकतावद्ध हुन नदिने र नेकपा (एमाले) लाई कमजोर पार्न विगतदेखिकै प्रयत्नमा खासै कमी आएको छैन। देशमा राजनीतिक आर्थिक अस्थिरता सिर्जना गरेर फाइदा उठाउन खोज्ने तत्वहरू अहिले पनि क्रियाशील छन्। यसमा हामी सजग हुनुपर्दछ।

उपरोक्त पृष्ठभूमिमा वर्तमान राजनीतिक परिस्थितिले सुम्पेको ऐतिहासिक अभिभारालाई पूरा गर्न विगतभन्दा वर्तमानमा हामी अझ एक हुनपर्ने र पार्टीको आन्तरिक एकतालाई अरु सवल र सुदृढ बनाउनुपर्ने खाँचो छ। तर बिडम्बना नै भन्नुपर्दछ, हाम्रो पार्टीको आन्तरिक जीवन अहिले पनि सहज र स्वच्छ देखिदैन। पार्टी अहिले पनि विभिन्न रुपको स्थानीय अन्तरविरोधहरुबाट मुक्त छैन। यो सोझै भन्न नसकिएको तर अधिकांश कमरेडहरूले महशुस गरिरहेको वास्तविकता हो।

अहिले पनि विभिन्न तहमा 'स्थानीय अन्तरविरोध' चलिरहेका छन् र तिनले गुटगत स्वरुप लिंदैछन्। यो विशेषगरी विभिन्न तहका अधिवेशनहरूमा राम्ररी नै देख्न पाइन्छ। सर्वत्र प्रश्नहरू उठिरहेका छन्, आजको स्थितिमा पनि यसप्रकारको गतिविधिहरू किन गरिन्छ र त्यसबाट के अभिष्ट प्राप्त हुन्छ। यस विषयमा विशेषगरी हाम्रा पार्टीका नेतृत्व पंक्तिलाई जानकारी

हुनुपर्छ र त्यसलाई रोक्न ठोस पहल गर्नुपर्दछ । यसबारे संस्थागत छलफल हुनुपर्दछ भने हाम्रो मान्यता हो ।

हामी स्पष्ट पार्न चाहान्छौँ; हाम्रो परिषदको यस्ता सवालमा कतै पनि कुनै प्रकारको रुची वा चासो रहँदैन । हामी कतै पनि आग्रह वा पूर्वाग्रह राख्दैनौं। हाम्रो रुची वा चाहना भनेको नेपाली कम्युनिष्ट आन्दोलनको मूलधार रहेको हाम्रो पार्टीको आन्तरिक जीवन स्वच्छ सहज र पद्धतिसम्मत हुनुपर्दछ। सल्लाहकार परिषद पार्टीको एउटा जिम्मेवार अविभावकीय संस्था हो। हामीले सदस्यहरूबाट आएका सुझाव टिप्पणीहरूलाई यहाँ जस्ताको तस्तै राख्ने जमर्को गरेका हौं ।

कमरेडहरूलाई हाम्रो विनम्र आग्रह छ, धरातलीय यथार्थतालाई राम्ररी बुझ्ने प्रयास गर्नुहोस्। अधिकांश सदस्य र कार्यकर्ताहरूको गुनासो छ– "अहिले पनि अमुक केन्द्रहरूको तानातानी रोकिएको छैन। विभिन्न पद वा अवसर प्रदान गर्दा योग्यता, क्षमता नहेरी पटक–पटक एउटै व्यक्तिलाई अवसर प्रदान गरिन्छ । ईतिहासमा संघर्ष गरेका अनेकौं कमरेडहरूलाई सम्झना गरिदैन। यो पनि एकप्रकारको पूर्वाग्रह र गुटबन्दी नै हो।" कमरेडहरू भन्नुहुन्छ, "हामीलाई निर्णायक घडीहरूमा 'यो वा त्यो कित्ता'मा उभिन बाध्य पारिन्छ । हामीलाई म नेकपा (एमाले) को सदस्य हुँ भन्नसम्म दिईदैन ।" यदि यी कुराहरू सत्य हुन् भने ज्यादै गम्भीर विषय हुन्। पार्टी वा सम्बन्धित निकायले यसको निष्पक्ष छानविन गर्नुपर्छ। हामी यसमा पार्टीको गम्भीर ध्यानाकर्षण गराउँदछौं। यस्ता गलत शैली र संस्कारबाट मुक्त गरेर पार्टीले राष्ट्रिय राजनीतिमा अग्रगामी भूमिका खेल्ने ठाउँमा विकास गर्नुपर्दछ ।

## १२. आलोचना आत्मालोचनाको पद्धति

हामीले हाम्रो पार्टी जीवनमा बिर्सनै नहुने अर्को कुरा भनेको आलोचना आत्मआलोचनाको पद्धतिको नियमित अवलम्बन हो। यस्तो अवलम्बनले हामीलाई रूपान्तरण गर्न तथा पार्टीको आन्तरिक जीवनलाई स्वस्थ्य बनाउन मद्दत गर्दछ। कमरेड माओ त्सेतुङले भने अनुसार यो नियमित मुख धुनुजस्तै हो। यदि मुख नियमित धोएनौ भने हाम्रो अनुहारमा अनेकौं फोहोर मैलाहरू जम्मा हुन सक्दछन्। अर्को कुरा सार्वजनिक जीवनको प्रदुषण र विकृतिको प्रभावसमेत हाम्रो आन्तरिक राजनीतिक जीवनमा पर्दछ। त्यसैले हाम्रो कमिटी जीवनलाई ताजातरोजा बनाई राख्न आलोचना आत्मालोचनाको पद्धतिलाई नियमित अलम्बन गर्न जोड दिनुपर्दछ। आलोचनाको प्रक्रिया अवलम्बन गर्दा हाम्रासामु केही समस्याहरू पनि छन्। विभिन्न कारणवस हाम्रा सबै तहका कमिटीका आकार केही ठूला छन्। त्यस्तो स्थितिमा व्यक्ति व्यक्तिका शैली र प्रकृतिको बारेमा धेरै सुक्ष्म तरिकाले आलोचना गर्न सम्भव हुदैन। त्यसैले सार्वजनिक रुपमा धेरै प्रश्न उठेका, विवादित विषयमा कमिटीगत आलोचना वा आत्मालोचना गर्ने परिपाटीबाट भने हामी कदापी पन्छन मिल्दैन। यसो नगर्दा आफूले गरेको गल्ती कमजोरी पनि कहिल्यै नदेखिने र त्यसबाट शिक्षा पनि नलिने प्रवृतिले निरन्तर पाउने खतरा रहन्छ।

आलोचना आफूलाई रुपान्तरण गर्ने एउटा राम्रो माध्यम हो। हामीले आफूलाई कहिल्यै आलोचनादेखि माथि राख्नुहुँदैन। किन भने हामी मान्छे हौं। मान्छेबाट गल्ती कमजोरीहरू हुन सक्दछन्। अर्को महत्वपूर्ण कुरा आलोचना गर्नेदेखि रिसाउने वा आलोचना गर्नेलाई निषेध गर्ने पनि गर्नुहुँदैन। हामीले हाम्रो प्रशंसाभन्दा आलोचना गर्नेलाई स्वागत गर्नुपर्दछ। यो हामी कम्युनिष्टको विशेषता हो।

अहिले हाम्रा प्रायः कमरेडहरूलाई आलोचना भन्ने शब्द पनि थाहा हुन छाडेको छ। किनभने हामी त्यसलाई प्रयोग नै गर्दैनौँ। उहाँहरूमध्ये कतिपयले पार्टीका अन्तरपार्टी निर्देशनहरू तथा अन्य महत्वपूर्ण दस्तावेजहरू पनि राम्ररी पढ्न भ्याउनु हुँदैन। सामाजिक सञ्जालहरू पढेर वा सुनेर धारणा बनाउनु हुन्छ। यसो भनिरहँदा कतिलाई चित्त नबुझ्न सक्दछ। तर यो यथार्थ हो। कतिपय कमरेडहरू पार्टीका आधिकारिक कुराहरू राम्ररी नबुझी सामाजिक सञ्जालकै भरमा आफ्नो आवेग वा प्रतिक्रिया पोख्ने गर्नुहुन्छ। यो प्रवृतिको पनि कमिटीमा आलोचना हुनुपर्दछ। जेजस्ता असहमति भए पनि कमिटीभित्रै बसेर छलफल वा समाधान गर्ने पार्टी प्रणालीलाई दह्रोसँग कार्यान्वयन गर्नुपर्दछ।

## १३. कार्यशैली र पद्धतिको अवलम्बन

हाम्रो सल्लाहकार परिषदले पार्टीको राजनीतिक तथा संगठनात्मक क्षेत्रमा प्राप्त उपलब्धि तथा कमजोरीहरूलाई संक्षेपमा औंल्याउने प्रयत्न गरेका छौँ। कमजोरी देखाउनु भनेको उपलब्धि नदेख्नु होइन। उपलब्धिहरूको हामीले सदैव सम्मान र रक्षा गर्नुपर्दछ।

खासगरी संख्याको ठूलो आकार र अन्य विभिन्न कारणले सल्लाहकार परिषदको बैठक छिटोछिटो बस्ने माग भए पनि व्यवहारिक रूपमा त्यसो गर्न सकिएन। तर पनि पूर्ण र पुरक

बैठकहरूमा आएका सुझावहरूलाई यहाँ प्रतिनिधिमूलक ढंगले प्रस्तुत गरेका छौं। कमरेडहरूका रचनात्मक सुझावका हामी अपेक्षा गर्दछौं।

विभिन्न कारणले कमजोर बन्दै गएको पार्टीको संस्थागत प्रणालीलाई सुदृढ गर्नुपर्ने हाम्रो जोड हो। कमिटीलाई व्यापक बहस छलफलको स्थल नबनाई प्राविधिक जस्तो मात्र बनाउनु एक प्रकारको तदर्थवादी शैलीमा सीमित राख्नुजस्तै हो। यो प्रवृतिलाई निरुत्साहित गर्दै जति सकिन्छ धेरै कमिटीहरूमा राजनीतिक तथा वैचारिक छलफल र वहसलाई प्रोत्साहित गरिनुपर्दछ। यसो नगरिदा पार्टी कमिटीहरू केवल प्रस्ताव पारित गर्ने औपचारिकस्थल जस्तो मात्र देखिने खतरा रहन्छ। यो शैलीको सबै तहमा अन्त्य गरिनुपर्दछ।

पार्टीमा बहस छलफल कम हुँदा नेता कार्यकर्ताहरूमा पठन संस्कृतिमा ह्रास र  टापटिपे शैली प्रवृतिको विकास भएको पाइन्छ। तसर्थ; हामीले मार्क्सवादी विचार दर्शन र पार्टीको दस्तावेजहरूको व्यवस्थित अध्ययन गर्न विशेष जोड गर्नुपर्दछ। पार्टीको तर्फबाट गरिएको नियमित प्रशिक्षणले  यो कुरामा केही प्रगती देखिए पनि उल्लेख्य सुधार भएको पाईदैंन।

तर्सथ पार्टीले कुनै उदारता वा मोलाहीजा नराखी विद्यमान विकृति तथा विसंगतिलाई जरैदेखि नियन्त्रण गर्न यसको गहिरो खोजी र अध्ययन गर्नुपर्दछ। हामीले सुन्ने गरेका छौं, अधिवेशनको क्रममा कतिपय केन्द्रका अमूक नेताहरूको नाम स्थानीयसँग र स्थानीय नेताहरूको पनि अमूक केन्द्रीय नेताहरूसँग जोडिएर प्रचारमा आउने गरेको छ। यसैगरी आन्तरिक निर्वाचनमा जनताको बहुदलीय जनवादको मर्मअनुसार स्वस्थ प्रतिस्पर्धा गर्नुपर्नेमा संसदीय चुनावकै जस्तो अस्वस्थ र भद्दा शैलीहरू अपनाएको गुनासोहरू सुन्ने गरिन्छ। यो अत्यन्त गलत कुरा हो। यस्तै कुराहरूलाई समयमा नियन्त्रण नगर्दा पाटीमा नजानिदो खाले अराजकता मौलाउन सक्दछ। संक्षेपमा भन्दा नेताहरूले पार्टीका विधि र विधानलाई कार्यान्वयन र पार्टीलाई एक ढिक्का बनाउने कुरामा सहजीकरणको भूमिका खेलिदिनु पर्दछ। नेतृत्वदायी पार्टीको सहि कार्यशैली भनेको नै यही हो।

**अन्त्यमा,**

प्रिय कमरेडहरू, राष्टिय महाधिवेशन प्रतिनिधि परिषदको यस गरिमामय बैठकमा सल्लाहकार परिषदले अनुभूत गरेका विविध विषयलाई संक्षिप्त सुझावको रुपमा प्रस्तुत गर्ने प्रयत्न भएको छ। तापनि हामीभन्दा बढी पार्टीको दैनिक व्यवहारमा कमरेडहरू नै बढी केन्द्रित हुनुहुन्छ भन्ने यर्थाथ हो। त्यसैले प्रस्तुत विषयमा गम्भिर भएर पार्टीलाई राजनीतिक, वैचारिक, तथा संगठनात्मक रुपमा सवल र सुदृढ बनाउने अभियानमा जिम्मेवारीका साथ एकजुट भएर अगाडी बढौं। यसैमा नै नेपाल, नेपाली जनता र नेपाली कम्युनिष्ट आन्दोलको भविष्य सुनिश्चित छ। यसै आग्रहका साथ यस प्रथम बैठकको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

जुझारु क्रान्तिकारी अभिवादन सहित !

**अमृत कुमार बोहरा**
अध्यक्ष
केन्द्रीय सल्लाहकार परिषद

२०८१ वैशाख ८

# अनुशासन आयोगको प्रतिवेदन

**आदरणीय अध्यक्ष कमरेड तथा सम्पूर्ण कमरेडहरू,**

१. यतिखेर हामी हाम्रो गौरवशाली पार्टी नेकपा (एमाले)को दशौं राष्ट्रिय महाधिवेशन पछिको राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषदको पहिलो बैठकमा क्रान्तिकारी उत्साह र ऐतिहासिक जिम्मेवारीवोधका साथ उपस्थित भएका छौं। देशका विभिन्न भागहरू तथा विदेशबाट योप्रतिनिधि परिषदको बैठकमा भाग लिन आउनुभएका सम्पूर्णप्रतिनिधि कमरेडहरूमा केन्द्रीय अनुशासन आयोगको तर्फबाट हार्दिक स्वागत एवं न्यानो अभिवादन व्यक्त गर्दछौ। पार्टीले गरेका कामहरूको समीक्षा गर्न र महत्वपूर्ण नीतिगत निर्णय गर्ने यो प्रतिनिधि परिषद पार्टीको महत्वपूर्ण अंग हो। त्यस अर्थमा यो बैठकले पार्टी जीवनमा विशेष अर्थ राख्दछ। यस घडीमा अनुशासन, संयम र जिम्मेवारीबोधका साथ यो राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषदको बैठक सफल पार्नका लागि सबै प्रतिनिधि कमरेडहरूमा हामी हार्दिक आह्वान गर्दछौं।

२. बैठकको यस अवसरमा पार्टी निर्माण, नेपालको कम्युनिष्ट आन्दोलनको विकास र विस्तार, मुलुकको सार्वभौमसत्ता र स्वतन्त्रता प्राप्तिको संघर्ष, जनताका लोकतान्त्रिक अधिकार प्राप्तिको संघर्ष, सामन्ती राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवं श्रमजीवी जनताको मुक्तिका लागि, आफ्नो अमुल्य जीवन आहुति दिनुहुने सम्पूर्ण ज्ञात–अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौ। साथै, नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाल, जनताको बहुदलीय जनवादका प्रणेता जननेता कमरेड मदन भण्डारी, पार्टीका तत्कालिन अध्यक्ष तथा प्रथम कम्युनिष्ट प्रधानमन्त्री कमरेड मनमोहन अधिकारी, नेकपाका तत्कालिन महासचिव कमरेड तुलसीलाल अमात्यलगायत सबै आदरणीय अग्रजहरूप्रति हार्दिकसम्म ान व्यक्त गर्दछौ।

३. सामाजिक अनुशासन, नियम र प्रबन्धहरूले मानिसलाई सर्वश्रेष्ठ बनाएको छ। सामाजिक प्रबन्धहरू अनुशासनबाटै पालना र कार्यान्वयन हुन्छन्। सामाजिक प्रबन्ध र सुप्रबन्धहरूको उल्लङ्घन भयो भने समाज कायम रहँदैन। मानव समाज र सामाजिक जीवन कायम राख्न, मानिसलाई सामाजिक प्राणी बनाइरहन र अझ उन्नत बनाउन अनुशासनको असाधारण महत्व हुन्छ। हरेक समाज अनुशासनका नियम बनाएर नै निर्माण भएको छ। मानिसले अनुशासनको पालना गरेर नै समाजलाई विकास गर्दै यहाँसम्म ल्याइपुर्‍याएको हो। समाज एकातिर संविधान, कानुन, नियम आदि शासनको विधिबाट चलेको हुन्छ भने अर्कातिर अनुशासनको नैतिक विधिबाट चलेको हुन्छ। सामाजिक संस्कृतिको विकास अनुशासनले नै देखाउँछ। उन्नत संस्कृति उन्नत अनुशासनबाट मात्र प्राप्त गर्न सकिन्छ। सामाजिक जीवन, संस्कृति र अर्थतन्त्रका लागि अनुशासन अत्यावश्यक छ। अनुशासन देखिने वा लिखित कानुनभन्दा धेरै माथिको कुरा हो।

## आयोग स्थापनाको पृष्ठभूमि

## अनुशासनको औचित्य

४. संसारमा हरेक चिज आफ्नो गति र लयमा चलेको हुन्छ। प्रकृति नियममा चलेको छ। गतिको आफ्नै नियम छ। जीवनका नियमहरू छन्। प्रकृतिका नियमहरू छन्। यो गति र लयमा तलमाथि भयो भने बिग्रह हुन्छ। त्यसैले अनुशासन भनेको लय हो, बेथिति हुन नदिनु हो। थिति कायम गर्नु भनेको अनिष्ट वा बिग्रह आउन नदिनु हो। अनुशासन भनेको उपयुक्त गतिशीलता हो। तसर्थ, अनुशासनलाई जीवनको सफलता र अस्तित्वका रूपमा बुझ्नुपर्छ।

५. अनुशासनको सम्बन्ध जीवनसँग छ, न्यायसँग छ, शान्ति, सुव्यवस्था र सुशासनसँग छ। तसर्थ व्यक्ति, समाज संघ–संस्था र राज्यका लागि अनुशासन आवश्यक छ। अनुशासनले नै विविधतामा एकता सिर्जना गर्छ।

## पार्टी र अनुशासन

६. मानिसको स्वभाव कर्मशील, स्वाधिन र सिर्जनशील हुन्छ। यही स्वभावको कारणले मानव सभ्यता यहासम्म आइपुगेको हो। प्रकृतिको नियमबमोजिम हरेक जिवहरू सामुहिकतामा बाँचिरहेका छन्। त्यसकारण सामुहिकता प्राकृतिक नियम हो। समाजको निर्माण र विकास यही नियमको आधारमा भएको हो। समाजलाई विधिसम्मत ढंगले संचालन, नियमन र नियन्त्रण गर्नु भनेको राज्यसत्ता

संचालन भनेको हो। यसरी राज्यसत्ता संचालन गर्न समाजमा हुने संगठित प्रयत्न र यसको स्वरुप नै पार्टीहरू वा राजनीतिक दलहरू हुन्। समाजलाई अग्रगति दिनको निम्ति पार्टीहरूका सिद्धान्त र कार्यक्रमहरू हुन्छन्। पार्टीहरू जनताको अभिमतबाट सत्तामा पुग्ने र आफ्नो सिद्धान्त र कार्यक्रम बमोजिम शासन संचालन गर्दछन्।

७. प्रकृति र उत्पादन सम्बन्धमा भएको विविधताको कारणले समाजमा विभिन्न स्वार्थ समूहहरू/वर्गहरू हुनु स्वभाविक हो। वर्गहरूले आआफ्ना स्वार्थ अनुरुप सत्ता संचालन गर्न दलहरू निर्माण गर्दछन्। यो पृष्ठभूमिमा पार्टी भनेको विचार, संगठन, राजनीति र कार्यक्रम हो। पार्टी/दल विधि र पद्धतिबाट संचालित हुन्छ। कम्युनिष्ट पार्टीहरू विधिमा चल्नु पर्दछ। अनुशासन भनेको यही हो। कम्युनिष्ट पार्टी संचालनमा अनुशासनको गम्भीर महत्व छ। पार्टी र नेतृत्वका कामहरू विधि र पद्धतिसम्म त भए भएनन्, विधानसम्म त भए भएनन्, कम्युनिष्ट आचरण र जीवनशैली अनुसार भएका छन् छैनन् तथा सामाजिक मुल्य र मान्यता अनुरुप भएका छन् छैनन् भन्ने कुरा महत्वपूर्ण हुन्छ। पार्टीमा अनुशासन महत्वपूर्ण मात्र होइन, अपरिहार्य कुरा हो। पार्टीको सफलता, अस्तित्व र विकासको निम्ति अनुशासन अनिवार्य हुन्छ। नियम र सिमामा हिड्नु केही कष्ट हुन्छ तर अनुशासित नहुँदा हुने असफलताले सिर्जना गर्ने पश्चातापको पिडा धेरैनै कष्टपूर्ण हुन्छ। अनुशासनलाई साँगुरो अर्थमा बुझ्नु हुँदैन। यो भनेको सामाजिक पद्धति हो, जीवन पद्धति हो, स्नेह र माया–ममताको पद्धति हो, जैविक पद्धति हो, निर्माण र संचालनको पद्धति हो, मानवीय पद्धति हो। त्यसैले अनुशासन वृहत पद्धति हो।

८. कम्युनिष्ट पार्टी न्यायपूर्ण समाज स्थापना र विकास गर्न सामाजिक विचार, सिद्धान्त र कार्यक्रमबाट निर्देशित हुन्छ। मानव सभ्यताको विकासकोक्रममा प्राप्त भएका उपलव्धिहरू तथा प्रकृतिको अस्तित्व र गतिशीलताका वैज्ञानिक नियमहरूलाई आत्मसात गर्दै कम्युनिष्ट पार्टी क्रियाशील हुन्छ। यसको लागि अनुशासन महत्वपूर्ण विषय हो। अनुशासन भए मात्र पार्टीले राजनैतिक क्रान्तिको नेतृत्व गर्न सक्दछ। अनुशासनहिन र फितलो पार्टीले क्रान्ति वा निर्माण कुनै पनि काम गर्न सक्दैन। त्यसैले कम्युनिष्ट पार्टीहरूले अनुशासनको सवाललाई विशेष महत्व दिने गर्दछन्। पार्टीका कार्यकारी अंगहरू विधिपुर्वक चलेका छन् या छैनन् भन्ने कुराका साथै नेतृत्वका आचरणहरू तथा व्यवहारहरू नैतिक सिमाभित्र छन् या छैनन् भन्ने कुराको निष्पक्ष छानविन तथा तहकिकात, नियमित तथा गम्भीरढंगले गर्नु अत्यावश्यक हुन्छ। पार्टीका हरेक कामहरू कार्यकारी संगठनको नियन्त्रणमा हुनु पर्दछ। पार्टीका हरेक कामहरू विचार, दृष्टिकोण, सिद्धान्त, विधान र कार्यक्रमको आधारमा भैरहेका छन् या छैनन् भन्ने कुरा नियमितरुपमा जाँच तथा परिक्षण गर्नुपर्दछ। पार्टीको सबै तहको नेतृत्वको व्यवहार, सामाजिक छन् या छैनन् भन्ने कुराको साथै आचरणहरू नैतिक सिमाभित्र छन् या छैनन् भन्ने कुरा पार्टी जीवनमा गम्भीर महत्व राख्दछन्। व्यवहार र आचरण स्खलित हुँदा अराजकता र अवसरवादिता हुर्किन थाल्दछ। यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्नु भनेको पार्टीभित्र सन्तुलन कायम गर्नु हो। त्यसो हुँदा पार्टीलाई अनुशासित र एकताबध्द बनाएर मात्र यी प्रवृत्तिहरू निराकरण गर्न सकिन्छ। यसको निम्ति पार्टीभित्र विधिद्वारा अधिकार सम्पन्न र मर्यादित स्वायत्त न्यायीक निकायको आवश्यकता भएको हो।

## विभिन्न देशहरूमा पार्टीभित्र भएको अनुशासनको व्यवस्था

९. पार्टीभित्र अनुशासन कायम गर्न विभिन्न देशमा क्रियाशील कम्युनिष्ट पार्टीहरूमा के कस्तो व्यवस्था छ भन्ने कुरा अनुशासन को सन्दर्भमा सान्दर्भिक हुन सक्दछ। छिमेकी चिनिया कम्युनिष्ट पार्टीमा केन्द्र देखि स्थानीय तहसम्म सम्बन्धित तहको पार्टी अधिवेशनबाट अनुशासन निरीक्षण आयोग गठन गर्ने व्यवस्था देखिन्छ। छिमेकी देश भारतमा रहेका मुख्य गरी तिन कम्युनिष्ट पार्टीहरू– भाकपा, भाकपा (मा), र भाकपा (माले) को विधानमा राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय निरीक्षण/नियन्त्रण आयोग बनाउने व्यवस्था छ।

१०. त्यसैगरी जापानको कम्युनिष्ट पार्टीमा पार्टी केन्द्रीय कमिटीबाट अनुशासन आयोग गठन गर्ने व्यवस्था छ। त्यस आयोगलाई पार्टी सदस्यहरूबाट अनुशासनको उलंघन भए नभएको जाँच गर्ने, कुनै पनि पार्टी कमिटीले पार्टीबाट निष्कासन गर्ने लगायतका कारबाहीहरू गरेको

खण्डमा पार्टी सदस्यहरूले दिएको अपिलको जाँच गर्ने अधिकार दिइएको छ ।

११. पार्टीभित्र अनुशासनको विषयलाई सम्बोधन गर्न दक्षिण अफ्रिकाको कम्युनिष्ट पार्टीको विधानमा अनुशासन उलंघनसँग सम्बन्धित विषयलाई तीन चरणबाट सम्बोधन गर्ने गरेको देखिन्छ। विधानमा क्रान्तिकारी नैतिक कमिटी, स्थायी अनुशासन कमिटी तथा राष्ट्रिय अपिल कमिटीको व्यवस्था गरेको छ ।

## नेपाल कम्युनिष्ट पार्टीमा अनुशसनसम्बन्धी संयन्त्रको व्यवस्था

१२. नेपाल कम्युनिष्ट पार्टीको स्थापना २००६ सालमा भयो। नेकपाको पहिलो महाधिवेशन २०१० सालमा सम्पन्न भयो। यो महाधिवेशले केन्द्रीय नियन्त्रण आयोग गठन गरेको थियो ।

पाँचौं राष्ट्रिय महाधिवेशनले केन्द्रीय न्यायिक कमिटीको गठन गरेको थियो ।

१३. छैटौँ राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय न्यायिक कमिटीलाई केन्द्रीय अनुशासन निरीक्षण कमिटी नाम दिइयो। यस कमिटीलाई पार्टीमा अनुशासन उल्लंघन भए नभएको निरीक्षण गर्ने, अनुगमन र अनुसन्धान गर्ने तथा अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा कारबाही गर्न सम्बन्धित कमिटीमा लेखि पठाउँने जिम्मा दिनुको साथै केन्द्रीय कमिटीबाट भएको अनुशासनको कारबाहीमा चित्त नबुझी दिएका उजुरी ग्रहण गरी विधानअनुरुप फैसला दिने अधिकार समेत दिइएको थियो।

१४. सातौँ महाधिवेशनमा केन्द्रीय अनुशासन निरीक्षण कमिटीलाई अधिकार सम्पन्न र बलियो बनाउनुपर्ने कुरा उठ्यो। तर व्यवहारमा त्यसो हुन सकेन।

१५. आठौँ महाधिवेशनले पार्टीमा बढ्दो अनुशासनको आवश्यकता र महत्वलाई दृष्टिगत गर्दै पार्टीभित्र नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई स्थापित गर्दै अधिकार सम्पन्न र स्वायत्त केन्द्रीय अनुशासन आयोगको व्यवस्था विधानमा गरियो। आयोगलाई महाधिवेशनप्रति उत्तरदायी बनाइयो। पार्टीको महत्वपूर्ण आयोगकोरुपमा विधानमा उल्लेख गरियो।

## विधानमा आयोगको व्यवस्था

१६. दशौ राष्ट्रिय महाधिवेशनले अनुशासन आयोगको विषयमा पार्टीको विधानको धारा २४ मा व्यवस्था गरेको छ। विधानमा उल्लेख गरे बमोजिम राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरू समेत २५ सदस्यीय केन्द्रीय अनुशासन आयोग गठनको व्यवस्था गरेको छ। अनुशासन आयोग, राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय प्रतिनिधि परिषद्प्रति उत्तरदायी रहनेछ। आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै कमिटी, निकायमा वा जनसंगठनमा संगठित हुने छैनन्। पार्टीको विधानले आयोगको कूल सख्याको २० प्रतिशतसम्म सदस्य थप गर्न सक्ने अधिकार आयोगलाई दिएको छ।

अनुशासन आयोगका अधिकार र कर्तव्यको विषयमा विधानमा देहाय बमोजिम व्याख्या गरिएको छः

क) पार्टीका केन्द्रीय निकायका पदाधिकारी र सदस्यहरू लगायत सबै तहका पार्टी कमिटी, कार्यकर्ता र सदस्यले पार्टी निर्णय, निर्देशन र अनुशासनको पालना गरे/नगरेको अनुगमन गर्ने र अनुशासनको पालना गर्न/गराउन सम्बन्धित कमिटीलाई निर्देशन दिने,

ख) कुनै पनि तहका सदस्यको पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा वा जानकारी भएमा छानवीन गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिने,

ग) केन्द्रीय कमिटीबाट भएको अनुशासनको कारबाहीका सम्बन्धमा चित्त नबुझी लिखित उजुरी वा पुनरावेदन दिने सदस्य वा कमिटीको उजुरी वा पुनरावेदन उपर आवश्यक छानवीन तथा निर्णय गर्ने र कार्यान्वयनका लागि केन्द्रीय कमिटीमा लेखी पठाउँने,

घ) अनुशासनको कारबाही र पुनरावेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित कमिटीलाई र सबै किसिमका निर्णयहरूको जानकारी केन्द्रीय कमिटीलाई दिने,

ङ) पार्टीका तोकिए बमोजिमका कमिटीका सदस्य र जनप्रतिनिधिमूलक संस्था एवं लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति विवरण लिने, अभिलेख राख्ने र आवश्यकताअनुसार छानविन गर्ने,

च) आफ्ना कामको प्रतिवेदन केन्द्रीय कमिटी, राष्ट्रिय महाधिवेशन, प्रतिनिधि परिषद् र विधान महाधिवेशनमा प्रस्तुत गर्ने,

छ) आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने र निजहरूको राजीनामा स्वीकृत गर्ने,

ज) आयोगका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा सो पदमा मनोनयन गर्ने,

झ) आयोगले आफ्नो कार्य–सम्पादन नियमावली आफै बनाउने,

१७. नेकपा (एमाले)को विधान २०७८ ले अनुशासन उल्लंघनको विषयलाई धारा ८०मा उल्लेख गरेको छ भने अनुशासनको कारबाहीको विषय विधानको धारा ८१ मा उल्लेख गरेको छ। अनुशासनको कारबाही चित्त नबुझेमा पुनरावेदनसम्बन्धी व्यवस्था विधानको धारा ८२ मा उल्लेख गरिएको छ।

## अनुशासन आयोगका बैठक र निर्णयहरू

१८. नेपाल कम्युनिष्ट पार्टी (एमाले)को दशौँ राष्ट्रिय महाधिवेशन "दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई परास्त गरौ, जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादका आधार निर्माण गरौ" भन्ने नारासहित यही २०७८ मङ्सिर १०–१४ मा चितवनको सौराहामा सम्पन्न भएको थियो। यो बैठकसम्म आइपुग्दा महाधिवेशनबाट निर्वाचित केन्द्रीय अनुशासन आयोगका आठवटा पूर्ण बैठकहरू सम्पन्न भएका छन्। त्यसैगरी आयोगको सचिवालयका नौवटा बैठकहरू सम्पन्न भएका छन्। बैठकहरूमा तपसिलबमोजिम निर्णयहरू गरिएका छन्।

क) **व्यक्तिगत तथा सम्पत्ति विवरण संकलनः** पार्टीको विधानको धारा ७९ र आयोगको कार्यसम्पादन नियमावलीको नियम ६ (घ) अनुसारको केन्द्रीय कमिटी, केन्द्रीय निकाय, सांसदहरू (संघ तथा प्रदेश), स्थानीय तहका मेयर र उपमेयर, अध्यक्ष तथा उपाध्यक्षहरूले ६० दिनभित्र अनिवार्यरुपमा आयोग समक्ष विवरण बुझाउनुपर्ने व्यवस्था भएबमोजिम आयोगले व्यक्तिगत तथा सम्पत्ति विवरण फारमलाई अध्यावधिक गरी तदारुकताका साथ फारम वितरण गरी संकलन गर्ने निर्णय गरेको थियो। हालसम्म करिब ८० प्रतिशत फारमहरू संकलन भइसकेका छन्। संकलन हुन बाँकी फारमहरूको लागि सम्बन्धित प्रदेश कमिटीहरूलाई ताकेता गरिएको छ। अझै पनि कतिपय केन्द्रीय नेताहरूको सम्पत्ति विवरण आइपुगेको छैन। खासगरी सांसदहरू तथा स्थानीय तहका मेयर–उपमेयर तथा अध्यक्ष–उपाध्यक्षहरू मध्ये अधिकांशको सम्पत्ति विवरण फारमहरू हालसम्म प्राप्त भएका छैनन्। यो विषयमा सम्बन्धित प्रदेश कमिटीको ध्यान जानु जरुरी छ। हालसम्म आफ्नो विवरण नबुझाउनु भएका नेता कमरेडहरूलाई अविलम्ब अनुशासन आयोगमा आइ विवरण अविलम्ब बुझाउन हुन सुचित गरिएको छ।

ख) **सचिवालय निर्माणः** केन्द्रीय अनुशासन आयोगको पूर्ण बैठकले ७ सदस्यीय आयोगको सचिवालय निर्माण गरेको छ। जसअन्तर्गत अध्यक्ष– केशवप्रसाद बडाल, उपाध्यक्ष– नेत्रप्रसाद पन्थी, सचिव– प्रा.डा .भरतराज पहारी तथा ४ सदस्यहरू– कर्णबहादुर घले, शान्तीदेवी खनाल, डम्बरबहादुर अर्याल र दुर्गाकुमारी दहाल आयोगको सचिवालयमा रहनुभएको छ।

ग) **कार्यक्षेत्र विभाजनः** केन्द्रीय अनुशासन आयोगका पदाधिकारीहरू तथा सदस्यहरू रहनुभएको भूगोलको आधारमा सबै प्रदेश र जिल्लाहरूको पार्टी कामको अनुगमन र निरीक्षण गर्न कार्यक्षेत्र निर्धारण गरिएको छ। त्यसैगरी सबै

जनसंगठनहरूको कामको अनुगमन गर्न समेत कार्यालयको जिम्मेवारी तोकिएको छ।

घ) **पार्टी कामको अनुगमन तथा अनुगमन कार्यविधिः** अनुशासन आयोगले पार्टी कामको अनुगमनको कार्यविधि तयार गरेको छ। जसअन्तर्गत पार्टी कमिटीहरूको आआफ्नो कार्यक्षेत्रमा भएको राजनीतिक अवस्था, विकास निर्माणको अवस्था, अनुशासन उल्लंघनको अवस्था तथा पार्टीका विशिष्ट कामहरूको बारेमा तथ्यहरू संकलन गर्ने, तिनीहरूको विश्लेषण गरी विद्यमान कामको प्रवृत्तिहरू पहिचान गरी आवश्यक कार्ययोजना बनाउन पार्टी सचिवालयमा लेखी पठाउँने गरी अनुगमन कार्यविधि तयार गरिएको छ। यही कार्यविधिको आधारमा आवधिकरुपमा कम्तिमा ६/६ महिनामा अनुगमन गर्ने गरी काम प्रारम्भ गरिएको छ। यसअन्तर्गत बागमती, उपत्यका विशेष, लुम्बिनी तथा सम्पर्क समन्वय कमिटीको प्रशिक्षण तथा अनुगमनको काम सम्पन्न भएका छन्।

ङ) **आचारसंहिता निर्माणः** पार्टीभित्र नैतिक आचरण र अनुशासन कायम गर्न र राजनीतिक र संगठनात्मक अनुशासनलाई स्थापित गर्दै; समाज, कार्यक्षेत्र, जीवन र निष्ठालाई दिशाबोध गर्न नेकपा (एमाले)का संगठनहरू तथा पार्टी सदस्यहरूले पार्टीका मूल्य र मान्यताहरूप्रति दृढ रहदै; नेपाली समाजको रुपान्तरण गर्दै समाजवाद स्थापना गर्न, विचार दृष्टिकोण र नैतिक चरित्र विकास गर्नु अपरिहार्य भएको महसुस गर्दै; नेकपा (एमाले)का सबै पार्टी कमिटीहरू तथा सबै पार्टी सदस्यहरूले अनिवार्यरुपमा पालना गर्नुपर्ने आचरण तथा व्यवहारहरू जरुरी भएकोले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को विधान, २०७८ को धारा २४ को उपधारा ५ र केन्द्रीय अनुशासन आयोग कार्य सम्पादन नियमावली २०७८ को धारा २७ ले दिएको अधिकार प्रयोग गरी पार्टीको केन्द्रीय अनुशासन आयोगको मिति २०७८।११।०६मा बसेको बैठकले पार्टीको आचारसंहिता पारित गरी लागू गरेको छ। यो आचारसंहिता नेकपा (एमाले)को प्रथम विधान महाधिवेशन २०७८ र दशौ राष्ट्रिय महाधिवेशन २०७८ ले पारित गरेको विधान २०७८ को धारा २४(५), ७६, ७७, ७८, ७९,८०, ८१,८२ तथा केन्द्रीय अनुशासन आयोग कार्य सम्पादन नियमावली २०७८ को धारा ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५का अधिकारहरूको प्रयोग गर्ने प्रयोजनका लागि बनाइएको हो।

च) **कार्यसम्पादन नियमावलीः** पार्टी एकता र अनुशासनलाई स्थापित गर्नको लागि कम्युनिष्ट पार्टीका सदस्यहरू बीच बुझाइमा समानता भए तापनि धैरै अन्तरविरोधहरू विद्यमान रहने कुरालाई आत्मसात गर्दै पार्टीको विधानको अधिनमा रही अन्तरविरोधहरूलाई सम्बोधन गर्न र पार्टीभित्र अनुशासन कायम राख्न जरुरी भएकोले पार्टीको दशौ राष्ट्रिय महाधिवेशन (१०–१४ मंसीर २०७८, चितवन) बाट निर्वाचित नेकपा (एमाले) केन्द्रीय अनुशासन आयोगको पहिलो बैठकले विधान महाधिवेशन २०७८ बाट पारित तथा दशौँ राष्ट्रिय महाधिवेशनबाट संसोधित विधान २०७८ अनुरुप यस आयोगको कार्यसम्पादन नियमावली–२०७८ लाई लागू गरेको छ। यो नियमावली पार्टी विधानको धारा २४ को उपधारा ५(झ) को अधिकार प्रयोग गरी धारा २४, ७५, ७६, ७७, ७८, ७९, ८०, ८१ र ८२ का अधिकारहरूको प्रयोग गर्ने प्रयोजनका लागि बनाइएको हो।

छ) **वार्षिक कार्य योजनाः** केन्द्रीय अनुशासन आयोगका नियमित तथा विशिष्ट कामहरूलाई समयावधी निर्धारण गर्दै वार्षिक कार्ययोजना तयार गरिएको छ। जसअन्तर्गत बैठकहरू, आचारसंहिता निर्माणको काम, व्यक्तिगत तथा संपत्ति विवरण फारम तयार गर्ने काम, कार्यसम्पादन नियमावली निर्माणको काम, अनुगमन कार्यविधि निर्माणको काम, प्रशिक्षणहरू, प्रकाशनहरू, अनुगमनको काम, तथ्याङ्क संकलनको काम, अध्ययन सामाग्रीहरू निर्माणको काम, अभिलेख अध्यावधिक गर्ने काम, अनुशासन उलंघनको छानवीनको काम, प्रतिवेदनहरू तयारीको काम,

अनुशासनसम्बन्धी अन्य कामहरू, इत्यादी कामहरू समेटेर आयोगको वार्षिक कार्ययोजना तयार गरिएको छ।

ज) **आयोगको सदस्यलाई निष्काशनः** केन्द्रीय अनुशासन आयोगको सदस्य लक्ष्मी शाह नेकपा (एमाले)को विचार सिद्धान्तबाट च्यूत हुँदै पार्टीविरोधी काममा संलग्न भएको पाइएकोले निजलाई आयोग सदस्यबाट निष्काशन गरिएको छ। साथै निजको पार्टी सदस्यता समेत खारेज गर्दै पार्टीको अभिलेखबाट हटाउने निर्णय गरिएको छ।

झ) **आयोगको सदस्यमा मनोनयनः** नेकपा (एमाले) को विधानको धारा ६५ को उपधारा २ ले व्यवस्था गरेबमोजिम आयोगको सदस्य हुन योग्यता पुगेका निम्नानुसार कमरेडहरूलाई यस केन्द्रीय अनुशासन आयोगको सदस्यमा मनोनयन गरिएको छ।

| | | | |
|---|---|---|---|
| १ | उमानाथ ओली | कोशी प्रदेश | सदस्य |
| २ | प्रदीप प्याकुरेल | मधेश प्रदेश | सदस्य |
| ३ | लालमणी चौधरी | बाग्मती प्रदेश | सदस्य |
| ४ | पूर्णशोभा चित्रकार | बाग्मती प्रदेश | सदस्य |
| ५ | दिपक देवकोटा | सुदुरपश्चिम प्रदेश | सदस्य |
| ६ | पवित्रा तिमिल्सिना | सुदुरपश्चिम प्रदेश | सदस्य |

ञ) **कार्यसम्पादन नियमावलीको धारा २२(ख) संशोधनः** नेकपा (एमाले) केन्द्रीय अनुशासन आयोगको कार्यसम्पादन नियमावलीको धारा २२ को उपधारा (ख) मा आयोगको सचिवालयमा 'आयोगको कूल संख्याको एकतिहाईमा नबढ्ने गरी अध्यक्ष, उपाध्यक्ष र सचिवसहित ४ सदस्य रहने गरी ७ जनाको रहनेछ' भन्ने भएकोमा हाल आयोगको कूल सख्या ३० भएको र सचिवालयको संख्या ७ जनाको किटान गरेकोमा त्यसलाई संशोधन गर्नु वान्छनीय भएकोले सो उपधारा (ख) लाई तपसिलबमोजिम संसोधन गर्ने निर्णय गरियो।

तपसिलः

"सचिवालयमा आयोगको कूल सदस्य संख्याको एकतिहाईमा नबढने गरी अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरू रहनेछन्।"

ट) विशिष्ट योगदान गरेका नेता तथा कार्यकर्ताको सम्मान गर्न सिफारिसः नेपाली कम्युनिष्ट आन्दोलनमा ५० वर्ष भन्दा बढि समय निरन्तर नेतृत्व गरिरहेका, क्रियाशील भै विशिष्ट योगदान गरेका तथा हालसम्म कुनै राजकीय ओहदामा नपुगेका वरिष्ट नेता तथा कार्यकर्ताहरूलाई पार्टीको लोगो अंकितसम्म ान पत्रबाट विभुषित गर्न आवश्यक निर्णयको लागि केन्द्रीय कमिटीलाई लेखि पठाउँने निर्णय गरियो।

ठ) अनुशासन सम्बन्धी प्रशिक्षणः पार्टीभित्र, मुख्यगरी नेतृत्वतहमा, उल्लेख्य मात्रामा अराजकता, दक्षिणपन्थी अवसरवाद र अनुशासनहीनता देखिएको र यो प्रवृत्ति विस्तारै कार्यकर्ता, समर्थक र शुभेक्षुकको तहसम्म फैलिदै गइरहेको पृष्ठभूमिमा यो प्रवृत्तिले गर्दा गत स्थानीय तह र संसदको निर्वाचनमा धेरै ठाउँहरूमा पार्टीका उमेद्वारहरू पराजित भएको पाइयो। यसबाट पार्टीलाई गम्भीर धक्का लागेको विषयमा गम्भीर हुदै यो प्रवृत्तिलाई घटाउन नियमित र प्रभावकारी प्रशिक्षणको आवश्यकतालाई महसुस गरियो। यस पृष्ठभूमिमा सबै तहका नेताहरू तथा पार्टी कमिटीहरूलाई वैचारिक, संगठानिक तथा नैतिक आचरणको जगमा माथि उठाउनको लागि अनुशासनसम्बन्धी प्रभावकारी प्रशिक्षण अनिवार्य भएको र यसको लागि निम्नानुसार गर्ने निर्णय गरियो।

- पार्टी स्कूल विभागले संचालन गर्ने नियमित प्रशिक्षणहरूमा अनुशासनको विषय अनिवार्यरुपमा राख्ने।
- सबै प्रदेश कमिटीहरूमा प्रशिक्षणहरूमा अनुशासनसम्बन्धी एजेण्डा अनिवार्यरुपमा राख्ने।
- सबै जनसंगठनहरूका केन्द्रीय कमिटीका बैठकमा अनुशासनसम्बन्धी एजेण्डा अनिवार्यरुपमा राख्ने।
- स्कूल विभागको प्रशिक्षण पाठ्यक्रम सूचीमा अनुशासनसम्बन्धी पाठ्यक्रम समावेश गर्ने।
- आयोग आफैले समेत कम्तिमा प्रदेशतहमा अनुशासनसम्बन्धी प्रशिक्षणको व्यवस्था गर्ने।

## उजुरी र छानविनहरू

१९. समाजमा विद्यमान विसंगतिहरूको कारणले पार्टीभित्र कतिपय नेता तथा कार्यकर्ताहरूबाट अनुशासन उल्लंघन हुने सम्भावनाहरू भैरहन्छन्। कतिपय नेता तथा कार्यकर्ताहरूले पार्टी हितविपरीत अभिव्यक्ति दिने तथा आचरण र व्यवहारमा त्रुटीहरू गरिरहेको हुन सक्ने हुँदा त्यस्ता पार्टी हितविपरीतका कार्यहरूको बारेमा उजुरी दिने ठाउँ अनुशासन आयोग हो। त्यसैगरी पार्टीका कतिपय निर्णयहरू तथा कारबाहीहरूबाट कतिपय नेता तथा कार्यकर्ताहरू माथि अन्याय भएको पनि हुनसक्ने र त्यस्तो अवस्थामा अपिल गर्ने ठाउँ भनेको पनि आयोग नै हो। उजुरीहरूको तहकिकात गर्दा आयोगले अनुशासन उल्लंघन गरेकोमा कारबाही गर्ने मात्र दृष्टि राख्दैन र राख्नु पनि हुदैन। अनुशासन उलंघन गर्ने सम्बन्धित कमरेडको व्यवहार र आचरणमा सुधार गर्नु आयोगको मुख्य लक्ष हुन्छ। पार्टीमा हुने अनुशासन उलंघनका विषयहरू अनदेखा गर्नु हुदैन। यसबाट सिक्दै, सुधार गर्दै आफ्ना विचारहरू, आचरणहरू तथा व्यवहारलाई निखार्दै अगाडी बढ्न आयोगले प्रेरित गर्दछ। उजुरी र छानविनको मर्म यही हो। यसअर्थमा अनुशासन आयोगमा विभिन्न प्रकृतिका उजुरीहरू आइरहने र आयोगले त्यस्ता उजुरीहरूको छानविन तथा फैसला गर्ने गरेको छ। आयोगमा प्राप्त उजुरीहरूका फरकफरक प्रवृत्तिहरू छन्।

## स्थानीय निर्वाचन तथा संसदीय निर्वाचन २०७९ सम्बन्धी उजुरीहरू:

२०. स्थानीय निर्वाचनमा पार्टीको तर्फबाट उमेद्वारी दिने तथा निर्वाचनको दौरानमा पार्टीका उमेद्वारहरूलाई जिताउनको लागि असहयोग र षड्यन्त्र भएको भन्ने जाहेरीहरू विभिन्न जिल्लाहरूबाट प्राप्त भएका र ती उजुरीहरू माथि छानविन गरी किनारा लगाइएका छन्। कतिपय उजुरीहरू समय वितिसकेपछि प्राप्त हुदा स्वतः निस्प्रवाभी समेत हुन पुगे। कतिपय उजुरीहरूमा सम्बन्धित प्रदेश कमिटी तथा जिल्ला कमिटीहरूलाई आवश्यक कारबाहीको लागि निर्देशन गरियो।

२१. केही ठाउँहरूमा पार्टीबाट उमेद्वारी पाउन नसक्दा विद्रोही उमेद्वार भएको र पार्टीका आधिकारिक उमेद्वारलाई हराउन भूमिका खेलेको भन्ने उजुरीहरूको छानविन गरी कारबाहीसमेत गरिएको छ। त्यस्ता हरकतहरूमा संलग्न नेताहरूलाई आत्मबोधन गराउन सम्बन्धित कमिटीलाई निर्देशन गरिएको छ।

२२. कतिपय ठाउँहरूमा पार्टीले तोकेको उमेद्वारको मापदण्डलाई बेवास्ता गरी गुटगत स्वार्थ भएका व्यक्ति उमेद्वार बनाएको भन्ने उजुरी माथि छानविन गरियो।

२३. स्थानीय निर्वाचनमा कतिपय ठाउँहरूमा अनुशासन उल्लंघनका विभिन्न गतिविधिहरू भएका उजुरीहरू प्राप्त भई छानविन गरियो। सार्वजनिक सञ्चार माध्यमहरूमा तथा विभिन्न छलफलहरूमा पार्टी हितविपरीत गतिविधिहरू भएका तथा अनुशासन र आचारसंहिता पालना गर्ने विषयमा प्रश्नहरू उठेको बारेमा आयोगको ध्यान आकर्षण भयो। यस सम्बन्धमा सातै प्रदेशहरूबाट स्थानीय निर्वाचनमा अनुशासनसम्बन्धी उठेका र देखिएका विषयहरू समेटेर प्रतिवेदन तयार गरी आयोगमा पठाउन निर्देशन गरियो।

२४. संसदीय निर्वाचन २०७९ मा समेत अनुशासन उल्लंघनका उजुरीहरू प्राप्त भएका थिए। केही ठाउँमा नेतृत्वतहका व्यक्तिले आफू उमेद्वार हुन नपाएकोमा कुण्ठा राखेर पार्टीले तोकेको उमेद्वार विरुद्ध लागेको, जातीय संकिर्णता देखाएको तथा प्रचार–प्रसारमा नलागेको भन्ने उजुरीमाथि छानविन गरियो।

२५. कतिपय ठाउँमा स्थानीय जनप्रतिनिधिहरूले संसदीय निर्वाचनमा सहयोग नगरेको भन्ने उजुरी माथि छानविन गरियो। त्यस्ता नेताहरूलाई आत्मबोधन गराउने गरी कारबाही गर्न सम्बन्धित प्रदेश कमिटीलाई निर्देशन गरियो।

२६. प्रदेशसभाको सदस्यको चुनावमा प्रदेश इन्चार्जको उपस्थितिमा सम्बन्धित जिल्ला कमीटीको बैठक बसी पार्टीको आधिकारिक उमेद्वारलाई जिताउन नसकिने भन्ने संस्थागत निर्णय गरेको भन्ने उजुरीमाथि छानविन गरियो। यस्तो गैरजिम्मेवारीपूर्ण काम नगर्न सम्बन्धित नेताहरूलाई चेतावनीसहित आत्मबोधन गराउन केन्द्रीय कमिटीलाई निर्देशन गरियो।

२७. कतिपय ठाउँमा संसदीय निर्वाचनमा उमेद्वार सिफारिस गर्दा हुलहुज्जत गरेको भन्ने उजुरीमाथि छानविन गरियो।

२८. केही ठाउँमा संसदीय निर्वाचनमा पार्टीका उमेद्वारलाई असहयोग र अन्तरघात भएको र सो विषयमा सम्बन्धित जिल्ला कमिटीले केही नेताहरूलाई कारबाही गरेको विषयमा पुनरावेदन प्राप्त भएको थियो। त्यसमाथि छानविन गर्दा सम्बन्धित जिल्लामा स्थानीय नेताहरूबीच गम्भीर आन्तरिक अन्तरबिरोध भएको पाइयो। सो अन्तरविरोधलाई छानविन गरी उपयुक्त निर्णय गर्न सम्बन्धित प्रदेश कमिटीलाई निर्देशन गरियो।

**पार्टी संगठन र अधिवेशनसम्बन्धी उजुरीहरूः**

२९. पार्टीका विभिन्न तहका कमिटीका अधिवेशनहरू सम्पन्न हुँदा अनुशासन उल्लंघन भएको विषयमा उजुरीहरू प्राप्त भएको थियो। ती उजुरीहरूको छानविन गर्दा स्थानीय नेताहरूले आफ्नो स्वार्थ पुरा गर्न केन्द्रीय नेताहरूलाई सिरानी बनाइ गुटबन्दी गरेको पाइयो। संलग्न नेताहरूको आफ्ना कमजोरीहरूलाई आत्मबोधन गराउने गरी आवश्यक कारबाही गर्न सम्बन्धित प्रदेश कमिटीलाई निर्देशन गरियो।

३०. केही ठाउँमा निर्वाचित स्थानीय कमिटीलाई विधि विपरित भंग गरिएको भन्ने उजुरी माथि छानविन गरी आवश्यक कार्वाहि गर्न सम्बन्धित प्रदेश कमिटीलाई निर्देशन गरियो।

३१. केही ठाउँहरूमा भएका जिल्ला अधिवेशनमा प्रदेश तथा केन्द्रीय नेताहरूबाट हस्तक्षेप गरी निर्वाचनको तोकिएको विधि र प्रक्रिया अवरुद्ध गरेको भन्ने उजुरी प्राप्त भएकोमा ती उजुरीहरू माथि छानविन गरियो। छानविनमा सम्बन्धित जिल्लामा विभिन्न नेताहरूका गतिविधिहरू अस्वस्थढंगले भैरहेका र त्यसको प्रतिबिम्ब जिल्ला अधिवेशनमा भएको देखिन आयो।

३२. कतिपय प्रदेश तथा जिल्ला अधिवेशनहरूमा प्रतिनिधि चयनको विषयमा तोकिएको मापदण्डविपरीत छनोट भएको, कतिपय ठाउँमा मतगणनामा लापरवाही भएको भन्ने उजुरीहरू प्राप्त भएका थिए। ती उजुरीहरू माथि छानविन गरियो।

३३. कुनै जिल्लाको अधिवेशन अध्यक्षमण्डलले एकलौटी गरेकोले सो अधिवेशन खारेज गरिपाउँ भन्ने बोधार्थ उजुरी आयोगमा प्राप्त भएको थियो। सो उजुरीमाथि छानविन गरियो। पार्टी सचिवालयलाई सम्बोधन गरी लेखिएको उक्त उजुरीलाई सचिवालयले आवश्यक कारबाही गर्ने अवस्था हुँदाहुँदै आयोगले केही गर्न परेन।

३४. कर्णाली प्रदेशको अधिवेशनमा उपसचिव पदमा निर्वाचित नेतालाई पार्टीको निर्देशनबाट बदर गरिएको विषयमा सो निर्देशनप्रति असहमति जनाउदै सचिवालयमा दिइएको निवेदनको बोधार्थ पत्र आयोगमा प्राप्त भएको थियो। सो निवेदनमाथि छानविन गरियो। छानविन गर्दा पार्टीको घोषित नीतिप्रति अध्यक्षमण्डलको ध्यान नगएको देखियो। प्रदेश कमिटीको पदाधिकारीको निर्वाचनमा महिला प्रतिनिधित्वको विषयमा पार्टीको निर्णय बमोजिम सचिवालयले निर्देशन जारी गरेको अवस्था देखिन आयो। यस विषयमा पार्टी अध्यक्ष तथा महासचिवले समाधानको पहलकदमी लिइ समस्यालाई टुंगोमा पुऱ्याएको अवस्थामा आयोगले थप कुनै कारबाही गरिरहनु परेन।

**आचरण र व्यवहारसम्बन्धी उजुरीहरूः**

३५. यस अवधिमा पार्टीका केही नेताहरूले पार्टीको विचार, सिद्धान्त, नीति तथा आचारसंहिता विपरितसार्वजनिक सञ्चारमा अभिव्यक्ति दिएको र पार्टी हित विपरित प्रस्तुत भएको विषयमा अनुशासन आयोगको ध्यान आकर्षण भइ यस्ता गतिविधिहरूको छानविन गरियो। पार्टी नेताको भूमिकामा पनि रहने र पार्टी र नेतृत्वलाई कमजोर बनाउने तथा खुइलाउने काम स्विकार्य हुन सक्दैन।

३६. पार्टी केन्द्रीय कमिटीका सदस्यले कार्यकर्तासँग गरेको लेनदेन कारोवार र निर्धारित समयभित्र रकम फिर्ता नगरेको विषय गम्भीर भएकाले तत्काल रकम फिर्ता गरी उक्त कारोवार मिलान गर्न निर्देशन गरियो। हाल उक्त विषय समाधान भइसकेको छ।

३७. पार्टीका केही जिल्ला कमिटीका नेताहरूको चरित्र र आचरणमा कमजोरी देखिन आएको विषयमा अनुशासन आयोगले छानविन गरेको छ। सो छानविनमा चरित्रसँग सम्बन्धित गम्भीर प्रश्न उठेकोले यस सम्बन्धमा विस्तृत

छानविन आवश्यक भएको आयोगले महसुस गऱ्यो। यस बारेमा गम्भीर तहकिकात गरी आवश्यक कारबाही गर्ने र सो को जानकारी आयोगमा गराउने निर्देशन सम्बन्धित प्रदेश कमिटीलाई लेखि पठाउने निर्णय गरियो।

३८. पार्टीका पोलिट्ब्युरो तथा केन्द्रीय कमिटीका कतिपय नेताहरूको चरित्र र आचरण सम्बन्धमा सार्वजनिक सञ्चार माध्यमहरूमा चर्चा भएको विषयमा अनुशासन आयोगको ध्यान आकर्षण भै सम्बन्धित नेताहरू तथा संलग्न पक्षहरूको बारेमा आयोगले छानविन गरेको छ।

## निर्वाचनमा देखिएका प्रवृत्तिहरु

३९. निर्वाचनको सफलतामा उमेद्वारको छनोट महत्वपूर्ण विषय हो। यो सार्वजनिक चासोको विषय पनि हो। मतदाताहरूले आफ्नो अभिमत कस्तो योग्यता र क्षमता भएको उमेद्वार तथा कस्तो विचार भएको पार्टीलाई दिने भन्ने बारेमा मूल्याङ्कन गर्नु स्वभाविक हो। उमेद्वारको बारेमा चर्चा भैरहँदा, काम गर्नसक्ने क्षमता, जिम्मेवारी वहन गर्ने क्षमता, नेतृत्व क्षमता, व्यक्तित्व, विश्वासनियता, व्यवहार, आचरण, सामाजिक चरित्र, आदि विषयहरूमा मतदाताले ध्यान दिइरहेका हुन्छन्। जनताले आफ्नो बुझाइको सिमाभित्रबाट आदर्श व्यक्तिको बिम्ब बनाएका हुन्छन् र त्यस्तो व्यक्तिलाई नेताको रुपमा खोजिरहेका हुन्छन्। तर, यस्तो आदर्श व्यक्ति उमेद्वारको रुपमा छनोट गर्नु कठीन काम हो। उमेद्वारको विषयमा अर्को पाटो– सार्वजनिक पद प्राप्तिको आकाङ्क्षा, पनि संवेदनशील छ। किनकि, जनताको अभिमतबाट छानिने जनप्रतिनिधिको पदबाट सामाजिक प्रतिष्ठा प्राप्त हुने र यसबाट व्यक्तित्व निर्माण हुने गर्छ। यस्ता सार्वजनिक पदहरू राज्यको अभिन्न अंग भएकोले आर्थिक सुविधाहरू तथा अन्य लाभहरू समेत हुन्छन्। यसको साथै जनप्रतिनिधिको रुपमा निर्वाचित भएको अवस्थामा शासकीय शक्ति आर्जन हुने हुँदा धैरै मानिसहरू चुनावमा आकर्षित हुनु स्वभाविक छ। जनताका अपेक्षाहरू तथा उमेद्वारीको निम्ति आकाङ्क्षीहरूको दवाव उमेद्वार छनोट गर्ने कमिटी र नेताहरूलाई भइरहनु स्वभाविक छ। यस्तो अवस्थामा सर्वस्वीकार्य उमेद्वार छनोट गर्नु संवेदनशील विषय हो। उमेद्वार छनोट गर्न ठोस आधारहरू तयार तयार गरी पारदर्शी विधिबाट उमेद्वार चयन गर्दा पार्टी कमिटी तथा कार्यकर्ताहरूले स्वामित्व महसुस गर्दछन्। यसो गर्दा उमेद्वारप्रतिको विश्वसनीयता स्थापित हुन्छ।

४०. यो पृष्ठभूमिमा आगामी सबै तहका निर्वाचनमा उमेद्वार छनोट गर्दा छनोटका ठोस आधारहरू तथा छनोट विधि तयार गर्ने र यसलाई सबै कमिटीहरू तथा नेता र कार्यकर्ताहरू बीच स्थापित गर्नु आवश्यक छ। सम्भाव्य उमेद्वारबारे जनतालाई सुसूचित गर्नु र निर्वाचनलाई नियमित काम जस्तै गरी पूर्वतयारीको रुपमा बैठकहरूको एजेण्डा बनाउनु जरुरी छ। उमेद्वार बन्नको लागि नेताहरूलाई प्रभावित गर्ने र अराजनीतिक ढंगले प्रस्तुत हुने प्रवृत्तिलाई दुरुत्साहन गर्नुपर्दछ। उमेद्वार बनाइने व्यक्तिका व्यवहारहरूको अध्ययन हुनु पर्दछ। उमेद्वार र मतदाताहरूको सम्बन्ध मित्रवत् हुनैपर्दछ। पार्टीले सम्भाव्य उमेद्वारको बारेमा निर्वाचनभन्दा केही समय अगाडीदेखि पूर्वतयारी गर्नुपर्दछ र त्यस्ता नेता तथा कार्यकर्तालाई जनतामा घुलमिल गराउनु पर्दछ।

## वैयक्तिक स्वार्थहरू

४१. समाज बदल्न हिडेकाहरूले विचार, दृष्टिकोण र व्यवहारमा प्रष्ट हुनु पर्दछ। हरेक नेता र उमेद्वारले आफ्ना स्वार्थहरूलाई सामाजिक स्वार्थहरूको मातहतमा राख्नु पर्दछ। उमेद्वारहरूले सामाजिक व्यवहार र आदर्श जीवन प्रस्तुत गर्नुपर्दछ। किनकी जनताले उमेद्वारका विचार, दृष्टिकोण, व्यवहार र आचरणबारे मूल्याङ्कन गरिरहेका हुन्छन्। निर्वाचनलाई समग्र राजनीतिक अभियानको एउटा खास अवस्थाको रुपमा हेर्नुपर्दछ। उमेद्वारका व्यवहारहरूलाई मतदाताले नरुचाउने अवस्था हुनु हुदैन। वैयक्तिक स्वार्थहरूमा लिप्त रहदा सामाजिक जीवन विकास गर्न सकिदैन भन्ने बुझ्नु पर्दछ।

४२. चुनावको लागि मात्र होइन सबै अवस्थामा यस्तो प्रवृत्तिलाई हटाउन या न्युन गर्न पार्टीमा विचार, दृष्टिकोण र नैतिक चरित्र विकास गर्नुपर्दछ। यसको लागि सबैतहका नेताहरूलाई पार्टिको मार्गदर्शक सिद्धान्त, विधान, राजनीतिकप्रतिवेदन, आचारसंहिता, निर्णयहरू तथा निर्देशनहरूको नियमित अध्ययन गराउन विषयगत प्रशिक्षणहरू आवश्यक हुन्छन्।

## लाभ र अवसरको अनुचित आशक्ति

४३. व्यक्तिगत लाभ र अवसरको आशक्ति राजनीतिक क्षेत्रमा समस्याको रुपमा देखिएको छ। सार्वजनिक क्षेत्रमा रहेका नेताहरूप्रतिको जनताको अपेक्षा र असिमित खर्चको व्यवस्थापन गम्भीर समस्याको विषय बनेको छ। सार्वजनिक जीवनको आकर्षण (ग्लेमर)ले अधिकांश नेताहरूको जीवनशैली बदलिएको र खर्चालु भएको अवस्था छ। यसरी बढिरहेको खर्चलाई व्यवस्थापन गर्न स्रोतहरूको खोजी गर्दै जाँदा कतिपय नेताहरू सहज लाभ र अवसरको पासोमा पर्दै गएको देखिएको छ।

४४. यी निर्वाचनहरूमा कतिपय क्षेत्रहरूमा केही नेता तथा कार्यकर्ताहरू निहीत स्वार्थमा लागेको देखियो। अधिकांश क्षेत्रहरूमा कतिपय नेता तथा कार्यकर्ताहरूले चुनावमा खटेवापत आफ्नो निम्ति निश्चित रकम उमेद्वार चुनावमा जित्नको लागि नभई आर्थिक संकलन गर्न भएको जस्तो देखियो। यस्तो प्रवृत्तिले गर्दा चुनावमा केही क्षेत्रहरुमा एमाले पराजित भएको देखिन्छ।

४५. यस्तो प्रवृत्तिलाई हटाउन या न्यून गर्न पार्टीका नेता कार्यकर्ताहरूको आचरणमा सुधार गर्नु आवश्यक छ। उनीहरूको विचार दृष्टिकोण र नैतिक चरित्र विकास गर्नुपर्दछ। आचरण सुधार गर्न आचारसंहितालाई कडाइका साथ पालना गर्नुपर्दछ। अनुशासन र आचारसंहिताको नियमित अध्ययन गराउन विषयगत प्रशिक्षणहरू आवश्यक हुन्छन्।

## आकांक्षाहरूको व्यवस्थापन नभएको

४६. समाजमा विद्यमान विविधताहरूको कारणले व्यक्तिका आकांक्षाहरू सिर्जना हुन्छन्। आकांक्षाहरूको व्यवस्थापन गर्न नेतृत्व विकासको सुस्पष्ट आधार निर्माण गर्नुपर्दछ। नेतृत्व विकासको पहिलो चरणमा सिद्धान्त र विचारहरूको अध्ययन गर्दै, संगठित हुदै, सचेतनताको विकास र क्षमता अभिबृद्धि गर्ने कुरा हो। दोश्रो चरणमा संगठनको निर्माण र संचालनमा श्रेष्ठता हासिल गर्दै पार्टीभित्र र वाहिर सार्वजनिक व्यवहारहरूको विकास गर्ने हो। तेश्रो चरणमा अध्ययन र संगठनमा नेतृत्व गरेको अनुभवबाट धरातलीय यथार्थलाई आत्मसात गर्दै दृष्टिकोण निर्माण गर्ने हो। चौथो चरणमा प्राप्त भएको ज्ञान र अनुभवबाट रणनीति र कार्यनीति निर्माण गर्ने र सोहीबमोजिम सुस्पष्ट कार्ययोजना तय गर्ने हो। यी चरणहरूमा गुज्रदै हरेक व्यक्तिले क्षमता विकास गर्दछ र समाज रुपान्तरणको नेतृत्व गर्दछ। त्यसो हुँदा पार्टीका सबै तहका कमिटीहरू तथा सामाजिक जिम्मेवारीमा नेतृत्व स्थापित गर्न सुविचारित योजना बनाउनु पर्दछ र वस्तुसंगत आधारहरू तयार गर्दै नेतृत्व छनोट गर्नुपर्दछ।

४७. आकांक्षाहरूको व्यवस्थापन गर्न जीवन र जगतको ज्ञान जरुरी हुन्छ। सिद्धान्त, विचार र दृष्टिकोणबाट तत्वज्ञान प्राप्त हुन्छ र व्यवहार अनि आचरणहरू सामाजिक बन्दै जान्छन्। आचरणहरू बदलिदै जाँदा मान्छेका मनमा प्रकट भएका अभिलाषाहरू नियन्त्रित हुने गर्छन् र जीवन सरल र सहज हुन थाल्दछ। विचारबाट निर्देशित हुन नसक्दा लालसा बढ्न थाल्दछ र महत्वाकांक्षा प्रकट हुने गर्छ। खासगरी, संसदीय क्षेत्रमा सार्वजनिक प्रतिष्ठा प्राप्त हुने र आर्थिक सुविधाहरू प्राप्त हुने हुँदा धेरैको आकर्षण हुने गरेको छ। तर, संसदीय क्षेत्रमा काम गर्दा के–कस्तो योग्यता र क्षमता आवश्यक हुन्छ भन्ने कुरालाई हेक्का राख्न नसक्दा यो क्षेत्रका कामहरू प्रभावकारी भइरहेका छैनन्। व्यक्तिका महत्वाकांक्षाहरू पुरा नहुँदा कुण्ठामा परिणत हुने र यसले संगठनमा बिग्रह पैदा हुनेसम्म भएका छन्। नेतृत्व क्षमता विकास नभइसकेका व्यक्तिहरू विभिन्न तहका कमिटीहरूमा स्थापित गराउँदा अस्वभाविकढंगले महत्वाकाङ्क्षा विकास हुने र उनीहरूले आचारसंहिताविपरीत कामहरू गर्ने संभावना भइरहन्छ। नेतृत्व विकासको स्वभाविक प्रक्रियाबाट अगाडी जाँदा महत्वाकांक्षाहरू नियन्त्रित हुन्छन् र व्यवस्थित गर्न पनि सहज हुन्छ। वैचारिक क्षमताको विकास गर्न र आचरणलाई सुधार गर्न अध्ययन र प्रशिक्षण आवश्यक हुन्छ।

## विचार र आचरणमा समस्या

४८. विचार बोकेका मानिसहरू समाजप्रति जिम्मेवार हुन्छन्। उनीहरू कस्तै कष्टपूर्ण अवस्थामा समेत आफ्ना व्यवहार र आचरणहरूलाई सामाजिक दायरामा राख्न प्रयत्न गरिरहेका हुन्छन्। पार्टीका नेता तथा कार्यकर्ताहरू विचार बोकेका मानिसहरू हुन्। यिनिहरू जनताको नजरमा

आदर्श व्यक्तिको रुपमा देखिनु पर्दछ र र मतदाताहरूबाट ओझेलमा पर्नु हुँदैन ।

४९. अहिलेको निर्वाचनमा केही नेताले विचारको नाममा आफ्ना निजी कुराहरू तथा एकांकी चिन्तनहरू बताइरहने र जनताका कुराहरूलाई महत्व नदिने गरेको देखियो। आफ्ना निजी कुरा र आत्मप्रशंसा गर्ने कतिपय उमेद्वारहरू उमेद्वार बनेको अवस्थामा चुनावमा विस्तापित भएको देखियो। वर्गीयरुपमा आधारभूत तहका श्रमजीवी जनताको समस्यालाई समयमै सम्बोधन गर्न नसकेको कारणले केही क्षेत्रहरूमा एमाले सफल हुन नसकेको समेत देखियो। कतिपय क्षेत्रहरूमा केही नेताहरूको व्यवहारमा देखिएको बडप्पन, रुखो बचन तथा आक्रमक गाली गलौजको शैलीलाई मतदाताहरूले रुचाएको देखिएन। त्यसैगरी विगतमा प्रष्ट आचरण नभएकाहरू तथा अस्पष्ट विचार राख्नेहरू मतदाताको रोजाइमा परेको देखिएन। केही अपवादहरू पनि देखिए, केही वैचारिक नेताहरू तथा सालिनता र सादा आचरण भएका उमेद्वारहरू निर्वाचनमा सफल भएनन्। विभिन्न राजनीतिक दलहरूका केही उमेद्वारहरूको विगतको पृष्ठभूमि अस्पष्ट र गैरसामाजिक हुँदाहुँदै पनि तथा विचार प्रष्ट नहुँदा पनि उनीहरुले चुनावमा राम्रो वक्तृत्वकला देखाएकै कारणले मतदाताको छनोटमा परेको देखियो।

५०. विचार र आचरणमा समस्या भयो भने विषय बुझ्ने कुरामा अन्योलता हुन्छ। समस्यालाई पहिचान र समाधान खोज्न सकिदैन। व्यवहारलाई सामाजिक बनाउन नसक्दा जनताको रोजाइमा नपर्नु स्वभाविक हो। आडम्बर र नकारात्मक सोंचले समाजबाट विस्तापित हुने डर हुन्छ। वैचारिक नेतृत्वबिना संगठन अगाडी बढ्न सक्दैन। संगठनको स्थायित्व र विकास त्यसको नेतृत्वमा भरपर्ने कुरा हो। व्यवहार र आचरणमा कमजोर नेतृत्व केही समयको निम्ति चर्चामा रहन सक्छ, तर त्यसले संगठन निर्माण, संचालन र विकास गर्न सक्दैन। त्यसोहुँदा, सबै तहको नेतृत्वले पार्टीको आचारसंहिता कडाइका साथ अध्ययन गर्ने र अनिवार्यरुपमा पालना गर्नुपर्दछ। आफ्ना व्यवहार र आचरणहरूलाई सामाजिक बनाउदै जनतामा स्थापित गर्नुपर्दछ। विचार र आचरणलाई स्थापित गर्न नियमित अध्ययन र प्रशिक्षण आवश्यक हुन्छ। यसको साथै तार्किक र वस्तुसंगत प्रस्तुतिले आत्मिक नेतृत्व विकास हुने गर्दछ।

## संगठनात्मक गतिशीलताको अभाव

५१. समाजको अग्रगामी रुपान्तरणको निम्ति सुस्पष्ट विचारबाट निर्देशित हुदै संगठित पहलकदमी आवश्यक हुन्छ। विचारहरू सिर्जनात्मक र वस्तुसंगत हुनुपर्दछ, जडसूत्र र यथास्थितिलाई पृष्ठपोषण गर्ने हुनु हुँदैन। समाजमा विकास भएका सामाजिक व्यवहार र आचरणहरूलाई एकीकृत गर्दै पार्टीलाई अगाडी बढाउन आचारसंहिताबाट निर्देशित हुनुपर्दछ। यसरी मात्र संगठन गतिशील हुन सक्दछ। समाज रुपान्तरणको निम्ति लक्षित ठोस एजेण्डाहरूमाथि केन्द्रित हुनुपर्दछ र तथ्यमा आधारित भएर निर्णय गर्ने गरी नियमितरुपमा संगठन संचालन गर्नुपर्दछ। निर्वाचन एउटा संगठित पहलकदमी हो। निर्वाचनको समयमा गर्नुपर्ने कामहरू सामुहिकरुपमा गर्न सकिएन भने अपेक्षित नतिजा प्राप्त गर्न सकिदैन।

५२. अहिलेको निर्वाचनमा कतिपय क्षेत्रहरूमा पार्टी कमिटीहरू परिचालित भएको देखिएन। ती क्षेत्रहरूमा रहेका केही नेताहरूले आफूअनुकूल निर्वाचन परिचालन कमिटी बनाएको र अधिकांश नेता तथा कार्यकर्ताहरू नसमेटिएको देखियो। कतिपय जिल्लाहरूमा निर्वाचन परिचालन कमिटीहरूले सामुहिक निर्णयहरूबाट योजनाहरू बनाइएको देखिएन, सिमित नेताहरूले मात्र आफू अनुकूल चुनाव संचालन गरेको देखियो। कतिपय उमेद्वारले पनि परिचालन कमिटीलाई ध्यान नदिने गरेको र चुनाव संचालन गर्न आफ्नो छुट्टै कोटरी निर्माण गर्ने गरेको पाइयो। अधिकांश क्षेत्रहरूमा धेरै सख्यामा जिल्ला, प्रदेश र केन्द्रका नेताहरू उपस्थित भएर पनि तिनको ठोस कार्य विभाजन भएको देखिएन। माथिल्लो कमिटीका नेताहरू अनुगमन र निर्देशन कमिटीमा राखिएको पाइयो। तर उनीहरूको ठोस भूमिका नहुँदा औपचारिक बैठकहरूमा मात्र सामेल हुने गरेको पाइयो।

५३. पार्टीको मर्म भनेको संगठनको गतिशीलता हो। विचारबाट निर्देशित तथा असल व्यवहार र आचरण भएको नेतृत्वबाट संगठन गतिशील हुन्छ। संगठनको कार्यसूची हुन्छ र पार्टीको लक्ष प्राप्तिको निम्ति ठोस कार्ययोजनाहरू तथा विचार र आचरण निर्माणका

विषयहरू यो कार्यसूचिमा समेटिएका हुन्छन्। यी कार्ययोजनाहरूको निर्णय, कार्यान्वयन, अनुगमन, मूल्याङ्न तथा पुनर्योजना निर्माणको समग्र कामबाट संगठनले गतिशीलता प्राप्त गर्दछ। जनताका समस्यालाई पहिचान गर्दै तिनिहरूको समाधानका विषयहरू कार्यसूचीका अंगहरू हुन्। यो समग्र विषयलाई आत्मसात गर्न सबैतहको नेतृत्वले पार्टीको आचारसंहिता कडाइका साथ अध्ययन गर्ने र अनिवार्यरुपमा पालना गर्नुपर्दछ। पार्टीको संगठनात्मक गतिशीलता स्थापित गर्न पार्टीको सबै तहमा नियमितरुपमा विधिसम्मत ढंगले बैठकहरू संचालन गर्नुपर्दछ। विषयगत प्रशिक्षणहरूबाट विचार दृष्टिकोण र नैतिक चरित्र विकास गर्नुपर्दछ।

## जनतासँगको सामिप्यताको अभाव

५४. जनताको पिर र मर्कालाई नबुझेसम्म उनीहरुको जीवनलाई सुधार गर्न सकिदैन। यसको लागि जनतासँग नजिक हुने र व्यवहारहरूलाई नरम र हार्दिक बनाउनु पर्दछ। निर्वाचनमा सहभागी हुने भनेको जनताको विश्वास जित्ने कुरा हो। जनताका पिरमर्काहरू बुझ्ने र समाधान गर्न पहल लिइदिनेप्रति विश्वास जाग्रित हुनु स्वभाविक हो। आम मतदातासँग जानपहिचान तथा सुखदुःखमा साथ हुँदा मात्र अपनत्व प्राप्त हुन्छ।

५५. चुनावको समयमा जनताहरूसँग नजिक भएका उमेद्वारहरू अधिकांशले निर्वाचनमा सफलता प्राप्त गरेको देखियो। निर्वाचनको बेलामात्र निर्वाचन क्षेत्रमा पुग्ने उमेद्वारहरूलाई मतदाताले रुचाएनन्। जनतासँग घुलमिल नै नहुने, भेटेको बेलामा पनि हार्दिकता नहुने, नाफाघाटाको मात्र कुरा गर्नेलाई यो चुनावमा जनताले रुचाएनन्। कतिपय क्षेत्रहरूमा एक ठाउँमा बसोवास र संलग्न भएको व्यक्ति अर्को ठाउँमा उमेद्वार हुँदा उसलाई पराइको व्यवहार गरेको र अपनत्व नदेखाएको देखियो।

५६. जनप्रतिनिधि तथा पार्टी नेताले जनतासँगकै सम्बन्धलाई जीवन्त बनाउनु पर्दछ। जनताको सुखदुःखमा सहभागी हुँदामात्र विश्वास जित्न सकिन्छ। मर्दा पर्दा जनतासँग सँगै हुनुपर्दछ। सादा जीवन उच्च विचारको आदर्शबाट चल्न सक्नु पर्दछ। पार्टीका कामहरूमा सघनरुपमा संलग्न रहँदा सामाजिक जीवन स्थापित हुदै जान्छ। त्यसैगरी नियमित अध्ययन र प्रशिक्षणबाट हार्दिकता र मैत्रिपूर्ण व्यवहार निर्माण हुँदै जान्छ।

## नविनता र सिर्जनशीलताको अभाव

५७. मानवजाति सामूहिकतामा रहने प्राणी हो। नविनता र सृजनशीलता मानवीय चरित्र हो। मानिस यथास्थितिमा रमाउँदैन। सभ्यता विकासको लामो इतिहासमा समाज निरन्तर परिवर्तन भइरहेको छ। समाजको यथास्थितिको अवस्थालाई सरल, सहज र सुखमय बनाउनको लागि सामाजिक तथा राजनीतिक गतिविधिहरू सञ्चालित छन्। यही प्रयोजनको निम्ति प्रकृतिमा रहेका साधन र स्रोतहरू प्रयोग भइरहेका छन्। मानवीय आकांक्षाहरू पुरा गर्न आवश्यक वस्तु र सेवाहरूको रुप, गुण, तथा उत्पादन विधिहरूमा परिवर्तन गर्नु भनेको नविनता र सिर्जनशीलता हो। यो प्रवृत्तिले यथास्थितिलाई बदल्दै निरन्तर परिवर्तनलाई दिशावोध गर्दछ। पार्टीले गर्ने हरेक गतिविधिहरू तथा निर्वाचनहरूमा फरक ढंगले प्रस्तुत हुने कुरा महत्वपूर्ण हुन्छ। यो विषयमा विशेष ध्यान जानु जरुरी छ।

५८. अहिलेको निर्वाचनमा कतिपय क्षेत्रहरूमा कतिपय नेता तथा उमेद्वारहरू परम्परागत ढंगले क्रियाशील भएको देखियो। कहिकतै हैकम देखाएर प्रस्तुत भएको पनि देखियो। यसबाट मतदाता खुशी नभएको पाइयो। 'मेरो निर्वाचन क्षेत्र' र 'मेरो मतदाता हो' भन्ने केही नेताको मानसिकताले जनताको मन उत्साहित भएको देखिएन। परम्परागत ढंगले सधैं एउटै मान्छे उमेद्वार भइरहने गरेकोमा मतदाताहरूले रुचाएको देखिएन। उमेद्वारी दोहोरिएकाहरूमा जनताले नयाँपन र सृजनशीलता खोजी गरेको देखियो। उमेद्वार दोहोरिएको अधिकांश ठाउँहरूमा उनीहरूले चुनाव जितेको देखिएन। तथ्यपूर्ण ढंगले प्रस्तुत हुने तथा कुनै पनि साहागाह्रा कामहरूलाई सिर्जनात्मक ढंगले समाधान गर्न पहल गर्नेप्रति जनताले चासो दिएको देखियो।

५९. यथास्थितिमा केही सुधारको अपेक्षा मतदाताले गर्नु स्वभाविक हो। जीवनमा सहजता र सुखपूर्ण अवस्था सिर्जना गर्ने नयाँ कामहरू या विचारहरूप्रति समेत जनतामा आकर्षण हुनु मानवीय गुण हो। समाजमा भइरहेको या चलिरहेको परम्परागत भनाइ, गराइ र विद्यमान

अवस्थामा जनताले सकारात्मक सुधार खोजिरहेका हुन्छन् र क्रियाशील व्यक्तित्वको अपेक्षा गरिरहेका हुन्छन्। यथार्थ के हो भने निरन्तरता, क्रियाशीलता र अध्ययन प्रशिक्षणबाट नविनता र सिर्जनशीलता विकास गर्न सकिन्छ।

## नेतृत्वको कौशलताको अभाव

६०. नेतृत्व भनेको भविष्यद्रष्टा हो। उसले आफ्ना कार्ययोजनाहरूलाई लक्षितक्षेत्रमा सफलतापूर्वक सम्पन्न गर्दछ र हरेक प्रतिकूलताहरूलाई पहिचान गर्दै तिनीहरूको निराकरणको विकल्पहरू खोजी गर्दछ। नेतृत्वको चरित्र सामान्यतया सामाजिक हुन्छ।

६१. अहिलेको निर्वाचनमा अधिकांश क्षेत्रहरूमा कतिपय नेताहरू जम्मा हुने र अनुत्पादक विषयहरूमा गफ गरेर बस्ने गरेको देखियो। चुनावका कामहरूलाई सिर्जनात्मक ढंगले लागू गर्न पहल गरेको देखिएन। अधिकांश ठाउँहरूमा नेताहरू भाषण गर्न इच्छुक हुने, तर चुनावसम्बन्धी ठोस कामको योजना बनाउन पहल नगर्ने प्रवृत्ति देखियो। साथै कतिपय नेताहरूले कमिटीका निर्णयहरू समेत नमान्ने अराजकता देखियो। कतिपय ठाउँहरूमा निर्वाचनका अधिकांश कामहरू गर्न उमेद्वारको मुख ताक्नुपर्ने देखियो।

६२. यी सबै प्रतिकूलतालाई चिर्दै अदम्य साहस बोकेर नेतृत्वले कुशलतापूर्वक एमालेलाई जनताको पहिलो रोजाइको पार्टी बनाएको प्रष्ट छ। पार्टीलाई जीवन्त र गतिशील बनाउन सुविचारित र स्वभाविक ढंगले लोकतान्त्रिक विधिबाट नेतृत्व विकास गर्नुपर्दछ। यस्तो शैलीबाट चुनावमा उमेद्वार छनोट समेत वस्तुनिष्ट, प्रतिस्पर्धी र लोकप्रिय हुन सक्दछ। समाजमा विद्यमान विविधताको प्रतिनिधित्व गराउँदै नेतृत्वको क्षमता विकासमा ध्यान दिनुपर्दछ। चुनाव भनेको निःतान्त राजनीतिक काम हो। जनताको बीचमा पार्टीका विचार दृष्टिकोण र आचरणहरूलाई स्थापित गर्ने कुरा हो। यसको लागि संगठन परिचालन र निर्णयहरू कार्यान्वयन गर्न कुशलता आवश्यक हुन्छ। यो नेतृत्वको जिम्मेवारी हो। निर्वाचन संचालन गर्न सम्बन्धित कमिटीका नेताहरू तथा इन्चार्जहरूले कुशलतापूर्वक विशेष रणनीतिहरू निर्माण गर्ने तथा कामहरूको कार्यान्वयनको विषयमा आवश्यक अनुगमन गर्न जरुरी हुन्छ। नेतृत्वले कुशलतापूर्वक कार्य सम्पादन गर्न नियमित अध्ययन गर्दै आफ्ना व्यवहार र आचरणहरूलाई सामाजिक बनाउँदै जानु पर्दछ।

## अव्यवस्थित निर्वाचन व्यवस्थापन

६३. निर्वाचन संचालन एउटा विशेष सिप हो। निर्वाचनमा सफलता प्राप्त गर्न यससँग जोडिएका सबै आयामहरूलाई कुशलतापूर्वक तथा प्रभावकारी ढंगले संचालन गर्नुपर्दछ। पार्टीका सबै तहका संगठनहरू तथा नेता र कार्यकर्ताहरूलाई परिचालन गर्ने काम सहज हुँदैन। अझ चुनावको समयमा मतदाताहरूको मनस्थिति बुझ्ने तथा विरोधीहरूले फैलाइरहेका भ्रमहरू चिर्दै उनीहरूका हरेक षड्यन्त्रहरूलाई निस्तेज गराउने कुरा जटिल काम हो। चुनावमा केही कामहरू नियमित र अनिवार्यरुपमा गर्नुपर्दछ भने केही कामहरू मतदाताहरूलाई सुसूचित गर्ने हुनुपर्दछ। केही कामहरू भने विपक्षीहरूले सिर्जना गरेका तथा फैलाइरहेका भ्रमहरूलाई चिर्न तथा निस्तेज गर्ने हुनुपर्दछ। यी सबै खालका कामहरूको प्रभावकारिता महत्वपूर्ण कुरा हो।

६४. अहिलेको निर्वाचनमा केन्द्रीय कार्यालयबाट गरिएको तथ्यहरूको प्रस्तुति, प्रक्षेपण र विश्लेषण प्रभावकारी देखियो। चुनावको दौरानमा देखिएका सबै खालका अन्यौलता तथा भ्रमहरूलाई यथासमयमा नेतृत्वले स्पष्ट गरेको देखियो। विपक्षीहरूले गरेका हरेक षड्यन्त्रहरूलाई चिरेको देखियो। तर, स्थानीय तहमा भने कतिपय क्षेत्रहरूमा निर्वाचन व्यवस्थापन प्रभावकारी देखिएन। तराइ मधेशमा त्यहाँका केही नेताको षड्यन्त्रमूलक व्यवहारको कारणले उमेद्वारी नै शून्य हुने अवस्था सिर्जना भयो। यसलाई केन्द्रीय कार्यालयले कुशलतापूर्वक व्यवस्थापन गर्‍यो। कतिपय क्षेत्रहरूमा उमेद्वार आफैले चुनाव संचालन गर्नुपर्‍यो। त्यहाँ रहेका कमिटीका केही जिम्मेवार नेता तथा कार्यकर्ताहरू क्रियाशील भएनन् र कमिटी समेत परिचालित भएन। कतिपय ठाउँहरूमा चुनावी रणनीति तय गर्न उमेद्वार र उनी सम्बन्धित नेताहरू मात्र बसेको देखियो, परिचालन कमिटीको भूमिका औपचारिकतामा सीमित भएको देखियो।

६५. जनताको सुरक्षा, सुख र समृद्धिको लागि जनअभिमत प्राप्त पार्टीले सरकार सञ्चालन गर्ने हुँदा निर्वाचनको

विशेष महत्व हुन्छ। निर्वाचन भनेको जनताको अभिमत भएकोले पार्टीभित्र विद्यमान सबै खालका अन्तरविरोधहरूलाई चिर्दै संगठनलाई जीवन्त र गतिशील बनाउनु पर्दछ। समाजको रुपान्तरणको लागि विचार भएर मात्र हुँदैन, श्रेष्ठता हासिल गर्न पहलकदमी लिनु पर्दछ। पार्टीका सबै तहका नेताहरूलाई क्रियाशील बनाउन विशेष पहल गर्नुपर्दछ। चुनावसम्बन्धी रणनीति तथा कार्ययोजनाहरूको बारेमा सबै तहका नेताहरूको लागि नियमित प्रशिक्षण आवश्यक छ।

## अव्यवस्थित आर्थिक व्यवस्थापन

६६. संगठन संचालन गर्न होस या चुनाव परिचालन गर्न, आर्थिक व्यवस्थापन महत्वपूर्ण विषय हो। स्रोतहरूको परिचालन र खर्चमा मितव्ययिता गर्ने कुरा संगठन परिचालनमा मात्र होइन, चुनाव या कुनै पनि राजनीतिक अभियानको निम्ति महत्वपूर्ण हुन्छ। नैतिक धरातल कमजोर भएको अवस्थामा, चुनावहरूमा अस्वस्थ प्रतिस्पर्धा हुने र अवान्छित कामहरूमा निकै खर्च हुने गर्दछ। प्रायःजसो प्रचारात्मक गतिविधिबाट चुनाव प्रभावित हुने हुँदा पार्टीहरूले आफ्ना विचारहरू मतदातासमक्ष पुऱ्याउने कुरा चुनावको मुख्य काम बन्ने गरेको छ। स्रोतहरूका क्षेत्रहरू सीमित हुने हुँदा संकलन पनि सहज हुदैन।

६७. यसपटकको चुनावमा अधिकांश क्षेत्रहरूमा चुनाव परिचालन कमिटीहरूले आर्थिक सहयोग उठाएनन्। कतिपय क्षेत्रहरूमा विगतको सम्पर्क र पहुँच भएका नेता तथा उमेद्वारले निजीरुपमा सहयोग उठाएको देखियो। तर यसरी उठेको सहयोग परिचालन कमिटीमा आएको देखिएन। अधिकांश कमिटीहरूले चुनावको खर्च उमेद्वारले नै व्यवस्था गर्ने भन्ने निर्णय गरेको देखियो।

## आत्मकेन्द्रित संकिर्णताको प्रतिबिम्बः गुटगत गतिविधि

६८. **गुटगत गतिविधिहरूः** मानिसमा अन्तरनिहीत भावनात्मक चरित्रहरू पार्टीमा विभिन्न ढंगले प्रतिबिम्बित भइरहेका हुन्छन्। समाज रुपान्तरणको बृहत्तर लक्ष बोकेको कम्युनिष्ट पार्टीमा नेता तथा कार्यकर्ताहरू अनुशासित हुने र आफ्ना व्यवहार र आचरणहरूलाई स्पष्ट विचारद्वारा दिशानिर्देश गर्ने हुनाले उनीहरू तथ्य र तर्कको आधारमा आलोचना र आत्मालोचनाको विधिबाट सबै खालका आग्रह र पूर्वाग्रहहरूलाई समाधान गर्दछन्। तर यसको विपरीत कतिपय नेताहरू तथा कार्यकर्ताहरूमा भावनात्मक प्रवृत्तिहरूको अधीनमा रहेर पार्टीभित्र सीमित कार्यकर्ताहरूको झुण्ड बनाउने गरेको देखिएको छ।

६९. **गुटगत गतिविधिको स्रोतः** गुटगत गतिविधिको स्रोत मुख्य गरी केन्द्रीय नेताहरू भएको देखियो। प्रदेश र जिल्ला तहका केही नेताहरूले समेत कार्यकर्ताको झुण्ड निर्माण गरेको देखियो। प्रदेश अधिवेशन भइरहँदा उद्घाटन समारोहमा नेताहरूले विचार प्रस्तुत गर्दा पार्टीको सस्थागत भावनाअनुरुप नै विचार प्रस्तुत गरेको पाइयो। तर, अधिवेशनको दौरानमा प्रतिवेदनहरूमा साझा दृष्टिकोण हुँदाहुँदै पनि खासगरी नेतृत्व चयन गर्ने समयमा अधिकांश ठाउँहरूमा कतिपय केन्द्रीय नेताहरू समूहगत रुपमा विभाजन भएको देखियो। सार्वजनिक रुपमा गुटको विपक्षमा देखिएता पनि कतिपय नेताहरूले आन्तरिकरुपमा गुट निर्माण गर्ने र संचालन गर्ने गरेको पाइयो। यस्तो गुट वैचारिक नभै आत्मकेन्द्रित रुपमा भएको देखियो। अधिवेशनको दौरानमा स्थानीय तहका कतिपय नेताहरू आफ्नो महत्वाकांक्षा पुरा गर्न केन्द्रीय नेताहरूलाई सिरानीमा राखेर गुटगत प्रचार गरेको देखियो। कतिपय ठाउँमा केन्द्रीय नेताहरू संलग्न नहुँदा नहुँदै पनि उनीहरुले गुट बनाएको भन्ने चर्चा गरेको देखियो।

७०. **गुटगत गतिविधिहरूको अन्तर्यः** वर्गीय समाजमा वर्गजन्य स्वार्थहरू हुन्छन्। पार्टीभित्र यसको प्रभाव हुनु स्वभाविक छ। पार्टीको दैनिक जीवनमा कतिपय नेताहरूमा घमण्ड, असहिष्णुता, असहयोगी भावना, अधैर्यता, दम्भ जस्ता भावनात्मक प्रवृत्तिहरू तथा व्यक्तिगत स्वार्थ विभिन्न ढंगले प्रतिबिम्बित भैरहन्छन्। यी प्रवृत्तिहरूले पार्टीमा असहज अवस्था निर्माण गरिरहेका हुन्छन्। कम्युनिष्ट पार्टीमा लागेका नेताहरूमा नियत नै खराब हुने त होइन, तर कतिपय नेताहरू यस्ता प्रवृत्तिको लत लाग्ने गरेको देखिन्छ। फलस्वरुप केही सिमित कार्यकर्ताहरू त्यस्ता नेताको वरिपरी देखिन्छन् र पार्टी प्रतिनिधिहरूलाई प्रभावित गर्ने दुष्प्रयत्न गर्दछन्। यसरी

निर्माण भएका गुटको प्रकृति कुनै नेतालाई धुरी बनाएर झुण्डकोरुपमा देखिने गर्दछ। गुटगत गतिविधिहरूको अन्तर्य यही हो।

७१. **गुटगत गतिविधिहरूको प्रतिबिम्ब:** सबै मानिसहरूमा स्वार्थवस हिसावले कमजोरीहरू हुन्छन्। पार्टीको नेतृत्वमा रहेका नेताहरूमा समेत यस्ता कमजोरीहरू हुने र तिनिहरू सार्वजनिक भएमा आफ्नो शाख कमजोर हुन्छकि भन्ने त्रास भैरहेको देखिन्छ। त्यसैगरी कतिपय नेता तथा कार्यकर्ताले विभिन्न घटनाहरूको कारणले आफूलाई पीडा भएको अवसरमा नेतृत्वबाट सहानुभूति प्राप्त भएन भने असन्तुष्टी विकास हुन्छ र यसलाई नेताको विपक्षमा प्रतिबिम्बित गर्ने गरेको देखिन्छ। कतिपय अवस्थामा कुनै नेताले कुनै कामको जिम्मेवारी लिने तर कार्य सम्पन्न गर्ने योग्यता र क्षमता नहुँदा काम गर्न सक्दैनन्, तर आफ्नो अक्षमता व्यक्त गर्न पनि सक्दैनन्। यस्तो अवस्थामा झुठको सहारा लिनुपर्ने हुन्छ। त्यतिबेला वास्तविकता सामना गर्न नक्दा झुण्ड निर्माण गरी साख बचाउने दुष्प्रयत्न गरेको देखिन्छ। कतिपय नेताहरूले पार्टी नेतृत्व या सार्वजनिक क्षेत्रको केन्द्रमा (शक्ति केन्द्र) मा रहिरहन दवाव सिर्जना गर्न प्रयत्न गर्दछन्। यस्ता प्रवृत्तिहरूले व्यक्ति गैरजिम्मेवार हुन थाल्दछ र यस्ता कमजोरीहरूलाई छोप्न स्वार्थ समूह या गुट निर्माण हुन्छ।

७२. गुटगत गतिविधिहरू स्वार्थमा आधारित हुने र व्यक्तिमा अन्तरनीहित त्यस्ता स्वार्थहरू व्यक्तिगत र सामाजिक जीवनमा विभिन्न ढंगले प्रतिबिम्बित हुने गर्दछन्। व्यक्तिका आकांक्षाहरू पुरा नहुँदा चिड्चिडाहट विकास हुन्छ। यस्तो अवस्थामा व्यक्तिले दम्भ देखाउने, अरुलाई हियाउने, अविश्वास प्रकट गर्ने, अनादार गर्ने, व्यक्तिगत लान्छनाहरू लगाउने, इत्यादि प्रवृत्ति देखिन्छन्। यस्ता अपमानजनक व्यवहारहरू प्रकट हुदै जाँदा स्वार्थ समूहहरू निर्माण हुन्छन्।

७३. कतिपय व्यक्तिहरूले विभिन्न अवस्थामा पदप्रतिष्ठा र सुविधा प्राप्त गरिरहेको बेला स्वार्थवस हिसाबले आफूले प्राप्त गरेको शक्तिको दुरुपयोग गर्ने, विभेदपूर्ण नीति निर्माण गर्ने, सेवा प्रवाहमा विभेद गर्ने, योग्यताको कदर गर्नुभन्दा आफन्तहरूलाई प्राथमिकता दिने, इत्यादि प्रवृत्ति देखिन्छन्। यस्ता विभेदपूर्ण व्यवहारहरू प्रकट हुँदै जाँदा स्वार्थ समूह निर्माण हुन्छ।

७४. कतिपय नेतृत्व र पदीय जिम्मेवारीमा रहेकाहरूले आफ्नो लाभहानीमा ध्यान दिने, व्यापारिक फाइदा तथा व्यक्तिगत सम्बन्धको आधारमा काम गर्ने प्रवृत्तिले उनीहरुको लक्ष र काम गराइमा अन्तरविरोध देखिने गर्दछ। उनीहरुले स्रोतहरूको दुरुपयोग गर्न थाल्दछन्। यस्ता व्यवहार प्रकट गर्दै जाँदा स्वार्थ समूह निर्माण हुन्छ।

७५. विचाररहीत स्वार्थहरू निरन्तर परिवर्तन भइरहने हुँदा गुटहरू समेत बदलिइरहन्छन्। त्यसैगरी पार्टीका अधिवेशनहरू होस या स्थानीय र संसदीय निर्वाचन, व्यक्तिहरू आआफ्ना स्वार्थअनुसार गुट बदलिराखेको देखिन्छन्।

७६. **गुटबन्दीलाई अन्त गर्ने विधि:** प्रकृतिमा विद्यमान विविधता वैज्ञानिक सत्य हो। यसको प्रतिबिम्बको रुपमा समाजमा बहुलता रहेको छ। समाजमा रहेको बहुलतालाई विधि र विधानबाट सम्बोधन गर्दै सभ्यता विकास भएको छ। यो पृष्ठभूमिमा पार्टी निर्माण र सम्वर्द्धनको निम्ति नैतिकता, आचरण र व्यवहारलाई विधिको सीमाभित्र परिभाषित गर्नुपर्दछ। पार्टीका हरेक कामहरूलाई तिनीहरूको विशिष्ठताका आधारमा मापदण्डहरू निर्धारण गर्दै ठोस कार्यविधिबाट सम्बोधन गर्नुपर्दछ। यसरी मात्र गुटगत प्रवृत्तिहरूलाई नियन्त्रण गर्न सकिन्छ।

७७. समाजमा विभेदहरू विद्यमान हुँदासम्म वर्गहरू रहने र वर्गजन्य विचारहरूको कारणबाट आत्मकेद्रित प्रवृत्तिहरू प्रकट भइरहने हुँदा यस्ता प्रवृत्तिहरूलाई नियन्त्रण गर्ने संरचना हुनु जरुरी हुन्छ। सभ्यता विकासको क्रममा सबै खालका राज्य व्यवस्थामा राज्यका तीन अन्योन्याश्रित अंगहरू स्थापित गरिएका छन्: विधायिका, कार्यपालिका र न्यायपालिका। राज्यमा अराजकतालाई नियन्त्रण गर्न न्यायपालिकाको अहम् भूमिका रहेको हुन्छ। यो संरचनालाई सम्मानित र मर्यादित बनाइएको हुन्छ। पार्टीभित्रको अराजकता र अवसरवादीतालाई नियन्त्रण गर्न अनुशासन आयोगलाई सम्मानित र मर्यादित बनाउनु आवश्यक छ। यसो गर्दा आयोगका कामहरूप्रति

विश्वसनीयता जागृत हुनेछ र गुटगत प्रवृत्तिहरूलाई नियन्त्रण गर्न सकिनेछ ।

७८. पार्टी संचालनको क्रममा सबै कार्यकारी अंगहरूले आफूले गरेका कामहरू विधि विधानअनुसार भए या भएनन्, निर्णयहरू लागु भइरहेका छन् या छैनन्, विधिसम्मतढंगले संगठन संचालन र नेतृत्व चयन भएका छन् या छैनन्, पार्टीको आचारसंहिता कार्यान्वयन भइरहेको छ या छैन भन्ने विषय कार्यकारी अंग आफैले नै निरुपण गर्ने व्यवस्था गर्दा पार्टीभित्र विश्वसनीयता स्थापित हुन सक्दैन । त्यसोहुँदा अनुशासनसँग सम्बन्धित विषय अनुशासन आयोगको कार्यक्षेत्रभित्र रहनुपर्दछ । यसरी मात्र नियन्त्रण र सन्तुलन कायम हुने र अराजकता र अवसरवादीता नियन्त्रण गर्न सकिन्छ ।

## पार्टीभित्र आचरणको प्रश्न

७९. यथास्थिति बदल्न हिँडेका नेताहरूको लागि विचार, आचरण र व्यवहार गम्भीर विषय हो । विचारले समाजको अग्रगतिको प्रतिनिधित्व गरेन भने परिवर्तन सम्भव हुदैन । पार्टीका नेता तथा कार्यकर्ताहरूको आचरण र व्यवहार जनमैत्री भएन भने या नैतिक धरातलमा उभिएन भने विश्वसनीयता प्राप्त हुन सक्दैन । पद, प्रतिष्ठा र सुविधाको अवसरले सामान्यतया आकर्षण पैदा हुने र तिनीहरूमा लिप्त रहँदा विचलन पैदा गर्न सक्दछ भन्ने ख्याल गर्नुपर्दछ । न्याय र समानताको निम्ति संघर्षरत नेताहरूको जीवनशैली जनतासँग एकाकार हुनुपर्दछ । संकिर्ण मानसिकता बोकेर पार्टीका निर्णयहरू तथा संगठनात्मक पद्धतिलाई नमान्ने तथा उल्लंघन गर्ने अराजक प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्दछ । पार्टीमा दक्षिणपन्थी अवसरवादले समस्या सिर्जना गरेको पनि छ । कतिपय पार्टी नेता तथा कार्यकर्ताहरू आत्मकेन्द्रित र व्यक्तिवादी भएको देखिएको छ । उनीहरुमा आफ्नो स्वार्थ पूरा गर्न जे पनि गर्ने अवसरवादीता देखिन्छ । यस्ता नेताहरू आफ्नो स्वार्थ पुरा नहुँदा निर्वाचनमा निष्क्रिय वा असहयोगी बनेको देखिन्छ । यसको साथै, यो प्रवृत्ति भएका नेताहरू लाभ र सुविधाका पदहरूमा जानको लागि निकृष्ट व्यवहारहरू गर्ने गरेको देखिएको र नैतिक आचरण र व्यवहारहरूमा कमजोरी देखिएको पाइएको छ । यी प्रवृत्तिहरूलाई चिर्नको निम्ति नैतिकता र आचारसंहितालाई कडाइका साथ लागु गर्नुपर्दछ ।

८०. मुलुक रुपान्तरण गर्ने स्वाधिनता, सामाजिक न्याय र जनजीविकाको ग्यारेटी गर्दै समाजमा सहिष्णुता, सहकार्य र आपसी विश्वास स्थापना गर्नु नेकपा (एमाले)को दायित्व नै हो । पार्टीपङ्क्तिभित्र सदाचार र हार्दिकता कायम गर्नुपर्दछ । यसको लागि पार्टी संगठन प्रभावकारी, विश्वसनीय र गतिशील हुनुपर्दछ । त्यसैगरी, पार्टीभित्र नैतिक आचरण र अनुशासन कायम गर्न र राजनीतिक र संगठनात्मक अनुशासनलाई स्थापित गर्नु जरुरी छ । यसको साथै, पार्टीका सबै नेता, कार्यकर्ता तथा सदस्यहरूका आचरणहरू तथा व्यवहारहरू जनताको हितमा उदाहरणीय हुनु पर्दछ ।

८१. नैतिकता भनेको मूल्य र मान्यताहरू हुन् । यिनीहरूले के ठीक र के बेठीक भन्ने बताउँदछन् । के ठीक र के बेठीक भन्ने कुराको व्याख्यालाई आचारसंहिता भनिन्छ । नैतिकता समाजको महत्वपूर्ण पक्ष हो । नैतिकताको प्रत्यक्ष सम्बन्ध राजनीतिसँग हुन्छ । राजनीति राम्रो हुन नैतिकता पनि राम्रो हुनु पर्दछ । पार्टी नेता र कार्यकर्ताको निम्ति नैतिकता र आचारसंहिता लागु गर्नु भनेको कुनै पनि विषयमा निर्णय गर्दा पार्टीको दर्शन, नीति, सिद्धान्त, विधि र पद्धतिलाई बुझ्ने,सम्म ान गर्ने र अनुसरण गर्नु हो । पार्टी गम्भीर मोडमा उभिएको बेला, अराजकता हावी भएको बेला या निर्वाचनमा प्रतिस्पर्धा भैरहेको बेला उत्पन्न असहज अवस्थामा कुनै निर्णय गर्दा नैतिकता र आचरसंहिताको महत्व देखिने गर्दछ । यस्तो निर्णय गर्दा पार्टीको दर्शन, सिद्धान्त, आचारसंहिता, सांगठानिक विधि र पद्धति, निर्णयहरू तथा पार्टी नेताहरूको सुझावलाई आधार मान्नुपर्दछ । कुनै नेता या कार्यकर्ता लापरवाह हुँदा या विषयमा ध्यान पुर्‍याउन नसक्दा गलत निर्णय हुन सक्ने सम्भावना रहन्छ । नेताहरू लापरवाह हुँदा विधि र पद्धति मिचेर काम गर्ने र त्यस्तो विधि मेरो लागि होइन भन्ने सोच भएको देखिन्छ । कतिपय नेताहरूले गलत काम गरिरहेको देखेर त्यसैलाई उदाहरण मान्दै त्यस्तै प्रकृतिका कामहरू गर्न कार्यकर्ताहरू उद्दत भएको देखिन्छ । समाजमा मिचाहाहरू हुनु स्वभाविक हो, त्यस्ता मिचाहाहरूले गरेका कानुन विपरितका कामहरू मैले किन गर्न नहुने भन्ने पनि हुन्छ । कतिपय मानिसहरू

लुकिछिपी अनैतिक कामहरू गर्दछन्। कुनै पनि अपराध एक्लै हुदैन र कुनै दिन त्यस्ता अपराध खुल्छन भन्ने ख्याल गर्दैनन्। उनीहरुले आफूले गरेको गलत काम अरुले थाहा पाउँदैनन् भन्ने ठान्दछन् र त्यसैले केही फरक पर्दैन भन्ने सोच्दछन्। कुनै बेला समय नभएको बहाना बनाएर विधि र पद्धति विपरित काम गरिरहेका हुन्छन्। यस्ता सबै प्रवृत्तिहरू नैतिक आचरण विपरित हुन्।

## समस्या र चुनौतीहरू

८२. केन्द्रीय अनुशासन आयोगले पार्टी काममा जुटिरहँदा केही गम्भीर प्रकृतिका समस्या र चुनौतीरू महसुस गरेको छ। यी समस्याहरूलाई तल सुत्रिकृत गरिएको छ।

(क) **व्यक्तिगत तथा सम्पत्ति विवरण संकलनको चुनौती**: पार्टीको विधानको धारा ७९ र आयोगको कार्यसम्पादन नियमावलीको नियम ६ (घ) अनुसारको व्यक्तिगत तथा सम्पत्ति विवरण भरी केन्द्रीय कमिटी, केन्द्रीय निकाय, सांसदहरू (संघ तथा प्रदेश), स्थानीय तहका मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्षहरू र पार्टीको सिफारिसमा सार्वजनिक पदमा नियुक्त भएका व्यक्तिले ६० दिनभित्र अनिवार्यरुपमा अनुशासन आयोगसमक्ष बुझाउन पर्दछ भन्ने उल्लेख गरिएको छ। आयोगको यो जिम्मेवारीलाई आत्मसात गर्दै आयोगको २०७८ पुस १० र ११ गते बसेको प्रथम पूर्ण बैठकबाट सम्बन्धित सबै कमरेडहरूलाई परिपत्र गरी उल्लेखित व्यक्तिगत तथा सम्पत्ति विवरण फारम भर्न भनिएको थियो। २०७८ चैत मसान्तसम्म पनि उल्लेखित व्यक्तिगत तथा सम्पत्ति विवरण फारमहरू प्राप्त नभएपछि २०७९ श्रावण मसान्तसम्म को लागि फारम बुझाउने समय थप गरिएको थियो। तर, अझै पनि कतिपय नेताहरूले हालसम्म पनि व्यक्तिगत तथा सम्पत्ति विवरण फारम बुझाउनु भएको छैन। समाज बदल्न हिड्नुभएका कमरेडहरू, आफूलाई अनुशासित र पारदर्शी बनाउन तपाइहरूको ध्यान गइरहेको छैन। फारमहरू भर्नको लागि धेरै समय लाग्ने पनि होइन। यो फारम केन्द्रीय कार्यालयमा उपलब्ध छ। कमरेडहरूलाई सहज बनाउन इमेलबाट समेत फारम पठाउन सकिनेछ। पार्टीको नेतृत्वतहमा रहनुभएका कमरेडहरूले व्यक्तिगत तथा सम्पत्ति विवरण बुझाउन उदासिन हुनु गम्भीर विषय हो। अनुशासन भनेको नैतिक आचरण हो र यो बाध्यात्मकरुपमा अनुशरण गरिने कुरा मात्र होइन। सबै कमरेडहरूले अविलम्ब व्यक्तिगत तथा सम्पत्ति विवरण फारम भरी आयोगको कार्यालयमा बुझाउन हुन अनुरोध गर्दछौ।

(ख) **पार्टीपङ्क्तिमा आयोगको कार्यक्षेत्रबारेको बुझाइमा एकरुपताको अभाव**: आयोगको कार्यक्षेत्रको बारेमा केन्द्रीय कमिटी र मातहत कमिटीहरूका कतिपय नेताहरू प्रष्ट भएको देखिदैन। दशौँ राष्ट्रिय महाधिवेशनबाट पारित विधानले आयोगको कार्यक्षेत्रकोरुपमा निम्नानुसार तोकेको छ।

- व्यक्तिगत तथा सम्पत्ति विवरण संकलन र अध्यावधिक गर्ने
- पार्टीको सिद्धान्त, विधान, निर्णय र नेतृत्वलाई स्थापित गर्ने
- पार्टीलाई अनुशासित बनाउने
- अनुशासन उल्लंघन भएमा कारबाही गर्ने
- समग्र कामको प्रतिवेदन तयार गर्ने

यी कार्यक्षेत्रहरू पार्टीलाई गतिशील र जीवन्त बनाउन महत्वपूर्ण छन्। अनुशासन आयोग पार्टीभित्र नियन्त्रण र सन्तुलन कायम गर्न व्यवस्था गरिएको महत्वपूर्ण अंग हो। महाधिवेशनबाट निर्वाचित आयोगको स्वायत्त संरचनाले यसको पुष्टि गर्दछ। आयोगले पार्टीका कुनै निर्णयहरूलाई प्रभावित गर्दैन तर, ती निर्णयहरू पार्टीको नीति, सिद्धान्त र आचारसंहिता अनुकूल छन् या छैनन् भन्ने कुरा हरेक तहमा अनुगमन गर्दछ। पार्टीका सबै तहका नेताहरूको विचार पक्ष, आचरण र व्यवहारलाई आयोगले निरन्तर दृष्टि दिइरहेको हुन्छ। विचार र आचरण बौध्दिक विलासिता होइन, यो जीवनदर्शन हो भन्ने कुरा बिर्सन हुँदैन। यसलाई ठीक ढंगले बुझ्न नसक्दा लक्ष हराउने र आफूलाई मात्र केन्द्रमा राख्ने आत्मकेन्द्रित प्रवृत्ति हावी हुदै विखण्डनमा टुंगिने दृष्टान्तहरू धेरै

छन् । यी प्रवृत्तिहरूलाई नियन्त्रण गर्न तथा असल आचरणहरू पार्टीमा स्थापित गर्ने जिम्मेवारी भएको अनुशासन आयोग पार्टीको महत्वपूर्ण अंग हो भन्ने कुरा पार्टीका सबै तहका नेताहरूले बुझ्नु जरुरी छ । कतिपय नेताहरूले यो मर्मलाई नबुझेको र यदाकदा "आयोग कार्यकारी संस्था होइन र यसले कार्यक्रमहरू गर्ने होइन" भन्ने भ्रम पालेको देखिन्छ । पार्टीको संगठन संचालन र निर्णय गर्ने कार्यकारी भूमिका आयोगको होइन भन्ने कुरा विधानले स्पष्ट गरेको छ । तर अनुशासनलाई पार्टीमा स्थापित गर्न तथा अनुशासन उल्लंघन भएको अवस्थामा कारबाही गर्ने आयोगको कार्यकारी भूमिका हुन्छ । आयोग औपचारिकता मात्र पूरा गर्न महाधिवेशनबाट निर्वाचित भएको होइन । यो महत्वपूर्ण जिम्मेवारी बोकेको संस्था हो, निष्क्रिय संस्था होइन । पार्टी निर्माण र विकासमा आयोगको महत्वपूर्ण भूमिका छ र रहन्छ । आयोग राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय प्रतिनिधि परिषदप्रति उत्तरदायी हुनेछ भन्ने विधानको व्यवस्थाले आयोगको स्वायत्त भूमिकालाई स्पष्ट गरेको सबैले बुझ्नु जरुरी छ । अनुशासन आयोगको यो मर्मलाई नबुझ्दा या बुझ्न नखोज्दा पार्टीमा अराजकता र अवसरवादी प्रवृत्ति देखिएको छ ।

(ग) **अनुशासनसम्बन्धी अनुगमन र छानविन प्राथमिकतामा परेको छैनः** समाज रुपान्तरणको बाटो कष्टसाध्य र जटिल छ । कम्युनिष्ट पार्टीका नेता तथा कार्यकर्ताहरू विचार र व्यवहारबाट खारिएका हुन्छन् र हुनुपर्दछ । लामो समयसम्म साधन र स्रोत कब्जा गरी राज्यसत्तामा रहेका जनविरोधीहरू सहजरुपमा सत्ता छाड्न चाहँदैनन् । श्रमजिवी जनताका प्रतिनिधिहरूले प्रतिस्पर्धाबाट राज्यसत्ता प्राप्त गर्दछन् र उपलब्ध साधन र स्रोतहरूलाई जनताको हीतमा प्रयोग गर्दछन् । यस्तो हुँदाहुँदै पनि गतिशीलता र क्रियाशीलताको अभावमा कम्युनिष्ट आन्दोलनमा लागेका नेता तथा कार्यकर्ताहरूमा विसंगतिहरू देखिने गरेका छन् । समाजलाई बदल्ने लामो यात्रामा रहेकाहरू समयक्रममा संघर्षको मैदानमा टिकिरहन सक्दैनन् । उनीहरुले आफ्ना आकांक्षाहरू नियन्त्रण गर्न सक्दैनन् । उनीहरुको धैर्यता टुट्न थाल्दछ र उनीहरु बाटोमा नै हराउने, भ्रमित हुने, कुण्ठित हुने, निराश हुने र थकित हुने सम्भावना सधै हुन्छ । यो कुरालाई मनन् गर्दै सम्भाव्य प्रतिकूलताहरूलाई चिर्न र नेता तथा कार्यकर्ताहरूको आत्मविश्वासलाई बलियो बनाइरहन दर्शन विचार र आचरणलाई निरन्तर स्थापित गर्नुपर्दछ । यसको लागि निरन्तर प्रशिक्षण, अनुगमन र छानविन गरिरहनु पर्दछ । यो सजिलो काम होइन । पार्टीलाई ठिक बाटोमा डोऱ्याउन पार्टीका सबै कमिटीहरूका निर्णयहरू तथा तिनको कार्वान्वियन के कसरी भइरहेका छन् भन्ने विषयमा नियमित र निरन्तर अनुगमन जरुरी हुन्छ । त्यसैगरी पार्टीमा सबै तहका नेता तथा कार्यकर्ताहरूका आचरणहरू र व्यवहारहरूलाई जाँचिरहनु पर्दछ । यस कार्यमा सबै कमिटीहरूको ध्यान जानु पर्दछ । नेकपा (एमाले)का नेता तथा कार्यकर्ताहरू निष्टावान् हुन्छन्, उनीहरु असल मानिस हुन् र नैतिक आचरणमा रहन्छन् भन्ने कुरा स्पष्ट हुँदाहुँदै पनि पार्टी काम र व्यवहारको अनुगमन र छानविन भइरहनु आवश्यक छ । तर, पार्टी कमिटीहरूले यो विषयमा ध्यान दिइरहेका छैनन् । पार्टीको नेतृत्वपङ्क्तिले अनुशासनसम्बन्धी प्रशिक्षण र अनुगमनलाई प्राथमिकतामा राखेको देखिदैन । प्रशिक्षण र अनुगमनसम्बन्धी आयोगको कार्ययोजना पटकपटक सारिएको छ । यसले आयोगको कामलाई निरुत्साहित बनाएको छ । अनुशासनको काम प्राथमिकतामा नपर्नु गम्भीर चुनौतीको विषय हो ।

(घ) **आयोगको संस्थागत मर्यादाप्रतिको उदासिनताः** अनुशासन आयोग, नेकपा (एमाले) को गम्भीर जिम्मेवारी बोकेको संस्था हो । आयोगका कामहरूलाई पार्टीको सबै तहका नेता तथा कमिटीहरूले प्राथमिकता दिनु आवश्यक छ । आयोगको स्वायत्त स्वरुप भनेको यसका कामहरूमा पार्टीका कुनै पनि तहका नेता तथा कमिटीहरूको हस्तक्षेप हुने छैन र निर्णयहरू अनिवार्यरुपमा लागु हुनेछन् भन्ने हो । आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै कमिटीहरूमा संगठित

हुने छैनन् भन्नुको अर्थ विधानले तोकेको क्षेत्रमा आयोग आफै कार्यकारी र क्रियाशील संस्था हो। यसले कुनै कमिटीको निर्णयलाई प्रभावित गर्दैन। तर, निर्णयहरू ठीक या बेठीक के छन् भन्ने कुराको अनुगमन अवश्य गर्दछ।

केही समययता पार्टीको केन्द्रीय कार्यालय र मातहतका पार्टी कमिटीहरू अनुशासन आयोगका निर्णयहरू कार्यान्वयन गर्न उदासिन भएको देखिएको छ। आयोगका परिपत्रमा उल्लेख भएका निर्देशनहरू कार्यान्वयन भएका छैनन्। आयोगबाट माग गरिएका रिपोर्टहरू प्रदेश कमिटीहरूबाट प्राप्त भएका छैनन्। स्थानीय निर्वाचन पछि विद्यमान प्रतिकूलताहरू चिर्नका लागि आयोगले प्रदेश तहमा अनुशासनसम्बन्धी प्रशिक्षण र अनुगमन गर्ने निर्णय गऱ्यो। तर यो निर्णयलाई निस्तेज गर्दै अन्य विभागहरूबाट समानान्तर प्रशिक्षण राखिएको पाइयो। पार्टीको अपानीमा अनुशासनको विषयमा प्रशिक्षण राख्न आयोगसँग समन्वय गर्ने उल्लेख भए तापनि यस विषयमा आयोगबाट सम्पर्क गर्न खोज्दासमेत प्रशिक्षणको संयोजन गर्ने कतिपय नेताहरूले बेवास्ता गरेको र गैरजिम्मेवारीपूर्ण ढंगले व्यवहार गरेको पाइयो। कामको विशिष्टता र प्रभावकारिताभन्दा आडम्बर देखिनु दुःखद कुरा हो। आयोगको भूमिकालाई नेताहरूले नै बेवास्ता गर्ने र अमर्यादा गर्ने हो भने पार्टीमा अनुशासन कायम हुन सक्दैन। यो गम्भीर कुरा हो। सबैले बुझ्नुपर्ने कुरा के हो भने पार्टी आत्मिक जगमा उभिएको हुन्छ। नेतृत्व स्थापित हुनको लागि कार्यकर्ता र जनताबाट स्वीकारिनु पर्दछ। आयोगलाई पार्टीका निर्णयहरू तथा नीतिहरूबाट स्थापित गरिनुपर्दछ। आयोगका निर्णयहरू र नेतृत्वलाई सबैले सम्मान र मर्यादा गर्नु जरुरी छ। यसको विधिसम्मत व्यवस्था गरिनुपर्दछ। पार्टीको प्रमुख नेतृत्वले यसलाई ध्यान दिने र ठोस निर्णय गर्नु जरुरी छ।

## निष्कर्ष

८३. आम चुनाव तथा पार्टीको दैनिक जीवनमा देखिएका विभिन्न प्रवृत्तिहरू यही समाजका उपजहरू हुन्। सामाजिक सम्बन्धमा देखिएका यी प्रवृत्तिहरूलाई विधि र व्यवहारबाट मात्र नियन्त्रण र व्यवस्थापन गर्न सकिन्छ। सामाजिक निर्णयहरूमा आफ्नो सहभागिता खोज्नु मानवीय स्वभाव हो। यसलाई दिशाबोध गर्न संगठन संचालन र निर्णयहरू गर्दा व्यापक सहभागितामा जोड दिनु आवश्यक छ। यो विधिबाट निर्णयहरूको स्वामित्व प्राप्त हुन्छ। पार्टीमा संगठित हुने र नेतृत्व स्थापना हुने कुरा व्यक्तिका इच्छा, आकांक्षा र तत्कालिन अवस्थामा निर्भर हुने गर्दछ। तर, संगठनात्मक लक्ष पुरा गर्न संगठनको गतिशीलता र नेतृत्वको निर्णय क्षमतामा भरपर्ने कुरा हो। तोकिएको कामको निम्ति उपयुक्त नेतृत्व चयन गर्न सकिएन भने समस्याहरू सिर्जना हुन थाल्दछन् र अन्ततः बिग्रहमा सकिन्छन्। अभ्यास र अनुभवबाट नेतृत्व स्थापित हुनुपर्ने वास्तविकताको विपरीत दबाब र बहकावबाट विभिन्न कमिटीहरूको नेतृत्वमा पुगेकाहरूबाट धेरैजसो समस्याहरू सिर्जना भएको घटनाहरूबाट सिद्ध भएको देखिन्छ। यसलाई सच्याउनु पर्दछ।

८४. निर्वाचनमा देखिएका विभिन्न प्रवृत्तिहरूको निष्कर्ष भनेको चुनावी प्रतिस्पर्धा कमजोर हुनु वा कमजोर गरिनु र अन्ततः असफलता हात पर्नु हो। यसलाई घात तथा अन्तरघातको रुपमा व्याख्या हुने गरेको छ। सामान्यरुपमा असन्तुष्टीको प्रतिबिम्ब निस्क्रिय रहने तथा असहयोगी बन्ने हुने गर्दछ भने कटुता बढ्दै जाँदा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा नेतृत्व र उमेद्वारको विरुद्ध लाग्ने गरेको देखिन्छ, अन्तरघात भनेको यही हो। यस्तो प्रवृत्ति कसरी विकास हुन्छ भन्ने कुरामा ध्यान दिनु जरुरी छ। अन्तरघात असन्तुष्टिको उच्चतम् अवस्था हो। यसको पछाडी धेरै कारणहरू हुन सक्छन। निर्वाचनको समयमा उमेद्वारको चयन नै प्रमुख विषय हो। उमेद्वारको विषयमा केही महत्वपूर्ण मुद्दाहरूमा ध्यान दिनु आवश्यक छ। उमेद्वारको छनोटमा सम्बन्धित कमिटीहरूले स्वामित्व लिए या लिएनन, उमेद्वार छनोट कार्य विधिसम्मत भयो या भएन, प्रस्तावित नामहरूको विकल्प नेतृत्वले नै खोजी गऱ्यो या गरेन, क्षेत्रको विविधताको आधारमा सम्बन्धित समुदायको प्रतिनिधित्व भयो या भएन, सबै क्षेत्रमा महिला मतदाता ५० प्रतिशतको हाराहारीमा रहने पृष्ठभूमिमा महिला उमेद्वार चयनमा ध्यान दिइयो या दिइएन, उमेद्वारको विषयमा स्वार्थहरू बाझिए या बाझिएनन्, उमेद्वारहरूको चरित्र र नैतिकताको विषयमा प्रश्नहरू उठे या उठेनन्,

उमेद्वार चयनमा नेताहरूका स्वार्थहरू निर्णायक भए या भएनन्, छनोटका ठोस आधारहरू तयार गरिए या गरिएन्, नेता तथा उमेद्वारहरूका अराजनीतिक व्यवहारहरू प्रकट भए या भएनन्, उमेद्वार भइसकेपछि आफू जित्नको लागि उमेद्वारले विरोधीसँग अघोषित गठजोड गरे या गरेनन्, उमेद्वार र नेताहरूबाट जनमैत्री व्यवहार भयो या भएन, आदि व्यवहारहरू तथा निर्णयहरूबाट असन्तुष्टीहरू हुर्किने या अनुकूलता सिर्जना हुने गर्छ। आम निर्वाचनमा एमालेको लोकप्रिय मत धेरै आउने तर उमेद्वारले भने हार्ने अवस्था भनेको अन्य धेरै कारणहरूको अलावा उमेद्वारको छनोट विधिसम्मत भएन या उमेद्वार उपयुक्त भएनन् भन्ने नै हो। उमेद्वार प्रतिस्पर्धी र छनोट विधि पारदर्शी हुनुपर्दछ।

८५. मतदाताहरू सधै एउटै पार्टीको पक्षमा रहिरहन्छन् भन्ने हुँदैन। कुनै न कुनै असन्तुष्टिको कारणले या कुनै प्रभावको आधारमा जनताले पार्टी र उमेद्वार छनोट गर्दछन्। यसपटक, कुनै विशिष्ट क्षमता देखाएको नेताबाहेक दोहोरिएका उमेद्वारहरूलाई जनताले रुचाएको देखिएन। पार्टीको पक्षमा राम्रो जनमत भएका ठाउँहरूमा समेत दोहरिएका उमेद्वारहरू पराजित भएको देखिएको छ। निर्वाचनको नतिजाबाट विस्तारै पार्टी होईन व्यक्तिलाई छान्न खोजेको प्रष्ट सन्देश दिएको छ। यदि व्यक्ति राम्रो छ भन्ने मतदातालाई लागेमा जुनसुकै पार्टीबाट भए पनि चुनाव जित्न सक्छन् भन्ने सन्देश यो चुनावले दिएको छ। अर्कोतिर पार्टीभित्रको असन्तुष्टी समेत निर्वाचनमा व्यक्त भएको छ। यसबाट पार्टीले समेत आगामी दिनमा स्वच्छ, ईमान्दार तथा भिजन भएका व्यक्तिलाई उमेद्वार बनाउनुपर्ने दवाव सिर्जना भएको छ।

८६. स्थानीय निर्वाचनदेखि प्रदेश र संघको निर्वाचनसम्म आइपुग्दा दलहरूप्रतिको अविश्वास, आम निरासा र वितृष्णा बढ्दै गएको देखिन्छ। त्यसको परिणामस्वरुप स्वतन्त्र उम्मेदवारहरू प्रतिको आकर्षण मतदातामा बढेको देखियो। दलहरूभित्र टिकटको झमेला, टिकट वितरणमा अपारदर्शिता र पक्षपात, निर्वाचनमा साम, दाम र बलको बढ्दो प्रभावले लोकतन्त्रप्रति जनविश्वास कमजोर हुँदै गइरहेको देखिन्छ। यसले गर्दा राजनीतिमा अनुशासन, नैतिकता र इमानदारिता नहुने रहेछ भन्ने नकारात्मक सन्देश गइरहेको छ। यसलाई सच्याउनु पर्दछ।

८७. नयाँ पुस्ताका मतदाताको मनोविज्ञान बुझेर उनीहरूको मन जित्ने कार्यक्रम ठूला दलहरूले बनाउनु जरुरी छ। यसलाई नयाँ दलहरूले उपयोग गरेका छन्। दलभित्र विचार, आचरण तथा संगठनसम्बन्धी अनेकौ समस्याहरू मौलाएका छन्। यसलाई सुधार गर्नुपर्दछ। नराम्रा दलहरूको विकल्प राम्रा दलहरू हुन्। यसलाई गम्भीररुपमा हेरिनु पर्दछ। पार्टीमा गतिशीलता सिर्जना गर्न र जनतामा उत्साह जागृत गर्न मिसन ग्रासरुट र संकल्प यात्रा जस्ता अभियानहरू बारम्बार संचालन गर्नुपर्दछ।

८८. सिद्धान्तको लफ्फाजीमा "म ठिक अरु सबै बेठिक" भन्ने संकिर्णता राखेर पार्टीका निर्णयहरू तथा संगठनात्मक पद्धतिलाई नमान्ने तथा उल्लंघन गर्ने अराजकतालाई नियन्त्रण गर्नुपर्दछ। पार्टीभित्र र बाहिरबाट पार्टीका कामहरूलाई कमजोर बनाउने दुष्प्रयत्नहरू विरुद्ध जुट्नु पर्दछ।

८९. जीवनको महत्वपूर्ण समय अन्यायको विरुद्ध संघर्षरत नेताहरूमा आत्मकेन्द्रित प्रवृत्ति देखिनु र पार्टीका हरेक कामहरूमा आफ्ना स्वार्थहरूलाई प्राथमिकता दिनु शोभनीय कुरा होइन। यसले गर्दा त्यस्ता नेताहरूका आफ्ना इच्छाहरू पुरा नहुँदा कुण्ठाको रुपमा परिणत हुने र पार्टीमा बिग्रह सिर्जना हुने हुन्छ। त्यसो हुँदा सबै नेता तथा कार्यकर्ताले आत्मालोचना गर्दै अगाडी बढिरहनु पर्दछ।

९०. सीमित मानिसहरूको अराजकता नियन्त्रण हुन सक्छ तर अराजकता नै मुल प्रवृत्ति भयो भने विग्रहमा टुगिंन्छ भन्ने ख्याल गर्नुपर्दछ। समाजमा बेथिति छ, विसंगति छ, त्यसैले यसको निराकरणको लागि, संगति स्थापित गर्नको लागि र सुखमय अवस्थाको सिर्जना गर्न नेकपा (एमाले)को भूमिका चाहिएको हो। यतिबेला संसदीय आन्दोलन मुल प्रवृत्ति हो। संसदीय व्यवस्थाले सिर्जना गरेका संसदीय विसंगतिहरूलाई सम्बोधन गर्दै सुधार गर्नु आवश्यक छ। पार्टीमा देखिएका केही विसंगतिहरू सीमित मात्रामा रहेका छन्। पार्टीको सांगठानिक गतिशीलता उत्साहजनक छ। पार्टीका अभियानहरूले जनतामा आशा र भरोसा

सिर्जना गरेका छन्। विसंगतिहरू आम प्रवृत्तिको रुपमा विकास नहोस् भन्ने मात्र हो। साँस्कृतिक विचलनका केही घटनाहरू सतहमा देखिएका मात्र हुन्। तथ्यहरूले के देखाएको छ भने जम्मा पार्टी सदस्यता करिब ६ लाख भएकोमा त्यसको ०.१ प्रतिशत भागले हुन आउने संख्या करिब ६०० को वरिपरी अहिले देखिएको समस्या हो। यो भनेको औसतमा ७५३ पालिकाहरूका जम्मा ६७४३ वडाहरू रहेका छन्, यसमा हिसाब गर्ने हो भने करिब १० वडाहरूमा एकजना सदस्यमा समस्या भन्ने हो। त्यसकारण पार्टीको एकीकृत प्रयत्नबाट अहिले देखिएका समस्याहरूलाई सहजरुपले समाधान गर्न सकिन्छ।

९१. स्थानीय तह तथा संसदीय निर्वाचनमा निर्वाचित भएका/समानुपातिक प्रतिनिधिहरूको साथै राजनीतिक नियुक्ति प्राप्त गरेका व्यक्तिहरूका कामहरूबाट पार्टीको प्रतिष्ठा उठ्ने र गिर्ने हुन्छ। उनीहरुका कामलाई पार्टीका सम्बन्धित तहका कमिटीहरूले नियमितरुपमा निर्देशन र नियमन गर्नुपर्दछ।

९२. यतिबेला पार्टीभित्र आचरणहरू मित्रवत् र सहिष्णु हुन छाडेका छन् र औपचारिकतामा सीमित हुन थालेका छन्। संगठित प्रयत्नमा समाजको अस्तित्व कायम हुन्छ भन्ने सच्चाइलाई महसुस गर्दै पार्टीलाई सबैले सबल बनाउनु पर्दछ। नैतिक आचरणहरूले समाजलाई बलियो बनाउँछ भन्ने कुरालाई आत्मसात् गर्दै पार्टीभित्र अनुशासन कायम गर्न आचारसंहितालाई कडाइका साथ पालना गर्नुपर्दछ। अनुशासन कायम गर्ने संगठनात्मक संरचनाको रुपमा रहेको अनुशासन आयोगलाई पार्टीभित्र मर्यादित बनाउने र यसका कामहरूलाई निर्वाधरुपमा अगाडी बढाउनु पर्दछ। नेकपा (एमाले)ले सबै नेता तथा कार्यकर्ताहरूको प्रतिस्पर्धी क्षमता विकास गर्ने र पार्टीका कामहरूलाई दिशाबोध गर्नुपर्दछ। पद, प्रतिष्ठा र सुविधाको आकर्षणले नेतृत्वलाई कमजोर बनाउनेछ भन्ने कुराको हेक्का सबैमा हुनुपर्दछ।

९३. अनुशासन आयोगले कारबाही गर्छ भनेर तर्सनु पर्ने केही छैन। किनकि, कम्युनिष्ट पार्टीमा निष्ठा भएका र असल आचरण र व्यवहार भएका मानिसहरू रहन्छन्। उनीहरुलाई आचारसंहिताबाट दिशानिर्देश गर्ने मात्र हो। त्यसैले, आचारसंहिता नैतिक आचरण र व्यवहार गर्न चाहनेहरूको लागि बनाइएको हो।

९४. यी निष्कर्षहरू पार्टीको संगठनात्मक जीवनमा महसुस गरिएका विषयहरू हुन्। नेकपा (एमाले)को राष्ट्रिय प्रतिनिधि परिषदको यो बैठकले यहाँ उठाइएका विषयहरूलाई गम्भीरतापूर्वक ग्रहण गर्नेछ भन्ने आयोगले अपेक्षा र विश्वास गरेको छ।

हार्दिक क्रान्तिकारी अभिवादन सहित,

२०८१ बैशाष ८ गते

**केशव प्रसाद बडाल**
अध्यक्ष
केन्द्रीय अनुशासन आयोग, नेकपा (एमाले)

# लेखा आयोगको प्रतिवेदन

**कमरेड अध्यक्ष तथा राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषदका सम्पूर्ण कमरेडहरू,**

१. सर्वप्रथम, म केन्द्रीय लेखा आयोगको तर्फबाट यस राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद बैठकमा उपस्थित हुनुहुने सबैमा हार्दिक अभिवादन गर्न चाहन्छु। दशौं राष्ट्रिय महाधिवेशनबाट निर्वाचित लेखा आयोगका सदस्य कमरेड खम्ब खत्री यस अवधिमा दिवंगत हुनुभएको छ। म कमरेड खम्ब खत्रीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र वहाँले पार्टी निर्माणमा र केन्द्रीय लेखा आयोगलाई सबल बनाउनमा खेल्नु भएको भूमिकालाई सम्मान गर्न चाहन्छु।

पार्टी विधानको धारा २५, ८४ र ८८ ले नेकपा (एमाले)का केन्द्र, प्रदेश, जिल्ला, महानगर, उप–महानगर तहका कमिटी र जनसंगठनका केन्द्रीय तहको आर्थिक हरहिसाबको लेखापरीक्षण केन्द्रीय लेखा आयोगले गर्ने र त्यसको प्रतिवेदन राष्ट्रिय महाधिवेशन तथा राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषदमा प्रस्तुत गर्ने व्यवस्था गरेको छ। धारा ८८ (५) ले पालिका तहभन्दा माथिल्ला कमिटीहरूले हरेक वर्ष लेखापरीक्षण गराउनु पर्ने र सोको प्रतिवेदन अधिवेशनमा प्रस्तुत गर्ने व्यवस्था गरेको छ। विधानअनुसार केन्द्रीय लेखा आयोगको कामको परिधिभित्र केन्द्र, प्रदेश, जिल्ला, महानगर र उप–महानगर, सम्पर्क समन्वय, प्रदेश सम्पर्क कमिटी, प्रवासी नेपाली मञ्च, प्रवासी नेपाली संघ भारत र त्यसअन्तर्गतका कमिटीहरू र २३ वटा जनसंगठनहरू गरी १५७ कमिटीहरू रहेका छन्। म अहिले यिनै वैधानिक व्यवस्थाअन्तर्गत केन्द्रीय कोष, मातहतका कमिटी र जनसंगठनहरूको समग्र आर्थिक अवस्था तथा आर्थिक परिचालनका सन्दर्भमा लेखापरीक्षणबाट देखिएका अवस्था, प्रवृत्ति, सुधारका लागि सुझाव र गरिएका कामहरूका सम्बन्धमा केन्द्रीय लेखा आयोगको प्रतिवेदन लिएर प्रस्तुत भएको छु। यस लेखापरीक्षण प्रतिवेदनमा पार्टीको आर्थिक कामका क्षेत्रमा देखिएका थुप्रै कमजोरीहरूलाई खोतल्ने प्रयत्न गरिएको छ। लेखापरीक्षण गर्दा सकेसम्म सत्यतथ्यको उत्खनन गर्ने कोशिस गरिन्छ र प्रतिवेदनमा त्यही कुरा झल्कियोस् भन्ने चाहना राखिएको छ। कमजोरीहरू देखाउनुको मतलव पार्टीभित्र असल अभ्यास र परम्परा सबै भत्किईसके भन्ने चाहिं होइन।

एउटा भनाइ छ, यदि महको भाँडो खुल्ला राखियो भने कमिला पस्छ। कमिलालाई महको भाँडोमा पस्न नदिन विर्को बलियोसँग लगाउनै पर्छ। एक जना समाजवादी नेताले भनेका थिए, अहिलेको लागि समाजवाद भनेको नै लेखा राख्ने काम हो किनभने लेखासँग जटिल राजनीतिक मुद्दाहरू पनि गाँसिएका हुन्छन्। यसो हेर्दा लेखा प्राविधिक विषय जस्तो लागे पनि यससँग अप्रत्यक्षरुपमा नेतृत्वका आर्थिक दिनचर्याहरू गाँसिएका हुन्छन्। यदि आर्थिक काम र लेखालाई व्यवस्थित बनाइएका छन् भने अनुशासनका धेरै पहलुहरू समाधान हुँदै जान्छन्। होइन भने कमिटीभित्र अराजकता सिर्जना हुन्छ र त्यसले पार्टीलाई कमजोर बनाउँदै लैजान्छ। पार्टी लेखा सामान्य लेखा मात्र नभएर नेता कार्यकर्ताका आर्थिक चरित्रसमेत जोडिने बिषय भएकोले यसलाई व्यवस्थित बनाउनु अर्थात् महको भाँडोको बिर्को बलियोसँग कस्नु नेकपा एमालेको लागि अहिलेको एउटा महत्वपूर्ण आवश्यकता हो। यदि पार्टी लेखालाई बलियो बनाउन सकियो भने पार्टीलाई कार्यकर्ता र जनतासँग जोड्न, कमिटीहरूलाई योजनावद्ध हिसाबले चल्ने बनाउन, साधनस्रोत जुटाउन, संपत्ति सुरक्षित बनाउन, मीतव्ययी बनाउन र आन्तरिक लोकतन्त्रलाई सुदृढ बनाउन मदत गर्दछ भन्ने लेखा आयोगको दृष्टिकोण रहेको छ। लेखा आयोगले लेखापरीक्षण गर्दा र यो प्रतिवेदन तयार गर्दा यिनै बिषयहरूलाई ध्यानमा राखेको कुरा जानकारी गराउन चाहन्छु।

## २. दशौं राष्ट्रिय महाधिवेशनपछि केन्द्रीय लेखा आयोगले गरेका कामहरू

दशौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय लेखा आयोगमा २४ जना निर्वाचित भएका थियौं जसमध्ये १ जनाको मृत्यु, ३ जनाको राजिनामा र १० जना मनोनयन भई अहिले ३० जनाको कमिटी रहेको छ। दशौं राष्ट्रिय महाधिवेशनपछि आयोगको ९ वटा पूर्ण बैठक र सचिवालयका २२ वटा बैठक बसेका छन्। आयोगबाट ६ वटा सर्कुलर जारी गरिएको छ। केन्द्रीय लेखा आयोगको कार्यक्षेत्रलाई हामीले १४ वटा भागमा विभाजन गरेका छौं जसमा केन्द्र, ८ वटा प्रदेश, सम्पर्क समन्वय, जनसंगठन क र ख समूह, भारत प्रवास र प्रवासी नेपाली मञ्च पर्दछन्। पार्टी नियमावलीको नियम २७ ले प्रत्येक तहका लेखा कमिटीहरूले एक तहमुनीको हिसाबको अन्तिम लेखापरीक्षण गर्ने भनिए पनि पालिकाहरूको लेखापरीक्षणको लागि जिल्ला लेखा कमिटी बनी नसकेको कारणले सो अधिकार हाललाई प्रदेश लेखा कमिटीलाई दिइएको छ। पार्टी केन्द्रीय कोषको आन्तरिक लेखापरीक्षण केन्द्रीय लेखा आयोगले नियमित रुपमा गर्दै आएको छ भने अन्तिम लेखापरीक्षण बाह्य लेखापरिक्षकबाट हुने कानूनी व्यवस्था छ। सोअनुसार आर्थिक वर्ष २०७९/८०

को अन्तिम लेखापरीक्षण रजिष्टर्ड अडिटर तथा पार्टीका केन्द्रीय सल्लाहकार कमल खरेलबाट सम्पन्न भएको थियो भने आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखापरीक्षणका लागि चार्टर्ड एकाउन्टेन्ट नील सारुलाई नियुक्त गरिएको छ।

पार्टीको दशौं राष्ट्रिय महाधिवेशन हुँदाको बखत समग्र पार्टी कमिटीहरू र पार्टीको आर्थिक काम समस्याग्रस्त अवस्थामा थिए। विभाजनभन्दा अघि र पछि कतै पार्टीका बैङ्क खाताहरू बन्द गराइएका थिए भने कति ठाउँमा खाता नै थिएनन्। नेकपा कालमा कमिटीहरू व्यवस्थितरुपमा नचलेका र कतिपय जिम्मेवार नेताहरूसमेत विभाजनको पक्षमा गएका कारणले धेरै कमिटीका आर्थिक काम अस्तव्यस्त थिए। सन्तुलन र नियन्त्रण प्रणाली ध्वस्त भएको थियो भने कमिटीका बैठकहरू नै नबस्ने, बसे पनि आपूmखुसी निर्णयहरू हुने आदि अवस्था थियो। सदस्यताको वास्तविक अभिलेख, उठेको सदस्यता शुल्क र लेबीको समेत हिसाब नरहने अवस्था रहेको कुरा हामी सबैलाई जानकारी छ। दशौं राष्ट्रिय महाधिवेशनभन्दा अघि आयोगले भूगोलका ७१ जिल्लामा भ्रमण गर्दा औंलामा गन्न सकिने केही जिल्लाहरूको मात्र लेखा व्यवस्था ठीक अवस्थामा थियो। कैलाली, कास्की, रुपन्देही, धनकुटा र पेशागत जिल्ला कमिटी गरी ५ वटा जिल्ला कमिटीहरूको मात्र लेखापरीक्षण सम्भव भएको थियो भने प्रदेशहरू कुनै व्यवस्थित थिएनन्। जनसंगठनहरूमा जिफन्ट मात्र संस्थागत हिसाबले चलेको अवस्था थियो।

त्यस यता पार्टीभित्रको यो अव्यवस्थालाई सुधार्न र आर्थिक अनुशासन पालनालाई व्यवस्थित बनाउन केन्द्रीय लेखा आयोगले लेखापरीक्षण, अनुगमन, परामर्श, नीति नियम निर्माण र परिमार्जन, सहजीकरण, प्रशिक्षण आदि गर्दै आएको छ। यस अवधिमा भएका समग्र कामहरूलाई मुख्यतः नीतिगत र लेखापरीक्षणसम्बन्धी गरी दुई भागमा बाँड्न सकिन्छ जुन यस प्रकार छन्।

**क. नीतिगत कामहरू**

यस अवधिमा महत्वपूर्ण नीतिगत कामहरू भएका छन् जसमध्ये मुख्य–मुख्य यस प्रकार छन्:

- पार्टीका विभिन्न कमिटीहरूले आर्थिक कामका सन्दर्भमा प्रयोग गर्ने लेखामा एकरुपता ल्याई व्यवस्थित गर्ने उद्देश्यले लेखा–ढाँचा पारित गरी कार्यान्वयनमा ल्याइएको छ। त्यसले पार्टीको लेखामा राखिने आम्दानी, खर्च, सम्पत्ति र दायित्वका शीर्षकहरूसमेत तोकेको छ र आर्थिक विवरणका फारामहरू निर्धारण गरेको छ। नयाँ व्यवस्थाले दोहोरो लेखा प्रणालीको ढाँचामा, आर्थिक वर्षअनुसार लेखा राख्ने व्यवस्था, हरेक कमिटीले आफ्नो हिसाबकिताब सम्बन्धित कमिटीबाट अनुमोदन गराउनु पर्ने व्यवस्था, प्रस्तुत गरिने वित्तीय विवरणको ढाँचा निर्धारण आदि काम गरेको छ।
- पार्टी नियमावलीमार्पmत प्रदेश, जिल्ला र जनसंगठनहरूमा लेखा कमिटी/लेखा आयोगको निर्माण र उनिहरूको काममा प्रष्टता ल्याउने काम भएको छ।
- केन्द्रीय लेखा आयोग, प्रदेश, जिल्ला, पालिका तह र जनसंगठनका लेखा कमिटीहरूको लागि लेखा नियमावली बनाइएको छ जसले लेखा आयोग र विभिन्न तहका लेखा कमिटीहरूलाई लेखापरीक्षण कसरी गर्ने भन्ने सम्बन्धमा निर्देशित गरेको छ। यसलाई थप व्यवस्थित गर्न र सहज तवरबाट लेखापरीक्षण गर्न लेखापरीक्षण कार्यविधि, २०८० निर्माण गरिएको छ। साथै लेखापरीक्षण गर्न जाने आन्तरिक र वाह्य लेखापरीक्षकले दिने लेखापरीक्षण प्रतिवेदनको ढाँचासमेत निर्माण गरिएको छ।
- केन्द्रीय तहमा आर्थिक विनियम र मातहत तहका लागि लेखा व्यवस्थापन निर्देशिका निर्माण गरिएको छ जसले पार्टीको केन्द्रीय कोष र मातहत कमिटीहरूको आर्थिक परिचालन र लेखा व्यवस्थापनसम्बन्धी दैनिक कामलाई व्यवस्थित बनाउन सहयोग गर्दछ।
- लेखा आयोगले लेखापरीक्षण गर्ने र प्रतिवेदन दिने तर लेखापरीक्षण प्रतिवेदनहरू अधिवेशनहरूमा प्रस्तुत नहुने र भए पनि तोडमरोड हुने अवस्थालाई ध्यानमा राखी यसलाई अत्यावश्यक नियमित कामको अभिन्न अंग बनाइएको छ र अधिवेशन र प्रतिनिधि परिषद बैठकहरूमा आयोग वा आयोगको प्रतिनिधि स्वयं उपस्थित भई आफ्नो प्रतिवेदन पेश गर्ने नीति बनाइएको छ।

- समग्र पार्टी पंक्तिलाई आर्थिक व्यवस्थापन, लेखा र लेखापरीक्षण तथा आर्थिक अनुशासनको सन्दर्भमा सहयोग गर्ने अध्ययन सामग्रीको खाँचो देखिएकोले सो समस्या समाधान गर्न आयोगबाट 'नेकपा एमालेको पार्टी लेखा तथा आर्थिक व्यवस्थापन दिग्दर्शन' प्रकाशन गरिएको छ । यस दिग्दर्शनले पार्टीको आर्थिक पाटोको ऐतिहासिकतासहित भावी दिशा निर्देशित गरेको छ जसमा पार्टीका श्रद्धेय अध्यक्षलगायत धेरै नेताहरूको विचार समेटिएको छ ।
- हाल कार्यान्वयनमा ल्याइएको लेखा–ढाँचा थोरै सदस्यता र क्षमतामा कमजोर कमिटीहरूको लागि केही कठिन भएको महशुस गरी त्यस्ता कमिटीहरूका लागि अझै सरल खालको लेखा–ढाँचा निर्माण गर्ने काम अन्तिम अवस्थामा पुगेको छ ।
- अधिवेशनमा सम्बन्धित कमिटीको तर्फबाट वित्त तथा कोष विभाग प्रमुखले पेश गर्ने कमिटीको आर्थिक प्रतिवेदनको नमूना निर्माण गरिएको छ जसले सम्बन्धित कमिटीहरूलाई व्यवस्थित आर्थिक प्रतिवेदन तयार गर्ने काममा सहयोग गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।
- भविष्यमा आर्थिक कामका आधारमा पार्टी कमिटीहरूको मूल्याङ्कन गर्ने हेतुले एक मूल्याङ्कन कार्यविधि निर्माण गरिएको छ। मूल्याङ्कनको यो व्यवस्था आगामी आर्थिक वर्षदेखि लागू गरिने छ ।
- लेखापरीक्षण नगराई वा लेखा आयोगको स्वीकृति नभई अधिवेशन गर्नमा रोक लगाउने र लेखापरीक्षण नगराई अधिवेशन गरिएमा त्यस्तो अधिवेशनलाई मान्यता नदिने निर्णय गरिएको छ भने यसअघि त्यसरी अधिवेशन वा प्रतिनिधि परिषद गर्ने नेतृत्वलाई स्पष्टीकरण सोध्ने काम भएको छ ।
- पार्टी केन्द्रीय स्कुल विभाग र अन्य संगठनहरूको आयोजनामा भएका प्रशिक्षण तथा कमिटीका बैठकहरूमा सहभागी भई आर्थिक व्यवस्थापन र लेखा सम्बन्धी विषयमा प्रशिक्षण र निर्देशन गर्ने काम हुँदै आएको छ ।
- प्रदेश लेखा कमिटीहरूलाई सक्षम बनाउन उनिहरूका बैठकमा उपस्थित भई सहकार्यको वातावरण निर्माण गर्ने र उनीहरूलाई कामका सन्दर्भमा उत्साहित बनाउने कोशिस भइरहेको छ ।
- केन्द्रीय कार्यालयमा प्रयोग भएको सफ्टवेयरलाई अद्यावधिक गर्ने र भविष्यमा प्रदेश र जिल्लाको लागि उपयोगी एकाउन्टिङ सफ्टवेयर विकास गरी नयाँ आर्थिक वर्षदेखि लागू गर्ने गरी कामको सुरुवात भएको छ । आगामी वर्षदेखि प्रदेशका हिसाबहरूलाई केन्द्रीय हिसाबसँग जोड्ने सोच राखिएको छ ।
- पार्टीको प्यान नम्बर लिइएको छ भने यस आर्थिक वर्षको कर छुटको प्रमाणपत्रसमेत लिइएको छ ।

माथि उल्लेखित नीतिगत कामहरूका अलावा केही तत्काल गर्नुपर्ने कामहरूका लागि विभिन्न निर्णयहरू गरिएका छन्, ती मध्ये उल्लेखनीय निर्णयहरू यस प्रकार छन् :

- महानगर र उप–महानगरपालिका बाहेक पालिका तहका कमिटीका लेखापरीक्षण गर्ने अधिकार प्रदेश लेखा कमिटीलाई प्रत्यायोजन गरिएको छ ।
- जिल्ला सम्पर्क मञ्चहरूको लेखापरीक्षण गर्ने काम सम्पर्क समन्वय कमिटीअन्तर्गतको लेखा कमिटीलाई हस्तान्तरण गरिएको छ ।
- प्रवासको लागि विशेष व्यवस्था गरिएको छ ।
- सबै कमिटीको बैङ्क कारोबारको लागि वित्त तथा कोष व्यवस्थापन विभाग प्रमुखको हस्ताक्षर अनिवार्य र अध्यक्ष वा अन्य पदाधिकारीमध्ये कुनै एकको गरी दुई जनाको हस्ताक्षरबाट खाता संचालन गर्नुपर्ने किटानी व्यवस्था गरिएको छ। वित्त तथा कोष व्यवस्थापन विभाग पदाधिकारीहरूमध्येबाट नै राख्नुपर्ने व्यवस्था गरिएको छ ।
- विभिन्न कमिटीहरूसँग सम्पत्ति रहेको अवस्थालाई ध्यानमा राखेर सबै कमिटीहरूले आपूmसँग भएका स्थिर सम्पत्ति (घर, जग्गा, सवारी साधन र अन्य सम्पत्ति) को मूल्याङ्कन गराई वासलातमा हिसाब समावेश गर्ने कुरालाई निर्देशित गरिएको छ ।

**ख. लेखापरीक्षण, अनुगमन र त्यसको प्रतिवेदन दिनेसम्बन्धी काम**

आर्थिक वर्ष २०७८/७९ मा केन्द्रीय कमिटी, केही जिल्ला कमिटीहरू र ११ वटा जनसंगठनहरूको मात्र लेखापरीक्षण हुनसकेको थियो भने ७४ जिल्ला, महानगर र उप–महानगर कमिटीहरूको अनगुमन गरिएको थियो। अहिले भने अवस्थामा निकै सुधार आएको छ। यस आर्थिक वर्षमा हालसम्म लेखापरीक्षण गरिएका कमिटीहरूमा पार्टी केन्द्रीय कमिटी, उपत्यका विशेषसहित ८ वटै प्रदेश कमिटी, सम्पर्क समन्वय र त्यसअन्तर्गतका ७ वटै प्रदेश सम्पर्क कमिटी, विशेष कमिटीअन्तर्गतका सहित ८१ जिल्ला कमिटीहरूमध्ये ५० वटा जिल्ला कमिटी र ३ वटा जनसंगठनको लेखापरीक्षण सम्पन्न भएको छ। १७ वटा महानगर र उपमहानगर कमिटीहरूको आर्थिक कामको गत साल अनुगमन भएको थियो तर अहिलेसम्म १ वटा बाहेक अरु कसैको पनि लेखापरीक्षण हुनसकेको छैन। महानगर र उपमहानरहरूको लेखापरीक्षण हुन नसक्नुका मूल कारण सम्बन्धित कमिटी लेखापरीक्षणको लागि तयार नहुनु र लेखा आयोग पूर्णरुपमा प्रदेश, जिल्ला र जनसंगठनको लेखापरीक्षणमा केन्द्रित हुनु हो। आयोगको योजनाअनुसार काम भएमा यस वर्ष देशभित्रका सबै कमिटीहरूको लेखापरीक्षण हुने छन्।

लेखापरीक्षण भएकाहरूमा अधिकांश कमिटीहरूको आर्थिक वर्ष ०७८/७९ र २०७९/८० को मात्र लेखापरीक्षण सम्पन्न भएको अवस्था छ भने थोरैको बाहेक ०७८/७९ भन्दा अघिको हिसाबको लेखापरीक्षण हुन सकेको छैन।

## ३. केन्द्र र प्रदेशहरूका हिसाबको अवस्था

लेखापरीक्षणबाट देखिएअनुसार केन्द्रीय कार्यालयको हिसाब अद्यावधिक बनाउने कोशिस भएको छ र आर्थिक अवस्था सन्तोषजनक छ। सूचनाप्रविधिमा आधारित स्वचालित लेखाप्रणाली छ जसको कारणले चाहेको अवस्थामा चाहेको प्रतिवेदन प्राप्त गर्न सकिन्छ। हरेक दिन महासचिव, वित्त तथा कोष व्यवस्थापन विभाग प्रमुख र लेखा आयोगको अध्यक्षलाई नगद र बैंकको अद्यावधिक अवस्थाको बारेमा जानकारी दिने व्यवस्था मिलाइएको छ। केन्द्रीय तहका सम्पूर्ण भुक्तानीहरू बैंकमार्फत हुने गर्दछन्, बजेट निर्माण भएको छ, नियमित सदस्यता शुल्क उठ्न सुरुभएको छ, वित्त तथा कोष विभागको बैठक नियमितरुपमा बस्ने गरेको छ र लेखा आयोगसँग सहकार्यमा काम भइरहेको छ। अभिलेखहरू दुरुस्त भएको कारणले निर्वाचन आयोगमा तोकिएको समय अगावै हिसाबकिताब बुझाउन सकिएको कुरा पनि जानकारी गराउन चाहन्छु।

आर्थिक वर्ष २०७८/७९ मा कुल आम्दानी २२,८०,०४,६९१/५७, कुल खर्च २१,००,६५,७७६/५२ र खर्चभन्दा बढी आम्दानी रु १७९३८९१५/०५ देखिन्छन्। यस आर्थिक वर्षमा आम्दानी र खर्च धैरै हुनुमा विधान महाधिवेशन र दशौं राष्ट्रिय महाधिवेशन हुनु तथा त्यसको सन्दर्भमा सदस्यता शुल्क र लेबी उठ्नु हो जसमा सदस्यता शुल्क ६८५००६३७/११ र लेबी रु १२२६२५२०१/२६ थिए। विधान अधिवेशन खर्च ४६३६५९९५/– र दशौं महाधिवेशन खर्च ११०७१०९८८/– भएको देखिन्छ।

आर्थिक वर्ष २०७९/८० मा कुल आम्दानी ८९७२२०६५/८९, कुल खर्च ११६००७०५८/२८ भई आम्दानीभन्दा बढी खर्च २६२८४९९२/३९ देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा पार्टीको खर्च आम्दानीभन्दा बढी हुनुमा संघीय र प्रदेश निर्वाचन हुन् जसमा रु ३९४४८८०६/७६। स्मरण रहोस्, पार्टीले निर्वाचनको लागि भनेर छुट्टै रकम कतैबाट उठाएन।

२०८० आषाढ मसान्तमा स्थिर तथा अन्य संपत्ति (भवन निर्माणसमेत) ५९२५४०३८/९६ छ भने बैङ्क तथा नगद मौज्दात रु १२६९०७७१८/१३ देखिन्छ। यसैमध्ये विभिन्न कोषहरूमा देखिएको एकमुष्ट रकम ५१३२२८४८/६९ मध्ये कार्यकर्ता संरक्षण कोष १३५३०५६७/ र अन्य कोष ३७७९२२८१/६९ देखिन्छ।

विभिन्न प्रदेशहरूका आर्थिक वर्ष २०७९/८० आम्दानी, खर्च र मौज्दातको स्थिति तलको तालिकामा देखाइएको छ।

## ४. लेखापरीक्षण र अनुगमनबाट देखिएका आम कैफियत र प्रवृत्तिहरू

**क. पार्टी केन्द्रीय कोष**

पार्टी केन्द्रीय कोषको लेखा व्यवस्थापन धैरै हदमा व्यवस्थित बनाउँदै लगिए पनि कतिपय समस्याहरू अझै बाँकी छन्। केही विशिष्ट उदाहरणहरू यस प्रकार छन्ः

**प्रदेशहरूको आर्थिक वर्ष २०७९/८० को आम्दानी खर्च र २०८० आषाढ मसान्तको स्थितिको तुलनात्मक विवरण**

| क्रसं | कमिटी | २०७९/८० को आय | ७९/८० को व्यय | बचत/घाटा | २०८० आषाढ मसान्तको मौज्दात | सदस्य संख्या | २०८० आषाढ मसान्तमा जिल्लाहरूबाट के.कामा पठाउन बाँकी रकम |
|---|---|---|---|---|---|---|---|
| १. | कोशी | ३५५०४५८।– | ४६,६७,१३२।– | (११६६७४।–) | २१२१७९६।८६ | ९५४३९ | १६६९९०७।७५ |
| २. | मधेश | २५२४६३०।– | १६,०४,५१५।– | ९२०११५।– | १५३९११५।– | ५८८३९ | २१०८३०९०।२५ |
| ३. | बाग्मती | ८०१६२३६।– | ८४,९९,३९७।२५ | (४८३१६१।२५) | ६८९९०१।– | १,०९,२३८ | ६२१६५५६।०० |
| ४ | गण्डकी | ३४१५२०९।– | ३७,५५,३४४।– | (३४०१३५।–) | १०४७६०६।– | ६३५५६ | २९६४९५४।५० |
| ५ | लुम्बिनी | २३५०४५९।३४ | ४३,९५,२३८।४५ | (२०४४७७९।११) | ७०६४०२६२३।– | ८२८९७ | १४२०४२२०।– |
| ६ | कर्णाली | १८,५१,६०४।०४ | २४,०५,८२०।८१ | (५,५४,२१६।७७) | १०,९८,१९७।८२ | ५१९९८ | १९३८२४५।२५ |
| ७ | सुदुरपश्चिम | २९७६६००।– | २७,४६,३७३।७५ | २००४६०।२५ | ५२९५३०।– | ५३४५२ | ८२३९१५०।७५ |
| ८. | विशेष प्रदेश | २१४५४८३।– | १३,५१,३३४।– | ७९४१४९।– | ५२९५३०।– | ९७८८ | २९७१६१६।५० |
| ९. | समन्वय | १९६७२५०।८० | ९,१५,९२५।– | १०५१३२५ ।८० | २४६२४४०।२२ | ८५८३ | १३,५५,५०८।– |

- नेकपा काल र त्यसअघिका कमिटी र व्यक्तिहरूसँगको पुरानो फस्र्योट हुन बाँकी पेश्की तथा वक्यौता रकमको श्रेस्ता मिलान र फरकफारक गर्नुपर्ने देखिन्छ। वर्तमान अवस्थामा केन्द्रीय कोषबाट अत्यावश्यक काममा बाहेक पेस्की जाने क्रम रोकिएको छ भने अन्य कमिटीहरू र जनसंगठनहरूमा यो समस्या अझै छ।
- विगतमा सुरु गरिएको कार्यकर्ता संरक्षण कोष प्रभावकारी हुनसकेको देखिँदैन। साथै पार्टीले सुरुगरेको ५००० जनाबाट रु.५००० का दरले रकम उठाउने पार्टी सहयोग अभियान प्रभावकारी हुनसकेको देखिँदैन।
- राजनीतिक नियुक्ति पाएकाहरूमध्ये १०६ जनाको अभिलेख लेखा शाखाले संकलन गरेको छ। तर तीमध्ये १८ जनाबाट रु ३२७८९४०/– मात्र लेबी प्राप्त भएको देखिन्छ। यसमा पर्याप्त प्रयास भएको छैन।
- तुल्सीलाल प्रतिष्ठानको वर्तमान भवन पुनर्निर्माणमा रु.८,४६,३६,६५६/९१ खर्च भएको छ, यो भवन ५ वर्षको लागि लिजमा लिइएको छ। यस हिसाबले हेर्दा ५ वर्षसम्म वार्षिक रु. १,६९,२७,३३१/३८ र मासिक रु. १४,१०,६१०/९४ खर्च हुँदै जाने देखिन्छ। मासिक मर्मत खर्च तथप रु. ४,००,०००/– दिने व्यवस्था छ। यसअनुसार पार्टी भवनको कुल मासिक खर्च रु १८,१०,६१०/९४ हुनआउँछ जुन लेखा आयोगको बिचारमा खर्चिलो देखिएको छ। भर्खरैमात्र केन्द्रीय कमिटीबाट आफ्नै पार्टी भवन निर्माण गर्ने कुरा निर्णय भएको छ जुन सकारात्मक छ। पार्टी भवन निर्माण अभियान छिटो सुरु गरौं भन्ने लेखा आयोगको सुझाव रहेको छ।
- गत दुई वर्षको सदस्यता शुल्क र लेबी व्यवस्थित भएको छ तर दशौं राष्ट्रिय महाधिवेशनभन्दा अघिको सदस्यता शुल्क र लेबीबापत कुनैपनि रकम भुक्तानी नगरी २४ जिल्लाले महाधिवेशनमा भाग लिएछन्। यस्ता जिल्लाहरूमा मधेश प्रदेशको सप्तरी, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा, कोशी प्रदेशको ताप्लेजुंग र मोरंग, गण्डकी प्रदेशको नवलपुर, लमजुंग, कास्की, पर्वत, बाग्लुंग, म्याग्दी, मुस्तांग, कर्णाली प्रदेशको पश्चिम रुकुम, सुदुरपश्चिम प्रदेशको बझांग, बाजुरा, अछाम, दार्चुला, डडेल्धुरा र कंचनपुर, उपत्यका विशेष प्रदेश कमिटीअन्तर्गत मजदुर, उद्योगी व्यवसायी र विद्यार्थी रहेछन्। पूरा बुझाउनेमा रामेछाप, रसुवा, भक्तपुर, काठमाडौं, इलाम, तेह्थुम, भोजपुर, धनकुटा, मनाङ, स्याङ्जा, सल्यान र पेशागत विशेष गरी जम्मा १२ जिल्ला मात्र देखिन्छ। केन्द्रमा सदस्यता शुल्क र लेबी नबुझाउने जिल्लाहरूमा पनि तल्ला तहबाट भने रकम उठाइएको देखिन्छ जुन रकम कुनै कुनै जिल्लामा झण्डै आधा करोडसम्म छ। धेरै जिल्लामा उक्त अवधिको लेखापरीक्षणसमेत हुन

नसकेको कारणले त्यो रकम कसरी खर्च भयो यकिन गर्न सकिँदैन ।

- अघिल्ला अधिवेशनहरूमा पार्टी निर्वाचन आयोगबाट जारी भएको निर्वाचन नियमावली बमोजिम उठ्नु पर्ने उम्मेदवारी शुल्कको केन्द्रमा आउनु पर्ने ५० प्रतिशत रकम धैरै कमिटीहरूबाट अहिलेसम्म पनि आएको छैन । न त त्यसको प्रष्ट हिसाब केन्द्रमा वा सम्बन्धित कमिटीमा छ । अहिले उम्मेदवारी शुल्क नै घटाइएको अवस्था छ । पुरानो बाँकी फर्स्योट गराउनेतर्फ ध्यान दिनु आवश्यक छ ।
- लेखा व्यवस्थापन सम्बन्धी विविध बिषयहरूमा केन्द्रीय वित्त तथा कोष व्यवस्थान विभागसँग छलफल भईरहेको र थुप्रै समस्याहरू निराकरण गर्दै लगिएको कुरा पनि जानकारी गराउन चाहन्छु ।

**ख. मातहत तह र जनसंगठन**

मातहत तह र जनसंगठनहरूमा आर्थिक कामका सम्बन्धमा समस्याहरू देखिन्छन् । त्यसका केही प्रवृत्तिहरू निम्नअनुसार छन्ः

- लेखापरीक्षण भए तापनि धैरै प्रदेशहरूको लेखाको कामलाई अझै व्यवस्थित गर्न बाँकी छ भने लुम्बिनीको तुलनात्मक रुपमा सन्तोषजनक अवस्थामा छ। प्रदेश लेखा कमिटीहरूमार्फत् सबै प्रदेशमा हिसाब व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।
- करिब ९५ प्रतिशत कमिटीहरूमा वित्त तथा कोष व्यवस्थापन विभाग नाम मात्रको छ । नियमित बैठक बस्ने, कोषलाई मितव्ययी ढंगले परिचालन गर्ने, कार्य योजना र वार्षिक बजेट बनाउने, आर्थिक विषयमा भएका निर्णयहरू कार्यान्वयन गराउने, लेखापरीक्षण गराउने, कमिटीको पूर्ण बैठकमा वा आवधिक रुपमा आर्थिक प्रतिवेदन पेश गर्ने, आर्थिक प्रशिक्षणका कामहरू संचालन गर्ने, स्थिर संपत्ति संरक्षण र तिनका कागजातहरूको अद्यावधिक गर्ने आदि काममा पहल भएको देखिँदैन ।
- विधानको धारा ८६ ले पार्टीका नाममा भएका अचल र जिन्सी सम्पत्तिमा केन्द्रीय कमिटीको स्वामित्व रहने र त्यसको लगत तोकिएबमोजिम राखिने भनेको छ । स्थिर सम्पत्तिको केन्द्रीय अभिलेख तयार गर्ने उद्देश्यले लेखा आयोगले २०७८ मंसीरदेखि मातहत कमिटीहरूको भौतिक संपत्तिको केही अभिलेखहरू संकलन गरेको छ तर तत्तत् कार्यालयहरूमा पनि श्रेस्ता, पूर्जा आदि व्यवस्थित नभएको र त्यसमा पूर्ण सहयोग पनि प्राप्त नभएकोले काम पूरा भएको छैन । कतिपय कमिटीहरू आफ्नै भवनमा बसेका छन् तर घरजग्गालगायत अन्य भौतिक सम्पत्तिहरू आफ्नै नाउँमा देखिँदैन। कतिपय जिल्लाहरूमा पार्टीको सम्पत्तिको उपयोग, संरक्षण र मर्मत संभार पनि भएको पाईदैन ।
- पार्टीले नगदरहित कारोबार अर्थात पूर्णतः बैंकमार्फत आर्थिक काम गर्ने नीति लिएको भए तापनि कतिपय कमिटीहरूले यसलाई आत्मसात् गरेको देखिँदैन। कतिपय कमिटीहरूमा बैङ्क खाता भएर पनि अधिकांश कारोबार नगदमा हुने गरेको छ ।
- धैरै कमिटीका अधिवेशन तथा बैठकहरूमा विधानबमोजिमको कमिटीको आर्थिक प्रतिवेदन पेश गर्ने चलन छैन। विगतको मूल्याङ्कन, वर्तमानका समस्या र भावी चुनौतीहरूको विश्लेषण गरी त्यसको सामना गर्नेगरी कार्ययोजनासहितको आर्थिक प्रतिवेदन पेश गर्ने असल परम्परालाई सबल बनाउँदै लैजानु आवश्यक रहेको छ ।
- कतिपय कमिटीहरूमा हिसाबकिताब समयमा बरबुझारथ नभएको कारणले लेखा व्यवस्थापन र लेखापरीक्षणको काममा गम्भीर असर परेको छ ।
- पार्टीले (अनुशासन आयोग र लेखा आयोगमार्फत) आर्थिक आचारसंहिता जारी गरेको छ। पार्टीभित्र नियमितता र मितव्ययिता कायम गर्न सघाउनु पर्ने, पार्टीले तोकेको सदस्यता शुल्क र लेबी बुझाउनुपर्ने, आर्थिक अनुशासन पालना गर्नुपर्ने, पार्टीको स्रोत जुटाउने र सुरक्षा गर्ने कुरा सबैको दायित्व हुने, पार्टी निर्णयबेगर निजीरुपमा आर्थिक परिचालन र संकलन गर्न नहुने, आर्थिक अनियमितता हुने कुरामा संलग्न हुन नहुने, निजी र पार्टीगत स्वार्थ बाझेमा पार्टी स्वार्थलाई प्राथमिकता दिनुपर्ने आदि विषयहरू छन् । त्यसतर्फ पार्टी नेता तथा कार्यकर्ताहरूको ध्यान दिनु आवश्यक छ ।

- खासगरी भूगोलका अधिकांश कमिटीको आम्दानी र खर्चमा सन्तुलन छैन र अधिकांश जिल्ला कमिटीहरू ऋणमा छन्। निर्वाचन र अधिवेशनहरूका ऋण प्रमुख रहेको देखिन्छ। अधिवेशनहरूमा अत्यधिक खर्च हुने गरेको देखिन्छ। अधिवेशन, भेला, बैठक आदि कार्यक्रमहरू होटल, पार्टी प्यालेस आदिमा हुने र तोकिएको भन्दा बढी समय लाग्ने कारणले पनि बढी खर्च भएका देखिन्छन्। केन्द्रीय शीर्ष नेताहरू उपस्थित हुने कार्यक्रममा गरिने ठूलाठूला सभा, भेला आदि कार्यक्रम र साथमा उपस्थित हुने अपरिभाषित र असम्बन्धित व्यक्तिहरूको खर्च आदि आयोजकले व्यहोर्नुपर्ने बाध्यताका कारण पनि अनुमानभन्दा बढी खर्चको अत्यधिक दायित्व कमिटीले व्यहोर्नुपरेको गुनासो आउने गरेको छ।
- कमिटीहरूका बीचमा लेबी प्रणालीमा एकरुपता छैन। कतिपय कमिटीमा कमिटीका सदस्यहरूलाई लेबी तोक्ने प्रचलन नै नरहेको, लेबी तोकिएपनि उठाउने नगरिएको, तिर्ने र नतिर्नेको कुनै अभिलेख नराखिएको देखिन्छ भने थोरैमात्र कमिटीले नियमित रुपमा कमिटी सदस्यहरूबाट लेबी उठाउने गरेको पाइन्छ। कतिपय जिल्लामा जनप्रतिनिधि लेबी नै नतोकिएको, तोकिए पनि जनप्रतिनिधिबाट उठाउने प्रयास नभएको, जनप्रतिनिधिले लेबी तिर्न नमानेको, कमिटीको निर्णय कार्यान्वयन नभएको आदि अवस्थाले गर्दा जनप्रतिनिधि लेबी व्यवस्थित हिसाबले उठेको देखिँदैन। कतिपय जिल्लाहरूमा पालिका तहले उठाउनु पर्ने जनप्रतिनिधि लेबी जिल्ला कमिटी स्वयंले उठाएको अवस्था छ। केही पालिका कमिटीहरूले भने संसदीय दलबाट निर्णय गराएर पालिका कार्यालयबाट नै एकमुष्टरुपमा कटाउने गरेको पनि पाइन्छ। साथै प्रदेश तहमा राजनीतिक नियुक्ति लेबी व्यवस्थित देखिँदैन। मधेश प्रदेशमा प्रदेश सांसदको लेबी समेत पनि सम्पूर्णरुपमा प्रदेश कमिटीको खातामा जम्मा भएको छैन।
- धेरै जिल्ला कमिटीहरूमा लिनुदिनु पर्ने रकमको विवरण दुरुस्त छैन, प्रदेश र केन्द्रलाई दिनुपर्ने रकम कति बाँकी छ भन्ने पनि थाहा छैन।
- धेरै कमिटीहरूमा खर्च आम्दानीका बिल भरपाईहरू व्यवस्थित प्रकारबाट राखिएका देखिँदैनन् भने नियमानुसारका भौचर तयार हुने, तिनलाई स्वीकृत गर्ने आदि काम समयमा हुँदैनन्। लेखापरीक्षण गर्नु पर्ने भएपछि हतारहतारमा एकै पटक बिलभौचर स्वीकृति गरी औपचारिकता मात्र पूरागरेको पाइन्छ।
- नगदी रसिदको प्रयोग सबै ठाउँमा हुने गरेको देखिँदैन भने रसिद प्रयोग भएको ठाउँमा पनि त्यसको व्यवस्थित अभिलेख हुँदैन। रसिदबाट हुने विकृति रोक्ने नाउँमा कतिपय कमिटीले आम्दानीमा रसिद नै प्रयोग गर्न बन्द गरेको पनि पाइन्छ। रसिदको अभिलेख पनि व्यवस्थित पाइँदैन।
- मिसन ग्रासरुटले नेकपा एमालेको सदस्य संख्या धेरै हदमा वास्तविकतामा ल्याएको छ।
- धेरै प्रदेश र जिल्लाहरूमा नेकपाकाल र सोभन्दा अघिका हिसाबमा समस्या छन्। केही प्रदेश र जिल्लाहरूमा नेकपाकालीन समयका बैंकखाता अहिलेसम्म पनि रोक्का रहेका छन्। धेरै कमिटीहरूमा नेकपाकाल र सोभन्दा अगाडिका हिसाबहरू पछिल्लो हिसाबसँग नजोडिएको अवस्था छ। पार्टी विभाजनको बेला आर्थिक क्षेत्रमा अराजकता र अपचलनका घटनाहरू प्रसस्तै घटेका देखिन्छन्। उदाहरणकालागि सुदुरपश्चिम प्रदेशमा रु ३०,०००००।–, पेशागत विशेष जिल्ला कमिटीमा रु.२०,००,०००।– अपचलन भएको छ। कतिपय जिल्ला कमिटीहरूको हिसाबकिताब नै पार्टी छाडेर जानेहरूले लगेको, रकम अपचलन गरेको र कतिपय कमिटीहरूमा यसैलाई बहाना बनाएर अहिलेको हिसाब पनि व्यवस्थित नगरेको पाइन्छ।
- कतिपय कमिटीहरूले स्थानीय तहमा उम्मेदवारीको टिकट दिएबापत तोकिएका उम्मेदवारहरूबाट रकम लिने निर्णय गरेको, केहीबाट उठाइएको र धेरैले नदिएको देखियो।
- सम्पर्क समन्वय र यसअन्तर्गतका कमिटीहरूका पनि लेखापरीक्षणको समयमा पुराना हिसाब भेटिएनन्। कमिटीका जिम्मेवार व्यक्तिहरूको नाउँमा पनि पेस्की बाँकी देखिन्छन्। पछिल्लो अवधिमा अधिकांश

कारोबारहरू बैङ्कमार्फत नै गरिएका छन् तर नगद कारोबार पनि धेरै छन्। हिसाबकिताबहरूका सम्बन्धमा कमिटीमा नियमितरुपमा रिपोर्टिङ् र अनुमोदन कमजोर छ। कमिटीको निर्णय नगराई आर्थिक कारोबार गर्ने परिपाटी भेटियो। रसिद नियन्त्रण खाता र अभिलेख नरहेको, वार्षिक बजेट निर्माण गरी बजेटको सीमाभित्र रहेर आर्थिक परिचालन नभएको, कतिपय भौचरहरूमा आधिकारिक बिल, भरपाई लगायतका प्रमाणित कागजातहरू संलग्न नरहेको आदि अवस्था देखिन्छ।

- काठमाडौं, ललितपुर र वीरगञ्ज महानगरपालिका तथा कलैया, जीतपुर सिमरा, घोराही, तुल्सीपुर, जनकपुर उपमहानरपालिकाहरूको हिसाब किताब व्यवस्थित छैन। धनगढी उपमहानगर पालिकाले भने भर्खरमात्र लेखापरीक्षण गराएको छ। सबै महानगर र उपमहानगरहरूले हिसाब सुधार गर्ने र लेखापरीक्षण गराउने प्रतिवद्धता भने व्यक्त गरेका छन्।
- जिफन्टलगायत कतिपय जनसंगठनहरूको आर्थिक स्थिति राम्रो छ। कतिपय जनसंगठनहरू आर्थिक रुपमा परनिर्भर भई पार्टी कोषबाट अनुदान सहयोग लिएर चलेको देखिन्छ। पेशागत महासंघ नेपालको नाममा रहेको लैनचौरस्थित घरजग्गा पार्टी विभाजनमा लागेकाहरूले कब्जामा लिएकोमा हालसम्म पनि फिर्ता ल्याउन सकिएको छैन। यसबाट महासंघको ठूलो सम्पत्ति जोखिममा पर्न गएको देखिन्छ।
- धेरै कमिटीहरूमा निर्वाचन आम्दानी खर्च पार्टीले व्यवस्थापन गर्न छाडेको अवस्था पाइन्छ। उम्मेदवारले नै रकम उठाउने, त्यसको श्रोत उल्लेख नगर्ने, कहाँ कति खर्च गरियो त्यसबारेमा पार्टी कमिटी बेखवर रहने र निर्वाचनमा खटिने नेता कार्यकर्ताहरूलाई खर्चका अभावमा कमिटीले परिचालन गर्न समेत नसक्नेसम्मका अवस्थाहरू देखिन्छन्। धेरै जिल्लामा आर्थिक परिचालन कमिटी नै नबनेको देखियो। साथै कार्यकर्ताहरूमा स्वयंसेवी भावना कम भई उम्मेदवारबाट पैसा लिएर मात्र चल्ने प्रवृत्ति विकास हुँदै गएको छ। युवाहरूमा यो प्रवृत्ति झन् बढेको देखिन्छ। संघीय र प्रदेश निर्वाचनमा स्थानीय कमिटीहरूलाई दिइएको रकम स्थानीय निर्वाचनको ऋण तिर्न प्रयोग भएको समेत पाइयो।
- धेरै कमिटीहरूले लेखापरीक्षणको निम्ति आयोग जाने मिति तय भएपछि हिसाबकिताब बनाउन थाल्दछन्। लेखापरीक्षणसँग डराउने, सकेसम्म तर्कने र अटेरी गर्ने प्रवृत्ति छ। धेरै कमिटीहरूका आर्थिक काम सम्बन्धित कमिटी र व्यक्तिको लागि होइन, लेखा आयोगको लागि जस्तो भएको छ। हरेक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्रमा लेखापरीक्षण गराउनु पर्ने वैधानिक प्रावधान छ तर अत्यन्त थोरै कमिटीहरूले मात्र समयभित्र लेखापरीक्षण गराउँछन्। अहिलेसम्म चल्दै आएको यो उल्टो अभ्यासलाई बदलेर विधान र नियमको व्यवस्था अनुसार काम गर्न गराउन जरुरी छ।
- लेखा आयोगले लेखापरीक्षण गरिसकेपछि देखिएका कैफियतहरूका सम्बन्धमा सम्बन्धित कमिटीका पदाधिकारीहरूसँग छलफल गर्ने र कमिटीमा लिखित प्रतिवेदन दिने गर्दछ। यसरी दिइएको प्रतिवेदनलाई सम्बन्धित कमिटीले आफ्नो कमिटीभित्र छलफल गराउने, सुधार्न सकिने कुरा सुधार्ने, त्यसको निश्कर्ष अधिवेशनहरूमा आफ्नो प्रतिवेदनको अंश बनाई छाप्ने र प्रतिनिधिमाझ बाँड्नु पर्ने व्यवस्था छ तर जानेर वा नजानेर सो कुरालाई उपेक्षा गरेको देखिन्छ। कतिपय कमिटीहरूले लेखा आयोगको प्रतिवेदनलाई नै आर्थिक प्रतिवेदन मानेर आप्mनो कमिटीको छुट्टै आर्थिक प्रतिवेदन पेश नगर्ने प्रवृत्ति पनि छ। अर्कोतर्फ समयमा नै नगराई अधिवेशनको मुखैमा लेखापरीक्षण गराउने कारणले लेखा आयोगलाई लेखापरीक्षणबाट देखिएका सबै कैफियतहरू अधिवेशनसमक्ष राख्नमा समस्या भएको छ। निर्वाचनको मुखमा सम्बन्धित कमिटीका आर्थिक कामका सम्बन्धमा देखिएका सबै समस्याहरू प्रस्तुत गर्दा आयोगको निस्पक्षतामा प्रश्न उठ्ला भन्ने डर, नराख्दा वास्तविक अवस्था प्रतिनिधिहरूको जानकारीमा नआउने र प्रतिनिधिहरू अन्धकारमा रहने द्विविधा आयोगले भोग्नु परिरहेको छ।
- पार्टी नियमावलीको नियम २७ मा पालिका तहसम्म सम्बन्धित तहको अधिवेशनबाट लेखा कमिटी निर्वाचित गर्ने व्यवस्था भएका आधारमा

अधिवेशनबाट लेखा कमिटी निर्माण हुन थालेका छन् तर, लेखा कमिटीमा जिम्मेवारी वा उम्मेदवारी दिइँदा लेखा जान्ने व्यक्तिहरूले प्राथमिकता नपाएको र कतिपय कमिटीमा केवल देखाउनका लागि आलंकारिक रुपमा मात्र लेखा कमिटी गठन भएको पाइन्छ। कतिपय कमिटीमा त प्रारम्भमा नै लेखापरीक्षण सम्बन्धी कुनै कामै गर्न नसक्ने अवस्था देखिएको छ। कुनै कुनै प्रदेशमा पालिका तहको लेखापरीक्षणको जिम्मा पाएको लेखा कमिटीले अहिलेसम्म काम सुरु गरेको छैन। यसबाट मातहत तहमा लेखा कमिटी जुन उद्देयका साथ निर्माण भएको हो सो पूरा नहुने सम्भावना देखिन्छ।

समग्रमा पार्टी कमिटीहरू र जनसंगठनहरू भित्र आर्थिक कामका सन्दर्भमा चार किसिमका प्रवृत्तिहरू देखिन्छन्। पहिलो, आम्दानी खर्च व्यवस्थापन र प्रणालीगत व्यवस्थापन ठीक छ र सत्यनिष्ठामा प्रश्न गर्नुपर्ने कुनै ठाउँ छैन। दोस्रो, आम्दानी खर्च व्यवस्थापन र प्रणालीगत व्यवस्थापन ठीक छैन तर सत्यनिष्ठामा कुनै शंका छैन। तेस्रो, आम्दानी खर्च व्यवस्थापन र प्रणालीगत व्यवस्था ठीक छ तर सत्यनिष्ठामा कहिँ कतै समस्या देखिन्छ। चौथो, आम्दानी खर्च व्यवस्थापन, प्रणालीगत व्यवस्थापन र सत्यनिष्ठा केही पनि ठीक छैन। आम्दानी खर्च व्यवस्थापन र नियन्त्रण प्रणालीमा पार्टीले खोजेको सत्यनिष्ठाका साथमा संस्थागत व्यवस्था पनि राम्रो होस् भन्ने हो।

### ग. आर्थिक काममा देखिएका सकारात्मक र असल अभ्यासहरू:

पार्टीको आर्थिक काममा समस्यामात्र होइन, सकारात्मक पाटा/पक्ष र असल अभ्यासहरू पनि छन्। केही उदाहरणहरू यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुनेछः

- बिस्तारै आर्थिक विषय महत्वपूर्ण हो भन्ने सोच विकास हुँदै गएको छ र आर्थिक कारोबारमा सम्बन्धित कमिटीहरूभित्र पनि कडाइ हुनथालेको छ।
- कमिटी प्रमुख स्वयं दैनन्दिनको नगद कारोबारमा संलग्न नहुने कुरा क्रमशः स्थापित हुँदै गएको छ।
- ७० भन्दा बढी जिल्लाहरू आफ्नै भवनमा संचालित छन्, कतिपयले जमिन खरिद गरेका र घर निर्माणका योजना बनाएका छन्।
- मातहत कमिटीहरूका लागि आवश्यक पर्ने आर्थिक व्यवस्थापन र लेखा तथा लेखापरीक्षणसम्बन्धी नीतिगत दस्तावेजहरू, आर्थिक आचारसंहिता, आर्थिक कामलाई निदेशित गर्ने लेखा निर्देशिका, पार्टीको लेखा–ढाँचा आदि निर्माण भएका छन्।
- पार्टी कमिटीहरूले लेखापरीक्षण गराउने र तिनका प्रतिवेदन सम्बन्धित अधिवेशनमा प्रस्तुत गरी पारित गर्ने कुरामा उल्लेखनीय प्रगति भएको छ। अधिवेशनभन्दा अघि सबै प्रदेशहरूले लेखापरीक्षण गराएका छन् र भविष्यमा यसलाई निरन्तरता दिने प्रतिवद्धता जनाएका छन्। माततहको लेखापरीक्षण सम्बन्धमा प्रदेशले पनि ताकेता गरिरहेको स्थिति छ।
- समयमा लेखापरीक्षण गराउनु पर्छ भन्ने चेतना अभिवृद्धि भइरहेको छ। उदाहरणको लागि यस वर्ष मकवानपुर जिल्ला कमिटीले गत आर्थिक वर्षको हिसाबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको १७ दिनभित्रमा नै सम्पन्न गरेको थियो।
- प्रदेश र जिल्ला तहमा अधिवेशनबाट लेखा कमिटीहरू बनेका छन् र तीमध्ये कतिले त आफ्नो कामको राम्रो सुरुआत गरेका छन्।
- थुप्रै पार्टी कार्यालयहरू व्यवस्थित र संस्थागतरुपमा चलेका छन्।
- थुप्रै कमिटीहरूबाट सफ्टवेयर प्रणालीमा आधारित लेखा व्यवस्थापनमा केन्द्रले सहजीकरण गर्नुपर्ने माग आएको छ। कास्की जिल्ला कमिटीले त धेरै पहिलेदेखि नयाँ कम्प्युटर सफ्टवेयर समेत निर्माणगरी लागू गरेको छ।
- अधिकांश कमिटीका बैङ्क खाताहरू खुलेका र उल्लेख्य कमिटीहरूमा बैङ्कमार्फत् आर्थिक काम गर्ने परिपाटी सुरु भएको छ। केन्द्रलगायत थुप्रै कमिटीहरूले बैङ्कमार्फतमात्र भुक्तानी दिने गरेका छन्।

- दशौं राष्ट्रिय महाधिवेशनपछिको दुई वर्षको सदस्यता शुल्क पार्टी केन्द्रीय कोषमा पूर्णरुपमा प्राप्त भएको छ र अब नियमितरुपमा सदस्यता शुल्क र लेबी उठ्ने आशा गर्न सकिन्छ। संगठन विभाग यसमा सक्रिय देखिन्छ।
- केन्द्रसहित कतिपय कमिटीहरूमा पार्टीको खर्चलाई मितव्ययी बनाउने प्रयास भएको देखिन्छ।
- आयोगले निर्धारण गरेको पार्टीको लेखा ढाँचाअनुसार हिसाब राख्न थालेका छन्।
- भर्खरमात्र पार्टी केन्द्रीय कार्यालय भवन बनाउने निर्णय भएबाट छिट्टै पार्टी स्वामित्वकै कार्यालय पाउने अपेक्षा गर्न सकिन्छ।
- केन्द्रीय कोष तथा प्रदेश कमिटीहरू र केन्द्रीय लेखा आयोगबीच राम्रो सहकार्य भइरहेको छ। लेखासम्बन्धी प्रशिक्षणको काममा पार्टी स्कूल विभागले सहयोग गरिरहेको स्थिति छ।

## ५. सुधारका लागि सुझाव र लेखा आयोगको आगामी कार्ययोजना

लेखा आयोगको अपेक्षा छ, हरेक कमिटीले आफ्नो दीर्घकालीन र वार्षिक आर्थिक कार्ययोजना बनाउने र सोको कार्यान्वयन गर्नेछन्, सबै कमिटीहरूका आर्थिक काम बैङ्कमार्फत हुनेछन्, स्थिर सम्पत्तिहरूको अभिलेख केन्द्रीय कार्यालय तथा सम्बन्धित प्रदेश र जिल्ला कार्यालयहरूमा रहनेछन्, पार्टीका सबै सम्पत्तिहरू पार्टीकै नाउँमा र सुरक्षित हुनेछन्, कमिटीहरू ऋणमुक्त हुनेछन्, पार्टीभित्र बरबुझारथ प्रणाली स्थापित हुनेछ र बैठक, अधिवेशन र प्रतिनिधि परिषदमा आर्थिक प्रतिवेदनहरू पेश, छलफल र अनुमोदन हुनेछन्। साथै पार्टीको आर्थिक काम संस्थागत हिसाबले चल्नेछ, आर्थिक कारणले कमिटीभित्र विवादहरू नआउने स्थिति बन्नेछ, सन्तुलन र नियन्त्रण पद्धति स्थापित हुनेछ, पार्टी कमिटी र जनसंगठनहरू आर्थिक रुपले शुद्ध, सुदृढ, सक्षम, जनआधारित र आत्मनिर्भर हुनेछन्, कमिटी र नेतृत्व पार्टी कार्यकर्ता, सदस्य र आमजनताप्रति पूर्ण जवाफदेही हुनेछन् र पार्टी कोषमाथि सार्वभौम सदस्यहरूको सर्वोच्चता कायम हुनेछ भन्ने विश्वास गरेको छ।

यी उद्देष्यहरू प्राप्तिको लागि भविष्यमा पार्टी नेतृत्वसँग सहकार्य गरेर नीति निर्माण, लेखापरीक्षण र अनुगमनको कामलाई कडाइका साथ लैजाने तथा प्रदेश तथा जनसंगठनका लेखा कमिटीको क्षमता अभिवृद्धि प्रशिक्षण बढाउने लेखा आयोगको सोच रहेको छ। यसको लागि नियमावली निर्देशिका परिमार्जन गर्ने, सबै कमिटीहरूलाई लागू हुने गरी आर्थिक व्यवस्थापन र लेखासम्बन्धी एउटै विनियम बनाउने, जिन्सी अभिलेखलाई अद्यावधिक गर्न सफ्टवेयर प्रणालीमा जोड्ने, थोरै आर्थिक कारोबार गर्ने कमिटीहरूको लागि सजिलो आर्थिक हिसाबको ढाँचा लागू गर्ने, थप प्रशिक्षण सामग्रीहरू प्रकाशन गर्ने, पालिका तहको आर्थिक कामको अनुगमन गर्ने, हरेक वर्षको पुस महिनाभित्रमा सबै लेखापरीक्षणको काम सम्पन्न गर्ने र सोमा ताकेता गर्न विभिन्न कमिटीहरूको लेखापरीक्षणको स्थिति देखाउने ड्यासबोर्ड तयार गर्ने आदि काम केन्द्रीय लेखा आयोगबाट गरिने छ। पार्टीको आर्थिक परिचालन र लेखा व्यवस्थापन सुधार सम्बन्धमा आयोगले गर्ने कामको ३ वर्षे छुट्टै रणनीतिक कार्ययोजना निर्माण गरेको छ। ३ वर्षे रणनीतिक कार्ययोजनाका सन्दर्भमा पार्टी नेतृत्वसहितको नीतिगत कार्यशाला गोष्ठी गर्ने सोच पनि छ। पार्टी नेतृत्वले पनि लेखा आयोगलाई भरपूर प्रयोग गर्ने, मातहत कमिटीहरूलाई संस्थागत प्रणालीबाट चल्न जोड दिने, अनुगमनको मात्र बढाउने, पार्टीको रकम हिनामिना गर्ने र बक्यौता बाँकी राख्नेहरूलाई कुनै पनि किसिमको उम्मेदवारी वा राजनीतिक नियुक्तिमा कडाइकासाथ बन्देज लगाउने, व्यक्तिलाई पेस्की दिने चलन बन्द गरी काम भएपछि मात्र सम्बन्धित पक्षलाई नै सोझै भुक्तानी दिने प्रचलन बसाउने, नीतिगत प्रशिक्षणमा सुशासनका विषयहरू समावेश गर्ने, कमिटीहरूलाई क्रमशः अटोमेसनमा लैजाने आदि काम गर्नुपर्छ। हामीले गत प्रथम विधान महाधिवेशनमा बिग्रिएको आर्थिक प्रणालीलाई पहिलेभन्दा अझ राम्रो बनाउने भनेर घोषणा गरेका थियौं। आशा गरौं त्यो प्रतिवद्धता पूरा हुनेछ।

## ६. निष्कर्ष र धन्यवाद

ठूलो भारी बोक्नको लागि बलियो सवारी साधन आवश्यक परेजस्तै बहुमत ल्याउने पार्टी बनाउनको लागि सोहीअनुसारको संरचना, व्यवस्था र आधार निर्माण आवश्यक छ। त्यसको लागि आर्थिक आधार निर्माण र व्यवस्थापनको काम महत्वपूर्ण हुन्छ भन्ने सत्यलाई पार्टीले आत्मसात गर्नु आवश्यक छ। दशौं राष्ट्रिय महाधिवेशनले निर्धारण गरेको ‘‘दक्षिणपन्थी अवसरवाद र सांगठनिक अराजकतालाई पराजित गरौं, जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं’’ भन्ने मूल नारालाई केन्द्रीय लेखा आयोगले अर्जुनदृष्टि बनाई आफ्नो काममा लागेको

अवस्था छ। किनभने सांगठनिक अराजकताको एउटा मूल आधार आर्थिक अराजकता हो जुन अहिले हाम्रा अधिकांश संगठनहरूमा छन्। यदि आर्थिक अराजकता रोक्न सकिएन भने समाजवादको आधार निर्माण गर्ने कुरा कोरा कल्पना मात्र हुन जान्छ।

अन्त्यमा, लेखा आयोगका समग्र काम र कार्ययोजनाका सन्दर्भमा यस महाधिवेशन प्रतिनिधि परिषदबाट सुझावहरू आउने र भविष्यमा यसको कार्यान्वयनको लागि सहयोग प्राप्त हुने कुरामा लेखा आयोग ढुक्क छ। आजसम्म लेखापरीक्षण र नियन्त्रणको सन्दर्भमा केन्द्रीय लेखा आयोगलाई मनसा, बचना, कर्मणा सहयोग गर्ने केन्द्रीय कमिटी, आदरणीय अध्यक्ष लगायत पदाधिकारी कमरेडहरू, विभिन्न आयोगहरू तथा सल्लाहकार कमिटी, केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग र संगठन विभाग, प्रदेश कमिटी, जिल्ला कमिटी र जनसंगठनहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। प्रदेशहरूसँग सहकार्यको लागि यस कार्यकालभरीमा लेखा आयोगको बैठक हरेक प्रदेशमा कमसेकम एक पटक गर्ने नीति लिइएकोमा वागमती, गण्डकी, लुम्विनी र मधेश प्रदेशमा सम्पन्न भइसकेका छन्। यस क्रममा सहयोग गर्ने प्रदेश, जिल्ला र नगर कमिटीहरूलाई धन्यवाद दिन चाहन्छु। लेखा आयोगको काममा सक्रियताका साथ लाग्ने आयोगका पदाधिकारी लगायतका सम्पूर्ण सदस्य कमरेडहरू र मातहत तहका वित्त तथा कोष व्यवस्थापन विभाग र लेखा कमिटीका पदाधिकारी तथा सदस्य कमरेडहरू सबैलाई हार्दिक हार्दिक धन्यवाद दिन चाहन्छु।

अभिवादन।

**पुष्प कँडेल**
अध्यक्ष
केन्द्रीय लेखा आयोग
नेकपा (एमाले)

२०८१/१/८

# निर्वाचन आयोगको प्रतिवेदन

## १. पृष्ठभूमिः

जनताको बहुदलीय जनवादको मूल मर्म र भावनालाई आत्मसात गर्दै हाम्रो गौरवशाली पार्टीले आन्तरिक जीवनलाई समृद्ध बनाउँदै पार्टीका सम्पूर्ण कमिटीहरू र जनसंगठनहरूमा लोकतान्त्रिक विधि र प्रणालीबाट नेतृत्व चयन गर्ने पद्धतिलाई अङ्गिकार गर्दै आएको छ। आवधिक निर्वाचनद्वारा अनुमोदित नेतृत्वले मात्र पार्टी संगठन, कार्यकर्ता र जनताकाबीच आफूलाई स्थापित गर्न सक्दछ। योग्य, सक्षम र गतिशील नेतृत्वको मूल्याङ्न गर्ने अवसर आन्तरिक रूपमा हुने स्वच्छ र निष्पक्ष निर्वाचन नै भएकोले पार्टी जीवनमा पनि स्वच्छ प्रतिस्पर्धा सहितको आवधिक निर्वाचनबाट श्रेष्ठता कायम गर्ने र नेतृत्व चयनका लागि हुने आन्तरिक निर्वाचन कार्यलाई स्वच्छ, निष्पक्ष ढङ्गले सम्पादन गर्ने प्रयोजनका लागि नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को आठौं राष्ट्रिय महाधिवेशनले केन्द्रीय निर्वाचन आयोगको गठन गर्न सुरु गरेको थियो। पार्टीको नवौं महाधिवेशनले त्यसलाई निरन्तरता दिई संस्थागतरूपमा नै आयोगले कार्य सम्पादन गर्दै आइरहेकोमा पार्टीको ऐतिहासिक प्रथम विधान महाधिवेशनले वर्तमान केन्द्रीय निर्वाचन आयोगको नेतृत्व चयन गरेको व्यहोरा केन्द्रीय कमिटीको सम्मानित बैठक समक्ष स्मरण गराउन चाहन्छु। वर्तमान केन्द्रीय निर्वाचन आयोगले त्यसयता निरन्तररूपमा पार्टी विधान, पार्टीको घोषित नीति र निर्णयहरूको अधिनमा रही कार्य सम्पादन गर्दै आइरहेको छ।

पार्टी तथा पार्टी सम्वद्ध जनसंगठनहरूको आन्तरिक निर्वाचनहरूलाई पार्टी विधान तथा पार्टीको निर्वाचन सम्बन्धी नियमावलीहरूको अधिनमा रही सम्पन्न गर्ने, निर्वाचनको अनुगमन, निर्वाचन सम्बन्धी नीति निर्माण, आचार–संहिता निर्माण, निर्वाचन पद्धति निर्धारण गर्ने, निर्वाचन सम्बन्धी उठेका विवादहरूको न्यायोचित निर्णय लिने अभिभारा बोकेको केन्द्रीय निर्वाचन आयोगले पार्टीको विधानको धारा २६(५)(ग) को अधिनमा रही पार्टीको विधान, नियमावली, निर्वाचन आयोगले जारी गरेको निर्वाचन सम्बन्धी नियमावलीहरू, निर्वाचन आचार संहिता र निर्देशनहरूको अधिनमा रही पार्टीको जिल्ला तथा प्रदेश अधिवेशनहरू, जनसंगठनहरूको अधिवेशनहरूमा निर्वाचनहरू सम्पन्न गर्दै आइरहेको छ। वर्तमान केन्द्रीय निर्वाचन आयोगले सम्पन्न गरेका कार्यहरूको प्रतिवेदन पार्टीको केन्द्रीय कमिटीको २०७९ असोज १० गते सम्पन्न बैठकमा प्रस्तुत गरी सकेको हुँदा उक्त समयावधिको विवरण यस प्रतिवेदनमा पुनरावृत्ति गरिएको छैन। आयोगले पार्टीको केन्द्रीय कमिटीको उक्त बैठक पश्चात हालसम्म सम्पन्न गरेका मुख्य मुख्य कार्यहरूलाई बुँदागतरूपमा देहाय बमोजिम राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद बैठक समक्ष प्रतिवेदन पेश गर्न अनुमति चाहन्छु।

## २. केन्द्रीय निर्वाचन आयोगको निर्वाचन सम्पन्न

२०७८ असोज १५–१७, गोदावरी, ललितपुरमा सम्पन्न विधान महाधिवेशनले सर्वसम्मतरूपमा अध्यक्ष–१, सदस्य १४ रहेको केन्द्रीय निर्वाचन आयोग गठन गरेको थियो। आयोगको अध्यक्षमा डा. विजय सुब्बा र सदस्यहरूमा महेश कुमार नेपाल, सानुराज पोखरेल, बाबुराम दाहाल, डा. कुन्साङ लामा, रिता सिम्खडा, रञ्जु ठाकुर, भरतकुमार पोखरेल, टंक उप्रेती, सुमित्रा बिसी, पवित्रा निरौला, केवालाल चौधरी, विमला वि.क., हिमकला गैरे र लोक बहादुर थापा चयन हुनुभएको थियो। नव निर्वाचित केन्द्रीय निर्वाचन आयोगको मिति २०७८/०३/२५ मा प्रथम बैठक सम्पन्न गरी पार्टी विधानको अधिनमा रही निरन्तररूपमा कार्य सम्पादन गर्दै आइरहेको छ। केन्द्रीय निर्वाचन आयोगको मिति २०७९ असार २५ मा बसेको बैठकले विधानको धारा २६ उपाधारा ५ को खण्ड (छ) को अधिनमा रही रिक्त उपाध्यक्षमा आयोगका सदस्य श्री सानुराज पोखरेल र सचिव पदमा आयोगका सदस्य डा. कुन्साङ लामालाई मनोनयन गर्ने सर्वसम्मत निर्णय गरेको थियो।

## ३. आयोगको नियमावली, निर्वाचन नियमावली र निर्वाचन आचार संहिता जारी

वर्तमान केन्द्रीय निर्वाचन आयोगले निर्वाचित भएको छोटो अवधिमा नै पार्टीको दशौं राष्ट्रिय महाधिवेशनमा हुने केन्द्रीय कमिटीको निर्वाचन सम्पन्न गर्नुपर्ने कार्यभार पुरा गरेको थियो। उक्त कार्यभारलाई पुरा गर्नको साथै पार्टीको आन्तरिक लोकतन्त्रलाई मजबुत र समृद्ध बनाउन पार्टी सदस्यहरूबाट आवधिक निर्वाचनको माध्यमबाट अनुमोदित र निर्वाचित नेतृत्वले मात्र जनता र कार्यकर्ताबीच आफूलाई स्थापित गर्न सक्दछ र पार्टीलाई सही नेतृत्व प्रदान गर्नको साथै देश र जनताको पक्षमा क्रियाशील भई प्रभावकारीरूपमा कार्य गर्न सक्दछ भन्ने मान्यतालाई आत्मसात गर्दै स्वच्छ, पारदर्शी र निष्पक्ष निर्वाचनको माध्यमद्वारा योग्य, सक्षम र गतिशील नेतृत्वको मूल्याङ्कन गर्ने अवसरको रूपमा पार्टीको आन्तरिक जीवनमा हुने निर्वाचनहरूलाई उपयोग गर्दै आफ्नो नेतृत्व आफै छान्ने र हरेक क्षेत्रमा स्वच्छ प्रतिस्पर्धा सहितको आवधिक

निर्वाचनबाट श्रेष्ठता कायम गर्ने जनताको बहुदलीय जनवादको मूल मर्मलाई आत्मसाथ गर्दै पार्टीको आन्तरिक निर्वाचन कार्यलाई लोकतान्त्रिक, स्वच्छ र निष्पक्ष ढङ्गले अगाडि बढाइरहेको छ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को आठौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय निकायको रूपमा स्थापित केन्द्रीय निर्वाचन आयोगलाई संस्थागत र व्यवस्थित बनाउँदै पार्टी विधानको अधिनमा रही पार्टीभित्र हुने विभिन्न कमिटीहरूको आवधिक निर्वाचन सम्पन्न गर्ने, निर्वाचनको अनुगमन गर्ने, निर्वाचन सम्बन्धी नीति निर्माण गर्ने, निर्वाचन सम्बन्धी आचार–संहिता निर्माण गर्ने, निर्वाचन पद्धति निर्धारण गर्ने र निर्वाचन सम्बन्धी विवाद समाधान गर्ने कार्यलाई व्यवस्थित गर्न विधानको धारा २६(५)(ज)को अधिकार प्रयोग गरी केन्द्रीय निर्वाचन आयोग नियमावली, निर्वाचन नियमावली र आचार–संहितालाई आवश्यकता अनुसार संशोधन र परिमार्जन गर्न निर्वाचन आयोगका सदस्यहरू क्रमशः डा. कुन्साङ लामाको संयोजकत्वमा महेश नेपाल, सानुराज पोखरेल र बाबुराम दाहाल रहेको मस्यौदा समितिबाट तयार गरिएको मस्यौदालाई अन्तिम रूप दिई बैठक समक्ष पेश गरिएको थियो। केन्द्रीय निर्वाचन आयोगको मिति २०७८।०७।२९ गते बसेको बैठकले देहायको निर्वाचन नियमावलीहरू र आचार–संहिता जारी गरेको थियो।

३.१ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को केन्द्रीय निर्वाचन आयोग नियमावली (प्रथम संशोधन, २०७८ सहित), २०६९

३.२ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को निर्वाचन नियमावली (प्रथम संशोधन, २०७८ सहित), २०६९

३.३ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को, निर्वाचन आचार–संहिता, २०७८

३.४ वडा/शाखा र पालिका/इलाका निर्वाचनसम्बन्धी सामान्य मार्गदर्शन, २०७८

## ४. पार्टीको दशौं महाधिवेशनमा केन्द्रीय कमिटीको निर्वाचन सम्पन्न

“दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई परास्त गरौं, जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं” भन्ने मूल नाराका साथ नेकपा (एमाले) को दशौँ राष्ट्रिय महाधिवेशन २०७८ मंसिर १० देखि १४ गतेसम्म चितवनको नारायणगढ र सौराहामा सम्पन्न भयो। महाधिवेशनमा पार्टी जीवनमा पहिलो पटक विद्युतीय मतदान विधिबाट मतदान कार्य सम्पन्न गरियो। महाधिवेशनले अध्यक्ष कमरेड केपी शर्मा ओलीको नेतृत्वमा ३०१ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गरेको थियो। महाधिवेशनमा केन्द्रीय निर्वाचन आयोगले निर्वाचन कार्य सम्पन्न गर्न विभिन्न जिल्लाबाट र केन्द्रबाट समेत निर्वाचन अधिकृतहरूलाई नियुक्त गरी निर्वाचन कार्यलाई व्यवस्थित रूपमा सम्पन्न गरेको थियो।

## ५. पार्टीका प्रदेश अधिवेशनमा निर्वाचनहरू सम्पन्न

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को केन्द्रीय कमिटीको २०८० बैशाख २८ गते सम्पन्न बैठक पश्चात हालसम्म देहायका प्रदेश अधिवेशनहरू सम्पन्न भई प्रदेश कमिटीका लागि निर्वाचन आयोगले निर्वाचनहरू सम्पन्न गरी प्रदेश कमिटीहरूका नयाँ नेतृत्व चयन भएका छन्। उक्त अधिवेशनहरूमा निर्वाचनहरू सम्पन्न गर्न निर्वाचन आयोगबाट देहायको निर्वाचन कमिटी गठन गरी निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी दिइएको थियो। जसमा,

(१) लुम्बिनी प्रदेश कमिटी, प्रथम अधिवेशन, २०८० भाद्र १६ र १७ गते बुटवल। हरि भण्डारी (प्रमुख निर्वाचन अधिकृत),

(२) बाग्मती प्रदेश कमिटी, प्रथम अधिवेशन, २०८० असोज ८ र ९ गते, काठमाडौं। डिल्ली मैनाली (प्रमुख निर्वाचन अधिकृत)

(३) कर्णाली प्रदेश कमिटी, प्रथम अधिवेशन, २०८० असोज १० र ११ गते, सुर्खेत। मातृकाप्रसाद खनाल (प्रमुख निर्वाचन अधिकृत)

(४) कोशी प्रदेश कमिटी, प्रथम अधिवेशन, २०८० असोज १२ र १३ गते विराटनगर। चुडामणि आचार्य (प्रमुख निर्वाचन अधिकृत)

(५) गण्डकी प्रदेश कमिटी, प्रथम अधिवेशन, २०८० असोज १५ गते पोखरा। सुरेन्द्र थापा मगर (प्रमुख निर्वाचन अधिकृत)

(६) सुदूरपश्चिम प्रदेश कमिटी, प्रथम अधिवेशन, २०८० असोज २१ र २२ गते, धनगढी। पदम पाल (प्रमुख निर्वाचन अधिकृत)

(७) उपत्यका विशेष प्रदेश कमिटी, प्रथम अधिवेशन, २०८० असोज १९ र २० गते, काठमाडौं। घनेन्द्र श्रेष्ठ (प्रमुख निर्वाचन अधिकृत)

(८) मधेश प्रदेश कमिटी, प्रथम अधिवेशन, २०८० असोज २४ र २५ गते, जनकपुर। टीकाध्वज खड्का (प्रमुख निर्वाचन अधिकृत)

## ६. पार्टीका प्रदेश सम्पर्क कमिटीका अधिवेशनहरूमा निर्वाचन सम्पन्न

(१) बागमती प्रदेश सम्पर्क कमिटी, दोस्रो अधिवेशन, २०८० पौष ७ गते, ललितपुर। रमेश रोक्का (प्रमुख निर्वाचन अधिकृत)

(२) कोशी प्रदेश सम्पर्क कमिटी, दोस्रो अधिवेशन, २०८० मंसिर २३ गत, काठमाडौं। सुरेन्द्र बोगटी (प्रमुख निर्वाचन अधिकृत)

(३) लुम्बिनी प्रदेश सम्पर्क कमिटी, दोस्रो अधिवेशन, २०८० मंसिर ३० गते, ललितपुर। रामचन्द्र भण्डारी (प्रमुख निर्वाचन अधिकृत)

(४) मधेश प्रदेश सम्पर्क कमिटी, दोस्रो अधिवेशन, २०८० पौष १४ गते, च्यासल, ललितपुर। सुरेन्द्र बोगटी (प्रमुख निर्वाचन अधिकृत)

(५) सुदूरपश्चिम प्रदेश सम्पर्क कमिटी, दोस्रो अधिवेशन, २०८० पौष ७ गते, काठमाडौं। भैरव बहादुर बोहरा (प्रमुख निर्वाचन अधिकृत)

(६) कर्णाली प्रदेश सम्पर्क कमिटी, दोस्रो अधिवेशन, २०८० माघ २७ गते, काठमाडौं। सुरेन्द्र बोगटी (प्रमुख निर्वाचन अधिकृत)

(७) गण्डकी प्रदेश सम्पर्क कमिटी, दोस्रो अधिवेशन, २०८० चैत्र ९ गते, काठमाडौं। प्रेमराज भट्ट (प्रमुख निर्वाचन अधिकृत),

## ६. पार्टीका जिल्ला अधिवेशनहरू

केन्द्रीय कमिटीको २०८० बैशाख २८ गते सम्पन्न बैठक पश्चात हालसम्म सम्पन्न भएका जिल्ला अधिवेशनहरू निम्नानुसार रहेका छन् :

१) जिल्ला कमिटी मुगु, नवौं जिल्ला अधिवेशन, मंसिर ५ र ६ गते, गमगढी, मुगु। जगत बहादुर रोकाया (प्रमुख निर्वाचन अधिकृत)

२) जिल्ला कमिटी दार्चुला, नवौं जिल्ला अधिवेशन, २०८० पौष १८ र १९ गते, खलङ्गा, महाकाली। गगन सिंह धामी (प्रमुख निर्वाचन अधिकृत)

३) जिल्ला कमिटी महोत्तरी, छैठौं जिल्ला अधिवेशन, २०८० माघ २२ र २३ गते। टिकाध्वज खड्का (प्रमुख निर्वाचन अधिकृत)

४) जिल्ला कमिटी म्याग्दी, १०औं जिल्ला अधिवेशन, २०८० माघ १२ र १३ गते। विवश क्षेत्री (प्रमुख निर्वाचन अधिकृत)

५) जिल्ला कमिटी दैलेख, आठौं जिल्ला अधिवेशन, २०८० माघ २७, २८ र २९ गते। दीपेन्द्रबहादुर थापा (प्रमुख निर्वाचन अधिकृत)

६) जिल्ला कमिटी धादिङ, ९औं जिल्ला अधिवेशन, २०८० माघ १९ र २० गते। विश्वराज अधिकारी (प्रमुख निर्वाचन अधिकृत)

७) जिल्ला कमिटी बझाङ, आठौं जिल्ला अधिवेशन, २०८० माघ १९ र २० गते। (स्थगित भएको)। राजेन्द्र प्रसाद जोशी (प्रमुख निर्वाचन अधिकृत)

८) जिल्ला कमिटी दोलखा, दशौं जिल्ला अधिवेशन, २०८० माघ २२ देखि २४ गते। शंकरलाल श्रेष्ठ (प्रमुख निर्वाचन अधिकृत)

९) जिल्ला कमिटी कैलाली, नवौं जिल्ला अधिवेशन, २०८० फागुन ६ र ७ गते। मानबहादुर जोरा (प्रमुख निर्वाचन अधिकृत)

१०) जिल्ला कमिटी रौतहट, दशौं जिल्ला अधिवेशन, २०८० माघ २५ र २६ गते। वीरवहादुर गोले (प्रमुख निर्वाचन अधिकृत)

११) पेशागत विशेष जिल्ला कमिटी, नवौं जिल्ला अधिवेशन, २०८० फागुन ५ गते, तुल्सीलाल स्मृति केन्द्र। शंकर भट्टराई (प्रमुख निर्वाचन अधिकृत)

१२) जिल्ला कमिटी सङ्खुवासभा, नवौं जिल्ला अधिवेशन २०८० फागुन २१ र २२ गते। भविश्वर गुरुङ (प्रमुख निर्वाचन अधिकृत)

१३) जिल्ला कमिटी गोरखा, आठौं जिल्ला अधिवेशन, २०८० फागुन २५ र २६ गते, गोरखा। ज्ञानेन्द्र पोख्रेल (प्रमुख निर्वाचन अधिकृत)

१४) जिल्ला कमिटी बैतडी, नवौं जिल्ला अधिवेशन, २०८० फागुन २८ र २९ गते। कर्ण बहादुर कुँवर (प्रमुख निर्वाचन अधिकृत)

१५) जिल्ला कमिटी रोल्पा, सातौं जिल्ला अधिवेशन, २०८० फागुन २९ र ३० गते। बालकृष्ण आचार्य (प्रमुख निर्वाचन अधिकृत)

१६) जिल्ला कमिटी कञ्चनपुर, नवौं जिल्ला अधिवेशन, २०८० चैत्र १ र २ गते। भोजराज पाठक (प्रमुख निर्वाचन अधिकृत)

१७) जिल्ला कमिटी सुर्खेत, नवौं जिल्ला अधिवेशन, २०८० चैत्र ८, ९ र १० गते। सूर्यमणि गौतम (प्रमुख निर्वाचन अधिकृत)

१८) जिल्ला कमिटी डडेल्धुरा, नवौं जिल्ला अधिवेशन, २०८० चैत्र ५ र ६ गते। पदम पाल (प्रमुख निर्वाचन अधिकृत)

१९) जिल्ला कमिटी कास्की, नवौं जिल्ला अधिवेशन, ११औं जिल्ला अधिवेशन, २०८० चैत्र १० र ११ गते। भगवती पहारी (प्रमुख निर्वाचन अधिकृत)

२०) जिल्ला कमिटी सल्यान, दशौं जिल्ला अधिवेशन, २०८० चैत्र १८, १९ र २० गते। पर्शुराम वली (प्रमुख निर्वाचन अधिकृत)

२१) जिल्ला कमिटी लमजुङ, ९औं जिल्ला अधिवेशन, २०८० चैत्र १६ र १७ गते। महेन्द्रलाल श्रेष्ठ (प्रमुख निर्वाचन अधिकृत)

२२) जिल्ला कमिटी उदयपुर, ११औं जिल्ला अधिवेशन, २०८० चैत्र १३ र १४ गते। हिमाल खड्का (प्रमुख निर्वाचन अ धिकृत)

२३) जिल्ला कमिटी झापा, ११औं जिल्ला अधिवेशन, २०८० चैत्र १५ र १६ गते। टंक प्रसाद दंगाल (प्रमुख निर्वाचन अधिकृत)

२४) जिल्ला कमिटी रुकुम पश्चिम, ९औं जिल्ला अधिवेशन, २०८० चैत्र १६ र १७ गते। गणेश हमाल (प्रमुख निर्वाचन अधिकृत)

२५) जिल्ला कमिटी पाँचथर, ९औं जिल्ला अधिवेशन, २०८० चैत्र १७ र १८ गते। प्रेम बहादुर काफ्ले (प्रमुख निर्वाचन अधिकृत)

२६) जिल्ला कमिटी जाजरकोट, सातौं जिल्ला अधिवेशन, २०८० चैत्र २५, २६ र २७ गते। हेरम्ब बहादुर शाह (प्रमुख निर्वाचन अधिकृत)

२७) जिल्ला कमिटी सिन्धुपाल्चोक, ९औं जिल्ला अधिवेशन, २०८० चैत्र १६, १७ र १८ गते। शारदा प्रसाद सापकोटा (प्रमुख निर्वाचन अधिकृत)

२८) जिल्ला कमिटी कालिकोट, ११औं जिल्ला अधिवेशन, २०८० चैत्र २१, २२ र २३ गते। पदम बहादुर शाही (प्रमुख निर्वाचन अधिकृत)

२९) जिल्ला कमिटी बारा, ११औं जिल्ला अधिवेशन, २०८० चैत्र १९ र २० गते। मोहमद रफिक मिया (प्रमुख निर्वाचन अधिकृत)

३०) जिल्ला कमिटी सोलुखुम्बु, आठौं जिल्ला अधिवेशन, २०८० चैत्र २३ र २४ गते। युवराज पोखरेल (प्रमुख निर्वाचन अधिकृत)

३१) जिल्ला कमिटी स्याङ्जा, नवौं जिल्ला अधिवेशन, २०८० चैत्र २३ र २४ गते। टंक प्रसाद न्यौपाने (प्रमुख निर्वाचन अधिकृत)

३२) जिल्ला कमिटी बागलुङ, दशौं जिल्ला अधिवेशन, २०८० चैत्र २९ र ३० गते। डिल्लीराम गौतम (प्रमुख निर्वाचन अधिकृत)

३३) जिल्ला कमिटी हुम्ला, १०औं जिल्ला अधिवेशन, २०८० चैत्र २८ र २९ गते। अमर शाही (प्रमुख निर्वाचन अधिकृत)

३४) मजदुर विशेष जिल्ला कमिटी, आठौं जिल्ला अधिवेशन, २०८० चैत्र २४ गते। शंकर भट्टराई (प्रमुख निर्वाचन अधिकृत)

३५) जिल्ला कमिटी ललितपुर, ९औं जिल्ला अधिवेशन, २०८० चैत्र २८ र २९ गते। पुरुषोतम ढुङ्गाना (प्रमुख निर्वाचन अधिकृत)

३६) जिल्ला कमिटी ओखलढुङ्गा, १०औं जिल्ला अधिवेशन, २०८० चैत्र २६ र २७ गते। टुकराज निरौला (प्रमुख निर्वाचन अधिकृत)

३७) जिल्ला कमिटी सिन्धुली, आठौं जिल्ला अधिवेशन, २०८० चैत्र २८ र २९ गते। पदम मगर (प्रमुख निर्वाचन अधिकृत)

३८) जिल्ला कमिटी नवलपुर, नवौं जिल्ला अधिवेशन, २०८० चैत्र २६ र २७ गते। रमेश काफ्ले (प्रमुख निर्वाचन अधिकृत)

३९) जिल्ला कमिटी पर्वत, १०औं जिल्ला अधिवेशन, २०८० चैत्र २७ गते। बालकृष्ण शर्मा (प्रमुख निर्वाचन अधिकृत)

४०) जिल्ला कमिटी खोटाङ, ८औं जिल्ला अधिवेशन, २०८० चैत्र २८ र र २९ गते। लाल प्रसाद घिमिरे (प्रमुख निर्वाचन अधिकृत)

४१) जिल्ला कमिटीरुकुम पूर्व, ९औं जिल्ला अधिवेशन, २०८० चैत्र २९ र र ३० गते। दामोदर पौडेल (प्रमुख निर्वाचन अधिकृत)

## ७. पार्टीका जनसंगठनका अधिवेशनहरूमा जनसंगठनहरूका केन्द्रीय कमिटीका निर्वाचन सम्पन्न

१) नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)

नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)को, आठौं राष्ट्रिय महाधिवेशन, २०७९ साउन ७ देखि १० गतेसम्म सम्पन्न। सेवन्तराज निरौला (प्रमुख निर्वाचन अधिकृत)

२) राष्ट्रिय स्वास्थ्यकर्मी संघ, नेपाल

राष्ट्रिय स्वास्थ्यकर्मी संघ, नेपालको चौथो राष्ट्रिय महाधिवेशन–२०७८, २०७८ चैत्र २५ देखि र २७ गतेसम्म

३) राष्ट्रिय मानव अधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानवअधिकार एलाइन्स)

राष्ट्रिय मानव अधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानवअधिकार एलाइन्स)को पाँचौ महाधिवेशन २०७८ फागुन २३ र २४ गते कास्कीको पोखरामा सम्पन्न। डा. नेत्र तिम्सिना (प्रमुख निर्वाचन अधिकृत)

४) लोकतान्त्रिक राष्ट्रिय अपाङ्ग संगठन–नेपाल

लोकतान्त्रिक राष्ट्रिय अपाङ्ग संगठन–नेपालको दोस्रो राष्ट्रिय सम्मेलन–२०७८, २०७८ चैत्र २६ गतेसम्म काठमाडौंमा सम्पन्न। लेखनाथ अधिकारी (प्रमुख निर्वाचन अधिकृत)

५) नेपाल बुद्धिजीवी परिषद्

नेपाल बुद्धिजीवी परिषद्को दशौं राष्ट्रिय अधिवेशन–२०७८, २०७८ चैत्र २० र २१ गते काठमाडौंमा सम्पन्न। कुमारी खरेल (प्रमुख निर्वाचन अधिकृत)

६) नेपाल मुस्लिम इतेहाद संगठन

नेपाल मुस्लिम इतेहाद संगठनको छैठौं राष्ट्रिय महाधिवेशन २०७८ चैत्र १३ र १४ गते काठमाडौंमा सम्पन्न। शकील अहमद कादरी (प्रमुख निर्वाचन अधिकृत)

७) नेपाल उत्पीडित जातीय मुक्ति समाज

नेपाल उत्पीडित जातीय मुक्ति समाजको छैठौं राष्ट्रिय सम्मेलन–२०७८, २०७८ चैत्र १५, १६ र १७ गते काठमाडौंमा सम्पन्न। शान्तिराम खतिवडा (प्रमुख निर्वाचन अधिकृत)

८) प्रगतिशील तथा पेशागत कानून व्यवसायी संगठन नेपाल

प्रगतिशील तथा पेशागत कानून व्यवसायी संगठन नेपालको दोस्रो राष्ट्रिय सम्मेलन, २०७८ फागुन १४ गते काठमाडौंमा सम्पन्न। सेवन्तराज निरौला (प्रमुख निर्वाचन अधिकृत)

९) प्रोग्रेसिभ इन्जिनियरिङ्ग एसोसिएसन नेपाल (पिन)

प्रोग्रेसिभ इन्जिनियरिङ्ग एसोसिएसन नेपाल (पिन) को राष्ट्रिय अधिवेशन–२०७८, २०७८ चैत्र २१ र २२ गते ललितपुरमा सम्पन्न। प्रा.डा. त्रिरत्न बज्राचार्य (प्रमुख निर्वाचन अधिकृत)

१०) राष्ट्रिय जनसाँस्कृतिक महासंघ, नेपाल

राष्ट्रिय जनसाँस्कृतिक महासंघ, नेपालको आठौं राष्ट्रिय अधिवेशन–२०७८, २०७८ चैत्र १८, १९ र २० गते काठमाडौंमा सम्पन्न। हरिप्रसाद भण्डारी (प्रमुख निर्वाचन अधिकृत)

११) नेपाल राष्ट्रिय उद्योग व्यवसाय महासंघ

नेपाल राष्ट्रिय उद्योग व्यवसाय महासंघको दोस्रो राष्ट्रिय महाधिवेशन–२०७८, २०७८ चैत्र २३ र २४ गते काठमाडौंमा सम्पन्न। हरिप्रसाद मैनाली (प्रमुख निर्वाचन अधिकृत)

२०७९ असोज १० पश्चात महाधिवेशन/राष्ट्रिय सम्मेलन सम्पन्न भएका जनसंगठनहरू यस प्रकार छन् :

१२) प्रवासी नेपाली मञ्च, अन्तर्राष्ट्रिय कमिटीको प्रथम अन्तर्राष्ट्रिय अधिवेशन–२०७९, २०७९ कार्तिक १९ र २० गते, काठमाडौं बुढानीलकण्ठ स्थित पार्क भिलेज रिसोर्टमा सम्पन्न भएको थियो।

१३) अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको २३औं राष्ट्रिय महाधिवेशन २०७९ फागुन २ देखि ४ गतेसम्म काठमाडौंको प्रज्ञा भवनमा सम्पन्न भएको थियो। उक्त महाधिवेशनमा विद्युतीय माध्यमद्वारा मतदान सम्पन्न गरी नयाँ नेतृत्व चयन गरिएको थियो।

१४) नेपाल खेलकुद महासंघको दोस्रो राष्ट्रिय महाधिवेशन २०७९ फागुन ७–९ गते विराटनगरमा सम्पन्न भएको थियो। उक्त महाधिवेशनमा महासंघको केन्द्रीय कमिटीको निर्वाचन सम्पन्न गरी नयाँ नेतृत्व चयन भएको थियो।

१५) रिटर्नी फेडेरेसन नेपालको, केन्द्रीय महाधिवेशन २०७९ चैत्र ११ र १२ गते काठमाडौंमा सम्पन्न भयो। उक्त महाधिवेशनमा फेडेरेसनको केन्द्रीय कमिटीको निर्वाचन सम्पन्न गरी नयाँ नेतृत्व चयन भएको थियो।

१६) लोकतान्त्रिक आदिवासी जनजाति महासंघ, नेपालको निर्वाचन स्थगित गरिएको

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को जनसंगठन, लोकतान्त्रिक आदिवासी जनजाति महासंघ, नेपालको, दोस्रो राष्ट्रिय महाधिवेशन २०७९ चैत्र १९ र २० गते काठमाडौंमा सम्पन्न भएकोमा उक्त महाधिवेशनमा महासंघको केन्द्रीय कमिटीको निर्वाचन सम्पन्न गरी नयाँ नेतृत्व चयन गर्ने निर्वाचन आयोगद्वारा देहायको निर्वाचन कमिटी बनाई निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी दिइएको थियो। नेतृत्व चयनको प्रक्रियामा रहन गएको कमजोरीका सन्दर्भमा आयोगका सन्दर्भमा विशेष निर्णय गरिएको थियो।

१७) अखिल नेपाल पिछडावर्ग महासंघको, दोस्रो राष्ट्रिय महाधिवेशन २०७९ चैत्र २२ र २३ गते बीरगञ्जमा सम्पन्न भयो। उक्त महाधिवेशनमा महासंघको केन्द्रीय कमिटीको निर्वाचन सम्पन्न गरी नयाँ नेतृत्व चयन भएको थियो।

१८) पेशागत महासंघ नेपालको, सातौं राष्ट्रिय महाधिवेशन २०७९ चैत्र २३ गते जावलाखेल, ललितपुरमा सम्पन्न भयो। उक्त महाधिवेशनमा महासंघको केन्द्रीय कमिटीको निर्वाचन सम्पन्न गरी नयाँ नेतृत्व चयन भएको थियो।

१९) अखिल नेपाल महिला संघको, सातौं राष्ट्रिय सम्मेलन २०७९ चैत्र २५ र २६ गते काठमाडौंमा सम्पन्न भएको थियो। उक्त सम्मेलनमा संघको केन्द्रीय कमिटीको निर्वाचन सम्पन्न गरी नयाँ नेतृत्व चयन भएको थियो।

२०) राष्ट्रिय युवा संघ नेपालको, नवौं राष्ट्रिय महाधिवेशन २०७९ चैत्र २७ देखि २९ गतेसम्म नेपालगञ्जमा सम्पन्न भयो। उक्त महाधिवेशनमा संघको केन्द्रीय कमिटीको निर्वाचन सम्पन्न गरी नयाँ नेतृत्व चयन भएको थियो।

२१) अखिल नेपाल किसान महासंघको सातौं राष्ट्रिय महाधिवेशन २०७९ चैत्र ३० देखि २०८० बैशाख १ गतेसम्म झापा, दमकमा सम्पन्न भएको थियो। उक्त महाधिवेशनमा महासंघको केन्द्रीय कमिटीको निर्वाचन सम्पन्न गरी नयाँ नेतृत्व चयन भएको थियो।

## ८. निर्वाचन कमिटीहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को २०७८ माघ ८ गते सम्पन्न प्रदेश/उपत्यका विशेष/सम्पर्क समन्वय कमिटीका अधिवेशनहरू र पौष २३ गते सम्पन्न हुने जिल्ला/विशेष जिल्ला अधिवेशनहरूमा हुने निर्वाचनको प्रयोजनको लागि निर्वाचन कमिटीहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको जिम्मेवारी तोकी अभिमुखीकरण कार्यक्रमहरू सम्पन्न गरेको थियो। पार्टीको प्रदेश कमिटीद्वारा आयोजित कार्यक्रममा केन्द्रीय निर्वाचन आयोगका सदस्यहरूले प्रशिक्षण दिनुभएको थियो।

१) प्रदेश नं.१– टंक उप्रेती र पवित्रा निरौला। अभिमुखीकरण कार्यक्रम– विराटनगर, पौष १८ गते।

२) मधेश प्रदेश – टंक उप्रेती, पवित्रा निरौला र रञ्जु ठाकुर। अभिमुखीकरण कार्यक्रम– जनकपुर, पौष १९ गते।

३) बाग्मती प्रदेश, उपत्यका विशेष, र सम्पर्क समन्वय– महेश नेपाल, सानुराज पोखरेल, बाबुराम दाहाल र रीता सिंखडा। अभिमुखीकरण कार्यक्रम– च्यासल, पौष १६ गते।

४) लुम्बिनी प्रदेश – भरत पोखरेल र बिमला बि.क.। अभिमुखीकरण कार्यक्रम– बुटवल, पौष १९ गते।

५) गण्डकी प्रदेश– लोकबहादुर थापा र बाबुराम दाहाल। अभिमुखीकरण कार्यक्रम– पोखरा, पौष २० गते।

६) कर्णाली प्रदेश– भरत पोखरेल। अभिमुखीकरण कार्यक्रम– सुर्खेत, पौष २१ गते।

७) सुदूर पश्चिम प्रदेश– बिमला बि.क. र केवालाल चौधरी। अभिमुखीकरण कार्यक्रम– धनगढी, पौष २१ गते।

## ९. केन्द्रीय निर्वाचन आयोगको आन्तरिक कार्य व्यवस्थापन

१) रिक्त पदाधिकारी चयन

नेपाल कम्युनिष्ट पार्टी (एमाले), केन्द्रीय निर्वाचन आयोगको प्रथम विधान अधिवेशनबाट आयोगको अध्यक्ष र सदस्यहरूमात्र चयन भई आयोगको उपाध्यक्ष र सचिव पद रिक्त रहेकोमा मिति २०७९ असार २५ गते बसेको केन्द्रीय निर्वाचन आयोगको बैठकले पार्टी विधानको धारा २६ उपाधारा ५ को खण्ड (छ) को अधीनमा रही आयोगका उपाध्यक्षमा सानुराज पोखरेल र सचिवमा डा. कुन्साङ लामालाई चयन गरेको छ।

२) सचिवालय गठन

केन्द्रीय निर्वाचन आयोगको काम कारबाहीलाई चुस्त दुरुस्त र व्यवस्थित गर्न २०७९ असार २५ गते बसेको केन्द्रीय निर्वाचन आयोगको बैठकले डा. विजय सुब्बा, सानुराज पोखरेल, डा. कुन्साङ लामा, महेश कुमार नेपाल, बाबुराम दाहाल र रीता सिम्खडा रहेको सचिवालय गठन गरेको छ।

३) राजीनामा स्वीकृत

नेपाल कम्युनिष्ट पार्टी (एमाले), केन्द्रीय निर्वाचन आयोगको प्रथम विधान अधिवेशनबाट निर्वाचित केन्द्रीय निर्वाचन आयोगको सदस्य सुमित्रा बिसीले निर्वाचन आयोगको सदस्य पदबाट राजीनामा पेश गर्नुभएकोमा उक्त राजीनामा केन्द्रीय निर्वाचन आयोगको २०७८ मंसिर २४ गते बसेको बैठक समक्ष निर्णयार्थ पेश गर्नु भएकोमा बैठकले निजको राजीनामा सधन्यवाद स्वीकृत गरेको थियो। साथै बैठकले निर्वाचन आयोगको सदस्य पदमा रहँदा आयोगलाई पुऱ्याउनुभएको योगदानको उच्च सम्मान गर्दै निजलाई आयोगको तर्फबाट हार्दिक धन्यवाद र आगामी राजनीतिक भविष्य उज्ज्वल होस् भन्ने शुभकामना व्यक्त गरेको थियो।

४) अनुशासनको कारवाही

क) केन्द्रीय निर्वाचन आयोगका सदस्य रञ्जु ठाकुर पार्टी विधान विपरीत जनता समाजवादी पार्टीका गतिविधिमा संलग्न भएको भनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको र आयोगको बैठकहरूमा समेत सूचना प्राप्त भएर पनि लगातार अनुपस्थित हुनुभएको हुँदा केन्द्रीय निर्वाचन आयोगको २०७९ असार २५ गते बसेको बैठकले पार्टी विधानको धारा २६ उपाधारा ५ को खण्ड (च) को अधीनमा रही उहाँलाई केन्द्रीय निर्वाचन आयोगको सदस्य पदमा नरहने गरी अनुशासनको कारबाही गर्ने र निजको संगठित सदस्यतासमेत खारेज हुने गरी कारबाही गर्नका लागि पार्टीको केन्द्रीय संगठन विभागमा लेखी पठाउने बैठकले सर्वसम्मत निर्णय गरेको थियो।

ख) केन्द्रीय निर्वाचन आयोगका सदस्य केवालाल चौधरी पार्टी विधान विपरीत

गतिविधिमा संलग्न रहेको भन्ने विभिन्न पत्र पत्रिका प्रकाशित समाचार र निजकै सामाजिक सञ्जालको पोष्टबाट प्रमाणित हुनुको साथै आयोगका बैठकहरूमा समेत लगातार अनुपस्थित हुनुभएको हुँदा पार्टी विधानको धारा २६ उपाधारा ५को खण्ड (च)को अधीनमा रही पार्टीको केन्द्रीय निर्वाचन आयोगको सदस्य पदमा नरहने गरी अनुशासनको कारबाही गर्ने र निजको संगठित सदस्यतासमेत खारेज हुने गरी कारबाही गर्नका लागि पार्टीको केन्द्रीय संगठन विभागमा लेखी पठाउने गरी केन्द्रीय निर्वाचन आयोगको २०७९ माघ १८ गते सम्पन्न बैठकले निर्णय गरेको थियो ।

५ निर्वाचन आयोगको रिक्त सदस्य पदमा मनोनयन

(क) पार्टी निर्वाचन आयोगको छैठौं बैठकबाट मनोनयन

नेपाल कम्युनिष्ट पार्टी (एमाले), केन्द्रीय निर्वाचन आयोगको २०८०/०३/३० मा सम्पन छैठौं बैठकबाट केन्द्रीय निर्वाचन आयोगको रिक्त सदस्य पदमा मनोनयनको लागि केन्द्रीय कमिटीको पाँचौं बैठकको निर्णयबाट सिफारिश भई आएका देहायका कमरेडहरू नेकपा (एमाले) को विधान २०४९ (प्रथम विधान महाधिवेशन २०७८ र दशौं राष्ट्रिय महाधिवेशन, २०७८ को संशोधन सहित) को धारा २६ को उपधारा (५) को खण्ड (छ) र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी), केन्द्रीय निर्वाचन आयोग नियमावली, २०७९ को नियम ४ को उपनियम (७) को अधिकार प्रयोग गरी आयोगको रिक्त सदस्य पदमा बाँकी अवधिको लागि निर्वाचन आयोगको बैठकले सर्वसम्मत निर्णयबाट मनोनयन गरिएको थियो ।

(१) समीर नेपाल, (काठमाडौं) । (२) हिराचन्द्र केसी, (दाङ, एकता प्रक्रियाबाट), (३) रामसिंह यादव, (धनुषा, एकता प्रक्रियाबाट), (४) काशिचन्द्र बराल, (कालिकोट, एकता प्रक्रियाबाट) ।

(ख) निर्वाचन आयोगको सचिवालयको एघारौं बैठकबाट मनोनयन

नेपाल कम्युनिष्ट पार्टी (एमाले), केन्द्रीय निर्वाचन आयोगको सचिवालयको २०८०/११/६ मा सम्पन एघारौं बैठकबाट केन्द्रीय निर्वाचन आयोगको रिक्त सदस्य पदमा केन्द्रीय निर्वाचन आयोगको पूर्ण बैठकबाट अनुमोदन हुने गरी नेकपा (एमाले)को विधान २०४९ (प्रथम विधान महाधिवेशन २०७८ र दशौं राष्ट्रिय महाधिवेशन, २०७८ को संशोधन सहित) को धारा २६ को उपधारा (५) को खण्ड (छ) र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी), केन्द्रीय निर्वाचन आयोग नियमावली, २०७९ को नियम ४ को उपनियम (७) को अधिकार प्रयोग गरी आयोगको रिक्त सदस्य पदमा बाँकी अवधिको लागि सचिवालयको बैठकले सर्वसम्मत निर्णयबाट देहायका कमरेडहरूलाई मनोनयन गरिएको थियो । (१) कृष्ण आङ्देम्बे (पाँचथर) (२) चन्द्रलाल केप्छाकी (महोत्तरी) (३) प्रयाग खड्का (बझाङ) (४) हरिप्रसाद भण्डारी (रूपन्देही) (५) भूराज राई (मोरङ) (६) केशव आचार्य (कास्की) (७) सूर्यबहादुर शाही (दैलेख) (८) मनोज खड्का (कैलाली) (९) पदमराज शर्मा (कैलाली)

## १०. निर्वाचन सम्बन्धी उजुरी, छानविन र निर्णय

१) नेपाल कम्युनिष्ट पार्टी (एमाले), दैलेख जिल्ला कमिटीको निर्वाचन

२०७८ पौष २६ गते गरिएको नेपाल कम्युनिष्ट पार्टी (एमाले), दैलेख जिल्ला अधिवेशनमा भएको जिल्ला कमिटीको निर्वाचनमा सम्पन्न मतदानको मतगणना गर्ने क्रममा मतदाता नामावली भन्दा मतपेटिकामा ३१ मत बढी देखापरेको पाइएको हुँदा उक्त निर्वाचन उपर आवश्यक अध्ययन गरी कारबाहीको माग गरी प्राप्त भएको निवेदनमा २०७८।११।२१ गते बसेको बैठकमा छलफल हुँदा नेकपा (एमाले)को निर्वाचन नियमावली (प्रथम संशोधन, २०७८ सहित), २०६९ को अनुसूची–२२ बमोजिमको उम्मेदवारको मनोनयन–पत्र प्रयोग नगरी अर्कै मनोनयन पत्र बनाई प्रयोग गरिएको, सो कारणबाट उम्मेदवारको योग्यता जिल्ला संगठन विभागबाट प्रमाणित हुन नसकी

उम्मेदवारको योग्यतामा प्रश्न उठेको देखिँदा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी—लेनिनवादी) केन्द्रीय निर्वाचन आयोग नियमावली २०६९ को नियम २०(२) बमोजिम २०७८ पौष २६ गते गरिएको नेपाल कम्युनिष्ट पार्टी (एमाले), दैलेख जिल्ला अधिवेशनमा भएको प्रतिनिधि छनौट र मतदाता नामावलीलाई यथावतै कायम राखी जिल्ला कमिटीको निर्वाचनको अन्य सम्पूर्ण कामकारबाही रद्द गरिदिने गरी केन्द्रीय निर्वाचन आयोगलेो निर्णय गरेको थियो। उक्त निर्णय अनुसार पुनः निर्वाचन सम्पन्न भई जिल्ला कमिटीको नेतृत्व चयन गरिएको थियो।

२) नेपाल कम्युनिष्ट पार्टी (एमाले), बझाङ जिल्ला कमिटीको निर्वाचन

नेपाल कम्युनिष्ट पार्टी (एमाले), बझाङ जिल्ला कमिटीको आठौं अधिवेशन, २०७९ असार २२ गते प्रारम्भ भई सम्पूर्ण काम कारबाही स्थगित गरिएको थियो। अधिवेशनको अध्यक्षमण्डलले जिल्ला निर्वाचन कमिटीलाई लेखेको २०७९/०३/२५ को पत्र, पत्रसाथ संलग्न अध्यक्षमण्डलको निर्णय पुस्तिकाको छायाँकपी, जिल्ला निर्वाचन कमिटीले अधिवेशनका प्रतिनिधिहरूलाई निर्वाचन स्थगित भएको जानकारी दिने २०७९/०३/२६ गतेको सूचना र सो को केन्द्रीय निर्वाचन आयोगलाई ईमेलमार्फत प्राप्त बोधार्थप्रति र उक्त बोधार्थका साथ प्रेषित निर्वाचन सम्बन्धी भए गरेका कामकारबाहीहरू र सूचना मुचुल्काहरू समेतका कागजातहरू, सोही अधिवेशनका प्रतिनिधि कुम्भराज रोकाय समेतका १०६ जना प्रतिनिधिहरूले केन्द्रीय निर्वाचन आयोगसमक्ष निर्वाचन प्रक्रिया रद्द गरी पुनः निर्वाचन गरी पाउँ भन्नेसमेत व्यहोराको २०७९/०४/०२ को निवेदनपत्र। अधिवेशनका अध्यक्षमण्डलको सहमतिको आधारमा नेतृत्व चयन गर्ने सहमति भएको हुँदा बाधा अड्काउ फुकाउ गरी जिल्ला कमिटी गठनको प्रक्रिया अगाडि बढाई निकास गरिदिनुहुन भन्ने व्यहोराको २०७९/०४/०६ को पत्र र सो पत्रसाथ संलग्न अध्यक्षमण्डलको २०७९/०४/०५ गतेको निर्णयको छायाँप्रति, सो सम्बन्धमा जिल्ला अधिवेशनका अध्यक्षमण्डलका अध्यक्ष भैरबबहादुर सिंह र अध्यक्षमण्डलका अन्य सदस्यहरूसमेत र जिल्ला निर्वाचन कमिटीका प्रमुख निर्वाचन अधिकृत राजेन्द्र कुमार जोशीसमेतसँग केन्द्रीय निर्वाचन आयोगको सचिवालयले गरेको छुट्टाछुट्टै छलफलबाट प्राप्त भएको जानकारी समेतका आधारमा नेकपा (एमाले) केन्द्रीय निर्वाचन आयोगको २०७९/०४/०९ गते बसेको सचिवालयको बैठकबाट नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी), केन्द्रीय निर्वाचन आयोग नियमावली (प्रथम संशोधन, २०७८ सहित), २०६९ को नियम ४ को उपनियम १४ को अधिकार प्रयोग गरी देहाय बमोजिमको निर्णय भएको थियो।

३) कर्णाली प्रदेश कमिटीको उपसचिव पदको विवाद उपरको निर्णय

उक्त निर्वाचनमा निर्वाचन कमिटीले घोषणा गरेको निर्वाचन परिणाम अनुसार प्रदेश कमिटीको उपसचिव २ (दुई) पदका लागि ९(नौं) जना उम्मेदवारहरूले मतदान प्रक्रियामा भाग लिएकोमा सोमध्ये सबैभन्दा बढी मत्र प्राप्त गर्ने २ (दुई) जना क्रमशः रविन्द्रराज शर्मा र रमेश कुमार शाही निर्वाचित भएको निर्वाचन परिणाम रहेको देखिएको र सोही निर्वाचन परिणामको आधारमा निर्वाचित सबैलाई निर्वाचन कमिटीले सपथ ग्रहण समेत गराएको समेत देखिएको हुँदा उक्त निर्वाचन परिणाम पार्टी विधान, निर्वाचन सम्बन्धी नियमावली, निर्वाचन सम्बन्धी सामान्य अभ्यास समेतको आधारमा रितपूर्वक नै रहेको देखिएको हुँदा क. रमेश कुमार शाही प्रदेश कमिटीको उपसचिव पदमा वैधानिक रूपमा निर्वाचित भएको देखिएकाले सम्बन्धित कमिटीमा लेखी पठाउन बैठकले सर्वसम्मत निर्णय गरेको थियो।

## ११. पार्टीको निर्वाचन सम्बन्धी नियमावलीहरू खारेजी र जारी

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को विभिन्न तहको पार्टी संगठन र पार्टीका जनसंगठनहरूको विभिन्न तहको कमिटीहरूको नेतृत्व चयनको प्रयोजनका लागि हुने आवधिक निर्वाचन सम्पन्न गर्ने, निर्वाचनको अनुगमन गर्ने, निर्वाचन सम्बन्धी नीति निर्माण गर्ने, निर्वाचन सम्बन्धी आचार–संहिता निर्माण गर्ने, निर्वाचन पद्धति निर्धारण गर्ने र निर्वाचन सम्बन्धी विवाद समाधान गर्ने कार्यलाई व्यवस्थित गर्न नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को विधान (संशोधन, २०७८ सहित), २०४९ को धारा २६(५)

(ज)को अधिकार प्रयोग गरी केन्द्रीय निर्वाचन आयोगको २०७८।०७।२९ गते बसेको बैठकले केन्द्रीय निर्वाचन आयोग नियमावली, निर्वाचन नियमावली र आचार–संहितालाई आवश्यकता अनुसार संशोधन गरी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को केन्द्रीय निर्वाचन आयोग नियमावली (प्रथम संशोधन, २०७८ सहित), २०६९, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को निर्वाचन नियमावली (प्रथम संशोधन, २०७८ सहित), २०६९ र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को, निर्वाचन आचार–संहिता, २०७८ लाई सर्वसम्मतिले पारित गरी जारी गरेको थियो। उक्त संशोधित नियमावलीलाई अझै समय सापेक्षित रूपमा परिमार्जन र संशोधन गर्न निर्वाचन आयोगका सचिव डा. कुन्साङ लामाको संयोजकत्वमा सानुराज पोखरेल, महेश नेपाल, बाबुराम दाहाल रहने मस्यौदा समिति गठन गरेकोमा उक्त समितिले डा. कुन्साङ लामालाई प्रारम्भिक मस्यौदा तयार पार्ने जिम्मा दिए अनुसार तयार भएको प्ररम्भिक मस्यौदा उपर मस्यौदा समितिले दफावार छलफल गरी मस्यौदालाई अन्तिमरूप दिई आयोगको बैठक समक्ष पेश गरेकोमा केन्द्रीय निर्वाचन आयोगको २०७९ माघ १८ गते बुधवारका दिन बसेको बैठकले तत्काल जारी रहेको देहायको निर्वाचन नियमावलीहरू र आचार–संहितालाई खारेज गरी देहायका निर्वाचन नियमावलीहरू र आचार–संहिता जारी गर्ने निर्णय गरेको थियोः:

(क) खारेज गरिएका नियमावलीहरू

(१) केन्द्रीय निर्वाचन आयोग नियमावली (प्रथम संशोधन, २०७८ सहित), २०६९
(२) नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को निर्वाचन नियमावली (प्रथम संशोधन, २०७८ सहित), २०६९
(३) नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को, निर्वाचन आचार–संहिता, २०७८

(ख) जारी गरिएका नियमावलीहरू

(१) नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को केन्द्रीय निर्वाचन आयोग नियमावली, २०७९
(२) नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को निर्वाचन नियमावली, २०७९
(३) नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को निर्वाचन आचार–संहिता, २०७९

## १२. निर्वाचन आयोगले झेल्नुपरेका केही महत्वपूर्ण समस्याहरू

आयोगले सम्पादन गर्ने कामकारबाहीको क्रममा झेल्नुपरेका केही महत्वपूर्ण समस्याहरू निम्न रहेका छन्ः

क) समयमा नै मतदाता नामावली प्राप्त नहुनु
ख) बन्द सत्र र निर्वाचन सत्रको कामकारबाही बीचको सिमाङ्कन नहुनु
ग) निर्वाचन कमिटीलाई स्वतन्त्ररूपमा जिम्मेवारी सम्पादन गर्न नदिनु
घ) निर्वाचनलाई अन्तिम विकल्पको रूपमा मात्र स्वीकार गर्नु
ङ) मनोनयन पत्र दर्ता दस्तुर सम्बन्धमा देखिएका भ्रम निर्वाचन आयोगले सम्पन्न गर्ने निर्वाचनहरूमा मनोनयनपत्र दर्ता दस्तुर बापत उठाएको कुल रकमको ५० प्रतिशत रकमले हुन आउने रकम पार्टी केन्द्रको कोषमा जम्मा हुने गरी दाखिल गराउनुपर्ने जिम्मेवारी सम्बन्धित अधिवेशन आयोजक कमिटीको भएको र प्रमुख निर्वाचन कमिटीले निर्वाचन सम्पन्न हुनासाथ पार्टी केन्द्रमा बुझाउनुपर्ने र अन्य बाँकी सम्पूर्ण रकम सम्बन्धित कमिटीलाई बुझाउने गरेको छ।
च) निर्वाचन गराउने जनशक्तिलाई आकर्षित गर्नमा कठिनाइ
छ) तालिम तथा प्रशिक्षण व्यवस्थापनमा समस्या

## १३. निर्वाचनका क्रममा देखिएका प्रवृत्तिहरू

१) पार्टी विधान, पार्टीको निर्वाचन नियमावली, निर्वाचन आचार–संहिता तथा निर्वाचन सम्बन्धी मान्य सिद्धान्तलाई पालना गर्ने कुरामा उदासिनता देखिने गरेको छ।

२) पार्टी विधानले तोकेको मापदण्डको पालनामा ध्यान पुग्न सकेको देखिँदैन।

३) केन्द्रीय निर्वाचन आयोगले गठन गरेको निर्वाचन कमिटीलाई अनुचित दबाब दिने र प्रभावित पार्ने जस्ता समस्या देखिने गरेको।

४) निर्वाचन कार्यक्रम प्रकाशित हुनु अगावै सम्बन्धित कमिटीले प्रतिनिधिहरूको नामावली निर्वाचन कमिटीलाई उपलब्ध नगराएको।

५) मनोनयन–पत्र नै दर्ता नगरी नाम घोषणा गर्ने, त्यसै नामलाई नै अन्तिम उम्मेदवारको नामावली मान्न निर्वाचन कमिटीलाई दबाब दिने र सोही अध्यक्षमण्डलले घोषणा गरेको कमिटीलाई नै निर्वाचित भएको भनी निर्वाचन घोषणा गर्न निर्वाचन कमिटीलाई दबाब दिने प्रवृत्ति रहेको।

## १४. समस्या समाधानका उपायहरू

केन्द्रीय निर्वाचन आयोगले पार्टी कमिटीहरूको निर्वाचन र जनसंगठनहरू निर्वाचनका क्रममा झेल्नुपरेका समस्याहरू र समाधानका उपायहरू पार्टी केन्द्रीय कमिटीका बैठकहरूमा राख्दै आएको भए पनि हालसम्म समाधान हुन सकेको छैन। बरु समस्या दिनानुदिन बढ्दै गइरहेको हुँदा समस्याको समाधानका लागि पार्टीले आवश्यक निर्णय लिनेछ भन्ने अपेक्षा आयोगले गरेको छ।

- प्रतिनिधि (मतदाता) नामावलीलाई समयमा नै निर्वाचन कमिटीलाई हस्तान्तरण गर्ने व्यवस्था गरी आयोजकलाई जिम्मेवार तुल्याउनुपर्ने ।
- बन्द सत्रको काम सम्पन्न भएपछि निर्वाचनका लागि हलको जिम्मा निर्वाचन कमिटीलाई दिनुपर्ने। निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी निर्वाचन कमिटीको हो भन्ने मान्यतालाई स्थापित गर्नुपर्ने।
- निर्वाचन आयोगले नियुक्त गरेका निर्वाचन कमिटीलाई स्वतन्त्र, निस्पक्ष रूपमा निर्वाचन सम्बन्धी काम कारबाही गर्न दिनुपर्ने।

## २७. निष्कर्ष तथा सुझाव

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को विधान (संशोधन सहित) धारा २६ (५) बमोजिम केन्द्रीय निर्वाचन आयोगलाई तोकिएका अधिकार र कर्तव्यहरूमा पार्टी कमिटीहरूको निर्वाचन गर्ने गराउने, पार्टी जनसंगठनका निर्वाचनमा सहजीकरण गर्ने र पार्टीको निर्वाचन सम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गर्ने गराउने तथा आफ्नो कार्य सञ्चालनका लागि आवश्यक नियम आफै बनाउने भन्ने समेतका अधिकार र कर्तव्य तोकिएको छ। यस बमोजिम आयोगले आफ्ना कार्यहरू व्यवस्थितरूपमा गरिआएको छ र आवश्यक निर्वाचन सम्बन्धी नियमहरू र आचार–संहिता समेत जारी गरी लागू गरिएको व्यहोरा विदितै छ। अवाञ्छित कार्य गर्ने गराउनेहरूबाट पार्टीको स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने/गराउन पाउने यस आयोगको अधिकार र कर्तव्यमा गम्भीर सङ्कुचन एवं कुठाराघात हुन गएको महसुस यस आयोगले गरेको छ।

पार्टी विधान यस आयोगले जारी गरेका नियमावली र आचार–संहिता बमोजिम निर्वाधरूपमा स्वतन्त्र र निष्पक्ष निर्वाचन गर्न/गराउन बाधा अवरोध हुन गएको हुँदा प्रत्येक निर्वाचन गर्नुपर्ने पार्टी कमिटीका अधिवेशनहरूमा प्रतिवेदन लगायत पारित भईसकेपश्चात अध्यक्षमण्डल तथा सो अधिवेशनमा उपस्थित पार्टी नेताहरूले अधिवेशन हल निर्वाचन आयोगबाट खटाइएको निर्वाचन कमिटीलाई तत्काल हस्तान्तरण गरी कुनै दबाब, प्रभाव नदिई, आफू अनुकूल प्रयोग नगरी, निर्वाचन गराउन बाधा अवरोध हुने कुनै पनि कार्य नगरी, नगराई निर्वाचन कमिटीलाई स्वतन्त्र र निष्पक्षतापूर्वक निर्वाचन गराउने आफ्नो जिम्मेवारी पुरा गर्न/गराउन निर्वाचन कमिटीले मागेको सहयोग मात्र गरी/गराई पार्टी कमिटीका निर्वाचनहरू स्वतन्त्र र निष्पक्षतापूर्वक गर्ने गराउने वातावरण तत्काल कायम गर्नुपर्ने देखिन्छ। आगामी दिनमा निर्वाचनको काममा निर्वाचन आयोग र निर्वाचन कमिटीलाई स्वतन्त्रतापूर्वक कार्य गर्ने वतावरण सिर्जना गर्न सबै जिम्मेवार नेता तथा कार्यकर्तालाई निर्वाचन आयोग हार्दिक अपिल गर्दछ।

हार्दिक अभिवादन सहित !

**डा. विजय सुब्बा**
अध्यक्ष
केनद्रीय निर्वाचन आयोग, नेकपा (एमाले)